# परिच्छेद १

# निर्देशिकाको प्रस्तुति र स्थान

## १.१ पृष्ठभूमिः

उत्पादनदेखि उपभोगसम्मको विभिन्न चरणमा वृद्धि हुने मूल्य (Value Addition) मा लाग्ने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ। यो वस्तु वा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो। यसमा कर प्रयोजनको लागि मूल्य अभिवृद्धि भनेको मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले खरिद गरेका वस्तु वा सेवाको खरिद मूल्य तथा निजले बिक्री गरेका वस्तु वा सेवाको बिक्री मूल्य बीचको भिन्नता हो। कुनै उत्पादकले बस्तु उत्पादनका लागि आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, माध्यमिक पदार्थ (Intermediary Goods) , मेशिनरी आदि पैठारी वा स्थानीय वजारमा खरिद गरी उत्पादनका अन्य साधनद्वारा तयारी सामानमा परिणत गरे पश्चात मूल्य अभिवृद्धि गरेर बिक्री गर्दछ र सोही मूल्यमा कर असूल गरी दाखिला गर्दछ। यसैगरी, डिलर, थोक वा खुद्रा विक्रेताले कुनै वस्तु अन्य व्यक्तिवाट खरिद गरेर त्यसको खरिद मूल्य, त्यससँग सम्बन्धित अन्य खर्चहरु र मुनाफा समेतको हिसाव गरेर बिक्री मूल्य कायम गरी सोही मूल्यमा कर असूल गरी दाखिला गर्नुपर्दछ।

यसको सहज कार्यान्वयनका लागि मूल्य अभिवृद्धि कर लागु गरेका प्रायः सबै मुलुकहरुले कर कट्टी (Tax Credit) को अवधारणालाई आत्मसाथ गरी व्यवहारमा प्रयोगमा ल्याएका छन्। कर कट्टीको अवधारणामा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले खरिद वा पैठारीमा तिरेको मूल्य अभिवृद्धि कर (Input Tax) बाट बिक्रीमा असूल गरेको कर (Output Tax) घटाएर वांकी रहेको रकम मूल्य अभिवृद्धि करको रुपमा सरकारलाई वुझाउनु पर्दछ।

मूल्य अभिवृद्धि करको दायरा भित्र उत्पादक, वितरक ,पैठारीकर्ता, थोक बिक्रेता, खुद्रा बिक्रेता लगायत उत्पादन देखि वितरणको तल्लो तहसम्मको मूल्य अभिवृद्धि समावेश हुने भएकोले कराधार र क्षेत्र बृहत रहेको छ। यो पैठारी, उत्पादन र बिक्री वितरणका हरेक तह र चरणहरुमा लाग्ने कर हो। कानूनले निर्दिष्ट गरेको निश्चित छुटको सीमा (Threshold) र छूट हुने भनी तोकेका वस्तु वा सेवा बाहेक अन्य सबै वस्तु वा सेवामा लाग्दछ। हाल कर छुटको सीमा (Threshold) वस्तुको हकमा रु. ५० लाख, वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा रु. २० लाख निर्धारण गरिएको छ भने करको दर १३ प्रतिशतको एकल दर कायम गरिएको छ। त्यसैगरी निकासीमूलक कारोबार र केही निश्चित वस्तु वा सेवामा शून्य दर कायम गरिएको छ। झट्ट सुन्दा कर छुट र शून्य दर एकै जस्तो लागे तापनि कर छुट र शून्य दर वीच भिन्नता रहेको छ।

कर छुट गरिएका वस्तु वा सेवाको कारोबारको बिक्रीमा मूल्य अभिवृद्धि कर लाग्दैन तर त्यस्ता वस्तु वा सेवाको कारोबार गर्नेले करयोग्य वस्तु तथा सेवाको खरिद/पैठारीमा भने मूल्य अभिवृद्धि कर तिर्नु पर्दछ र त्यस्तो कर कट्टी गर्न वा फिर्ता माग्न पाइदैन। यसले गर्दा मूल्य अभिवृद्धि कर छुट भएका वस्तु वा सेवाको खरिदमा लागेको कर मूल्यमा गाभिएर उपभोक्तासम्म पुग्दछ। शून्य दर लगाएको वस्तु वा सेवा वा कारोबार करको दायरा भित्र रहेको मानिन्छ। यस्ता वस्तु, सेवा वा कारोबारमा अन्य कर लाग्ने वस्तु वा सेवामा झै खरिदमा तिरेको कर कट्टी गर्न वा फिर्ता माग गर्न सकिन्छ। यसले गर्दा शून्य दर लागेका वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करको कुनै भार वहन गर्नुपर्दैन।

कर छुट दिएका वस्तु वा सेवाको बिक्रीमा मूल्य अभिवृद्धि कर नलागे पनि तिनीहरुको खरिदमा लागेको मूल्य अभिवृद्धि करको भार भने रही रहन्छ भने शून्य दर लाग्ने वस्तु वा सेवामा मूल्य अभिवृद्धि करको कुनै पनि भार रहदैन। सामान्यतया प्रशासनिक हिसावले करारोपण गर्न कठिन हुने बस्तु, सेवा वा कारोबारलाई कर छुट प्रदान गर्ने गरिन्छ भने कुनै वस्तु, सेवा वा कारोबारलाई मूल्य अभिवृद्धि करवाट पूर्ण रुपमा मुक्त गर्नुपर्ने आवश्यक देखिएमा शून्य दर लगाउने गरिन्छ।

मूल्य अभिवृद्धि कर तटस्थ (Neutral), सक्षम (Efficient) तथा राजस्व उत्पादक कर हो। नेपाल लगायत मूल्य अभिवृद्धि कर लागु गर्ने प्रायः सबै मुलुकले मूल्य अभिवृद्धि करको उपभोग प्रकार (Consumption Type) लागु गरेकाले कर कट्टी गर्ने प्रयोजनको लागि पुँजीगत तथा गैर पुँजीगत वस्तुबीच विभेद नगरी कर लाग्ने कारोबारसँग सम्बन्धित पुँजीगत तथा गैर पुँजीगत सबै वस्तुमा तिरेको करलाई कट्टी गर्न पाइन्छ। यसले गर्दा करमाथि कर (Tax Cascading) नलाग्ने, लगानीमा करको भार नपर्ने र करको रकममाथि करदाताले मुनाफा प्रतिशत लगाउन नपर्ने भएकोले औद्योगिक वा व्यापारिक लागत कम भै कर प्रणाली आर्थिक दृष्टिकोणले सक्षम वा तटस्थ हुन्छ। यस कर अन्तर्गत एक तहमा कर छलेमा वा कम तिरेमा पछिल्लो तहमा कर कट्टी गर्न नपाइने वा कर कट्टी गर्ने रकम कम हुने हुँदा राजस्व संकलनमा खास फरक पर्दैन। यसलाई मूल्य अभिवृद्धि करको Catch-up Effect भनिन्छ। यसैगरी यस कर अन्तर्गत वस्तुको अधिक बीजकीकरण गर्दा बिक्रेताले बढी कर तिर्नुपर्ने र न्यून बीजकीकरण गर्दा क्रेताले बढी कर तिर्नुपर्ने हुनाले अधिक वा न्यून बीजकीकरण हुने संभावना समेत कम रहन्छ। यसरी बिक्रेता तथा क्रेताबीच मूल्य निर्धारणमा परस्पर विपरीत स्वार्थ लुकेको कारणले गर्दा कारोबार मूल्य निर्धारण गर्नमा एकले अर्को पक्षलाई स्वतः निगरानी (Self policing) गर्दछन् भन्ने मान्यता यस प्रणालीमा रहेको हुन्छ।

नेपालमा लागु गरिएको मूल्य अभिवृद्धि कर प्रणाली गन्तव्य सिद्धान्त (Destination Principle) मा आधारित रहेको छ। यस सिद्धान्त बमोजिम करयोग्य वस्तु तथा सेवा प्राप्त हुने वा उपभोग हुने स्थानको आधारमा करारोपण गरिन्छ। यसै सिद्धान्त बमोजिम नेपालमा प्रयोग तथा उपभोग हुने विदेशवाट पैठारी गरिएका वा देश भित्रै उत्पादन गरिएका सबै करयोग्य वस्तु तथा सेवामा कर लाग्दछ भने निकासी हुने करयोग्य वस्तु र सेवालाई शून्य दरको माध्यमले कर मुक्त गरिएको छ।

यो उपभोगमा आधारित कर भएकोले हरेक करको वास्तविक भार उपभोक्ताले बहन गर्नुपर्ने कारणले यसका वास्तविक करदाता (de facto taxpayer) उपभोक्ता हुन्छन् भने मूल्य अभिवृद्धि करमा दर्ता भएका बस्तु वा सेवाको आपूर्तिकर्ताहरु कानूनी करदाता हुन्छन्। कानूनी करदाताहरु जसलाई de jure taxpayer को व्यवहार गरिन्छ तिनीहरुलाई राज्यले कर संकलन गर्ने अधिकार हस्तान्तरण गरेको हुन्छ। यो करमा दर्ता भएको व्यक्तिले करयोग्य आपूर्ति गर्दा कारोबार मूल्यमा कर संकलन गरी सरकारलाई बुझाउनु पर्ने कानूनी दायित्व अनिवार्य रुपमा बहन गर्नुपर्दछ भने दर्ता नभएको व्यक्तिले कर संकलन गर्न पाउँदैनन्।

मूल्य अभिवृद्धि कर सन् १९५४ देखि फ्रान्सबाट शुरु भएको भएतापनि सन् १९८० को दशकदेखि निकै लोकप्रिय हुंदै हाल १८० भन्दा बढी मुलुकमा लागु भैसकेको छ। नेपालमा यो कर प्रणाली २०५४ साल मंसिर १ गतेदेखि प्रारम्भ भएको थियो। यस करले बिक्रीकर, होटेल कर, ठेक्का कर तथा मनोरञ्जन करलाई प्रतिस्थापन गरेको थियो। यसरी छुट्टाछुट्टै संरचना तथा सञ्चालन प्रक्रिया भएका चारवटा करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लगाउँदा त्यसबाट कर प्रणाली सरल, तथ्यमा आधारित र आर्थिक दृष्टिकोणले बढी सक्षम हुनुका साथै करदाता एवं कर प्रशासकले विभिन्न करको सट्टा एउटै करको बारेमा जानकारी राख्दा पर्याप्त हुने भयो।

वि.सं. २०५४ साल मार्ग १ देखि लागु भएको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को कार्यान्वयन प्रक्रियालाई सरलीकरण एवं व्यवस्थित गर्न मिति २०५३।१२।११ मा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ जारी भयो। तत्पश्चात विषयगत एवं कार्यमूलक ढाँचामा ९ वटा कार्य सञ्चालन निर्देशिकाहरु जारी भए र प्रत्येक वर्षको आर्थिक ऐन मार्फत मूल्य अभिवृद्धि कर ऐनमा संशोधन एवं परिमार्जन गर्ने कार्य भईरह्यो। मिति २०५८।०१।०२ गते तत्कालिन मूल्य अभिवृद्धि कर विभाग तथा कर विभागलाई एकीकरण गरी कर विभागको पुनर्गठन भए पश्चात आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क प्रशासन एउटै कार्यालयबाट गरिँदै आएको छ। मिति २०५८।४।१ गतेदेखि कर विभागको नामाकरण आन्तरिक राजस्व विभाग भएको हो। मूल्य अभिवृद्धि कर लागु भएको विगत वर्षको कार्यानुभवको समीक्षा गर्दै विभिन्न समयमा गरिएका नीतिगत, कानूनी एवं प्रशासनिक सुधारलाई समेत एकीकृत गर्न र मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ कार्यान्वयन गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ जारी गरेको थियो। यो निर्देशिका जारी भए पश्चात आर्थिक ऐन तथा आर्थिक अध्यादेशबाट मूल्य अभिवृद्धि कर ऐनमा भएको संशोधन, नेपाल सरकारबाट मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको संशोधन तथा यस निर्देशिकाको प्रयोगकर्ता, कर प्रशासन, करदाता लगायत कर मध्यस्थकर्ताबाट प्राप्त राय एवं सुझाव समेत समावेश गरी नेपाल सरकार, अर्थ मन्त्रालयले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका परिमार्जन गरी जारी गरिएको छ।

### १.२ निर्देशिकाको महत्वः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ कार्यान्वयनको लामो अवधि व्यतित भए तापनि यसमा गरिएका सारभूत र अन्य प्रावधानहरुमा सरोकारवालाहरुको बुझाईमा रहेको फरकपना वा द्विविधालाई अन्त्य गरी विद्यमान कानूनी व्यवस्थाको मर्म र भावना अनुरुप परिपालनामा एकरुपता कायम गर्न यो निर्देशिका अत्यन्त सहयोगी हुनेछ। ऐन र नियमावलीको वास्तविक आशय र भावना समाहित हुने गरी ऐन/नियमका सबै व्यवस्थाहरुलाई समावेश गरेर सान्दर्भिक उदाहरणसमेत राखि प्रस्तुत निर्देशिकामा स्पष्ट गरिएको छ। यो निर्देशिकाबाट मूल्य अभिवृद्धि करसँग सम्बन्धित बिषयवस्तु बुझ्न र जान्न सरोकारवालाहरुलाई सहज एवं सरल हुनेछ। यस निर्देशिकामा विभिन्न कारोबारहरुलाई तिनको प्रकृति अनुसार छुट्टा छुट्टै तरिकाले ब्याख्या गर्ने प्रयास गरिएको छ। यसबाट मूल्य अभिवृद्धि कर कानूनको परिपालनामा सम्बद्ध पक्षहरुलाई एउटा साझा र स्पष्ट धारणा एवं दृष्टिकोण निर्माण गरी कानून कार्यान्वयनमा सहजता र एकरुपता कायम हुने विश्वास गरिएको छ।

### १.३ निर्देशिकाको प्रस्तुति र यसको स्थानः

यस निर्देशिकाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ का सबै व्यवस्थाहरुलाई ऐन वा नियमको दफाहरुको क्रमवद्धताको आधारमा उल्लेख नगरी मूल्य अभिवृद्धि करको चारित्रिक बिशेषता अनुरुपका शब्दावलीहरु तथा ऐन र नियमका प्रावधानलाई मिलाएर विभिन्न १५ परिच्छेदमा प्रस्तुत गरिएको छ। प्रत्येक परिच्छेदको शिर्षक अनुसार ऐनको सम्बन्धित दफाहरु र नियमावलीको सम्बन्धित नियमहरु उल्लेख गरी सोको सारभूत ब्याख्या उल्लेख गरिएको छ। साथै ऐन र नियमावलीको प्रावधानलाई थप स्पटताका लागि सम्भव भएसम्मका सबै व्यवस्थालाई सान्दर्भिक उदाहरणबाट समेत प्रष्ट पार्ने प्रयास गरिएको छ।

प्रस्तुत निर्देशिका विषयगत रुपमा तयार गरिएको छ। यसरी निर्देशिका तयार गर्दा ऐनमा रहेको दफा, सो दफासँग सरोकार राख्ने अन्य दफा र सम्बन्धित नियम एकै ठाउँमा समावेश गरिएको छ। यस निर्देशिकामा ऐनको दफाहरु उल्लेख गर्दा **गाढा अक्षर (Bold Letter)** प्रयोग गरिएको छ भने नियमलाई ***छड्के गाढा अक्षर (Bold Italic Letter)*** प्रयोग गरिएको छ। अन्य उदाहरणहरुका लागि सामान्य अक्षर प्रयोग गरिएको छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को कार्यान्वयनका लागि गरिने प्रशासनिक ब्याख्याको क्रममा यस निर्देशिकाको प्रयोग गरिनु पर्दछ। मूल्य अभिवृद्धि कर कार्यान्वयनको सन्दर्भमा प्रस्तुत निर्देशिकाको स्थान मूल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (सं.स.) पछि हुनेछ।

## १.४ प्राथमिकता सम्बन्धी व्यवस्थाहरुः

विद्यमान कर कानूनको परिपालना गरी गरिने कर सम्बन्धी निर्णय अर्धन्यायिक प्रकृतिका हुन्छन्। त्यसैले कर कानूनहरुको कार्यान्वयन गर्दा कानूनी प्रावधानको अतिरिक्त न्यायिक सिद्धान्तलाई समेत आधार मान्नु पर्दछ। कर प्रशासनमा कार्यरत अधिकारीले न्यायिक मन प्रयोग गरी कानूनको मर्म र भावना बुझी निर्णय गर्नुपर्दछ। त्यस्तो नभएमा जिम्मेवार अधिकारीहरुले गरेका काम कारवाही/निर्णयहरु निष्प्रभावी र कतिपय अवस्थामा बदरभागी समेत हुन जान्छन्। त्यसैले हरेक कानूनको सही र यथार्थ ढंगले प्रयोग र परिपालना गर्न जरुरी हुन्छ। जसका लागि ख्याल गर्नुपर्ने प्राथमिक जानकारी र प्राथमिकता सम्बन्धी विषय तल प्रस्तुत गरिएको छ।

### १.४.१ कानून बाझिएको अवस्थाः

कानून भन्ने शब्दले संविधान, ऐन, नियम, उपनियम, विनियम, आदेश, सूचना, परिपत्र इत्यादि बुझाउँदछ। यी कानूनहरुको प्रयोग प्राथमिकताको क्रममा गरिन्छ। संविधान सबै भन्दा सर्वोपरि हुन्छ भने त्यसपछि क्रमशः ऐन नियम आदीको क्रम हुन्छ। कतिपय अवस्थामा विद्यमान कानूनी व्यवस्थाहरु एक आपसमा बाझिएका हुन्छन्। दुई वटा कानुन बाझिएमा जो माथिल्लो क्रममा रहेको छ। सोको व्यवस्था बाध्यकारी हुन गई लागु हुन्छ। तर समान स्तरका कानून बाझिएको अवस्थामा भने सम्बन्धित विषय वा पक्षसँग कुन कानून विशिष्ठ ढंगले जोडिएको र नजिक भएको छ ? कुन अघिको हो र कुन पछिको हो ? जस्ता कुराबाट निर्धारण गर्नुपर्दछ। जस्तै संविधान र ऐन बाझिएको अवस्थामा संविधानको व्यवस्था लागु हुन्छ। ऐन र नियम बाझिएको व्यवस्थामा ऐन लागु हन्छ। ऐनसँग ऐन बाझिएकोमा भने सम्बन्धित विषयवस्तुका लागि बनेको विशिष्ट ऐन लागु हुन्छ। यही सिद्धान्त अनुसार मूल्य अभिवृद्धि कर लाग्ने विषयमा मूल्य अभिवृद्धि कर ऐनसँग अन्य ऐन बाझिएमा मूल्य अभिवृद्धि कर ऐनको प्रावधान लागु हुन्छ।

### १.४.२ कानूनका प्रकारः

कानूनी प्रावधानहरु बाध्यात्मक र स्वेच्छिक गरी दुई किसिमका हुन्छन्। बाध्यात्मक कानूनको प्रयोग र प्रचलन गर्नु अनिवार्य हुन्छ भने स्वेच्छिक वा इच्छाधीन कानूनको प्रयोग गर्न वा नगर्न सम्बन्धित अधिकारी स्वतन्त्र हुन्छ। कुनै कानूनमा हुनेछ, गर्नेछ, गर्नुपर्नेछ (अंग्रेजीमा Shall/Will) भन्ने लेखिएको रहेछ भने त्यो बाध्यात्मक हुन्छ। त्यस्तै, कानूनमा गर्न सकिनेछ, सक्नेछ (अंग्रेजीमा May) भन्ने लेखिएको रहेछ भने त्यस्तोमा प्रयोगकर्ता सो कानूनको प्रयोग गर्नमा स्वतन्त्र हुन्छ। उसले सो कानूनको पालना गर्नुपर्ने ठहऱ्याएमा वा आवश्यक ठानेमा मात्र पालना/प्रयोग गर्न सक्दछ।

### १.४.३ विवेकको प्रयोगः

विवेकको प्रयोग गर्दा निकै विचार पुऱ्याउनु पर्दछ। कर अधिकृतलाई कानूनले विवेक प्रयोग गर्ने प्रशस्त अवसर दिएको हुन्छ। त्यस्तो विवेक प्रयोग गर्दा जथाभावी नगरी तर्क एवं न्यायसँगत ढंगले गर्नुपर्दछ। जवाफदेहिताको सिद्धान्त अनुसार कानूनको प्रयोग गर्दा लिएका आधार र कारण खुलाउनु पर्दछ। तर्कसँगत आधार र कारण वेगर गरिएको स्वःविवेकीय निर्णय बदरभागी हुन्छ।

### १.४.४ कानूनको ब्याख्याः

कानूनको ब्याख्याको सिद्धान्त अन्तर्गत एक वचनले बहुवचन र बहुवचनले एक वचनलाई जनाउँदछ।

### १.४.५ नजीरः

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त कानून सरह हुन्छ। तसर्थ कानून लागु गर्ने गराउने अधिकारीबाट त्यसको पालना हुनुपर्दछ। त्यस्तै राजस्व न्यायाधिकरणबाट भएका फैसलाहरु वहस छलफल गरी गराई कानून र न्यायका मूल्य मान्यताको आधारमा हुने हुँदा न्यायाधिकरणबाट व्यक्त राय, ठहर वा निर्णयलाई सर्वोच्च अदालतले अन्यथा घोषणा नगरेसम्म मार्गदर्शनको रुपमा लिनु पर्दछ। न्यायका मान्य सिद्धान्तहरुले न्यायिक क्रियाकलापमा निकै ठूलो भूमिका राख्दछन्। नेपालको संविधानले न्यायिक निर्णय गर्दा न्यायका सिद्धान्तलाई आधार मान्नु पर्ने व्यवस्था गरेको छ। तसर्थ, कुनै निर्णय, काम कारवाहीको क्रममा कुनै न्यायिक सिद्धान्तको प्रश्न उपस्थित भएमा त्यसप्रति विचार गरी उचित र उपयुक्त देखिएमा प्रयोग गर्नुपर्ने हुन्छ।

### १.४.६ प्राकृतिक न्यायको सिद्धान्तः

जुन सुकै न्यायिक निर्णय गर्दा प्राकृतिक न्यायको सिद्धान्तको अनुसरण गरेर मात्र गर्नुपर्दछ। न्यायिक निर्णय गर्ने क्रममा प्राकृतिक न्यायका सिद्धान्तहरु आधारभूत सिद्धान्तका रुपमा मानिन्छन्। यसका मुख्य दुई उपसिद्धान्त छन् (क) पक्षपातको सिद्धान्त र (ख) सुनवाईको सिद्धान्त। प्राकृतिक न्यायका सिद्धान्तको प्रतिकूल हुने गरी गरिएका कर निर्धारण आदेश/निर्णय बदर हुन्छन्। कर निर्धारणका सन्दर्भमा सुनवाईको सिद्धान्तको पालना गर्नु अनिवार्य हुन्छ।

### १.४.७ सार्वजनिक परिपत्रः

विद्यमान कर कानूनहरुको सरलीकृत ब्याख्या र एकरुपता पूर्ण कार्यान्वयनका लागि अधिकार प्राप्त अधिकारी र करदाताहरु समेतलाई उचित मार्ग निर्देशन प्रदान गर्ने मूल अभिप्रायले समय समयमा विभागले सार्वजनिक परिपत्र जारी गर्ने गर्दछ। त्यस्ता परिपत्रहरु लिखित हुन्छन्। विभागले मूल्य अभिवृद्धि करका सम्बन्धमा समय समयमा जारी गर्ने परिपत्रहरुले मूल्य अभिवृद्धि कर ऐन र नियमको ब्याख्या गर्दछ।

### १.४.८ पूर्वादेशः

कुनै कानूनी वा प्राकृतिक व्यक्तिले कुनै प्रबन्ध वा कारोबार गर्दा प्रचलित कर कानून बमोजिम कर लाग्ने वा नलाग्ने विषयमा हुने द्धिविधा निराकरणका लागि विभागको लिखित धारणा माग गर्ने कार्यलाई पूर्वादेश भनिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पूर्वादेश सम्बन्धी व्यवस्था दफा ३२क मा रहेको छ। करदाताले मूल्य अभिवृद्धि करका प्रावधान लागु हुने वा नहुने, लागु हुने भए निजको हकमा कसरी कुन हदसम्म हुने भन्ने कुराका सम्बन्धमा उत्पन्न द्विविधा हटाई माग्न वा निराकरणका लागि आफ्नो राय सहित विभाग समक्ष आवेदन गर्न पाउँछ। विभागले करदातालाई आफ्नो धारणा पूर्वादेशको रुपमा व्यक्त गर्दछ। विभागबाट पूर्वादेश जारी भएकोमा त्यस्तो आदेश बहाल रहेसम्म निज व्यक्तिको हकमा सो बमोजिम गर्न विभाग तथा

कार्यालय बाध्य हुन्छन्। ऐन वा नियमावलीको जुन व्यवस्थाको सम्बन्धमा पूर्वादेश जारी भएको हो सोही व्यवस्था तथा प्रावधानका सम्बन्धमा ऐन तथा नियमावलीमा संशोधन वा खारेज भएमा जारी भएका पूर्वादेश स्वतः निष्कृय हुन्छ।

सार्वजनिक परिपत्र र पूर्वादेश बाझिएको स्थितिमा पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा सो पूर्वादेशको व्यवस्था लागु हुन्छ। विभागबाट यो निर्देशिका जारी भएका मितिसम्म जारी भएका पूर्वादेशहरु यस निर्देशिकासँग बाझिन गएको अबस्थामा विभागले पुनः उक्त व्यक्तिलाई पूवदिश नदिएसम्म सो व्यक्तिको लागि उक्त पूर्वादेश नै कायम रहन्छ। अर्थात व्यक्तिगत तवरबाट विभागले यसअघि जारी भएको पूर्वादेश खारेज भएको जानकारी नगराएसम्म यस अघि जारी भइसकेका पूर्वादेश खारेज भएको मानिदैन।

**१.५ निर्देशिकाको संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१. यस निर्देशिकाको नाम **"मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०८०)"** रहेको छ।

२. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**१.६ मूल्य अभिवृद्धि कर ऐनको संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

**(१) यस ऐनको नाम "मूल्य अभिवृद्धि कर ऐन, २०५२" रहेको छ।**

**(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार नेपाल सरकारले २०५४।०५।०२ को राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन २०५४ साल मार्ग १ गतेदेखि लागु भएको हो। यो निर्देशिका जारी भएका बखतसम्म मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा निम्नानुसार संशोधन भएको छ। यी संशोधनहरु संशोधन गर्ने अध्यादेश र आर्थिक ऐन तथा नियमहरु जुन जुन अवधि भर लागु हुन्छन्, मूल्य अभिवृद्धि कर ऐनमा भएका संशोधनहरु पनि तत् तत् अवधिभरका लागि लागु हुन्छन्।

| | |
|---|---|
| १. पहिलो संशोधन, | २०५८।१०।०४ |
| २. आर्थिक अध्यादेश, २०५९ (आषाढ) | २०५९।०३।२४ |
| ३. आर्थिक अध्यादेश, २०५९ (पौष) | २०५९।०९।२२ |
| ४. आर्थिक अध्यादेश, २०६०(श्रावण) | २०६०।०४।०१ |
| ५ आर्थिक अध्यादेश, २०६० (माघ) | २०६०।१०।०१ |
| ६. आर्थिक अध्यादेश, २०६१ (श्रावण) | २०६१।०४।०१ |
| ७. आर्थिक अध्यादेश, २०६१ (माघ) | २०६१।१०।०१ |
| ८. आर्थिक अध्यादेश, २०६२ (श्रावण) | २०६२।०४।०१ |
| ९. आर्थिक अध्यादेश, २०६२ (आश्विन)* | २०६२।०६।१६ |
| १०. आर्थिक अध्यादेश, २०६२ (माघ) | २०६२।१०।०१ |
| ११. आर्थिक ऐन, २०६३ | २०६३।०३।२८ |
| १२. आर्थिक ऐन, २०६४ | २०६४।०३।२८ |
| १३. आर्थिक ऐन, २०६५ | २०६५।०६।०३ |
| १४. आर्थिक ऐन, २०६६ | २०६६।०३।२९ |

| | |
|---|---|
| १५. आर्थिक ऐन, २०६७ | २०६७।०८।०४ |
| १६. आर्थिक ऐन, २०६८ | २०६८।०३।३१ |
| १७. आर्थिक अध्यादेश, २०७० | २०७०।०३।३० |
| १८. आर्थिक ऐन, २०७१ | २०७१।०३।२९ |
| १९. आर्थिक ऐन, २०७२ | २०७२।०३।२९ |
| २०. आर्थिक ऐन, २०७३ | २०७३।०२।१५ |
| २१. आर्थिक ऐन, २०७४ | २०७४।०२।१५ |
| २२. आर्थिक ऐन, २०७५ | २०७५।०२।१५ |
| २३. आर्थिक ऐन, २०७६ | २०७६।०२।१५ |
| २४. आर्थिक ऐन, २०७७ | २०७७।०२।१५ |
| २५. आर्थिक अध्यादेश, २०७८ | २०७८।०२।१५ |
| २६. आर्थिक ऐन, २०७८ | २०७८।०५।२५ |
| २७. आर्थिक ऐन, २०७९ | २०७९।०२।१५ |

* राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०६२ बाट संशोधन भएको दफाहरुलाई आर्थिक अध्यादेश, २०६२ (आश्विन) भनिएको।

**<u>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा संशोधनः</u>**

| | |
|---|---|
| १. राजपत्रमा प्रकाशित मितिः | २०५३।१२।११ |
| २. पहिलो संशोधन | २०५५।०८।०७ |
| ३. दोस्रो संशोधन | २०५९।०३।२४ |
| ४. तेस्रो संशोधन | २०५९।०९।२२ |
| ५. चौथो संशोधन | २०६०।०४।०१ |
| ६. पाचौं संशोधन | २०६१।०४।०१ |
| ७. छैठौं संशोधन | २०६१।१२।०३ |
| ८. सातौं संशोधन | २०६२।०४।०१ |
| ९. आठौं संशोधन | २०६२।०६।१४ |
| १०. नवौं संशोधन | २०६२।१०।०१ |
| ११. दशौं संशोधन | २०६४।०३।२८ |
| १२. एघारौं संशोधन | २०६६।०३।२९ |
| १३. बाह्रौं संशोधन | २०६७।०८।०४ |
| १४. तेह्रौं संशोधन | २०६८।०३।३१ |
| १५. चौधौं संशोधन | २०७०।०१।३० |
| १६. पन्ध्रौं संशोधन | २०७०।०३।३० |

| | |
|---|---|
| १७. सोह्रौं संशोधन | २०७१।०३।२९ |
| १८. सत्रौं संशोधन | २०७२।०३।२९ |
| १९. अठारौं संशोधन | २०७३।०२।१५ |
| २०. उन्नाइसौं संशोधन | २०७४।०२।१५ |
| २१. बीसौं संशोधन | २०७५।०२।१५ |
| २२. एक्काइसौं संशोधन | २०७६।०२।१५ |
| २३. बाइसौं संशोधन | २०७७।०२।१५ |
| २४. तेइसौं संशोधन | २०७८।०२।१५ |
| २५. चौबिसौं संशोधन | २०७९।०२।१५ |

# परिच्छेद २

# करदाता र कर लाग्ने कारोबार

नाफाको उद्देश्य लिई वा नलिई उत्पादन, व्यापार, पेशा, व्यवसाय गरी कुनै करयोग्य वस्तु वा सेवा आपूर्ति गर्ने प्राकृतिक व्यक्ति वा कानूनद्वारा स्थापित निकायलाई करदाता भनिन्छ। प्राकृतिक व्यक्ति वा निकायको कुनै कर्मचारी वा श्रमिक करदाता हुँदैन। प्राकृतिक व्यक्ति वा निकाय करदाताको रुपमा रहेको अवस्थामा कर दायित्व भुक्तान गर्ने प्राथमिक जिम्मेवारी सोही प्राकृतिक व्यक्ति वा निकायको हुन्छ। कुनै कम्पनीका शेयरहोल्डर वा लगानीकर्तालाई मूल्य अभिवृद्धि कर प्रत्यक्ष रुपमा आकर्षित हुदैंन तर साझेदारी फर्म खडा गरी करयोग्य कारोबार गरेमा साझेदारी सम्झौतामा उल्लेख भए बमोजिमको अनुपातमा साझेदारसमेत करको दायित्वबाट मुक्त हुन सक्दैंनन्। करयोग्य वस्तु वा सेवाको व्यवसायिक उद्देश्यले गरिने आयात, निर्यात, बिक्री, विनिमय वा हस्तान्तरणलाई करयोग्य कारोबार मानिन्छ। यस परिच्छेदमा करदाता र कर लाग्ने कारोबारको बारेमा विस्तृत रुपमा ब्याख्या गरिएको छ।

## २.१ करदाताको परिभाषाः

मूल्य अभिवृद्धि कर लाग्ने कारोबारमा संलग्न रहेका प्राकृतिक व्यक्ति वा निकाय दुबै करदाता हुन्। कर लाग्ने कारोबारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर लाग्ने वस्तु वा सेवाको कारोबारलाई बुझाउँछ। यस निर्देशिकाको प्रयोजनको लागि व्यक्ति भन्नाले प्राकृतिक व्यक्ति तथा निकाय दुबैलाई जनाउँछ। निकायले कम्पनी, संस्था, साझेदारी व्यवसाय (श्रीमान् तथा श्रीमती बीचको साझेदारी समेत), सहकारी, संयुक्त उद्यम, धार्मिक संघ संस्था वा कोष जस्ता कानूनद्धारा स्थापित संस्थालाई जनाउँछ। मूल्य अभिवृद्धि कर करयोग्य वस्तु तथा सेवाको आपूर्तिमा लाग्ने भएकोले कुनै पनि प्राकृतिक एवं कानूनद्वारा स्थापित निकायले करयोग्य वस्तु वा सेवाको कारोबार गरेमा सो व्यक्ति करदाताको परिभाषाभित्र पर्दछ। मुनाफा आर्जन गर्ने उद्देश्य रहेको वा नरहेको जे भए तापनि मूल्य अभिवृद्धि कर ऐन बमोजिम करयोग्य कारोबार गरेको कुनै प्राकृतिक व्यक्ति, सरकारी निकाय, धार्मिक संघ संस्था, परोपकारी ट्रष्ट, उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य निकाय, तिनका शाखा वा उपशाखाहरु वा विदेशी निकायको शाखा, प्रशाखा एवं विदेशी स्थायी संस्थापन समेतलाई करदाताको परिभाषाले समेट्छ। मुनाफा आर्जन गर्ने उद्देश्य नभएको निकायलाई समेत करदाताको दायरामा ल्याउनुको मुल उद्देश्य कर लाग्ने कारोबार बीच सम व्यवहार एवं कर तटस्थता कायम गर्नु हो। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता नभए तापनि मूल्य अभिवृद्धि कर ऐनले कर संकलन वा दाखिला गर्नुपर्ने दायित्व भएका सरकारी वा अन्य निकाय समेत करदाताको परिभाषाभित्र पर्दछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ठ) ले व्यक्तिलाई देहाय बमोजिम परिभाषित गरेको छः

**दफा २. (ठ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोष सम्झनु पर्दछ र सो शव्दले नाफाको उद्देश्य लिई वा नलिई कर लाग्ने कारोबारमा संलग्न रहेको सरकारी निकाय, धार्मिक संगठन, परोपकारी संस्था वा त्यस्तै अन्य निकाय र तिनका शाखा वा उपशाखालाई समेत जनाउँछ।**

करदाता हुनको लागि मुलतः दुईवटा आधार महत्वपूर्ण रहेका छन्। पहिलो, कारोबार गर्ने वस्तु वा सेवाको प्रकृति र दोस्रो, कारोबार रकम। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कुनै व्यक्ति करयोग्य हो वा होइन भन्ने विषय निजले गर्ने कारोबारको प्रकृति र कारोबार रकमले निर्धारण गर्दछ। निजले सो कारोबारबाट मुनाफा आर्जन गर्ने वा नगर्ने जे सुकै उद्देश्य राखेको भए तापनि उक्त व्यक्तिले गर्ने कारोबारको प्रकृति र कारोबार रकमले सो व्यक्ति करयोग्य हो वा होईन भन्ने कुरा निर्धारण गर्दछ। मूल्य अभिवृद्धि कर ऐनले कर छुट हुने वस्तु वा सेवा भनी किटान गरेका वस्तु वा सेवा बाहेक अन्य सबै वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिले कुनै निश्चित अवधिमा कानूनले निर्धारण गरेको कारोबार रकम (थ्रेसहोल्ड) भन्दा बढीको कारोबार गरेमा त्यस्ता व्यक्तिहरु करदाता हुन् र त्यस्ता व्यक्तिहरु मूल्य अभिवृद्धि करको प्रयोजनका लागि अनिवार्य रुपमा दर्ता हुनुपर्दछ।

## २.२ निजी व्यक्ति (Private Person):

मूल्य अभिवृद्धि कर प्रयोजनका लागि निजी व्यक्ति भन्नाले कुनै करयोग्य व्यवसायमा संलग्न नरहेको प्राकृतिक व्यक्तिलाई सम्झनु पर्दछ।व्यवसायिक उद्देश्यले करयोग्य कारोबार गर्ने व्यक्ति मूल्य अभिवृद्धि कर प्रयोजनको लागि करदाता हुन्छन। निजी व्यक्तिले व्यवसायिक उद्देश्यले कर लाग्ने वस्तु वा सेवाको खरिद, बिक्री वा स्वामित्व हस्तान्तरण जस्ता आपूर्तिजन्य कारोबार गर्दैनन्। तसर्थ, निजी व्यक्तिहरु मूल्य अभिवृद्धि कर प्रयोजनको लागि करयोग्य व्यक्ति मानिंदैनन्। साथै यस्ता व्यक्ति दर्ता हुन पनि सक्दैनन्।

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.१**

श्री रामप्रसाद अधिकारी जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १७ निवासी हुन्। सामान्य जीवन यापनको लागि पैतृक पेशा कृषिलाई अंगालेका छन्। फुर्सदको समयमा समाजसेवा पनि गर्दछन्। यस प्रकारका सामान्य व्यक्ति वा नागरिकलाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि निजी व्यक्ति भनिन्छ। निजी व्यक्तिले व्यवसायिक उद्देश्यले कारोबार गर्दैनन्। यस्ता व्यक्ति वा नागरिकले व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्दछन्। तर मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्दैन। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुन उक्त व्यक्तिले व्यवसाय दर्ता गरी करयोग्य कारोबार गर्ने वा गरेको हुनुपर्दछ।

निजी व्यक्तिले आफ्नो वैयक्तिक वा घरेलु प्रयोजनको लागि खरिद गरिएको वा प्रयोगमा रहेका वस्तु तथा सेवालाई बिक्री गरेमा मूल्य अभिवृद्धि कर आकर्षित हुंदैन। यस्तो वैयक्तिक रुपमा हुने बिक्रीको कारोबारलाई कहिलेकाँही मात्र हुने घटना मानी करको दायरा बाहिर राखिन्छ। उदाहरणको लागि आँफुले प्रयोग गरि रहेको सवारी साधन, फर्निचर वा यस्तै कुनै सामान बिक्री गरेमा त्यस्तो बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन।

विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२**

श्री गणपति उपाध्याय प्रसिद्ध कानून व्यवसायी हुन्। उनी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका व्यक्ति हुन्। उनले हालै धापाखेल ललितपुरमा आधुनिक साधन तथा प्रसाधनबाट सुसज्जित भव्य भवन निर्माण गरेको छन्। नयाँ गृह प्रवेश गर्नु पूर्व हाल भाडामा बसेको घरमा रहेका आफ्ना पुराना फर्निचर, फिक्स्चर तथा मारुती कारलाई उनी बिक्री गर्न चाहन्छन्। श्री उपाध्याय मूल्य अभिवृद्धि करमा दर्ता भएको भए तापनि उनले आफूले प्रयोग गरिरहेको सवारी साधन, फर्निचर/फिक्स्चर व्यवसायिक प्रयोजनका लागि खरिद नगरेको हुँदा ती वस्तु बिक्री गरेमा त्यस्तो बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन। यस्तो वैयक्तिक रुपमा हुने बिक्रीको कारोबारलाई कहिलेकाँही मात्र हुने घटना मानी करको दायरा बाहिर राखिन्छ।

तर सरकारी एवं सार्वजनिक निकायहरुले कानुन बमोजिमको प्रक्रिया पूरा गरी सार्वजनिक बोलकबोल वा लिलामी प्रक्रियाबाट सवारी साधन, कम्प्युटर, कार्यालय सामान, फर्निचर, फिक्स्चर वा यस्तै प्रकारका अन्य कर लाग्ने वस्तु बिक्री गरेको अवस्थामा स्वीकृत बोलकबोल अंक वा लिलाम सकार गरेको अंकलाई कारोबार रकम मानी सम्बन्धित सरकारी वा सार्वजनिक निकायहरुले प्रचलित दरमा मूल्य अभिवृद्धि कर संकलन गरी दाखिला गर्नुपर्दछ।

## २.३ कर्मचारी वा कामदार (Employee):

रोजगारी भन्नाले आय आर्जन गर्नको लागि श्रमको विनिमय गर्नु हो। रोजगारी भन्नाले कुनै पनि प्राकृतिक व्यक्तिले रोजगारीको शर्त अनुसार आफ्नो ज्ञान, अनुभव, सीप, जांगर तथा श्रम प्रयोग गरी सेवा प्रदान गर्ने कार्यलाई जनाउँछ। यसले विगत, वर्तमान र भविष्यको रोजगारीलाई समेत समेट्दछ। कर्मचारी प्रतिष्ठानको मालिक वा साझेदार नभई उक्त प्रतिष्ठानको कुनै पदनामसहित पदासीन रहेको हुन्छ। जस्तैः प्रबन्धक, प्रशासक, लेखापाल आदि। रोजगारी शब्दले व्यक्तिले धारण गरेको सार्वजनिक ओहदालाई समेत जनाउँछ। रोजगारीबाट आर्जन हुने आयमा मूल्य अभिवृद्धि कर आकर्षित हुंदैन। तर स्वतन्त्र रुपमा बिशेषज्ञ सेवा प्रदान गरेवापत प्राप्त हुने सेवा शुल्कमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिफल प्राप्त गर्ने उद्देश्यले गरिने खरिद, बिक्री, बिनिमय, हस्तान्तरण, उत्पादन, आयात तथा निर्यात गरिने मूर्त वस्तु तथा मूर्त/अमूर्त सेवा तथा तत्सम्बन्धी अनुमति दिने वा ठेक्का पट्टालाई समेटेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (च) ले सेवाको परिभाषा निम्नानुसार उल्लेख गरेको छ।

**दफा २. (च) "सेवा" भन्नाले वस्तु बाहेकको जुन सुकै कुरा सम्झनु पर्दछ।**

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.३**

> श्री कमल कोइरालाले हालै चार्टर्ड एकाउण्टेन्सी कोर्स उत्तीर्ण गरेका छन्। उनलाई निजी प्रतिष्ठित बैंकहरुबाट वित्तीय प्रबन्धकको पदमा जागिर दिने प्रस्ताव आइरहेको छ। तर उनी एक चार्टर्ड एकाउण्टेन्सी फर्म खोली स्वतन्त्ररुपले पेशा गर्ने सोच बनाइरहेका छन्।
>
> यदि उनले उन्नति बैंक लिमिटेडको प्रस्ताव स्वीकार गरी बैंकको वित्तीय प्रवन्धकको पदमा नियुक्त भई एक कर्मचारीको रुपमा कार्य गरेमा निजको त्यस्तो रोजगारीबाट गरिएको आयमा मूल्य अभिवृद्धि कर आकर्षित हुंदैन। कर्मचारीको रुपमा उन्नति बैंक लिमिटेडमा सम्बद्ध भएपश्चात् सांगठनिक जीवनमा कमल कोइरालाको स्वतन्त्र पहिचान र अस्तित्व रहंदैन। संगठनमा कार्यरत रहंदा निजको परिचय वित्तीय प्रवन्धक पद नामले दिन्छ। तर श्री कोइरालाले चार्टर्ड एकाउण्टेन्सी फर्म खोली स्वतन्त्र रुपले पेशा संचालन गरेमा निजको सेवा करयोग्य मानिन्छ। यस्तो अवस्थामा उनी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनुपर्दछ। उनले सेवाग्राहीलाई विशेषज्ञ सेवा प्रदान गरे वापत प्राप्त गर्ने सेवा शुल्कमा मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ।

## २.४ करदाताको एकल स्वतन्त्र व्यवसायः

मूल्य अभिवृद्धि कर प्रणालीमा प्राकृतिक व्यक्ति र कानूनद्वारा स्थापित निकाय दुबै करयोग्य व्यक्ति हुन सक्दछन्। प्राकृतिक व्यक्तिले एकल स्वामित्वमा स्थापना गर्ने एकलौटी व्यवसायको अस्तित्व, स्वरुप र प्रकृति परिवर्तन भइरहन्छ। व्यवसायिक संभाव्यताको आधारमा प्राकृतिक व्यक्तिले विभिन्न प्रकृतिका व्यवसायहरु संचालन गर्ने वा बन्द गर्ने गरेको पाइन्छ। प्राकृतिक व्यक्ति र उसले प्राप्त गरेको स्थायी लेखा नम्बर परिवर्तन हुदैंन भन्ने आधारभूत सिद्धान्त रहेको छ। सोही सिद्धान्तको आधारमा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कुनै प्राकृतिक व्यक्तिले एकल स्वामित्वमा पृथक पृथक प्रकृतिको व्यवसाय स्थापना गरे तापनि ती सबै व्यवसायलाई एउटै स्थायी लेखा नम्बरमा समाहित गर्नुपर्दछ। एकल स्वामित्वमा प्राकृतिक व्यक्तिले एकै प्रकृतिको व्यवसाय अलग अलग स्थानमा संचालन गर्ने वा पृथक पृथक प्रकृतिको व्यवसाय एकै स्थान वा अलग अलग स्थानमा संचालन गर्ने जुनसुकै अवस्था भए पनि व्यवसाय वा स्थानपिच्छे बेग्ला बेग्लै स्थायी लेखा नम्बर जारी गर्न सकिंदैन। यदि भूलबस जारी भएको छ भने सच्याइनु पर्दछ। एकल स्वामित्वमा रहेका सबै व्यवसाय वा कारोबारको नाम, ठेगाना, कारोबार विवरण तथा कारोबार शुरु गरेको मिति उल्लेख गरी एउटै स्थायी लेखा नम्बर जारी गर्नुपर्दछ। उक्त स्थायी लेखा प्रमाणपत्रको प्रमाणित प्रति सबै कारोबारस्थलमा राख्नुपर्दछ।अलग अलग व्यवसाय र स्थानको लागि अलग अलग बीजक, अभिलेख राख्ने गरी स्वीकृति लिनु पर्दछ। तर सबै व्यवसायको कारोबारलाई एकीकृत गरी दर्ता भएको कार्यालयमा नियमानुसार कर विवरण पेश गर्नुपर्दछ।यसलाई निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण २.४**

श्री हिराकाजी महर्जन पेशाले निर्माण व्यवसायी हुन्। उनको एउटा महर्जन निर्माण सेवा भन्ने फर्म रहेको छ। निज महर्जनले आफ्नो महर्जन निर्माण सेवालाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि २०६० सालमा आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा दर्ता गराएका रहेछन्। महर्जन निर्माण सेवाले विभिन्न निकायहरुमा निर्माण सम्बन्धी ठेक्कापट्टा गरी करयोग्य सेवा आपूर्ति गर्दा नियमानुसार मूल्य अभिवृद्धि कर संकलन गरी कर दाखिला गर्दै आएको रहेछ। २०७२ साल बैशाखमा निज महर्जनले भक्तपुर, सानोठिमीमा आफ्नै स्वामित्वमा महर्जन सप्लायर्स भन्ने विविध सामाग्री आपूर्ति गर्ने अर्को प्रोपराइटरसीप फर्म दर्ता गरी कारोबार गर्दै गरेको जानकारी बजार अनुगमनको सिलसिलामा प्राप्त भयो। भक्तपुरस्थित आन्तरिक राजस्व कार्यालयको अभिलेख जाँचबुझ गर्दा श्री हिराकाजी महर्जनले आफ्नो महर्जन सप्लायर्स नाम गरेको अतिरिक्त कारोबारको बारेमा कुनै जानकारी दिएको पाइएन र कारोबार थप गरेको पनि देखिएन। उक्त पसलबाट विविध करयोग्य सामान बिक्री गर्दा मूल्य अभिवृद्धि कर बीजक जारी गरेको पाइएन। महर्जन सप्लायर्सको करयोग्य वस्तुको कारोबार रु.१० लाख मात्र रहेको हुँदा मूल्य अभिवृद्धि करमा दर्ता नगराएको भनाई करदाताको रहेको देखियो।

प्रस्तुत केसमा श्री हिराकाजी महर्जनको महर्जन निर्माण सेवा मूल्य अभिवृद्धि करमा दर्ता रहेको हुँदा निजले स्थापना गरेको प्रोपराइटरसीप फर्म महर्जन सप्लायर्सलाई निजको हाल कायम रहेको स्थायी लेखा नम्बरमा समावेश गर्नुपर्दछ। महर्जन सप्लायर्सको लागि बेग्लै स्थायी लेखा नम्बर लिनु पर्दैन र प्राप्त गर्न पनि सकिँदैन। प्राकृतिक व्यक्तिले एउटा मात्रै स्थायी लेखा नम्बर प्राप्त गर्न सक्ने व्यवस्था रहेको हुँदा निज हिराकाजी महर्जनले स्थापना गरेको महर्जन सप्लायर्स वा भविष्यमा गर्ने अन्य अतिरिक्त कारोबारलाई आफ्नो स्थायी लेखा नम्बरमा आवद्ध गर्न फर्म दर्ता भएको मितिले १५ दिनभित्र आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा गई कारोबार थप गराउनु पर्दछ। प्राकृतिक व्यक्तिको स्थायी लेखा नम्बरमा आवद्ध फर्महरुको संख्या जति सुकै भए पनि मूल्य अभिवृद्धि कर प्रयोजनको लागि करलाग्ने वस्तु तथा सेवाको कारोबारको सीमा छुट्टाछुट्टै गणना नगरी एकमुष्ट गणना गर्नुपर्दछ।

मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिको विभिन्न स्थानमा शाखा, प्रशाखा तथा गोदाम घरहरु रहेका हुन सक्दछ। मुख्य कार्यालयको अतिरिक्त धेरै शाखा प्रशाखा एवं गोदाम घर भए तापनि ती सबैलाई एकल करयोग्य व्यक्तिको रुपमा व्यवहार गरिन्छ। त्यस्तो अवस्थामा शुरुमा एउटा मुख्य कार्यालय दर्ता गरिन्छ र स्थायी लेखा नम्बर उपलब्ध गराइन्छ। अन्य शाखा प्रशाखालाई सोही स्थायी लेखा नम्बर प्रयोग गरी कारोबार गर्न स्वीकृति दिई सम्बन्धित आन्तरिक राजस्व कार्यालयको अभिलेखमा जनाइन्छ। दर्ता भएको आन्तरिक राजस्व कार्यालयले शाखा प्रशाखा प्रमाणित गरी नजिकको अन्य आन्तरिक राजस्व कार्यालयलाई बोधार्थ दिनुपर्दछ। करदाताले दर्ता भएको आन्तरिक राजस्व कार्यालयको स्वीकृति लिई बीजक, खाता, तथा अभिलेख तत् तत् स्थानमा राख्नु पर्दछ। प्रत्येक कर अवधिमा सबै शाखाको कारोबारलाई एकमुष्ट रुपमा कर विवरणमा समावेश गरी दर्ता रहेको कार्यालयमा पेश गर्नुपर्दछ। यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.५**

काठमाडौं नयांसडकमा मुख्य कारोबारस्थल रहेको एक मिठाई पसलले काठमाडौं, ललितपुर, भक्तपुर, पोखरा, वीरगंज, विराटनगरजस्ता शहरमा १० वटा शाखा कार्यालय स्थापना गर्न चाहन्छ। मिठाई पसल आन्तरिक राजस्व कार्यालय, नयाँ सडकमा दर्ता रहेको छ। करदाताको निवेदनउपर कार्यवाही गर्दा उक्त कार्यालयले १० वटा शाखाहरुमा अलग अलग खाता राख्ने, बीजक जारी गर्ने, सबै शाखाहरुको कारोबारलाई एकीकृत गरी एकमुष्ट रुपमा मासिक कर विवरण पेश गर्ने गरी स्वीकृति दिनुपर्दछ।

स्वीकृति दिनुपूर्व आन्तरिक राजस्व कार्यालयले उक्त मिठाई पसलको विभिन्न शाखाहरुको विवरण थप गर्न Posted Data Form Request मार्फत अभिलेख अद्यावधिक गर्नुपर्दछ। यसरी कम्प्युटर अभिलेख अद्यावधिक गरेपश्चात् कार्यालयले नयाँ प्रमाणपत्र प्रिण्ट गरी उक्त स्थायी लेखा नम्बर प्रमाणपत्रमा ती सबै शाखाहरुको नामावली र कारोबारस्थान उल्लेख भएको सुनिश्चित गरी प्रमाणपत्र जारी गर्नुपर्दछ। यसरी जारी भएको नयाँ प्रमाणपत्रको मूल प्रति पसलको केन्द्रीय कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्दछ भने सोही प्रमाणपत्रको फाटोकपी प्रमाणित गरी अन्य शाखा कार्यालयमा सबैले देख्ने गरी राख्नु पर्दछ।

शाखा कार्यालय थप गर्ने निर्णय भएपश्चात् शाखा कार्यालयको कारोबारस्थान, सम्पर्क टेलिफोन नम्बर, शाखा कार्यालयका मुख्य जिम्मेवार व्यक्तिको नाम तथा सम्पर्क नम्बर आदि आधारभूत सूचनाको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुलाई दिनुपर्दछ।यसरी जानकारी प्राप्त भएपश्चात् तत् तत् आन्तरिक राजस्व कार्यालयहरुले तत् तत् शाखा कार्यालयहरुको आवश्यकता अनुसार अनुगमन गर्नुपर्दछ। आन्तरिक राजस्व कार्यालय, नयाँ सडकले स्वीकृति दिएका ती सबै शाखाको कारोबार करदाताले एकीकृत रुपमा कर विवरण मार्फत पेश गरे नगरेको विषयमा अनुगमन तथा सुपरिवेक्षण गरिरहनु पर्दछ।

## २.५ करदाताको बहु स्वतन्त्र व्यवसायः

कहिलेकाँहि एउटा निकायमा सम्बद्ध व्यक्तिहरु मिली अर्को निकाय स्थापना गर्न सक्दछन्। एउटा निकायमा सम्बद्ध व्यक्तिहरु मिली अर्को निकाय स्थापना गरेको अवस्थामा नयाँ स्थापना भएको निकायको बेग्लै कानूनी अस्तित्व कायम हुन्छ। नयाँ स्थापना हुने निकायले छुट्टै स्थायी लेखा नम्बर लिनु पर्ने र यदि उक्त निकायले मूल्य अभिवृद्धि कर लाग्ने बस्तु तथा सेवाको तोकिएको सीमाभन्दा बढीको कारोबार गर्ने भएको खण्डमा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि समेत दर्ता गर्नुपर्दछ। यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.६**

आशुतोष खत्री र आस्था खत्री मिली आप्टेक प्रा.लि. नाम गरेको एक सफ्टवेयर निर्माण गर्ने कम्पनी सञ्चालन गरिरहेका छन्।उक्त प्रा.लि. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि आन्तरिक राजस्व कार्यालय, टंगालमा दर्ता रहेको छ।

हालसालै आशुतोष खत्री र आस्था खत्रीले अर्को एउटा खत्री एण्ड एसोसियट्स भन्ने साझेदारी फर्म पनि दर्ता गराएका छन्। उक्त साझेदारी फर्मले शैक्षिक परामर्श दिने कारोबार गर्ने उद्देश्य राखेको छ। दुबै निकायका संस्थापक व्यक्तिहरु एउटै भए तापनि आप्टेक प्रा.लि.को स्थायी लेखा नम्बरबाट दुबै निकायको कारोबार गर्न सकिंदैन। यी दुबै निकायहरुको कानूनी अस्तित्व पृथक पृथक रहेको हुँदा पछि स्थापना गरिएको खत्री एण्ड एसोसियट्स भन्ने साझेदारी फर्मको लागि अलग स्थायी लेखा नम्बर लिनु पर्दछ।

एउटै परिसर वा कारोबारस्थलमा एक भन्दा बढी व्यवसाय संचालनमा रहेका हुन सक्छन्। प्रत्येक व्यवसायले छुट्टा छुट्टै व्यबसायको रुपमा दर्ता गरिदिन अनुरोध भै आएको अवस्थामा अलग अलग व्यक्तिको नाममा दर्ता गरी स्थायी लेखा नम्बर उपलब्ध गराउनु पर्दछ। यस्तो अवस्थामा प्रत्येक व्यवसायिक इकाईको लागि छुट्टाछुट्टै बीजक, खाता तथा हिसाब किताब राख्नु पर्ने हुन्छ। यस्ता प्रत्येक इकाई स्वायत्त आर्थिक इकाईको रुपमा रहन्छन्।

**उदाहरण २.७**

ग्यालेक्सी तारे होटेल परिसरभित्र आवास भवन, रेष्टुरेण्ट, क्यासिनो, हेल्थक्लब, सपिङ्ग मल वा यस्तै अन्य विभिन्न इकाई संचालनमा रहेका छन्। यी सबै इकाइको कार्य प्रकृति पृथक पृथक रहेको छ। तर सबै इकाइ एक आपसमा अन्तरसम्बन्धित र आश्रित रहेका छन्। यी सबै इकाइ पृथक पृथक व्यक्तिको स्वामित्वमा दर्ता गरी सञ्चालन गरेको रहेछ। यस्तो अवस्थामा होटेल, आवास भवन, रेष्टुरेण्ट, क्यासिनो, हेल्थक्लब, सपिंग मलको लागि अलग अलग मूल्य अभिवृद्धि कर प्रयोजनको लागि स्थायी लेखा नम्बर लिनु पर्दछ।

एउटै परिसर वा छातामुनि भिन्दा भिन्दै व्यक्तिले भिन्दा भिन्दै व्यवसाय गरेका हुन् वा एउटै व्यक्तिले अलग अलग व्यवसाय मात्र गरेको हो भन्ने विषय द्विविधा हुन सक्दछ। यसको लागि व्यवसाय दर्ता प्रमाणपत्रको अतिरिक्त विद्युत, टेलिफोन, खानेपानीको धारा जडान आदि पनि स्वतन्त्र रुपमा व्यवसाय गरेको हो होइन भनी जाँच गर्ने आधार हुन सक्छन्। यदि एउटै व्यक्ति वा व्यवसायको नाममा विद्युत, टेलिफोन, खानेपानीको धारा जडान भएको भए तापनि निश्चित सेवा शुल्क लिने दिने गरी आपसी सम्झौता गरी यसको प्रयोग अलग अलग इकाईबाट गरिएको अवस्था भएमा अलग अलग करयोग्य व्यक्ति भएको मान्नु पर्दछ।

यस विषयलाई निम्न उदाहरणबाट अझ स्पष्ट गर्न सकिन्छः

**उदाहरण २.८**

मानौं शुभम् डिपार्टमेण्टल स्टोर एउटा ठूलो व्यापारिक भवन हो। त्यहां सवारी साधन पार्किङ्गदेखि बैंकको काउण्टरसमेतको लागि ठूलो कम्पाउण्डयुक्त परिसर रहेको छ।डिपार्टमेण्टल स्टोरको भुईं तलाको अग्रभागमा आइसक्रिम बिक्रेता र अर्कोमा फूल बिक्री गर्ने पसल रहेका छन्। डिपार्टमेण्टल स्टोर र यी पसलहरुको कार्यप्रकृतिमा विशेष अन्तर देखिदैन। ती दुई व्यक्तिहरुले डिपार्टमेण्टल स्टोरको मालिकसित भाडामा लिई अग्रभागमा पसलहरु सञ्चालन गरेका रहेछन्। विद्युत, खानेपानी, टेलिफोन आदि डिपार्टमेण्टल स्टोरको नाममा दर्ता भएको छ। तर निश्चित सेवा शुल्क लिने दिने आपसी सम्झौता गरी अन्य प्रतिष्ठानले पनि प्रयोग गर्न दिइएको अवस्था छ।

ती व्यक्तिले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा छुट्टै स्थायी लेखा नम्बरको लागि आवेदन गरेमा कार्यालयले छानबिन गर्नुपर्दछ। कारोबारको प्रकृति, खरिद, बिक्री कक्ष, गोदाम तथा मौज्दातको अवस्था तथा जग्गा बहाल सम्झौता आदि छानबिन तथा अनुसन्धान गर्दा कारोबार अलग अलग व्यक्तिको भएको पुष्टि भएमा करयोग्य व्यक्ति अलग अलग भएको मान्नु पर्दछ र अलग अलग स्थायी लेखा नम्बर प्रदान गर्नुपर्दछ।

यदि छानबिन तथा अनुसन्धान गर्दा अलग अलग व्यक्तिको कारोबार भएको पुष्टि हुन नसकेमा सबै कारोबारलाई शुभम् डिपार्टमेण्टल स्टोरको कारोबार मानी कर निर्धारण गर्नुपर्दछ।

**२.६ संयुक्त उपक्रम (Joint Venture):**

निश्चित कार्य गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी व्यक्ति सम्मिलित भई खडा गरिएको निकायलाई संयुक्त उपक्रम भनिन्छ। मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गर्ने गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएका विभिन्न व्यक्ति मिली खडा भएको संयुक्त उपक्रमलाई छुट्टै निकायको रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। संयुक्त उपक्रम संचालन गर्नको लागि संलग्न साझेदार मध्ये कुनै एउटा साझेदारको दर्ता नम्बरलाई संयुक्त उपक्रमले गर्ने कारोबारको लागि प्रयोग गर्न सकिंदैन। यस्तो संयुक्त उपक्रम तोकिएको कार्य समाप्त भए पश्चात् स्वतः विघटन भएको मानिने हुँदा त्यस्तो संयुक्त उपक्रम खडा भएको उद्देश्य अनुरुपको कार्यसम्पादन भएपछि मूल्य अभिवृद्धि करको दर्ता खारेज गर्न सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नुपर्दछ। संयुक्त उपक्रमको अतिरिक्त सो उपक्रममा संलग्न सबै साझेदारहरु सो उद्यमले बहन गर्नुपर्ने कर दायित्व बहन गर्न व्यक्तिगत वा सामुहिक रुपमा जिम्मेवार हुन्छन्। संयुक्त उपक्रम सम्बन्धमा ऐनको दफा १०ख. मा विशेष व्यवस्था गरिएको छ।

**२.७ साझेदारी फर्मः**

मूल्य अभिवृद्धि कर प्रयोजनको लागि साझेदारी संस्थालाई एक निकायको रुपमा लिइन्छ र सो निकाय मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ। कर दायित्वका लागि साझेदारी फर्मका अतिरिक्त सबै साझेदार व्यक्तिगत तथा सामूहिक रुपमा जवाफदेही हुन्छन्।

**२.८ कर संकलन गर्नुपर्ने विशेष दायित्व भएका व्यक्तिः**

नेपालभित्र कर लाग्ने कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्न मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले मात्र मूल्य अभिवृद्धि कर संकलन गर्न पाउने कानूनी व्यवस्था रहेको छ।तर मूल्य अभिवृद्धि कर ऐनले मूल्य अभिवृद्धि करमा दर्ता नभएका केहि निकायहरुलाई मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्ने व्यवस्था गरेको छ। यही व्यवस्थाले गर्दा नेपाल सरकार, स्थानीय तह तथा सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु बिक्री गर्दा वा सेवा प्रदान गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

यसै गरी नेपालस्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोगले कर लाग्ने वस्तु वा सेवाको आपूर्ति गर्दा दर्ता नभए पनि मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा (३) मा देहायको व्यवस्था रहेको छ।

**दफा १५ को उपदफा (३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ,संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्नेछ।**

सार्वजनिक निकायहरुको सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.९**

नेपाल औषधि लिमिटेड औषधि उत्पादन तथा बिक्री वितरण गर्ने कार्यको लागि स्थापना भएको सार्वजनिक संस्थान हो। औषधि उत्पादन तथा बिक्री वितरण गर्ने कार्य मूल्य अभिवृद्धि कर छुट हुने वस्तु हो। तसर्थ नेपाल औषधि लिमिटेड मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्दैन। यसको अतिरिक्त संस्थानले आफ्नो सवारी साधन तथा पुराना फर्निचर लगायतका मूल्य अभिवृद्धि कर लाग्ने वस्तु लिलाम वा अन्य माध्यमबाट बिक्री गर्ने गर्दछ। नेपाल औषधि लिमिटेडको मुख्य कार्य औषधि उत्पादन तथा बिक्री वितरण गर्ने भएको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिम औषधिमा मूल्य अभिवृद्धि कर छुट हुने भएको हुँदा सो संस्थान मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्दैन। तर मूल्य अभिवृद्धि कर ऐनको दफा १५ को उपदफा (३) ले गरेको व्यवस्था अर्न्तगत रही औषधि बिक्री बाहेक सवारी साधन, फर्निचर तथा अन्य मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा बिक्री वा लिलाम वापत प्राप्त रकममा मूल्य अभिबुद्धि कर संकलन गरी सम्बन्धित कार्यालयमा मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ।

**उदाहरण २.१०**

मानौं चितवन राष्ट्रिय निकुञ्जले निकुञ्जमा प्रवेश गर्ने पर्यटकबाट तोकिए बमोजिम प्रवेश शुल्क संकलन गर्दछ। सरकारबाट संरक्षित एवं व्यवस्थित राष्ट्रिय निकुञ्जको अवलोकन गर्ने तथा अन्य साहसिक पर्यटन जस्तो करयोग्य सेवा आपूर्ति गरे वापत पर्यटकबाट संकलन गरिने प्रवेश शुल्कमा मूल्य अभिवृद्धि कर आकर्षित हुने र राष्ट्रिय निकुञ्ज नेपाल सरकारको निकाय भएको हुँदा उक्त निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभए तापनि प्रवेश शुल्क संकलन गर्दा मूल्य अभिवृद्धि करसमेत संकलन गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ।

**उदाहरण २.११**

मानौं गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको ढुंगा, वालुवा वा यस्तै कुनै प्राकृतिक श्रोत उत्खनन् वा संकलन गरी बिक्री वितरण गर्ने अनुमति वा अधिकार ठेक्का प्रणाली वा अन्य माध्यमबाट अन्य व्यक्तिलाई दिन सक्दछ। यसै गरी विभिन्न झुत्रा, थोत्रा वा बेकम्मा भएका प्लाष्टिक, सीसा वा फलामका वस्तुहरु (कवाडीका सामग्रीहरु) संकलन गरी बिक्री वितरण गर्ने अनुमति वा अधिकार पनि अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सक्दछ। यस्तो अनुमति जारी गर्ने विभिन्न माध्यम वा प्रक्रियाहरु हुन सक्दछन्। गाउँपालिकाहरुले आफ्नो अधिकार कुनै पनि प्रक्रिया वा माध्यमबाट अर्को व्यक्तिलाई हक हस्तान्तरण गरे वापत असुल गर्ने रकमलाई सलामी दस्तुर (Royalty) भनिन्छ। सलामी दस्तुर मूल्य अभिवृद्धि कर ऐनको सेवाको परिभाषा अन्तर्गत पर्दछ। ती गाउँपालिकाहरुले अनुमति वा कुनै अधिकार हस्तान्तरण गरेवापत अधिकार प्राप्त गर्ने व्यक्तिबाट सलामी दस्तुर रकमको साथ साथै मूल्य अभिवृद्धि कर समेत असुल गरी दाखिला गर्ने वा अधिकार प्राप्त गर्ने व्यक्तिलाई राजस्व खातामा दाखिला गर्न लगाउनु पर्दछ।

यदि गाउँपालिकाले उपरोक्त अनुसारको आफ्नो अधिकार आफ्नै कर्मचारी मार्फत प्रयोग गरी रकम संकलन गर्दछ भने त्यस अवस्थामा रकमसाथ मूल्य अभिवृद्धि कर समेत संकलन गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा त्यसरी संकलन गरिएको मूल्य अभिवृद्धि कर रकम दाखिला गर्नुपर्दछ।

सामान्य अवस्थामा नेपालभित्र कर लाग्ने कारोबारमा संलग्न हुन चाहने विदेशी व्यक्तिले कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्न मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। यदि विदेशी व्यक्तिले नेपाल बाहिरबाट सेवा प्रदान गरेको भएमा सेवाग्राहीले सेवा प्राप्त गरेको वा भुक्तानी गरेको अवस्थामा भुक्तानी गर्ने मुल्यमा मुल्य अभिवृद्धि कर गणना गरी राजस्व दाखिला गर्नुपर्दछ।

विदेशी व्यक्ति वा निकायको सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.१२**

मानौं कुनै विदेशी व्यक्ति वा संस्थाले नेपालमा TOEFL (Test of English as a Foreign Language), IELTS (International English Language Testing system), GRE (Graduate Record Examination), GMAT (Graduate Management Admission Test), SAT (Scholastic Assessment Test), PTE (Pearson Test of English), ESOL Examination (English for Speakers of Other Language) वा यस्तै अन्य कुनै परीक्षाको लागि तयारी कक्षा संचालन गर्दछ। सो वापत प्रशिक्षार्थीहरुबाट निश्चित सेवा शुल्क संकलन गर्दछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम यस्तो सेवा करयोग्य सेवा हो। यस्तो सेवा आपूर्ति गर्ने विदेशी व्यक्ति मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनुपर्दछ।

यदि नेपाल बाहिरबाट यस्तो सेवा प्रदान गरेको भएमा सेवाग्राहीले भुक्तानी गर्दा Reverse Charge को रुपमा भुक्तानी गर्ने मूल्यमा कर गणना गरी बैंक दाखिला गर्नुपर्दछ। यस सम्बन्धमा सि.नं २.९ मा विस्तृत ब्याख्या गरिएको छ।

## २.९ विदेशबाट सेवा प्राप्त गर्ने व्यक्तिको कर निर्धारण ( Reverse Charge System )

कर लाग्ने वस्तु वा सेवा आयात गर्दा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) मा रहेको छ। कर लाग्ने वस्तु विदेशबाट पैठारी गर्दा कारोबार मूल्यमा भन्सार कार्यालयमा मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ। नेपाल बाहिरको नेपालमा दर्ता नभएको कुनै सेवा प्रदायक वा आपूर्तिकर्ताबाट कुनै व्यक्तिले कर लाग्ने सेवा प्राप्त गरेको अवस्थामा विदेशी सेवा प्रदायक वा आपूर्तिकर्तालाई प्रतिफल भुक्तानी गर्दा वा सो बाट सेवा प्राप्त भएको अवस्था मध्ये जुन पहिले हुन्छ सो समयमा भुक्तानी गर्ने मूल्यमा प्रचलित दरमा (हाल १३ प्रतिशत) मूल्य अभिवृद्धि कर गणना गरी तोकिएको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ। अन्तर्देशीय सेवा आपूर्तिमा सम व्यवहार (Equal Treatment) कायम गर्नु यस व्यवस्थाको उद्देश्य हो। कुनै सेवा स्वदेशी आपूर्तिकर्ताबाट खरिद गर्दा कर लाग्ने तर त्यही सेवा विदेशी आपूर्तिकर्ताबाट खरिद गर्दा कर नलाग्ने अवस्था रहेमा त्यसले स्वदेशी सेवा प्रदायकको प्रतिष्पर्धात्मक क्षमतामा ह्रास आउने तथ्यलाई दृष्टिगत गरी विदेशबाट पैठारी हुने सेवामा कर लाग्ने व्यवस्था ऐनले गरेको हो। सामान्यतया पैठारी हुने सेवा भन्सार बिन्दुमा घोषणा नभई पैठारी हुने र सो कारणले भन्सार बिन्दुमा कर दाखिला नहुने कारणले ऐनमा यस किसिमको व्यवस्था गरिएको हो। यसरी दाखिला भएको कर दर्तावाला करदाताले दाखिला गरेकोमा कर कट्टी दावी गर्न पाउंदछ।यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) मा यस्तो व्यवस्था रहेको छ।

**दफा ८ को उपदफा (२) नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको वखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्नेछ।**

उक्त करारोपण सम्बन्धी व्यवस्था देहायको अवस्थामा लागु हुन्छः

१. कुनै विदेशस्थित व्यक्तिले नेपालस्थित व्यक्तिलाई सेवा आपूर्ति गरेको हुनुपर्दछ।

२. आपूर्ति हुने सेवा विदेशबाट आपूर्ति भएको हुनुपर्दछ।

३. आपूर्ति हुने सेवा कर योग्य सेवा हुनुपर्दछ।

४. आपूर्ति भएको सेवा भन्सार कार्यालय मार्फत आयात नभएको हुनुपर्दछ।

५. सेवा आपूर्ति गर्ने व्यक्ति नेपालमा दर्ता भएको हुनु हुंदैन।

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.१३**

अल्फा ईन्टरनेशनल प्रा.लि ईन्टरनेट र दुर संचार सेवा प्रदायक कम्पनी रहेछ। उक्त कम्पनीले आफ्नो सेवा खरिद गर्ने प्रयोजनको लागि सिंगापुर स्थित Skynet कम्पनीसँग प्राविधिक सेवा खरिद गरेको रहेछ। सो वापत उक्त कम्पनीलाई मासिक एक लाख अमेरिकी डलर बरावरको रकम भुक्तानी गर्ने गरेको रहेछ। उक्त कारोबार करयोग्य भएकोले अल्फा ईन्टरनेशनल प्रा. लि. ले भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा एकलाख अमेरिकी डलर बरावरको रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ। त्यस्तो खरिदमा तिरेको कर निजले आफूले बिक्रीमा संकलन गरेको करबाट कर कट्टी दावी गर्न पाउँछ।

**उदाहरण २.१४**

मानौं नेपाल सरकार खानी तथा भूगर्भ विभागले क्यानाडाका दुई वैज्ञानिकहरुलाई नेपालको भौगर्भिक, जैविक अध्ययन गरी विभिन्न खनिज पदार्थको व्यवसायिक उत्पादन सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी कार्यदिश दिएको रहेछ। उक्त कार्यको लागि १ करोड अमेरिकी डलर भुक्तानी दिने गरी सम्झौता भएको रहेछ। ती वैज्ञानिकहरुले अध्ययन गरी प्रतिवेदन पेश गरेका रहेछन्।

यस्तो अवस्थामा निज वैज्ञानिकहरुले प्रदान गरेको सेवा करयोग्य सेवा हो। उक्त वैज्ञानिकहरुले यस्तो सेवा नेपालमा नियमित रुपले आपूर्ति गर्दैनन्। यस्तो सेवा कहिलेकाँहि आपूर्ति हुने गर्दछ। प्रस्तुत सन्दर्भमा करयोग्य कारोबार रकम १ करोड अमेरिकी डलर भए तापनि उक्त वैज्ञानिकहरुले नेपाल वाहिर वसी सेवा प्रदान गरेको अवस्थामा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि ऐनको दफा ८ को उपदफा (२) बमोजिमको सेवा आपूर्ति गरेको मानी भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा नेपाल सरकार, खानी तथा भूगर्भ विभागले १ करोड अमेरिकी डलर बरावरको रकमको १३ प्रतिशतले हुने रकम राजस्व खातामा जम्मा गर्नुपर्दछ। साथै आयकर प्रयोजनको लागि आयकर ऐन, २०५८ बमोजिम स्रोतमा कर कट्टी समेत गर्नुपर्दछ।

**उदाहरण २.१५**

मानौं, नेपाल सरकार, विद्युत विकास विभागले कोरियाका वैज्ञानिकहरुलाई नेपालमा जलविद्युतको व्यवसायिक उत्पादन सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी कार्यादेश दिएको रहेछ। उक्त कार्यको लागि १० लाख अमेरिकी डलर भुक्तानी दिने गरी सम्झौता भएको छ। ती वैज्ञानिकहरुले अध्ययन गरी प्रतिवेदन पेश गरेका छन्। निज वैज्ञानिकहरुले प्रदान गरेको सेवा करयोग्य सेवा हो। उक्त वैज्ञानिकहरुले यस्तो सेवा नेपालमा नियमित रुपले नभई कहिलेकाही आपूर्ति हुने विषय हो। करयोग्य कारोबार रकम रु १ करोडभन्दा बढी भए तापनि उक्त वैज्ञानिकहरुलाई नेपालमा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता गर्ने व्यवस्था नभएको हुँदा यस्तो सेवा ऐनको दफा ८ को उपदफा (२) बमोजिमको सेवा आपूर्ति गरेको मानी भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा नेपाल सरकार, विद्युत विकास विभागले १० लाख अमेरिकी डलर बराबरको रकमको १३ प्रतिशतले हुने रकम राजस्व खातामा जम्मा गर्नुपर्दछ। साथै आयकर प्रयोजनको लागि आयकर ऐन, २०५८ बमोजिम स्रोतमा कर कट्टी समेत गर्नुपर्दछ।

**उदाहरण २.१६**

मानौं, नेपालको कुनै बासिन्दा एअरलाईन्स कम्पनीले आफ्नो हवाईजहाज तथा हेलिकप्टरको इन्जिन, गेयर बक्स लगायत महत्वपूर्ण पार्टसहरु नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृति प्राप्त बिदेश स्थित संस्थामा मर्मत सम्भार तथा ओभरहलको लागि पठाउँदा भन्सार कार्यालयमा भन्सार महशुल धरौटी राखी पठाउने र सो मर्मत भई आउँदा भन्सार विन्दुमा मूल्य अभिवृद्धि कर समेत बुझाएको अवस्थामा मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को दफा ८ को उपदफा (२) बमोजिमको मूल्य अभिवृद्धि कर निर्धारण र असुल उपर गर्नुपर्दैन।

**उदाहरण २.१७**

मानौं, नेपालको कुनै बासिन्दा एअरलाईन्स कम्पनीले आफ्नो कम्पनीमा कार्यरत पाइलट, इन्जिनियर लगायतका प्राविधिक कर्मचारीहरुलाई नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम विदेश स्थित तालिम केन्द्रहरुमा त्यहाँको नियमित कार्यक्रम अनुरुप सञ्चालन भएको तालिममा सहभागी गराउँदा उक्त सेवाको उपभोग नेपालमा नभएको हुँदा उक्त सेवा वापतको भुक्तानी रकममा मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को दफा ८ को उपदफा (२) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण र असूल उपर गर्नुपर्दैन।

**उदाहरण २.१८**

मानौं, नेपालको कुनै वासिन्दा एअरलाईन्स कम्पनीले सुरक्षित हवाई सेवाको लागि आवश्यक सूचना, सञ्चार तथा Navigation Tracking लगायतमा प्रयोग हुने सूचना प्रविधिमा आधारित नेपालमा प्रयोग हुने Online GPS Data सेवाहरुको प्रयोग वापत बिदेश स्थित कम्पनीलाई गरिने भुक्तानीमा मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को दफा ८ को उपदफा (२) बमोजिम मूल्य अभिवृद्धि कर असूल र निर्धारण गर्नुपर्ने हुन्छ।

## २.१० करयोग्य कारोवारः

व्यवसायिक उद्देश्यले कुनै वस्तु वा सेवा आपूर्ति गर्ने कार्यलाई कारोबार भनिन्छ। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि करयोग्य वस्तु तथा सेवाको आपूर्तिलाई करयोग्य कारोबार मानिन्छ। कर प्रयोजनको लागि वस्तु तथा सेवालाई करयोग्य र कर छुट गरी दुई वर्गमा विभक्त गरिएको छ। ऐनले एकातर्फ आधारभूत कृषि उत्पादन एवं अत्यावश्यक वस्तुमा कर छुट हुने व्यवस्था गरेको छ भने अर्कोतर्फ कर असुलीमा सिर्जना हुने प्रशासनिक जटिलता, असुलीको लागत र आर्थिक लागतलाई मध्यनजर गरी केही वस्तु तथा सेवामा कर छुट हुने व्यवस्था गरिएको छ। कर छुट हुने वस्तु तथा सेवाको सूची मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ ले निर्धारण गरेको छ। सो अनुसूचीमा उल्लेख गरिएका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट हुन्छ। सो अनुसूची १ मा उल्लेख गरेका वस्तु वा सेवाबाहेक अन्य सबै वस्तु वा सेवाहरु कर लाग्ने वस्तु तथा सेवा हुन् र ती वस्तु तथा सेवाको कारोबारलाई करयोग्य कारोबार भनिन्छ।

कर लाग्ने कारोबारको सम्बन्धमा सालबसालीरुपमा जारी हुने आर्थिक ऐनहरुले कानूनी व्यवस्थाहरु परिवर्तन गर्न सक्ने भएको हुँदा तत् तत् वर्षका आर्थिक ऐनहरुले मूल्य अभिवृद्धि कर ऐनको अनसूची १ मा कुनै परिवर्तन गरे नगरेको भन्ने विषय यकिन गर्नुपर्दछ।

करयोग्य वस्तु तथा सेवा मुलुकभित्र आपूर्ति गरेमा, विदेशबाट आयात गरेमा र नेपाल बाहिर निर्यात गरेमा त्यस्तो कारोबारलाई करयोग्य कारोबार मानिन्छ। कुनै वस्तु तथा सेवा नेपालबाहिर उत्पत्ति भई नेपाल बाहिर नै आपूर्ति भएको रहेछ भने त्यस्तो अवस्थामा करयोग्य कारोबार भएको मानिदैन। यस सम्बन्धमा ऐनमा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २.(ग) "कर लाग्ने कारोबार" भन्नाले दफा ५ को उपदफा (१) मा उल्लिखित कारोबार सम्झनु पर्दछ।**
**दफा ५.(१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कारोबारमा मूल्य अभिवृद्धि कर लाग्नेछः**

**(क) नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा,**
**(ख) नेपाल भित्र आयात गरिएको वस्तु वा सेवामा,**
**(ग) नेपाल बाहिर निर्यात गरिएको वस्तु वा सेवामा।**

नेपालभित्र आपूर्ति भएका कर लाग्ने वस्तुमा कर लाग्ने विषय निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.१९**

सयपत्री हार्डवेयर मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको करदाता रहेछ। उक्त हार्डवेयरले पाइपको खुद्रा कारोबार गर्दो रहेछ। पाइप करयोग्य वस्तु हो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम नेपाल भित्र पाइप आपूर्ति गर्दा सयपत्री हार्डवेयरले कारोबार मूल्यमा ऐनको दफा ७ को उपदफा (१) बमोजिम १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

नेपाल भित्र आपूर्ति हुने कर लाग्ने सेवामा कर लाग्ने विषय निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२०**

मानौं कुनै व्यक्तिले विभिन्न सवारी साधन जस्तै सुविधायुक्त कार, जीप, बस खरिद गरी विभिन्न पर्यटक (स्वदेशी, विदेशी वा दुबै) लाई निश्चित समय, स्थान वा दुरीको लागि निश्चित शुल्क लिने गरी सवारी साधन उपलब्ध गराउने गर्दछ। तोकिए बमोजिमको समय स्थान वा दुरीसम्म सवारी साधन उपयोग गरे वापत पर्यटकले पूर्व निर्धारित सेवा शुल्क भुक्तानी गर्दछ।

यस्तो सेवा खरिद बिक्रीमा सेवाग्राही र आपूर्तिकर्ताबीच लिखित वा मौखिक सम्झौता वा सहमति वा समझदारी वा बचनबद्धता भएको हुन्छ। दुबै पक्षले निश्चित अधिकार तथा दायित्व बहन गर्दछन्। निश्चित मुनाफा वा जोखिम पनि बहन गरिएको हुन्छ। उक्त सम्झौता वा सहमति भंग गरेमा वा कुनै हानी नोक्सानी भएमा सोको मर्मत गरिदिने वा क्षतिपूर्ति दिने लिने आदि विषय पनि संलग्न रहेको हुन्छ। तसर्थ यस्तो पर्यटकीय यातायात सेवा अथवा पर्यटक सवारी आपूर्ति गर्ने सेवा ऐनको अनुसुची १ अनुसार छुट हुने सेवा नभएकोले कर लाग्ने सेवाभित्र पर्ने र ऐनको दफा १० को उपदफा (२) को खण्ड (क) बमोजिम यस्तो सेवा आपूर्ति गर्ने व्यक्ति अनिवार्य रुपमा दर्ता हुनु पर्ने व्यवस्था गरेको छ।

**उदाहरण २.२१**

मानौं काठमाडौ स्थित शैक्षिक परामर्शको सेवा प्रदायक कम्पनी श्री एविसि इन्ष्टिच्यूट प्रा.लि.,ले USA बाट संचालन हुने Pearson Test of English ( PTE) परीक्षा वापत लाग्ने परीक्षा शुल्क र उक्त सेवा प्रदान गरे वापत सेवा शुल्क लिने कार्य गर्दै आएको रहेछ। उक्त प्रा.लि. ले विद्यार्थीहरुबाट परीक्षा शुल्क वापत प्रति व्यक्ति १०० अमेरिकी डलर र सेवा शुल्क वापत रु.१,०००।०० लिने गरेको रहेछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ समूह ६ को खण्ड (ग) मा विद्यालय वा विश्वविद्यालयले प्रदान गर्ने शिक्षण सेवालाई मात्र कर छुट हुने वस्तु तथा सेवाको सूचीमा राखेको हुँदा सो बाहेकका भाषा परीक्षा लगायत जुनसुकै परीक्षा वापतको परीक्षा शुल्कमा मुल्य अभिवृद्धि कर लाग्ने हुँदा उक्त प्रा.लि.ले अमेरिकाको संस्थालाई विद्यार्थीको तर्फबाट पठाउने परीक्षा शुल्कमा मुल्य अभिवृद्धि कर असुल उपर गर्नुपर्ने हुन्छ। उक्त परीक्षा शुल्क वापत लिइने अमेरिकी डलर १०० बरावरको नेपाली रुपैंयाँ तथा विद्यार्थीलाई सेवा प्रदान गरे वापत लिने सेवा शुल्क रु.१,०००।०० समेतको रकममा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असूल उपर गर्नुपर्दछ।

उक्त परीक्षा संचालन सम्बन्धी सेवा नेपाल बाहिरबाट नेपालमा प्रदान भएको हुँदा प्रा.लि ले परीक्षा शुल्क भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम Reverse Charge को रुपमा भुक्तानी गर्ने मूल्यमा भुक्तानी गर्दाका वखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण गरी असूल उपर गर्नुपर्दछ। सो सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिलाई भुक्तानी हुने रकममा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने हुन्छ।

नेपालभित्र आपूर्ति हुने कर छुट हुने सेवाको सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२२**

मानौं कुनै व्यक्तिले विभिन्न सवारी साधन जस्तै सुविधायुक्त कार, जीप, बस खरिद गरी नेपाल सरकारले प्रदान गर्ने हरियो नम्बर प्लेट राखी विभिन्न पर्यटकलाई निश्चित स्थानबाट निश्चित स्थानसम्म लगी निश्चित भाडा लिने गरी यातायात सेवा प्रदान गर्दछ।

यस्तो यातायात सेवा शुरु र अन्त्य हुने समय पूर्व निर्धारित रहेको हुन्छ। तोकिए बमोजिमको समय वा स्थानबाट तोकिए बमोजिमको दुरीसम्म यात्रा गरे वापत पर्यटकले पूर्व निर्धारित सेवा शुल्क भुक्तानी गर्दछ। यस्तो सेवा सार्वजनिक प्रकृतिको हुन्छ। तोकिएको भाडा भुक्तान गरेमा जो सुकै स्वदेशी वा विदेशी पर्यटकले यात्रा गर्न पाउने व्यवस्था रहेको हुन्छ। यस्तो पर्यटकीय यातायात सेवा ऐनको अनुसूची १ को समूह ९ अन्तर्गत पर्ने सार्वजनिक यातायात सेवा अन्तर्गत पर्ने हुँदा यस्तो आपूर्तिमा मूल्य अभिवृद्धि कर छुट हुन्छ।

नेपालभित्र आयात हुने कर लाग्ने वस्तुमा कर लाग्ने विषयमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२३**

कुनै दर्तावाल व्यक्तिले जर्मनीबाट ४०० मेट्रिक टन स्टिल आयात गरेको रहेछ। स्टिल करयोग्य वस्तु भएको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिम नेपालभित्र स्टिल आयात हुँदा भन्सार कार्यालयले कारोबार मूल्यमा सोही ऐनको दफा ७ को उपदफा (१) बमोजिम १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

नेपालबाट विदेशमा निकासी हुने वस्तुमा कर लाग्ने विषयमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२४**

अक्सिडेण्टल एक्जिम प्रा.लि.ले तयारी पोशाक उत्पादन गरी विदेश निकासी गर्ने गरेको रहेछ। करयोग्य वस्तुको निकासी कारोबार पनि करयोग्य कारोबार नै हो। उक्त प्रा.लि. मूल्य अभिवृद्धि करमा दर्ता रहेछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (ग) बमोजिम नेपाल बाहिर तयारी पोशाक निकासी गरेको सो प्रा. लि. को कारोबार करयोग्य हो। यस्तो कारोबारमा शून्य दरले कर लाग्दछ।

अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने सामानहरु बिक्रीमा शून्य दरमा कर लाग्ने विषयमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२५**

| |
|---|
| नेपालको कुनै बासिन्दा व्यक्तिले अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने सामानहरु आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर ऐन (सं.स.), २०५२ को दफा ७ को उपदफा (२) सँग सम्बन्धित अनुसूची २ को खण्ड (ख) र (ग) बमोजिम नेपाल वाहिर गन्तब्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको वा नेपाल वाहिर गन्तब्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको वस्तुमा शून्य दर लाग्ने र अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा रहने भनी माग गरे अनुसारको परिमाणमा मात्र आपूर्तिकर्ताले शून्य दरको बीजक जारी गर्न पाउँदछ। साथै अन्तर्राष्ट्रिय उडान गर्ने कम्पनीले शून्य दरमा आपूर्ति भएको वस्तु उडानमा खपत नगरी नेपाल भित्र वा नेपाल भित्रको अन्य उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ अनुसार वायुसेवा कम्पनीलाई कर निर्धारण गरी असुल उपर गर्नुपर्दछ। |

कर छुटका वस्तु वा सेवा विदेश निकासी गर्दा करारोपण गर्ने सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण २.२६**

| |
|---|
| नेपाल एक्सपोर्ट प्रा.लि. मूल्य अभिवृद्धि करमा दर्ता रहेछ। सो प्रा.लि. ले अन्य सामानको अतिरिक्त विभिन्न प्रकारका चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकलाका सामान पनि उत्पादन गरी विदेश निकासी गर्ने गरेको रहेछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ८(क) बमोजिम चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकलाका सामान कर छुटका वस्तु हुन्। तसर्थ कर छुट वस्तुको निकासी भएकोले सो कारोबारलाई करयोग्य कारोबार नमानी कर छुटको कारोबार मानिन्छ र यस्तो निकासीले करयोग्य वस्तुको निकासी सरह सुविधा प्राप्त गर्न सक्दैन। |

## २.११ काठको कारोबारमा लाग्ने करः

जिल्ला वन कार्यालय मूल्य अभिवृद्धि करमा दर्ता नभए तापनि काठको लिलाम बिक्री गर्दा वा व्यवसायिक प्रयोग गर्ने आदेश जारी गर्दा मूल्य अभिवृद्धि कर संकलन गर्दछ। राष्ट्रिय वनको काठको छोडपूर्जी दिँदा वा चिरान आदेश दिँदा वा लिलाम बिक्री गर्दा वन कार्यालयले त्यस्तो काठको रोयल्टी वा लिलाम रकममा जुन बढी हुन्छ सो रकममा प्रचलित दरले मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। यसै गरी निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए तापनि राष्ट्रिय वनको काठ सरह नै मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। काठको कारोबारको कर लाग्ने मूल्यका सम्बन्धमा देहाय बमोजिमको विशेष व्यवस्था रहेको छ।

**दफा १२कः काठको कारोबारमा कर लाग्ने मूल्यः (१) राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी, वा चिरान आदेश पाएको समयमध्ये जुन पहिले हुन्छ उक्त समयमा त्यस्तो काठको रोयल्टी रकम वा लिलाम रकममा जुन बढी हुन्छ त्यस्तो रकममा कर लगाई असुल उपर गरिनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट गर्नेछः

**उदाहरण २.२७**

| |
|---|
| राष्ट्रिय वनको सालको काठको रोयल्टी मूल्य प्रति क्यू.फीट रु. ६०० तोकिएको रहेछ, वन कार्यालयले लिलाम गर्दा कुनै खरिदकर्ताले प्रति क्यू.फीट रु. ८०० मा सकार गरेको रहेछ भने रु. ८०० कर लाग्ने मूल्य कायम हुन्छ। तर यदि खरिदकर्ताले प्रति क्यू.फीट रु. ५०० मा सकार गरेको भए तापनि मूल्य अभिवृद्धि कर प्रयोजनको लागि रोयल्टी मूल्य रु. ६०० लाई नै आधार मानिन्छ। |

**दफा १२क. (२) निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा रोयल्टी नलाग्ने भए पनि उपदफा (१) मा व्यवस्था भए बमोजिम राष्ट्रिय वनको काठ सरह नै कर लाग्नेछ।**

निजी आवादी, निजी वन वा सामुदायिक वनको काठ व्यापारिक प्रयोजनको लागि बिक्री गर्दा सरकारले रोयल्टी वापत कुनै रकम संकलन नगरे तापनि मूल्य अभिवृद्धि कर संकलन गर्ने प्रयोजनको लागि त्यस्तो काठको लागि सरकारले निर्धारण गरेको रोयल्टी रकम वा सम्बन्धित व्यक्ति वा सामुदायिक वन सम्बद्ध निकायले बिक्री गर्ने मूल्यमध्ये जुन बढी हुन्छ सो मूल्यमा मूल्य अभिवृद्धि कर संकलन गरी दाखिला गर्नुपर्दछ। सामुदायिक वनबाट उत्पादित काठका सम्बन्धमा निम्न उदाहरणले स्पष्ट गर्नेछ।

**उदाहरण २.२८**

| |
|---|
| राष्ट्रिय वनको सालको काठको रोयल्टी मूल्य प्रति क्यू.फीट रु.६०० तोकिएको रहेछ। वन संरक्षण सामुदायिक संस्थाले विकास गरेको वनबाट उत्पादित काठ बिक्री गर्ने गरेको रहेछ। सामुदायिक वनबाट उत्पादित काठ प्रति क्यू.फीट रु.५०० का दरले बिक्री भएको छ। सामुदायिक वनको काठ बिक्री गर्दा रोयल्टी रकम दाखिला गर्न नपरे तापनि राष्ट्रिय वन सरह मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यस्तो अवस्थामा राष्ट्रिय वन सरह कर लाग्ने मूल्य रु.६०० कायम गरी सोको आधारमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यसरी काठ खरिद गर्ने व्यक्तिले वन कार्यालयमा दाखिला गरेको मूल्य अभिवृद्धि कर दफा १७ को उपदफा ५(ख) बमोजिम कट्टी गर्न सक्दछ। |

निजी आवादी, निजी वनबाट उत्पादित काठका सम्बन्धमा निम्न उदाहरणले स्पष्ट गर्नेछः

**उदाहरण २.२९**

| |
|---|
| मानौं राष्ट्रिय वनको सालको काठको रोयल्टी मूल्य प्रति क्यू.फीट रु.६०० तोकिएको रहेछ। श्री रामलखन चौधरीले आफ्नो निजी जग्गामा रहेको सालको रुखहरु कटान गरी बिक्री गर्न लागेका रहेछन्। निजले प्रति क्यू.फीट रु.१००० का दरले काठ बिक्री गर्न लागेका रहेछन्। निजी वनबाट उत्पादित काठ बिक्री गर्दा रोयल्टी नलाग्ने तर राष्ट्रिय वन सरह मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ। निज चौधरीले बिक्री गर्ने सालको काठ खरिद गर्ने व्यक्तिसँग प्रति क्यु. फिट रु.१,००० को आधारमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यसरी काठ खरिद गर्ने व्यक्तिले वन कार्यालयमा दाखिला गरेको मूल्य अभिवृद्धि कर दफा १७ को उपदफा ५(ख) बमोजिम कट्टी गर्न सक्दछ। |

# परिच्छेद ३

# मूल्य अभिवृद्धि कर दर्ता

मूल्य अभिवृद्धि कर प्रणालीमा दर्ताको महत्वपूर्ण स्थान रहेको छ। करयोग्य वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिहरु दर्ता हुनुपर्दछ। दर्ता भएका व्यक्तिले करयोग्य वस्तु वा सेवाको आपूर्ति गर्दा कर संकलन गर्नुपर्दछ। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कुनै व्यक्तिलाई दर्ता गर्दा कारोबार गर्ने व्यक्ति, कारोबारको प्रकृति, कारोबार अंक जस्ता आधारभूत पक्षमा विशेष ध्यान दिनुपर्दछ। दर्ता हुनु पर्ने कर्तब्य भएका व्यक्ति दर्ता नभई करको दायरा बाहिर रहेमा कराधार संकुचित हुने र दर्ता हुन नपर्ने व्यक्ति दर्ता भएमा यसले कर प्रशासनलाई बोझिलो र खर्चिलो बनाउने हुँदा यसतर्फ विशेष सतर्क हुनुपर्दछ। करयोग्य वस्तु वा सेवाको कारोबार गरे तापनि निश्चित अवधिमा निश्चित मात्रामा कारोबार गर्ने व्यक्ति दर्ता हुन नपर्ने गरी कानूनले कारोबार सीमा (Threshold) निर्धारण गर्ने विश्वव्यापी प्रचलन रहेको छ। नेपालले अवलम्बन गरेको मूल्य अभिवृद्धि करमा पनि यस्तो प्रचलनलाई आत्मसात् गरिएको छ। सामान्यतया प्रशासनिक क्षमता, संकलन लागत तथा साना करदातालाई करको औपचारिकताबाट उन्मुक्ति दिनु पर्ने अवस्थालाई विश्लेषण गरी यस्तो कारोबार सीमा निर्धारण गर्ने गरिन्छ।

## ३.१ मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ताः

मूल्य अभिवृद्धि कर ऐनले दर्ता भएका व्यक्तिले आफूले करयोग्य वस्तु वा सेवाको आपूर्ति गर्दा कर लाग्ने मूल्यमा कानुनले तोकेको दर बमोजिम कर संकलन गर्ने कानूनी अधिकार प्रदान गरेको छ भने यसरी संकलन गरेको करलाई राजस्व खातामा जम्मा गर्ने दायित्व पनि तोकेको छ। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि यसरी दर्ता भएका व्यक्तिलाई करदाता भनिन्छ। यस्ता करदाताले करयोग्य वस्तु वा सेवा आपूर्ति गर्दा त्यस्तो वस्तु वा सेवा प्राप्त गर्ने खरिदकर्ताबाट कर संकलन गर्नुपर्दछ। दर्ता भएका व्यक्तिले करयोग्य वस्तु वा सेवाको आपूर्ति गर्दा कर संकलन नगरेको अवस्थामा समेत सो करदाता करको दायित्वबाट मुक्त हुन सक्दैन।

## ३.२ अनिवार्य रुपमा दर्ता गर्नुपर्ने व्यवस्थाः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु वा सेवा बाहेक अन्य सबै वस्तु वा सेवाहरु करयोग्य वस्तु वा सेवा हुन्। करयोग्य वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिलाई करयोग्य व्यक्ति मानिन्छ। प्रशासनिक सहजता र करदाताको कर कानूनको परिपालना गर्ने क्षमतालाई विचार गरी सरकारले निश्चित रकमसम्मको करयोग्य कारोबारलाई दर्ता हुन नपर्ने सीमा (थ्रेसहोल्ड) निर्धारण गरेको हुन्छ। करयोग्य वस्तुको कारोबार वार्षिक रु.५० लाख, करयोग्य सेवाको कारोबार वार्षिक रु.२० लाख र करयोग्य वस्तु तथा सेवाको मिश्रित कारोबार वार्षिक रु.२० लाख भन्दा बढी भएमा त्यस्तो कारोबार गर्ने प्रत्येक व्यक्ति अनिवार्यरुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ। यस्ता व्यक्तिलाई मूल्य अभिवृद्धि करमा दर्ता नगरी कारोबार गर्ने उन्मुक्ति वा सुविधा कानूनले दिएको छैन। यस सम्बन्धमा ऐनको दफा १० मा देहायको व्यवस्था गरेको छः

**दफा १०. दर्ताः (१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।**

(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लेखित कर छुट हुने वस्तु वा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले दर्ता गराउनु पर्ने छैन।

(४) उपदफा (१) वा (२) बमोजिम रीतपूर्वकको "दरखास्त" दिने प्रत्येक व्यक्तिलाई कर अधिकृतले दर्ता गरी तोकिएको ढाँचामा तोकिएको म्याद भित्र दर्ता नम्बर सहितको दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

(५) दर्ता भएको व्यक्तिले दर्ताको प्रमाण पत्र आफ्नो कारोबार संचालन गर्ने प्रमुख स्थानमा सबैले देख्ने गरी राख्नु पर्ने छ र कारोबारको स्थान एकभन्दा बढी भएमा प्रमुख स्थान बाहेक अन्य स्थानमा समेत कर अधिकृतद्वारा प्रमाणित गरेको दर्ताको प्रमाणपत्र सबैले देखिने गरी राख्नु पर्नेछ।

(६) दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार सम्बन्धी सबै कारोबार र तोकिए बमोजिमका अन्य कारोबारको सम्बन्धमा समेत गर्नुपर्नेछ।

(७) उपदफा (१) वा (२) बमोजिम दर्ताको लागि दिएको दरखास्तमा उल्लेखित विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको पन्ध्र दिनभित्र दर्ता भएको व्यक्तिले कर अधिकृतलाई सो कुराको जानकारी दिनु पर्नेछ।

दर्ताको सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

*नियम ७. कारोबार दर्ता गराउनु पर्ने विशेष अवस्थाः (१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यबसायको हकमा बीस लाख रुपैयाँ नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।*

*(२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभै कसैले गरेको कारोबारको रकम वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यबसायको हकमा बीस लाख रुपैयाँ नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।*

*(३) ....................*

*(४) ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नुपर्ने वस्तु वा सेवाको कारोबार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ता गर्नुपर्नेछ।*

*(५) ........................*

*(६) दर्ता हुनुपर्ने व्यक्तिले दर्ता नगरी कारोबार गरेको पाईएमा कर अधिकृतले आधार तथा कारण उल्लेख गरी तीस दिन भित्र दर्ता हुन सम्बन्धित व्यक्तिलाई आदेश दिनु पर्नेछ र त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो अवधिभित्र कारोबार दर्ता गराउनु पर्नेछ।*

ऐन तथा नियमावलीका उपर्युक्त व्यवस्था अनुसार देहाय बमोजिमको अवस्था वा कारोबार रहेका व्यक्तिहरुले आफ्नो कारोबार अनिवार्यरुपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउनु पर्दछः

१. करलाग्ने वस्तुको बार्षिक कारोबार रु.५० लाखभन्दा बढी भएको व्यक्ति,

२. करलाग्ने सेवा प्रदान गर्ने व्यक्ति वा कर लाग्ने वस्तु तथा सेवाको मिश्रित कारोबार गर्ने व्यक्तिको हकमा बार्षिक कारोबार रु.२० लाखभन्दा बढी भएको व्यक्ति,

३. कुनै करयोग्य कारोबारमा संलग्न हुन चाहने व्यक्ति,

४. वार्षिक करयोग्य कारोबार रु.५० लाख (वस्तु तथा सेवा मिश्रित र सेवा कारोबार भएको हकमा रु.२० लाख) नाघ्न सक्ने अवस्था भएको वा कसैको करयोग्य कारोबार रु.५० लाख (वस्तु तथा सेवा मिश्रित कारोबार भएको हकमा रु.२० लाख) नाघन गएमा त्यस्तो व्यक्ति,

५. ऐनको दफा १०क. बमोजिम अस्थायी रुपमा करयोग्य कारोबार गर्ने व्यक्ति वा दफा १०ख. बमोजिमको संयुक्त उपक्रमको माध्यमबाट करयोग्य कारोबार गर्ने व्यक्ति,

६. एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको करयोग्य वस्तु पैठारी गर्ने व्यक्ति

७. विभागले तोकेकोभन्दा बढी मूल्यको करयोग्य वस्तुको मौज्दात भएको व्यक्ति।

कुनै व्यक्तिले कर लाग्ने र कर नलाग्ने दुबै किसिमका वस्तु वा सेवाको कारोबार गरेको छ भने त्यस्तो व्यक्तिको कर लाग्ने वस्तु र सेवाको कारोबार करमा दर्ता हुन नपर्ने गरी तोकिएको कारोबार सीमा (थ्रेसहोल्ड) भन्दा बढी कारोबार भएमा मात्र दर्ता गर्नुपर्दछ।

## ३.३ स्वेच्छिक दर्ताः

विगत बाह्र महिनामा ५० लाख रुपैयाँसम्म करयोग्य वस्तुको कारोबार, बीस लाख रुपैयाँसम्मको सेवाको कारोबार र बीस लाख रुपैयाँसम्मको वस्तु तथा सेवा मिश्रित कारोबार गर्ने साना व्यवसायीले मूल्य अभिवृद्धि कर प्रयोजनकोलागि दर्ता हुन आवश्यक पर्दैन। तर यस्ता साना व्यवसायीहरुले आफ्नो कारोबार स्वेच्छापूर्वक दर्ता गरिदिन आवेदन गरेमा कर अधिकृतले आवश्यक जाँचवुझ गरी प्रक्रिया पुरा गरेका व्यक्तिलाई दर्ता गरिदिन सक्दछ। यस्ता व्यक्तिले आफ्नो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गर्ने वा नगर्ने भन्ने कुरा उसको इच्छामा भर पर्ने भएकोले त्यसरी भएको दर्तालाई स्वेच्छिक दर्ता भनिन्छ।

उदाहरणको लागि इण्टरनेट सेवा मूल्य अभिवृद्धि कर लाग्ने सेवाभित्र पर्दछ। कुनै व्यक्तिले इण्टरनेट सेवा दिए वापतको बार्षिक कारोबार रकम बीस लाख रुपैयाँ भन्दा कम छ भने त्यस्तो व्यक्ति दर्ता हुन आवश्यक छैन। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि यस्तो व्यक्ति साना व्यवसायी हुन्छन्। कुनै पनि साना व्यवसायी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि अनिवार्य रुपमा दर्ता हुनु पर्दैन। यदि स्वेच्छापूर्वक आफ्नो कारोबार दर्ता गरिदिन आवेदन गरेमा कर प्रशासनले आवश्यक जाँचवुझ प्रक्रिया पुरा गरी दर्ता गरि दिन सक्दछ। स्वेच्छिक दर्ता सम्बन्धमा ऐनको दफा ९ ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा ९. सानो कारोबार गर्ने व्यवसायीलाई छुटः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकमसम्मको वार्षिक कर लाग्ने कारोबार गर्ने साना व्यवसायीलाई दर्ता गर्न, विवरण पेश गर्न र अन्य प्रक्रिया पूरा गर्न नपर्ने गरी तोकिए बमोजिम छूट दिन सकिनेछ।**

**तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम पूर्व अनुमानित आय विवरण बुझाउने करदाता बाहेक सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गर्न चाहेमा दफा १०, १०क. र १०ख. बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गराउन सक्नेछ।**

स्वेच्छिक दर्ताको सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

*नियम ६. सानो कारोबार गर्ने व्यवसायीले दर्ता गराउनु नपर्नेः (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रुपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउन पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वस्तुको हकमा पचास लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा बीस लाख रुपैयाँसम्मको मात्र कारोबार भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।*

*तर नेपाल भित्र कर छुटको कारोबार गर्ने व्यक्तिको आफ्नो उपयोगका लागि आफैं पैठारी गर्ने देखि बाहेक अन्य कुनै पनि व्यक्तिले एकपटकमा दश हजार रुपैयाँ भन्दा बढीको करयोग्य वस्तु पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।*

*(१क) कुनै आपूर्तिको खरिद, बिक्री, मौज्दात र गोदाम छुट्टिन नसक्ने भएमा करको प्रयोजनको लागि कर अधिकृतले त्यस्तो आपूर्तिको खरिद, बिक्री र मौज्दातलाई एउटै कारोबार सीमा मानी कर निर्धारण गरी असुल उपर गर्न सक्नेछ।*

*(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सानो कारोबार गर्ने व्यवसायीले स्वेच्छाले आफ्नो कारोबार दर्ता गराउन चाहेमा नियम ३ बमोजिम दरखास्त दिन सक्नेछ। यसरी स्वेच्छाले कारोबार दर्ता गराउन दरखास्त परेमा कर अधिकृतले नियम ४ बमोजिमको जाँचबुझ प्रक्रिया पूरा गरी ऐनको दफा ९ को अधिनमा रही कारोबार दर्ता गरिदिनु पर्नेछ।*

*यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः*

*उदाहरण ३.१*

| |
|---|
| मानौं कुनै स्टेसनरी सामग्री बिक्री गर्ने पसलको वार्षिक कारोबार करिब १५ लाख रहेको छ। उक्त पसल मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारणले सरकारी एवं सार्वजनिक निकायहरुमा कोटेसन वा सिलबन्दी बोलपत्र मार्फत ठूला परिमाणमा स्टेसनरी सामग्री आपूर्ति गर्न सकेको छैन। फुटकर वा पटके रुपमा सानोतिनो परिमाणमा वस्तु आपूर्ति गरेको कारणले कारोबार वृद्धि हुन सकेको छैन। यस्तो अवस्थामा उक्त स्टेसनरी पसलले मूल्य अभिवृद्धि करमा दर्ता गरिदिन आवेदन गरेमा कर प्रशासनले आवश्यक जाँचवुझ प्रक्रिया पुरा गरी दर्ता गरिदिन सक्दछ। उक्त फर्मले आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम पूर्वानुमानित कर बिवरण बुझाउन पाउँदैन। साथै निजको कारोबार विगत १२ महिनाको अवधिमा रु. ५० लाख नपुगेमा कर अधिकृतले निजको मूल्य अभिवृद्धि कर दर्ता खारेज गर्नुपर्दछ । तर निज करदाताले आफ्नो दर्ता कायम राख्न चाहेमा बाह्रौं महिनाको कर विवरणसाथ तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनुपर्दछ। |

### ३.४ अस्थायी दर्ता सम्बन्धी व्यवस्थाः

औद्योगिक, व्यवसायिक, शैक्षिक वा अन्य प्रयोजनका लागि आयोजना गरिने प्रदर्शनी, मेला आदिमा स्वदेशी र विदेशी उद्योगी तथा व्यवसायीको सहभागिता रहेको हुन्छ। त्यस्तो मेला वा प्रदर्शनीमा करयोग्य वस्तु वा

सेवाको कारोबार हुने सम्भावना रहन्छ। त्यस्ता आयोजनामा करयोग्य वस्तु वा सेवाको कारोबार हुने भएमा छोटो अवधिको लागि आयोजना गरिने भए तापनि ती आयोजनामा सहभागी हुने दर्ता नभएका उद्योगी तथा व्यवसायी अल्पकालीन अवधिको लागि मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी अस्थायी दर्ता गर्दा सो प्रदर्शनी वा मेलामा हुने कारोबारको अनुमान गरी मनासिब माफिकको रकम धरौटीको रुपमा कर अधिकृतले माग गर्न सक्ने र यसरी माग गरिएको रकम बुझाउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। यस्तो प्रावधानले स्वदेशी र विदेशी करदाताबीच वा दर्ता भएका र दर्ता नभएका उद्योग वा व्यवसायबीच स्वच्छ र समान व्यवहार कायम गर्न मद्दत गर्दछ। अस्थायी दर्ता सम्बन्धमा ऐनको दफा १०क. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा १०क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार शुरु हुनु भन्दा अगावै आयोजक तथा सो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यवसायी तोकिए बमोजिम मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता हुनु पर्नेछ।**

**(२) उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको ब्यवसायीले सो कार्यक्रममा राख्ने वस्तु स्टक ट्रान्सफर गरी लैजान पाउनेछ।**

**(३) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रर्दशनी, मेला समाप्त भएको सात दिन भित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज गर्नुपर्नेछ।**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियय ७क. ले अस्थायी दर्ता सम्बन्धी देहाय बमोजिमको प्रक्रिया निर्धारण गरेको छः

***नियम ७क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएकाले ऐनको दफा १०क. बमोजिम कारोबार दर्ता गर्न सम्बन्धित आयोजकको सिफारिश सहित कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।***

***(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो कार्यक्रमबाट प्राप्त हुने आयको पूर्वानुमान गरी सो आयको दुई प्रतिशतले हुने रकम सो कार्यालयमा धरौटी राख्नु पर्नेछ।***

***(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा कर अधिकृतले त्यस्तो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी निवेदकलाई दर्ता नम्बर सहितको प्रमाणपत्र दिनु पर्नेछ।***

***(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिन भित्र कर अधिकृत समक्ष मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता भएको अवस्थाको कर चुक्ता प्रमाण पत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।***

अस्थायी दर्ता तथा सोको व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमको कार्यप्रक्रिया अवलम्बन गर्नुपर्दछः

(क) प्रदर्शनी वा मेलाको आयोजक, आयोजनास्थल, आयोजना अवधिको बारेमा लिखित जानकारी प्राप्त गर्ने,

(ख) नियमावलीको अनुसूची १ बमोजिमको दरखास्त पेश गर्ने,

(ग) प्रदर्शनी तथा मेला आयोजक र अस्थायी रुपमा दर्ता हुन चाहने व्यक्तिबीच भएको सम्झौता वा बहाल वा यस्तै अन्य कुनै शुल्क दस्तुर आदिको विवरण पेश गराउने,

(घ मुख्य व्यक्ति वा प्रोप्राइटर वा साझेदारको परिचय खुल्ने कागजात, दुई प्रति फोटो र व्यवसाय भए सोसम्बन्धी अन्य कागजात,

(ङ) कारोबारको प्रकृति तथा अनुमानित कारोबारको आधारमा अनुमानित कर वापत हुने रकम धरौटी दाखिला भएको हुनु पर्ने।

उपर्युक्त बमोजिमको प्रक्रिया पूरा गर्ने व्यक्तिलाई अस्थायी रुपमा दर्ता गरी प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ। यसरी प्रमाणपत्र दिँदा सम्बन्धित व्यक्तिलाई प्रदर्शनी वा मेला समापन भएको मितिले ७ दिनभित्र अनिवार्य रुपमा कर विवरण र सम्पूर्ण कर रकम दाखिला गर्न जानकारी गराउनु पर्दछ। दर्तावाला करदाताले पनि यस्ता प्रदर्शनी वा मेलामा भाग लिन सक्ने हुँदा उक्त करदाताको सम्बन्धमा देहाय बमोजिमको प्रक्रिया अबलम्बन गर्नु पर्दछ:

१. वस्तु स्थानान्तरण गर्नुपूर्व सोको स्टक ट्रान्सफर सम्बन्धी विवरण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने,
२. आयोजना स्थलमा वस्तु वा सेवा आपूर्ति गर्दा प्रयोग गरिने कर बीजक वा संक्षिप्त कर बीजकको शुरु नम्बर र अन्तिम नम्बर खोली पूर्व जानकारी गराउने,
३. आयोजना समापन भएपश्चात् मौज्दात रहेको वस्तुको स्टक ट्रान्सफर विवरण र प्रयोग हुन बाँकी रहेका कर बीजक तथा संक्षिप्त कर बीजकको विवरणको जानकारी प्रदर्शनी वा मेला समाप्त भएको मितिले ७ दिनभित्र दिने।

अस्थायी दर्ता भएका करदाता तथा प्रदर्शनी वा मेलामा सहभागी हुने दर्तावाला करदाताको अभिलेख अद्यावधिक राख्ने जिम्मेवारी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको हुनेछ।

**उदाहरण ३.२**

मानौं सार्कस्तरीय औद्योगिक एवं व्यापारिक मेला आयोजना गरिदैछ। उक्त मेलामा सार्क राष्ट्रका उद्योगी एवं व्यवसायीले सहभागिता जनाउने भएका छन्। मेलामा विभिन्न वस्तु वा सेवाको प्रदर्शनी गरिनेछ र उपभोक्ताले खरिद गर्न चाहेमा प्रदर्शनीमा राखिएका वस्तु वा सेवा बिक्री गरिनेछ। मेला १५ दिनसम्म आयोजना गरिनेछ। नेपालको तर्फबाट मूल्य अभिवृद्धि करमा दर्ता भएका र दर्ता नभएका दुवै किसिमका करदाताको सहभागिता जनाउने तयारी भई रहेको छ।

मेलामा करयोग्य वस्तु वा सेवाको कारोबार हुने भएको हुँदा सहभागी हुने विदेशी उद्योगी तथा व्यवसायी र दर्ता नभएका स्वदेशी उद्योगी तथा व्यवसायी अस्थायी रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। मेलामा प्रदर्शनी गर्ने र बिक्री गर्ने उद्देश्यले विदेशी उद्योगी तथा व्यवसायीहरुले भन्सार कार्यालयमा वस्तु वा सेवाको घोषणा गरी नेपालमा पैठारी गर्नुपर्दछ। धरौटी माग गर्दा स्वदेशी र विदेशी करदाताबीच समान व्यवहार गर्नुपर्दछ।

## ३.५. संयुक्त उपक्रम (Joint Venture) को दर्ता सम्बन्धी व्यबस्थाः

निश्चित कार्य गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी व्यक्तिहरु सम्मिलित भई खडा गरिएको निकायलाई संयुक्त उपक्रम भनिन्छ। मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गर्ने गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका वा विभिन्न

व्यक्ति मिली खडा भएको संयुक्त उपक्रमलाई छुट्टै निकायको रुपमा मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। किनकी संयुक्त उपक्रम संचालन गर्नको लागि संलग्न साझेदारहरु मध्ये कुनै एउटा साझेदारको दर्ता नम्बरलाई संयुक्त उपक्रमले गर्ने कारोबारको लागि प्रयोग गर्न सर्किदैन। यस्तो संयुक्त उपक्रम तोकिएको कार्य समाप्त भए पश्चात् स्वतः विघटन भएको मानिने हुँदा त्यस्तो संयुक्त उपक्रम खडा भएको उद्देश्य अनुरुपको कार्यसम्पादन भएपछि मूल्य अभिवृद्धि करको दर्ता खारेज गर्न सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नुपर्दछ। संयुक्त उपक्रमको अतिरिक्त सो उपक्रममा संलग्न सबै साझेदारहरु सो उपक्रमले बहन गर्नुपर्ने कर दायित्व बहन गर्न व्यक्तिगत वा सामूहिक रुपमा जिम्मेवार हुन्छन्। संयुक्त उपक्रम सम्बन्धमा ऐनको दफा १०ख. मा निम्न बिशेष ब्यवस्था गरिएको छ।

**दफा १०ख. संयुक्त उपक्रमको दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) खडा गरेमा त्यस्ता व्यक्तिहरु दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयको कर अधिकृतसमक्ष त्यस्तो संयुक्त उपक्रम अस्थायी रुपमा दर्ताको लागि निवेदन दिनु पर्नेछ।**

**(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कर अधिकृतले तोकिएको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ।**

**(३) उपदफा (१) बमोजिम दर्ता भएको संयुक्त उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनु पर्नेछ।**

**(४) संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा संलग्न व्यक्ति आफू संलग्न रहेको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) को कर दायित्व भुक्तान गर्ने प्रयोजनका लागि संयुक्त वा छुट्टाछुट्टै रुपमा जिम्मेवार हुनेछन्।**

ऐनको उपरोक्त ब्यवस्था अनुसार कुनै पनि संयुक्त उपक्रमले मूल्य अभिवृद्धि करयोग्य कारोबार गरेमा सो उपक्रम मूल्य अभिवृद्धि कर प्रयोजनका लागि दर्ता हुनुपर्दछ। मूल्य अभिवृद्धि कर प्रयोजनका लागि दर्ता गर्दा संयुक्त उपक्रमका साझेदारहरु मध्ये कुनै एक साझेदार दर्ता रहेको कार्यालयमा गर्नुपर्नेछ। त्यस्तो दर्ता सो उपक्रमले कुनै कार्य गर्न गरेको सम्झौतामा उल्लेख भएको अवधिसम्म कायम रहन्छ। संयुक्त उपक्रमको दर्तालाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ३.३**

भेरी निर्माण सेवा प्रा.लि. र बिराट निर्माण सेवा प्रा.लि. निर्माण सम्बन्धी कार्य गर्ने कम्पनी हुन्। यी दुबै कम्पनीमध्ये भेरी निर्माण सेवा प्रा.लि.आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जमा र बिराट निर्माण सेवा प्रा.लि. आन्तरिक राजस्व कार्यालय, बिराटनगरमा मूल्य अभिवृद्धि करमा दर्ता रहेका छन्। नेपाल दुरसंचार कम्पनीले बुटवलमा भवन निर्माणका लागि बोलपत्र माग गरेकोमा यी दुई निर्माण कम्पनीले संयुक्त रुपमा बोलपत्र पेश गरेका रहेछन् र यी कम्पनीले पेश गरेको बोलपत्र स्वीकृत भएको रहेछ। यस अवस्थामा भेरी निर्माण सेवा प्रा.लि. वा बिराट निर्माण सेवा प्रा.लि. ले संयुक्त उपक्रम खडा गरेको र सो उपक्रमको बोलपत्र स्वीकृत भएको मानिन्छ। त्यसैले भेरी निर्माण सेवा प्रा.लि. वा बिराट निर्माण सेवा प्रा.लि. वा दुवै कम्पनीको दर्ता प्रमाणपत्रबाट स्वीकृत भएको बोलपत्र बमोजिमको निर्माण कार्य गर्न मिल्दैन। यसका लागि यी दुबै कम्पनी सम्मिलित छुट्टै संयुक्त उपक्रम खडा गरी सो कार्य गर्नुपर्दछ। यी कम्पनीले संयुक्त रुपमा प्राप्त गरेको कार्य प्रारम्भ गर्न आफ्नो संयुक्त उपक्रमको छुट्टै दर्ता गराउनु पर्दछ। यसका लागि देहाय बमोजिमको प्रकृया अपनाउनु पर्दछः

- भेरी निर्माण सेवा प्रा.लि. र बिराट निर्माण सेवा प्रा.लि.को संयुक्त उपक्रम खडा गर्ने गरी सम्झौता गर्ने,

- भेरी निर्माण सेवा प्रा.लि. र बिराट निर्माण सेवा प्रा.लि.दर्ता रहेको कार्यालय मध्ये कुनै एक कार्यालयमा नियमावलीको अनुसूची १ बमोजिमको ढाँचाको दर्ताको दरखास्त पेश गर्ने
- दरखास्त साथ संयुक्त उपक्रम खडा गर्न भएको सम्झौता, भेरी निर्माण सेवा प्रा.लि. र बिराट निर्माण सेवा प्रा.लि.को दर्ता प्रमाणपत्र र नेपाल दूरसंचार कम्पनीले बोलपत्र स्वीकृत गरेको प्रमाण संलग्न राख्ने
- कार्यालयबाट मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र प्राप्त गर्ने।

### ३.६ निर्देशात्मक दर्ता (Forced Registration) सम्बन्धी व्यवस्थाः

दर्ता हुनु पर्ने कर्तब्य भएका व्यक्ति दर्ता नभएमा कर प्रशासनले दर्ता गर्न आदेश दिन सक्दछ। यस किसिमको दर्ता व्यवस्थालाई निर्देशात्मक दर्ता (Forced Registration) भनिन्छ। यस्तो आदेश करदाताको लागि बाध्यकारी हुन्छ। यसरी प्राप्त हुने आदेश बमोजिम दर्ता हुनु नपर्ने अवस्था रहेको भए सोको प्रमाण पुऱ्याउनु पर्ने दायित्व सम्बन्धित करदाताको रहन्छ। यस सम्बन्धमा ऐनको दफा ५ख. मा देहाय बमोजिमको कानूनी व्यवस्था गरेको छः

**दफा ५खः दर्ता गर्ने आदेश दिन सक्नेः दर्ता हुनु पर्ने व्यक्तिले दर्ता नगरी कुनै कारोबार गरिरहेको छ भन्ने कुरा कर अधिकृतलाई मनासिब लागेमा त्यस्तो व्यक्तिलाई दर्ता गर्न आदेश दिन सक्नेछ।**

**तर दफा ९ बमोजिम तोकिएको रकमसम्मको मात्र कारोबार गरेको हुँदा दर्ता हुनु नपर्ने भन्ने जिकिर लिने व्यक्तिले दर्ता गर्ने आदेश प्राप्त भएको मितिले तीस दिनभित्र सो कुराको प्रमाण पेश गर्नुपर्नेछ।**

देहायको अवस्था विद्यमान रहेमा त्यस्तो कारोबार दर्ता गर्न आदेश दिनुपर्दछः

(१) दर्ता हुन नपर्ने गरी कानूनले तोकेको कारोबार सीमा (Threshold) भन्दा बढीको करयोग्य कारोबार भए तापनि दर्ता नभई कारोबार गरेको पाइएमा,

(२) विभागले तोकेको सीमाभन्दा बढी मूल्यको करयोग्य वस्तुको मौज्दात भएमा,

दर्ता गर्नुपर्ने कर्तब्य भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेमा कर प्रशासनले अनिवार्य रुपमा दर्ता हुन आदेश दिनुपर्दछ। कर प्रशासनले जारी गरेको आदेश बमोजिम दर्ता हुन नआएको खण्डमा कर प्रशासनले त्यस्ता व्यक्तिलाई दर्ता गरी सोको प्रमाणपत्र तथा करदाताको दायित्व सम्बन्धी जानकारी दिनुपर्दछ। निर्देशात्मक रुपमा गरिएको दर्तालाई अनिवार्य दर्ताको रुपमा मानी करदातालाई मासिक रुपले कर विवरण पेश गर्न आदेश दिनुपर्दछ। दर्ता नभई कारोबार गरे तापनि छानबिन तथा अनुसन्धानको क्रममा दर्ता हुनु पर्ने देखिएको अवस्थामा कारोबार अंकलाई कर सहितको कारोबार मानी करको गणना गरी ऐनको दफा १९ बमोजिम थप दस्तुर, दफा २६ बमोजिम व्याज तथा दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रत्येक पटक रू.२००००/- जरिवाना र दफा २९ को उपदफा (१घ) बमोजिम पचास प्रतिशत जरिवाना सहित कर निर्धारण गर्नुपर्दछ। ऐनको उपर्युक्त व्यवस्था अनुसार अनिवार्य रुपमा दर्ता हुनु पर्ने भनी ऐनले तोकेका व्यक्तिले दर्ता नभई कारोबार गरेको कारणले मात्र यस ऐन बमोजिम तिर्न बुझाउन पर्ने कर दायित्वबाट उन्मुक्ति पाउन सक्दैन। यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.४**

२०७५ साल आश्विनमा नियमित बजार अनुगमन तथा निरीक्षणको सिलसिलामा करयोग्य कारोबार गर्ने एक व्यक्तिले वार्षिक ५० लाख रुपैयाँभन्दा न्युन कारोबार भएको कारण देखाई मूल्य अभिवृद्धि करमा दर्ता नभै कारोबार गरेको पाइयो। उक्त व्यक्तिको कारोबार छानबिन गर्दा २०७४ श्रावणदेखि २०७५ साल असार महिनासम्ममा रु. १ करोड १ लाख मूल्यको करयोग्य कारोबार गरेको पुष्टि भयो। सो व्यक्तिको करयोग्य कारोबार २०७४ फाल्गुण मसान्तमा नै रु.५० लाख नाघेको समेत देखियो।

२०७४ फाल्गुण मसान्तमा करयोग्य कारोबार रु.५० लाख नाघेको सो व्यक्तिले सोको ३० दिनभित्र दर्ताको लागि निवेदन दिनु पर्ने कानूनी व्यवस्था विपरित सो व्यक्तिले निवेदन नदिई कारोबार गरेको हुँदा कर प्रशासनले २०७४ चैत्र १ गतेदेखि २०७५ असारसम्मको कारोबार रु. ५१ लाखलाई कर सहितको कारोबार मूल्य मानी सो मूल्यमा करको अंश गणना गरी जरिवाना सहित कर निर्धारण गर्नुपर्दछ। यसरी कर निर्धारण गरिएको व्यक्तिको करयोग्य कारोबार रु.५० लाखभन्दा बढी भएकोले निजलाई मूल्य अभिवृद्धि करमा दर्ता हुन समेत आदेश दिनुपर्दछ।

## ३.७ मूल्य अभिवृद्धि करमा दर्ता प्रक्रियाः

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मूल्य अभिवृद्धि करमा दर्ता गर्न सम्बन्धित करदाताले देहाय बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छः

*नियम ३ दर्ताको लागि दरखास्त (१): ऐन प्रारम्भ हुँदाका बखत कुनै कारोबारमा संलग्न रहेको व्यक्तिले ऐन प्रारम्भ भएको मितिले नब्बे दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनुपर्नेछ।*

*(२) ऐन प्रारम्भ भएपछि कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अघि सम्बन्धित कर अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दर्ताको लागि दरखास्त दिनु पर्नेछ।*

*(३) उपनियम (१) वा (२) बमोजिम दर्ताको लागि दरखास्त दिने व्यक्ति साझेदार भएमा अनुसूची-१ बमोजिमको ढाँचामा साझेदारीको पूर्ण विवरण समेत दरखास्त साथ संलग्न राखी पेश गर्नुपर्नेछ।*

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा मूल्य अभिवृद्धि करमा दर्ता गर्न सम्बन्धित करदाताले निवेदन दिएमा कार्यालयले त्यस्तो निवेदनउपर छानविन गरी थप कागजात तथा विवरण मांग गर्नुपर्ने भए मांग गरी दर्ता गर्नुपर्ने देखिएमा दर्ता गरी प्रमाणपत्र दिनु पर्ने र दर्ता गर्न नपर्ने देखिएमा सोही व्यहोराको जानकारी दिनु पर्ने व्यवस्था नियमावलीले गरेको छ। नियमावलीको नियम ४ र नियम ५ मा सो सम्बन्धमा देहाय बमोजिम व्यवस्था रहेको छः

*नियम ४ दरखास्तको जाँचबुझः (१) नियम ३ बमोजिम परेको दरखास्तसाथ संलग्न विवरण तथा कागजातहरु जाँचबुझगर्दा आवश्यक देखिएका अन्य थप विवरण तथा कागजातहरु समेत पेश गर्न सम्बन्धित कर अधिकृतले दरखास्तवालासँग माग गर्न सक्नेछ। यसरी मागिएको थप विवरण तथा कागजातहरु माग गरिएको मितिले सात दिनभित्र सम्बन्धित कर अधिकृत समक्ष पेश गर्ने कर्तव्य दरखास्तवालाको हुनेछ।*

*(२) ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता गर्नु नपर्ने कारोबार दर्ता गर्नको लागि कसैको दरखास्त पर्न आएको रहेछ भने सम्बन्धित कर अधिकृतले दर्ता गर्नु नपर्ने व्यहोरा उल्लेख गरी सोको जानकारी दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई दिनु पर्नेछ।*

***नियम ५ दर्ताको प्रमाणपत्र दिनुपर्नेः नियम ३ बमोजिम दर्ताको लागि परेको दरखास्त उपर सम्बन्धित कर अधिकृतले नियम ४ बमोजिम जाँचबुझ गरी दर्ता गर्न उपयुक्त हुने देखेमा दरखास्त परेको मितिले तीस दिनभित्र दरखास्तवालाले गरेको वा गर्न चाहेको कारोबारलाई दर्ता गरी अनुसूची—३ बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ता नम्बर सहितको दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।***

दरखास्त दिँदा सो दरखास्त साथ देहायका कागजातहरु संलग्न गरी पेश गर्नुपर्दछः

(क) पासपोर्ट साइजको फोटोः

- प्रोप्राइटरसिप फर्मको हकमा प्रोप्राइटरको दुई प्रति फोटो,
- साझेदारी एवं संयुक्त उपक्रमको हकमा साझेदारहरुको दुई दुई प्रति फोटो, तर प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड वा अन्य निकायहरुको हकमा फोटो आवश्यक नहुने।

(ख) व्यवसाय दर्ताको प्रमाण पत्र

- उद्योगको हकमा उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा विशेष प्रकृतिको उद्योग व्यवसायको हकमा त्यस्तो उद्योग व्यवसाय दर्ता गर्ने अन्य निकायमा दर्ता भएको प्रमाण,
- कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण,
- व्यापार व्यवसायको हकमा बाणिज्य विभाग वा यस अन्तर्गतका कार्यालयहरुमा दर्ता भएको भए सोको प्रमाण,
- स्थानीय निकायमा दर्ता भएको भए सोको प्रमाण।

(ग) शिक्षक, डाक्टर, वकिल, नर्स, लेखा परीक्षक जस्ता सेवा व्यवसायको हकमा अनुमति दिने निकायले जारी गरेको प्रमाण पत्र।

(घ) निर्माण तथा ठेक्का व्यवसायको हकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय वा स्थानीय तहले जारी गरको अनुमति प्रमाण पत्र

(ङ) नागरिकता प्रमाणपत्रको प्रतिलिपिः

- प्रोप्राइटरसिप फर्म भए सम्बन्धित प्रोप्राइटरको
- प्रा.लि. भए सबै संचालकहरुको
- पब्लिक लिमिटेड कम्पनी भए संचालकको
- साझेदारी तथा संयुक्त उद्यम भए सम्बन्धित सबै साझेदारहरुको
- बिदेशी व्यक्ति भए पासपोर्टको प्रतिलिपि वा सम्बन्धित दूतावासले जारी गरेको परिचयपत्र।

(च) कारोबारस्थल पहिचान गर्न सकिने गरी बनाइएको नक्सा

(छ) घर वहाल सम्झौता वा जग्गा धनी पूर्जा (आफ्नो घरमा भए जग्गा धनी पूर्जा, अर्काको घरमा भए घरधनीसँग गरेको घरबहाल सम्झौतापत्र )

(ज) कम्पनीको हकमा प्रवन्ध पत्र/नियमावली

(झ) कम्पनीको अधिकारनामा (Power of Attorney)

(ञ) संयुक्त उपक्रम (Joint Venture) को हकमा सम्बन्धित पक्षबीचको सम्झौता र साझेदारहरुको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि।

मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने कर्तव्य भएको व्यक्तिले दर्ता हुन आवदेन पेश गरेमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको कर अधिकृतले आवश्यक छानविन गरी दर्ता गर्न उपयुक्त देखिए दर्ता गर्नुपर्दछ। दर्ता गर्दा देहाय बमोजिमको रीत पुगेको हुनु पर्दछः

(क) करयोग्य कारोबारमा संलग्न हुन चाहने व्यक्तिले माथि उल्लिखित कागजातहरु संलग्न राखी नियमावलीको अनुसूची १ बमोजिमको दरखास्त फाराम भरी पेश गरिएको हुनुपर्दछ। साथै उक्त दरखास्त फाराममा मांग गरिएका सबै सूचना तथा विवरणहरु स्पष्ट हुने गरी भरिएको हुनुपर्दछ।

(ख) साझेदारी फर्म दर्ता गर्नु परेमा माथि (क) मा उल्लेख भएको दरखास्त फारामसाथ नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा साझेदार र साझेदारी फर्मको पूर्ण विवरण संलग्न राखिएको हुनुपर्दछ।

(ग) संयुक्त उपक्रम (Joint Venture) व्यवसाय दर्ता गर्न माथि (क) मा उल्लेख भए बमोजिमको दरखास्त फारामसाथ नियमावलीको अनुसूची १ बमोजिमको ढाँचामा सम्बद्ध व्यक्ति वा फर्म वा कम्पनीहरुको पूर्ण विवरण र संयुक्त उपक्रम गर्ने उद्देश्यले सम्पन्न सम्झौताको प्रतिलिपि संलग्न रहेको हुनुपर्दछ।

(घ) दरखास्त फारामसाथ पेश भएका विवरणको अतिरिक्त करदाताको विषयमा थप सूचना, विवरण वा कागजातहरु आवश्यक भएमा ७ दिनको म्याद दिई दरखास्तवालासँग माग गर्नुपर्नेछ। यसरी माग गरिएको विवरण तथा कागजातहरु सो म्यादभित्र पेश गर्ने कर्तव्य दरखास्तवालाको हुनेछ।

(ङ) ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता हुन नपर्ने कारोबार दर्ता गरिदिन कसैले दरखास्त पेश गरेमा सम्बन्धित कर अधिकृतले दर्ता गर्न नपर्ने कारण र आधार खुलाई दरखास्त परेको मितिले ७ दिनभित्र दरखास्तवालालाई जानकारी दिनुपर्नेछ।

### ३.८ दर्ता गर्न नपर्ने कारोबार रकम (थ्रेसहोल्ड):

कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने सबै व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता हुनु आवश्यक छैन। कर लाग्ने वस्तु वा सेवाको कारोबार गरे तापनि वार्षिक निश्चित रकमसम्मको सानो कारोबार गर्ने व्यवसायीलाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुन नपर्ने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ ले गरेको छ। साथै यही व्यवस्थाको कार्यान्वयनको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ले दर्ता हुन नपर्ने कारोबार सीमा (Threshold) निर्धारण गरेको छ। करयोग्य वस्तु वा सेवाको कारोबार भए तापनि निश्चित रकमसम्म कारोबार भएका साना व्यवसायीहरुले मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुन नपर्ने गरी कानूनले तोकेको छ। वार्षिक पचास लाख रुपैयाँसम्मको कर लाग्ने वस्तु वा बीस लाख रुपैयाँसम्मको कर लाग्ने सेवा वा बीस लाख रुपैयाँसम्मको कर लाग्ने वस्तु तथा सेवाको मिश्रित कारोबार गर्ने व्यक्ति मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्दैन। दर्ता हुनु नपर्ने गरी कानून बमोजिम तोकिएको कारोबार सीमा (**Threshold**) सम्म करयोग्य कारोबार भएका कुनै व्यक्तिले स्वेच्छिक रुपमा दर्ता गरिदिन आवेदन गरेमा आवश्यक छानबिन गरी दर्ता गर्नुपर्ने देखिए त्यस्ता व्यक्तिलाई दर्ता गरिदिनुपर्दछ।

## ३.९ दर्ता गर्न नपर्ने कारोवारः

मूल्य अभिवृद्धि करमा दर्ता गर्नको लागि करयोग्य कारोबार हुनुपर्दछ। मूल्य अभिवृद्धि करमा दर्ता भएपछि करयोग्य आपूर्ति गरी कर बीजक जारी गर्नुपर्दछ। तर कर छुट हुने वस्तु वा सेवाको मात्र आपूर्ति गर्ने व्यक्तिले कर बीजक जारी गरी कर संकलन गर्न सक्दैन। तसर्थ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु वा सेवाको मात्र कारोबार गर्ने व्यक्तिलाई दर्ता गर्न पर्दैन। कुनै व्यक्तिले यस्तो कारोबार दर्ता गरिदिन आवेदन दिएमा पनि दर्ता गर्न मिल्दैन। कुनै व्यक्तिले व्यवसायिक प्रयोजनबाहेक निजी उपभोग र प्रयोगको लागि आन्तरिक खरिद गर्नु पर्दा मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्दैन र त्यस्ता व्यक्तिलाई दर्ता गर्न पनि हुंदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० को उपदफा (३) ले यस सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा १० को उपदफा (३): उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ मा उल्लिखित कर छुट हुने वस्तु वा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले दर्ता गराउनु पर्ने छैन।**

मूल्य अभिवृद्धि करमा दर्ता भएको कारणले करको सुविधा वा सहुलियत लिने उद्देश्य राखी कर छुटको कारोबार गर्ने कुनै व्यक्तिले दर्ता गरिदिन आवेदन दिएमा पनि त्यस्तो व्यक्ति दर्तायोग्य नहुने हुँदा नियम ४ को उपनियम (२) अनुसार दर्ता गर्न नपर्ने व्यहोरा जानकारी गराउनु पर्दछ। यदि भूलवस कुनै दर्ता नहुनु पर्ने व्यक्ति दर्ता भएको रहेछ भने अविलम्ब त्यस्तो दर्ता खारेज गरिदिनुपर्दछ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४ को उपनियम (२) मा देहाय बमोजिम व्यवस्था रहेको छः

***नियम ४ को उपनियम (२): ऐनको दफा १० को उपदफा (३) मा उल्लेख भए बमोजिम दर्ता गर्नु नपर्ने कारोबार दर्ता गर्नको लागि कसैको दरखास्त पर्न आएको रहेछ भने सम्बन्धित कर अधिकृतले दर्ता गर्नु नपर्ने व्यहोरा उल्लेख गरी सोको जानकारी दरखास्त परेको मितिले सात दिनभित्र दरखास्तवालालाई दिनु पर्नेछ।***

यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.५**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ कर छुट हुने वस्तु तथा सेवाहरुको सूचीको अन्तर्गत समूह २: आधारभूत आवश्यकताका वस्तुहरु अन्तर्गत भन्सार दरबन्दीको शीर्षक २५.०१ अन्तर्गतको “नुन” मा मूल्य अभिवृद्धि कर लाग्दैन। समूह ५: औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरु अन्तर्गत द्रष्टव्यको (१) मा “स्वास्थ्य सेवा” उल्लेख छ। यसै गरी समूह ६: शिक्षा अन्तर्गत खण्ड (ग) मा “विद्यालय तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवा” उल्लेख भएको छ। साथै समूह ७: किताव अखवार र मुद्रित सामग्रीहरु अन्तर्गत भन्सार दरबन्दीको शीर्षक ४९.०१ अन्तर्गत तोकिएका उपशीर्षकहरुमा उल्लेख भएको “मुद्रित किताबहरु”। समूह ९: यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरु अन्तर्गत “हवाई यात्रा” समेत उल्लेख भएको छ।

ऐनको अनूसूची १ अन्तर्गत समावेश भएका माथि उल्लेख गरिएका वस्तु, जस्तैः नूनको मात्र वा किताबको मात्र कारोबार गर्ने करदाताले मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्ने छैन। स्वास्थ्य सेवा प्रदान गर्ने व्यक्ति वा संस्था र शिक्षण सेवा प्रदान गर्ने विद्यालय तथा विश्वविद्यालयले मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दैन। हवाई यात्रामा मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा यात्रुबाहक हवाईयात्राको सेवा दिने व्यक्ति तथा हवाई टिकटको मात्र कारोबार गर्ने (एजेण्ट वा हवाई टिकट विक्रेता लगायतका) करदाताले मूल्य अभिवृद्धि करमा दर्ता

गर्नुपर्ने छैन।

**३.१० दर्ता भएको करदाताले अनिवार्य रुपमा परिपालना गर्नुपर्ने कानूनी व्यवस्थाहरुः**

दर्ता भएको व्यक्तिले दर्ताको प्रमाणपत्र आफ्नो कारोबार संचालन गर्ने प्रमुख स्थानमा सबैले देख्ने गरी राख्नुपर्दछ र कारोबारको स्थान एकभन्दा बढी भएमा प्रमुख स्थान बाहेक अन्य स्थानमा समेत दर्ता प्रमाणपत्रको प्रतिलिपि सबैले देख्ने गरी राख्नु पर्दछ। दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग मूल्य अभिवृद्धि करसँग सम्बद्ध सबै कारोबार, अन्तःशुल्क, भन्सार एवं तोकिएका अन्य कारोबारमा गर्नुपर्नेछ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले कारोबारको नाम, ठेगाना, जिम्मेवार व्यक्ति वा कारोबारसँग सम्बन्धित कुनै सूचनाहरु परिवर्तन भएमा सोको जानकारी सम्बन्धित कार्यालयलाई दिनु पर्ने करदाताको कर्तव्य हुन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले देहायका व्यवस्थाहरु अनिवार्य रुपमा परिपालना गर्नुपर्नेछः

(क) दरखास्त फाराम तथा सोको साथमा पेश भएका अनुसूचीहरुमा उल्लेख भएका सूचना कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन भएमा वा फोन नम्बर, फ्याक्स नम्बर, इमेल आदिमा कुनै परिवर्तन भएमा त्यसरी परिवर्तन भएको १५ दिनभित्र कर अधिकृतलाई सूचना दिनुपर्नेछ। यस सम्बन्धमा ऐनको दफा १० को उपदफा (७) मा निम्न व्यवस्था रहेको छः

**दफा १० को उपदफा (७): उपदफा (१) वा (२) बमोजिम दर्ताको लागि दिएको दरखास्तमा उल्लिखित विवरणमा कुनै परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको पन्ध्र दिनभित्र दर्ता भएको व्यक्तिले कर अधिकृतलाई सो कुराको जानकारी दिनु पर्नेछ।**

(ख) कारोबारस्थल परिवर्तन हुने भएमा सोको जानकारी कर अधिकृतलाई दिनु पर्ने व्यवस्था छ। यससम्बन्धमा नियमावलीको नियम ९ र १० मा निम्न व्यवस्था गरिएको छः

***नियम ९. स्थान परिवर्तनको सूचना दिनुपर्नेः (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको स्थान परिवर्तन गर्नुपर्ने भएमा त्यस्तो परिवर्तन गर्नु भन्दा पन्ध्र दिन अगावै सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ।***

***(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित कर अधिकृतले परिवर्तन हुने कारोबार स्थान अर्को कर कार्यालयको कार्य क्षेत्रभित्र पर्ने देखेमा सम्बन्धित कार्यालयलाई सो कुराको जानकारी त्यस्तो सूचना पाएको मितिले सात दिनभित्र दिनु पर्नेछ।***

(ग) कारोबारको प्रकृति र उद्देश्य परिवर्तन भएमा त्यस्तो परिवर्तन हुनु अगावै सम्बन्धित कर अधिकृतलाई सूचना दिनु सम्बन्धित करदाताको कर्तब्य हुनेछ। यस सम्बन्धमा नियमावलीको नियम १० मा देहायको व्यवस्था रहेको छः

***नियम १०. कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्न सूचना दिनुपर्नेः (१) कुनै दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको प्रकृति वा उद्देश्य परिवर्तन गर्नुभन्दा पन्ध्र दिन अगावै सम्बन्धित कर अधिकृतलाई सो कुराको सूचना दिनु पर्नेछ।***

*(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गरेपछि सम्बन्धित कर अधिकृतले दर्ता भएको व्यक्तिको कारोबारको प्रकृति वा उद्देश्यलाई परिवर्तन गरी त्यसको जानकारी त्यस्तो दर्ता भएको व्यक्तिलाई दिनुपर्नेछ।*

(घ) यसै गरी व्यवसाय गर्ने प्रत्येक व्यक्तिले आफ्नो कारोबारस्थलमा करपाटी राख्नु पर्दछ। मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले करपाटीको रंग हरियो, दर्ता नभएको तर करयोग्य कारोबार भएको व्यक्तिले पहेलो र कर छुटका वस्तु तथा सेवाको मात्र कारोबार गर्ने व्यक्तिले सेतो रँगको करपाटी राख्नु पर्नेछ। करपाटीको आकार ३० से.मी. लम्वाई र १० से.मी.चौडाईको हुनुपर्नेछ। यसको नमूना अनुसूचीमा राखिएको छ। बिक्रेताले करपाटी राख्नु पर्ने सम्बन्धमा नियम १४क. ले निम्न व्यवस्था गरेको छः

***नियम १४क. करपाटीको व्यवस्थाः करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोबार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ।***

(ङ) दर्ता भएको व्यक्तिले दर्ताको प्रमाणपत्र आफ्नो कारोबारस्थलमा सबैले देख्ने गरी राख्नुपर्नेछ। यदि कारोवास्थल एक भन्दा बढी भएमा दर्ता प्रमाणपत्रको छायाँप्रति शाखा वा प्रशाखाको किटान गरी कर अधिकृतबाट प्रमाणित गरिएको प्रमाणपत्र सबैले देख्ने गरी राख्नुपर्नेछ। यस सम्बन्धमा ऐनको दफा १० को उपदफा (५) मा निम्न व्यवस्था गरिएको छः

**दफा १० को उपदफा (५) दर्ता भएको व्यक्तिले दर्ताको प्रमाण पत्र आफ्नो कारोबार संचालन गर्ने प्रमुख स्थानमा सबैले देख्ने गरी राख्नु पर्ने छ र कारोबारको स्थान एकभन्दा बढी भएमा प्रमुख स्थान बाहेक अन्य स्थानमा समेत कर अधिकृतद्वारा प्रमाणित गरेको दर्ताको प्रमाणपत्र सबैले देखिने गरी राख्नु पर्नेछ।**

(च) दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बर अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, भन्सार लगायत सबै कारोबारमा प्रयोग गरिने कागजातहरुमा प्रयोग गर्नुपर्नेछ। यस सम्बन्धमा ऐनको दफा १० को उपदफा (६) मा निम्न व्यवस्था गरिएको छः

**दफा १० को उपदफा (६) दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार सम्बन्धी सबै कारोबार र तोकिए बमोजिमका अन्य कारोबारको सम्बन्धमा समेत गर्नुपर्नेछ।**

यस सम्बन्धमा नियमावलीको नियम १३ मा निम्न व्यवस्था गरिएको छः

***नियम १३. दर्ता नम्बरको प्रयोगः ऐनको दफा १० को उपदफा (६) मा उल्लिखित कारोबारहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग** आफूले **गर्ने कारोबारसँग सम्बन्धित देहायका कागजातहरुमा समेत गर्नुपर्नेछः-***

*(क) आयकर सम्बन्धी कागजातमा,*

***(ख) बैंक तथा वित्तीय संस्थाहरुमा व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि एक लाख रुपैयाँभन्दा बढी ऋृणको लागि दिइने निवेदन सम्बन्धी कागजातमा,***

*(ग) आयात तथा निर्यात सम्बन्धी कागजातमा।*

(छ) दर्ता भएको व्यक्तिले कुनै माध्यमबाट प्रदर्शन वा घोषणा गरेको कर लाग्ने बस्तु वा सेवाको बिक्री मूल्यमा कर सहितको मूल्य उल्लेख गर्नुपर्दछ। यस सम्बन्धमा नियम १४ख. मा निम्न व्यवस्था गरिएको छः

*नियम १४ख. कर सहितको मूल्य उल्लेख गर्नुपर्नेः दर्ता भएको व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोबारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (टयाग प्राइस, मेनु प्राइस र सेल्फ प्राइस) मा कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ।*

### ३.११ दर्ता हुँदाको अवस्थाको मौज्दातमा तिरेको कर सम्बन्धी व्यवस्थाः

करयोग्य कारोबारमा संलग्न नरहेका व्यक्ति पछि कर लाग्ने कारोबारमा संलग्न भएमा वा स्वेच्छिक रुपमा दर्ता भएमा यस्ता व्यक्ति दर्ता हुन आउँदा उनीहरुसँग कर तिरेको वस्तु मौज्दातमा रहेको हुन सक्दछ। कुनै व्यक्तिसँग दर्ताको समयमा मौज्दातमा रहेको वस्तुको आयात तथा खरिदमा तिरेको कर कट्टी गर्न पाउने गरी विशेष व्यवस्था गरिएको छ। यस्तो सुविधा प्राप्त गर्न दर्ता हुँदाको समयमा आफुसँग रहेको मौज्दातको विवरण दर्ता भएको १५ दिन भित्र नियमावलीको अनुसूची १६ बमोजिमको विवरणसहित मौज्दातमा रहेका वस्तु आयात तथा खरिद गर्दा प्राप्त भएका आयातसँग सम्बन्धित भन्सार प्रज्ञापन पत्र लगायतका कागजात र स्थानीय खरिदका कर बीजकहरु संलग्न गरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्दछ। यस सम्बन्धी बिस्तृत व्यवस्था यसै निर्देशिकाको परिच्छेद ७ मा उल्लेख गरिएको छ।

### ३.१२ ठेक्का वा करार सम्बन्धी व्यवस्थाः

ठेक्का बन्दोबस्त गरी वस्तु वा सेवाको खरिद गर्ने प्रचलन सरकारी निकाय, सार्वजनिक संघ संस्था वा अन्य व्यक्तिमा रहेको पाइन्छ। आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, तथा अन्य विनियमले सरकारी निकाय तथा सार्वजनिक संघ संस्थाले विभिन्न वस्तु वा सेवा खरिद गर्दा विभिन्न प्रकारका ठेक्का बन्दोबस्त गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। मूल्य अभिवृद्धि कर नियमावलीले सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक ५ लाख रुपैयाँभन्दा बढीको ठेक्कापट्टा दिँदा वा परामर्श सेवा लगायतका सेवा प्राप्त गर्दा दर्ता भएका व्यक्तिसँग मात्र गर्नुपर्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले उपर्युक्त निकाय वा व्यक्तिले निर्माण वा अन्य प्रकारको ठेक्का बन्दोबस्त मूल्य अभिवृद्धि करमा दर्ता नरहेको व्यक्तिसँग गर्न सक्दैनन्। साथै मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले सरकारी वा सार्वजनिक निर्माण वा अन्य प्रकारको ठेक्का बन्दोबस्त गरी कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्न नसक्ने हुँदा यस्तो कारोबारमा संलग्न व्यक्तिहरु मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ। यस सम्बन्धमा नियमावलीको नियम ६क. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

*नियम ६क. ठेक्का सम्बन्धी व्यवस्थाः (१) सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई सम्बन्धित ठेकेदारलाई कर भुक्तानी गर्नुपर्नेछ।*

*(२) सरकारी निकाय, सार्वजनिक संघ, संस्था वा दर्ता भएको व्यक्तिले वार्षिक पाँचलाख रुपैयाँभन्दा बढीको ठेक्कापट्टा दिँदा वा परामर्श सेवा लिंदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्नेछ।*

यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.६**

> मानौं नेपाल सरकारले बागमती नदीको धार्मिक, सांस्कृतिक, पर्यावरणीय पक्षको संरक्षण तथा विकास गर्ने उद्देश्यले नदीको दीर्घकालीन सरसफाई लगायत सोको आसपास वृक्षारोपण गर्ने गुरुयोजना तयार गर्दैछ। सो कार्यको लागि रु.१० लाख बजेट बिनियोजन भएको छ। उक्त कार्यको लागि सार्वजनिक सूचना प्रकाशित गरी सक्षम र इच्छुक व्यक्ति वा निकायबाट प्रस्ताव माग गरिएको छ।
>
> गुरुयोजना तयार गर्ने प्राविधिक कार्य कन्सल्टेन्सी सेवा अन्तर्गत पर्ने भएको र उक्त सेवा करयोग्य सेवा हो। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क. बमोजिम नेपाल सरकारले यस्तो सेवा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट मात्र खरिद गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

## ३.१३ कर छुट भएका वस्तु वा सेवा मात्र आपूर्ति गर्ने ठेक्का सम्बन्धी व्यवस्थाः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था रहेको छ। उक्त अनुसूची १ मा उल्लिखित वस्तु वा सेवा बाहेक अन्य वस्तु वा सेवाको आपूर्तिलाई करयोग्य आपूर्ति मानिएको छ। कर छुट हुने वस्तु वा सेवा मात्र आपूर्ति गर्ने गरी कुनै ठेक्का बन्दोबस्त गरिएको छ भने त्यस्तो ठेक्कामा मूल्य अभिवृद्धि कर छुट हुन्छ। करयोग्य र कर छुट हुने वस्तु वा सेवा मिश्रित कुनै ठेक्का बन्दोबस्त गरिँदैछ भने सम्पूर्ण आपूर्तिलाई करयोग्य आपूर्ति मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

## ३.१४ मिश्रित कारोबारको हकमा करलाग्ने मूल्यः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था रहेको छ। उक्त अनुसूची १ मा उल्लिखित वस्तु वा सेवा बाहेक अन्य वस्तु वा सेवाको आपूर्तिलाई करयोग्य आपूर्ति मानिएको छ। कर छुट हुने वस्तु वा सेवा मात्र आपूर्ति गर्ने गरी कुनै ठेक्का बन्दोबस्त गरिएको छ भने त्यस्तो ठेक्कामा मूल्य अभिवृद्धि कर छुट हुन्छ। करयोग्य र कर छुट हुने वस्तु वा सेवा मिश्रित कुनै ठेक्का बन्दोबस्त गरिँदैछ भने सम्पूर्ण आपूर्तिलाई करयोग्य आपूर्ति मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

जस्तैः रासन आपूर्ति गर्ने ठेक्का बन्दोबस्तमा कर लाग्ने र कर छुट हुने दुबै किसिमका वस्तुहरुका अतिरिक्त कर लाग्ने सेवा पनि गाँसिएको हुन्छ। निश्चित गुणस्तर भएका वस्तु निश्चित परिमाणमा निश्चित अवधि र स्थानमा आपूर्ति गर्ने र सोवापत निश्चित रकम भुक्तानी गर्ने र अन्य शर्तहरुको अधीनमा रही ठेक्का बन्दोवस्त गर्ने व्यक्ति वा निकाय र ठेकेदारबीच करार सम्झौता सम्पन्न गरिएको हुन्छ। करार सम्झौताको परिपालना नगर्ने र शर्त भंग गर्ने पक्षले निश्चित हर्जाना वा जरिवाना व्यहोर्ने व्यवस्था रहेको हुन्छ। करार सम्झौताले करारका पक्षहरुलाई अधिकार एवं जिम्मेवारी प्रदान गरेको हुन्छ। करयोग्य र कर छुट हुने वस्तुको मिश्रित आपूर्ति सम्बन्धी ठेक्कामा मूल्य अभिवृद्धि कर लाग्ने हुँदा रासन आपूर्ति पनि करयोग्य कारोबार हो र रासन आपूर्ति गरे वापत भुक्तानी गरिने कुल रकम (प्रतिफल) मा मूल्य अभिवृद्धि कर असुल गरी दाखिला गर्नुपर्दछ।

**३.१५ भवन वा यस्तै संरचना निर्माण सम्बन्धी विशेष व्यवस्थाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह १२ बमोजिम भवन खरिद बिक्री वा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था रहेको छ। यस व्यवस्थाले आवासीय एवं व्यवसायिक भवन, अपार्टमेण्ट, सपिंग कम्प्लेक्स जस्ता संरचनाहरुलाई समेट्दछ। भवन, अपार्टमेण्ट, सपिंग कम्प्लेक्स जस्ता संरचनाहरुको कारोबारमा कर (Output tax) नलाग्ने तर यस्ता वस्तुको निर्माण गर्दा विभिन्न किसिमका मूर्त एवं अमूर्त वस्तु तथा सेवा खरिद गर्दा कर तिरेको (Input tax) हुन सक्दछ। यसरी भवन, अपार्टमेण्ट, सपिङ कम्प्लेक्स जस्ता संरचनाहरुलाई उपभोग गर्न लायक (Usable) बनाउन वा तयारी वस्तु (Output) को रुपमा निर्माण गर्ने समग्र कार्यलाई कर लाग्ने सेवा आपूर्तिको रुपमा बुझिन्छ। यस्तो कर लाग्ने सेवा दर्ता भएको व्यक्तिले आपूर्ति गर्दा कारोबार मूल्यमा मूल्य अभिवृद्धि कर लाग्ने तर सोही सेवा दर्ता नभएको व्यक्तिले आपूर्ति गरेमा मूल्य अभिवृद्धि कर नलाग्ने अवस्था सिर्जना नहोस् र कर लाग्ने आपूर्ति गर्दा सम व्यवहार कायम गर्ने र कर चुहावट रोक्ने उद्देश्यले पश्चगामी करारोपण (Reverse Charging) प्रणालीको कार्यान्वयन गरिएको छ। यस प्रणालीले मूल्य अभिवृद्धि करमा दर्ता भएका वा दर्ता नभएका व्यक्तिले व्यवसायिक प्रयोजनको लागि पचास लाख रुपैयाँभन्दा बढी लागतको भवन, अपार्टमेण्ट, सपिंग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचनाको निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्ने वाध्यात्मक व्यवस्था गरेको छ। यदि यस्तो निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट गराएको भए तापनि यदि उक्त निर्माण सेवा दर्ता भएको व्यक्तिबाट गराएको अवस्थामा जे जति मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ सो बराबरको कर उक्त सम्पत्तिको स्वामित्व रहेको व्यक्ति आफैंले गणना गरी दाखिला गर्नुपर्दछ। यसरी दाखिला गरेको नपाइएमा कर अधिकृतले सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर असुल गर्नुपर्दछ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था गरिएको छः

**दफा ८ को उपदफा (३): व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेण्ट वा सपिगं कम्पलेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ।**

**स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "व्यवसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने एवं त्यस्ता संरचना चालु वा स्थायी सम्पत्तिको रुपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनुपर्दछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ख. मा देहाय बमोजिमको व्यवस्था गरिएको छः

***नियम ६ख. निर्माण सेवा सम्वन्धी विशेष व्यवस्थाः कुनै व्यक्तिले व्यवसायिक प्रयोजनको लागि पचास लाख रुपैयाँभन्दा बढी लागतको भवन, अपार्टमेण्ट, सपिंग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ।***

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (३) को व्यवस्था लागु गर्ने क्रममा निम्न बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्दछः

**(१) ऐनको दफा ८ को उपदफा (३) अन्तर्गत पर्ने संरचनाः**

ऐनको दफा ८ को उपदफा (३) को कार्यान्वयनको प्रयोजनको लागि भवन अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स लगायत सडक, पुल, विद्युत उत्पादन गृह, रंगशाला आदि प्रकृतिका सम्पत्ति, जुन स्थानान्तरण गर्न सकिँदैन त्यस्ता सबै सम्पत्तिलाई समावेश गर्नुपर्दछ। यो निर्देशिका लागु भएपश्चात विभागले उपर्युक्त बाहेक अन्य कुनै संरचना तोकेको अवस्थामा तोकिएका संरचनाको निर्माणका सन्दर्भमा समेत ऐनको दफा ८ को उपदफा (३) को व्यवस्था लागु हुनेछ।

**(२) व्यवसायिक प्रयोजनको अर्थः**

मूल्य अभिवृद्धि कर ऐनको दफा ८ को उपदफा (३) को प्रयोजनको लागि व्यवसायिक प्रयोजन भन्नाले भवन, अपार्टमेण्ट तथा सपिङ्ग कम्प्लेक्स र विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने व्यवसाय गर्ने वा त्यस्तो सम्पत्तिलाई स्थायी सम्पत्तिकोरुपमा लेखाकंन गरी आयआर्जनमा प्रयोग गर्ने कार्यलाई सम्झनु पर्दछ।

**(३) संरचनाको पहिचानः**

ऐनको यस दफा कार्यान्वयनको लागि त्यस्तो संरचना एकै स्थानमा निर्माण भएको हुनुपर्दछ। कुनै व्यक्तिको विभिन्न स्थानमा रहेको व्यापारिक स्थल, शाखा, प्रशाखा वा मुख्य कार्यालयमा अलग अलग निर्माण भएको तर समग्रमा रु.५० लाखभन्दा बढी भएको अवस्थामा यस दफाको प्रयोजनको लागि समावेश नगर्ने। तर आवाश गृह, सडक, पुल जस्ता संरचनालाई अलग अलग स्थानमा निर्माण भएको छ भने पनि यसलाई समावेश गर्नुपर्दछ।

**(४) सम्पत्तिको लागत गणनाः**

ऐनको यस प्रयोजनको लागि सम्पत्तिको मूल्य गणना गर्ने प्रयोजनको लागि त्यस्तो सम्पत्तिको लागत वा पूँजीकृत गरिने मूल्यमा वित्तीय शिरोभार (**Financial Overhead**) बाहेकको सबै निर्माण कार्यसँग प्रत्यक्ष सम्वन्ध रहेको लागतलाई समावेश गर्ने। यस अन्तर्गत नक्शाङ्कन, डिजाइन निर्माण खर्च सुपरीवेक्षण जस्ता खर्च समेत लागत प्रयोजनमा समावेश गर्नुपर्दछ।

**(५) सम्पत्तिमा समावेश हुने खर्च (Components)**:

भवन, अपार्टमेन्ट लगायतका सम्पत्तिहरुको संरचना निर्माण एकै व्यक्ति वा अलग अलग व्यक्तिहरुबाट समेत गराउन सकिन्छ। जस्तैः विद्युतीकरण, सेनिटेशन, रंगरोगन (Painting), आन्तरिक सजावट (Interior Decoration) आदि Component हरुमा भएको सबै खर्चहरुलाई त्यस्तो संरचनाको अभिन्न अगंको रुपमा लिई त्यसमा भएको खर्च समेत समावेश गर्नुपर्दछ।

**(६) सम्पत्तिको कर लाग्ने मूल्य गणनाः**

सम्पत्तिको लागत वा पूँजीकृत हुने मूल्य मध्ये सम्पत्ति निर्माण पूर्व गरिने खर्चहरु जस्तैः नक्शाङ्कन, नक्शा स्वीकृत गर्न लाग्ने खर्च, वित्तीय लागत, तेश्रो पक्षलाई भुक्तानी गरेको सुपरीवेक्षण खर्च आदि समावेश नगरी अन्य सबै खर्चहरुलाई समावेश गर्ने। यस प्रयोजनको लागि निर्माण कार्यमा प्रयोग भएको अन्य मूल्य अभिवृद्धि कर लाग्ने सबै वस्तु तथा सेवाहरु समावेश गर्नुपर्दछ।

**(७) करको गणना र असूलीः**

(क) कुनै व्यक्तिले आफ्नो संरचना निर्माणको लागि निर्माण सामाग्री आंफैले उपलव्ध गराएको एवं सो निर्माण कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिबाट गराएको छ र वस्तु तथा सेवा प्रयोग वापत दाखिला हुनुपर्ने मूल्य अभिवृद्धि कर पुरै प्राप्त भएको छ भने उल्लेखित रकममा कर गणना गर्नुपर्दैन।

(ख) कुनै व्यक्तिले आफ्ना संरचना निर्माणको लागि निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अमानतमा गराएको छ भने त्यसरी निर्माण भएको सम्पत्तिको लागतमा मूल्य अभिवृद्धि कर भुक्तानी भएजति मूल्य घटाई बाँकी रहेको मूल्यमा कर गणना गरी असूल गर्नुपर्दछ।

(ग) यदि कुनै व्यक्तिले निर्माण गर्ने संरचनामा प्रयोग हुने निर्माण सामाग्री आफ्नै उत्पादन वा आंफुसँग भएको मौज्दातबाट प्रयोग गरेको छ। उक्त उत्पादन वा आफूसँग भएको मौज्दातबाट प्रयोग गरेका वस्तुमा मूल्य अभिवृद्धि कर दाखिला गरेको छैन र त्यस्तो संरचनाको निर्माण कार्य आफ्नै कामदार र कर्मचारीबाट गराएको छ भने त्यस संरचनाको वजार मूल्य अनुसार लागत कायम गरी मूल्य अभिवृद्धि कर गणना गरी असूल गर्नुपर्दछ।

**(८) सम्पत्तिको पहिचानको समयावधिः**

ऐनको यस दफाको प्रयोजनको लागि माथि बूँदा नं. २ अनुसार पहिचान भएको सम्पत्ति निर्माणमा जति समय लागे तापनि त्यसलाई समावेश गर्नुपर्दछ। त्यस्तो सम्पत्ति निर्माणको समयावधि आर्थिक वर्ष वा कुनै समय सीमालाई आधार नलिने र पहिचान भएको संरचना जति समयावधिमा निर्माण भए पनि त्यसलाई समावेश गर्नुपर्दछ।

**(९) कर निर्धारण तथा असूलीः**

भौतिक संरचना निर्माण गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति भए त्यस्तो व्यक्तिले संरचना निर्माणको क्रममा वस्तु तथा सेवा प्राप्त गर्ने क्रममा गरेको खर्चलाई आफ्नो कर अवधी अनुसार कर दाखिला गर्ने। जस्तैः मासिक कर विवरण वुझाउने करदाताले वस्तु तथा सेवा प्राप्त गर्दा गरेको खर्च जुन महिनामा भुक्तानी भएको हो सो महिना समाप्त भएको २५ दिनभित्र आंफैले कर निर्धारण गरी कर दाखिला गर्नुपर्दछ। मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले वस्तु तथा सेवा खरिद वा उपयोग मूल्यमा मूल्य अभिवृद्धि कर दाखिला नभएको हदसम्मको रकमको हुने मूल्य अभिवृद्धि कर अर्को महिनाको २५ गते भित्र दाखिला गर्नुपर्दछ।

**(१०) दण्ड सजायः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (३) मा भएको व्यवस्था परिपालन नगर्ने करदातालाई कर अधिकृतले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० अनुसार कर निर्धारण गर्दा उल्लिखित ऐनको दफा २९ को उपदफा (१क) वमोजिम कर बिगोको २५ प्रतिशत जरिवाना गर्नुपर्दछ।

मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिको लागि दफा ८ को उपदफा (३) को व्यवस्था कसरी आकर्षित हन्छ भन्ने विषयमा देहायको उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ३.७**

मानौं एबिसी हाउजिंग कम्पनी प्रा.लि.ले भवन निर्माण गरी बिक्री वितरण गर्ने कार्य गर्दछ। उक्त कम्पनीले रु.१ करोड ७६ लाखको लागतमा तीन तले भवन निर्माण गरेको छ। उक्त कम्पनीको वित्तीय विवरण अध्ययन गर्दा पूँजीकृत गरिएको मूल्यमा देहाय बमोजिमका शीर्षकमा देहाय बमोजिमको खर्च समावेश रहेको देखियोः

क) भवन निर्माणको लागि ५ आना जग्गा खरिद गर्दा लागेको मूल्य रु.५०,००,००० र उक्त जग्गाको स्तरोन्नतिको लागि लागेको खर्च रु.१,००,०००

ख) भवनको ड्रईङ्ग डिजाइनको लागि आर्किटेक्ट इन्जिनियरलाई भुक्तानी दिएको रकम रु.१,००,०००

ग) नक्शा स्वीकृत लगायत भवन निर्माण इजाजत दस्तुर वापत नगरपालिकालाई भुक्तानी गरेको रकम रु. १,००,०००

घ) भवनको विद्युतीकरणको लागि इलेक्ट्रिकल इन्जिनियरलाई भुक्तानी दिएको रकम रु.१,००,०००

ङ.) भवनको सेनिटरी सम्बन्धी सम्पूर्ण ड्रईङ्ग डिजाइनको लागि इन्जिनियरलाई भुक्तानी दिएको रकम रु. १,००,०००

च) स्वीकृत नक्शा बमोजिमको भवन निर्माण गर्दा लाग्ने इटा, वालुवा, ढुंगा, फलामे छड, सिमेण्ट तथा अन्य फुटकर भौतिक सामाग्रीहरुको लागत रु.५०,००,०००

छ) भवन निर्माण सम्बन्धी ज्याला रु.२०,००,०००

ज) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी भौतिक सामाग्रीको लागत रु.१०,००,०००

झ) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी कार्यको लागि ज्याला खर्च रु.५,००,०००

ञ) भवन निर्माण, इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी कार्यको सुपरिवेक्षण तथा निरीक्षण गर्ने कार्य कम्पनीका कर्मचारीको रुपमा कार्यरत सिभिल इन्जिनियरलाई जिम्मेवार बनाईएको छ। उक्त इन्जिनियरको तलब भत्ता वापत रु.६,००,००० खर्च भएको छ।

ट) भवनको ढोका, झ्याल जस्ता काष्ठजन्य सामग्री खरिद तथा निर्माण खर्च रु.१५,००,०००

ठ) अन्य ओभरहेड खर्च रु.५,००,०००

ड) विद्युत, खानेपानी तथा टेलिफोन लाईन जोड्ने कार्यको लागि सम्बन्धित निकायमा दाखिला गरेको दस्तुर तथा शुल्क वापतको रकम रु.१,००,०००

ढ) भवनको रंगरोगन, फर्निचर, फिक्चर्स र फ्लोरिङ्गको लागि लागेको खर्च रु.९,००,०००

ऐनको दफा ८ को उपदफा (३) ले गरेको व्यवस्था कार्यान्वयन गरी कर दाखिला गर्ने प्रयोजनको लागि देहाय बमोजिम गर्नेः

१. करलाग्ने मूल्यमा देहाय बमोजिमका रकम रू.५३,००,००० समावेश गर्न नपर्नेः

क) भवन निर्माणको लागि ५ आना जग्गा खरिद गर्दा लागेको मूल्य रु.५०,००,००० र उक्त जग्गाको स्तरोन्नतिको लागि लागेको खर्च रु.१,००,०००

ख) नक्शा स्वीकृत लगायत भवन निर्माण इजाजत दस्तुर वापत नगरपालिकालाई भुक्तानी गरेको रकम रु.१,००,०००

ग) विद्युत, खानेपानी तथा टेलिफोन लाईन जोड्ने कार्यको लागि सम्बन्धित निकायमा दाखिला गरेको दस्तुर तथा शुल्क वापतको रकम रु.१,००,०००

२. करलाग्ने मूल्य देहाय बमोजिम निर्धारण गर्नेः

क) भवनको ड्रईङ्ग डिजाइनको लागि आर्किटेक्ट इन्जिनियरलाई भुक्तानी दिएको रकम रु.१,००,०००

ख) इलेक्ट्रिकल इन्जिनियरलाई भुक्तानी दिएको रकम......................... रु.१,००,०००

ग) सेनिटरी सम्बन्धी इन्जिनियरिङ्ग सेवा शुल्क ............................... रु.१,००,०००

घ) निर्माण सामग्रीहरुको लागत ................................................. रु.५०,००,०००

ङ) भवन निर्माण सम्बन्धी ज्याला ............................................ रु.२०,००,०००

च) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी सामग्रीको लागत................ रु.१०,००,०००

छ) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी ज्याला खर्च .................... रु.५,००,०००

ज) सिभिल इन्जिनियरको तलब भत्ता वापत................................ रु.६,००,०००

झ) ढोका, झ्याल जस्ता काठ खरिद तथा निर्माण खर्च .................... रु.१५,००,०००

ञ) अन्य ओभरहेड खर्च .......................................................... रु.५,००,०००

ट) भवनको रंगरोगन, फर्निचर, फिक्चर्स र फ्लोरिङ्ग खर्च .................. रु.९,००,०००

**कर लाग्ने कारोबार मूल्य ...................................................... रु.१,२३,००,०००**

३. उपर्युक्त बमोजिमको कर लाग्ने मूल्यको १३ प्रतिशतले हुने रु.१५,९९,००० मूल्य अभिवृद्धि कर दाखिला गर्ने।

मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिको लागि दफा ८ को उपदफा (३) को व्यवस्था कसरी आकर्षित हन्छ भन्ने विषयमा देहायको उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ३.८**

मानौं कखग होटल प्रा.लि.ले हालको भवनमा अझ एक तला भवन थप निर्माण गरेको छ। उक्त होटल मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता रहेको छ। थप एक तला भवन निर्माण गर्दा उक्त प्रा.लि.ले सबै इन्जिनियरिङ्ग सम्बन्धी कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्ममार्फत गराएको, निर्माण सामग्री आफैं खरिद गरेको र भवन निर्माण सम्बन्धी कार्य मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिमार्फत गराएको पाइयो। उक्त प्रा.लि.को वित्तीय विवरण अध्ययन गर्दा देहाय बमोजिमका शीर्षकमा देहाय बमोजिमको खर्च समावेश रहेको देखियोः

क) भवनको ड्रइङ्ग डिजाइन, विद्युतीकरण, सेनिटरी सम्बन्धी सम्पूर्ण इन्जिनियरिङ्ग सेवा वापत भुक्तानी दिएको रकम रु.५,६५,००० (मूल्य अभिवृद्धि कर रु.६५,००० समेत)

ख) नक्शा स्वीकृत लगायत भवन निर्माण इजाजत दस्तुर वापत नगरपालिकालाई भुक्तानी गरेको रकम रु.१,००,०००

ग) स्वीकृत नक्शा बमोजिमको भवन निर्माण गर्दा लाग्ने इटा, वालुवा, ढुंगा, फलामे छड, सिमेण्ट तथा अन्य फुटकर भौतिक सामाग्रीहरुको लागत रु.५०,००,००० (मूल्य अभिवृद्धि कर रु.२,६०,००० समेत)

घ) भवन निर्माण सम्बन्धी ज्याला रु.१०,००,०००

ङ) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी भौतिक सामाग्रीको लागत रु.११,३०,००० (मूल्य अभिवृद्धि

कर रु.१,३०,००० समेत)

च) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी कार्यको लागि ज्याला खर्च रु.२,००,०००

छ) भवनको रंगरोगन, फर्निचर, फिक्चर्स र फ्लोरिंगको लागि लागेको खर्च रु.२२,६०,००० (मूल्य अभिवृद्धि कर रु.२,६०,००० समेत)

ऐनको दफा ८ को उपदफा (३) ले गरेको व्यवस्था कार्यान्वयन गरी कर दाखिला गर्ने प्रयोजनको लागि देहाय बमोजिम गर्ने:

१. करलाग्ने मूल्य देहाय बमोजिम निर्धारण गर्ने:

क) ड्रइङ्ग डिजाइन, विद्युतीकरण, सेनिटरी इन्जिनियरिङ्ग सेवा शुल्क ..........रु.५,००,०००

ख) निर्माण सामग्रीहरुको लागत ...............................................रु.४७,४०,०००

ग) भवन निर्माण सम्बन्धी ज्याला ........................................ .....रु.१०,००,०००

घ) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी सामाग्रीको लागत ..............रु.१०,००,०००

ङ) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी ज्याला खर्च ........................रु.२,००,०००

च) रंगरोगन, फर्निचर, फिक्चर्स र फ्लोरिंगको लागि लागेको खर्च ........रु.२०,००,०००

**कर लाग्ने कारोबार मूल्य ..............................................रु. ९४,४०,०००**

३. उपर्युक्त बमोजिमको कर लाग्ने मूल्यको १३ प्रतिशतले हुने रु.१२,२७,२०० मूल्य अभिवृद्धि कर दाखिला गर्ने।

४. देहाय बमोजिमको वस्तु वा सेवा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रु.७,१५,००० ऐनको दफा १७ को उपदफा (१) बमोजिम सम्बन्धित कर अवधिमा नियमित रुपमा कर कट्टी दावी गर्ने:

क) भवनको ड्रइङ्ग डिजाइन, विद्युतीकरण, सेनिटरी सम्बन्धी सम्पूर्ण इन्जिनियरिङ्ग सेवा खरिद गर्दा तिरेको कर रु.६५,०००

ख) स्वीकृत नक्शा बमोजिमको भवन निर्माण गर्दा लाग्ने इटा, फलामे छड, सिमेण्ट तथा अन्य फुटकर भौतिक सामाग्रीहरु खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर रु। २,६०,०००

ग) इलेक्ट्रिफिकेसन तथा सेनिटरी सम्बन्धी सामग्री खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर रु.१,३०,०००

घ) भवनको रंगरोगन, फर्निचर, फिक्चर्स र फ्लोरिङ्ग खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर रु.२,६०,०००

५. माथिको उदाहरणमा दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर देहाय अनुसार हुन्छः

| क्र.सं. | विवरण | रकम रु. | मूल्य अभिवृद्धि कर रु. |
|---|---|---|---|
| क | करलाग्ने मूल्य | ९४,४०,००० | १२,२७,२०० |
| ख | खरिदमा तिरेको मूल्य अभिवृद्धि कर | | ७,१५,००० |
| ग | दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर (क-ख) | | ५,१२,२०० |

## ३.१६ दर्ता खारेजीः

दर्ता भई करयोग्य कारोबारमा संलग्न रहेको व्यक्तिले त्यस्तो कारोबारलाई निरन्तरता नदिन सक्दछ। यसै अवस्थालाई दृष्टिगत गरी ऐनले केही निश्चित अवस्थामा दर्ता भएका व्यक्तिले दर्ता खारेज गर्ने प्रक्रिया शुरु गर्न सक्ने वा कर प्रशासनले दर्ता खारेज गर्नुपर्ने व्यवस्था गरेको छ। दर्ता खारेजीको लागि आवेदन गर्ने व्यक्तिले तोकिएको प्रक्रिया पुरा गरी सो दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले ३० दिनभित्र दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची ११ वमोजिमको कर विवरण तथा वुझाउनु पर्ने कर रकम वुझाएको प्रमाण (बैंक भौचर) समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनुपर्दछ।

यसरी दर्ता खारेजीको दरखास्त पेश भइसकेपछि निजको सो अवधिसम्मको कारोबारको कर परीक्षण गरी सोबाट कायम भएको तथा त्यस अगाडि नै सरकारलाई तिर्न वुझाउन बाँकी कुनै कर बक्यौता भए सो समेत चुक्ता गरिसकेपछि दर्ता खारेजीको प्रक्रिया अगाडि वढाइन्छ। यसरी दर्ता खारेजी गर्दा दर्ता कायम रहेका वखत करदाताले तिर्न वुझाउन पर्ने करको सम्पूर्ण रकम चुक्ता गरेको हुनुपर्दछ। साथै दर्ता खारेज हुने मितिमा मौज्दातमा रहेका कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सम्पत्तिहरु भए सो पनि प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर दाखिला गर्नुपर्दछ।

### ३.१६.१ दर्ता खारेजी गर्नुपर्ने अवस्थाः

ऐनले तोकेको अवस्थामा दर्ता भएको व्यक्तिको कारोबारको कर अधिकृतले दर्ता खारेजी गर्नुपर्ने व्यवस्था छ। के कस्तो अवस्थामा दर्ता खारेजी गर्नुपर्ने हो सो सम्बन्धमा ऐनको दफा १०क., दफा १०ख. र दफा ११ मा उल्लेख गरिएको छ।

मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता भएका करदाताको दर्ता खारेजी गर्नुपर्ने अवस्थाका सम्बन्धमा ऐनको दफा १०क. को उपदफा (३) मा देहाय वमोजिमको व्यवस्था रहेको छः

**दफा १०क. को उपदफा (३): उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रदर्शनी, मेला समाप्त भएको सात दिनभित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज गर्नुपर्नेछ।**

त्यस्तै मूल्य अभिवृद्धि करमा दर्ता भएका संयुक्त उपक्रमको दर्ता खारेजी गर्नुपर्ने अवस्थाका सम्बन्धमा ऐनको दफा १०ख. को उपदफा (३) मा देहाय वमोजिमको व्यवस्था रहेको छः

**दफा १०ख. को उपदफा (३): उपदफा (१) बमोजिम दर्ता भएको संयुक्त उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनु पर्नेछ।**

यसैगरी मूल्य अभिवृद्धि करमा अस्थायी रुपमा दर्ता भएका करदाता र संयुक्त उपक्रम बाहेक अन्य (मूल्य अभिवृद्धि करमा स्थायी रुपमा दर्ता भएका) करदाताको दर्ता खारेजी गर्नुपर्ने अवस्थाका सम्बन्धमा ऐनको दफा ११ को उपदफा (१) मा देहाय वमोजिमको व्यवस्था रहेको छः

**११. दर्ता खारेजीः (१) कर अधिकृतले देहायको कुनै अवस्थामा दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नुपर्नेछः-**

**(क) संगठित संस्था भए त्यस्तो संगठित संस्था वन्द, बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो संगठित संस्थाको अस्तित्व कायम नरहेमाः**

यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.९**

| |
|---|
| चाउचाउ बिक्री वितरण गर्ने रञ्जन कम्पनीले आफ्नो कारोबार बन्द गरी कम्पनीको दर्ता खारेज गरेको रहेछ। कम्पनी खारेजी पछि सो कम्पनीको अस्तित्व नै समाप्त हुने भएकोले मूल्य अभिवृद्धि करमा पनि दर्ता खारेजीको लागि निवेदन दिएको अवस्थामा छानवीन गरी त्यसको दर्ता खारेजी गर्नुपर्दछ। तर सो कम्पनीले गरिरहेको चाउचाउको कारोबार छाडी सोको ठाउँमा चियाको कारोबार गरेमा भने दर्ता खारेजी गर्नुपर्दैन। |

**(ख) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमाः**

व्यक्तिगत स्वामित्वमा दर्ता भई संचालित कारोबारको हकमा मालिकको मृत्यु भएमा निजको दर्ता खारेज गर्नुपर्दछ। सो कारोबारको संचालन मृतकको हकवालाले गर्न चाहेमा पछिल्लो मालिकको नाउबाट नयाँ दर्ता गर्नुपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

*उदाहरण ३.१०*

| |
|---|
| मानौं बाबुको मृत्यु भई निजले गरिरहेको कारोबार निजको छोराको नाममा नामसारी भई आएको अवस्थामा सो कारोबार बाबुको नामबाट छोराको नाममा हस्तान्तरण भएको मानिन्छ। यस अवस्थामा बाबुको नाममा रहेको कारोबारको दर्ता खारेज गरी छोराको नाममा नयाँ कारोबारको रुपमा उक्त कारोबार छुट्टै दर्ता गर्नुपर्दछ। तर छोराको नाममा पहिले नै कुनै कारोबार मूल्य अभिवृद्धि करमा दर्ता रहेको भएमा सो कारोबारलाई नयाँ दर्ता नगरी साबिकको कारोबारको दर्ता नम्बरमा नै कारोबार थप गर्नुपर्दछ। प्राकृतिक व्यक्तिको मृत्यु सँगै निजको कानूनी अस्तित्व समाप्त हुने भएकोले यस्तो प्रावधान गरिएको हो। |

**(ग) साझेदारी संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा वा साझेदारको मृत्यु भएमाः**

साझेदारी फर्ममा साझेदारको निर्णय बमोजिम दर्ता खारेज गर्ने प्रक्रिया शुरु हुन्छ। साझेदारी सम्झौता पूर्णतयाः खारेज गरी फर्म विघटन भएमा वा साझेदारको मृत्यु भएमा त्यस्तो साझेदारी फर्मको अन्त्य भएको मानी सो साझेदारीको दर्ता खारेज गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ। यसैगरी एकल स्वामित्वमा भएको फर्मलाई साझेदारीमा रुपान्तरण भएमा वा साझेदारी फर्म एकल स्वामित्वको फर्मको रुपमा रुपान्तरण भएको अवस्थामा साविकको स्थायी लेखा नम्बर खारेज गरी नयाँ स्थायी लेखा नम्बर लिनु पर्दछ।

**(घ) दर्ता भएको व्यक्तिले कर लाग्ने कारोबार गर्न छाडेमाः**

करलाग्ने वस्तुको कारोबार गरिरहेको व्यक्तिले करयोग्य वस्तुको कारोबार गर्न छाडेमा वा कर छुटका वस्तुको मात्र कारोबार गर्न थालेमा निजको दर्ता खारेज गर्नुपर्दछ।

**(ङ) लगातार बाह्र महिनासम्म शून्य विवरण दिने वा विवरण नै नदिई वसेका करदाता भएमाः**

करयोग्य कारोबार नगर्ने दर्तावाला करदाताको दर्ता कायम राखि राख्नुको औचित्य छैन। त्यस्तै करदाताको हकमा समेत करको औपचारिकता पूरा गर्नु र त्यस प्रयोजनको लागि अनावश्यक लागत व्यहोर्नु पर्ने अवस्था रहनु उचित होइन। त्यसैले दर्ता भएका तर कारोबार नगर्ने करदातालाई निश्चित समयपछि अनिवार्यरुपमा दर्ता

खारेजी गरिदिनु उचित हुन्छ। त्यसैले लगातार एक वर्षसम्म शून्य विवरण दिने वा विवरण नै नदिई वसेका करदाताको कारोबार नभएको मानी खारेज गर्नुपर्ने व्यवस्था गरिएको छ।

**(च) बिगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोबार नपुगेको करदाता भएमाः**

दर्ता भएको कुनै व्यक्तिको बिगत बाह्र महिनामा वस्तुको कारोबारको हकमा पचास लाख रुपैयाँभन्दा कम र वस्तु तथा सेवा मिश्रित कारोबार एवं सेवा कारोबारको हकमा बीस लाख रुपैयाँभन्दा कमको कारोबार भएमा त्यस्तो करदाताको दर्ता खारेज गर्नुपर्दछ। तर तोकिएको सीमाभन्दा कम कारोबार हुने करदाताले आफ्नो दर्ता कायमै राख्न चाहेमा सो प्रयोजनका लागि निवेदन दिनु पर्ने र त्यसरी निवेदन दिने करदाताको भने कारोबारको सीमा कम भए पनि दर्ता कायम रहने अर्थात दर्ता खारेज नहुने व्यबस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा ११ को उपदफा (२) मा निम्न व्यबस्था रहेको छः

**दफा ११ को उपदफा (२): उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९ बमोजिम स्वेच्छिक रुपमा दर्ता भएका करदाताले आफ्नो दर्ता कायमै राख्न चाहेमा विगत बाह्र महिनाको अन्तिम विवरण साथ तोकिएको ढाँचामा दरखास्त दिएमा त्यस्ता करदाताको दर्ता कायमै रहनेछ।**

तोकिएको सीमाभन्दा कम कारोबार रहेको तर दर्ता कायम राख्न चाहने करदाताले बाह्रौं महिनाको विवरण पेश गर्दा सो विवरणसँगै तोकिएको ढाँचाको निवेदन समेत पेश गर्नुपर्दछ। त्यस्तो निवेदन पेश हुन नआएमा कर अधिकृतले ऐन तथा नियमानुसार यस्तो करदाताको दर्ता खारेज गर्नुपर्दछ।

**(छ) भूलवश दर्ता भएकोमा**

करयोग्य कारोबार नगर्ने वा करछुट हुने वस्तु वा सेवाको मात्र कारोबार गर्ने करदाता भूलवस दर्ता भएमा त्यस्ता करदाताले दर्ता खारेजीको लागि निवदेन दिएमा वा अन्य कुनै माध्यमबाट कर अधिकृतलाई सो कुराको जानकारी प्राप्त भएमा कर अधिकृतले सोको दर्ता खारेजी गर्नुपर्दछ।

**उदाहरण ३.११**

मानौ, घर जग्गाको खरिद बिक्रीको कारोबार गर्ने एविसि डेभलपर्स कम्पनीले आन्तरिक राजस्व कार्यालय, ठमेलमा मुल्य अभिवृद्धि करमा दर्ताको लागि निवेदन दिएको रहेछ। कार्यालयको कर अधिकृतले पनि भुलवस दर्ता गरी प्रमाणपत्र प्रदान गरेको रहेछ। करदाताले दर्ता भएपछि मुल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिम घर जग्गाको खरिद बिक्री कारोबार कर छुट हुने वस्तु तथा सेवाहरु अन्तर्गत पर्ने थाहा पाई भुलवस दर्ता भएको भनी दर्ता खारेजीको लागि निवेदन दिएमा वा कर अधिकृतलाई कर छुटको सूचीमा परेको कारोबार भुलवस दर्ता गरेको भनी जानकारी प्राप्त भएमा कर अधिकृतले सोको दर्ता खारेजी गर्नुपर्दछ।

### ३.१६.२ स्थायी दर्ता भएका करदाताको दर्ता खारेजी प्रकृयाः

#### ३.१६.२.१ सामान्य अवस्थामा दर्ता खारेजीको प्रकृयाः

मूल्य अभिवृद्धि कर ऐनको दफा १० बमोजिम स्थायी रुपमा दर्ता भएका करदाताको दर्ता खारेज गर्नुपर्ने भएमा त्यस्ता करदाताको दर्ता खारेजी गर्ने प्रकृया ऐन र नियमावलीमा व्यबस्थित गरिएको छ। दर्ता खारेजीका सम्बन्धमा ऐनको दफा ११ को उपदफा (३) मा निम्न व्यवस्था रहेको छः

**दफा ११ को उपदफा (३): दर्ता खारेजीको लागि कर विवरण पेश भएको पन्ध्र दिनभित्र करदाताले कर परीक्षणको लागि कागजात पेश गर्नुपर्नेछ र कर अधिकृतले त्यस्ता करदाताको कर परीक्षण गरी तीन महिनाभित्र दर्ता खारेज गरी वा दर्ता खारेज नहुने भए त्यसको जानकारी करदातालाई दिनु पर्नेछ। उक्त अवधिभित्र कर अधिकृतले दर्ता खारेज नगरेमा वा दर्ता खारेज हुने भनी निर्णय नगरेमा त्यस्तो अवधिपछिको कर विवरण करदाताले पेश गर्नुपर्ने छैन।**

त्यस्तै नियमावलीको नियम १२ मा दर्ता खारेजी प्रकृयाका सम्बन्धमा निम्न व्यबस्था रहेको छः

***नियम १२.दर्ता खारेजी प्रक्रियाः (१) ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्थाको कारणबाट कुनै दर्ता भएको व्यक्तिको दर्ता खारेज हुने भएमा त्यस्तो दर्ता भएको व्यक्ति वा निज नरहेको अवस्थामा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि दर्ता खारेज हुने अवस्था खुलाई अनुसूची-११ बमोजिमको कर विवरण तथा बुझाउनु पर्ने कर रकम समेत संलग्न राखी सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिएमा वा दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था विद्यमान रही दर्ता भएको व्यक्तिको दर्ता खारेज गर्नुपर्ने कुरामा सम्बन्धित कर अधिकृत विश्वस्त भएमा बाँकी कर रकम बुझाउन लगाई त्यस्तो व्यक्तिको दर्ता खारेज गरी सो कुराको जानकारी सम्बन्धित दर्ता भएको व्यक्ति वा निजको हकवाला र विभागलाई दिनु पर्नेछ।***

***(२) उपनियम (१) बमोजिम दर्ता खारेजीको लागि दरखास्त दिएपछि दर्ता खारेजीको जानकारी नभएसम्म वा ३ महिनासम्म कर विवरण पेश गर्नुपर्नेछ।***

***(३) दर्ता खारेजीको दरखास्त परेको मितिले ३ महिनाभित्र दर्ता खारेज भएको वा नहुने भए सो विषयको जानकारी दिनु सम्बन्धित कर अधिकृतको कर्तव्य हुनेछ।***

ऐन र नियमावलीका उपरोक्त व्यवस्थाहरु अनुसार दर्ता खारेजीका सन्दर्भमा दर्ता खारेज हुने करदाताले देहाय बमोजिम गर्नु पर्दछः

(क) दर्ता खारेज हुने करदाता वा निजको हकवालाले दर्ता खारेज हुने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र दर्ता खारेज गर्नको लागि नियमावलीको अनुसूची-११ बमोजिमको कर विवरण पेश गर्नुपर्दछ।

(ख) अनुसूची-११ बमोजिमको कर विवरण बुझाएको करदाताले सो विवरण देहाय बमोजिम पेश गर्नु पर्दछः

- मौज्दातमा रहेका करयोग्य बस्तुको १३ प्रतिशतले हुने रकम सो विवरणको अन्य थपघटको डेबिटतर्फ समावेश गर्ने,
- पहिले पुँजीगत बस्तुमा क्रेडिट दावी गरेको भए सो बस्तु हालको बजार मूल्यको १३ प्रतिशतले हुने रकम सो विवरणको अन्य थपघटको डेबिटतर्फ समावेश गर्ने,
- अनुसूची-११ बमोजिमको कर विवरण र सोभन्दा अगाडिका कर विवरण वा कर निर्धारण बमोजिम बुझाउन बाँकी कुनै कर रकम भए सो रकम दाखिला गर्नुपर्दछ।

(ग) अनुसूची-११ बमोजिमको कर विवरण पेश भएको पन्ध्र दिनभित्र कर परीक्षणको लागि कागजात पेश गर्नुपर्दछ।

(घ) दर्ता खारेजीको लागि दरखास्त दिएपछि दर्ता खारेजीको जानकारी नभएसम्म वा तीन महिनासम्म कर विवरण पेश गर्नुपर्दछ।

(ङ) दर्ता खारेजी परिक्षणबाट कुनै कर निर्धारण भएमा सो रकम दाखिला गर्ने।

ऐन र नियमावलीका उपरोक्त व्यवस्थाहरु अनुसार दर्ता खारेजीका सन्दर्भमा सम्बन्धित कार्यालयको कर अधिकृतले देहाय बमोजिम गर्नु पर्दछः

(क) दर्ता खारेज हुने करदाताले कर परीक्षणको लागि पेश गरेका कागजात परीक्षण गरी सो करदाताको कर दायित्व यकिन गर्नुपर्दछ।

(ख) दर्ता खारेज हुने करदातालाई बुझाउन बाँकी कर रकम बुझाउन लगाउनु पर्दछ।

(ग) करदाताले बाँकी कर रकम बुझाए पछि सो करदाताको दर्ता खारेज गर्नुपर्दछ।

(घ) दर्ता खारेजीको जानकारी सम्बन्धित करदातालाई गराउनु पर्दछ।

(ङ) दर्ता खारेजीको दरखास्त परेको मितिले ३ महिनाभित्र दर्ता खारेज भएको वा नहुने भए सो विषयको जानकारी दिनुपर्दछ।

**३.१६.२.२ विशेष अवस्थामा दर्ता खारेजीको प्रकृयाः**

विगत बाह्र महिनामा लगातार शून्य कर विवरण बुझाउने वा विवरण नै नबुझाउने करदाताहरुको कर अधिकृतले दर्ता खारेजी गर्नुपर्ने व्यवस्था ऐनको दफा ११ ले गरेको छ। त्यसै गरी विगतमा अनिवार्य दर्ता व्यवस्था अन्तर्गत दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटी भएका, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ को साविकको व्यवस्था बमोजिम स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटी भएका र उक्त दफाको हालको व्यवस्था बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता कायम रही रहन योग्य नभएका तथा विगतमा थ्रेसहोल्डभन्दा बढी कारोबार भएका तर हाल थ्रेसहोल्डभन्दा घटीको कारोबार हुन गएका करदाताको दर्ता खारेजी गर्नुपर्ने छ। यस प्रकारको विशेष अवस्था अनुसार खारेज हुनु पर्ने व्यक्तिले दर्ता खारेज गरिदिन दरखास्त नदिएकै कारणले मात्र सो व्यक्तिको दर्ता खारेज गर्न नमिल्ने वा नसकिने देखिँदैन। यही अवस्थालाई दृष्टिगत गरी विशेष अवस्थामा दर्ता खारेजी गर्ने सम्बन्धमा नियमावलीको नियम १२ को उपनियम (४) मा निम्न व्यबस्था रहेको छः

***नियम १२ को उपनियम (४): मूल्य अभिवृद्धि करमा दर्ता भएको तर यो उपनियम प्रारम्भ भएपछि मूल्य अभिवृद्धि कर लाग्ने सीमाभन्दा घटी कारोबार भएको करदाताको खारेजी तथा त्यस्ता करदाताको कर मिलान गर्न बा"की रकम (क्रेडिट) को व्यवस्थापन महानिर्देशकले तोकेको प्रक्रिया बमोजिम हुनेछ।***

नियमावलीले दिएको यसै अधिकार अनुसार विगतमा अनिवार्य दर्ता व्यवस्था अन्तर्गत दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटीको भएका, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ को साविकको व्यवस्था बमोजिम स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटी भएका र उक्त दफाको हालको व्यवस्था बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता कायम रही रहन योग्य नभएका तथा विगतमा थ्रेसहोल्डभन्दा बढी कारोबार भएका तर हाल थ्रेसहोल्डभन्दा घटीको कारोबार हुन गएका करदाताको दर्ता खारेजी सम्बन्धमा नियम १२ को उपनियम (४) बमोजिम देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्नेछः

१. करदाताले दर्ता खारेजीको कारण (जस्तैः (क) विगतमा अनिवार्य दर्ता व्यवस्था अन्तर्गत दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटीको भएका, (ख) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ९ को साविकको व्यवस्था बमोजिम स्वेच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएका तर कारोबार थ्रेसहोल्डभन्दा घटी भएका र उक्त दफाको हालको व्यवस्था बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता कायम रही रहन योग्य नभएका (ग) विगतमा थ्रेसहोल्डभन्दा बढी कारोबार भएका तर हाल थ्रेसहोल्डभन्दा घटीको कारोबार हुन गएका) उल्लेख गरी दर्ता खारेजीको लागि अनुसूची ११ सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्ने, यसरी

दर्ता खारेजीको लागि निवेदन (अनुसूची ११) पेश गर्ने करदाताले अद्यावधिक रुपमा मूल्य अभिवृद्धि कर विवरण तथा आय विवरण पेश गरेको हुनुपर्ने।

२. बुंदा नं. (१) बमोजिम दर्ता खारेजीको लागि अनुसूची ११ पेश गर्दा सोमा उक्त दिन सम्मको कारोबारको विवरण उल्लेख गर्नुपर्ने।

३. मौज्दात (stock) मा रहेको करयोग्य सामानको बजार मुल्यको १३ प्रतिशतले हुने रकम हिसाव गरी सोलाई अनुसूची ११ को महल नं. ३.२ को डेविटतर्फ समायोजन गर्नुपर्ने। साथै मौज्दातको विवरण पनि संलग्न गर्नुपर्ने।

मानौं दर्ता खारेजीको लागि निवेदन दिने करदाताको मौज्दातमा रु.१० लाख मूल्यको सामान रहेछ। सो सामानको हालको बजार मूल्य रु.११ लाख रहेछ। यस्तो अवस्थामा निज करदाताले रु.११ लाखको १३ प्रतिशतले हुने रकम रु.१,४३,००० अनुसूची ११ को महल नं. ३.२ (कर कट्टी दावी गरिसकेको स्टक) को डेविटतर्फ समायोजन गर्नुपर्दछ।

४. क्रेडिट दावी गरेको पुँजीगत सामानको हालको बजार मुल्यको १३ प्रतिशतले हुने रकम हिसाव गरी सोलाई अनुसूची ११ को महल नं. ३.१ (अन्य थपघट) को डेविटतर्फ समायोजन गर्नुपर्ने।

मानौं दर्ता खारेजीको लागि निवेदन दिने करदातासँग विगतमा क्रेडिट दावी गरेको पुँजीगत सामान जस्तै कम्प्युटर, मोटरसाइकल, टेबल कुर्ची आदि रहेछन्। यी सामानको हालको बजार मूल्य रु.५ लाख रहेछ। यस्तो अवस्थामा निज करदाताले रु.५ लाखको १३ प्रतिशतले हुने रकम रु.६५,०००।०० अनुसूची ११ को महल नं. ३.१ (अन्य थपघट) को डेविटतर्फ समायोजन गर्नुपर्दछ।

५. बुंदा नं. (२), (३) र (४) बमोजिम गर्दा डेबिट अवस्था देखिएमा उक्त रकम दाखिला गर्न लगाउनु पर्ने।

६. माथि उल्लेख भए अनुसार गरी करदाताबाट दर्ता खारेजीको निवेदन (अनुसूची ११) पेश भएपछि कर अधिकृतले देहाय बमोजिम दर्ता खारेजी सम्बन्धी कर परीक्षण गर्नेः

६.१ करदाताको कारोबार परिसर निरीक्षण तथा जाँचबुझ गर्न आवश्यक भए सो समेत गर्ने।

६.२ दर्ता खारेजी कर परीक्षणको सिलसिलामा प्रचलित कर परीक्षण सम्बन्धी विभागीय नीति निर्देशनको अवलम्बन र परिपालना गर्ने।

७. दर्ता खारेजीको निर्णय भएपछि सो अनुसार कम्प्युटर अभिलेखमा प्रविष्टी गरी करदातालाई दर्ता खारेजीको जानकारी दिने।

८. दर्ता खारेज गरेपछि सोको जानकारी करदाताको कारोबार हुन सक्ने सम्भाव्य निकायहरु जस्तैः भन्सार कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय लगायत ठेकेदारहरुको हकमा सडक, सिचांई, खानेपानी, भवन आदि निकायहरुलाई दिने।

९. दर्ता खारेज भएका करदाताको विवरण विभागको वेवसाईटमा राख्ने।

त्यसै गरी बिगत बाह्र महिनादेखि लगातार शून्य विवरण बुझाएका वा विवरण नै नदिएका करदाताको दर्ता खारेजी सम्बन्धमा देहायको प्रकृया अपनाउनु पर्नेछः

१. विगत बाह्र महिनादेखि लगातार शून्य विवरण बुझाएका करदाता तथा विगत बाह्र महिनादेखि विवरण नदिएका करदाताको अभिलेख अद्यावधिक गर्ने। त्यस्ता करदाताको दर्ता खारेजीको निर्णय गरी सूचना प्रणालीमा प्रविष्टि गर्ने।

२. विवरण नबुझाएका करदातालाई कर विवरण पेश गर्न ३० दिनको म्याद दिई सो म्याद भित्र विवरण नबुझाएमा दर्ता खारेज हुने ब्यहोरा समेत खुलाई सार्वजनिक सूचना प्रकाशित गर्ने।

३. दर्ता खारेजीको निर्णय गर्नु पूर्व देहाय बमोजिमको विवरण भिडान गर्नेः

(क)विभागको सूचना प्रणालीबाट करदाताको खरिद, बिक्री, साहु, आसामी विवरण (Mismatch Report) भिडान गर्ने,

(ख) ठेक्का भुक्तानीको जानकारी।

४. ती करदाताले सूचनामा दिइएको म्यादभित्र कर बिबरण दाखिला नगरेमा दर्ता खारेजीको निर्णय गरी सूचना प्रणालीमा प्रविष्टी गर्ने।

५. दर्ता खारेजीको निर्णयको जानकारी अबिलम्ब सम्बन्धित करदाता, विभागको सूचना प्रविधि महाशाखा र करदाता सेवा शाखालाई दिने र सार्वजनिक सूचना समेत प्रकाशन गर्ने।

माथि उल्लेख भए अनुसारको प्रकृया पूरा भै दर्ता खारेज हुने करदाताको मिलान हुन बाँकी कर र तिर्न बाँकी करका सम्बन्धमा निम्न अनुसार गर्नेः

(क) दर्ता खारेज हुने करदाताको तिर्न बाँकी कर नरहेको तर मिलान हुन बाँकी कर रहेको भए सो करलाई सण्ड्री क्रेडिटमा राख्न विभागमा लेखी पठाउने।

(ख) दर्ता खारेज हुने करदाताको तिर्न बाँकी कर रहेको तर मिलान हुन बाँकी कर नरहेको भए सो तिर्न बाँकी करलाई सण्ड्री डेबिटमा राख्न विभागमा लेखी पठाउने।

(ग) दर्ता खारेज हुने करदाताको तिर्न बाँकी कर र मिलान हुन बाँकी कर दुबै रहेको भए देहाय बमोजिम गर्ने

(अ) दर्ता खारेज हुने करदाताको तिर्न बाँकी करभन्दा र मिलान हुन बाँकी कर बढी भएमा मिलान हुन बाँकी करमा तिर्न बाँकी कर कट्टा गरी बाँकि हुन आउने रकम सण्ड्री क्रेडिटमा राख्न विभागमा लेखि पठाउने।

(आ) दर्ता खारेज हुने करदाताको मिलान हुन बाँकी करभन्दा तिर्न बाँकी कर बढी भएमा मिलान हुन बाँकी करको रकम तिर्न बाँकी करमा कट्टा गरी बाँकी हुन आउने तिर्न बाँकी रकम सण्ड्री डेबिटमा राख्न विभागमा लेखि पठाउने।

(इ) दर्ता खारेज हुने करदाताको मिलान हुन बाँकी करमा कट्टा गरिएको हदसम्मको तिर्न बाँकी रकमका लागि TP Notice जारी गरी सूचना प्रणालीमा प्रविष्टी गर्ने।

(घ) उपर्युक्त खण्ड (ग) बमोजिम सण्ड्री डेबिट वा क्रेडिटमा राख्नु पर्ने रकमलाई सूचना प्रणालीमा अभिलेखिकरण गर्न विभागले उपयुक्त ब्यबस्था मिलाउने।

(ङ) उपर्युक्त खण्ड (ख) र खण्ड (ग) को (आ) बमोजिम सण्ड्री डेबिटमा राखिएको रकम असुल गर्न आवश्यक कारवाही गर्ने।

(च) उपर्युक्त खण्ड (क) र खण्ड (ग) को (अ) बमोजिम सण्ड्री क्रेडिटमा राखिएको रकम कसैले फिर्ता माग गरेमा सो करदाताको पूर्ण कर परिक्षण गरी फिर्ता पाउने ठहरेको रकम फिर्ता गर्न बिभागसँग आवश्यक रकम माग गरी फिर्ता गर्ने।

### ३.१६.३ अस्थायी दर्ता भएका करदाताको दर्ता खारेजी प्रकृयाः

मूल्य अभिवृद्धि कर ऐनको दफा १०क. बमोजिम अस्थायी रुपमा दर्ता भएका करदाताको दर्ता खारेज गर्नुपर्ने भएमा त्यस्ता करदाताको दर्ता खारेजी गर्ने प्रकृया ऐन र नियमावलीमा व्यवस्थित गरिएको छ। दर्ता खारेजीका सम्बन्धमा ऐनको दफा १०क. को उपदफा (३) मा निम्न व्यवस्था रहेको छः

**दफा १०क. को उपदफा (३)ः उपदफा (१) बमोजिमको कार्यक्रमको लागि मात्र दर्ता भएको करदाताले आयोजना गरेको प्रदर्शनी, मेला समाप्त भएको सात दिनभित्र कारोबारको विवरण पेश गरी लाग्ने सम्पूर्ण कर समेत दाखिला गरी अस्थायी दर्ता खारेज गर्नुपर्नेछ।**

त्यस्तै अस्थायी रुपमा दर्ता भएका करदाताको दर्ता खारेजी गर्ने प्रकृयाका सम्बन्धमा नियमावलीको नियम ७क. को उपनियम (४) र (५) मा निम्न व्यबस्था रहेको छः

*(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिन भित्र कारोबार दर्ता गर्नेले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता भएको अवस्थाको कर चुक्ता प्रमाण पत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।*

*(५) उपनियम (४) बमोजिम अस्थायी दर्ता खारेजीको निवेदन प्राप्त भएमा सम्बन्धित कर अधिकृतले करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात जाँचबुझ गरी पन्ध्र दिन भित्र अस्थायी दर्ता खारेज गरी सो को जानकारी निवेदकलाई दिनुपर्नेछ।*

### ३.१६.४ संयुक्त उपक्रमको दर्ता खारेजी प्रकृयाः

मूल्य अभिवृद्धि करमा ऐनको दफा १०ख. बमोजिम दर्ता भएका संयुक्त उपक्रमको दर्ता खारेजीका सम्बन्धमा ऐनमा उल्लेख गरिएको छ। दर्ता खारेजीका सम्बन्धमा ऐनको दफा १०ख. को उपदफा (३) मा निम्न व्यबस्था रहेको छः

**दफा १०ख. को उपदफा (३)ः उपदफा (१) बमोजिम दर्ता भएको संयुक्त उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनु पर्नेछ।**

ऐनमा संयुक्त उपक्रमको दर्ता खारेज गर्नुपर्ने समय उल्लेख छ। दर्ता भएको संयुक्त उपक्रमले दर्ता खारेज गराउनु पर्ने भनी तोकिएको समयमा अनुसूची ११ बमोजिमको कर विवरण पेश गर्नुपर्दछ। यस बाहेक संयुक्त उपक्रमको दर्ता खारेजी सम्बन्धी छुट्टै प्रकृया ऐन तथा नियमावलीमा उल्लेख गरिएको छैन। तसर्थ, संयुक्त उपक्रमको दर्ता खारेजी गर्दा स्थायी रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको दर्ता खारेजी गर्दा अपनाइने परिच्छेद ३.१६.२.१ मा उल्लेख भएको प्रकृयालाई नै अवलम्बन गर्नुपर्दछ।

## ३.१७ दर्ता खारेज हुँदा मौज्दातमा रहेका वस्तु बिक्री भएको मानिनेः

दर्ता खारेजी हुँदाका वखत मौज्दातमा रहेको करयोग्य वस्तु तथा पुँजीगत सम्पत्तिको कर कट्टी वा कर फिर्ता लिईसकेको अवस्था हुन सक्छ। त्यसैले पहिला कर कट्टी सुविधा लिई सकेका र दर्ता खारेजीको अवस्थामा मौज्दातमा रहेका वस्तु तथा पुँजीगत सम्पत्तिको बजार मूल्यमा बिक्री भएको मानी कर असूल गनुपर्दछ। दर्ता

खारेजीका बखत मौज्दातमा रहेको वस्तुमा कर असूल गर्ने बारेमा ऐनको दफा ११ को उपदफा (४) ले निम्न व्यवस्था गरेको छ।

**दफा ११ को उपदफा (४): पहिले कर कट्टी सुविधा लिई सकेका वस्तुमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको पुँजीगत सामान समेतको मौज्दातलाई बजार मूल्यमा आपूर्ति गरेको मानी कर निर्धारण गरी असुल गरिनेछ।**

**स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "पुँजीगत सामान" भन्नाले कुनै सम्पत्ति वा सम्पत्तिको कुनै भाग र कर लाग्ने कारोबारमा प्रयोग हुने सम्पत्ति सम्झनु पर्दछ।**

यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.१२**

मानौं श्री कखग शर्माले आफ्नो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी करयोग्य वस्तुको कारोबार गर्ने गरेका रहेछन्। निजले आफ्नो कारोबारको सिलसिलामा एउटा कार र टाटा मोवाइल गाडी समेत खरिद गरी कर कट्टी लिएका रहेछन्। निजले घरायसी कारणले गर्दा सो कारोबार गर्न छाडेछन्। कारोबार बन्द गर्दा बखत उनीसँग केही करयोग्य वस्तु र कार समेत दुईवटा गाडी जस्ता पुँजीगत सामान मौज्दातमा रहेछ।

दर्ता खारेजी गर्दाका बखत उक्त करयोग्य वस्तु र सवारी साधन बिक्री नभए तापनि कारोबार गर्न छाडेकाले निजले प्रचलित वजार मूल्यमा बिक्री गरेको मानी कर निर्धारण गरी कर असुल गर्नुपर्ने हुन्छ।

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीमा संशोधन वा परिवर्तनको कारणले साबिकमा मूल्य अभिवृद्धि कर लाग्ने कुनै वस्तु वा सेवा हाल कर छुट हुने वस्तु वा सेवाको रुपमा परिवर्तन हुन सक्दछ। करयोग्य वस्तु वा सेवा कर छुट हुने वस्तु वा सेवाको रुपमा परिवर्तन भए पश्चात् उक्त कारोबार गर्ने व्यक्ति पनि करयोग्य व्यक्तिबाट कर छुट हुने व्यक्तिको रुपमा परिवर्तन हुन्छ। करयोग्य व्यक्तिबाट कर छुट हुने व्यक्तिको रुपमा परिवर्तन भए पश्चात् दर्ता खारेजीको प्रक्रिया प्रारम्भ गर्नुपर्दछ। मौज्दातमा रहेका व्यापारिक एवं पुँजीगत वस्तुको सम्बन्धमा ऐनको दफा ११ को उपदफा (४) बमोजिम बजार मूल्यमा आपूर्ति भएको मानी कर निर्धारण गर्नुपर्दछ।

**उदाहरण ३.१३**

स्वास्थ्य सेवा प्रदायक संस्था एविसि हेल्थ हस्पीटल मुल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्दै आएका रहेछ। आर्थिक ऐन, २०७५ ले मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को अनुसूची १ कर छुट हुने वस्तु तथा सेवाहरुको समूह ५ मा स्वास्थ्य सेवा मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवामा समावेश भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले प्रदान गरेको स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने अवस्था भएको हुँदा त्यस्ता संस्था वा व्यक्तिले मूल्य अभिवृद्धि कर कट्टी लिएका मौज्दातमा रहेका वस्तु र पुँजीगत सम्पत्ति करयोग्य कारोबारमा प्रयोग हुन छाडेको अवस्थामा सोही ऐनको दफा १७ को उपदफा (४) र दफा ११ को उपदफा (४) अनुसार गर्ने विषयमा र आयकरतर्फ खर्चकट्टी र पूँजीकरण गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ।

मूल्य अभिवृद्धि करको सम्बन्धमा

१. मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२ को दफा १७ को उपदफा (४) अनुसार मौज्दातमा रहेका करयोग्य बस्तुको तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्ने।

२. सोही ऐनको दफा ११ को उपदफा (४) अनुसार पहिले कर कट्टी सुविधा लिई सकेका वस्तु मध्ये दर्ता खारेज हुँदाका बखत मौज्दातमा बाँकी रहेका करयोग्य वस्तु र पुँजीगत सामान समेतको मौज्दातलाई बजार मूल्यमा आपूर्ति गरेको मानी कर निर्धारण गरी असुल गर्ने।

३. मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले स्वास्थ्य सेवा बाहेकको कर लाग्ने कारोबार गर्ने भई दर्ता कायम हुने अवस्था भएमा स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर लाग्ने अवस्थामा दावी गरेको मूल्य अभिवृद्धि करको सम्बन्धमा माथि १ र २ बमोजिम गर्ने र

४. स्वास्थ्य सेवा बाहेकको कारोबार गर्ने गरी मूल्य अभिवृद्धि करमा दर्ता हुने वा दर्ता कायम रहेको करदाताले मूल्य अभिवृद्धि कर छुट हुने र नहुने कारोबार गरेको अवस्थामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (३) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ र ४० र मूल्य अभिवृद्धि कर निर्देशिका (सं.स.), २०६९ बमोजिम कर कट्टीको सुविधा पाउने।

५. स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर छुट भएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (४) र दफा ११ को उपदफा (४) मा उल्लेख भए अनुसार बजार मूल्य गणना गर्ने प्रयोजनका लागि मौज्दातमा रहेका करयोग्य वस्तुको हकमा परल लागत मूल्यलाई साथै भवन एवं यस्तै संरचना र अन्य करयोग्य पुँजीगत सामानको हकमा ह्रासकट्टी गरी २०७४ आषाढ मसान्तमा बाँकी रहेको मूल्य (Closing Balance) वा CWIP (Capital Work in Progress) को मूल्य र आ.व.२०७४।७५ को २०७५ जेठ १५ गतेसम्मको खरिदको जम्मा मूल्यलाई बजार मूल्य मानेर गणना गर्ने।

**आयकर सम्बन्धमा**

माथि बुँदा नं.५ मा उल्लिखित बजार मूल्यमा गणना हुने मौज्दातमा रहेका करयोग्य बस्तुमा निर्धारण हुने मूल्य अभिवृद्धि कर रकम नाफा नोक्सान हिसाबमा खर्चको रुपमा दावी गर्न पाउने र मूल्य अभिवृद्धि कर कट्टी सुविधा लिएका भवन एवं यस्तै संरचना र सम्पत्तिमा रहेको करयोग्य पुँजीगत सामानको मौज्दातमा निर्धारण हुने मूल्य अभिवृद्धि कर रकमको हकमा सम्बन्धित सम्पत्तिको समूहमा पूँजीकरण गर्ने।

यसै गरी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता रहेको कुनै व्यक्तिले विभिन्न वस्तु वा सेवाको कारोबार गरेको हुन सक्दछ। उक्त व्यक्तिले कारोबार गर्ने विभिन्न वस्तु वा सेवा मध्ये कानूनमा भएको परिवर्तनको कारणले आंशिक रुपमा केही वस्तु वा सेवाहरु करयोग्य वस्तु वा सेवाबाट कर छुट हुने वस्तु वा सेवाको रुपमा परिवर्तन भएको अवस्थामा उक्त व्यक्तिले दर्ता खारेज गर्नुपर्दैन। तर कर छुटमा परिवर्तन भएका वस्तु वा सेवा खरिद, पैठारी वा उत्पादन गर्दाका बखत तिरेको कर साबिकमा कट्टी दावी गरिसकेको भए मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) बमोजिम त्यस्ता कर छुट हुने वस्तु वा सेवाहरुको खरिदमा तिरेको कर दफा १७ बमोजिम कर कट्टी दावी गर्न नसकिने र दफा २४ बमोजिम कर फिर्ता दिन नसकिने भएको हुँदा यसरी कर कट्टी सुविधा नपाएको हद सम्मको रकम करदाताले ऐनको दफा १८ बमोजिम पेश गर्ने कर विवरणको अन्य थपघट महलको डेबिटतर्फ उल्लेख गरी स्वयं आफैले हिसाब मिलान गर्नुपर्दछ। यदि करदाता स्वयंले समायोजन गरेको नपाइएमा कर अधिकृतले ऐनको दफा २० को उपदफा (१) को खण्ड (ख) को अधिकार प्रयोग गरी दर्ता

खारेजीको अवस्था भए ऐनको दफा ११ को उपदफा (४) बमोजिम र दर्ता खारेज नगरी कारोबारलाई निरन्तरता दिई रहेको अवस्था भएमा ऐनको दफा १७ को उपदफा (४) बमोजिम मौज्दातमा रहेका त्यस्ता वस्तुहरुलाई प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। यस सम्बन्धमा निम्न उदाहरणबाट प्रष्ट पारिएको छः

**उदाहरण ३.१४**

आर्थिक ऐन, २०७० बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा संशोधन गरी सोलार लिड डि.सी बत्तीहरु, सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपूर्जाहरुमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था भएको छ। मानौं २०७० साल श्रावण १ गतेभन्दा पहिलेदेखि उक्त वस्तुहरुको कारोबार गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता रहेको छ। उक्त व्यक्तिको मौज्दात अभिलेख बमोजिम २०७० साल आषाढ मसान्तमा अन्य कर लाग्ने वस्तुको अतिरिक्त रु.५ लाख बराबरका सोलार लिड डि.सी बत्तीहरु, सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपूर्जाहरु पनि मौज्दातमा रहेका छन्। मौज्दातमा रहेका ती वस्तुहरुमा करदाताले साबिकमा रु.६५,००० कर कट्टी दावी गरिसकेको अवस्था रहेको छ।

यस्तो अवस्थामा २०७० श्रावण १ गतेदेखि कर छुट हुने वस्तुको रुपमा परिवर्तन भएको हुँदा ती वस्तुहरु आपूर्ति गर्दा कर संकलन गर्न सकिँदैन। साथै ऐनको दफा ५(३) बमोजिम कर छुट हुने वस्तु वा सेवामा तिरेको कर कट्टी दावी गर्न नसकिने भएको हुँदा प्रथमतः करदाता स्वयं आफैँले साविकमा कर कट्टी दावी गरेको रु.६५,००० लाई २०७० श्रावण महिनाको कर विवरण पेश गर्दा उक्त कर विवरणको अन्य थपघट महलको डेबिटतर्फ उल्लेख गरी समायोजन गर्नुपर्दछ।

यदि उक्त करदाताले स्वयं समायोजन गरेको नपाइएमा ऐनको दफा २० को उपदफा (१) को खण्ड (ख) बमोजिम कर अधिकृतले रु ६५,००० को कर निर्धारण गरी असुल गर्नुपर्दछ। करदाताले यस्तो क्रेडिट रकम स्वयं समायोजन नगरेको कारणले पछिका कर अवधिको तिर्नुपर्ने कर दायित्वमा कुनै असर परेको नपाइएमा (अर्थात् कर परीक्षण गर्दा करदाता लगातार क्रेडिट अवस्थामा रहेको पुष्टि भएमा) कर अधिकृतले कर निर्धारण गर्दा ऐनको दफा १९ र दफा २६ बमोजिम लाग्ने क्रमशः थप दस्तुर र व्याज गणना गर्नुपर्ने छैन।

### ३.१८ दर्ता खारेज गर्दैमा कर दायित्वबाट उन्मुक्ति नपाइनेः

कुनै व्यक्तिको दर्ता खारेज हुँदैमा दर्ता कायम रहँदाको समयको सो व्यक्तिको नाममा कायम रहेको कर दायित्व तिर्नु नपर्ने गरी ऐनले उन्मुक्ति दिएको छैन। अर्थात कुनै व्यक्तिको कुनै कारणले दर्ता खारेज भएमा सो व्यक्तिले दर्ता खारेज हुनु भन्दा अगाडिको तिर्न बुझाउन बाँकी कर रकम तिर्नु बुझाउनु पर्दछ। यस सम्वन्धमा ऐनको दफा ११ को उपदफा (५) ले निम्न व्यवस्था गरेको छः

**दफा ११ को उपदफा (५) कर लाग्ने वस्तु वा सेवाको कारोबार हुँदा कुनै कुरा गरेको वा नगरेको कारणले यस ऐन बमोजिम गनुपर्ने कार्य तथा दायित्व बाँकी भएमा त्यस्तो करदाताको दर्ता खारेज हुँदैमा त्यस्तो दायित्वबाट त्यस्तो करदाताले उन्मुक्ति पाउने छैन।**

ऐनको यस व्यबस्था अनुसार कर तिर्न बाँकी रहेको कुनै व्यक्तिको दर्ता खारेज भएमा पनि निजले आफ्नो बाँकी कर भुक्तान गर्नुपर्दछ। निजले बाँकी कर भुक्तान नगरेमा ऐन तथा नियमावलीले तोकेका प्रकृया अनुसार कर अधिकृतले त्यस्तो बक्यौता कर असुल उपर गर्नुपर्दछ।

यस सम्बन्धमा निम्न उदाहरणबाट थप प्रष्ट पारिएको छः

**उदाहरण ३.१५**

मानौं कुनै एक करदाताले दर्ता हुँदाका बखत दिवस सप्लायर्स भन्ने आपूर्तिकर्तावाट रु.५० लाखको करयोग्य सामान खरिद गरी उक्त सामान विभिन्न व्यक्तिलाई रु.६० लाखमा बिक्री गरेको रहेछ। उसले सो खरिद तथा बिक्री दुवै नदेखाई अन्य कारोबारको मात्र विवरण पेश गरेको रहेछ। पछि उसले कारोबार गर्न छाडेको कारण दर्ता खारेज गरेछ। शुरुमा कर प्रशासनलाई सो कुराको जानकारी नभएको कारण दर्ता खारेजी भएछ। पछि कर प्रशासनलाई निजले गरेको अन्य कारोबारको सूचना प्राप्त भएछ। यस्तो अवस्थामा दर्ता खारेजी भैसके तापनि दर्ता ह'ुदाका बखत गरेको कारोबारवाट सृजना भएको कर दायित्वबाट उसले उन्मुक्ति पाउँदैन। दर्ता खारेजी भईसके तापनि नियमानुसार कर तिर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा नदेखाएको कारोबारमा कर निर्धारण गरी कर असूल गर्नुपर्दछ।

## ३.१९ कारोबारको स्वामित्व हस्तान्तरणमा कर नलाग्नेः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिम ऐनको अनुसूची १ मा उल्लिखित वस्तु तथा सेवा बाहेक अन्य वस्तु तथा सेवाको बिक्री विनिमय वा हस्तान्तरण गर्दा कारोबार मूल्यमा कर लाग्ने व्यवस्था गरेको छ। सामान्यतया कारोबारको स्वामित्व हस्तान्तरण करयोग्य कारोबार हो तथापि ऐनको दफा ५क. ले दर्ता भएको व्यक्तिहरुबीच कारोबारको स्वामित्व हस्तान्तरण गर्दा वा दर्ता भएको व्यक्तिको मृत्यु भई हकवालाको नाममा कारोबारको स्वामित्व हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर नलाग्ने विशेष व्यवस्था गरेको छ। देहायको अवस्थामा कारोबारको स्वामित्व हस्तान्तरण हुने गर्दछः

(क) एकल स्वामित्वमा रहेको व्यवसायको हकमा प्रोप्राइटरको मृत्यु भएको वा व्यवसाय संचालन गर्न असक्षम भएको अवस्थामा कारोबारको स्वामित्व हकवालामा हस्तान्तरण गर्नुपर्ने अवस्था,

(ख) एकल स्वामित्वमा रहेको व्यवसाय विभिन्न हकवालामा अंशबण्डा गर्नुपर्ने अवस्था,

(ग) एकल स्वामित्वमा रहेको व्यवसायलाई साझेदारी वा प्राइभेट लिमिटेड कम्पनीमा रुपान्तरण गरेको अवस्था,

(घ) कुनै साझेदारी फर्म विघटन भई प्राइभेट लिमिटेड कम्पनीमा रुपान्तरण गरेको अवस्था,

(ङ) विभिन्न व्यवसायहरु एक आपसमा एकीकरण (Integration) हुने, गाभिने (Merger) भएमा विभिन्न व्यवसायहरुको बिक्री, कानूनी अवस्थामा हुने परिवर्तन, एक आपसमा एकीकरण (Integration), गाभिने (Merger) वा प्रोप्राइटरको हकवालामा स्वामित्व हस्तान्तरण हुने उपर्युक्त अवस्थामा व्यवसायको सम्पत्ति तथा दायित्व पूर्ण वा आंशिक रुपमा हस्तान्तरण हुने गर्दछ। यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर लगाउँदा कर तटस्थता कायम नहुने, लगानी प्रभावित हुने, करदाता एवं कर प्रशासन दुबैको लागि कार्यान्वयनयोग्य देखिँदैन। स्वामित्व हस्तान्तरण गर्ने अवस्थामा कर लगाउँदा व्यक्तिले तत्कालै अत्याधिक कर दाखिला गर्नुपर्ने तर स्वामित्व ग्रहण गर्ने दर्ता भएको व्यक्तिले सो कर अवधिमा कर कट्टी

दावी गरे तापनि लामो अवधिसम्म मिलान गरिरहनु पर्ने र ४ महिनापश्चात् उक्त व्यक्तिले कर फिर्ता दावी गरेको खण्डमा कर फिर्ता दिनु पर्ने अवस्था सिर्जना हुने भएको हुँदा सैद्धान्तिक एवं व्यवहारिक पक्षलाई ध्यानमा राखी कारोबारको स्वामित्व हस्तान्तरणमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गरिएको छ। यस सम्बन्धमा ऐनमा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ५क. कारोबारको स्वामित्वको हस्तान्तरणमा कर नलाग्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै दर्ता भएको व्यक्तिलाई बिक्री गरेमा वा निजको मृत्यु भई हकवालाको नाममा कारोबार हस्तान्तरण भएमा त्यसरी हुने स्वामित्वको हस्तान्तरणमा कर लाग्ने छैन। त्यसरी कारोबार बिक्री गर्दा वा हस्तान्तरण गर्दा दर्ता भएको व्यक्तिले सो कुराको जानकारी तोकिए बमोजिम विभागलाई दिनु पर्नेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून बमोजिम दर्ता हुनुपर्ने वा भएको कुनै उद्योग वा व्यवसायको हस्तान्तरण भएमा स्वामित्व प्राप्त गर्ने व्यक्तिले कानून बमोजिम करको दायित्व व्यहोर्नु पर्नेछ।**

**(३) उपदफा (२) को अधीनमा रही स्वामीत्व प्राप्त गर्ने व्यक्तिले यस ऐन बमोजिम तोकिएको अवधिसम्म (हस्तान्तरण हुनु अघिको) त्यस्तो उद्योग वा व्यवसायको कारोबारको लेखा, खातावही तथा हिसाव किताब सुरक्षित राख्नु पर्ने दायित्व वहन गर्नुपर्नेछ।**

कारोबारको हस्तान्तरणको सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ११ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ११. कारोबारको हस्तान्तरणः (१) कुनै दर्ता भएको व्यक्तिले आफूले गर्दै आएको कारोबार अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गरेमा त्यसरी कारोबार हस्तान्तरण गरेको मितिले सात दिनभित्र अनुसूची (४ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु खुलाई सो कुराको जानकारी सम्बन्धित कर अधिकृतलाई दिनु पर्नेछ।***

***(२) उपनियम (१) बमोजिम कारोबारको हस्तान्तरण भएमा हस्तान्तरणका शर्तहरुका अधीनमा रही हस्तान्तरणकर्ताको हक, अधिकार तथा दायित्वहरु समेत हस्तान्तरण हुनेछ।***

***(३) सम्बन्धित कर अधिकृतले कारोबार हस्तान्तरणसँग सम्बन्धित दुबै पक्षलाई आफ्नो रोहबरमा राखी ऐन र यस नियमावली बमोजिम निजहरुले पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरुको कर्तव्य हुनेछ।***

कारोबारको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा निम्न कार्यविधि अपनाउनु पर्दछः

(क) कारोबारको स्वामित्व हस्तान्तरण गर्नु पूर्व सो अवधिसम्मको कर विवरण पेश गर्नुपर्दछ। यदि स्वामित्व हस्तान्तरण गर्ने साबिकको करदाताले सो अवधिसम्मको कर विवरण पेश गर्न नसक्ने मनासिब माफिकको कारण भएको अवस्थामा स्वामित्व ग्रहण गर्ने नयाँ करदाताले साविकको मालिकले पेश गर्नुपर्ने तर नगरेका कर विवरण पेश गर्नुपर्नेछ। नामसारी मिति पश्चात् कुनै अवधि वापत साविकको मालिकको नाममा पेश गरिएको कुनै विवरण नयाँ करदाताले पेश गरेको मानिनेछ।

(ख) कारोबारको स्वामित्व हस्तान्तरण गर्नु पूर्व सो अवधिसम्मको कर बक्यौता भए सो समेत दाखिला गर्नुपर्दछ। यदि स्वामित्व हस्तान्तरण गर्ने साबिकको करदाताले सो अवधिसम्मको कर बक्यौता दाखिला

गर्न नसक्ने मनासिब माफिकको कारण भएको अवस्थामा स्वामित्व ग्रहण गर्ने नयाँ करदाताले साविकको मालिकले गरेको आपूर्ति वापत तिर्नु पर्ने कुनै कर बाँकी भए सो लगायत उसले आफ्नो मौज्दात तथा सम्पत्ति वापत तिर्नु पर्ने मूल्य अभिवृद्धि कर तिर्न मञ्जुर गर्नुपर्दछ। नामसारी मितिपश्चात् कुनै अवधि वापत साविकको मालिकको नाममा दाखिला गरेको कर नयाँ करदाताले दाखिला गरेको मानिनेछ।

(ग) कारोबार हस्तान्तरण हुनु पूर्व साविकको मालिकले कर लाग्ने वस्तु वा सेवा खरिद गरेको उक्त खरिद भएका वस्तुको मौज्दात अभिलेखमा जनिएको र कारोबार भएको तर कुनै कारणवस सोको कर कट्टी दावी गरी नसकेको अवस्था भए कारोबार हस्तान्तरणपश्चात् नयाँ करदाताले उक्त कर कट्टी दावी गर्न सक्दछ।

(घ) नयाँ करदाताले कर फिर्ता, क्रेडिट समायोजन वा यस्तै कुनै भुक्तानी वा भुक्तानी सरहको रकम प्राप्त गरेको अवस्थामा उक्त रकममा साबिकको मालिकको कुनै अधिकार भए सो समेत हस्तान्तरण भएको मानिनेछ। यस्तो रकम उपर साविकको मालिकले हक दावी सिर्जना गर्न सक्दैन।

(ङ) मृत्यु बाहेक अन्य कारणले कारोबारको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा साबिकको करदाताले संस्थागत निर्णय गरी सो निर्णयको प्रतिलिपि निवेदन साथ संलग्न राख्नु पर्दछ। यसै गरी नयाँ करदाताले पनि उक्त कारोबारको स्वामित्व ग्रहण गर्ने सम्बन्धमा आधिकारिक निर्णय गरी सोको प्रतिलिपि समेत संलग्न राख्नु पर्दछ।

(च) आंशिक रुपमा कारोबार हस्तान्तरण गरिएको अवस्थामा साविकको करदाताले कति मूल्यांकन गरिएको कुन कुन सम्पत्ति वा मौज्दातहरु आफूसँगै राखेको हो सोको विस्तृत फेहरिस्त र विवरण तयार गरी राख्नु पर्दछ।

(छ) कारोबार हस्तान्तरण सम्बन्धी निर्णय गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ४ बमोजिमको कारोबार हस्तान्तरण फाराम अनिवार्यरुपमा तयार गरी स्वामित्व ग्रहण गर्ने नयाँ करदाता (मालिक वा साझेदार वा संचालक वा कम्पनी सचिव वा प्रशासक) र स्वामित्व वा हक छाड्ने साविकको करदाता (मालिक वा साझेदार वा संचालक वा कम्पनी सचिव वा प्रशासक) दुबैको नाम, मिति उल्लेख गरी दस्तखत गराउनु पर्दछ।

(ज) साविकको करदाताको सम्पर्क ठेगाना समेत सुरक्षित राख्नु पर्दछ।

(झ) उक्त कारोबार हस्तान्तरण फारामको एक एक प्रति दुबै पक्षलाई समेत दिनुपर्दछ।

(ञ) कारोबारको स्वामित्व ग्रहण गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्दछ।

(ट) कारोबारको स्वामित्व हस्तान्तरण गर्ने मिति भन्दा अघिल्लो कर अवधि सम्मको कर विवरण र कारोबार हस्तान्तरण हुने महिनाको १ गतेदेखि कारोबार हस्तान्तरण गर्ने निवेदन मितिसम्मको अवधिको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनसूची ११ बमोजिमको कर विवरण साबिकको करदाताले पेश गर्नुपर्नेछ।

(ठ) कारोबारको स्वामित्व हस्तान्तरण हुने दिनमा साबिकको करदाताको मूल्य अभिवृद्धि कर क्रेडिट रकम बाँकी रहेको भए उक्त रकम साविकको करदाताले उपर्युक्तानुसारको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनसूची ११ मा समायोजन गर्नुपर्दछ।

(ड) यसरी समायोजन गरिएको क्रेडिट रकमलाई नयाँ करदाताको हिसाबमा समायोजन गर्ने उद्देश्यले उक्त रकम बराबरको क्रेडिट एडभाइस मार्फत नयाँ करदातालाई निजले पेश गर्ने पहिलो कर विवरणको अन्य थपघट महलको क्रेडिटतर्फ समायोजन गर्न आदेश जारी गर्नुपर्दछ।

**३.२०  दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नुपर्ने :**

नेपाल सरकार, संबैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बीस हजार रुपैयाँभन्दा बढी कर लाग्ने वस्तु वा सेवाको खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नुपर्ने गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ मा तोकिएको छ।

# परिच्छेद ४

# वस्तु वा सेवाको आपूर्ति

वस्तु तथा सेवाको बिक्री, विनिमय वा कुनै प्रकारले स्वामित्व हस्तान्तरण गर्ने कार्य वा त्यससम्बन्धी अनुमति दिने वा ठेक्का पट्टा गर्ने कार्यलाई आपूर्ति भनिन्छ। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि करयोग्य वस्तु तथा सेवाको आपूर्तिको स्थान तथा समयको महत्वपूर्ण भूमिका रहेको हुन्छ। वस्तु तथा सेवाको उत्पादन, निर्माण, बिक्री, विनिमय, हस्तान्तरण आदिमा आपूर्तिको स्थान र समय फरक फरक रहेको हुन सक्छ। करयोग्य वस्तु तथा सेवाको आपूर्तिको स्थान नेपाल भएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ आकर्षित हुन्छ। वस्तु तथा सेवाको आपूर्तिको स्थान तथा समयको सम्बन्धमा यस परिच्छेदमा ब्याख्या गरिएको छ।

## ४.१ आपूर्तिको परिभाषा

वस्तु तथा सेवाको बिक्री, विनिमय वा कुनै प्रकारले स्वामित्व वा प्रयोगाधिकार हस्तान्तरण गर्ने कार्यलाई आपूर्ति भनिन्छ। ऐनको दफा २ को खण्ड (छ) ले आपूर्तिको परिभाषा देहाय बमोजिम गरेको छः

**दफा २ (छ) आपूर्ति भन्नाले प्रतिफल लिई वा नलिई कुनै वस्तु वा सेवा बिक्री, विनिमय, हस्तान्तरण गर्ने कार्य वा तत्सम्बन्धी अनुमति दिने वा ठेक्का पट्टा गर्ने कार्य सम्झनु पर्दछ।**

प्रतिफल भन्नाले वस्तु वा सेवाको आपूर्ति गर्दा सोको मूल्य वापत प्राप्त हुने मुद्रा, वस्तु वा सेवा वा अन्य कुनै स्वरुपको प्रतिफललाई सम्झनु पर्दछ। करयोग्य आपूर्ति भए तापनि दर्ता भएको वा दर्ता हुनु पर्ने कर्तव्य भएको व्यक्तिले आपूर्ति गरेको र सो आपूर्ति वापत प्रतिफल प्राप्त गरेको खण्डमा मात्र मूल्य अभिवृद्धि कर ऐन आकर्षित हुन्छ। करयोग्य आपूर्तिको परिभाषामा निम्न तत्वहरु समावेश भएका हुन्छन्ः

क. वस्तु तथा सेवाको खरिद बिक्री विनिमय वा हक हस्तान्तरण वा तत् सम्बन्धी अनुमति दिने वा ठेक्का पट्टा भएको हुनुपर्दछ,

ख. आपूर्ति आफ्नो क्षेत्राधिकार (Within own Jurisdiction) अन्तर्गत भएको हुनुपर्दछ अर्थात यस्तो आपूर्ति नेपालभित्र गरिएको हुनुपर्दछ,

ग. आपूर्ति कुनै व्यवसाय संचालन गर्ने सिलसिलामा गरिएको हुनुपर्दछ,

घ. आपूर्ति कुनै कर छुट हुने आपूर्तिसँग सम्बन्धित हुनु हुंदैन,

ङ. आपूर्ति वापत आपूर्तिकर्ताले प्रतिफल प्राप्त गरेको वा प्राप्त गरेको मानिएको अवस्था हुनुपर्दछ।

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.१**

मानौं कुनै व्यक्तिले चिनीको बिक्री वितरण गर्दछ भने ऐनको दफा २(छ) बमोजिम त्यसलाई वस्तुको आपूर्ति भनिन्छ। यसै गरी कुनै व्यक्तिले शैक्षिक परामर्श सेवा उपलब्ध गराउँदछ भने त्यसलाई सोही दफा बमोजिम सेवाको आपूर्ति भएको मानिन्छ। यी वस्तु तथा सेवाको आपूर्ति मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले गरेमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ भने दर्ता नभएको व्यक्तिले गरेको रहेछ भने मूल्य अभिवृद्धि कर आकर्षित हुंदैन।

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.२**

| |
|---|
| मानौं राम स्टेशनरी पसलले श्याम स्टेशनरीबाट एक लाख रुपैयामा ५ वटा प्रिन्टर खरिद गरेको रहेछ। उक्त ५ वटा प्रिन्टरको मूल्य वापत राम स्टेशनरीले श्याम स्टेशनरीलाई सो रकम नगदै भुक्तान गरेमा वा सो रकम बराबरको अन्य कुनै वस्तु आपूर्ति गरेमा वा श्याम स्टेशनरीबाट प्राप्त गर्नुपर्ने कुनै रकममा मिलान गरेमा श्याम स्टेशनरीले उक्त प्रिन्टरवापतको प्रतिफल प्राप्त गरेको र राम स्टेशनरीले खरिद वापतको भुक्तानी गरेको मानिन्छ। |

## ४.२ आपूर्तिको स्थान र समय

मूल्य अभिवृद्धि कर गन्तव्य सिद्धान्त (Destination Principle) मा आधारित रहेको छ। कर लाग्ने वस्तु वा सेवाको उपभोग नेपालभित्र भएको छ भने त्यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। विदेशबाट आयात हुने वस्तु नेपालको भूमिमा प्रवेश गरे लगत्तै भन्सार आकर्षित भए झैं मूल्य अभिवृद्धि कर पनि आकर्षित हुन्छ। वस्तु कुन स्थानमा उत्पादन भयो भन्ने विषय कर प्रयोजनको लागि त्यति महत्वपूर्ण हुँदैन। ती वस्तुहरु कसले, कहिले र कहाँ प्राप्त गरेको वा उपभोग गरेको हो भन्ने विषय बढी महत्वपूर्ण हुन्छ। अन्तर्राष्ट्रिय सेवाको आपूर्ति यकिन गर्ने कार्य निकै कठिन हुने गर्दछ। वस्तुको कारोबारमा जस्तो सेवा आपूर्तिमा आपूर्तिको स्थान र समय यकिन गर्न कठिनाई हुन्छ। ऐनको दफा ५ अनुसार देहायको अवस्थामा हुने वस्तु तथा सेवाहरुको व्यापारिक आपूर्तिमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छः

**दफा ५ मूल्य अभिवृद्धि कर लाग्नेः (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कारोबारमा मूल्य अभिवृद्धि कर लाग्नेछः**

**क) नेपालभित्र आपूर्ति भएका वस्तु वा सेवामा,**
**ख) नेपालभित्र आयात गरिएको वस्तु वा सेवामा,**
**ग) नेपालबाहिर निर्यात गरिएको वस्तु वा सेवामा,**

वस्तु तथा सेवाको आपूर्तिको स्थानको सम्बन्धमा ऐनको दफा ६ मा देहायको व्यवस्था गरिएको छः

**दफा ६.आपूर्तिको स्थान र समयः (१) यस ऐन बमोजिम कर निर्धारण र असुल उपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति नेपालभित्र वा बाहिर भएको कुराको निर्धारण तोकिए बमोजिम हुनेछ।**

यसै गरी नियमावलीको नियम १५ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम १५.वस्तुको आपूर्ति स्थानको निर्धारणः देहायको स्थानलाई वस्तुको आपूर्ति भएको स्थान मानिनेछः***
***(क) बिक्री गरी हस्तान्तरण गरिएको चल वस्तुको आपूर्तिको स्थान जहाँ त्यस्तो वस्तु बिक्री गरिएको वा हस्तान्तरण गरिएको छ सोही ठाउँ,***

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.३**

| |
|---|
| काठमाडौंका एक तयारी पोशाकका थोक बिक्रेताले धनगढीको कुनै खुद्रा व्यापारीलाई पोशाक बिक्री गरेको रहेछन्। तयारी पोशाक कर लाग्ने वस्तु हो। उक्त वस्तुको बिक्री काठमाडौंबाट भएको हुँदा उक्त वस्तुको आपूर्तिको स्थान बिक्रेताको कारोबारस्थल काठमाडौं हुन्छ। |

*(ख) स्वामित्व परिवर्तन गरिए पनि स्थान परिवर्तन गर्न नसकिने अचल वस्तुको सम्बन्धमा त्यस्तो वस्तु रहेको ठाउँ,*

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.४**

| |
|---|
| मानौं विराटनगरस्थित नेपाल बिस्कुट उद्योगलाई कुनै अर्को कम्पनीले खरिद गरेको रहेछ। विराटनगरमा स्थापित उद्योगको दर्ता काठमाडौंस्थित कम्पनी रजिष्ट्रारको कार्यालयमा रहेको छ। उद्योग खरिद बिक्री कारोबारमा कारोबारमा शेयरहरुको खरिद बिक्री हुने गर्दछ। शेयर हस्तान्तरणमा मूल्य अभिवृद्धि कर आकर्षित हुंदैन। साविकका शेयरधनीहरुबाट नयाँ शेयरधनी सम्बन्धी सम्पूर्ण कानूनी कार्यवाही काठमाडौंस्थित कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको रहेछ। यस्तो अवस्थामा आपूर्तिको स्थान काठमाडौंस्थित कम्पनी रजिष्ट्रारको कार्यालय नभई विराटनगर स्थित उद्योगको कारोबारस्थल नै हुन्छ। उद्योग एकमुष्टरुपमा बिक्री भएको र उद्योगलाई एक अचल वस्तुको रुपमा मानिएको हुँदा सोही स्थानलाई आपूर्तिको स्थान भनिन्छ। |

*(ग) आयात गरिएको वस्तुको सम्बन्धमा त्यस्तो वस्तु नेपालभित्र आयात गरिने नेपालको भन्सार बिन्दु,*

*(घ) कुनै उत्पादक वा बिक्रेताले कुनै वस्तु स्वयं आफूलाई आपूर्ति गरेमा त्यस्तो वस्तुको उत्पादक वा बिक्रेता रहेको स्थान।*

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.५**

| |
|---|
| भैरहवामा रहेको एक फलाम उद्योगले नेपालगंजमा पनि नयाँ कारखाना स्थापना गरेको रहेछ। नेपालगंजमा स्थापना भैरहेको कारखानाको लागि आफ्नै उद्योगबाट उत्पादित छडमध्ये ५०० क्विण्टल छड प्रयोग गरेछ। यस्तो अवस्थामा ५०० क्विण्टल छड आपूर्तिको स्थान भैरहवास्थित उद्योग हुन्छ। |

***नियम १६ सेवाको आपूर्ति स्थानको निर्धारणः सेवाको आपूर्ति स्थान सेवाबाट लाभ प्राप्त गर्ने ठाउँ हुनेछ।***

यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.६**

| |
|---|
| मानौं नेपालका एक कानून व्यवसायीले जर्मनीको कुनै एउटा कानूनी फर्मलाई लागु पदार्थसम्बन्धी कुनै परामर्श सेवा उपलव्ध गराएका रहेछन्। जर्मनीमा रहेको कानूनी फर्मले त्यसको प्रयोग अमेरिकामा थुनामा रहेका आफ्नो ग्राहक (Client) लाई थुनामुक्त गर्नको लागि गरेको छ। यस्तो अवस्थामा परामर्श सेवाको आपूर्ति स्थान कुन देशलाई मान्ने ? नेपाल, जर्मनी वा अमेरिका ? प्रस्तुत उदाहरणमा नेपालको कानून व्यवसायीले जर्मनीमा सेवा आपूर्ति गरेका, सो सेवाको उपभोग जर्मनीको कानूनी फर्मले गरेको र सो सेवा उपभोग गरे वापत सेवा शुल्क जर्मनीबाट नेपालमा भुक्तानी पठाइएको हुँदा सेवाको आपूर्तिस्थान जर्मनी हो। यदि जर्मनीको फर्मको सहयोगमा नेपाली कानून व्यवसायीले अमेरिकाको कारागारमा रहेको कैदीलाई सोझै कानूनी सेवा प्रदान गरेको अवस्था भएमा आपूर्तिस्थान अमेरिका हुन्थ्यो। |

आपूर्तिको समय निर्धारण गर्दा विशेषतः बीजक जारी भएको, वस्तु वा सेवा ग्रहण गरेको र भुक्तानी गरेको समयलाई ध्यान दिनुपर्दछ। यी तीन अवस्थामध्ये जुन पहिले घट्दछ त्यसलाई आपूर्तिको समय मानिन्छ।

वस्तु वा सेवाको आपूर्तिको समय निर्धारणको सम्बन्धमा ऐनको दफा ६ को उपदफा (२) मा व्यवस्था रहेको छ।

**दफा ६(२) यस ऐन बमोजिम कर निर्धारण र असुल उपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति देहायको समयमध्येमा जुन पहिले हुन्छ सोही समयमा त्यस्तो वस्तु वा सेवाको आपूर्ति भएको मानिनेछः**

**(क) आपूर्तिकर्ताले बीजक जारी गरेको बखत,**

**(ख) वस्तुको आपूर्तिको हकमा प्रापकले आपूर्तिकर्ताको कारोबारस्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखत,**

**(ग) सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखत,**

**(घ) आपूर्तिकर्ताले वस्तु वा सेवाको प्रतिफल प्राप्त गरको बखत।**

माथि उल्लिखित दफा ६ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित बीजक जारी गरेको समयमा आपूर्ति भएको मानिने विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.७**

| |
|---|
| महेन्द्रनगरका चिया व्यापारी श्री गोविन्द लेखकले झापाका चिया उत्पादक श्री नारायण राजबंशीलाई २०७५ पौष २५ गते ५०० किलोग्राम सि.टि.सी चिया महेन्द्रनगर पठाई दिन अनुरोध गरेको रहेछ। श्री लेखकको अनुरोधलाई स्वीकार गर्दै श्री राजबंशीले २०७५ पौष २८ गते ढुवानी सेवामार्फत चिया र सोको रु.४०,००० मूल्यको कर बीजक महेन्द्रनगर पठाएको रहेछ। उक्त चिया महेन्द्रनगरमा माघ २ गते पुगेछ। प्रस्तुत उदाहरणमा बीजक जारी गरेको, खरिदकर्ताले वस्तु ग्रहण गरेको र मूल्य भुक्तानी गरेको समय फरक फरक रहेका छन्। यी तीन समयमध्ये बीजक जारी गरेको दिन पहिला भएको हुँदा आपूर्तिको समय २०७५ पौष २८ लाई मानिन्छ। |

उल्लिखित दफा ६ को उपदफा (२) को खण्ड (ख) बमोजिम वस्तुको आपूर्तिको हकमा प्रापकले आपूर्तिकर्ताको कारोबारस्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखत आपूर्ति भएको मानिने विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.८**

| |
|---|
| मानौं काठमाडौं हार्डवेयर भन्ने पसल काठमाडौंमा संचालनमा रहेको छ। उक्त पसलले विभिन्न डिलरहरुबाट उधारोमा सिमेण्ट खरिद गरी कारोबार गर्दछ। खरिद भएको सिमेण्ट बिक्री गरी रकम प्राप्त भएपछि डिलरलाई भुक्तानी गर्ने गरेको र सोही बखत खरिद कारोबारको कर बीजक लिने गरेको रहेछ।<br>उपर्युक्त उदाहरणमा बीजक जारी गरेको र प्रतिफल भुक्तानी गरेको समयभन्दा पहिले वस्तु ग्रहण गरेकोले वस्तु उठाएको वा ग्रहण गरेको बखतलाई आपूर्तिको समय मानिन्छ। |

यसै गरी माथि उल्लिखित दफा ६ को उपदफा (२) को खण्ड (ग) मा उल्लिखित सेवाको हकमा सो सेवा प्राप्त भएको वा सो वापतको बीजक जारी भएको वा भुक्तानी प्राप्त भएको समय मध्ये जुन पहिले हुन्छ सो समयमा सो सेवा आपूर्ति भएको वा प्राप्त भएको मानिनेछ। यस सम्बन्धमा निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.९**

| |
|---|
| मानौं लोकसेवा आयोगले निजामती सेवाको रा.प.तृतीय श्रेणीको विज्ञापन प्रकाशन गर्न गोरखापत्र संस्थानलाई २०७२ कार्तिक २५ गते आइतबार पत्र लेखी सोही दिन संस्थानमा दर्ता गराएको रहेछ। विज्ञापनसम्बन्धी सूचना बुधबारको अंकमा छापिने भएको हुँदा गोरखापत्रको बुधबार अंकमा उक्त सूचना प्रकाशित भएछ। विज्ञापन सेवा बुधबार प्रदान भएको हुँदा ऐनको दफा ६(१)(ग) बमोजिम सो दिन आपूर्तिको समय हुन्छ। |

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.१०**

| |
|---|
| मानौं कखग टुर एण्ड ट्राभल प्रा.लि.ले विभिन्न किसिमका पर्यटकीय सेवा आपूर्ति गर्दछ। पर्यटकीय सेवा मूल्य अभिवृद्धि कर लाग्ने सेवा हो। उक्त प्रा.लि.ले आपूर्ति गर्ने विभिन्न टुर प्याकेजहरुको बुकिङ्ग गर्दा विदेशी वा स्वदेशी टुर कम्पनी वा पयर्टकबाट अग्रिम भुक्तानी प्राप्त गर्ने गर्दछ। टुर प्याकेजमा बसोबास खर्च, खाना खर्च, विभिन्न पर्यटकीयस्थलको अवलोकन भ्रमणको प्रवेश शुल्क, यातायात शुल्क आदि समावेश रहेको छ। विदेशी पर्यटकहरु नेपाल प्रवेश गरे पछि र स्वदेशी पयर्टकले भ्रमण शुरु पछि उक्त टुर प्याकेजको उपभोग गर्दछन् र उक्त टुर प्याकेज समाप्त भए पश्चात् उक्त प्रा.लि. ले कर बीजक जारी गर्ने र बाँकी रकम विदेशी वा स्वदेशी टुर कम्पनी वा पर्यटकबाट भुक्तानी प्राप्त गर्दछ।<br>यसमा पर्यटकीय सेवा आपूर्ति भएको समय, सो वापतको बीजक जारी भएको मितिभन्दा अगावै अर्थात टुर प्याकेज बुकिङ्गका बखत अग्रिम भुक्तानी प्राप्त भएको हुँदा सो समयलाई नै सेवा आपूर्तिको समय मानिनेछ।<br>(तर आर्थिक ऐन,२०७८ ले मू.अ.कर ऐन,२०५२ मा संशोधन गरी ट्रेकिङ्ग तथा टुर प्याकेजमा मू.अ.कर नलाग्ने व्यवस्था गरेको) |

यसैगरी ऐनमा कुनै वस्तु वा सेवा कुन समयमा आपूर्ति भएको हो भन्ने कुरा यकिन गर्ने सम्बन्धमा देहायको व्यवस्था रहेको छः

**दफा ६(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थाहरुमा देहाय बमोजिमको समयलाई आपूर्ति समय मानिनेछः**

**(क) निरन्तररुपमा आपूर्ति हुने दूरसंचार सेवा वा त्यस्तै अन्य सार्वजनिक सेवाहरुको हकमा बीजक जारी गर्दाको समय,**

**(ख) करार बमोजिम किस्ताबन्दी रुपमा कुनै वस्तु वा सेवाको मूल्य एकभन्दा बढी दिनमा आंशिक रुपमा भुक्तानी हुने व्यवस्था भएकोमा भुक्तानी भएको वा करारमा भुक्तानी गर्नुपर्ने भनेर उल्लेख गरिएको दिनमध्ये जुन पहिले हुन्छ सो समय,**

**(ग) यस ऐन अन्तर्गत कर कट्टी सुविधा प्राप्त नहुने गरी प्रयोग भएका वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु वा सेवा प्रयोग भएको समय।**

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.११**

| |
|---|
| काठमाडौं न्युरोडको स्टार टेलिभिजन पसलले किस्तावन्दीरुपमा टेलिभिजन बिक्री गर्ने गरेको रहेछ। सो फर्मको किस्ताबन्दी कार्यक्रमको लागि तयार गरिएको सम्झौतापत्र बमोजिम रु.२० हजार मूल्यको टेलिभिजन खरिद गर्ने व्यक्तिले शुरुमा ४० प्रतिशत रकम अर्थात रु.८ हजार नगद भुक्तानी गर्नुपर्ने, त्यसपछि मासिकरुपमा रु.१ हजार र मासिक १ प्रतिशतले व्याज भुक्तानी गर्नुपर्ने रहेछ। किस्तावन्दी रकम प्रत्येक महिनाको मसान्तभित्र बुझाउनु पर्ने उल्लेख भएको रहेछ। एक उपभोक्ताले रु.२० हजार मूल्यको एउटा टेलिभिजन २०७२ पौष ७ गते रु.८ हजार नगद भुक्तानी गरी माथि उल्लेख भएको शर्तमा खरिद गरेका रहेछन्। २०७२ माघ महिनाको रु.१ हजार र व्याज किस्ताबन्दी रकम माघमसान्तभित्र भुक्तानी प्राप्त नभई माघ र फागुन महिनाको किस्ताबन्दी रकम फागुनको ५ गते प्राप्त भएको रहेछ। यस्तो अवस्थामा दफा ६(३)(ख) बमोजिम माघ महिनाको सेवाको आपूर्तिको समय २०७२ माघमसान्त र फागुन महिनाको सेवा आपूर्ति समय फागुन ५ गतेलाई मानिन्छ। माघ महिनाको किस्ताबन्दी रकम भुक्तानी भएको समय (फागुन ५ गते) भन्दा भुक्तानी गर्नुपर्ने भनी सम्झौतामा उल्लेख भएको समय (माघमसान्त) पहिले छ। फागुन महिनाको किस्ताबन्दी रकम सो महिनाको मसान्तमा बुझाउनु पर्ने भए तापनि उपभोक्ताले अग्रिम रुपमा फागुनको ५ गते नै बुझाएको हुँदा सोही दिनलाई आपूर्ति समय मानिन्छ। |

उपर्युक्त अनुसार कुनै वस्तु वा सेवाको आपूर्ति एकभन्दा बढी समयमा आपूर्ति हुन सक्ने अवस्था विद्यमान भएमा आपूर्तिको समयको निर्धारण महानिर्देशकले तोके बमोजिम हुने व्यवस्था ऐनले गरेको छ।

**दफा ६(४) कुनै कारोबारको आपूर्ति समयको सम्बन्धमा उपदफा (२) मा उल्लिखित अवस्थाहरुमध्ये एकैपटक एकभन्दा बढी अवस्थाहरु लागु हुन सक्ने भएमा त्यस्तो कारोबारमा आपूर्तिको समयको निर्धारण महानिर्देशकले वस्तुगत आधारमा तोके बमोजिम हुनेछ।**

## ४.३ भुक्तानी (अग्रिम समेत) को बदलामा आपूर्ति (Supplies against Payment including Advance)

मूल्य अभिवृद्धि कर प्रणालीमा प्रतिफल अग्रिम, तत्काल वा बिलम्बितरुपमा प्राप्त हुन सक्दछ। कुनै वस्तु वा सेवा आपूर्ति गर्ने गरी खरिदकर्ताले बिक्रेतालाई कुनै अग्रिम भुक्तानी गरेको छ भने यस्तो अग्रिम भुक्तानी उक्त वस्तु वा सेवासँग सम्बद्ध रहेको हुन्छ। यस्तो अग्रिम भुक्तानी आपूर्तिलाई प्रोत्साहन गर्ने माध्यम मात्र हो। अग्रिम भुक्तानीलाई आपूर्तिको अभिन्न अंग मानिन्छ। तर पूर्ण प्रतिफल (Full Consideration) प्राप्त गरी सकेको मात्र हुँदैन। साबिकमा कुनै कर छुट रहेका वस्तु वा सेवा आपूर्तिको लागि प्राप्त अग्रिम भुक्तानी हाल कर लाग्ने अवस्थामा परिवर्तन भएमा र साविकमा कर लाग्ने वस्तु वा सेवा हाल कर छुट हुने वस्तु वा सेवामा परिवर्तन भएमा अग्रिम भुक्तानीको कर असर (Tax Effect) बेग्लाबेग्लै हुन्छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६ ले आपूर्तिकर्ताले कुनै वस्तु तथा सेवाको प्रतिफल प्राप्त गरेको बखतलाई आपूर्तिको समय मानेको छ। मानि लिउँ कुनै आपूर्ति अग्रिम भुक्तानी प्राप्त गर्दाको समयमा कर नलाग्ने आपूर्ति रहेछ। तर पछि उक्त वस्तु वा सेवा आपूर्ति हुँदाका बखत करयोग्य भएको रहेछ भने उक्त आपूर्तिमा कर असूली गर्नुपर्दछ। कर लाग्नुको मुख्य कारण वस्तु तथा सेवा उपभोग गरेको समयमा उक्त वस्तु वा सेवा करयोग्य भएकोले हो। हाल कर लाग्ने वस्तु वा सेवाको रुपमा परिणत भएका त्यस्ता वस्तुको आपूर्तिसँग सम्बन्धित खरिद, पैठारी वा उत्पादनमा कुनै कर तिरेको भए सोको विवरण तथा प्रमाणसहित १५ दिनभित्र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १६ पेश गरी क्रेडिट दावी गर्न सकिन्छ।

यसै गरी साविकमा कर लाग्ने वस्तु वा सेवा आपूर्ति गर्ने गरी कुनै बिक्रेतालाई अग्रिम भुक्तानी प्राप्त भएको छ तर उक्त वस्तु वा सेवा आपूर्ति गर्ने समयमा कर छुट हुने वस्तु वा सेवाको रुपमा परिवर्तन भएको छ भने उक्त आपूर्तिमा कर असूली गर्नुपर्दैन। किनकी अग्रिम भुक्तानी दिने र लिने व्यक्तिहरु बीच निश्चित परिमाण र गुणस्तरका वस्तु वा सेवाहरु निश्चित समयमा आपूर्ति गर्ने लिखित एवं मौखिक सम्झौता भएको हुन्छ र अग्रिम भुक्तानी लिने र दिने कारोबारले पक्षहरु बीच निश्चित अधिकार र दायित्व सिर्जना गरेको हुन्छ। हाल कर छुट हुने वस्तु वा सेवाको रुपमा परिणत भएका त्यस्ता वस्तुको खरिद, पैठारी वा उत्पादन गर्दा साबिकमा कुनै कर तिरेको भए मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) को आधारमा कर कट्टी दावी गर्न नपाईने भएको हुँदा सोको हिसाब विवरण तयार गरी तिरेको कर ऐनको दफा १८ बमोजिम पेश गरिने कर विवरणको अन्य थपघटको डेबिटतर्फ समावेश गरी समायोजन गर्नुपर्दछ। कर लाग्ने वस्तु वा सेवा हाल कर छुटका वस्तु वा सेवाको रुपमा परिवर्तन भएको कारणले दर्ता खारेज गर्नुपर्ने अवस्था सिर्जना भएमा मौज्दातमा रहेका व्यापारिक एवं पुँजीगत वस्तुलाई ऐनको दफा ११ को उपदफा (३) बमोजिम बजार मूल्यमा आपूर्ति गरेको मानी कर निर्धारण गरी असुल गर्नुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा निम्न उदाहरणबाट प्रष्ट पारिएको छः

**उदाहरण ४.१२**

एबिसी प्रा.लि.ले कुखुराका अण्डा राख्ने क्रेट बिक्री गर्ने कारोबार गर्दछ। उक्त प्रा.लि. र कुनै कुखुराका अण्डा उत्पादन गर्ने फर्मबीच प्रति क्रेट रु.१ मा ५ लाख संख्यामा क्रेट खरिद बिक्री गर्ने गरी मिति २०७० जेठ महिनामा सम्झौता सम्पन्न भएको थियो। सम्झौतामा हस्ताक्षर भएको मितिले ३ महिनाभित्र क्रेट आपूर्ति गर्ने र सम्झौता भएको मितिमा कुल मूल्यको २५ प्रतिशत रकम अग्रिम भुक्तानी गरिने र बाँकी रकम सम्पूर्ण क्रेट आपूर्ति भएको ७ दिनभित्र खरिदकर्ताले भुक्तानी गर्ने शर्त उल्लेख रहेको छ। क्रेट उत्पादकले २०७० आषाढ मसान्तसम्ममा ३ लाख संख्यामा क्रेट आपूर्ति गरिसकेको छ र सो अवधि सम्ममा अझ २ लाख क्रेट आपूर्ति गर्न बाँकी रहेको छ। आर्थिक ऐन, २०७० ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा संशोधन गरी कुखुराका अण्डा राख्ने क्रेटलाई कर छुट हुने वस्तुमा परिवर्तन गरेको छ। सम्झौता भएको अवधिमा कुखुराको अण्डा राख्ने क्रेटमा मूल्य अभिवृद्धि कर छुट थिएन।

क्रेट आपूर्ति गर्ने सम्झौता गर्दा र अग्रिम भुक्तानी प्राप्त गर्दाका बखत कुखुराको अण्डा राख्ने क्रेट करयोग्य वस्तु हो र उक्त वस्तुको केही परिमाण आपूर्ति भएको र केही परिमाण आपूर्ति हुन बाँकी रहेको बखत ऐनमा भएको परिवर्तनको कारणले २०७० श्रावणदेखि उक्त वस्तु कर छुटमा परिवर्तन भएको छ। २०७० आषाढ मसान्तसम्ममा आपूर्ति भएको ३ लाख क्रेटमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। तर श्रावणदेखि उक्त वस्तुमा कर छुट भएको हुँदा पूर्व निर्धारित सम्झौता बमोजिम बाँकी २ लाख संख्यामा क्रेट आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर आकर्षित हुँदैन। यस्ता २ लाख क्रेट उत्पादन गर्दा वा स्थानीयरुपमा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर ऐनको दफा ५ को उपदफा (३) बमोजिम कर कट्टी नपाउने भएको हुँदा सो हदसम्मको क्रेडिटलाई करदाता स्वयंले कर विवरणमा समायोजन गर्नुपर्दछ। यदि करदाताले दावी गरेको नपाउने क्रेडिट आफैं डेबिट समायोजन गरेको नपाइएमा कर अधिकृतले कर निर्धारण गरी असुल गर्नुपर्दछ।

## ४.४ आयातको स्थान (Place of Import)

नेपालभित्र आयात गर्ने सिलसिलामा कुनै आयातकर्ताले भन्सार विन्दुमा आयात गरिएका वस्तु तथा सेवाको पूर्ण विवरण, मूल्य, गुणस्तर र परिमाणसहित घोषणा गर्छ भने त्यसलाई आयातको स्थान भनिन्छ। यसरी आयात गरी

प्रज्ञापनपत्रमार्फत घोषणा गरिएका वस्तु तथा सेवालाई भन्सार कार्यालयले आयातको रुपमा गणना गर्छ। नियमावलीको नियम १५ को खण्ड (ग) बमोजिम यस्तो अवस्थामा वस्तुको आपूर्तिको स्थान भन्सार विन्दुलाई मानिन्छ र भन्सार महसूलको साथसाथै मूल्य अभिवृद्धि कर असूल गरिन्छ। आयातित वस्तुको हकमा भन्सार प्रयोजनको लागि कायम गरेको मूल्यमा भन्सार कार्यालयले असुल गर्ने मूल्य अभिवृद्धि कर बाहेक अन्य सबै कर तथा शुल्क जोडी हुन आउने रकमलाई करयोग्य मूल्य मानिन्छ। भन्सार कार्यालयले करयोग्य मूल्य कायम गर्दा आयातकर्ताले घोषणा गरेको वस्तुको मूल्य, ढुवानी खर्च, बीमा प्रिमियम, हवाई वा स्थल यातायात ढुवानी भाडा, एजेण्ट वा अन्य कुनै व्यक्तिलाई दिइने कमिशन, शुल्क, दस्तुर तथा भन्सार महसूल, अन्तःशुल्क आदि समावेश गर्दछ। भन्सार कार्यालयले कायम गरेको करयोग्य मूल्यमा १३ प्रतिशतले मूल्य अभिवृद्धि कर असुल गरिन्छ।

### ४.५ आयात मूल्यमा घटबढ (Increace/Decrease in Import Value)

आयात गरिएको कुनै वस्तुको मूल्य भंसार जाँचपास पछिको परीक्षण (Post Clearance Audit) वा छडके जाँच गर्दा घोषणा मूल्य भन्दा घटबढ हुनगएमा वृद्धि/कमी हुन आएको मूल्य र परीक्षणबाट थपिने दण्ड जरिवानामा भंसार प्रशासनबाट थप प्रज्ञापन पत्र जारी गरी मूल्य अभिवृद्धि कर असुल/फिर्ता गरिन्छ। भंसार विन्दुमा जारी गरिने प्रज्ञापन पत्र कर विजक सरह मानिएको भएतापनि भंसार जाँचपास पछिको परीक्षण (Post Clearance Audit) पश्चात जारी भएको प्रज्ञापन पत्रको आधारमा तिरिएको मूल्य अभिवृद्धि कर रकम कर नभै जरिवाना सरह हुने भएकोले कर कट्टी सुविधा दिन मिल्दैन।

### ४.६ निर्यातको अस्वीकृति (Rejection of Export)

नेपालमा उत्पादित वस्तु तथा सेवालाई मुलुकबाहिर बिक्री, विनिमय, हस्तान्तरण गर्ने कार्यलाई निर्यात वा निकासी भन्ने गरिन्छ। ऐनको अनुसूची २ अनुसार नेपालबाहिर हुने निकासी कारोबारमा शून्य दरले कर लाग्दछ। नेपालबाट निकासी भएको वस्तुलाई गुणस्तर वा परिमाणमा वा यस्तै कुनै कारण जनाई विदेशमा अवस्थित आयातकर्ताले ती वस्तु तथा सेवा प्राप्त गर्न वा बुझ्न अस्वीकार गरेको खण्डमा उक्त निकासी भएका वस्तु तथा सेवा पुनः नेपालभित्र फिर्ता आउन सक्छन्। यसरी फिर्ता आएका वस्तुलाई आयात भएको मानी कर असूल गर्ने वा पूर्ववत् निकासीलाई अस्वीकार गरिएको मानी कर असुल नगर्ने भन्ने प्रश्न महत्वपूर्ण रहेको छ। एक पटक निर्यात भैसकेको हुँदा ती वस्तु तथा सेवा उत्पादन वा खरिद गर्दा साविकमा तिरेको कर करदाताले कर कट्टी दावी गरेको वा कर फिर्ता दावी गरी फिर्ता प्राप्त गरिसकेको पनि हुन सक्दछ। तसर्थ पुनः आयातित वा विदेशबाट फिर्ता भै आएका वस्तुको मिलान गर्न बाँकी कुनै कर नहुन पनि सक्दछ।

निर्यातको अस्वीकृति (Rejection of Export) लाई निर्यात खारेजी (Annulment of Export) को रुपमा व्यवहार गर्नको लागि उक्त निर्यातकर्ताले विदेशस्थित खरिदकर्ताले निर्यातित वस्तुलाई अस्वीकार गरेको कारण र पर्याप्त आधार तथा सोसँग सम्बन्धित प्रमाण कागजातहरु पेश गर्नुपर्ने हुन्छ। निर्यातकर्ताले यस्तो प्रमाण र कागजात पेश गर्न नसकेमा फिर्ता हुने वस्तुलाई आयात मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने हुन्छ। तर यसरी फिर्ता आउने वस्तु वा सेवामा आवश्यक परिमार्जन गरी पुनः निर्यात गरिने अवस्था विद्यमान रहेमा मूल्य अभिवृद्धि कर वापत धरौटी माग गर्नुपर्दछ। कुनै करदाताले निर्यात गरेको कुनै वस्तु कुनै कारणले फिर्ता आई भन्सार विन्दुमा पैठारी सरह मूल्य अभिवृद्धि कर तिरेमा वा सो वस्तु पूनः निर्यात गर्ने भनी धरौटी राखेको अवस्थामा सो वस्तु तोकिएको समयमा पुनः निर्यात नगरेमा भन्सारमा कायम हुने आयात मूल्यमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २८ को उपदफा (१क) मा निम्नानुसारको व्यवस्था गरिएको छ।

**दफा २८ को उपदफा (१क) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई त्यस्तो मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मूल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता दिइनेछ। यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ।**

## ४.७ कर छुटको आपूर्तिः

मूल्य अभिवृद्धि कर प्रणालीमा कर प्रयोजनको लागि आपूर्तिलाई दुई किसिमबाट वर्गीकरण गरिएको छ। पहिलो कर लाग्ने आपूर्ति र दोश्रो कर नलाग्ने आपूर्ति। कर लाग्ने आपूर्तिलाई करयोग्य आपूर्ति भनिन्छ भने कर नलाग्ने आपूर्तिलाई कर छुटको आपूर्ति भनिन्छ। कराधार विस्तार गर्न र मूल्य अभिवृद्धि कर लगायत समग्र कर प्रणालीको सफल कार्यान्वयनको लागि प्रायः सबै वस्तु तथा सेवाको उपभोगलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याउनु पर्दछ भन्ने सैद्धान्तिक मान्यता रहेको पाइन्छ। तर पनि आधारभूत कृषि उत्पादन एवं अत्यावश्यक वस्तु, कर असुलीमा सिर्जना हुने प्रशासनिक जटिलता, असुलीको लागत र आर्थिक लागतलाई मध्यनजर गरी केही वस्तु तथा सेवामा कर छुट दिने अन्तर्राष्ट्रय प्रचलन रही आएको छ। नेपालमा पनि कर छुटका वस्तु तथा सेवालाई परिभाषित गर्दा यहि सिद्धान्त अपनाइएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लिखित वस्तु तथा सेवाहरुमा कर छुट हुने व्यवस्था गरिएको छ। कर छुटको आपूर्तिमा करदाताले कर संकलन गर्नुपर्दैन। त्यसै गरी आपूर्तिसँग सम्बद्ध खरिदमा तिरेको कुनै कर कट्टी दावी गर्न पाईंदैन। ऐनको दफा ५ को उपदफा (३) मा यस सम्बन्धी व्यवस्था गरिएको छ।

**दफा ५ को उपदफा (३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची १ मा उल्लिखित वस्तु वा सेवाहरुको कारोबारमा कर लाग्ने छैन। साथै त्यस्तो वस्तु वा सेवाको खरिदमा पहिले लागेको कर दफा १७ बमोजिम कट्टी गर्न र दफा २४ बमोजिम फिर्ता लिन पाइने छैन।**

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.१३**

| |
|---|
| ऐनको अनुसूची १ को समूह ७ बमोजिम पुस्तकलाई कर छुटको वस्तु भनी परिभाषित गरिएको छ। पुस्तकको खरिद तथा बिक्रीमा मूल्य अभिवृद्धि कर लाग्दैन। पुस्तक तयार गर्दा कागज, मसी तथा मुद्रण कार्य आवश्यक पर्दछ। अनुसूची १ मा कागज, मसी, मुद्रण कार्यलाई समावेश नगरिएको हुँदा यी वस्तु तथा सेवाको खरिद गर्दा ऐनको दफा ५ को उपदफा (१) बमोजिम कर लाग्दछ। पुस्तक छपाई गर्दा यी वस्तु तथा सेवा खरिद आवश्यक हुने भएकाले यस्तो खरिदमा मूल्य अभिवृद्धि कर तिरेको हुन्छ। कुनै वस्तु वा सेवाको बिक्री गर्दा मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दैन भने ती वस्तुको खरिद वा उत्पादन वा पैठारीमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न वा करफिर्ता दावी गर्न पनि पाईंदैन। पुस्तक प्रकाशन गरी बिक्री वितरण गर्ने व्यक्तिले पुस्तक बिक्री गर्दा कर असुल गर्न नपर्ने हुँदा पुस्तक छपाई गर्ने प्रयोजनको लागि खरिद गरेका कागज, मसी जस्ता वस्तुमा तिरेको कर कट्टी गर्न पाउँदैन। |

## ४.८ वस्तुको आपूर्तिः

वस्तुको आपूर्ति भन्नाले वस्तुको बिक्री, विनिमय वा स्वामित्व हस्तान्तरणलाई बुझिन्छ। यसले मालिकको हैसियतबाट वस्तुको निसर्ग गर्न सक्ने अधिकारको हस्तान्तरणलाई जनाउँदछ। वस्तुलाई परिभाषित गर्दा यसले सबै मूर्त, अमूर्त, व्यक्तिगत वा वास्तविक (Personal & Real) सम्पत्तिलाई समेटेको हुन्छ। जस अन्तर्गत व्यापारिक मौज्दात, पुँजीगत सामग्री, भवन जस्ता स्थिर सम्पत्ति समेत पर्दछन्। वस्तुको आपूर्ति हुनको लागि निम्न अवस्था विद्यमान रहेको हुनु पर्दछः

क. कुनै सम्पत्तिको निसर्ग गर्न सक्ने अधिकारको हस्तान्तरण भएको,
ख. किस्ताबन्दीमा गरिएको कुनै वस्तुको बिक्री।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले वस्तुको सम्बन्धमा देहाय बमोजिमको परिभाषा दिएको छः

**दफा २(ङ) "वस्तु" भन्नाले चल वा अचल दुबै किसिमको सम्पत्ति सम्झनु पर्दछ।**

## ४.९ स्वःआपूर्ति (Self Supply)

मूल्य अभिवृद्धि कर प्रयोजनको लागि स्वःआपूर्ति भन्नाले बिक्री प्रयोजनको लागि खरिद वा उत्पादन गरिएको वस्तु वा सेवा करदाता स्वयंले आफ्नो व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने कार्यलाई जनाउँछ। स्वःआपूर्ति गरिएको वस्तु र सेवाको समेत सामान्यतया मूल्य अभिवृद्धि कर बीजक जारी गरी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। व्यवसायिक कारोबारमा प्रयोग गर्ने गरी स्वःआपूर्ति गरिएका वस्तु वा सेवामा कर बीजक जारी गरी कारोबार जनाएकोमा सोही रकम पुनः ऐनको दफा १७ बमोजिम कर कट्टी दावी गर्न सकिन्छ। यस्तो अवस्थामा करको असर शून्य हुने भए तापनि करयोग्य कारोबार गर्ने व्यक्तिले बीजक जारी नगरी कुनै पनि करयोग्य आपूर्ति गर्न ऐनले प्रतिबन्ध लगाएको कारणले स्वःआपूर्तिमा समेत बीजक जारी गर्नुपर्ने व्यवस्था गरिएको हो। यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ४.१४**

मानौं सिया सरावगी प्लाइउड भन्ने कुनै फर्मले प्लाइउड खरिद बिक्री गर्ने व्यापार गर्दो रहेछ। सो व्यवसाय मूल्य अभिवृद्धि करमा दर्ता रहेको छ। उक्त फर्मले आफ्नो कार्यालयमा आवश्यक फर्निचर बनाउन मौज्दातमा रहेका प्लाइउडमध्ये एक हजार स्क्वायर फिट प्लाईउड स्वःउपभोग गरेको रहेछ। उक्त प्लाइउड निजले आफ्नै कार्यालयको फर्निचर निर्माण गर्ने सिलसिलामा प्रयोग गरेको भए तापनि उक्त परिमाणको प्लाइउड निजले आफैंलाई बिक्री गरेको मानी लागत मूल्यमा कर बीजक जारी गरी कर असुल गर्नुपर्दछ। निजले जारी गरेको त्यस्तो बीजकबाट तिरेको कर दफा १७ बमोजिम करयोग्य खरिदमा तिरेको कर सरह कर कट्टी दावी गर्न पाउँछ। सो फर्मले आफ्नै प्रयोजनका लागि प्रयोग गरेको प्लाइउडको कर बीजक जारी नगरेमा कर अधिकृतले सो परिमाणको प्लाइउड बजार मूल्यमा बिक्री गरेको मानी ऐनको दफा २० को उपदफा (१) को खण्ड (घ) बमोजिम कर निर्धारण गर्नुपर्दछ।

तर कुनै करदाताले खरिद वा पैठारी गरेको वस्तु वा सेवा वा आफैंले उत्पादन गरेको मुख्य वा कुनै सह उत्पादनलाई आफ्नो व्यापार मौज्दात अर्थात आफूले कारोबार गर्ने वस्तु वा सेवाको उत्पादन वा निर्माण वा जडानमा कच्चा पदार्थ वा प्याकिंग सामग्री वा सहायक कच्चा पदार्थ वा इन्धन वा सहायक सामग्रीको रुपमा प्रयोग गरेमा त्यसरी प्रयोग भएको हदसम्मको परिमाणको भने कर बीजक जारी गरिरहनु पर्दैन। यद्यपि त्यसरी

प्रयोग भएका वस्तुको प्रयोग र त्यसबाट भएको उत्पादन वा निर्माणको अभिलेख राखि कर अधिकृतले माग गरेको खण्डमा पेश गर्नुपर्दछ।

**उदाहरण ४.१५**

नेपाल सुगर ई.ले मूलतः चिनी उत्पादनको कार्य गर्दछ। चिनी उत्पादन गर्ने क्रममा सो उद्योगले चिनी उत्पादन गर्ने क्रममा सह उत्पादन (By-Product) को रुपमा उखुको खोष्टा वा बगास (Bagasse) र मोलासिस समेत उत्पादन गर्दछ। यस उद्योगले उखुको खोष्टालाई चिनी उत्पादन गर्ने क्रममा इन्धनको रुपमा प्रयोग गर्दछ। त्यस्तै उद्योगले आफ्नो छुट्टै प्लान्टबाट मोलासिसको प्रयोग गरी स्प्रिट समेत उत्पादन गर्दछ। यस्तो अवस्थामा यस उद्योगले इन्धनका रुपमा प्रयोग गरेको हदसम्मको उखुको खोष्टा वा बगास तथा स्प्रिट उत्पादन गर्न प्रयोग गरेको हदसम्मको मोलासिसलाई बिक्री मानी कर बीजक जारी गर्नुपर्दैन।

एक प्राकृतिक व्यक्तिको निजी व्यक्तित्व (Private Personality) र करयोग्य व्यक्तित्व (Taxable Personality) रहेको हुन्छ। घरेलु वा वैयक्तिक उपभोगको लागि खरिद गरिएका उपभोग्य वा पुँजीगत वस्तुलाई स्वःआपूर्ति मानिंदैन। व्यवसायिक प्रयोजनको लागि उत्पादन गरिएका वा स्थानीय व्यक्तिबाट खरिद गरिएका वा अन्य मुलुकबाट पैठारी गरिएका कुनै कर लाग्ने वस्तु वा सेवालाई सम्बन्धित व्यवसायका मालिक वा कर्मचारीहरुले निजहरुको व्यक्तिगत उद्देश्य प्राप्तिको लागि प्रयोग वा उपभोग गरेको अवस्थामा त्यस्तो आपूर्ति स्वःआपूर्ति नभइ बिक्री नै मानिन्छ। यस्तो बिक्रीमा कर बीजक जारी गर्नुपर्दछ। तर यस्तो आपूर्तिमा तिरेको कर ऐनको दफा १७ बमोजिम कर कट्टी गर्न पाईंदैन। यदि निजी प्रयोजनको लागि गरिएको यस्तो खरिदमा तिरेको कर कट्टी दावी गरिएको भए कर अधिकृतले ऐनको दफा २० को उपदफा (१) को खण्ड (घ) बमोजिम कर निर्धारण गर्नुपर्दछ।

## ४.१० मिश्रित/सम्मिलित आपूर्ति (Mixed/Composite Supply)

मिश्रित आपूर्ति भन्नाले कर लाग्ने र कर छुट हुने दुवै किसिमका वस्तु वा सेवाहरु सम्मिलित आपूर्तिलाई बुझाउँछ। मिश्रित आपूर्ति स्वरुपमा एउटै आपूर्ति देखिए पनि सारमा करयोग्य र करछुट भएका वस्तु तथा सेवाको संमिश्रण रहेको हुन्छ र दुवै आपूर्तिलाई स्पष्ट रुपमा पहिचान गर्न सकिन्छ। मिश्रित आपूर्तिमा मुख्य आपूर्ति करयोग्य वस्तु वा सेवा हो वा करछुट भएका वस्तु वा सेवाको हो भन्ने विषय स्पष्ट हुनुपर्दछ।

एउटा मुख्य आपूर्तिसँग सम्बन्धित ससानो सम्बद्ध (Incidental to main supply) आपूर्तिलाई सम्मिलित आपूर्ति भनिन्छ। मुख्य आपूर्तिको दाँजोमा ससानो आपूर्तिको अस्तित्व पहिचान गर्न कठिन हुन्छ। दुवै अवस्थामा करारोपण अलगअलग किसिमबाट हुनसक्छ। कहिलेकाँही एकल प्रतिफल भएको मिश्रित आपूर्तिमा वस्तुको आपूर्ति हो वा सेवाको आपूर्ति हो भनी निक्यौंल गर्न पनि द्विविधा हुन सक्दछ। यस्ता द्विविधाजनक अवस्थामा आपूर्ति बन्दोबस्तमा के कस्ता प्रावधान उल्लेख गरिएका छन् सो विषयको गहन छानविन गरी निर्णयमा पुग्नु पर्दछ।

यदि कुनै एक वस्तुको आपूर्ति गरिंदैछ र सो आपूर्ति गर्ने सिलसिलामा अन्य ससाना सेवाको आपूर्ति पनि गरिएको रहेछ भने वस्तु वा सेवाको आपूर्तिलाई नछुट्याई त्यस्ता सम्बद्ध सेवालाई मुख्य आपूर्तिसँग आवद्ध गरिनु पर्दछ।

यस विषयलाई निम्न उदाहरणबाट प्रष्ट पार्नेछः

**उदाहरण ४.१६**

| |
|---|
| मानौं कुनै सरकारी विभागले विभाग तथा अन्तर्गतका कार्यालयको संगठन तथा व्यवस्थापन अध्ययन (Organization and Management Study) गरी ३ महिनाभित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न कुनै व्यवस्थापन विज्ञसँग सम्झौता गरेको रहेछ। उक्त अध्ययनको लागि तय भएको कार्यदिश (Terms of Reference) बमोजिमको कार्य सम्पादन गरेमा रु.१५ लाख रुपैयाँ भुक्तानी दिने सहमति भएको रहेछ। कर परीक्षण गर्ने सिलसिलामा मूल्य अभिवृद्धि कर दायित्व कम गर्ने (VAT Avoidance) उद्देश्यले उक्त रु.१५ लाखलाई भ्रमण खर्च, स्टेशनरी खर्च, ल्यापटप खरिद, छलफल र अन्तरक्रिया गर्न होटेल भाडा र आफ्नो सेवा शुल्क आदि खण्डीकृत गरी अलग अलग बीजक बनाई विज्ञको सेवा शुल्कलाई मात्र करयोग्य कारोबार जनाई सो शुल्कमा मात्र कर संकलन गरिएको पाइएमा त्यसलाई संशोधन गरी रु.१५ लाखमा मूल्य अभिवृद्धि कर लगाउनु पर्दछ र उक्त विज्ञले अध्ययनको क्रममा गरेको खर्चमा तिरेको कर ऐनको दफा १७ बमोजिम कट्टी दावी गर्न दिनुपर्दछ। |

मिश्रित आपूर्तिको सम्बन्धमा मिश्रित कारोबारको हकमा करलाग्ने मूल्य सम्बन्धी शीर्षक ३.१५ मा समेत ब्याख्या गरिएको छ।

## ४.११ आपूर्ति भएको मानिने (Deemed Supply) अवस्थाहरुः

वस्तुको आपूर्तिको हकमा आपूर्तिकर्ताले बीजक जारी गरेको बखत वा प्रतिफल प्राप्त गरेको बखत, प्रापकले कारोबारस्थलबाट वस्तु उठाएको वा ग्रहण गरेको बखतमध्ये जुन पहिले हुन्छ सोही समयमा वस्तुको आपूर्ति भएको मानिन्छ। यसैगरी सेवाको आपूर्तिको हकमा सेवा प्रदान भएको बखतलाई आपूर्तिको समय मानिन्छ। तर कहिलेकाँहि उपर्युक्त अवस्थाहरु प्रत्यक्षरुपमा विद्यमान हुंदैनन्। यस अवस्थामा पनि वस्तु वा सेवा आपूर्ति भएको मानिने (Deemed Supply) व्यवस्था ऐनले गरेको छ। प्रत्यक्षरुपमा आपूर्ति भएको अवस्था नहुने तर कुनै करदाताले गरेको कुनै कार्यले कर प्रयोजनका लागि आपूर्ति भएको मान्नु पर्ने ऐनले निर्दिष्ट गरेका अवस्था विद्यमान रहेमा त्यस्ता अवस्थालाई आधारको रुपमा लिई त्यस्तो कार्यलाई आपूर्ति मान्नुपर्दछ। ऐन नियमले देहायका अवस्था विद्यमान रहेमा वस्तु वा सेवाको आपूर्ति भएको मानिने व्यवस्था गरेको छः

### ४.११.१ हुनु पर्ने भन्दा घटी मौज्दात रहेको भएमाः

कुनै करदाताले कर कट्टी लिएका वस्तु वा सेवा मौज्दातमा रहनु पर्नेमा नरहेको वा रहनु पर्ने मौज्दात भन्दा कम रहेको अवस्था देखिएमा कम भएका हदसम्मको परिमाणको वस्तु वा सेवा आपूर्ति वा बिक्री भएको मानिने व्यवस्था छ। यस सम्बन्धमा नियमको नियम ४० को उपनियम (१) मा निम्न व्यवस्था रहेको छः

***नियम ४० को उपनियम (१) कर कट्टी गरिएको वस्तुहरु स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरु कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनु पर्नेछ। कर अधिकृतले त्यस्ता वस्तुहरु हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ।***

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.१७**

| |
|---|
| मानौं श्री भुवन ब्रदर्सले एच पी ब्राण्डका ल्यापटप कम्प्युटर आयात गर्ने गरेको रहेछ। आर्थिक वर्ष २०६५/०६६ मा स्थापना गरिएको उक्त फर्मले आर्थिक वर्ष २०७४।७५ मा HP 6530s ब्राण्डका कुल ५०० थान ल्यापटप पैठारी गरेको रहेछ। सो आर्थिक वर्ष भरिमा ४५० वटा ल्यापटप बिक्री गरेको अभिलेखबाट देखिएछ। २०७५ साल श्रावण १ गते सम्बन्धित आन्तरिक राजस्व कार्यालयले उक्त फर्मको कारोबारस्थलमा भ्रमण गरी मौज्दातको भौतिक परीक्षण गर्दा १० वटा ल्यापटप मात्र मौज्दातमा रहेको पाइएछ। करदाताले ४० थान ल्यापटप मौज्दातमा न्यून भएको स्वीकार गरेछ। यस्तो अवस्थामा ऐनको दफा २० को उपदफा (१) को खण्ड (ज) तथा नियमावलीको नियम ४० को उपदफा (१) र (२) बमोजिम मौज्दातमा नपुग भएका ४० थान ल्यापटप प्रचलित बजार मूल्यमा बिक्री गरेको ठहर गरी कर निर्धारण गर्नुपर्दछ। |

### ४.११.२ खरिद भएका वस्तु तथा सेवाको स्वःउपभोग गरेमाः

दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक आफुले आपूर्ति गरेको बस्तु वा सेवाको लागि कर बीजक जारी गर्नुपर्दछ। यो नियम दर्ता भएको व्यक्तिले स्वःउपभोगका लागि आफुले आफैंलाई आपूर्ति गरेको बस्तु वा सेवाको हकमा पनि लागु हुन्छ। यसको विपरित कसैले स्वःउपभोगका लागि आपूर्ति भएको वस्तु वा सेवाको बीजक जारी नगरेमा स्वःउपभोगलाई आपूर्ति वा बिक्री मानी कर निर्धारण गर्नुपर्दछ। यस सम्बन्धमा यसै परिच्छेदको ४.९ मा विस्तृत ब्याख्या गरिएको छ।

### ४.११.३ कर कट्टी लिएको वस्तु करयोग्य कारोबारमा प्रयोग हुन छाडेमाः

कुनै करदाताले कर कट्टी लिएका वस्तु वा सेवा करयोग्य कारोबारमा प्रयोग हुन छाडेमा ती वस्तु वा सेवा मौज्दातमै रहे पनि आपूर्ति वा बिक्री भएको मानिने व्यवस्था छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (४) मा निम्न व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (४) यस दफा बमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त हुनु भन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानि कर असुल उपर गरिनेछ।**

### ४.११.४ दर्ता खारेजीका बखत करयोग्य वस्तुको मौज्दात रहेमाः

कुनै करदाताको दर्ता खारेजी हुँदाका बखत कर कट्टी लिएका वस्तु वा सेवा मौज्दातमा रहेमा ती वस्तु वा सेवा मौज्दातमै रहे पनि आपूर्ति वा बिक्री भएको मानिने व्यवस्था छ। यस सम्बन्धमा ऐनको दफा ११ को उपदफा (४) मा निम्न व्यवस्था रहेको छः

**दफा ११ को उपदफा (४) पहिले कर कट्टी सुविधा लिई सकेका वस्तुमध्ये दर्ता खारेज हुँदाका बखत बाँकी रहेको पुँजीगत सामान समेतका मौज्दातलाई बजार मूल्यमा आपूर्ति गरेको मानी कर निर्धारण गरी असुल गरिनेछ।**

**स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "पुँजीगत सामान" भन्नाले कुनै सम्पत्ति वा सम्पत्तिको कुनै भाग र करलाग्ने कारोबारमा प्रयोग हुने सम्पत्ति सम्झनु पर्दछ।**

### ४.११.५ नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी पाउन निवदेन नदिएमाः

कुनै करदाताको कर कट्टी लिएका वस्तु नोक्सान भएमा वा उपयोगको म्याद समाप्त भएमा त्यस्ता वस्तु मा तिरेको कर कट्टी पाउन निवेदन दिनु पर्ने व्यवस्था छ। सो व्यवस्थाको कसैले पालना नगरेमा नोक्सान भएका वा उपयोगको म्याद समाप्त भएका वस्तु बजार मूल्यमा आपूर्ति वा बिक्री भएको मानिनेछ। यस सम्बन्धमा नियम ३९क. मा निम्न व्यवस्था रहेको छः

*नियम ३९क.नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्नेः*

*(१) देहायका अवस्था परी कुनै वस्तु हानि नोक्सानी भएमा त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि देहाय बमोजिमको अवधिभित्र कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-*

*(क) आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएमा त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र।*

*(ख) उपयोग गर्ने म्याद सकिएको वस्तुको हकमा साउनदेखि असोजसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको कार्तिक पच्चीस गतेभित्र, कार्तिकदेखि पुससम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको माघ पच्चीस गतेभित्र, माघदेखि चैतसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको वैशाख पच्चीस गतेभित्र र वैशाखदेखि असारसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको साउन पच्चीस गतेभित्र।*

*(२) उपनियम (१) बमोजिम परेको निवेदन छानविन गर्दा हानी नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको देखिएमा कर अधिकृतले त्यस्तो हानी नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको वस्तुमा तिरेको कर कट्टी गर्न दिन सक्नेछ।*

*तर बीमा गरिएको वस्तुको हकमा क्षतिपूर्ति प्राप्त गरेको हदसम्म हुने रकम करदाता स्वंयले करकट्टी गर्न सक्नेछ।*

### ४.१२ सम्बद्ध पक्षहरुबीचको आपूर्तिः

ऐनले यस ऐनको प्रयोजनका लागि बजार मूल्यको परिभाषा गरेको छ। ऐनले कुनै पनि वस्तु वा सेवाको वजार मूल्य असम्बन्धित व्यक्तिहरुका बीच स्वतन्त्र रुपले आपूर्ति भएको त्यस्तै किसिमको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफल बराबर हुने स्पष्ट गरेको छ। यस सम्बन्धमा दफा १३ को उपदफा (१) मा निम्न व्यवस्था रहेको छः

**दफा १३ बजार मूल्यः (१) कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको बजार मूल्यको निर्धारण असम्बन्धित व्यक्तिहरुका बीच स्वतन्त्र रुपले आपूर्ति भएको त्यस्तै** किसिमको **वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ।**

व्यक्तिगत वा वित्तीय स्वार्थ भएका व्यक्तिहरु अर्थात सम्बद्ध व्यक्तिहरुबीच हुने कारोबारमा कारोबार मूल्य कम गरी कर दायित्वलाई प्रभावित गर्ने सम्भावना रहेको हुन्छ। यहि अवस्थालाई दृष्टिगत गरी ऐनमा बजार मूल्यको स्पष्ट परिभाषा गरिएको हो। सम्बद्ध पक्षहरुबीच कुनै वस्तु वा सेवा आपूर्ति गरिएको छ। आपूर्ति वापत प्राप्त हुने प्रतिफल स्वतन्त्र बजार मूल्य (Arms Length Price) भन्दा न्युन रहेको छ भने यस्तो अवस्थामा तिनीहरु बीच भएको कारोबारको प्रतिफल त्यस्तै बस्तु वा सेवाको असम्बन्धित व्यक्तिहरुका बीच भएको कारोबारमा कायम भएको मूल्य बराबर रहेको मानिन्छ र सो कारोबारको यथार्थ कर दायित्व यकिन गरिन्छ। कर प्रशासनले अवलम्बन गर्ने यस्तो नियमलाई कर नियोजन विरुद्धको नियम (Anti Avoidance Rule) भन्न सकिन्छ। यसको अर्थ सम्बद्ध पक्षहरुबीचको करयोग्य आपूर्तिमा कर संकलन गर्दा स्वतन्त्र बजार मूल्यको

नियम वा सिद्धान्त आकर्षित हुन्छ। कर दायित्वलाई न्युन बनाउने वा कर छली गर्ने प्रबन्ध दर्तावाला वा बेदर्तावाला जोसुकै बीचमा हुन सक्दछ। यस्तो नियम खासगरी दर्तावाल करदाताले आफ्नो कर दायित्व बेदर्तावाला व्यक्तिमा सार्न नदिन र कर चुहावट गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न लागु गरिन्छ।

## ४.१३ वित्तीय पट्टा (Finance Lease)

वित्तीय पट्टा आर्थिक रुपले सशर्त बिक्री हो। वित्तीय पट्टालाई बिक्री सरह मानी कर संकलन गर्नुपर्दछ। वित्तीय पट्टा उधारोमा बिक्री गरे सरह हुन्छ। कुनै वस्तु वित्तीय पट्टा अन्तर्गत बिक्री गरिएको अवस्थामा सोही बखत त्यसरी पट्टामा दिइएको सम्पत्तिको कुल मूल्यमा कर बीजक जारी गर्नुपर्दछ। यसमा पट्टा दिने (Lessor) ले पट्टामा बिक्री भएको सम्पत्तिहरुको स्वामित्वका सबै फाईदाहरु (Benefits) र जोखिमहरु (Risks) पट्टा लिने (Lessee) लाई हस्तान्तरण गरी सकेको हुन्छ, केवल कानूनी रुपमा सम्पत्तिहरु हस्तान्तरण हुन मात्र बाँकी रहन्छ।

वित्तीय पट्टा अन्तर्गत बैंक तथा अन्य वित्तीय संस्थाहरुले खरिदकर्ताको तर्फबाट आपूर्तिकर्तालाई मूल्य भुक्तानी गरी वस्तुको स्वामित्व आफ्नो नाममा राखी उपभोग वा प्रयोगको अधिकार खरिदकर्तालाई नै दिने गर्दछन्। खरिदकर्ताले किस्ताबन्दी रुपमा बैक तथा वित्तीय संस्थाहरुलाई रकम भुक्तानी गर्दछन्। सवारीसाधन, आवासगृह, व्यवसायिक कम्प्लेक्स आदि खरिद गर्ने कारोबारलाई उदाहरणको रुपमा लिन सकिन्छ। यसरी खरिद गरिएका पुँजीगत सम्पत्तिको उपभोग आय आर्जन तथा मर्मत सम्भार र जोखिम बहन आदि सबै खरिदकर्ताले लिएको हुन्छ। त्यस्तै, वित्तीय पट्टा अन्तर्गत खरिद गरिएका वस्तुमा तिरेको कर खरिदकर्ताले कट्टी पाउने कानूनी व्यवस्था रहेको हुँदा वित्तीय पट्टा अन्तर्गत वस्तु बिक्री गर्ने व्यक्तिको लागि सो बिक्री स्वाभाविक रुपमा करयोग्य बिक्री हुन्छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (५क) मा निम्न व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (५क) उपदफा (२) को अधिनमा रही वित्तीय पट्टा अन्तर्गत ऋण सम्झौता गरी पैठारी वा खरिद गरिएका पुँजीगत वस्तुहरुमा तिरेको कर सम्बन्धित करदाताले कट्टी गर्न पाउनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.१८**

मानौं श्री किरण डिष्ट्रीव्युटर्सले चाउचाउको थोक व्यापार गर्ने गरेको रहेछ। उक्त फर्म मूल्य अभिवृद्धि करमा दर्ता रहेछ। प्रोप्राइटर किरणले डेलिभरी भ्यान खरिद गर्न उन्नति बैंकबाट रु.१० लाख ऋण लिएका रहेछन्। डेलिभरी भ्यानको सम्पूर्ण मूल्य उन्नति बैंकले भुक्तानी दिई ऋण चुक्ता नभएसम्म सो डेलिभरी भ्यानको स्वामित्व आफ्नै नाममा राखेको रहेछ। बैंक तथा किरण बीच मासिक रु.२५ हजार र व्याजसहितको किस्ता तिर्ने सम्झौता भएको छ।

श्री किरण डिष्ट्रीव्युटर्सले व्यवसायिक प्रयोजनको लागि खरिद गरेको डेलिभरी भ्यानको स्वामित्व आफ्नो नाममा नभए पनि उक्त भ्यानको प्रयोग करयोग्य कारोबारमा भएको हुँदा खरिदमा तिरेको रु.१ लाख ३० हजार मूल्य अभिवृद्धि कर ऐन,२०५२को दफा १७को उपदफा (५क)बमोजिम कर कट्टी दावी गर्न सक्छन्।

## ४.१४ संचालन पट्टा (Operating Lease)

संचालन पट्टा (Operating Lease) भन्नाले कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको चल वा अचल सम्पत्ति कुनै निश्चित अवधिको लागि निश्चित सेवा शुल्क भुक्तानी प्राप्त गर्ने गरी अन्य व्यक्तिलाई प्रयोगाधिकार हस्तान्तरण गर्ने कार्यलाई बुझिन्छ। संचालन पट्टामा संलग्न व्यक्तिहरु बीच आपसी सहमति गरी पट्टामा दिइएको सम्पत्ति

प्रयोग गर्न दिने र लिने विषयमा केही शर्तहरु निर्धारण गरिएको हुन्छ। संचालन पट्टामा सम्पत्ति आपूर्ति गर्दा पट्टा दिने (Lessor) को आर्थिक र कानूनी अधिकार यथावत् रहन्छ। पट्टामा सम्पत्ति लिने पट्टाधारक (Lessee) लाई त्यस सम्पत्तिको उपभोग गरेवापत आवधिक रुपमा सेवा शुल्क वा भाडा वापत रकम भुक्तानी गर्ने दायित्व सिर्जना हुन्छ। संचालन पट्टा अन्तर्गत आपूर्ति गरिएको मूर्त सम्पत्तिको सम्बन्धमा कर प्रयोजनको लागि कुनै करयोग्य वस्तु आपूर्ति भएको मानिंदैन। मूर्त सम्पत्तिको संचालन पट्टा बाहेक अन्य अवस्थामा सेवाको आपूर्ति भएको मानिन्छ। संचालन पट्टा अन्तर्गत आपूर्ति गरिएको सम्पत्तिको पट्टा दिने र लिने व्यक्तिहरु बीच स्वामित्वको अधिकार (Right to Ownership) परिवर्तन भएको हुंदैन, नियन्त्रण वा भोग चलनको अधिकार (Right to Possession) मात्र परिवर्तन भएको हुन्छ। यसरी हुने आपूर्ति बन्दोबस्तमा सम्पत्तिको मालिक (Lessor) लाई पट्टाधारक (Lessee) ले आवधिक रुपमा शर्तनामामा उल्लेख भए बमोजिमको सेवा शुल्क भुक्तानी गर्ने गर्दछ। यसरी सेवा शुल्कको रुपमा प्राप्त रकम बराबर सेवाको आपूर्ति भएको मानी मूल्य अभिवृद्धि करमा दर्ता भएको र अनुसूची १ मा उल्लेख नभएको भए सो पट्टा दिने (Lessor) ले कर असुल गर्नुपर्दछ। पट्टाधारक (Lessee) पनि मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति भए ऐनको दफा १७ बमोजिम कर कट्टी दावी गर्न सक्दछ।

कुनै अमुक सम्पत्ति मात्र संचालन पट्टा अन्तर्गत (Dry Lease) प्रयोग गर्न दिएको भए सोको सेवा शुल्क मात्र करयोग्य कारोबारको रुपमा मानी कर असुल गर्नुपर्दछ। तर अमुक सम्पत्तिको साथसाथै सोसँग सम्बन्धित अन्य सेवाहरु पनि संचालन पट्टा अन्तर्गत (Wet Lease) आपूर्ति भएको भए त्यस्तो सेवा शुल्कसमेतको एकमुष्ट रकममा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। संचालन पट्टा अन्तर्गत आपूर्ति गरिएका सम्पत्तिहरुलाई यथावत वा चालु अवस्थामा राख्न आवधिक रुपमा गरिने मर्मत सम्भार आदिको खर्च यदि पट्टा दिने (Lessor) ले गरी सो वापतको रकम पट्टाधारक (Lessee) बाट प्राप्त गर्ने गरेमा सो मर्मत सम्भार खर्चमा समेत कर असुल गर्नुपर्दछ।

### ४.१५ सफ्टवेयरको आपूर्तिः

विद्युतीय माध्यमबाट सफ्टवेयर आपूर्ति भएको अवस्थालाई सेवाको आपूर्ति मानिन्छ। तर सि.डी., डि.भि.डी., पेन ड्राइभ, वा यस्तै कुनै डाटा केरियर मार्फत आपूर्ति गरिएको भए त्यस्तो आपूर्तिलाई वस्तुको आपूर्ति मानिन्छ।

धेरै उपभोक्ताले एकै पटकमा असीमित रुपमा उपभोग गर्न सक्ने गरी निर्माण गरिएको उत्पादनलाई स्ट्याण्डर्ड सफ्टवेयर मानिन्छ। स्ट्याण्डर्ड सफ्टवेयरसित अन्य विभिन्न प्रोग्राम तथा सपोर्ट मेटेरियल्स जस्ता सेवाहरु पनि आवद्ध भएको हुन सक्दछ। जस्तैः सफ्टवेयर जडान, संचालन निर्देशिका, मर्मत सम्भार सेवा आदि। स्ट्याण्डर्ड सफ्टवेयरको उदाहरणको रुपमा पी.सी. सफ्टवेयर, पी.सी. होम सफ्टवेयर, कम्प्युटर गेम आदिलाई लिन सकिन्छ। स्ट्याण्डर्ड सफ्टवेयरको आपूर्तिलाई देहायको अवस्थामा सेवाको आपूर्ति मानिन्छ। यदिः

- क. खरिदकर्तालाई सफ्टवेयरको स्वामित्वको अधिकार हस्तान्तरण भएको छैन,
- ख. सफ्टवेयरको आपूर्ति हुँदा भौतिकरुपले हस्तान्तरण भएको देखिंदैन (विद्युतीय माध्यमबाट डाटा प्रसारण मात्र भएको हुन्छ), र
- ग. बिक्रेता र क्रेताबीच सम्पन्न भएको सम्झौताको करार दायित्वमा सफ्टवेयर प्रयोग गर्ने अधिकार मात्र हस्तान्तरण भएको अवस्था हुन्छ।

उपर्युक्त अवस्था बाहेक अन्य अवस्थामा स्ट्याण्डर्ड सफ्टवेयरको आपूर्तिलाई वस्तुको आपूर्ति मानिन्छ।

### ४.१६ सेवाको आपूर्तिः

ऐनमा वस्तुको आपूर्ति भनी परिभाषित गरिएदेखि बाहेक अन्य सबै आपूर्तिलाई सेवाको आपूर्ति मानेको छ। यसै गरी ऐनको दफा २(छ) मा उल्लेखित सेवा बिक्री, विनिमय, हस्तान्तरण गर्ने कार्य वा तत् सम्बन्धी अनुमति दिने

वा वस्तुको उपयोग गर्ने अख्तियारीको हस्तान्तरणलाई समेत सेवाको आपूर्ति भनिन्छ। यसभित्र अमूर्त सम्पत्ति अर्थात भौतिक स्वरुप नभएका चल वा अचल सम्पतिको हस्तान्तरण पनि समावेश हुन्छ। सामान्य अर्थमा सेवाको रुपमा स्वीकार गरिएका यस्ता कार्यहरु भित्र बौद्धिक वा औद्योगिक सम्पत्ति अधिकार, ठेक्का बन्दोबस्त, संचालन अनुमति, अन्य अमूर्त अधिकार, फर्मुला, ट्रेडमार्क, सलामी दस्तुर (Royalty) र पट्टा आदिको उपभोग पर्दछन्। ऐनको दफा २ (च) ले सेवालाई देहाय बमोजिम परिभाषित गरेको छ।

**२(च) "सेवा" भन्नाले वस्तु बाहेकको जुनसुकै कुरा सम्झनु पर्दछ।**

### ४.१७ वित्तीय तथा अन्य कर छुट सेवा आपूर्तिः

वित्तीय सेवा, जीवन वीमा सेवा, दुर्घटना वीमा, स्वास्थ्य वीमा, पुनर्वीमा सेवा, कृषि बाली वीमा, फलफुल वीमा, मौरी वीमा, पशु वीमा, पंक्षी वीमा, मत्स्य वीमा, लघु वीमा, समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), मुद्रा सटही (मनि एक्सचेञ्ज), स्वीफ्ट सेवा, हायर पर्चेज कारोबार, निक्षेप तथा कर्जा सुरक्षण सेवा, पूँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल व्यवसायमा कर छुट हुने व्यवस्था रहेको छ।

### ४.१८ मध्यस्थकर्ता (Intermediary) वा प्रतिनिधि (Agent)

व्यावसायिक विशिष्टिकरणको कारणले गर्दा वस्तु तथा सेवाहरुको उत्पादन, बजारीकरण, एवं बिक्री वितरण अलग अलग व्यक्ति वा निकायहरुले गर्ने गरेको पाइन्छ। वस्तुको उत्पादक वा बिक्रेता र अन्तिम उपभोक्ताका बीचमा बसी वस्तु तथा सेवा आपूर्ति गर्न सहयोगी वा प्रतिनिधिको रुपमा सेवा आपूर्ति गर्ने व्यक्तिलाई मध्यस्थकर्ता वा प्रतिनिधि भनिन्छ। यसै गरी नेपाल बाहिर अवस्थित कुनै निकायको प्रतिनिधिको भूमिका निर्वाह गर्ने व्यक्तिलाई मध्यस्थकर्ता वा प्रतिनिधि भनिन्छ। यस्ता मध्यस्थकर्ताहरु उत्पादक वा बिक्रेता वा खरिदकर्ता वा उपभोक्ताको तर्फबाट खडा गरिएको हुन सक्छन्। मध्यस्थकर्ताले वस्तु वा सेवाको उत्पादक वा बिक्रेता वा खरिदकर्ता वा उपभोक्ताका बीचमा बसी वस्तु वा सेवाको आपूर्ति कार्यमा सहयोग गरेको नेपालबाहिर अवस्थित मूल निकायको प्रतिनिधि भई वस्तु वा सेवा आपूर्ति गर्न सक्छन। यसरी प्रदान गरिने सेवामा प्राप्त सेवा शुल्क र प्रतिनिधिको रुपमा आयातित वस्तु वा सेवामा मध्यस्थकर्ता वा प्रतिनिधि मूल्य अभिवृद्धि करको लागि जिम्मेवार हुन्छ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.१९**

| |
|---|
| मानौं नेपाल टुथपेष्ट उद्योगले आफ्ना उत्पादनलाई बजारीकरण गर्ने जिम्मा नेपाल एडभरटाइजिङ्ग कम्पनीलाई दिएको रहेछ। उद्योगले उत्पादन गरेका टुथपेष्टको बजारीकरण गरेवापत सो एडभरटाइजिङ्ग कम्पनीले सेवा शुल्क प्राप्त गर्ने गरेको रहेछ। नेपाल एडभरटाइजिङ्ग कम्पनी मूल्य अभिवृद्धि करमा दर्ता भएको कारणले सेवा शुल्कमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। |

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.२०**

मानौं गुराँस मोटरसाइकल खरिद गर्ने ग्राहकलाई वारेण्टी समयभित्र गोर्खा कम्पनीको तर्फबाट निःशुल्क मर्मत सम्भार गर्ने गरेको रहेछ। मर्मत कार्यको लागि उक्त कम्पनीले नेपालका विभिन्न ठाउँमा संचालनमा रहेका सेवा केन्द्रहरुलाई जिम्मा दिएको रहेछ। ती केन्द्रहरुले गोर्खा कम्पनीले तोकेको शर्त प्रक्रिया र मापदण्डबमोजिम सेवा आपूर्ति गर्ने गर्दछन्। सेवा केन्द्रले आपूर्ति गर्ने यस्तो सेवा करयोग्य सेवा हो। यदि उक्त सेवा केन्द्रहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका रहेछन् भने सेवा शुल्क असुल गर्दा मूल्य अभिवृद्धि कर समेत असुल गर्नुपर्दछ।

आपूर्तिकर्ताले आफ्नो कारोबार विस्तार गर्ने एवं प्रभावकारी रुपमा संचालन गर्ने सिलसिलामा एक वा एकभन्दा बढी आधिकारिक प्रतिनिधि नियुक्त गर्ने गरेको पाइन्छ। ती आपूर्तिकर्ताले आफैं वा आधिकारिक प्रतिनिधिहरुमार्फत वस्तु तथा सेवा आपूर्ति गर्दछन्। त्यस्तो कारोबार ती प्रतिनिधिहरुको आफ्नो स्वतन्त्र कारोबार नभई मूल आपूर्तिकर्ताबाट गरिएको आपूर्ति मानिन्छ। आपूर्तिकर्ता र उपभोक्ता बीच हुने वस्तु वा सेवाको खरिद बिक्री कारोबारमा त्यस्ता प्रतिनिधिले आवश्यक विभिन्न प्रकारको सहयोग गर्दछन्। यस्तो सेवा आपूर्तिकर्ताको तर्फबाट उपभोक्तालाई प्रदान गरिएको हुन्छ। आपूर्तिकर्ताको तर्फबाट उपभोक्तालाई सेवा प्रदान गरेवापत आपूर्तिकर्ताबाट ती आधिकारिक प्रतिनिधिहरुले कमिशन वा दस्तुर वा सेवा शुल्क प्राप्त गर्ने गर्दछन्। प्रतिनिधिले यसरी सेवा प्रदान गरेवापत प्राप्त भएको कमिशन वा दस्तुर वा शुल्क ऐनको दफा १२ बमोजिम करयोग्य सेवा वापतको प्रतिफल मानिन्छ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.२१**

मानौं मोहित इन्जिनियरिङ्गले इन्भर्टर बिक्री गर्ने गरेको रहेछ। इन्भर्टर बिक्री भएको एक वर्षसम्मको वारेण्टी पिरियडमा ५ पटकसम्म निःशुल्क सर्भिसिङ्ग गरिदिने व्यवस्था रहेछ। इन्भर्टर सर्भिसिङ्ग गरिदिन मोहित इन्जिनियरिङ्गले मुलुकभरिका १०० वटा विभिन्न सर्भिस सेण्टरहरुलाई आधिकारिक एजेण्टको रुपमा नियुक्त गरेको रहेछ। ती सर्भिस सेण्टरहरुले इन्भर्टर सर्भिसिङ्ग गरिदिए वापत प्रति इन्भर्टर रु.३०० मोहित इन्जिनियरिङ्गबाट प्राप्त गर्ने सम्झौता गरेको रहेछ। ती सर्भिस सेण्टरले मासिक रुपमा सेवा शुल्क दावी गर्नुपर्ने प्रबन्ध मिलाईएको रहेछ। वारेण्टी पिरियड भरि इन्भर्टर खरिद गर्ने ग्राहकले तोकिएका सर्भिस सेण्टरबाट इन्भर्टरको सर्भिसिङ्ग गराएको खण्डमा शुल्क भुक्तानी गर्नु नपर्ने व्यवस्था रहेछ।

मोहित इन्जिनियरिङ्गले नियुक्त गरेका ती १०० वटा सर्भिस सेण्टर सो इन्भर्टर बिक्रेता फर्मका एजेण्टको रुपमा कार्य गरेको मानिन्छ। इन्भर्टरको सर्भिसिङ्ग गरेर ती सर्भिस सेण्टरले इन्भर्टर खरिदकर्तालाई सेवा आपूर्ति गरेको देखिए तापनि त्यो सेवा मोहित इन्जिनियरिङ्गको तर्फबाट आपूर्ति गरिएको र सोवापत ती सर्भिस सेण्टरले मोहित इन्जिनियरिङ्गबाट सेवा शुल्क भुक्तानी प्राप्त गर्दछन्। यस्तो सेवा आपूर्तिलाई करयोग्य कारोबार मानिन्छ।

### ४.१९ नाफा नकमाउने उद्देश्यले स्थापना भएका संस्था तथा व्यक्तिले गर्ने आपूर्तिः

नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्थाले आफ्ना सदस्य तथा गैरसदस्य बीच कुनै विभेद नगरी मुनाफा प्राप्त नगरी वा भविष्यमा पनि मुनाफा प्राप्त गर्ने

उद्देश्य नलिई समाज कल्याणको काम गर्दछन्। मूल्य अभिवृद्धि कर ऐनले कर लाग्ने कारोबार गर्ने व्यक्ति र कर छुट हुने कारोबार गर्ने व्यक्ति भनी विभाजन गरेको छ। नाफा नकमाउने उद्देश्यले स्थापना भएको र आयकर ऐन बमोजिम कर छुटको प्रमाणपत्र प्राप्त गरेको संघ संस्थाले पनि कहिलेकाँहि मूल्य अभिवृद्धि कर लाग्ने र नलाग्ने कारोबार गरेको वा सेवा प्रदान गरेको पाइन्छ।

मूल्य अभिवृद्धि कर कारोबारमा लाग्ने कर भएकोले कर लाग्ने कारोबारमा संलग्न जो सुकै व्यक्ति भए तापनि मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भई आपूर्ति गर्नुपर्दछ। कर नलाग्ने कारोबारमा संलग्न भएको व्यक्ति वा निकाय मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुन सक्दैन। नाफा नकमाउने उद्देश्य राखी स्थापना भएका संघसंस्थाले कानून बमोजिम तोकिएको थ्रेसहोल्डभन्दा बढीको मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गरेको वा गर्ने अवस्था विद्यमान रहेको खण्डमा त्यस्तो संस्था मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ। मूल्य अभिवृद्धि कर समानता र तटस्थताको सिद्धान्तमा आधारित रहेको छ। तसर्थ मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर लाग्ने कारोबारमा संलग्न सबै व्यक्ति वा संस्थालाई सम व्यवहार गर्नुपर्दछ। आयकर ऐन, २०५८ बमोजिम कर छुट हुने प्रमाणपत्र प्राप्त गरेका वा नगरेका सबै नागरिक समाज, सामुदायिक संघ संस्था वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था सबैले करयोग्य कारोबार गरेको अवस्थामा कानून बमोजिम मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनुपर्दछ। साथै दर्ता भए पश्चात् वस्तु वा सेवा आपूर्ति गरी प्रतिफल प्राप्त गर्दा कर बीजक जारी गर्ने, ऐनले तोके बमोजिम अभिलेख अद्यावधिक राख्ने, कर विवरण पेश गर्ने लगायतका सबै कर सम्बन्धी कानून र प्रक्रिया परिपालन गर्नुपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.२२**

मानौं कुनै एउटा धार्मिक सँगठनले काठमाडौंको न्युरोडमा पूजा सामाग्री, धार्मिक अनुष्ठानमा प्रयोग हुने पोशाक एवं अन्य कपडाको व्यापार गर्ने गरेको रहेछ। उक्त संगठनको वार्षिक कारोबार रु.१ करोड रहेछ। धार्मिक संगठनले उक्त पसलबाट आर्जन हुने आयलाई सदस्यहरु बीचमा वितरण नगर्ने र उक्त संगठनको मुनाफा र सम्पत्तिलाई अन्य मठ मन्दिरहरुको मर्मत र जिर्णोद्धार कार्यमा खर्च गर्ने उद्देश्य राखेको रहेछ। मुनाफा वितरण गर्ने उद्देश्य नभएको हुँदा उक्त संगठन मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने दावी गरेछ। प्रस्तुत उदाहरणमा आपूर्तिकर्ता धार्मिक संगठन भए तापनि सो संगठनले पूजा सामाग्री, पोशाक र अन्य कपडाको कारोबार गर्ने गरेको र ती वस्तुहरु ऐनको अनुसूची १ बमोजिम कर छुट नहुने भएको हुँदा उक्त धार्मिक संगठनले बिक्री गर्ने उपर्युक्त वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर ऐन आकर्षित हुन्छ। मुनाफा वितरण गर्ने उद्देश्य नभए तापनि मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको कारोबार गर्ने गरेको र करयोग्य कारोबार वार्षिक रु.पचास लाखभन्दा बढी भएको हुँदा उक्त संगठनले मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भई कारोबार गर्नुपर्दछ।

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ४.२३**

मानौं कुनै एक गैर सरकारी संस्था मुनाफा वितरण नगर्ने उद्देश्यले स्थापना भएको छ। उक्त संस्थाले आयकर ऐन, २०५८ बमोजिम कर छुट प्रमाणपत्र प्राप्त गरेको छ। विभिन्न संघ संस्थाको वित्तीय, प्राविधिक सहयोगमा समाज कल्याण एवं विकास निर्माण सम्बन्धी कार्य गर्दछ।

मानौं उक्त संस्थाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृत कार्यक्रम अन्तर्गत कुनै जिल्लामा महिला सशक्तिकरण तथा जनचेतना अभिवृद्धि गर्ने तालिम संचालन गर्ने कार्यादिश प्राप्त गरेको छ। उक्त संस्था यस्ता तालिम संचालन गर्ने विशिष्टिता हासिल गरेको संस्था हो।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ६ बमोजिम विश्वविद्यालय तथा विश्वविद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरु, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुबाट प्रदान गर्ने व्यवसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिमहरु, विद्यालय तथा विश्व विद्यालयहरुले प्रदान गर्ने शिक्षण सेवालाई कर छुटका सेवा मानिन्छ। उक्त निकायहरुले आपूर्ति गर्ने उपर्युक्त सेवा बाहेक अन्य गैरसरकारी तथा निजी संघसंस्था वा व्यक्तिले अनुसन्धान सम्बन्धी कार्य, व्यवसायिक वा पेशागत तालिम वा पुनर्ताजगी तालिम एवं शिक्षण सेवामा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। तसर्थ उक्त गैर सरकारी संस्थाले संचालन गर्ने महिला सशक्तिकरण तथा जनचेतना अभिवृद्धि गर्ने तालिमहरु करयोग्य कारोबार हुन्।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क. बमोजिम रु.५ लाखभन्दा बढीको यस्तो करयोग्य सेवा खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाबाट मात्र सेवा खरिद गर्नुपर्दछ। सेवाग्राही संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उक्त संस्थालाई भुक्तानी दिंदा मूल्य अभिवृद्धि कर समेत भुक्तानी गर्नुपर्दछ।

यस्तो करयोग्य सेवा आपूर्ति गर्ने गैर सरकारी संस्था करयोग्य व्यक्तिको परिभाषाभित्र समेटिएको हुँदा सरकारी, सार्वजनिक एवं मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिलाई रु.५ लाखभन्दा बढी मूल्यको सेवा आपूर्ति गर्ने हो भने उक्त संस्था मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ।

### ४.२० सेवा र अन्तर्राष्ट्रिय सेवाको आपूर्ति स्थान (Place of Supply of Services/International Services)

नेपालभित्र सेवाको आपूर्ति भएको अवस्थामा मात्र कर तिर्नु पर्ने दायित्व सिर्जना हुन्छ। कर छुट हुने भनी स्पष्ट रुपले किटान गरेको सेवा आपूर्ति बाहेक सबै सेवामा ऐनको दफा ५ को उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। नेपालमा व्यवसाय गरेको वा सेवा प्रवाह गर्न कुनै प्रकारको स्थायी संस्थापन मार्फत वा कुनै स्थायी संरचना निर्माण गरेको व्यक्तिले नेपालभित्र कुनै करयोग्य सेवा आपूर्ति गर्दछ भने सोही स्थानलाई आपूर्तिको स्थान मानिन्छ। जस्तै नेपाली लेखा परीक्षक, अधिवक्ता, इन्जिनीयर, व्युटिसीयन आदिले नेपाली वा विदेशी नागरिकलाई नेपालभित्र सेवा आपूर्ति गरेमा आपूर्तिको स्थान नेपाल मानिन्छ।

ऐनको दफा ७ को उपदफा (२) ले अनुसूची–२ मा उल्लेखित वस्तु वा सेवाको कारोबारमा शून्य दरमा कर लाग्नेछ भनी उल्लेख छ। सोही ऐनको अनुसूची–२ मा नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने देहाय बमोजिमको सेवालाई शुन्य दर लाग्ने सेवा भनी कानूनी प्रबन्ध गरेको छः

**(क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,**

**(ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति।**

शून्य दर लाग्ने सेवा प्रभावकारी हुन देहाय बमोजिमको अवस्था विद्यमान रहेको हुनु पर्दछः

क. सेवा प्रदान गर्ने व्यक्ति वा करदाताको बसोबास नेपालभित्र भएको हुनुपर्दछ। नेपालभित्र बसोबास भएको शब्दले नेपालभित्र रहेको स्थायी संरचना वा संस्थापनसमेतलाई बुझाउँछ, र

ख. निजको नेपालमा कुनै व्यवसायिक कारोबार, व्यवसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको र निजले नेपाल बाहिर बसोबास भएको व्यक्तिलाई सेवा आपूर्ति गरेको हुन आवश्यक रहेको छ।

यसो भन्नुको अर्थ यदि नेपालभित्र व्यवसाय वा स्थायी संरचना खडा गरी नेपाली व्यक्तिलाई नेपालमा सेवा आपूर्ति गरेको अवस्थामा आपूर्तिको स्थान नेपाल मानिन्छ। जस्तैः नेपाल दूर संचार कम्पनीको मोबाइल फोनमा ग्लोबल रोमिङ्गको सुविधा लिएका कुनै सेवाग्राहीले विदेशमा गई रोमिङ्ग सेवा उपभोग गरेको अवस्थामा पनि उक्त सेवाको आपूर्ति स्थान नेपाल नै मानिन्छ। किनभने विदेशमा रोमिङ्ग सेवा उपभोग गरेको भए तापनि उक्त सेवा नेपालस्थित संरचना वा संयन्त्रबाट सक्रिय भएको मानिन्छ।

यदि कुनै नेपाली अधिवक्ताले कुनै विदेशी नागरिकलाई विदेशमा कानूनी सेवा उपलब्ध गराएको अवस्थामा सेवाको आपूर्तिको स्थान विदेश मानिन्छ। यसै गरी नेपालमा दर्ता नभएको कुनै विदेशी सेवा प्रदायकले नेपालभित्र कुनै कर लाग्ने सेवा आपूर्ति गरेमा भुक्तानी गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने व्यवस्था पनि रहेको छ।

नेपालमा व्यवसाय गरेको वा सेवा प्रवाह गर्न कुनै स्थायी संरचना निर्माण गरेको भन्ने विषय सोसँग सम्बन्धित तथ्य र प्रमाणको आधारमा निर्धारण गरिन्छ। यस सम्बन्धमा व्यक्तिले सेवा आपूर्ति गर्ने सिलसिलामा करार सम्झौता गरेको वा सेवा आपूर्ति गर्ने प्रयोजनको लागि आफ्नै नामबाट विज्ञापन वा अन्य प्रबर्ध्दनात्मक कार्य गर्दछ वा आफ्नै कार्यालय स्थापना गरी सोमार्फत कारोबार संचालन गरेको छ वा छैन भन्ने कुराले पनि स्थायी संरचनाको यकिन गर्न मार्गदर्शन गर्दछ। ऐनमा उल्लेखित व्यवस्था बमोजिम सेवाका केही प्रकृति र सेवा आपूर्ति भएको स्थान (Reverse Charge बाहेक) देहाय अनुसार हुन्छः

| क्र.सं. | सेवाको प्रकार | सेवा आपूर्ति भएको स्थान |
|---|---|---|
| **१** | **पर्यटकीय सेवाहरु** | |
| १.१ | टिकट काट्ने | करदाता रहेको स्थान |
| १.२ | पर्यटकीय यातायात | जहाँ पर्यटकले यातायात सेवा उपयोग गर्दछ |
| १.३ | • पथप्रदर्शक,<br>• भरिया | जहाँ यस्तो सेवा प्रदान गरिन्छ |
| १.४ | साँस्कृतिक एवं मनोरञ्जनात्मक अवलोकन | जहाँ यस्तो अवलोकन कार्यक्रम आयोजना गरिन्छ |
| १.५ | • रेस्टुरेन्ट प्रयोग,<br>• होटल बसाई,<br>• मनोरञ्जनात्मक कार्य आदि | जहाँ ती अवस्थित छन् |

| | | |
|---|---|---|
| २ | **मर्मत सेवा** | |
| २.१ | अचल सम्पत्तिको | जहाँ सम्पत्ति अवस्थित रहेको छ |
| २.२ | चल सम्पत्तिको | जहाँ सम्पत्ति मर्मत गरिन्छ |
| **३** | **कार्यक्रम आयोजना** | |
| ३.१ | स्वयं आयोजक | जहाँ कार्यक्रम आयोजना गरिन्छ |
| ३.२ | प्रतिनिधिको रुपमा | कार्यक्रम आयोजनास्थल |

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ४.२४**

सांग्रिला टुर प्रा.लि.ले युरोपियन नागरिक जोनबाट एक टुर प्याकेज प्राप्त गरेको छ। उक्त प्याकेजमा १० दिन नेपालमा, ४ दिन भुटानमा र ७ दिन तिब्बतमा घुम्ने योजना रहेको छ। प्याकेज भित्र बेलायतदेखि काठमाडौंसम्म, काठमाडौंदेखि भुटानको पारोसम्म र काठमाडौं  ल्हासा काठमाडौंको दोहोरो हवाई टिकट, होटल बास, यातायात, गाइड, भरिया, साँस्कृतिक अवलोकन, ट्रेकिङ्ग आदि समावेश रहेछ। यो बुकिङ्ग मूल्य अभिवृद्धि कर सहित ३०,००० अमेरिकी डलरमा गरिएको छ। उपर्युक्त ३ गन्तब्य स्थानको ओहोर दोहोर हवाई टिकट खर्च २,००० अमेरिकी डलर रहेछ। हवाई टिकट बाहेक ४ दिनको भुटानको खर्च ४,००० अमेरिकी डलर र ७ दिनको ल्हासाको खर्च १०,००० अमेरिकी डलर लाग्ने रहेछ। उक्त खर्चमा होटल बास, यातायात, गाइड, भरिया, सांस्कृतिक अवलोकन, ट्रेकिङ्ग खर्चहरु समावेश रहेछन्। बाँकी रहने १४,००० अमेरिकी डलर नेपालको घुमघामको लागि लाग्ने खर्च हो।

उपर्युक्त उदाहरणमा उल्लेख भए बमोजिमको टुर प्याकेजको मूल्य अभिवृद्धि कर गणना देहाय बमोजिम गर्नुपर्दछः

क) टुर प्याकेजको कुल मूल्य ३०,००० अमेरिकी डलरबाट हवाई टिकट वापतको २,००० अमेरिकी डलर घटाउंदा बाँकी रहने २८,००० अमेरिकी डलर। हवाई टिकटमा मूल्य अभिवृद्धि कर छुट हुने भएकाले यो रकम घटाइएको हो।

ख) उपर्युक्त २८,००० अमेरिकी डलर हवाई टिकट बाहेक टुर प्याकेजको मूल्य भएको हुँदा विदेशको अंश र नेपालको अंश छुट्याउनु पर्दछ। विदेशको मूल्य १४००० अमेरिकी डलर र नेपालको मूल्य १४००० अमेरिकी डलर हुन्छ।

ग) उपर्युक्त सेवाको आपूर्तिको स्थान यकिन गर्नुपर्दछ। नेपालमा आपूर्ति भएको सेवामा कर आकर्षित हुन्छ भने विदेशमा सेवा आपूर्ति भएको हकमा शुन्य दर आकर्षित हुन्छ।

घ) नेपाल बाहिर आपूर्ति भएको सेवा र सो वापतको रकमलाई छुट्याउनु पर्दछ। करसहित भुटानको खर्च ४,००० र ल्हासाको खर्च १०,००० गरी १४,००० अमेरिकी डलर रहेको छ। उक्त कर लाग्ने मूल्यमा शुन्य दर आकर्षित हुन्छ।

ङ.) विदेशमा आपूर्ति भएको सेवासँग सम्बन्धित खरिदको कर बीजक अनुसार पूर्ण कर कट्टी दावी गर्ने र अन्य सामान्य खरिदमा तिरेको कर कट्टीको हकमा कुल बिक्री कारोबारमा कर लाग्ने कारोबार र कर छुट कारोबारको अनुपात गणना गरी समानुपातिक कर कट्टी दावी गर्नुपर्दछ।

(तर आर्थिक ऐन, २०७८ ले मू.अ.कर ऐन,२०५२ मा संशोधन गरी ट्रेकिङ्ग तथा टुर प्याकेजमा मू.अ.कर नलाग्ने व्यवस्था गरेको)

# परिच्छेद ५

# करलाग्ने मूल्य

कुनै पनि वस्तु वा सेवाको कर लाग्ने मुख्य आधारलाई कर लाग्ने मूल्य भनिन्छ। कर लाग्ने मूल्यलाई करको दरले गणना गरी वास्तविक कर दायित्व निर्धारण गरिन्छ। मूल्यको आधारमा करारोपण गर्ने पद्दतिका लागि वस्तु वा सेवाको कारोबार मूल्य निर्धारण गर्न कानूनले स्पष्ट व्यवस्था गरेको हुन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (घ) ले "कर लाग्ने मूल्य" भन्नाले कुनै वस्तु वा सेवाको सम्वन्धमा दफा १२ र १२क. वमोजिम कायम गरिने मूल्य हुने भनी परिभाषित गरेको छ। वस्तु वा सेवाको उत्पादन देखि उपभोगसम्मको चरणमा लागत मूल्य, संचालन खर्च, ढुवानी भाडा, बीमा प्रिमियम, सेवा शुल्क, दस्तुर, व्यवसायिक मुनाफा आदिको कारणले मूल्य अभिवृद्धि भई रहने हुँदा वस्तु वा सेवा वितरणका प्रत्येक चरणमा कर लाग्ने मूल्य पनि परिवर्तन भइरहन्छ।

## ५.१ कर लाग्ने मूल्यमा समावेश हुने रकमहरुः

ऐनको दफा १२ मा कर लाग्ने मूल्यको सम्बन्धमा व्यवस्था गरेको छ। वस्तु वा सेवाको उत्पादन लागत वा पैठारी मूल्य वा खरिद मूल्यका अतिरिक्त मूल्य अभिवृद्धि गर्ने विभिन्न लागतहरु जस्तैः आपूर्तिकर्ताले व्यहोरेको ढुवानी भाडा, बीमा प्रिमियम, वितरण सम्बन्धी खर्चहरु, नाफाको रकम, अन्तःशुल्क, भन्सार महशुल, स्वामित्व शुल्क र वस्तु तथा सेवा प्राप्त गर्ने सन्दर्भमा भुक्तानी गर्नुपर्ने अन्य त्यस्तै किसिमका कर खर्च रकमहरु कर लाग्ने मूल्यमा समावेश गर्नुपर्दछ।

यस सम्बन्धमा ऐनको दफा १२ को उपदफा (१) र (२) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**१२ कर लाग्ने मूल्यः (१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगद मात्र प्रतिफल भएको अवस्थामा आपूर्तिकर्ताले प्रापकसँग लिएको मूल्य मात्र कर लाग्ने मूल्य हुनेछ।**

**(२) कर लाग्ने मूल्यमा देहायका रकमहरु समेत समावेश हुनेछन्ः**

**(क) कारोबारको सिलसिलामा आपूर्तिकर्ताले व्यहोरेको ढुवानी र वितरण सम्बन्धी खर्चहरु र नाफाको रकम,**

**(ख) यस ऐन बमोजिमको कर बाहेक अन्तःशुल्क, स्वामित्व शुल्क र अन्य कर रकम।**

**स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "अन्य कर रकम" भन्नाले सालबसाली आर्थिक ऐनले तोके बमोजिम लाग्ने महशुल, दस्तुर वा अन्य शुल्क सम्झनु पर्दछ।**

नेपालको संविधानले मूल्य अभिवृद्धि करलाई संघीय सरकारको अधिकार सूचीमा समावेश गरेको छ। ऐनको दफा १२ ले आपूर्तिकर्ताले प्रापकसँग लिने मूल्यको दायरालाई संकुचन नगरी कराधारमा आपूर्तिका सबै लागतहरु समावेश गर्न खोजेको छ। ऐनको दफा १२ को उपदफा (३) मा उल्लेख गरिएका मूल्यमा समावेश नगरिने खर्च शिर्षकहरु (Exclusion) दफाको अध्ययनबाट पनि यसको पुष्टि हुन्छ। तसर्थ स्थानीय करलाईसमेत कर आधारमा समावेश गर्नुपर्दछ।

"अन्य कर रकम" भन्नाले सालवसाली आर्थिक ऐनले तोके वमोजिम लाग्ने महशुल, दस्तुर वा अन्य शुल्क सम्झनु पर्दछ भनी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को स्पष्टीकरण खण्डमा उल्लेख भएको

छ। उक्त खण्डमा उल्लेख गरिएका करहरु व्यवसायिक कारोबारसँग सम्बन्धित रहेको र विशेष गरी ती करहरु वस्तुका लागतसँग सम्बन्धित रहेका छन्। कर लाग्ने वस्तु वा सेवाको कारोबारसँग प्रत्यक्षरुपमा सम्बन्धित स्थानीय तहले संकलन गर्ने करहरु समेत उक्त वस्तु वा सेवाको कारोबारमा सिर्जना हुने मूल्य अभिवृद्धिका कारक तत्व वा अवयव मानिन्छ। यदि स्थानीय तहहरुले आफ्नो कराधिकार प्रयोग गरी कुनै करार वा सम्झौताको माध्यमबाट अन्य व्यक्तिलाई शुल्क वा दस्तुर संकलन गर्ने अधिकार दिएको छ भने त्यस अवस्थामा समेत कर संकलन गर्ने अधिकार पाएका व्यक्तिले शुल्क वा दस्तुरमाथि मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। उदाहरणको रुपमा स्थानीय तहले संकलन गर्ने पार्किङ्ग शुल्कलाई लिन सकिन्छ। यसै गरी स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने वस्तु वा प्राकृतिक श्रोत बिक्री वापत गरिने भुक्तानीमा पनि मूल्य अभिवृद्धि कर भुक्तानी गर्नुपर्दछ। किनकी यो व्यवसाय गर्न पाएको अधिकार वापतको भुक्तानी हो। यस्तै कुनै व्यक्तिले प्रदान गर्ने सेवाभित्र स्थानीय कर समेत समावेश भएको छ भने त्यस अवस्थामा त्यस्तो कर समेत सेवा वा वस्तुको मूल्यमा समावेश गरी मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.१**

मानौं उत्तम एडभरटाइजिङ्ग एजेन्सीले नेपाल फेशन स्टोरको विभिन्न मोडलको गार्मेण्टको बिक्री प्रवर्द्धन गर्न काठमाण्डौ महानगरपालिकाका विभिन्न स्थानमा होर्डिङ्ग वोर्ड राख्ने गरी नेपाल फेशन स्टोरसंग करार गरेको रहेछ। उक्त करार अन्तर्गत होर्डिङ्ग वोर्डहरु निर्माण गर्न लाग्ने लागत, होर्डिङ्गबोर्ड राखे वापतको भाडा र स्थानीय कर समेत उत्तम एडभरटाइजिङ्ग एजेन्सीले भुक्तानी गर्ने र नेपाल फेशन स्टोर्ससँग प्रति होर्डिङ्ग वोर्ड वापत रु. दुई लाख लिने सम्झौता गरेको रहेछ। यस अवस्थामा उत्तम एडभरटाइजिङ्ग एजेन्सीले प्राप्त गर्ने प्रति होर्डिङ्क वोर्डको मूल्यमा नगरपालिकाले लगाएको कर समेत संलग्न भएको हुनुपर्दछ। उक्त मूल्यमा मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ।

## ५.२ कर लाग्ने मूल्यमा समावेश नहुने रकमहरु

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ ले कुन कुन लागत वा खर्चलाई कर लाग्ने मूल्य गणना गर्दा समावेश गर्ने र कुन कुन खर्चहरुलाई समावेश नगर्ने भन्ने विषयमा व्यवस्था गरेको छ। बिक्रेताले बिक्री प्रवर्द्धन गर्न विभिन्न स्वरुपमा व्यापारिक छुट वा कमिशन दिने गर्दछन्। वस्तु वा सेवा बिक्री वा हस्तान्तरण गर्दाका बखत बिक्रेताले क्रेतालाई प्रदान गरेका परिमाणात्मक छुट वा व्यापारिक छुट वा कमिशनलाई करयोग्य मूल्यमा समावेश गर्नु नपर्ने व्यवस्था ऐनको दफा १२ को उपदफा (३) मा देहाय बमोजिमको गरिएको छः

**दफा १२ को उपदफा (३) वस्तु वा सेवा आपूर्ति गर्दा मूल्यमा दिइएको डिस्काउण्ट, कमिशन वा यस्तै अन्य व्यापारिक छुटको रकमलाई कर लाग्ने मूल्यमा समावेश गरिने छैन।**

सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.२**

अम्बे नुडल्स भन्ने एक उद्योगले आफ्नो उत्पादन नगदमा बिक्री गर्दा बिक्री मूल्यको ५ प्रतिशतले डिस्काउण्ट दिने नीति सार्वजनिक गरेको रहेछ र एक पटकमा एक लाख रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरी खरिद गर्ने व्यक्तिलाई थप ५ प्रतिशत कमिशन पनि दिने व्यवस्था गरेको रहेछ। यस्तो अवस्थामा उद्योगले कर बीजक जारी गर्दा कै अवस्थामा डिस्काउण्ट वा कमिशन बापतको रकमलाई घटाई बाँकी हुने रकममा मात्र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ कारोबार भएपछि कुनै नगद छुट लगायत अन्य कुनै योजना (Scheme) को कारणबाट घटी प्राप्त गरेको रकममा भने मूल्य अभिवृद्धि कर समायोजन गर्न मिल्दैन।

बिक्री प्रवर्द्धनको लागि बिक्री पश्चात पनि विभिन्न बोनस वा कमिशन दिने गरिन्छ। निश्चित शर्त वा मापदण्ड पूरा गरे पश्चात खरिदकर्तालाई भविष्यमा प्रदान गरिने यस्ता बोनस वा कमिशनलाई बीजक जारी गर्दाको समयमा पूर्वानुमान गरी कर लाग्ने मूल्यमा घटाउन सकिंदैन। यस्तो भुक्तानीलाई बिक्रेताको बिक्री प्रवर्द्धन सम्बद्ध खर्च मानिने हुँदा खरिदकर्तालाई बिक्री पश्चात प्रदान गरिने यस्तो भुक्तानीमा मूल्य अभिवृद्धि कर आकर्षित हुँदैन।

**मोबाइलको रिचार्ज कार्ड बिक्री सम्बन्धमाः**

मोबाइल रिचार्ज कार्डको कारोबार गर्ने व्यवसायीले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएर कारोबार गर्नुपर्दछ। त्यसैगरी कर लाग्ने वस्तुको हकमा वार्षिक पचास लाखभन्दा बढीको र सेवाको हकमा वार्षिक बीस लाख भन्दा बढीको कारोबार गर्नेले मूल्य अभिवृद्धि करमा समेत दर्ता भएर कारोबार गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। जस अनुसार आफू अन्तर्गतका डिलर र सव डिलरले रिचार्ज कार्ड बिक्री गर्दा स्थायी लेखा नम्बर भएका करदातालाई अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर ऐ. ऐनको दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा कर बीजक जारी गर्न र डिलर तथा सव डिलरले स्थायी लेखा नम्बर नभएका खरिदकर्तालाई बिक्री गरेको अवस्थामा भने कर बीजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य कायम हुने गरी गर्न मूल्य सोही ऐनको दफा १४ को उपदफा (६) बमोजिम तोकिएको छ। आफू अन्तर्गतका डिलर र सव डिलरसँग सम्झौता गर्दा वा कारोबार गर्दा सोही अनुसार गर्नु गराउनु पर्नेछ। कर बीजकमा नै छुट दिएको रकममा अग्रिम कर कट्टी गर्नुपर्ने छैन।

**मोबाइलको रिचार्ज कार्ड खरिद बिक्रीको कारोबार गर्ने करदाताहरुले देहाय बमोजिम गर्नुपर्नेछः**

१. अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएर मात्र कारोबार गर्नुपर्नेछ ,

२. मूल्य अभिवृद्धि कर लाग्ने सीमा भन्दा बढीको कारोबार गर्ने करदाताले मूल्य अभिवृद्धि करमा दर्ता भएर कारोबार गर्नुपर्नेछ,

३. नेपाल टेलिकम/एनसेल जस्ता सेवा प्रदायक निकायहरुले मूल्य अभिवृद्धि करमा दर्ता भएका आफू अन्तर्गतका नेशनल डिलर, डिलरलाई रिचार्ज कार्ड बिक्री गर्दा अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर ऐनको दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा कर बीजक जारी गर्नुपर्नेछ,

४. नेशनल डिलर, डिलरले सव डिलर लगायत मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नेलाई रिचार्ज कार्ड बिक्री गर्दा अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर ऐनको दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा कर बीजक जारी गर्नुपर्नेछ,

५. डिलर र सव डिलरले स्थायी लेखा नम्बर नभएका खरिदकर्तालाई बिक्री गरेको अवस्थामा भने कर बीजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य कायम हुने गरी कर बीजक जारी गर्नुपर्नेछ,

६. कर बीजकमा दिइएको छुट रकममा अग्रिम कर कट्टी गर्नुपर्ने छैन,

७. नेपाल टेलिकम/एनसेल जस्ता सेवा प्रदायक निकायहरुले आफू अन्तर्गतका नेशनल डिलर, डिलर र सव डिलरसँग रिचार्ज कार्डको खरिद बिक्रीको सम्झौता गर्दा उपर्युक्त बमोजिम गर्नुपर्नेछ।

यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.३**

कुनै दूरसंचार कम्पनीले मोबाइलको रिचार्ज कार्ड बिक्री गर्न विभिन्न मध्यस्थकर्ता वा एजेण्ट वा डिलरलाई नियुक्त गरेको रहेछ। यसरी नियुक्त गरिएका मध्यस्थकर्ता वा एजेण्ट वा डिलरहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका रहेछन्। दूर संचार कम्पनीले ती मध्यस्थकर्ता वा एजेण्ट वा डिलरलाई रु.१००० (मूल्य अभिवृद्धि कर समेत) पर्ने रिचार्ज कार्ड बिक्री गरेको रहेछ भने सोको बीजक जारी गर्दा उक्त रु.१००० मूल्य अभिवृद्धि कर समेतको रकम भएकाले यस रकमबाट मूल्य अभिवृद्धि कर रु.११५।०५ कट्टा गरी रु.८८४।९५ मूल्य उल्लेख गरी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ को उपदफा (३) बमोजिम रु.५० डिस्काउण्ट दिइने रहेछ भने सो रकम घटाई बाँकी हुने रकम रु.८३४।९५ मा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१०८।५४ समेत रु.९४३।४९ को कर बीजक जारी गर्नुपर्दछ।

**उदाहरण ५.४**

उदाहरण ५.३ मा उल्लेख भएका मध्यस्थकर्ता वा एजेण्ट वा डिलरले स्थायी लेखा नम्बर भएका करदातालाई रु.१००० अंकित रिचार्ज कार्ड बिक्री गर्दा उक्त रु.१००० मूल्य अभिवृद्धि कर समेतको रकम भएकाले यस रकमबाट मूल्य अभिवृद्धि कर रु.११५।०५ कट्टा गरी रु.८८४।९५ मूल्य उल्लेख गरी सो रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२(३) बमोजिम रु.४० डिस्काउण्ट दिइने रहेछ भने सो रकम घटाई बांकि रहने रु.८४४।९५ मा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१०९।८४ समेत रु.९५४।७९ को बीजक जारी गर्नुपर्दछ।

यदि स्थायी लेखा नम्बर नभएका खरिदकर्तालाई बिक्री गरेको अवस्थामा भने कर बीजक जारी गर्दा कर लाग्ने मूल्य रु.८८४।९५ मा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.११५।०५ समेत रु.१००० को बीजक मध्यस्थकर्ता वा एजेण्ट वा डिलरले जारी गर्नुपर्दछ।

## ५.३. पैठारी गर्दा कायम गरिने कारोबार मूल्यः

पैठारी गरिने वस्तुको कर लाग्ने मूल्य कानून बमोजिम व्यवस्थित गरिएको छ। पैठारी हुने वस्तुको मूल्यमा भन्सार बिन्दूसम्म वस्तु ढुवानी गर्दा लाग्ने ढुवानी भाडा, बीमा खर्च, एजेन्ट र अन्य व्यक्तिलाई कुनै किसिमको कमिशन प्रदान गरेको भए सो कमिशन खर्च आदि जोडी कायम हुने पैठारी मूल्यमा पैठारी महशुल, समीकारक

महशुल, पैठारीमा लाग्ने अन्य शुल्क समेत जोडी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कर लाग्ने मूल्य निर्धारण गरिने व्यवस्था रहेको छ। अर्थात् पैठारी हुने वस्तुको कर लाग्ने मूल्य निर्धारण गर्दा वस्तुको मूल्य, विविध खर्च, भन्सार महशुल लगायत प्रचलित कानून बमोजिमका लाग्ने अन्य महशुल, शुल्क, दस्तुर समावेश गर्नुपर्दछ। ऐनको दफा १२ को उपदफा (५) मा देहायबमोजिमको व्यवस्था रहेको छः

**दफा १२ को उपदफा (५)ः यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आयात गरेको वस्तुको कर लाग्ने मूल्य कायम गर्दा मूल्य अभिवृद्धि कर बाहेक ढुवानी, बीमा, एजेण्ट र अन्य व्यक्तिहरुको कमिशन आदि समेतको पैठारी मूल्य, पैठारी महशुल, समीकारक महशुल र पैठारीमा लाग्ने अन्य कुनै कर भए सो समेत जोडी कर लाग्ने मूल्य कायम गरिनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.५**

मोहित स्टोरले भारतबाट गाडीका टायर पैठारी गरी स्थानीय बजारमा आपूर्ति गर्ने गरेको रहेछ। टायर करयोग्य वस्तु भएकाले टायरको खरिद मूल्य, भन्सार बिन्दूसम्म टायर ल्याउँदा लाग्ने सम्पूर्ण खर्चहरु, भन्सार महशुल, अन्य शुल्क, दस्तुर आदि जोडी कायम हुने कारोबार मूल्यमा सम्बन्धित भन्सार कार्यालयले १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। मोहित स्टोरले उक्त टायर भन्सार बिन्दूबाट आफ्नो कारोबारस्थानसम्म ल्याउँदा लाग्ने भाडा भरोट, टायर लोड अनलोड तथा भण्डारण गर्दा लाग्ने फुटकर खर्च, गोदामको भाडालगायत कार्यालय शिरोभार लागत, बैंक ऋणको व्याज तथा केही मुनाफा आदि जोडी कर लाग्ने मूल्य कायम गर्दछ।

कुनै आयातकर्ताले कहिलेकाहीं आयातित वस्तुहरुलाई तोकिएको समयभन्दा बढी समयसम्म भन्सार जाँचपास नगरी भन्सार परिसरमा थन्काई राख्ने गरेको पाइन्छ। यस्तो अवस्थामा भन्सार अधिकृतले भन्सार ऐन बमोजिम आयातकर्ताबाट Demurrage Charge असुल गर्ने गर्दछ। यस्तो Demurrage बापतको रकम पैठारी हुने वस्तुको मूल्यमा समावेश गरिन्छ। यसरी पैठारी मूल्यमा भन्सार Demurrage बापतको रकम समावेश गरी कायम हुने कर लाग्ने मूल्यमा तिरेको मूल्य अभिवृद्धि कर उक्त वस्तु बिक्री गर्दा संकलन गरेको करबाट मिलान गर्न सकिन्छ।

### ५.४ अस्थायी पैठारी गर्दा कायम गरिने कारोबार मूल्यः

निश्चित उद्देश्य पूरा भएपछि फिर्ता हुने शर्तमा विशेष प्रकृतिका माल वा वस्तुहरु कहिलेकाँही विदेशबाट नेपालमा अस्थायी रुपमा पैठारी गरिन्छ। बैदेशिक सहयोगमा संचालित ठूला आयोजना संचालन गर्न आवश्यक पर्ने मेशिनरी, उपकरण, सवारी साधनहरु आयोजना समाप्त भएपश्चात विदेशमा फिर्ता लाने शर्तमा पैठारी गर्ने गरिन्छन्। यसैगरी व्यापार मेला, प्रदर्शनी आदिको लागि विदेशबाट विभिन्न वस्तु तथा उपकरणहरु पनि अस्थायी रुपमा पैठारी गर्ने गरिन्छ। अस्थायी पैठारीमा ती माल वा वस्तुको स्वामित्व नेपालमा हस्तान्तरण भएको हुँदैन। सो माल वस्तुलाई विशेष प्रयोजनको लागि निश्चित अवधिसम्म नेपालमा राखी सेवा उपभोग गर्ने र सो प्रयोजन समाप्त भए पश्चात पुनः सोही मुलुकमा फिर्ता लैजाने शर्तमा पैठारी गरिएको हुन्छ। यस्तो अस्थायी प्रकृतिको पैठारीमा माल वस्तुहरुको अनुमानित मूल्य कायम गरी सो मूल्यमा मूल्य अभिवृद्धि कर वापतको रकम धरौटीमा राखी पैठारी गर्न दिने व्यवस्था गरिएको छ। सो वस्तु नेपालबाट फिर्ता भएपछि यसरी राखिएको धरौटी फिर्ता गरिन्छ। अस्थायी रुपमा पैठारी गरिएका वस्तुहरु नेपालमा बिक्री वा हस्तान्तरण

भएमा वा फिर्ता नलगेमा उक्त वस्तुमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४९ को उपनियम (१) मा देहायबमोजिमको व्यवस्था रहेको छः

*नियम ४९ को उपनियम (१): भन्सार महशुल नलाग्ने गरी पछि फिर्ता हुने शर्तमा आयात भएका वस्तुहरुमा भन्सारले कायम गरेको अनुमानित मूल्यका आधारमा पछि माल वा वस्तु फिर्ता भएपछि धरौटी रकम फिर्ता हुने गरी लाग्ने कर वापत धरौटी लिई आयात गर्न अनुमति दिइनेछ।*

कुनै सम्पत्ति अस्थायी पैठारी गरिएको अवस्थामा उक्त सम्पत्तिको अस्थायी पैठारीमा एकमुष्ट भन्सार महशुल वा अन्य महशुल लाग्ने व्यवस्था रहेको भएमा महशुल भुक्तानीको आधारमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था नियमावलीको नियम ४९ को उपनियम (२) मा रहेको छ।

*नियम ४९ को उपनियम (२): अस्थायी आयात महशुल लाग्ने गरी अस्थायी रुपमा आयात भएका माल वा वस्तुमा महशुल मै कर लाग्नेछ।*

### ५.५ निकासी फिर्ता गर्दा कायम गरिने कारोबार मूल्यः

नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तुहरु निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले व्यवसायिक रुपले प्रयोग गर्न नसक्ने अवस्थाको कारणबाट उक्त वस्तु लिन अस्वीकार गर्न सक्दछ। साथै अन्य कुनै कारणले त्यस्ता वस्तुहरु सम्बन्धित पार्टीलाई हस्तान्तरण नगरी फिर्ता ल्याउनु पर्ने अवस्था सिर्जना हुन सक्दछ। यस सम्बन्धमा परिच्छेद ४ मा पनि ब्याख्या गरिएको छ। यस्तो अवस्थामा वा अन्य कारणले गर्दा एक पटक निकासी भएको माल वस्तु पुनः पैठारी गर्नुपर्ने अवस्था सिर्जना हुन सक्दछ। यसरी एक पटक निकासी भएका माल वस्तु पुनः पैठारी गरी ३ महिनाभित्र पुनः निकासी गर्ने घोषणा गरेमा यसरी फिर्ता ल्याउँदाका बखत भन्सार कार्यालयले मूल्य अभिवृद्धि कर गणना गरी धरौटीमा राखी पैठारी गर्ने अनुमति दिन सक्दछ र त्यस्तो मालवस्तु पुनः निकासी भएपछि उक्त धरौटी फिर्ता दिनुपर्दछ। यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनुपर्दछ। यस सम्बन्धमा ऐनमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

**दफा २८ को उपदफा (१क): नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु भन्सार कार्यालयबाट निकासीको प्रक्रिया पूरा भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कारणले पुनः पैठारी गरी ल्याई त्यस्तो मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाको बखत लाग्ने मूल्य अभिवृद्धि कर धरौटीमा राखी छाड्न सकिनेछ र त्यस्तो मालवस्तु पुनः निकासी भए पछि उक्त धरौटी फिर्ता दिइनेछ। यसरी धरौटीमा राखिएको र फिर्ता गरिएको रकमको विवरण सम्बन्धित भन्सार कार्यालयले आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ।**

**यसरी पैठारी हुन आएको माल वस्तुको कर प्रयोजनको लागि मूल्य कायम गर्दा सो वस्तुको निकासी मूल्यमा सो वस्तु निकासी भए पश्चात बिक्रेताले व्यहोरेको सम्पूर्ण खर्चहरु समावेश गरी कायम गर्नुपर्दछ।**

### ५.६ पुनः पैठारी गर्दा कायम गरिने कारोबार मूल्यः

कुनै कर लाग्ने वस्तु जस्तैः मेशिन, उपकरण आदि नेपालमा मर्मत सम्भार गर्न नसकिने अवस्थामा उक्त वस्तु बिदेश लगी मर्मत सम्भार गरी पुनः स्वदेशमा फिर्ता ल्याउनु पर्ने हुन्छ। वस्तुहरुको सामान्य मर्मत सम्भार मात्र नभई कहिलेकाँही उक्त वस्तुको मूल स्वरुप, आकार गुणस्तर वा मूल्यमा नै परिवर्तन भएको हुन सक्दछ। यस्तो अवस्थामा ती वस्तुको मर्मत, सम्भार एवं सुधारमा भएको सम्पूर्ण खर्चलाई कर लाग्ने मूल्य कायम गरी मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ।

यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.६**

| |
|---|
| रु.१० लाख पर्ने एउटा मेशिन नेपालमा मर्मत गर्न संभव नभई विदेश लगिएको रहेछ र सो मर्मत गर्दा विदेशमा रु.५० हजार खर्च भएको रहेछ। सो मेशिन रु.१० लाखमा खरिद गर्दा तिरेको कर दफा १७ बमोजिम कर कट्टी दावी गरिसकेको छ। उक्त मेशिन विदेशबाट मर्मत गरी पुनः पैठारी गर्दा भन्सार कार्यालयले मर्मत खर्च रु. ५० हजारलाई कर लाग्ने मूल्य कायम गरी सो मूल्यमा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। |

## ५.७ नमूना (Sample) को कारोबार मूल्यः

व्यवसायिक प्रतिष्ठानहरुले नमूनालाई व्यवसाय प्रवर्द्धनको माध्यम मान्दछन्। नयाँ वस्तुको उत्पादन गर्दा होस् वा पुरानै वस्तुमा समसामयिक रुपान्तरण वा गुणस्तरमा सुधार गरी बिक्री प्रवर्द्धन गर्न विभिन्न बिक्रेताहरुलाई ती वस्तुको नमूनाहरु निःशुल्क रुपमा वितरण गर्ने गर्दछन्। नमूनाको रुपमा वितरण गरिने यस्ता वस्तुको बाहिरी भागमा स्पष्ट रुपले देखिने गरी नमूना (Sample) भनी उल्लेख गरिएको हुनुपर्दछ। नमूनाको रुपमा वितरण गरिने वस्तुमा करदाताले कुनै किसिमको प्रतिफल लिई बिक्री, विनिमय, हस्तान्तरण गरेको हुनु हुँदैन। नमूनाको रुपमा यसरी वितरण गरिने वस्तुमा मूल्य अभिवृद्धि कर आकर्षित हुँदैन। यसरी नमूनाको रुपमा वितरण गरिएका वस्तुको सम्बन्धमा कर बीजक जारी गरी सो कर बीजकमा नमूनाको रुपमा वितरण गरिएको भन्ने उल्लेख गरी यस्ता वस्तुको उत्पादन तथा वितरणको अभिलेख अद्यावधिक राख्नुपर्दछ। बिक्री प्रवर्द्धनको लागि वितरण गर्ने करदाता र नमूनाको रुपमा प्राप्त गर्ने करदाता दुबै पक्षले नमूनाको रुपमा प्रयोग भएका वस्तुको अभिलेख अद्यावधिक राख्नुपर्दछ। नमूनाको रुपमा प्राप्त गर्ने व्यक्तिले उक्त वस्तु अन्य कुनै व्यक्तिलाई प्रतिफल लिई बिक्री, विनिमय वा हस्तान्तरण गर्नु हुँदैन। प्रतिफल लिई बिक्री गरेमा मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। नमूनाको कारोबार सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २४ मा देहाय बमोजिमको व्यवस्था गरिएको छः

***नियम २४. नमूनाको लागि वितरण गरिएको वा विना मूल्यमा प्राप्त वस्तुको विवरणः नियम २३ मा उल्लिखित अभिलेखहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले कारोबारसँग सम्बन्धित देहायका विवरणहरु समेत राख्नु पर्नेछः***

***(क) व्यवसाय प्रवर्द्धनको लागि नमूनाको रुपमा प्राप्त भएका तथा वितरण गरिएको वस्तुको विवरण।***
***(ख) बिना मूल्य प्राप्त भएका तथा वितरण गरिएका वस्तुको विवरण।***

## ५.८ उपहार (Gift) को कारोबार मूल्यः

व्यवसायिक प्रतिष्ठानहरुले ब्यवसाय प्रवर्द्धन गर्ने सिलसिलामा आफ्ना उत्पादन तथा बिक्री वितरण गर्ने वस्तुहरु उपहारको रुपमा वितरण गर्ने गर्दछन्। व्यवसायिक प्रवर्द्धनको लागि देहाय बमोजिम उपहार वितरण गरेको पाइन्छः

(क) जुन वस्तु बिक्री गरेको हो सोही वस्तुको केही थप संख्या दिने,
(ख) एउटा वस्तुको कारोबार गर्ने व्यक्तिले अन्य प्रकृतिका वस्तु उपहारको रुपमा वितरण गर्ने,
(ग) वस्तु बिक्री गर्दा कुपन समेत वितरण गर्ने र सो कुपनमा परेको उपहार (वस्तु वा नगद) क्रेतालाई तत्काल उपलब्ध गराउने,

(घ) वस्तु बिक्री गर्दा कुपन समेत दिई सो कुपनलाई चिठ्ठाको रुपमा व्यवहार गरी सो बमोजिमको वस्तु कुनै निश्चित समय पछि हस्तान्तरण गर्ने,

(ङ) वस्तु बिक्री गर्दा सो वस्तुभित्रै नगद वा नगद सरहको वस्तु वा सोको कुपन राखी बिक्री गर्ने र उपभोक्ताले सो कुपन फिर्ता गरेपछि सो बराबरको वस्तु वा नगद प्राप्त गर्ने अवस्था,

(च) निश्चित समयभित्र कुनै निश्चित परिमाण बिक्री गरेमा उत्पादक वा वितरकले आफ्नो डिलर एजेण्ट वा खुद्रा बिक्रेतालाई कुनै निश्चित वस्तु वा रकम उपहारको रुपमा उपलब्ध गराउने, वा

(छ) कुनै उत्पादक वा सेवा प्रदायकले आफ्नो व्यवसाय प्रवर्द्धनमा विभिन्न सुविधा तेस्रो पक्ष मार्फत उपलब्ध गराउने अवस्थामा।

माथि खण्ड (क) मा उल्लेख भएको अवस्थामा जुन वस्तु बिक्री गरेको हो सोही वस्तुको केही थप संख्या दिईएको हुन्छ। यस्तो अवस्थामा उक्त वस्तु दर्ता नभएका व्यक्ति वा अन्तिम उपभोक्ताले प्राप्त गरेको भएमा त्यस्ता उपभोक्ताबाट कर असुल गर्न नपर्ने, तर यस्तो उपहार दर्तावाला व्यक्तिले प्राप्त गरेको भएमा दर्तावाला व्यक्ति बीच भएको यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर असुल नगरी उपहार स्वरुप दिइएको वस्तुको अभिलेख दुबै पक्षले राख्नु पर्दछ। उपहार पाउने दर्तावाला व्यक्तिले उपहारस्वरुप प्राप्त भएका वस्तु बिक्री गरेको छ भने त्यस अवस्थामा कर असुल गर्नुपर्दछ।

माथि खण्ड (ख) मा उल्लेख भए जस्तै एउटा वस्तुको कारोबार गर्ने व्यक्तिले अन्य प्रकृतिका वस्तु उपहारको रुपमा वितरण गरेको अवस्थामा बिक्री भएको वस्तु र उपहारको रुपमा दिइने वस्तु पनि साथ साथै हस्तान्तरण भएको भए दर्ता नभएको व्यक्ति वा अन्तिम उपभोक्तालाई उपहारको रुपमा दिइएको त्यस्तो वस्तुमा कर असुल गर्नुपर्दैन। तर यस्तो उपहार दर्तावाला व्यक्तिले प्राप्त गरेको भएमा दर्तावाला व्यक्तिबीच भएको यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर असुल नगरी उपहारस्वरुप दिइएको वस्तुको अभिलेख दुबै पक्षले राख्नु पर्दछ। उपहार पाउने दर्तावाला व्यक्तिले उपहार स्वरुप प्राप्त भएको वस्तुहरु कर लाग्ने वस्तु भए सो बिक्री गर्दा कर असुल गर्नुपर्दछ।

माथि खण्ड (ग) मा उल्लेख भए जस्तै वस्तु बिक्री गर्दा कुपन समेत वितरण गर्ने र सो कुपनमा उपहार स्वरुप वस्तु रहेको खण्डमा उपर्युक्त खण्ड (क) बमोजिम मूल्य अभिवृद्धि कर आकर्षित हुन्छ। तर कुपनमा नगद उपहार प्राप्त भएमा, कुपन प्राप्त गरेको वस्तु हस्तान्तरण गर्नु अगाडि नै कुपनमा कति रकम उल्लेख भएको छ सो जानकारी हुन्छ भने सो नगद रकम कर लाग्ने मूल्यबाट घटाई डिस्काउण्टको रुपमा कर बीजकमा उल्लेख गर्नुपर्दछ।

माथि खण्ड (घ) मा उल्लेख भए जस्तै वस्तु बिक्री गर्दा कुपन समेत दिई सो कुपनलाई चिठ्ठाको रुपमा व्यवहार गरी सो बमोजिमको वस्तु कुनै निश्चित समयपछि हस्तान्तरण गरिएको अवस्थामा त्यस्तो वस्तु प्राप्त गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर तिर्नु पर्दैन।

माथि खण्ड (ङ) मा उल्लेख भए जस्तै वस्तु बिक्री गर्दा सो वस्तु भित्रै नगद वा नगद सरहको वस्तु वा सोको कुपन राखी बिक्री गर्ने र उपभोक्ताले सो कुपन फिर्ता गरेपछि सो बराबरको वस्तु वा नगद प्राप्त गर्ने अवस्था भएमा साबिकको कर बीजकमा छुटको रुपमा व्यवहार गरी मूल्य समायोजन गर्न पाईंदैन।

माथि खण्ड (च) मा उल्लेख भए जस्तै निश्चित समयभित्र कुनै निश्चित परिमाण बिक्री गरेमा उत्पादक वा वितरकले आफ्नो डिलर एजेण्ट वा खुद्रा बिक्रेतालाई कुनै निश्चित वस्तु वा सेवा उपहारको रुपमा उपलब्ध गराएको अवस्थामा त्यस्तो कर लाग्ने वस्तु वा सेवा हस्तान्तरण हुँदा वस्तुको बजार मूल्यमा मूल्य अभिवृद्धि

कर असुल गर्नुपर्दछ। माथि खण्ड (छ) मा उल्लेख भए जस्तै कुनै उत्पादक वा सेवा प्रदायकले आफ्नो व्यवसाय प्रवर्द्धनमा विभिन्न सुविधाहरु तेस्रो पक्षमार्फत उपलब्ध गराएमा तेस्रो पक्षले उपलब्ध गराएको सुविधा वापतको रकममा उत्पादक वा सेवा प्रदायकबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। जस्तैः कुनै एयरलायन्सले आफ्नो सेवा उपभोग गर्ने दुई जना ग्राहकलाई ठमेलको कुनै दर्तावाला रेष्टुरेण्टमा एक साँझ डिनरको व्यवस्था गरेको रहेछ भने उक्त रेष्टुरेण्टले ती ग्राहकलाई उपलब्ध गराएको डिनर वापतको बीजक सो एयरलायन्सको नाममा जारी गरी कर असुल गर्नुपर्दछ। यदि सो एयरलायन्सले दुई जनालाई निजहरुले उपभोग गरेको खाना तथा पेय पदार्थमा ४० प्रतिशतले छुट दिएको अवस्थामा उक्त ४० प्रतिशत वापतको रकमको बीजक एयरलायन्सको नाममा जारी गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत बराबरको रकमको बीजक सम्बन्धित उपभोक्ता वा सेवाग्राहीको नाममा जारी गर्नुपर्नेछ। यसैगरी उक्त एयरलायन्सले जारी गरेको सुविधा कार्ड (Privilege Card) बाट नयाँ सडकस्थित रेडिमेड सेन्टरबाट खरिद गरेको करयोग्य सामानमा २० प्रतिशत छुट प्राप्त गरेको रहेछ भने सो रेडिमेड सेन्टरले कार्ड धारकलाई उपलब्ध गराएको उक्त छुट रकम वापत एयरलाइन्सबाट कुनै रकम प्राप्त गरेको वा कुनै खर्च शोधभर्ना प्राप्त गरेको भएमा सो रकममा एयरलायन्सबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेछ।

उपहारको रुपमा वितरण गरिने वस्तु वा नगदको दर्तावाला बिक्रेता तथा खरिदकर्ता दुबैले उपहार दिए लिएको विवरणको अभिलेख अद्यावधिक राख्नुपर्दछ। साथै सो उपहारसम्बन्धी जानकारी सबैले प्राप्त गर्ने गरी सूचना जारी गरेको हुनुपर्दछ। यस्ता उपहार योजनाको जानकारी कारोबार हुनु पूर्व भएको हुनुपर्दछ।

## ५.९ कर लाग्ने मूल्य समायोजनः

वस्तु वा सेवा बिक्री भई बीजक जारी गरिसके पश्चात कहिलेकाँही ती वस्तु वा सेवाको कर लाग्ने मूल्य र कर रकममा समायोजन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। बिक्री भई सकेका वस्तुमा कुनै प्राविधिक त्रुटि देखिएमा खरिदकर्ताले सो वस्तु फिर्ता गरेको हुन सक्दछ। यसै गरी अर्डर गरे बमोजिमको स्पेसिफिकेसन, मात्रा, गुणस्तर एवं समयभित्र वस्तु आपूर्ति नभएको कारणले कहिलेकाँही आपूर्ति गरिएका वस्तुको सबै वा आंशिक परिमाण बिक्रेतालाई फिर्ता गर्ने गरेका हुन सक्छ। यस्तो अवस्थामा खरिदकर्ताले वस्तु सम्बन्धित बिक्रेतालाई फिर्ता गरेमा उक्त वस्तुको कर लाग्ने मूल्यमा समायोजन गर्नुपर्दछ। यसरी कारोबार मूल्यमा समायोजन गर्न डेविट नोट र क्रेडिट नोटको प्रयोग गर्नुपर्दछ। एकपटक बिक्री भई सकेको वस्तु फिर्ता भएको अवस्थामा बिक्रेताले क्रेडिट नोट जारी गर्नुपर्दछ भने खरिदकर्ताले डेविट नोटको माध्यमबाट कर समायोजन गर्नुपर्दछ। साथै यसरी फिर्ता लिने दिने दुबै पक्षले बिक्री फिर्ताको परिमाण मौज्दात कितावमा समेत अद्यावधिक गर्नुपर्दछ। देहायका अवस्थाहरुमा यस प्रकारको स्थिति सिर्जना हुन सक्दछः

(क) बिक्री भएका सम्पूर्ण वस्तु फिर्ता भई क्रेतालाई पूरा मूल्य फिर्ता गर्नु परेमा क्रेडिट नोट जारी गर्नुपर्दछ। तर पहिलेको मूल्य भन्दा बढी मूल्यको वस्तुसँग साट्दा फिर्ता भएको वस्तुको लागि क्रेडिट नोट जारी गरी नयाँ वस्तुको लागि कर बीजक जारी गर्नुपर्दछ। यसैगरी बिक्री भएको वस्तुको कुनै जायज कारणले बिक्रेता र खरिदकर्ताबीच वस्तु फिर्ता नगरी मूल्यमा मात्र परिवर्तन (घटी वा बढी) भएमा सोको समायोजन डेविट नोट वा क्रेडिट नोटबाट गर्नुपर्दछ।

(ख) वारेण्टी अवधि भित्र पहिले बिक्री गरिएको वस्तु फिर्ता भई सोको मूल्य समायोजन गर्नु परेमा पनि आवश्यकता अनुसार क्रेडिट नोट वा डेविट नोट जारी गर्नुपर्दछ।

(ग) खरिदकर्ताले प्राप्त गरेको सम्पूर्ण वस्तुहरु फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएको र उक्त वस्तुको कर बीजकलाई खरिद खातामा प्रविष्टि नगरेको र मौज्दात अभिलेखमा पनि प्राप्ति नजनाएको अवस्था रहेमा खरिदकर्ताले खरिद गरिएका सम्पूर्ण वस्तु र सोको सक्कल कर बीजक फिर्ता गर्नुपर्दछ। यस्तो अवस्थामा खरिदकर्ताले माथि उल्लेख भए जस्तो डेबिट नोट जारी गर्नुपर्दैन। तर बिक्री भएका वस्तु र सोको सक्कल कर बीजक फिर्ता पाएको अवस्थामा सम्बन्धित बिक्रेताले क्रेडिट नोट जारी गर्नुपर्दछ र खरिदकर्ताले फिर्ता गरेको सक्कल बीजक समेत सुरक्षित रुपमा राख्नु पर्दछ।

(घ) एउटै कर बीजक मार्फत धेरै परिमाणमा वस्तु खरिद भएको र ती वस्तुहरुमध्ये केही वस्तु तत्कालै वा केही अवधिपछि कुनै जायज कारणले सम्बन्धित बिक्रेतालाई फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएमा उक्त कर बीजक बमोजिमको कारोबारलाई खरिद खातामा प्रविष्टि गरी मौज्दात किताबमा समेत प्राप्ति जनाई सो मध्ये फिर्ता गर्नुपर्ने वस्तुको पूर्ण विवरण, संख्या, करलाग्ने मूल्य र कर समेत उल्लेख गरी सम्बन्धित कर बीजकको फोटोकपी समेत राखी सम्बन्धित बिक्रेतालाई फिर्ता गर्नुपर्दछ। यसरी फिर्ता गर्दा फिर्ता भएका वस्तु र कारोबार मूल्य खुलाई डेबिट नोट जारी गर्नुपर्दछ। यसरी आंशिकरुपमा फिर्ता भएका वस्तुको सम्बन्धमा बिक्रेताले पनि क्रेडिट नोट जारी गरी दुबै पक्षको अभिलेख अद्यावधिक राख्नुपर्नेछ।

(ङ) बिक्रेताले जारी गर्ने क्रेडिट नोटलाई बिक्री खातामा पनि अभिलेख जनाई सो कर अवधिको कुल बिक्री कारोबारमा घटाउनु पर्दछ भने खरिदकर्ताले पनि आफूले जारी गरेको डेबिट नोटलाई खरिद खातामा अभिलेख जनाई खरिद कारोबारलाई घटाउनु पर्दछ।

(च) कुनै उत्पादक वा वितरकले आफ्ना डिलर, एजेण्ट वा खुद्रास्तरका बिक्रेतालाई वस्तु आपूर्ति गरिसके पछि विभिन्न जायज कारणले गर्दा पूर्व निर्धारित मूल्यमा वस्तु उपभोक्ता समक्ष बिक्री हुन नसक्ने अवस्था सिर्जना भई उत्पादक वा वितरकले आफ्ना डिलर, एजेण्ट वा खुद्रा बिक्रेतालाई केही प्रतिशत रकम मूल्यमा घटाई बिक्री गर्न र पहिलेको मूल्यमा फरक परेको हदसम्म मूल्य फिर्ता दिने वा अन्य कुनै तरिकाले समायोजन गरिदिने गरी व्यवसायिक प्रबन्ध गरेको अवस्थामा सो मूल्य वापतको उत्पादक वा वितरकले क्रेडिट नोट र खरिद गर्ने डिलर, एजेण्ट वा खरिदकर्ताले डेबिट नोट जारी गर्नुपर्दछ।

(छ) मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले खरिद गरेको वस्तु कुनै जायज कारणले बिक्रेतालाई फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भएमा बिक्रेताले क्रेडिट नोट जारी गरी कर समायोजन गर्नुपर्दछ। यसरी समायोजन गर्दा सो वस्तुको कर बीजकको फोटोकपी खरिदकर्ताले लिनु दिनु पर्ने रकम समायोजन गर्नको लागि जारी गरेको डेबिट नोट एवं पत्रको आधारमा समायोजन गर्नुपर्दछ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २० ले देहाय बमोजिमको व्यवस्था गरेको छ।

***नियम २० क्रेडिट वा डेबिट नोटः (१) दर्ता भएको व्यक्तिले आपूर्ति गरेको वस्तु वा सेवाको मूल्यमा परिवर्तन भई क्रेडिट वा डेबिट नोट जारी गर्नु परेमा त्यस्तो नोटमा स्पष्टसँग क्रेडिट वा डेबिट नोट लेखी देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-***

***(क) क्रमागत संख्या,***

***(ख) जारी भएको मिति,***

***(ग) आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर,***

***(घ) प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर,***

***(ङ) कारोबारसँग सम्बन्धित कर बीजकको संख्या र मिति,***

*(च) वस्तु वा सेवाको विवरण र क्रेडिट वा डेबिटको कारण,*
*(छ) क्रेडिट वा डेबिट भएको रकम,*
*(ज) क्रेडिट वा डेबिट भएको करको रकम।*

करयोग्य मूल्यमा आएको परिवर्तन मिलान गर्दा वस्तु वा सेवा आपूर्ति गर्दाको समयमा कायम रहेको करको दर अनुसार मिलान गर्नुपर्ने हुन्छ। यसरी कर मिलान गर्दा डेबिट नोट वा क्रेडिट नोटको माध्यमबाट मिलान गर्नुपर्ने र सोको मासिक लेखा राख्नु पर्दछ। यस सम्बन्धमा नियमावलीको नियम २० को उपनियम (२) मा देहायको व्यवस्था रहेको छः

***नियम २० को उपनियम (२) दर्ता भएको करदाताले उपनियम (१) बमोजिमको क्रेडिट वा डेबिट नोटको मासिक लेखा राख्नु पर्नेछ।***

नियमावलीको उपर्युक्तानुसार जारी गर्नुपर्ने डेबिट/क्रेडिट नोटको ढाँचा देहाय बमोजिम रहेको छ।

**डेबिट/क्रेडिट नोट**

डेबिट/क्रेडिट नोटको सि.नं. जारी भएको मितिः-

आपुर्तिकर्ताको करदाता दर्ता नं.

आपुर्तिकर्ताको नामः

ठेगानाः

प्रापकको नामः

कर बीजकको सि.नं.

| वस्तु वा सेवाको विवरण | डेबिट/क्रेडिट नोट जारी गर्नाको कारण | डेबिट/ क्रेडिट रकम | डेबिट/ क्रेडिट कर रकम |
|---|---|---|---|
| | | | |
| | | | |

........................

**जारी गर्नेको सही**

**५.१० बजार मूल्यः**

बजार मूल्य भन्नाले एक आपसमा असम्बन्धित बिक्रेता र क्रेता बीच स्वतन्त्र रुपले वस्तु वा सेवा आपूर्ति गर्दा निर्धारण गरिएको मूल्यलाई बुझ्नुपर्दछ। सामान्यतया बजार मूल्य र कर लाग्ने मूल्य समान हुन्छ। तर कहिलेकाँही कर लाग्ने मूल्य र बजार मूल्यबीच फरक भएको पनि पाइन्छ। करदाताले व्यवसायिक नीति सार्वजनिक गरी वस्तु वा सेवा आपूर्ति गर्दा सो नीतिको आधारमा डिस्काउण्ट वा छुट दिन सक्दछ। यसरी दिइएको डिस्काउण्ट वा छुटलाई बजार मूल्यमा घटाई कर लाग्ने मूल्य कायम गर्नुपर्दछ। समान वस्तुको कारोबार गर्ने अन्य करदाताले आफ्नो वस्तु बिक्री गर्दा कुनै किसिमको डिस्काउण्ट वा छुट दिने नीति

अवलम्बन गरेको भएमा उस्तै उस्तै वा समान वस्तुको बजारमा मूल्य फरक फरक हुने अवस्था सिर्जना हुन सक्दछ। व्यवसाय प्रवर्द्धनको लागि डिस्काउण्ट वा छुट दिने व्यवस्थाले एउटा करदाता र अर्को करदाताको कर लाग्ने मूल्यबीच फरक भएको पाइन्छ। यसरी कहिलेकाँही कर लाग्ने मूल्य र बजार मूल्यबीचको फरक कानून बमोजिम स्वभाविक भए तापनि करदाताले फरक हुनुको कारण र आधारको पुष्टि गर्नुपर्दछ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १३ ले बजार मूल्यको सम्बन्धमा देहाय बमोजिमको कानूनी व्यवस्था गरेको छ।

**दफा १३. बजार मूल्यः (१) कुनै दिनमा आपूर्ति गरिएको वस्तु वा सेवाको बजार मूल्यको निर्धारण असम्बन्धित व्यक्तिहरुकाबीच स्वतन्त्र रुपले आपूर्ति भएको त्यस्तै किसिमको वस्तु वा सेवा वापत प्राप्त हुने प्रतिफललाई ध्यानमा राखी निर्धारण गरिनेछ।**

**(२) यस दफाको प्रयोजनको लागि बजार मूल्य निर्धारण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।**

**(३) उपदफा (१) र (२) बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तोकेको प्रक्रिया अनुसार त्यस्तो वस्तु तथा सेवाको बजार मूल्य निर्धारण गरिनेछ।**

बजार मूल्य निर्धारण गर्ने प्रक्रियाको सम्बन्धमा नियमावलीको नियम २२ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम २२. बजार मूल्य निर्धारण प्रकृयाः (१) ऐनको दफा १३ बमोजिम बजार मूल्य निर्धारण गर्नु पर्दा कर अधिकृतले समान प्रकारको कारोबारको सम्बन्धमा दर्ता भएका अन्य समान बिक्रेताहरुको कारोबार तथा मूल्य अध्ययन गरी बजार मूल्यको निर्धारण गर्नेछ।***

***(२) ऐनको दफा १३ को उपदफा (३) मा उल्लेख भए बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तत्सम्बन्धमा समान प्रकारका दर्ता भएका व्यक्तिहरुबाट आफूलाई प्राप्त भएको जानकारी समेतका आधारमा मूल्य निर्धारण गर्नुपर्नेछ।***

ऐन तथा नियमावलीका उपर्युक्त व्यवस्था अनुसार कुनै व्यक्तिले बजार मूल्यभन्दा न्यून हुने गरी कर लाग्ने मूल्य कायम गरेर कारोबार गरेको अवस्थामा कर अधिकृतले बजार मूल्य निर्धारण गर्दा निम्न बमोजिम गर्नुपर्दछः

क. समान किसिमको कारोबार गर्ने अन्य दर्तावाल व्यक्तिहरुले निर्धारण गरेको कर लाग्ने मूल्य संकलन गर्नुपर्दछ।

ख. कर लाग्ने मूल्य संकलन गर्दा सकेसम्म समान स्थान, क्षेत्र, मिति र समयलाई ध्यान दिनुपर्दछ।

ग. समान (Identical) वा उस्ता उस्तै (Similar) वस्तु वा सेवाको कारोबार मूल्यबीच तुलना गर्नुपर्दछ। समान वा उस्ता उस्तै वस्तुको कारोबार गर्ने करदाताहरुले कुनै डिस्काउण्ट वा छुट दिने नीति लागु गरेका छन् भने यस्ता डिस्काउण्ट वा छुट दिनु पूर्वको कारोबार मूल्यलाई आधार मान्नु पर्दछ।

घ. बिक्रेता र क्रेता एक आपसमा असम्बन्धित हुनुपर्दछ।

ङ. कर लाग्ने मूल्य स्वतन्त्ररुपले निर्धारण गरिएको हुनुपर्दछ।

च. सन्दर्भको रुपमा लिइएको वस्तु वा सेवा आपूर्ति गरे वापत प्राप्त हुने प्रतिफल समान वा एकैनासको हुनपर्दछ।

छ. बजार मूल्य भन्दा कममा गरिने कारोबारबाट समग्र रुपमा बिक्री प्रवर्द्धन हुने उद्देश्य हुनुपर्दछ।

वस्तुको प्रकृति, परिमाण, गुण, स्पेसिफिकेसन आदिमा समानता हुनुको साथ साथै स्थान र समय पनि समान हुनुपर्दछ। यी पक्षहरुमा अध्ययन र विश्लेषण गरी समान किसिमको कारोबार गर्ने अन्य दर्तावाल व्यक्तिले निर्धारण गरेको कारोबार मूल्यको आधारमा बजार मूल्य निर्धारण गरिन्छ। माथि उल्लेख भए बमोजिम कुनै वस्तु वा सेवाको बजार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा महानिर्देशकले तत्सम्बन्धमा समान प्रकारका दर्ता भएका व्यक्तिहरुबाट आफूलाई प्राप्त भएको जानकारी समेतका आधारमा मूल्य निर्धारण गर्नुपर्ने व्यवस्था नियम २२ मा गरिएको छ।

**५.११ वस्तु वा सेवाको स्वःआपूर्तिमा कर लाग्ने मूल्यः**

दर्ता भएको व्यक्तिले आफूले आपूर्ति गर्ने वस्तु तथा सेवाहरुलाई आफ्नै प्रयोजनको निमित्त उपभोग गरेको खण्डमा वा प्राप्त गरेको वस्तु वा सेवाको प्रयोग आफैंले गरेमा त्यसलाई स्वःआपूर्ति भनिन्छ। कुनै व्यक्तिले बिक्री गर्ने उद्देश्यले खरिद गरेको वा उत्पादन गरेको वस्तु व्यापार मौज्दातको निर्माण वा उत्पादन बाहेक अन्य प्रयोजनका लागि आफैले प्रयोग गरेमा सोलाई स्वःआपूर्ति मानिन्छ। यसरी स्वःआपूर्ति गर्दा उक्त वस्तु वा सेवाको खरिद वा पैठारी वा उत्पादन मूल्यलाई कर लाग्ने मूल्य मानिन्छ। यदि ती बस्तु वा सेवाको खरिद मूल्य निर्धारण गर्न नसकिने अवस्था भएमा वा करदाता स्वयंले बीजक जारी गरी मूल्य अभिवृद्धि कर असुल नगरेमा बिक्री प्रयोजनका लागि निर्धारण गरिएको मूल्य वा बजार मूल्यलाई आधार मानी कर अधिकृतले कर निर्धारण गर्न सक्दछ।

**५.१२ वस्तु विनिमयको माध्यमबाट कारोबार हुने वस्तुको कर लाग्ने मूल्यः**

मुद्रा बाहेक अन्य वस्तु वा सेवा प्रतिफलको रुपमा प्राप्त गर्ने गरी वस्तु तथा सेवा बिक्री, विनिमय, हस्तान्तरण गरिएको अवस्थामा त्यस्तो बिक्रीलाई वस्तु विनिमयमा आधारित कारोबार भनिन्छ। यस्तो कारोबारमा प्रतिफलका रुपमा प्राप्त हुने वस्तु वा सेवाको बजार मूल्यलाई कर लाग्ने मूल्य मानी कर असुल गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा १२ को उपदफा (४) मा देहायबमोजिमको व्यवस्था रहेको छः

**दफा १२ को उपदफा (४)ः वस्तु विनिमय अन्तर्गत आदान प्रदान गरिएका वस्तु वा सेवाको कर लाग्ने मूल्य त्यसरी आदान प्रदान गरिएका वस्तु वा सेवाको बजार मूल्य बराबर हुनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ५.७**

| |
|---|
| कुनै दर्तावाल व्यक्तिले नेपालबाट चीनको तिब्बतमा चाउचाउ निकासी गरी सोको बदलामा चीनमा उत्पादित कपडा पैठारी गर्ने गरेको रहेछ भने वस्तु विनिमयको यस्तो अवस्थामा चाउचाउको कर लाग्ने मूल्य कपडाको बजार मूल्य बराबर हुन्छ। |

**५.१३ प्रयोग भैसकेका वस्तुको कर लाग्ने मूल्यः**

एक पटक उपयोगमा आइसकेका वस्तुको पुनः प्रयोग गर्ने गरी खरिद बिक्री हुन सक्दछ। प्रयोग भइसकेका वस्तुको कारोबार गर्ने व्यक्तिले यस्ता वस्तुको खरिद सामान्यतया बेदर्तावाल व्यक्ति (मूलतः उपभोक्ता) वा निकायहरुबाट गर्ने गर्दछन्। तर कहिलेकाँही दर्ता भएका व्यक्तिहरुबाट पनि यस्ता वस्तु खरिद गरिएको पाइन्छ। पुरानो सवारी साधन, ठूला मेशिनरी आदि बिक्री गर्ने रिकन्डिशन हाउस यसका उदाहरण हुन्। यस्ता वस्तुहरुको कर लाग्ने मूल्य भन्नाले त्यस्ता वस्तुको बिक्री मूल्य र खरिद मूल्यबीचको फरकलाई

सम्झनुपर्दछ। पुराना वस्तुको कारोबार गर्ने व्यक्तिले प्रत्येक वस्तुको छुट्टा छुट्टै खरिद एवं बिक्री अभिलेख राख्नुपर्दछ। प्रयोग भैसकेका वस्तुहरुको कारोबार गर्ने व्यक्तिले पाउने कर कट्टी सुविधाका सम्बन्धमा ऐनको दफा १७ को उपदफा (५) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (५): उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोग भइसकेका वस्तुहरुको कारोबार गर्ने दर्ता भएको व्यक्तिले पाउने कर कट्टी सुविधा तोकिए बमोजिम हुनेछ।**

ऐनको उपर्युक्त व्यवस्था बमोजिम नियमावलीको नियम ३३ मा देहाय बमोजिमको व्यवस्था गरिएको छः

*नियम ३३.प्रयोग भै सकेका वस्तुहरुको कर निर्धारण तरीकाः (१) प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण त्यस्ता वस्तुहरुको बिक्री मूल्य र खरिद मूल्य बीचको बचतमा मात्र गरिनेछ। त्यस्ता वस्तुको विक्रेताले देहाय बमोजिमका स्थायी अभिलेख त्यस्ता वस्तु खरिद वा बिक्री गर्दा कै अवस्थामा तयार गरी राख्नुपर्नेछ।*

*(क) खरिद सम्बन्धी*

*(अ) खरिद मिति,*

*(आ) वस्तुको पूर्ण जानकारी हुने किसिमको व्यहोराको उल्लेख,*

*(इ) कर बाहेकको खरिद मूल्य,*

*(ई) करको दर,*

*(उ) करको रकम,*

*(ऊ) तिरेको कूल रकम।*

*(ख) बिक्री सम्बन्धी*

*(अ) बिक्री भएको मिति,*

*(आ) कर बाहेकको बिक्री मूल्य,*

*(इ) खरिद मूल्य र बिक्री मूल्य बीचको फरक,*

*(ई) करको दर,*

*(उ) करको रकम,*

*(ऊ) प्राप्त गरेको कूल रकम।*

*(२) उपनियम (१) मा उल्लेख गरेको खरिद मूल्य भन्नाले कर सहितको मूल्यलाई जनाउनेछ।*

*(३) प्रयोग भैसकेका प्रत्येक वस्तुहरु बिक्री गर्दा वीजक जारी गरी खरिद र बिक्रीको छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ।*

*(४) दर्ता भएको व्यक्तिले उपनियम (१), (२) र (३) मा उल्लेख भएको अभिलेख सन्तोषजनक ढंगले राखेको नपाइएमा त्यस्तो करदाताले बिक्री गरेको कूल बिक्री मूल्यमा कर लगाई अर्को कर विवरणसँगै त्यस्तो कर दाखिल गर्ने गरी कर अधिकृतले लिखित आदेश दिन सक्नेछ।*

# परिच्छेद ६
# कारोबारको अभिलेख

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले करयोग्य आपूर्ति गर्दा कारोबार मूल्यमा १३ प्रतिशतका दरले करको गणना गरी कर संकलन गर्नुपर्दछ। कारोबारको सिलसिलामा करदाताले विभिन्न वस्तु तथा सेवा पैठारी तथा स्थानीय रुपमा खरिद गरी त्यस्ता वस्तुहरु बिक्री गर्दछन्। करदाताले विभिन्न व्यक्तिबाट प्राप्त गरेका बिल बीजक वा आफूले जारी गरेका बिल बीजक तथा अन्य कागजातहरुको अभिलेख व्यवस्थापन गर्ने कार्य महत्वपूर्ण रहेको हुन्छ। कारोबारको अभिलेख वास्तबिक र अद्यावधिक भएन भने आफ्नो कर दायित्व यथार्थ रुपले यकिन गर्न सक्दैन। यसरी वास्तविक रुपमा कर दायित्व यकिन नभई दाखिला हुन गएको विवरणबाट तिर्नुपर्ने कर दायित्वमा कमी भएमा पछि कर लगायत थप दस्तुर, जरिवाना आदि थप दायित्व सिर्जना हुन्छ। कर प्रशासनलाई समेत समयमा प्राप्त हुनुपर्ने कर रकम प्राप्त हुँदैन। यसर्थ सही एवं यथार्थपरक रुपमा कर दायित्व यकिन गर्न खरिद गरिएका वस्तु वा सेवा र बिक्री गरिएको वस्तु वा सेवाको सही एवं व्यवस्थित रुपले अभिलेख राख्न अनिवार्य हुन्छ। करदाताले कारोबार अभिलेख गर्ने सम्बन्धमा ऐनको विभिन्न दफाहरुमा उल्लेख भएको छ। निर्देशिकाको यस परिच्छेदमा कारोबारको अभिलेखको सम्बन्धमा भएका व्यवस्थाहरुको सम्बन्धमा विस्तृत रुपमा उल्लेख गरिएको छ।

## ६.१ मूल्य अभिवृद्धि कर सम्बन्धी अभिलेखहरुः

कुनै पनि करदाताको वास्तविक कर दायित्व यकिन गर्न करदाता तथा कर अधिकृत दुबै पक्षलाई प्रमाण, कागजात तथा सही अभिलेखको आवश्यकता पर्दछ। मूल्य अभिवृद्धि कर प्रणाली कर बीजकमा आधारित प्रणाली हो। स्थानीय खरिदमा तिरेको कर दावी गर्न कर बीजकको आवश्यकता पर्दछ भने पैठारी गरिएका वस्तु तथा सेवामा तिरेको कर दावी गर्न पैठारी प्रज्ञापन पत्र तथा भंसार कार्यालयको नगदी रसिद आवश्यक पर्दछ। मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले कारोबारसँग सम्बन्धित पैठारी, खरिद, बिक्री, निकासीसँग सम्बन्धित बिल तथा बीजक, प्रज्ञापनपत्र, नगदी रसिद, बिल अफ इन्ट्री, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतितपत्र, भुक्तानीको प्रमाणपत्र जस्ता आधारभूत प्रमाणहरुको अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। यस्तो अभिलेख राख्न खरिद खाता, बिक्री खाता र मूल्य अभिवृद्धि कर लेखालाई अनिवार्य गरी सोको ढाँचा तोकिएको छ। मूल्य अभिवृद्धि कर लेखांकनलाई सही एवं यथार्थपरक बनाउन उल्लेखित खाताहरुको अतिरिक्त व्यापार लेखा, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र मौज्दात अभिलेख श्रेस्ताहरु राखेको हुन्छ। विद्युतीय माध्यमबाट बीजक जारी गर्ने तथा अभिलेख राख्ने स्वीकृति प्राप्त गर्ने करदाताले विद्युतीय माध्यमबाट राखिएका उपरोक्त अनुसारको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरेको छ। साथै प्रत्येक कर अवधिको कर दायित्व यकिन गर्न कर विवरण तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्दछ भने उक्त कर दायित्व चुक्ता गर्न सम्बन्धित बैंकमा कर दाखिला गरेको भौचर वा कार्यालयमा नगदै दाखिला गरेको भए नगदी रसिद प्राप्त गरी सोको अभिलेख राख्नुपर्दछ। यसको अतिरिक्त मूल्य अभिवृद्धि कर दायित्वमा समायोजन भएको भए सोसँग सम्बन्धित डेबिट क्रेडिट नोट लगायतका प्रमाण कागजातहरु पनि सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ।

## ६.२ बीजकः

मूल्य अभिवृद्धि कर संकलन गर्ने प्रमुख माध्यम बीजक हो। बीजकले कारोबार गरेको पुष्टि गर्दछ। दर्ता भएको प्रत्येक व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा बीजक जारी गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका व्यक्तिले कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा प्राप्त गरेका कर

बीजकको माध्यमबाट कर कट्टी दावी गर्न सक्ने व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ ले कर बीजक र संक्षिप्त कर बीजकको रुपमा छुट्टाछुट्टै व्यवस्था गरेको छ। तर संक्षिप्त कर बीजकबाट कर कट्टी दावी गर्न सकिंदैन। बीजकले मूल्य अभिवृद्धि करको सही लेखांकन गर्न सहयोग पुग्दछ।

### ६.२.१ कर बीजकः

वस्तु वा सेवा आपूर्ति गर्दा दर्तावाल बिक्रेताले खरिदकर्तालाई जारी गर्ने सक्कल बीजकलाई कर बीजक भनिन्छ। कर बीजक जारी गर्ने अधिकार दर्ता भएको व्यक्तिलाई मात्र हुन्छ। कर बीजक कर संकलनको आधारभुत माध्यम हो। प्रत्येक कर बीजक न्युनतम तीन प्रति हुनुपर्दछ। बीजकको प्रथम प्रतिको शीर्ष भागमा कर बीजक उल्लेख गर्नुपर्दछ। कर बीजक उल्लेख भएको पहिलो प्रति खरिदकर्तालाई दिइन्छ। दोस्रो प्रति कर प्रशासनले मागेको बखत उपलब्ध गराउने गरी करदाताले अभिलेखमा राख्दछ। तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको लेखांकनका लागि प्रयोग गर्दछ। यही तेस्रो प्रतिको माध्यमबाट करदाताले आफ्नो बिक्री खाता प्रविष्ट गर्ने र लेखा राख्ने गर्दछ। कर बीजक उल्लेख भएको प्रतिले कर कट्टी दावी गर्ने आधार सिर्जना हुने भएकोले पहिलो प्रति बाहेक अन्य प्रतिमा कर बीजक उल्लेख गर्नु हुँदैन। करदाताले आफ्नो आवश्यकतानुसार ३ प्रति भन्दा बढी प्रति बीजक पनि जारी गर्न सक्दछन्। विद्युतीय प्रणालीवाट पनि करदाताले बीजक जारी गर्न सक्ने व्यवस्था रहेको छ। कर बीजकका सम्बन्धमा ऐनको दफा १४ तथा दफा १४क. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा १४. बीजक दिनु पर्नेः (१) प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्नेछ।**

**(२) बीजकको ढाँचा तोकिए बमोजिम हुनेछ।**

**(३) बीजक लिनु प्रापकको कर्तव्य हुनेछ।**

**(४) दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर बीजक साथमा राख्नु पर्नेछ।**

**(५) विभागले सूचना प्रकाशन गरी वा लिखित आदेश दिई तोकेको कुनै व्यक्तिले कुनै तोकेको वस्तुको सोही सूचना वा आदेशमा तोकेको समयावधिका लागि त्यस्तो वस्तुको खुद्रा बिक्री मूल्य सार्वजनिक गर्नुपर्ने गरी तोक्न सक्नेछ। यस्तो सूचना वा आदेश प्राप्त भएपछि खुद्रा बिक्री मूल्य सार्वजनिक नगरी कुनै वस्तुको बिक्री वा हस्तान्तरण गर्न पाउने छैन।**

**(६) उपदफा (५) बमोजिम तोकिएको व्यक्तिले त्यस्तो वस्तु दर्ता नभएको व्यक्तिलाई बिक्री गर्दा सार्वजनिक भएको मूल्यमा तोकिएको ढाँचामा बीजक दिई उपभोक्ता तहको कर समेत असुल उपर गराउने व्यवस्था गरिनेछ।**

**तर उपदफा (५) बमोजिम नतोकिएको कुनै व्यक्तिले स्वेच्छाले यस उपदफा बमोजिमको बीजक दिन सक्नेछ।**

यसै गरी विद्युतीय बीजकको सम्वन्धमा ऐनको दफा १४क. मा देहायको व्यवस्था रहेको छः

**१४क. विद्युतीय बीजकः (१) करदाताले विभागको पूर्व स्वीकृति लिई विद्युतीय बीजक जारी गर्न सक्नेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएका करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (सिविएमएस) मा आवद्ध गर्न आदेश दिन सक्नेछ।**

**(३) विद्युतीय माध्यमबाट बीजक जारी गर्ने सफ्टवेयर वा उपकरणको सुरक्षण तथा विश्वसनीयता सम्बन्धमा विभागले कार्यविधि बनाई लागु गर्नेछ। त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नुपर्नेछ।**

यसै गरी नियमावलीको नियम १७ ले कर बीजकका सम्बन्धमा देहायको व्यवस्था गरेको छः

**नियम १७. कर बीजक (१): दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची-५ र ५क.बमोजिमको ढाँचामा कर बीजक दिनु पर्नेछ। त्यसरी कर बीजक जारी गर्दा कुनै वस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ।**

**(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १४ को उपदफा (६) बमोजिम वस्तु वा सेवाको बिक्री गर्दा अनुसूची-५ख मा उल्लिखित विवरण बमोजिमको कर बीजक जारी गर्नुपर्नेछ।**

**(२) उपनियम (१) बमोजिम प्रापकलाई दिइने बीजकको मुख पृष्ठमा देखिने गरी प्रष्टसँग कर बीजक लेखिएको हुनु पर्नेछ। यस्तो कर बीजकको तीन प्रति तयार गरी त्यसको सक्कल प्रति प्रापकलाई दिने, दोस्रो प्रति कार्यालयले माग गरेका बखत पेश गर्ने गरी छुट्टै अभिलेख खडा गरी राख्ने र तेस्रो प्रति दर्ता भएको व्यक्तिले आफ्नो कारोबार प्रयोजनको निमित्त अभिलेख खडा गरी राख्ने व्यवस्था गर्नुपर्नेछ।**

यदि एउटै बीजकबाट कर लाग्ने र कर छुटको आपूर्ति गरेको भए कर लाग्ने र कर नलाग्ने वस्तु वा सेवा अलग्गै खुलाई उल्लेख गर्नुपर्दछ।

विदेशी मुद्रामा भएको भुक्तानीमा मूल्य अभिवृद्धि कर गणना सम्बन्धमा नियमावलीको नियम २१ मा निम्न व्यवस्था रहेको छः

***नियम २१. विदेशी मुद्रामा भुक्तानी भएमाः आपुर्तिकर्ताले कुनै वस्तु वा सेवाको आपुर्ति गर्दा त्यसको प्रतिफल वापत प्रापकबाट परिवत्र्य विदेशी मुद्रा भुक्तानी लिई कर बीजक दिँदा कारोबार भएको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर बीजकमा उल्लेख गरी बीजक दिनु पर्नेछ।***

परिवर्त्य विदेशी मुद्रा भुक्तानी लिई कर बीजक दिँदा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २१ बमोजिम कारोबार भएको दिनको नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर बमोजिम उक्त विदेशी मुद्रा बराबर हुने नेपाली रुपैयाँको रकम कर बीजकमा उल्लेख गरी कर बीजक जारी गर्नुपर्ने र सोही कर लाग्ने मूल्यमा तेह्र प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रकम समेत असुल गर्नुपर्ने छ।

### ६.२.२ संक्षिप्त कर बीजकः

दर्ता भएको व्यक्तिले खुद्रा बिक्रीमा जारी गर्ने कर सहित रु.१०,००० सम्मको बीजकलाई संक्षिप्त कर बीजक भनिन्छ। कर अधिकृतबाट स्वीकृति प्राप्त गरेर मात्र दर्ता भएको व्यक्तिले खुद्रा बिक्रीका लागि संक्षिप्त बीजक जारी गर्न पाउँदछ। अन्तिम उपभोक्तालाई खुद्रा बिक्री गर्ने बिक्रेतालाई मात्र संक्षिप्त कर बीजक जारी गर्ने

स्वीकृति दिइन्छ। यस्तो संक्षिप्त कर बीजकमा करको अंश उल्लेख हुँदैन र यसबाट खरिदकर्ताले कर कट्टी दावी गर्न सक्दैन। संक्षिप्त कर बीजकका सम्बन्धमा नियमावलीको नियम १८ ले गरेको ब्यवस्था निम्नानुसार रहेको छः

*नियम १८. संक्षिप्त कर बीजकः (१) नियम १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको खुद्रा बिक्री गर्ने भएमा सोही कुरा खुलाई सम्बन्धित कर अधिकृत समक्ष निवेदन दिएमा त्यस्तो दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको खुद्रा बिक्री गर्दा नियम १७ मा उल्लेख भए बमोजिमको कर बीजकको सट्टा अनुसूची-६ बमोजिमको ढाँचामा प्रापकलाई संक्षिप्त कर बीजक दिनु पर्ने गरी अनुमति दिन सक्नेछ।*

*(२) कम मोल पर्ने धेरै वस्तुहरु बिक्री गरिएको रहेछ भने उपनियम (१) बमोजिम दिइने संक्षिप्त कर बीजकमा सबै वस्तुहरुको छुट्टा छुट्टै नाम उल्लेख गर्नुपर्नेछ।*

*(३) उपनियम (१) बमोजिम वस्तु खरिद गरी संक्षिप्त कर बीजक लिने प्रापकले ऐनको दफा १७ बमोजिम कर कट्टी गर्न पाउने छैन।*

*(४) उपनियम (१) बमोजिम प्रापकलाई संक्षिप्त कर बीजक दिने दर्ता भएको व्यक्तिले सो कुराको अभिलेख देहाय बमोजिम राख्नु पर्नेछः-*

*(क) सक्कल बीजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने,*

*(ख) टिलरोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने,*

*(ग) प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने।*

*(५) उपनियम (४) बमोजिम दर्ता भएको व्यक्तिले राख्नु पर्ने अभिलेख राखेको नपाइएमा कर अधिकृतले उपनियम (१) बमोजिम संक्षिप्त कर बीजक जारी गर्न दिएको अनुमति खारेज गर्न सक्नेछ।*

*(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दशहजार रुपैयाँभन्दा बढी मूल्यको कारोबार भएको रहेछ भने यस नियम बमोजिम संक्षिप्त कर बीजक जारी गर्न पाइने छैन र सोभन्दा कम रकमको कारोबार भएको भए तापनि नियम १७ बमोजिमको कर बीजकको माग गर्ने प्रापकलाई सोही बमोजिमको कर बीजक उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ।*

संक्षिप्त कर बीजक जारी गर्ने करदाताले उपर्युक्त शर्तहरु पालना गर्नुपर्दछ। कर अधिकृतले अनुमति दिँदा आवेदक व्यक्तिले उपरोक्त शर्तहरु पालना गर्न सक्छ वा सक्दैन भन्ने कुराको छानविन गरी उल्लेखित शर्तहरु पालना गर्ने शर्तमा मात्र स्वीकृति दिनुपर्दछ। उल्लिखित शर्तहरु पालन भएको नपाइएमा संक्षिप्त कर बीजक जारी गर्न पाउने गरी दिइएको स्वीकृति कर अधिकृतले खारेज गर्न सक्दछ।

**६.२.३ क्याश मेशिन वा कम्प्यूटर सफ्टवेयरबाट बीजक जारी गर्नुपर्नेः**

विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्ने सम्बन्धमा नियमावलीको नियम १८क. मा निम्न व्यवस्था रहेको छः

*नियम १८क. क्याश मेशिन वा विद्युतीय माध्यमबाट बीजक जारी गर्नु पर्नेः विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्नेछ र त्यसरी तोकिएकोमा त्यस्तो करदाताले कारोबार गर्दा क्याश मेशिनको प्रयोग गरी बीजक जारी गर्नुपर्नेछ।*

**तर विद्युतीय माध्यमबाट बीजक जारी गर्न स्वीकृति प्राप्त करदाताले सोही बमोजिम बीजक जारी गर्नुपर्नेछ।**

### ६.३ संक्षिप्त कर बीजकबाट करको हिसाब निकाल्ने तरिकाः

संक्षिप्त बीजक जारी गर्दा वस्तुको मूल्य र कर अलग अलग नदेखाई कर समेतको मु्ल्य उल्लेख गरिएको हुन्छ। अतः त्यस्ता बीजकहरुबाट असुल भएको करको हिसाब कसरी गणना गर्ने सम्बन्धमा करदाताले जानकारी पाउनु जरुरी छ। नियमावलीको नियम १८ को उपनियम (७) ले संक्षिप्त कर बीजकबाट कर रकम निकाल्ने कर भिन्नको व्यवस्था उल्लेख गरेको छ। यसरी कर समेत समावेश भएको मूल्यलाई कर भिन्नले गुणा गरेर कर रकम हिसाब गरिन्छ। करको दरमा १०० जोडी हुन आउने अंकले करको दरलाई भाग गर्दा प्राप्त हुने भाग फललाई कर भिन्न भनिन्छ।

*नियम १८. संक्षिप्त कर बीजकः (७) संक्षिप्त कर बीजकबाट करको कूल अङ्क बीजक मूल्यलाई कर भिन्नले गुणन गरी निकालिनेछ।*

*स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "कर भिन्न" भन्नाले*

$$\text{कर भिन्न} = \frac{\text{करको दर}}{\text{करको दर} + १००}$$ *को योगलाई जनाउँछ।*

यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ६.१**

संक्षिप्त कर बीजक जारी गर्न अनुमति पाएको दर्ता भएको एक व्यक्तिको संक्षिप्त कर बीजक बमोजिमको दिनभरीको कर समेतको मूल्य रु.२,२५,००० रहेछ। निजले बिक्री खातामा प्रविष्ट गर्ने वेलामा सो दिनको बिक्रीबाट असुल गरेको करको हिसाब गर्दा उक्त कर समेत बिक्री रकम रु.२,२५,००० लाई कर भिन्नले गुणा गरी कर रकम निकाल्नु पर्दछ। जस्तैः

करको दर १३%

कर भिन्न = १३/(१३+ १००)= १३/११३= ०.११५

यसप्रकार रु. २,२५,००० × १३/११३ = २५,८८५ (कर)। यसमा करलाग्ने मूल्य रु. १,९९,११५ र कर रकम रु. २५,८८५ हुन्छ । जसलाई बिक्री खातामा प्रविष्ट गर्दा छुट्याएर उल्लेख गर्नुपर्दछ।

अतः उक्त व्यक्तिको त्यस दिनको बिक्री भनेको कर लाग्ने मूल्य रु.१,९९,११५ र असुल गरेको कर रु. २५,८८५ हो।

### ६.४ कर बीजक जारी गर्न नपाइनेः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले कर बीजक जारी गर्न पाउँदैन।

### ६.५ डेबिट र क्रेडिट नोटको प्रयोगः

दर्ता भएको व्यक्तिले आपूर्ति गरेको वस्तु वा सेवाको मूल्यमा परिवर्तन भई समायोजन गर्नु परेमा डेबिट र क्रेडिट नोटको प्रयोग गर्नुपर्दछ। डेबिट र क्रेडिट नोटले पनि कर बीजक जत्तिकै महत्व राख्दछ। क्रेडिट

नोटको माध्यमबाट खरिदकर्ताले क्रेडिट दावी गर्न पाउँदछ भने सोही आधारमा खरिदकर्ताले जारी गरेको डेबिट नोटबाट बिक्रेताले तिर्नुपर्ने करमा डेबिटतर्फ समायोजन गर्नुपर्दछ। एक पटक बीजक जारी भएपछि सोमा कुनै परिवर्तन गर्नुपर्ने अपरिहार्य अवस्था सिर्जना भएमा पूर्व जारी बीजकमा परिवर्तन गर्न मिल्दैन। तर सो प्रयोजनका लागि डेबिटरक्रेडिट नोटको प्रयोग गर्न सकिन्छ। यदि जारी साविक बीजकमा उल्लेखित मूल्यभन्दा कम मूल्य उल्लेख गर्नुपर्ने कुनै मनासिब कारण भएमा बिक्रेताले खरिदकर्तालाई क्रेडिट नोट जारी गर्दछ र सोही कारोबारलाई लेखांकन गर्न खरिदकर्ताले बिक्रेतालाई डेबिट नोट जारी गर्दछ। यसको विपरित साबिक मूल्यभन्दा बढी मूल्य उल्लेख गर्नुपर्ने भएमा बिक्रेताले खरिदकर्तालाई डेबिट नोट जारी गर्दछ र खरिदकर्ताले बिक्रेतालाई क्रेडिट नोट जारी गर्दछ। कुनै पनि कारोबारमा खरिदकर्ता र बिक्रेता गरी दुई पक्षको संलग्नता हुने भएकोले सामान्यतया एउटा पक्षको डेविट अर्का पक्षको क्रेडिट हुन्छ भने एउटा पक्षको क्रेडिट अर्को पक्षको डेबिट हुन्छ।

डेविट र क्रेडिट नोटमा उल्लेख गर्नुपर्ने विवरणका सम्बन्धमा नियम २० मा व्यवस्था गरिएको छ। यस अनुसार डेविट र क्रेडिट नोटमा क्रमागत संख्या, जारी भएको मिति, आपूर्तिकर्ताको नाम, ठेगाना र दर्ता नम्बर, प्रापकको नाम, ठेगाना र निज दर्ता भएको व्यक्ति भएमा दर्ता नम्बर, कारोबारसँग सम्बन्धित कर बीजकको संख्या र मिति, वस्तु वा सेवाको विवरण र डेविट र क्रेडिट नोटको कारण, डेविट वा क्रेडिट भएको रकम र डेविट वा क्रेडिट भएको करको रकम खुलाउनु पर्ने कानूनी व्यवस्था गरिएको छ। दर्ता भएको करदाताले डेविट वा क्रेडिट नोटको मासिक लेखा राख्नुपर्दछ। डेविट/क्रेडिट नोटको ढाँचा परिच्छेद ५ मा उल्लेख गरिएको छ।

## ६.६ करदाताले अनिवार्य रुपमा राख्नु पर्ने अभिलेखः

अभिलेख व्यवस्थापनका लागि मूल्य अभिवृद्धि कर ऐन र नियमावलीले खरिद खाता, बिक्री खाता र कर लेखा खाता अनिवार्य रुपमा राख्नुपर्ने कानूनी व्यवस्था गरी सोको ढाँचा समेत तोकेको छ। दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर गणना स्पष्ट हुने गरी आफ्नो कारोबारको लेखा राख्नु पर्दछ। दर्ता भएको व्यक्तिले कर लेखाको निमित्त अनुसूची ८ अनुसार खरिद खाता, अनुसूची ९ अनुसार बिक्री खाता आफै प्रमाणित गरी अद्यावधिक रुपमा लेखांकन गरी राख्नु पर्दछ। साथै अनुसूची ७ को ढाँचामा मूल्य अभिवृद्धि कर लेखा समेत राख्नुपर्दछ। विभागको अनुमति लिई कम्प्यूटर प्रणालीमा पनि लेखा व्यवस्थित गरी राख्न सकिन्छ। कारोबारको लेखा राख्नुपर्ने सम्वन्धमा ऐनको दफा १६ ले निम्नानुसार व्यवस्था गरेको छः

**दफा १६. कारोबारको लेखा राख्नु पर्नेः (१) करदाताले दफा १८ बमोजिमको कर अवधिको आफ्नो कारोबारको लेखा अद्यावधिक राख्नु पर्नेछ र त्यस्तो लेखा निरीक्षण गर्न कर अधिकृतले माग गरेमा जहाँसुकै रहेको निजको त्यस्तो लेखा कर अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।**

**(१क)विभागले करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ।**

**(२) करदाताले राखेको लेखामा देहायका कुराहरु समेत समावेश हुनु पर्नेछः-**

**(क) कारोबार भएको मिति,**

**(ख) प्रत्येक कारोबारको मूल्य,**

**(ग) कारोबारको अर्को पक्ष दर्ता भएको रहेछ भने निजको दर्ता नम्बर, र**

**(घ) कारोबारसँग सम्बद्ध तोकिए बमोजिमका अन्य कुराहरु।**

(३) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता भएको वा नभएको व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि आफैंले प्रमाणित गरेको खरीद, बिक्री खाता लेखा राख्ने प्रयोजनको निमित्त प्रयोग गर्नुपर्नेछ। त्यस्तो खाता कर अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ।

(३क) ..........................

(४) करदाताले कारोबारको लेखा तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

(५) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमले तोकेको प्रक्रिया पूरा गरी करदाताले राखेको लेखालाई अन्यथा प्रमाणित नभएसम्म मान्यता दिईनेछ।

दर्ता भएका करदाताले राख्नुपर्ने अभिलेखका सम्बन्धमा नियमावलीको नियम २३ मा देहाय बमोजिमको व्यवस्था गरेको छः

*नियम २३. अभिलेख राख्नु पर्नेः (१) दर्ता भएको व्यक्तिले ऐन र नियमावलीको प्रयोजनको निमित्त देहायका सूचना, कागजात तथा विवरणहरुको अभिलेख राख्नु पर्नेछः(*

*(क) अनुसूची-७ बमोजिमका सूचनाहरु,*

*(ख) व्यापार, लेखा, नगद प्राप्ति र भुक्तानी सम्बन्धी अभिलेख,*

*(ग) आफूले जारी गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरु,*

*(घ) आफूले प्राप्त गरेका कर बीजक तथा संक्षिप्त कर बीजकहरु,*

*(ङ) आफूले गरेको आयात र निर्यातसँग सम्बन्धित सम्पूर्ण कागजातहरु,*

*(च) आफूले खरिद र बिक्री गरेका वस्तु तथा सेवाको मूल्यमा घटबढ भएको प्रमाणित गर्ने सम्पूर्ण डेबिट तथा क्रेडिट नोट र अन्य तत्सम्बन्धी कागजातहरु,*

*(छ) अनुसूची-८ र अनुसूची-९ मा उल्लेख भए बमोजिमका खरिद तथा बिक्री खाताहरु।*

*(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिशेष प्रकारको व्यापार वा व्यवसायका निमित्त उक्त उपनियममा उल्लेख भएका मध्ये कुनै अभिलेखहरु मात्र दर्ता भएको व्यक्तिले अभिलेखको रुपमा राख्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।*

*(३) दर्ता भएको व्यक्तिले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरु विभागको अनुमति लिई कम्प्युटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।*

*(४) यस नियम बमोजिम दर्ता भएको व्यक्तिले राखेको अभिलेख कर अधिकृतले कारोबार समयमा जुनसुकै बखत हेर्न सक्नेछ।*

*स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि कारोबार समय" भन्नाले सार्वजनिक बिदा बाहेक कारोबार खुल्ने तथा बन्द हुने समयको बीचको अवधि सम्झनु पर्दछ।*

*(५) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्ने सिलसिलामा मागेको अभिलेखसँग सम्बन्धित विवरण तथा कागजात दर्ता भएको व्यक्तिले आफ्नै खर्चमा मुद्रण गरी उपलब्ध गराउनु पर्नेछ।*

*(६) उपनियम (४) बमोजिम कर अधिकृतले अभिलेख जाँच गर्दा निजलाई सहयोग पुऱ्याउनको निमित्त आवश्यक कर्मचारीहरु उपलब्ध गराउने कर्तव्य दर्ता भएको व्यक्तिको हुनेछ।*

*(७) यस नियम बमोजिम राखिएका अभिलेखहरु दर्ता भएको व्यक्तिले ६ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।*

दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको सिलसिलामा कहिलेकाँहि व्यवसाय प्रवर्द्धनका लागि कुनै वस्तु आफैंले खरिद गरी वा उत्पादनकर्ता वा वितरकबाट विना मूल्यमा प्राप्त भएको वस्तु समेत कारोबार गर्ने वस्तुको साथ वितरण गरेको हुनसक्दछ। यस्तो प्रयोजनका लागि प्राप्त भएका वस्तु वा ती वस्तु वितरण गरेको अभिलेख समेत राख्नु पर्दछ। यसैगरी दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको सिलसिलामा कहिलेकाँहि व्यवसाय प्रवर्द्धन गर्ने प्रयोजनका लागि नमूनाका रुपमा कुनै वस्तु विना मूल्य वितरण गरेको हुनसक्दछ। यसरी नमूनाका रुपमा बितरण गरिएको र प्राप्तकर्ताले प्राप्त गरेको वस्तुको समेत अभिलेख अद्यावधिक राख्नुपर्दछ । यस सम्वन्धमा नियम २४ ले निम्न व्यवस्था गरेको छः


***नियम २४. नमूनाको लागि वितरण गरिएको वा विना मूल्यमा प्राप्त वस्तुको विवरणः नियम २३ मा उल्लिखित अभिलेखहरुका अतिरिक्त दर्ता भएको व्यक्तिले कारोबारसँग सम्बन्धित देहायका विवरणहरु समेत राख्नु पर्नेछः-***

***(क) व्यवसाय प्रवर्द्धनको लागि नमूनाको रुपमा प्राप्त भएका तथा वितरण गरिएको वस्तुको विवरण।***

***(ख) विनामूल्य प्राप्त भएका तथा वितरण गरिएका वस्तुको विवरण।***

करदाताले राख्नुपर्ने अभिलेख एवं खाता तथा विवरणको अवस्थालाई यसरी उल्लेख गरिएको छ।

करदाताले राख्नुपर्ने अभिलेखको श्रृंखला



मूल्य अभिवृद्धि कर नियमावलीमा खरीद खाताको नमूना देहाय बमोजिम रहेको छ।

## अनुसूची ८

(नियम २३ को उपनियम (१) को खण्ड (छ) संग सम्बन्धित )

### खरिद खाता

करदाताको नामः करदाता दर्ता नं :

कर अवधिः महिना .........साल ..........

| बीजक/प्रज्ञापनपत्र नम्बर | | | | | | जम्मा खरीद मूल्य रु. | कर छुट हुने वस्तु वा सेवाको खरिद/पैठारी मूल्य (रु.) | करयोग्य खरिद (पुँजीगत बाहेक) | | करयोग्य पैठारी (पुँजीगत बाहेक) | | पुँजीगत करयोग्य खरिद/पैठारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | बीजक प्रज्ञापनपत्र नं. | आपूर्तिकर्ताको नाम | आपूर्तिकर्ताको स्थायी लेखा नम्बर | वस्तु वा सेवाको विवरण | खरिद/पैठारी गरिएका वस्तु को परिमाण | | | मूल्य (रु.) | कर (रु.) | मूल्य (रु.) | कर (रु.) | मूल्य (रु.) | कर (रु.) |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | |

- खरिद खातामा बीजक अनुसार छुट्टा छुट्टै प्रविष्ट गर्नुपर्दछ।
- बीजक नं. र मिति उल्लेख गरेको महलमा स्थानीय खरिदको हकमा बीजक नं. र सो को मिति तथा पैठारीको हकमा पैठारी
- प्रज्ञापन पत्र नं. र सो को मिति उल्लेख गर्नुपर्दछ।
- जम्मा खरिद मूल्यको महलमा कर बाहेकको मूल्य उल्लेख गर्नुपर्दछ।
- यदि एउटै बीजकमा करयोग्य खरिद र कर छुट खरिद वा एउटै प्रज्ञापन पत्रमा करयोग्य पैठारी र कर छुट पैठारी भएमा जम्मा खरिदको महलमा कर बाहेकको करयोग्य खरिद र पैठारी र कर छुट खरिद र पैठारीको मूल्य जोडेर उल्लेख गर्नुपर्दछ र कर छुट खरिदको महल र कर योग्य खरिद र पैठारीको महलमा छुट्टा छुट्टै प्रविष्ट गर्नुपर्दछ।
- करको महलमा स्थानीय खरिद भए करयोग्य खरिदको कर महलमा उल्लेख गर्नुपर्दछ भने पैठारी भएमा कर योग्य पैठारीको कर महलमा उल्लेख गर्नुपर्दछ।
- बेदर्तावाल करदाताबाट करयोग्य खरिद गरेता पनि सो बीजकबाट क्रेडिट नपाउने हुनाले कर छुट खरिदको महलमा नै उल्लेख गर्नुपर्दछ।

खरिद खातामा सम्पूर्ण खरिद वस्तु तथा सेवा प्रविष्ट गर्नुपर्दछ।

मूल्य अभिवृद्धि कर नियमावलीमा बिक्री खाताको नमूना देहाय बमोजिम रहेको छ।

**अनुसूची ९**

**(नियम २३ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित )**

**बिक्री खाता**

करदाताको नामः करदाता दर्ता नंः

कर अवधिः महिना ........... साल .............

| बीजक | | | | | | जम्मा बिक्री / निकासी मूल्य (रू.) | स्थानीय कर छुटको बिक्री मूल्य (रू.) | करयोग्य बिक्री | | निकासी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | बीजक नम्बर | खरिदकर्ताको नाम | खरिदकर्ताको स्थायी लेखा नम्बर | वस्तु वा सेवाको नाम | वस्तु वा सेवाको परिमाण | | | मूल्य (रू.) | कर (रू.) | निकासी गरेको वस्तु वा सेवाको मूल्य (रू.) | निकासी गरेको देश | निकासी प्रज्ञापनपत्र नम्बर | निकासी प्रज्ञापनपत्र मिति |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | |

- बिक्री खातामा बीजक अनुसार छुट्टा छुट्टै प्रविष्ट गर्नुपर्दछ।
- बीजक नं.र मिति उल्लेख गरेको महलमा बीजकको नं.र सो को मिति उल्लेख गर्नुपर्दछ।
- जम्मा बिक्री मूल्यको महलमा कर बाहेकको मूल्य उल्लेख गर्नुपर्दछ।
- यदि एउटै बीजकमा करयोग्य बिक्री र कर छुट बिक्री वा जम्मा बिक्रीको महलमा कर बाहेकको करयोग्य बिक्री र कर छुट बिक्रीको मूल्य जोडेर उल्लेख गर्नुपर्दछ र कर छुट बिक्रीको महल र कर योग्य बिक्रीको महलमा छुट्टा छुट्टै प्रविष्ट गर्नुपर्दछ।
- शून्य दरको बिक्रीको महलमा निकासी मूल्य उल्लेख गर्नुपर्दछ।
- खरिद र बिक्री खातामा कर अवधि अनुसार अन्त्यमा सबै महलको जोड जम्मा गरेर ठिक भए नभएको एक अर्कामा भिडान गर्नुपर्दछ। जस्तै, कर छुट खरिद र कर योग्य खरिद र करयोग्य पैठारीको जोड जम्मा खरिद मूल्यसँग भिडान हुनुपर्दछ।

अनुसूची ७

(नियम २३ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

मूल्य अभिवृद्धि कर लेखा

**खरिद/आयात** **बिक्री/निर्यात**

| मिति | विवरण | खरिद वा पैठारी मूल्य | करको दर | कर रकम | मिति | विवरण | बिक्री वा निकासी मूल्य | करको दर | कर रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

- खरिद र बिक्री खाता तयार भएपछि सोको सारांशको रुपमा मूल्य अभिवृद्धि कर लेखा तयार गर्नुपर्दछ। खरिद र बिक्री खाता अवधि अनुसारको जोड मूल्य अभिवृद्धि कर लेखामा प्रविष्ट हुने भएकोले खरिद र बिक्री खाता तयार नभएसम्म मूल्य अभिवृद्धि कर लेखा तयार हुँदैन।
- मूल्य अभिवृद्धि कर लेखामा मितिको महलमा कर अवधि उल्लेख गर्नुपर्दछ।
- विवरणको महलमा खरिदतर्फ भए कर छुट खरिद, करयोग्य खरिद वा करयोग्य पैठारी के हो? सो उल्लेख गर्ने, बिक्रीतर्फ भए कर छुट बिक्री, करयोग्य बिक्री वा निकासी के हो ? सो उल्लेख गर्नुपर्दछ।
- खरिद र बिक्रीको महलमा खरिद र बिक्री खाता अनुसार खरिद बिक्री मूल्य खुलाउनु पर्दछ।
- करको दरको महलमा करको दर उल्लेख गर्नुपर्दछ।
- कर रकमको महलमा खरिदतर्फ भए खरिद खाताको अवधि अनुसारको जम्मा खरिदमा तिरको कर र बिक्रीमा बिक्री खाता अनुसार संकलन गरको कर रकम खुलाउनु पर्दछ।
- मूल्य अभिवृद्धि कर लेखा खाता अनुसार कर विवरण तयार हुने भएकोले कर विवरण तयार गर्नुपूर्व मूल्य अभिवृद्धि कर लेखा तयार गर्नुपर्दछ।

### ६.७ विद्युतीय बीजक, उपकरण तथा सफ्टवेयर सम्बन्धी व्यवस्थाः

करदाताले आन्तरिक राजस्व विभागको पूर्व स्वीकृतिमा विद्युतीय बीजक जारी गर्न सक्ने व्यवस्था रहको छ। साथै विभागले सूचना प्रकाशन गरी तोकिएका करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने गरी तोकिदिन समेत सक्नेछ। यस सम्बन्धमा अभिवृद्धि कर ऐन, २०५२ को दफा १४क. मा देहाय बमोजिम उल्लेख भएको छः

**दफा १४क. विद्युतीय बीजकः (१) करदाताले विभागको पूर्व स्वीकृति लिई विद्युतीय बीजक जारी गर्न सक्नेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएका करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्दीय बीजक अनुगमन प्रणाली (सिविएमएस) मा आवद्ध गर्न आदेश दिन सक्नेछ।**

**(३) विद्युतीय माध्यमबाट बीजक जारी गर्ने सफ्टवेयर वा उपकरणको सुरक्षण तथा विश्वसनीयता सम्बन्धमा विभागले कार्यविधि बनाई लागु गर्नेछ। त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नुपर्नेछ।**

ऐनको उल्लिखित व्यवस्था लागु गराउने सन्दर्भमा कर लेखा प्रणालीलाई विश्वसनीय तथा पारदर्शी बनाउन बिद्युतीय उपकरणबाट बीजक जारी गर्न तथा लेखासमेत राख्ने प्रयोजनको लागि उपकरण तथा सफ्टवेयर व्यवस्थित गर्ने उद्देश्यले बिद्युतीय बिजक सम्बन्धी कार्यविधि, २०७४ लागु भएको छ। कार्यविधिमा मूख्यतः उपकरण तथा सफ्टवेयर सूचीकरण तथा अनुमति सम्बन्धी व्यवस्था, सोको मापदण्ड, यसको अनुगमन सम्बन्धी व्यवस्थाहरु अलग अलग परिच्छेदमा स्पष्ट पारिएको छ। यस सम्बन्धी पूर्ण विवरणहरु सोही कार्यविधिमा उल्लेख भएकोले यहाँ विस्तृत ब्याख्या गरिएको छैन।

### ६.८ कम्प्युटर सफ्टवेयरको प्रयोग र अभिलेखः

आन्तरिक राजस्व विभाग र यस अन्तर्गतका कार्यालय तथा करदाता दुबै पक्षले मूल्य अभिवृद्धि कर सम्बन्धी कारोबारको सूचना तथ्यांक वा यससँग सम्बन्धित प्रमाण कागजातहरुको अभिलेख राख्न र सूचना प्रशोधन सम्बन्धी कामको लागि कम्प्युटर सफ्टवेयर प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६क. ले देहाय बमोजिमको कानूनी व्यवस्था गरेको छः

**दफा १६क. कम्प्युटर प्रशोधित अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यथा प्रमाणित भएमा बाहेक कर प्रयोजनको निमित्त विभाग वा अन्तर्गतका कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित करदाता सम्बन्धी अभिलेख प्रमाणको रुपमा ग्राह्य हुनेछ।**

विद्युतीय माध्यमबाट कारोबारको अभिलेख राख्ने, सूचनाको प्रशोधन गर्ने र सम्प्रेषण गर्ने, प्रशासनिक निर्णय निर्माण गर्ने र करदाताको कम्प्युटरमा सुरक्षित सूचना तथा तथ्यांकमा विभाग तथा कार्यालयहरुको निरन्तर र निर्वाध पहुंच कायम गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ। ऐनको दफा १६क. को उपदफा (२) मा करदाताले कारोबारको अभिलेख विद्युतीय माध्यमबाट राख्न सक्ने व्यवस्था गरेको छ।

**दफा १६क. को उपदफा (२): विभागले सूचना प्रकाशन गरी विद्युतीय माध्यमबाट बीजक जारी गर्ने, लेखा राख्ने, कर विवरण पेश गर्ने तथा भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।**

विभागले कुनै करदातालाई आफ्नो कारोबारको सिलसिलामा क्यास मेशिन प्रयोग गर्ने गरी तोक्न सक्छ। यसरी क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोकिएका करदाताले आफ्नो कारोबारको सन्दर्भमा क्यास मेशिनको प्रयोग गरी बीजक जारी गर्नुपर्दछ। यस सम्बन्धमा नियमावलीको नियम १८ मा निम्नानुसार व्यवस्था गरिएको छ।

***नियम १८क. क्याश मेशिन वा विद्युतीय माध्यमबाट वीजक जारी गर्नु पर्नेः विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्नुपर्ने गरी तोक्न सक्नेछ र त्यसरी तोकिदिएकोमा त्यस्तो करदाताले कारोबार गर्दा क्याश मेशिनको प्रयोग गरी बीजक जारी गर्नुपर्नेछ।***

***तर विद्युतीय माध्यमबाट बीजक जारी गर्न स्वीकृती प्राप्त करदाताले सोही बमोजिम बीजक जारी गर्नुपर्नेछ।***

दर्ता भए दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको अभिलेख कम्प्युटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिएको तरिका अनुसार राख्न सक्छ। सो को लागि विभागबाट अनुमति लिनुपर्दछ। यस सम्बन्धमा नियमावलीको निमय २३ उपनियम (३) निम्न व्यवस्था गरेको छ।

*नियम २३ को उपनियम (३) दर्ता भएको व्यक्तिले यस नियम बमोजिम राख्नु पर्ने अभिलेखहरु विभागको अनुमति लिई कम्प्युटर वा यस्तै अन्य यान्त्रिक प्रणाली वा विभागले तोकिदिए बमोजिमको तरिका अपनाई राख्न सक्नेछ।*

ऐनको दफा १६क. को उपदफा (१) मा आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरुमा करदाताले पेश गरेका विवरण तथा विभाग तथा कार्यालयहरुले कम्प्युटर सफ्टवेयरमार्फत राखेका करदाता सम्बन्धी प्रारम्भिक तथा प्रशोधित सूचनाहरु जुनसुकै कानूनी निर्णयको लागि प्रमाणको रुपमा ग्राह्य हुने व्यवस्था गरेको छ।

आन्तरिक राजस्व विभागले मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेस) मा पहुँच प्राप्त गर्न पाउने व्यवस्था गरेको छ। साथै विभाग अन्तर्गतका कार्यालयहरुले आफ्ना करदाताहरुको कम्प्युटर तथ्यांक आधार (डाटावेस) मा निरन्तर पहुंच प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा ऐनको दफा १६ को उपदफा (१क) मा निम्न व्यवस्था गरेको छ।

**दफा १६.(१क) विभागले करदाताको कम्प्युटर तथ्यांक आधार (डाटावेश) मा निरन्तर पहुँच प्राप्त गर्न सक्नेछ।**

करदाताले आफ्नो कारोबारको सम्बन्धमा माथि उल्लेखित गरिएका जुनसुकै तरिकाबाट राखिएको अभिलेख कर अधिकृतले कारोबारको समयमा जुनसुकै बखत हेर्न सक्छ। यस सम्बन्धमा नियमावलीको नियम २३ को उपनियम (४) मा निम्न व्यवस्था रहेको छ।

*नियम २३ को उपनियम (४) यस नियम बमोजिम दर्ता भएको व्यक्तिले राखेको अभिलेख कर अधिकृतले कारोबार समयमा जुनसुकै बखत हेर्न सक्नेछ।*

*स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "कारोबार समय" भन्नाले सार्वजनिक बिदा बाहेक कारोबार खुल्ने तथा बन्द हुने समयको बीचको अवधि सम्झनु पर्दछ।*

## परिच्छेद ७
# कर कट्टी

मूल्य अभिवृद्धि कर कारोबार तथा बीजकमा आधारित कर प्रणाली हो। यस प्रणालीमा आवद्ध व्यक्तिहरुले आफूले आपूर्ति गर्ने हरेक वस्तु तथा सेवाको कर बीजक जारी गर्नुपर्दछ। यसरी जारी गरिएको बीजकको माध्यमबाट असुल गरेको कर सरकारी कोषमा दाखिला गर्नु त्यस्तो व्यक्तिको कर्तब्य हुन्छ। यसरी असुल गरिएको सम्पूर्ण कर दाखिला गर्नुपर्ने अवस्थामा कर माथि कर लाग्ने, करदातामा आफ्नो उत्पादनको लागि आवश्यक सामाग्री अन्य उत्पादकवाट खरिद गर्नुको सट्टा आफैं उत्पादन गर्ने प्रवृत्ति देखा परेर Vertical Integration हुन गई विशेषीकरणका फाइदावाट अर्थतन्त्र वन्चित हुन सक्ने तथा वस्तु वा सेवाको उपभोक्ता मूल्य कर भारको कारणले वृद्धि हुन गई उपभोक्ताले दोहोरो करको भार बहन गर्नुपर्ने अवस्था उत्पन्न हुन्छ। यस्तो अवस्था उत्पन्न हुन नदिन मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले करयोग्य आपूर्तिको लागि प्राप्त गरिएका वस्तु तथा सेवामा तिरेको कर बिक्रीमा असुल गरेको करमा कट्टी गर्न पाउने सिद्धान्तलाई अंगिकार गरेको छ। यसै कारणले मूल्य अभिवृद्धि कर प्रणालीको यो व्यवस्थालाई यस प्रणालीको सुन्दर पक्ष मानिएको छ।

कुनै करयोग्य वस्तु वा सेवाको आपूर्ति गर्ने दर्तावाला व्यक्तिले त्यसरी आपूर्ति गर्ने वस्तु वा सेवा उत्पादन वा खरिद गर्नुपर्ने हुन्छ। कुनै वस्तु वा सेवा उत्पादन गर्दा वा बिक्री बितरण गर्दा कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, परिवेष्टन सामाग्री (प्याकिङ्ग सामाग्री), बिक्रीयोग्य तयारी वस्तु जस्ता उत्पादन वा बिक्री बितरणसँग प्रत्यक्ष सम्बन्धित वस्तु लगायत सो उत्पादन कार्य संचालन गर्ने सन्दर्भमा प्रशासनिक वा बजार प्रबद्र्धन जस्ता सेवा समेत आवश्यक पर्दछ। यसैगरी व्यवसाय संचालन गर्न पुँजीगत प्रकृतिका वस्तु वा सेवा समेत आवश्यक पर्दछ। यसरी खरिद वा प्राप्त गरिने उल्लिखित वस्तु वा सेवा करयोग्य रहेको भए त्यस्ता वस्तु वा सेवा प्राप्त गर्दा प्राप्त गर्ने व्यक्तिले सो वस्तु वा सेवामा करसमेत तिरेको हुन्छ। यसरी तिरेको कर सो व्यक्तिले आफूले उत्पादन वा खरिद गरेको वस्तु वा सेवा बिक्री गर्दा असुल गरेको करमा कट्टी गरी बाँकी कर मात्र दाखिला गरे हुने व्यवस्था ऐनले गरेको छ। जसलाई कर कट्टी पनि भन्ने गरिन्छ। यस परिच्छेदमा कारोबारसँग सम्बन्धित खरिद वा पैठारीमा पाउने कर कट्टी, कर कट्टी नपाउने वस्तु वा सेवा, आंशिक कर कट्टी पाउने वस्तु वा सेवा एवं कर कट्टी सुविधा लिई सक्नु पर्ने अवधि र तरिकाका सम्बन्धमा विस्तृत विवेचना गरिएको छ।

### ७.१ कर कट्टी सम्बन्धी व्यवस्थाः

मूल्य अभिवृद्धि.कर ऐन, २०५२ र मूल्य अभिवृद्धि.कर नियमावली, २०५३ मा दर्ता भएको करदाताले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित जुनसुकै वस्तु वा सेवा खरिद वा पैठारी गर्दा तिरेको कर आफूले तिर्नु पर्ने करमा कट्टी गर्न पाउने व्यवस्था रहेको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (१) मा देहाय बमोजिमको व्यवस्था गरिएको छ।

**दफा १७ कर कट्टीः (१) दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नुपर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ।**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ मा देहाय बमोजिमको व्यवस्था गरिएको छ।

*नियम ३९. कर कट्टी गर्न पाइने: (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा संकलन गरेको करबाट सो महिना वा सोभन्दा अगाडी आफ्नो कर लाग्ने वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न पाउने छः*

*(क) कर कट्टी दावी गरिएको वस्तु वा सेवा करयोग्य व्यवसायसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा।*

*(ख) आन्तरिक खरिद गरिएको भए नियम १७ बमोजिमको कर बीजक प्राप्त गरेको भएमा।*

*(ग) आयात गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने आयात सम्बन्धी कागजातहरु भएमा।*

*स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "आयात सम्बन्धी कागजातहरु" भन्नाले प्रज्ञापनपत्र, नगदी रसिद, सामानको बीजक तथा भन्सारको बाटो भई आयात नहुने सेवाको आपूर्तिको हकमा सेवाको बीजक र विभागले समय समयमा तोकेको तत् सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्दछ।*

कारोबारको सिलसिलामा विभिन्न समयमा विभिन्न प्रकारका वस्तु वा सेवा खरिद वा पैठारी गर्ने गरिन्छ। खरिद वा पैठारी कारोबारमा प्राप्त कर बीजक, प्रज्ञापनपत्र, नगदी रसिद, पैठारी हुने वस्तु वा सेवाको बिलहरु सोही कर अवधिको खरिद खातामा प्रविष्टि गर्नुपर्दछ। यसरी खरिद वा पैठारीमा तिरेको कर एक पटक मात्र दावी गर्न पाइने व्यवस्था रहेको छ। दोहोरो पर्ने गरी कर कट्टी दावी गरेको पाइएमा जरिवाना सहित कर निर्धारण गर्नुपर्दछ। कुनै वस्तु वा सेवा खरिद वा पैठारी भएको मितिले १ वर्षभित्र कर कट्टी दावी नगरेमा सो उप्रान्त उक्त वस्तु वा सेवाको खरिद वा पैठारीमा तिरेको कर कट्टी गर्न पाईंदैन। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (२) मा देहायबमोजिमको व्यवस्था रहेको छः

*नियम ३९(२) यस नियम बमोजिम कर कट्टी गर्दा एकपटक मात्र गर्न पाईने छ। यसरी कर कट्टी गर्दा दावी गरिएको मितिभन्दा एक वर्ष अगाडिसम्मको बीजक वा आयातसँग सम्बन्धित कागजातहरु हुनु पर्नेछ।*

खरिद, पैठारी, बिक्री र निकासी कारोबार सधैं एकनासको हुंदैन। कहिले बिक्री र निकासी कारोबार स्थानीय खरिद र पैठारीभन्दा बढी हुन्छ भने कहिले कम हुने गर्दछ। व्यवसायमा यसलाई स्वभाविक नै मानिन्छ। बिक्री र निकासी कारोबार स्थानीय खरिद र पैठारीभन्दा बढी भएको अवस्थामा करदाताको कर दायित्व सिर्जना हुन्छ भने बिक्री र निकासी कारोबार स्थानीय खरिद र पैठारीभन्दा कम भएको अवस्थामा करदाताको कर कट्टी दावी बढी हुन सक्दछ। यस अवस्थामा करदाताले सरकारलाई कर तिर्नुभन्दा सरकारबाट कर फिर्ता दावी गर्ने अधिकार सिर्जना हुने गर्दछ। विद्यमान मूल्य अभिवृद्धि कर प्रणालीमा कुनै करदाताको कुनै कर अवधिमा निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा निजले स्थानीय खरिद वा पैठारी गर्दा तिरेको कर रकम बढी भएमा त्यस्तो बढी भएको रकम अर्को कर अवधिमा कट्टी गर्न पाउने अथवा मिलान गर्न पाउने व्यवस्था गरिएको छ। यसरी लगातार ४ महिनासम्म मिलान गर्दा पनि कुनै रकम बाँकी भए उक्त रकम फिर्ता पाउन तोकिए बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा २४. कट्टी गर्न पाउने रकम बढी भएमाः (१) दर्ता भएको व्यक्तिले कुनै महिनामा दफा १७ बमोजिम कट्टी गर्न पाउने करको रकम सो महिनामा उठाएको करको रकम भन्दा बढी भएमा त्यस्तो बढी रकम यस ऐन बमोजिम सो महिनासम्म बुझाउनु पर्ने कुनै रकम भए त्यसमा मिलान गर्न सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम मिलान गरी बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले अर्को महिनामा बुझाउनु पर्ने करको रकममा मिलान गर्न सक्नेछ।**

**(३) यस दफा वमोजिम लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए बमोजिम कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (४) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ३९ को उपनियम (४) दर्ता भएको व्यक्तिले खरिद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको जति रकम अर्को कर अवधिमा कट्टी गर्न पाउनेछ। यसरी अर्को कर अवधिमा कट्टी गर्न पाउने रकम लगातार ४ महिनासम्म बाँकी रहेमा एकमुष्ट फिर्ता पाउंन निजले अनुसूची-१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। यस्तो दरखास्त प्राप्त भएपछि कर अधिकृतले नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ।***

कुनै करदाताले कुनै कर अवधिको कुल बिक्री कारोबार (करलाग्ने बिक्री, कर छुटको बिक्री र निकासी रकम) को ४० प्रतिशतभन्दा बढी निकासी कारोबार गरेको अवस्थामा निजले सोही अवधिमा कर फिर्ता दावी गर्न पाउने व्यवस्था छ। यस्तो व्यवस्थाले करदाताको नगद प्रवाहमा सकारात्मक प्रभावको कारणबाट वित्तीय लागत कम भई निकासीकर्तालाई प्रोत्साहित गर्ने, निकासी कारोबार प्रतिष्पर्धात्मक हुने र निकासी कारोबारले रोजगारी, आय तथा बिदेशी मुद्राको संचितिमा वृद्धि गर्ने उद्देश्यले द्रुत गतिमा कर फिर्ता गर्ने व्यवस्था गरिएको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा २४ को उपदफा (४), उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिनाभरिको कुल बिक्रीमध्ये चालीस प्रतिशत भन्दा बढी निकासी गरी बिक्री गर्ने दर्ता भएको व्यक्तिले दफा १७ बमोजिम कर कट्टी गर्न पाउने रकम यस अघि यस दफामा तोकिएको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनु पर्ने कुनै रकम बाँकी भए त्यसमा मिलान गरी बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्नेछ।**

कर फिर्ता सम्बन्धमा परिच्छेद १३ मा विस्तृत ब्याख्या गरिएको छ।

ऐन तथा नियमावलीका उपर्युक्त व्यवस्था बमोजिम कर कट्टी पाउने वस्तु तथा सेवा, कर कट्टी पाउने समय, कर कट्टी लिने तरिका, बढी भएको कर मिलान, कर कट्टी दावीलाई प्रमाणित गर्ने कागजातका सम्बन्धमा निम्न अनुच्छेदहरुमा ब्याख्या गरिएको छः

### ७.२ कर कट्टी पाउने वस्तु वा सेवाः

कर लाग्ने कारोबारको उत्पादकत्व अभिवृद्धि गर्न, कर तटस्थता कायम गर्न र लगानीमैत्री प्रणाली बनाउने अभिप्रायले मूल्य अभिवृद्धि कर प्रणालीमा दर्तावाल व्यक्तिले कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवामा तिरेको मूल्य अभिवृद्धि करको साथ साथै पुँजीगत वस्तु तथा सेवाहरुमा तिरेको मूल्य अभिवृद्धि कर रकम आफ्नो करयोग्य कारोबारबाट असुल गरेको करमा कट्टी गर्न अर्थात् घटाउन पाउने सुबिधा प्रदान गरिएको हुन्छ। त्यसरी कट्टी गर्दा वा घटाउँदा आफूले असुल गरेको कर बढी हुन आएमा बढी भएको हदसम्मको रकम मात्र कर विवरणसाथ दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (१) ले दर्ता भएको व्यक्तिले आफ्नो करयोग्य कारोबारसँग सम्बन्धित कुनै वस्तु वा सेवा उत्पादन वा प्राप्त गर्ने प्रयोजनको लागि गरेको खरिदमा तिरेको सम्पूर्ण कर आफूले तिर्नु पर्ने करमा कट्टी गर्न पाउने व्यवस्था गरेको छ। खरिदमा तिरेको कर भन्नाले कुनै व्यक्तिले कारोबारसँग सम्बन्धित वस्तु वा सेवा उत्पादन गर्ने वा बिक्री बितरण गर्ने प्रयोजनका लागि स्थानीय बजारबाट खरिद गर्दा बिक्रेतालाई तिरेको मूल्य अभिवृद्धि कर वा मुलुक बाहिरबाट पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा दाखिला गरेको मूल्य अभिवृद्धि कर वा ऐनको दफा ८ को उपदफा (२) बमोजिम सेवा प्राप्त गर्दा दाखिला गरेको करलाई सम्झनु पर्दछ। दर्ता भएको व्यक्तिले त्यसरी तिरेको कर निजले आफ्नो वस्तु वा सेवा बिक्री गर्दा ग्राहकबाट असुल गरेको करमा कट्टी गरी बाँकी रहेको रकम मात्र दाखिला गरे हुने व्यवस्था ऐनले गरेको छ।

कारोबारसँग सम्बन्धित वस्तु वा सेवा भन्नाले कुनै करयोग्य कारोबार संचालन गर्न आवश्यक पर्ने वस्तु वा सेवा उत्पादन वा प्राप्त गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चा तथा सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामाग्री, ढुवानी खर्च, बीमा खर्च, परामर्श वा प्रशासनिक वा बजार प्रवर्द्धन लगायतका सेवाहरु एवं सो कारोबार संचालन गर्न आवश्यक पर्ने अन्य पुँजीगत प्रकृतिका वस्तु तथा सेवाहरुलाई बुझाउँछ।

कुन वस्तु वा सेवाको कर कट्टी दावी गर्ने र कुन वस्तु वा सेवामा तिरेको कर कट्टी दावी नगर्ने भन्ने विषयको निर्क्यौल आपूर्ति हुने वस्तु वा सेवाको आधारमा गर्नुपर्दछ। खरिद वा पैठारी गरिएका वस्तु वा सेवाको प्रयोग वा प्रशोधनबाट उत्पादन वा निर्माण भई बिक्री, विनिमय, हस्तान्तरण वा आपूर्ति हुने वस्तु वा सेवा कर लाग्ने वस्तु वा सेवा हो वा कर छुटका वस्तु वा सेवा हो भन्ने विषयले कर कट्टी दावी गर्न पाउने वा नपाउने भन्ने निर्धारण गर्दछ। यदि आपूर्ति हुने वस्तु वा सेवा करयोग्य हुन् भने त्यस्ता वस्तु वा सेवा उत्पादन वा निर्माण वा खरिद वा पैठारी गर्दा प्रयोग हुने वस्तु वा सेवामा तिरेको मूल्य अभिवृद्धि कर कट्टी दावी गर्न सकिन्छ। कर लाग्ने कारोबारसँग असम्बन्धित वस्तु वा सेवाको खरिद वा पैठारीमा तिरेको कर कट्टी गर्न पाईंदैन। साथै कर नलाग्ने वस्तु वा सेवासँग सम्बन्धित वस्तु वा सेवाको खरिद वा पैठारीमा तिरेको कर कट्टी गर्न पनि पाईंदैन।

### ७.३ कर कट्टी गर्ने समयः

दर्ता भएको व्यक्तिले करयोग्य कारोबारसँग सम्बन्धित व्यापारिक एवं पुँजीगत वस्तु वा सेवा खरिदमा तिरेको कर जुन कर अवधिमा तिरेको हो सोही कर अवधिमा कट्टी गर्नुपर्दछ। तर भुलवस वा अन्य कुनै कारणले कुनै व्यक्तिले कुनै खरिदमा तिरेको कर सम्बन्धित कर अवधिमा कट्टी नगरेमा कर कट्टी दावी गर्ने कागजात (स्थानीय खरिदमा कर बीजक र पैठारीमा भन्सार प्रज्ञापनपत्र तथा कर तिरेको नगदी रसिद) जारी भएको मितिले एक वर्षभित्र कर कट्टी गरिसक्नु पर्दछ। उक्त समयावधिभित्र कर कट्टी दावी नगरेमा सो उप्रान्त सम्बन्धित करदाताले कर कट्टी दावी गर्न पाउने छैन। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (२) मा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छः

***नियम ३९ को उपनियम (२): यस नियम बमोजिम कर कट्टी गर्दा एकपटक मात्र गर्न पाईनेछ। यसरी कर कट्टी गर्दा दावी गरिएको मितिभन्दा एक वर्ष अगाडिको बीजक वा आयातसँग सम्बन्धित कागजातहरु हुनु पर्नेछ।***

यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.१**

| |
|---|
| मूल्य अभिवृद्धि करमा दर्ता भएको अल्फा ईन्टरनेशनल प्रा.लि.ले विभिन्न प्रकारका विद्युतीय सामाग्रीको आयात र आन्तरिक खरिद बिक्री गर्ने गरेको रहेछ। निजले गरेको खरिदमध्ये मिति २०७४।०५।३० र निजले गरेको पैठारीमध्ये २०७४।०८।३० को पैठारी खरिद खातामा प्रविष्टि गरी कर कट्टी लिन छुट भएको रहेछ। यस अवस्थामा सो प्रा.लि.ले २०७४।०५।३० को बीजकको कर कट्टी २०७५ भाद्र महिनाभित्र र २०७४।०८।३० को खरिदको कर कट्टी २०७५ मार्ग महिनाभित्र लिई सक्नुपर्दछ। सो कर अवधिपछि ती खरिदमा तिरेको कर सो प्रा.लि.ले कर कट्टी गर्न पाउने छैन। |

## ७.४ कर कट्टी गर्ने तरिकाः

करयोग्य कारोबार गर्ने दर्ता भएको व्यक्तिले आफ्नो कारोबारसँग सम्बन्धित खरिदमा तिरेको कर कट्टी गर्ने सन्दर्भमा निजले त्यस्तो खरिद करदाता आफैले प्रमाणित गरेको खरिद खातामा प्रविष्टि गर्नुपर्दछ। खरिद खातामा प्रविष्टि गरे पश्चात् कर बीजक वा भन्सार प्रज्ञापनपत्र, कर तिरेको नगदी रसिद एवं अन्य प्रमाण कागजातहरु सुरक्षित राख्नु पर्दछ। कुनै कर अवधिको लागि गरिएको त्यस्तो करयोग्य खरिदको मूल्य र त्यस्तो खरिदमा तिरेको कर स्पष्ट देखिने गरी कर विवरणमा उल्लेख गर्नुपर्दछ। बिक्री तथा निकासी र स्थानीय खरिद वा पैठारी कारोबार उल्लेख गरी बिक्रीमा संकलन गरेको कर र खरिद एवं पैठारीमा तिरेको कर रकम उल्लेख गरी कर विवरण पेश गरेमा सम्बन्धित करदाताले कर कट्टी गरेको मानिनेछ। करदाताले कुनै कर अवधिको आफ्नो कर दायित्व कर विवरणमार्फत यकिन गर्दछ। कर विवरण पेश गर्दा कर लाग्ने वस्तु वा सेवाको आपूर्ति गरी संकलन गरेको करबाट खरिदमा तिरेको कर कट्टी गरी करदाताले आफ्नो कर दायित्व निर्धारण गर्ने गर्दछन्। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**नियम ३९ को उपनियम (३) दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण पेश गर्दा निजले वस्तु बिक्री गर्दा संकलन गरेको करबाट वस्तु खरिद वा आयात गर्दा तिरेको कर कटाई बाँकी रहेको रकम कर विवरणसाथ कर कार्यालयमा दाखिला गर्नुपर्नेछ।**

## ७.५ बढी तिरेको कर मिलानः

करयोग्य कारोबार गर्ने कुनै व्यक्तिको कुनै कर अवधिमा बिक्रीमा संकलन गरेको करभन्दा खरिदमा तिरेको कर कम भएको अवस्थामा करदाताको कर दायित्व (डेबिट अवस्था) सिर्जना हुन्छ। यसै गरी बिक्रीमा संकलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएको अवस्थामा सो कर अवधिमा निजले खरीदमा तिरेको बढी कर मिलान गर्न बाँकी रहेको (क्रेडिट अवस्था) मानिन्छ। यस्तो अवस्थामा सरकारको दायित्व सिर्जना हुन्छ। त्यसरी बढी तिरेको कर त्यस्तो व्यक्तिले सो कर अवधिभन्दा पछाडिको कर अवधिको तिर्नु पर्ने करमा मिलान गर्न सक्दछ। लगातार ४ महिनासम्म मिलान गर्दा पनि मिलान हुन नसकेमा त्यसरी मिलान हुन नसकेको रकम सम्बन्धित दर्तावाल व्यक्तिले फिर्ता दावी गर्न पाउने व्यवस्था समेत ऐन तथा नियमावलीमा रहेको छ।

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा २४ कट्टी गर्न पाउने रकम बढी भएमा (१): दर्ता भएको व्यक्तिले कुनै महिनामा दफा १७ बमोजिम कट्टी गर्न पाउने करको रकम सो महिनामा उठाएको करको रकम भन्दा बढी भएमा त्यस्तो बढी रकम यस ऐन बमोजिम सो महिनासम्म बुझाउनु पर्ने कुनै रकम भए त्यसमा मिलान गर्न सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम मिलान गरी बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले अर्को महिनामा बुझाउनु पर्ने करको रकममा मिलान गर्न सक्नेछ।**

**(३) यस दफा वमोजिम लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए वमोजिम कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (४) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ३९ को उपनियम (४) दर्ता भएको व्यक्तिले खरिद वा आयात गर्दा तिरेको कर रकम निजले बिक्री गर्दा संकलन गरेको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको जति रकम अर्को कर अवधिमा कट्टी गर्न पाउनेछ। यसरी अर्को कर अवधिमा कट्टी गर्न पाउने रकम लगातार ४ महिनासम्म बाँकी रहेमा एकमुष्ट फिर्ता पाउन निजले अनुसूची (१० बमोजिमको ढाँचामा कर अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ। यस्तो दरखास्त प्राप्त भएपछि कर अधिकृतले नियम ४५ बमोजिम बाँकी कर फिर्ता दिनु पर्नेछ।***

यस सम्बन्धमा यस निर्देशिकाको परिच्छेद १३ मा विस्तृत ब्याख्या गरिएको छ।

### ७.६ कर कट्टी दावी प्रमाणित गर्ने कागजातहरुः

मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता रहेको व्यक्तिले कुनै खरिदमा तिरेको कर कट्टी दावी गर्न उक्त दावीलाई पुष्टि गर्ने गरी कानून बमोजिमका प्रमाण कागजातहरु सुरक्षित राख्नु पर्दछ। कर कट्टी सुविधालाई निश्चित शर्तहरुसँग आवद्ध गरिएको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ ले तोकेका कागजात तथा प्रमाण र निर्धारण गरेका निश्चित शर्तहरु परिपालना गरेको खण्डमा मात्र करदाताले खरिद वा पैठारीमा तिरेको कर कट्टी दावी गर्न सक्दछ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (६) मा देहायको व्यवस्था रहेको छः

**दफा १७ (६) यस ऐन बमोजिमको कर कट्टीको सुविधा तोकिए बमोजिमका कागजातहरुद्धारा दावी प्रमाणित भएपछि मात्र दिइनेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (१) को खण्ड (ख) र खण्ड (ग) मा देहाय बमोजिमका व्यवस्था रहेको छ।

***नियम ३९*** को उपनियम ***(१): दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा संकलन गरेको करबाट सो महिना वा सोभन्दा अगाडि आफ्नो कर लाग्ने वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर देहायको अवस्थामा कट्टी गर्न पाउने छः***

***(क) कर कट्टी दावी गरिएको वस्तु वा सेवा कर योग्य व्यवसायसँग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा।***

***(ख) आन्तरिक खरिद गरिएको भए नियम १७ बमोजिमको कर बीजक प्राप्त गरेको भएमा।***

***(ग) आयात गरिएको भए आयात गर्दा कर तिरेको प्रमाणित गर्ने आयात सम्बन्धी कागजातहरु भएमा।***

*स्पष्टिकरणः यस खण्डको प्रयोजनको लागि "आयात सम्बन्धी कागजातहरु" भन्नाले प्रज्ञापनपत्र, नगदी रसीद, सामानको बीजक तथा भन्सारको बाटो भई आयात नहुने सेवाको आपूर्तिको हकमा सेवाको बीजक र विभागले समय समयमा तोकेको तत्सम्बन्धी अन्य कागजातहरु सम्झनु पर्दछ।*

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को उपर्युक्त व्यवस्था अनुसार मुलुकभित्र गरिएको खरिदमा कर कट्टी दावी गर्दा नियमावलीको नियम १७ बमोजिमको कर बीजक प्राप्त भएको हुनु र आयात गरिएको वस्तुको हकमा आयात सम्बन्धी कागजातहरु हुनु अनिवार्य रहेको छ। नियम १७ बमोजिमको कर बीजक तीन प्रति तयार गरिएको हुन्छ। कर कट्टी दावी गर्नको लागि कर बीजक लेखिएको पहिलो प्रति सक्कल बीजक हुनुपर्दछ। दोस्रो वा तेस्रो प्रति बीजकबाट कर कट्टी दावी गर्न सकिंदैन। नियमावलीको नियम ३९ को उपनियम (२) बमोजिम कर कट्टी एक पटक मात्र दावी गर्न पाइने व्यवस्था रहेको हुँदा पहिलो प्रति बीजकबाट मात्र कर कट्टी सुविधा प्रदान गरिएको हो। दोस्रो वा तेस्रो प्रति बीजकबाट कर कट्टी सुविधा दिँदा एउटा खरिद वा पैठारीमा तिरेको कर दोहोरो कट्टी गर्न सक्ने सम्भावना रहन्छ। यस्तो सम्भावनाले कर चुहावट हुने थप अवसर सिर्जना गर्ने भएकोले त्यसलाई नियन्त्रण गर्न कर विजक लेखिएको पहिलो प्रतिबाट मात्र कर कट्टी गर्न पाइने व्यवस्था गरिएको हो।

यसै गरी कर लाग्ने वस्तु वा सेवा पैठारीको हकमा आयात सम्बन्धी कागजातको आधारमा कर कट्टी दावी गर्न सकिन्छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (१) को खण्ड (ग) ले प्रज्ञापनपत्र नगदी रसिद र वस्तु वा सेवाको बीजक र आन्तरिक राजस्व विभागले समय समयमा तोकेको तत्सम्बन्धी अन्य कागजातहरुलाई आयात सम्बन्धी कागजात भनी तोकेको छ।

पैठारी गर्दा भन्सार अधिकृतले आयातकर्तालाई Demurrage लगाएको अवस्थामा सोको कारणले सिर्जना हुने मूल्य अभिवृद्धि कर सम्बन्धित भन्सार कार्यालयबाट जारी गरिएका प्रमाण कागजात वा निस्साका आधारमा कर कट्टी सुविधा प्रदान गर्न सकिन्छ।

धरौटीमा आयात गरिएको वस्तु वा सेवामा तिरेको मूल्य अभिवृद्धि कर कट्टी दावी गर्न नपाइने व्यवस्था नियमावलीको नियम ४८ को उपनियम (३) र (४) मा रहेको छ। सो सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा देहाय बमोजिमको व्यवस्था रहेको छ।

*नियम ४८ आयातमा कर लाग्नेः (३) आयात भएको वस्तुको मूल्य आयात हुँदाका अवस्थामा कायम गर्न नसकिएमा त्यस्ता वस्तुहरुमा लाग्ने सबै प्रकारका कर वा महसूललाई पुग्ने गरी धरौटी लिएर मात्र त्यस्ता वस्तु नेपाल भित्र ल्याउने अनुमति दिइनेछ। दर्ता भएको व्यक्तिले आयात गरेको वस्तु वा सेवाको मूल्य कायम नभएसम्म त्यस्तो वस्तु वा सेवामा तिरेको कर कट्टी गर्न पाउने छैन।*

*(४) कुनै वस्तु आयात गर्दा धरौटी राखी आयात गरिएको भए मूल्य यकिन भएको मितिले एक वर्षसम्म मात्र कर कट्टी दाबी गर्न सकिनेछ।*

यसै गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम दाखिला गरेको कर, दफा १२क. बमोजिम काठको कारोबारमा तिरेको कर र दफा १५ को उपदफा (३) बमोजिम दाखिला गरेको

करको हकमा कर दाखिला गरेको राजस्व भौचर नै कर कट्टी दावी गर्ने प्रमाण हुन्।यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (५ख) ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा १७ को उपदफा (५ख): दफा ८ को उपदफा (२), दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ।**

कुनै कर लाग्ने वस्तु वा सेवा आपूर्ति गरी कर संकलन गरेको र उक्त कर रकम कर विवरणमा समायोजन गरी सो कर अवधिको कर विवरण समेत पेश भइ सकेको अवस्थामा कुनै कर कट्टी दावीलाई प्रमाणित गर्ने कागजातहरु हराएमा वा नष्ट भई कर अधिकृतले माग गरेको बखत सक्कल कर बीजक वा आयात सम्बन्धी कागजात पेश गर्न नसक्ने अवस्था विद्यमान भएमा कर अधिकृतले ती कागजात जारी गर्ने व्यक्ति वा निकायले प्रमाणित गरी दिएको प्रतिलिपिको आधारमा ऐनको दफा २९ को उपदफा (१क) बमोजिम विभागले तोकेको जरिवाना गरी एक पटक कर कट्टी सुविधा प्रदान गर्न सक्दछ। जरिवानाको सम्बन्धमा परिच्छेद १० मा विस्तृत ब्याख्या गरिएको छ।

उपर्युक्त बमोजिमका कागजात हुँदैमा निःशर्त कर दावीयोग्य हुँदैन। कुनै करयोग्य वस्तु वा सेवाको खरिदमा तिरेको कर दावीयोग्य हुन देहायको अवस्था विद्यमान हुनु पर्दछः

(क) सो वस्तु वा सेवा कर कट्टी दावी गर्ने व्यक्तिको कारोबारसँग सम्बन्धित भएको,

(ख) सो वस्तु वा सेवा खरिद गरेको सक्कल कर बीजक र आयात गरेको भए आयात सम्बन्धी कागजात भएको,

(ग) सो वस्तु वा सेवा करयोग्य कारोबारमा प्रयोग गरिएको,

(घ) सो वस्तु वा सेवा खरिद गर्ने वा खर्च वहन गर्ने दायित्व सो व्यक्तिमा रहेको।

### ७.७ कर कट्टी गर्न नपाउने वस्तु तथा सेवाः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले करयोग्य कारोबारसँग सम्बन्धित सम्पूर्ण वस्तु तथा सेवाको खरिदमा तिरेको कर कट्टी गर्न पाउने व्यवस्था गरे तापनि केही वस्तु तथा सेवामा तिरेको कर कट्टी गर्न नपाउने व्यवस्था गरेको छ। केही वस्तु वा सेवा करयोग्य कारोबार तथा कर छुट दुबै किसिमको कारोबारसँग सम्बन्धित रहेको हुन्छ भने कतिपय अवस्थामा व्यक्तिगत उपभोग वा व्यवसायिक खरिद भनी खुट्याउन पनि निकै कठिनाई हुने गर्दछ। कर कट्टी सुविधामा हुन सक्ने सम्भावित दुरुपयोगलाई न्युनीकरण गर्ने र मूल्य अभिवृद्धि कर सम्बन्धी कानूनको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउने उद्देश्यले केही वस्तु वा सेवाको खरिदमा तिरेको कर कट्टी गर्न नपाइने व्यवस्था गरिएको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (२) ले देहायको व्यवस्था गरेको छः

**दफा १७ को उपदफा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक वा व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गर्न सकिनेछ।**

ऐनको उपर्युक्त व्यवस्था बमोजिम कर कट्टी गर्न नपाउने वस्तु तथा सेवाका सम्बन्धमा नियमावलीको नियम ४१ मा देहायको व्यवस्था रहेको छः

*नियम ४१ कर कट्टी गर्न नपाइने वस्तु वा सेवाहरुः (१) ऐनको दफा १७ को प्रयोजनको लागि देहायका वस्तु वा सेवाहरुको हकमा कर कट्टी गर्न पाइने छैनः-*

*(क) पेय पदार्थ,*

*(ख) अल्कोहल वा अल्कोहल मिश्रित पेय पदार्थ जस्तै रक्सी, वियर,*

*(ग) सवारी साधनको लागि पेट्रोल*

*(घ) मनोरञ्जन खर्च*

निश्चित रसायन, सामग्री र प्रविधि आदिको संयोजन एवं प्रशोधन गरी निश्चित अवधिसम्म गुणस्तर नास नहुने र उपभोग गर्न सकिने पेय पदार्थलाई हल्का पेय पदार्थ भनिन्छ। कुनै हल्का पेय पदार्थ (Soft Drink) मा अल्कोहलको मात्रा नहुने वा भएमा समेत नगन्य मात्रा हुने गर्दछ। यस्ता हल्का पेय पदार्थको खरिदमा तिरेको कर कट्टी वा मिलान गर्न पाईंदैन। तर सिलबन्दी बोतलमा प्याकेजिङ्ग गरिएको खानेपानीलाई मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ को उपनियम (१) को खण्ड (क) बमोजिमको पेय पदार्थ भन्न नकिने र यस्तो पानी खरिदमा तिरेको कर कट्टी दावी गर्न सकिन्छ। किनभने मिनरल वाटर उत्पादन गर्दा वा प्याकेजिङ्ग गर्दा उपर्युक्त हल्का पेय पदार्थ उत्पादन गर्दा प्रयोग हुने रसायन आदि समावेश नहुने, भए पनि ज्यादै नगन्य मात्रामा समावेश हुने र शुद्ध, सफा र स्वस्थ्य खानेपानी उपभोग गर्नु मानव जीवनको लागि समेत अत्यावश्यक रहेको हुँदा बोतलबन्दी वा जारमा सम्वेष्ठन गरिएको मिनरल वाटरलाई नियम ४१ को उपनियम (१) को खण्ड (क) बमोजिमको हल्का पेय पदार्थको कोटीमा राख्नु हुँदैन। यसलाई निम्न उदाहरणबाट प्रष्ट पार्न सकिन्छः

**उदाहरण ७.२**

कखग प्रा.लि. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको करदाता हो। उक्त प्रा.लि.ले कम्प्युटर लगायत विभिन्न कार्यालय सामग्रीहरु आपूर्ति गर्दछ। उक्त प्रा.लि.मा कार्यरत कर्मचारी तथा ग्राहकहरुको उपभोग एवं सेवा सत्कारको लागि कोकाकोला, पेप्सी, क्यान जुस, मिनरल वाटर आदि खरिद गरेको छ। कर परीक्षणको समयमा बीजक एवं कागजात छानबिन गर्दा कोकाकोला, पेप्सी, क्यान जुस, मिनरल वाटर वस्तु खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी दावी गरेको पाइयो।

यस्तो अवस्थामा करदाताले कोकाकोला, पेप्सी, क्यान जुस जस्ता पेय पदार्थ (मिनरल वाटर बाहेक) खरिदमा तिरेको कर कट्टी दावी गरेकोले कानून बमोजिम नपाउने कर कट्टी दावी गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ को उपनियम (१) को खण्ड (क) बमोजिमको कानूनी व्यवस्था उल्लंघन गरेको हुँदा उक्त वस्तुमा दावी गरिएको कर रकम सहित ऐन बमोजिम लाग्ने थपदस्तुर, ब्याज र जरिवाना असूल गर्न कर निर्धारण गर्नुपर्दछ।

यसै गरी अल्कोहलजन्य मिश्रित पेय पदार्थहरु जस्तैः मदिरा, वियर, वाइनजस्ता पेय पदार्थहरु खरिद वा पैठारी गर्दा तिरेको कर कट्टी दावी गर्न पाईंदैन। सवारी साधनको लागि पेट्रोल खरिदमा तिरेको कर कट्टी दावी गर्न पाईंदैन।

यसै गरी सम्बन्धित करदाताले व्यक्तिगत आनन्द एवं सन्तुष्टिको खोजीमा कुनै कला संस्कृति वा कुनै कार्यक्रमको अवलोकन गर्दा प्रवेश शुल्क, सेवा शुल्क, दस्तुर वा यस्तै कुनै खर्च, होटलमा बास बस्दा लाग्ने

खर्च, खाना तथा पेय पदार्थमा गरेको खर्च, दैनिक भ्रमण भत्ता वा कुनै व्यक्ति वा निकायलाई कुनै उपहार प्रदान गर्दा भएको खर्च आदिलाई मनोरञ्जन खर्चको रुपमा मानिएको छ। यस्ता मनोरञ्जन खर्चहरुमा तिरेको मूल्य अभिवृद्धि कर नियम ४१ को उपनियम (१) को खण्ड (घ) बमोजिम कट्टी दावी गर्न पाईंदैन। यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.३**

एबिसी प्रा.लि. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको करदाता हो। उक्त प्रा.लि.ले श्रृंगारका विभिन्न प्रसाधनहरुको कारोबार गर्दछ। उक्त प्रा.लि.ले आर्थिक वर्ष समाप्त भएपछि कर्मचारी तथा आधिकारिक बिक्रेताहरुलाई सम्मिलित गराई कुनै पर्यटकीय स्थल घुमाउने गरेको छ। कर परीक्षणको समयमा बीजक एवं कागजात छानबिन गर्दा पर्यटकीय भ्रमण खर्च, विभिन्न पर्यटकीयस्थलको अवलोकनको लागि प्रवेश शुल्क, होटलमा आवास तथा खाना खर्च वापत रु.१० लाख खर्च गरेको र रु.१ लाख ३० हजार मूल्य अभिवृद्धि कर कट्टी दावी गरेको पाइयो।

यस्तो अवस्थामा उक्त प्रा.लि.ले कर्मचारी तथा डिलरहरुलाई सम्मिलित गराई पर्यटकीय भ्रमण खर्च, विभिन्न पर्यटकीयस्थलको अवलोकनको लागि प्रवेश शुल्क, होटलमा आवास तथा खाना खर्च वापत रु.१० लाख खर्च गरेको र १ लाख ३० हजार मूल्य अभिवृद्धि कर कट्टी दावी गरेकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१(१)(घ) बमोजिमको कानूनी व्यवस्था उल्लंघन गरेको हुँदा उक्त वस्तुमा दावी गरिएको कर जरिवाना सहित असुल गर्न कर निर्धारण गर्नुपर्दछ।

**७.८ आंशिक रुपमा कर कट्टी गर्न पाउने वस्तु तथा सेवाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले केही वस्तु तथा सेवामा तिरेको कर आँशिकरुपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गरेको छ। व्यवसायिक एवं व्यक्तिगत दुबै प्रयोजनको लागि प्रयोग हुने केही पुँजीगत प्रकृतिका वस्तु वा सेवाको खरिदमा तिरेको करलाई आँशिक रुपमा कट्टी गर्न दिने गरी कानूनी प्रबन्ध गरिएको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (२) ले देहायको व्यवस्था गरेको छः

**दफा १७ को उपदफा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायिक वा व्यक्तिगत प्रयोजनको लागि प्रयोग हुन सक्ने तोकिएका वस्तुहरुका हकमा कर कट्टी गर्न नपाउने वा आंशिक रुपमा मात्र कर कट्टी गर्न पाउने व्यवस्था गर्न सकिनेछ।**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ को उपनियम (२) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ४१ को उपनियम (२): देहायका वस्तुहरुमा देहाय बमोजिमको अनुपातमा कर कट्टी गर्न पाइनेछः***

*(क) ......................*

*(ख) अटोमोवाइल्समा खरिद मूल्यको ४० प्रतिशत।*

*(ग) ....................................*

*स्पष्टीकरणः खण्ड (ख) को प्रयोजनको लागि "अटोमोवाइल्स" भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पांग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्दछ।*

मूल्य अभिवृद्धि कर नियमावलीले गरेको उपर्युक्त व्यवस्था बमोजिम तीन वा सोभन्दा बढी पांग्रा भएको यात्रुबाहक सवारी साधन जस्तैः बस, मिनि बस, कार, जीप, भ्यान, डबल क्याब पिक अप, अटो रिक्सा आदिमा तिरेको करमध्ये ४० प्रतिशतले हुन आउने रकम मात्र कर कट्टी गर्न सकिन्छ। तर कर लाग्ने कारोबारसँग प्रत्यक्षरुपले सम्बन्धित मालसामान ढुवानी गर्ने प्रयोजनको लागि प्रयोगमा आउने ट्रक, मिनि ट्रक, डेलिभरी भ्यान, पावर टिलर, सिंगल क्याब पिक अप, ट्याक्टर आदि ढुवानीका साधनमा तिरेको कर भने पूर्णरुपमा कट्टी गर्न पाइन्छ। यसै गरी व्यवसायिक प्रयोजनको लागि दुई पाङ्ग्रे सवारी साधन खरिद गर्दा तिरेको कर पूर्णरुपले कट्टी गर्न सकिन्छ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ ले केही वस्तु वा सेवाको खरिदमा तिरेको कर कट्टी गर्न नपाइने वा आंशिकरुपमा मात्र कर कट्टी गर्न पाइने व्यवस्था गरे तापनि नियम ४१ को उपनियम (१) र नियम ४१ को उपनियम (२) बमोजिम कर कट्टी गर्न नपाइने वा आंशिकरुपमा मात्र कर कट्टी गर्न पाइने भनी तोकिएका वस्तुको खरिद बिक्री गर्ने मुख्य कारोबार गर्ने व्यक्तिले भने ती वस्तु वा सेवामा तिरेको कर पूर्णरुपमा कट्टी गर्न पाउने व्यवस्था नियमावलीले गरेको छ।

यस सम्बन्धमा नियम ४१ को उपनियम (३) ले देहाय बमोजिम कानूनी व्यवस्था गरेको छः

***नियम ४१ को उपनियम (३) दर्ता भएको व्यक्तिले उपनियम (१) वा (२) को आपूर्ति गर्ने कार्य नै मुख्य रुपमा गर्ने भएमा यस नियमावलीमा व्यवस्थित प्रक्रिया बमोजिम कर कट्टी गर्न बाधा पर्ने छैन।***

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.४**

अतुल ईन्टरनेशनल प्रा.लि यात्रुबाहक कार आयात गरी स्थानीय वजारमा बिक्री गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्धि करमा दर्ता भएको रहेछ। निजको मुख्य कारोबार नै यात्रुबाहक कार खरिद बिक्री गर्ने भएकाले त्यस्तो सवारी साधनको खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करबाट नियमावलीको नियम ४१ को उपनियम (३) बमोजिम पुरै कर कट्टी गर्न पाउँछ।

त्यस्तै विकास इन्टरप्राइजेज प्रा. लि मदिराजन्य वस्तुहरु आयात र स्थानीय खरिद गरी बिक्री गर्ने प्रयोजनको लागि मूल्य अभिवृद्धि करमा दर्ता भएको रहेछ। निजको मुख्य कारोबार नै मदिराजन्य वस्तुहरु खरिद बिक्री गर्ने भएकाले त्यस्तो मदिराजन्य खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करबाट नियमावलीको नियम ४१ को उपनियम (३) बमोजिम पुरै कर कट्टी गर्न पाउँदछ।

## ७.९ समानुपातिक कर कट्टी सम्बन्धी व्यवस्थाः

करयोग्य कारोबार गर्ने कुनै व्यक्तिले कर लाग्ने कारोबारसँग सम्बन्धित खरिदमा तिरेको सम्पूर्ण कर कट्टी गर्न पाइने व्यवस्थाका सम्बन्धमा माथि उल्लेख गरी सकिएको छ। तर कहिलेकाँहि कुनै व्यक्तिले कर लाग्ने

कारोबार मात्र नगरी कर नलाग्ने कारोबार समेत गरेको अवस्था हुन सक्दछ। कुनै व्यक्तिले कर लाग्ने र कर छुट हुने दुबै किसिमको मिश्रित कारोबार गरेमा निजले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष वा सोझो सम्बन्ध भएका वस्तु वा सेवामा तिरेको कर निजले पूर्ण रुपमा कट्टी गर्न सक्दछ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (३) मा देहायको व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (३) कुनै महिनामा कारोबार भएको वस्तु वा सेवाको पूर्ण अंश कर लाग्ने कारोबारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा पहिले तिरेको कर कट्टी सो वस्तु वा सेवाको कर लाग्ने कारोबारमा प्रयोग भएको अंशमा मात्र तोकिए बमोजिम प्रदान गरिनेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (३) ले देहायको व्यवस्था गरेको छः

***नियम ४० को उपनियम (३) कुनै करदाताले करलाग्ने वस्तु वा सेवा तथा कर छुट भएको वस्तु वा सेवा दुबैको कारोबार गरेको रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर मात्र कट्टी गर्न पाउनेछ।***

यसै गरी कर छुट हुने वस्तु वा सेवासँग प्रत्यक्ष र सोझो सम्बन्ध स्थापना गर्न सकिने वस्तु वा सेवा खरिदमा तिरेको कर भए उक्त कर कट्टी दावी गर्न पाईंदैन।

कर लाग्ने र कर छुट कारोबारसँग प्रत्यक्ष वा सोझो सम्बन्ध स्थापना गर्न नसकिने वस्तु वा सेवाको खरिदमा तिरेको करलाई निजको कुल कारोबार (कर लाग्ने स्थानीय बिक्री तथा निकासी बिक्री र कर छुट हुने स्थानीय बिक्री तथा निकासी बिक्री समेतको कुल कारोबार) मा कर लाग्ने स्थानीय बिक्री तथा निकासी बिक्री कारोबार जोड्दा हुन आउने जम्मा कर लाग्ने कारोबारको अनुपात के कति स्थापित हुन्छ सोही अनुपातमा मात्र कर कट्टी दावी गर्नुपर्दछ। यदि सो अनुपात गणना नगरी कानूनले दिएको सुविधाभन्दा बढी कर कट्टी दावी गरेको पाइएमा जरिवाना सहित कर निर्धारण गरी असुल उपर गर्नुपर्दछ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (४) ले देहायको व्यवस्था रहेको छः

***नियम ४० को उपनियम (४) कर लाग्ने वा कर छुट भएको दुबै प्रकारका वस्तु वा सेवाको कारोबार गर्ने करदाताले उपनियम (३) बमोजिम कर लाग्ने वस्तु वा सेवाको बिक्रीसँग खरिद वा आयात भएको वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा त्यस्तो करदाताले बिक्री गरेको कुल मूल्य कर लाग्ने कारोबारको मूल्यको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न सक्नेछ।***

समानुपातिक कर कट्टी सुविधाको गणना गर्ने सन्दर्भमा कर लाग्ने र कर छुट हुने मिश्रित कारोबारको अनुपात कहिले गणना गर्ने भन्ने विषय महत्वपूर्ण हुने गर्दछ। प्रशासनिक सहजता र कानूनको प्रभावकारी कार्यान्वयन गर्न समानुपातिक कर कट्टीको गणना आर्थिक वर्षको अन्त्य अर्थात प्रत्येक आषाढ महिनाको कर विवरण पेश गर्दा समायोजन गर्नु व्यवहारिक हुन्छ। मिश्रित रुपमा प्रयोग हुने वस्तु वा सेवाको खरिद गर्दा सम्बन्धित कर अवधिमा पूर्ण कर कट्टी दावी गर्ने र उक्त वस्तु वा सेवाको प्रयोग कर लाग्ने र कर छुट हुने वस्तु वा सेवामा कुन अनुपातमा प्रयोग भयो भन्ने विषय प्रत्येक आर्थिक वर्षको अन्त्यमा निक्र्यौल गरी अघिल्ला कर अवधिमा

दावी गरिएको बढी कर रकमलाई आषाढ महिनाको कर विवरणको अन्य थपघट महलको डेविटतर्फ उल्लेख गरी समायोजन गर्नुपर्दछ।

समानुपातिक कर कट्टी गर्दा विगतमा लिएको कर कट्टीको समेत समानुपातिक हिसाव गरी कर कट्टी पाउने र नपाउने करको गणना गर्नुपर्दछ। कुनै नयाँ व्यवसाय स्थापना गर्ने सिलसिलामा ठूलो मात्रामा पुँजीगत खर्च गरिएको हुन्छ र सोही बमोजिम ठूलो रकम कर कट्टी दावी गरिएको हुन्छ। प्रारम्भिक अवस्थामा कर लाग्ने बिक्री नहुने तर कर लाग्ने खरिद वा पैठारी हुने हुँदा क्रेडिट रकम वृद्धि भइरहेको हुन्छ। यस अवस्थामा करयोग्य र कर छुट कारोबारको अनुपात यकिन नहुने हुँदा समानुपातिक कर कट्टीको हिसाब गर्न सकिदैन।

दर्ता भएको व्यक्तिले व्यवसायिक कारोबार प्रारम्भ भए पश्चात् कर लाग्ने बस्तु वा सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको कर कट्टीलाई कायम राखी पहिले दावी गरेको बाँकी करलाई कर विवरण मार्फत डेविटतर्फ समायोजन गर्नुपर्दछ। कथंकदाचित करयोग्य र करछुट दुबै प्रकारको कारोबार गर्ने करदाताको करयोग्य बिक्रीसँग करयोग्य खरिदको प्रत्यक्ष सम्वन्ध स्थापित हुन नसक्ने अवस्था भएमा करयोग्य कारोबार र कर छुटको कारोबारको अनुपातको आधारमा कट्टी पाउने र नपाउने कर गणना गरी पुँजीगत खरिद वा अन्य खरिदमा पहिले दावी गरेको कर समायोजन गर्नुपर्दछ। उपर्युक्त दुइवटा विधिहरु अनुसार समानुपातिक रुपमा कर गणना हुन नसक्ने अवस्था परेमा कर अधिकृतले अन्य वैकल्पिक तरिकाबाट कर गणना गर्न विभागसँग निर्देशन माग गर्न सक्तछ। यसरी अनुमति माग भई आएमा कर अधिकृतबाट पेश भएको तरिकाबाट यथार्थ रुपमा समानुपातिक करको गणना हुन सक्ने नसक्ने विषयमा छानविन गरी विभागले सो तरिका अनुसार वा अन्य कुनै उपयुक्त तरिका अनुसार करको समानुपातिक रुपमा गणना गर्न कर अधिकृतलाई निर्देशन दिनुपर्दछ। यस सम्बन्धमा नियमावलीको नियम ४०को उपनियम (५)मा देहायको व्यवस्था रहेको छः

***नियम ४० को उपनियम (५) उपनियम (४) बमोजिम करको गणना गर्दा समानुपातिक रुपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को बैकल्पिक तरिकाद्धारा गणना गर्न विभागसँग निर्देशन माग गर्न सक्नेछ।***

यस विषयलाई निम्न उदाहरणले स्पष्ट पार्नेछः

**उदाहरण ७.५**

कुनै समूह कम्पनीले कर्पोरेट अफिसको लागि ७,००० वर्ग फिटको ७ तले आधुनिक, उच्च प्रविधि र सुविधायुक्त भवन निर्माण गरेको छ। उक्त समूहमा ७ वटा विभिन्न उद्योग र व्यापारिक कम्पनीहरु आवद्ध भई संचालनमा रहेका छन्। ४ वटा कम्पनी कर लाग्ने कारोबार गर्दछन र मूल्य अभिवृद्धि करमा दर्ता रहेका छन्। २ वटा कम्पनी कर नलाग्ने वस्तु वा सेवाको कारोबार गर्दछन् र मूल्य अभिवृद्धि करमा दर्ता छैनन्। १ कम्पनीले कर लाग्ने र कर छुट हुने दुबै किसिमका वस्तु वा सेवाको कारोबार गर्दछन्।
मानौं उक्त कर्पोरेट भवन मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता रहेको कुनै एक कम्पनीको स्वामित्वमा रहने गरी निर्माण गरिएको छ। उक्त कम्पनीको वित्तीय विवरण अनुसार उक्त भवनको मूल्य रु. १ अर्ब रहेको छ। साथै उक्त भवन निर्माण गर्दा खरिद गरेको वस्तु वा सेवामा तिरेको मूल्य अभिवृद्धि कर रु. १३ करोड ऐनको दफा १७ बमोजिम कट्टी दावी गरेको छ। उक्त ७ तले भवनको माथिल्लो २ तला कर्पोरेट अफिसको रुपमा संचालन भएको पाइयो। कर्पोरेट अफिसले समूहमा आवद्ध सबै ७ कम्पनीको मुख्य

कार्यालयको रुपमा कार्य गर्दछ। अन्य ५ तला भवनलाई अन्य व्यक्ति वा निकायलाई बहालमा लगाएको (Rented Out) पाइयो।

उपर्युक्त अवस्थामा समानुपातिक कर कट्टीको हिसाब कसरी गर्ने भन्ने विषय मुख्य रहेको छ।यस सम्बन्धमा कुल ७ तला (औसतमा ७,००० वर्ग फिट क्षेत्रफल) भवनमध्ये २ तला (औसतमा २,००० वर्ग फिट क्षेत्रफल) मात्र कर्पोरेट अफिसको रुपमा प्रयोग भएको छ। कर्पोरेट अफिसले भवनको करिब २८.५७ प्रतिशत भाग मात्र प्रयोग गरेको देखियो।कुल दावी गरिएको कर कट्टी रकम रु.१३ करोडको २८.५७ प्रतिशतले हुने रकम रु.३,७१,४२,८५७ गणना गर्नुपर्दछ।

## ७.१० कर कट्टी लिएका वस्तु करयोग्य कारोबारमा प्रयोग हुन छाडेमाः

कुनै व्यक्तिले कुनै समयमा करयोग्य कारोबारमा प्रयोग गर्ने उद्देश्यले खरिद गरेका पुँजीगत वस्तु लगायतका अन्य करयोग्य वस्तु वा सेवा कुनै कारणले ती वस्तु वा सेवाको उपयोगिताको अवधि समाप्त नहुँदै करयोग्य कारोबारमा प्रयोग हुन छाडेमा ती वस्तु वा सेवा प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (४) ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा १७ को उपदफा (४) यस दफा बमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिनेछ।**

मूल्य अभिवृद्धि कर क्रेडिट लिएको वस्तु वा सेवाको उपयोगिताको अवधि समाप्त हुनु पूर्व नै मूल्य अभिवृद्धि कर लाग्ने कारोबारमा प्रयोग गर्न छाडेमा त्यस्तो वस्तु वा सेवालाई तत्काल बजार मूल्यमा बिक्री भएको मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यो व्यवस्था कर चुहावट विरुद्धको व्यवस्था (Specific Anti Avoidance Rule) हो। यो व्यवस्थाको अभावमा करदाताले मूल्य अभिवृद्धि कर लाग्ने व्यवसाय गर्ने उद्देश्यले दर्ता गर्ने र खरिद गरेको वस्तु वा सेवामा कर कट्टी दावी गर्ने र पछि गएर कर नलाग्ने वस्तुको कारोबार गर्न सक्ने अवस्था हुन्छ। यसले गर्दा त्यस्तै कारोबार गर्ने अन्य व्यक्तिहरुको कारोबारको लागत भन्दा त्यस्ता करदाताको लागत घटी हुने संभावना रहने हुँदा अन्य प्रतिष्पर्धीहरु विस्थापित हुन सक्ने हुन्छ।

करयोग्य कारोबार गर्ने करदाताले व्यवसायिक प्रयोजनको लागि निर्माण गर्ने सम्पत्तिहरु आफैंमा भने कर नलाग्ने हुने तर त्यस्तो सम्पत्तिहरु सिर्जना गर्ने वा निर्माण गर्ने क्रममा कर क्रेडिट लिएको हुन्छ। जस्तैः भवन निर्माणमा तिरेको कर कट्टी दावी। कर लाग्ने कारोबार गर्ने प्रयोजनको लागि निर्माण गरिएको भवनलाई कर नलाग्ने कारोबारमा प्रयोग हुन थालेको अवस्थामा तत्कालै उक्त भवन निर्माण गर्ने क्रममा खरिद गरिएका वस्तु वा सेवामा तिरेको कर दावी गरिएको भए त्यस्तो सम्पत्ति तत्कालको बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्नुपर्दछ।यस्तो वस्तु वा सेवाको वजार मूल्य निर्धारण गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १३ तथा नियमावलीको नियम २२ को अधिनमा रही गर्नुपर्दछ। माथिको दफामा दुई वटा विषय प्रमुख रहेका छन्। ती हुनः

(क) वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त भएको जानकारी, र

(ख) तत्काल बजार मूल्यमा बिक्री भएको मान्न बजार मूल्यको जानकारी।

यस दफाको प्रभावकारी कार्यान्वयनको लागि आयकर ऐन, २०५८ मा रहेको स्थिर सम्पत्तिको ह्रास कट्टी अवधिलाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि उपयोगिता अवधि मान्न सकिन्छ। यस विषयलाई निम्न उदाहरणले अझ स्पष्ट पार्नेछः

**उदाहरण ७.६**

मानौं, कुनै करदाताको आ.व. २०७०।७१ को वित्तीय विवरण अनुसार मूल्य रु.१० करोडको फर्निचर खरीद गरेको देखिन्छ। उक्त फर्निचर खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर रु.१ करोड ३० लाख मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम कट्टी दावी गरी आ.व. २०७३।७४ को अन्त्यसम्ममा बिक्रीमा संकलन गरेको करबाट मिलान गरिसकेको छ। उक्त करदाताले पेश गरेको २०७४ साल आषाढ महिनाको कर विवरणको कर दायित्व रु.५०,००० कर विवरण पेश गर्ने समयभित्र दाखिला गरिसकेको छ। उक्त करदाताले आ.व. २०७४।७५ को शुरुआतबाट साबिकमा गर्दै आएको कर लाग्ने कारोबार बन्द गरी कर छुटको कारोबार मात्र गर्दै आएको छ र मासिक शुन्य विवरण पेश गरिरहेको छ।

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीमा पुँजीगत वस्तुमा तिरेको कर एकमुष्ट रुपमा सोही कर अवधिमा कर कट्टी दावी गर्न सकिने व्यवस्था रहेको छ। तर आयकर ऐनमा Matching Principles को आधारमा उक्त सम्पत्तिको वर्षेनि ह्रास खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ। शुरुमा सबै कर कट्टी दावी गर्ने तर पछि कर लाग्ने कारोबार गर्न छाडेमा वा कारोबार बन्द गरेको अवस्थामा पहिले कट्टी गरेको कर के कसरी कर हिसाब मिलान गर्ने भन्ने विषयमा जटिलता उत्पन्न हुन सक्दछ।

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ ऐनको दफा १७ को उपदफा (४) ले दफा १७ बमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिने व्यवस्था गरेको हुँदा कर कट्टी दावी गरेको व्यवसायिक प्रयोजनको सो फर्निचर तत्काल बजार मूल्यमा बिक्री भएको मानी २०७४ श्रावण महिनामा मू.अ.कर निर्धारण गर्नुपर्दछ।

(ख) यसरी उपर्युक्त बमोजिम कर निर्धारण गर्दा ऐनको दफा १९ र दफा २६ को क्रमशः थप दस्तुर व्याज तथा दफा २९ मा उल्लिखित जरिवाना लाग्ने व्यवस्था समेत आकर्षित हुनेछ।

## ७.११ प्रयोग भई सकेका वस्तुहरुमा पाउने कर कट्टी सम्बन्धी व्यवस्थाः

ऐनले प्रयोग भईसकेका वस्तुहरु अर्थात पुराना वस्तुहरुमा पाउने कर कट्टी सुविधा नयाँ वस्तुहरुको हकमा पाउने कर कट्टीको सुविधाभन्दा भिन्न हुने व्यवस्था गरेको छ। नयाँ करयोग्य वस्तुहरु दर्तावाला व्यक्तिहरुवाटै बिक्री वितरण हुने तर पुराना वस्तुहरु दर्तावाला व्यक्तिहरुबाटै बिक्री वितरण हुन्छन् भन्ने कुनै निश्चितता नहुने भएको कारणले ऐनले नयाँ र पुराना वस्तुहरुमा प्राप्त हुने कर कट्टी सुविधा बीच विभेद गरेको देखिन्छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (५) मा देहायको व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोग भैसकेका वस्तुहरुको कारोबार गर्ने दर्ता भएको व्यक्तिले पाउने कर कट्टी सुविधा तोकिए बमोजिम हुनेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार प्रयोग भएका वस्तुमा प्राप्त हुने कर कट्टीको सुविधाका सम्बन्धमा नियमावलीको नियम ३३ मा देहाय बमोजिम हुने गरी तोकिएको छ।

*नियम ३३ प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण तरीकाः (१) प्रयोग भैसकेका वस्तुहरुको कर निर्धारण त्यस्ता वस्तुहरुको बिक्री मूल्य र खरिद मूल्य बीचको बचतमा मात्र गरिनेछ। त्यस्ता वस्तुको बिक्रेताले देहाय बमोजिमका स्थायी अभिलेख त्यस्ता वस्तु खरिद वा बिक्री गर्दाकै अवस्थामा तयार गरी राख्नु पर्नेछ।*

*(क) खरिद सम्बन्धीः*

*(अ) खरिद मिति,*

*(आ) वस्तुको पूर्ण जानकरी हुने किसिमको व्यहोराको उल्लेख,*

*(इ) कर बाहेकको खरिद मूल्य,*

*(ई) करको दर,*

*(उ) करको रकम,*

*(ऊ) तिरेको कूल रकम।*

*(ख) बिक्री सम्बन्धीः*

*(अ) बिक्री भएको मिति,*

*(आ) कर बाहेकको बिक्री मूल्य,*

*(इ) खरिद मूल्य र बिक्री मूल्य विचको फरक,*

*(ई) करको दर,*

*(उ) करको रकम,*

*(ऊ) प्राप्त गरेको कूल रकम।*

*(२) उपनियम (१ मा उल्लेख गरेको खरिद मूल्य भन्नाले कर सहितको मूल्यलाई जनाउने छ।*

*(३) प्रयोग भैसकेका प्रत्येक वस्तुहरु बिक्री गर्दा बीजक जारी गरी खरिद र बिक्रीको छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ।*

*(४) दर्ता भएको व्यक्तिले उपनियम (१),(२) र (३) मा उल्लेख भएको अभिलेख सन्तोषजनक ढंगले राखेको नपाईएमा त्यस्तो करदाताले बिक्री गरेको कूल बिक्री मूल्यमा कर लगाई अर्को कर विवरणसँगै त्यस्तो कर दाखिला गर्ने गरी कर अधिकृतले लिखित आदेश दिन सक्नेछ।*

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.७**

| |
|---|
| प्रयोग भएका गाडी, मोटरसाईकल, टि.भि. र रेफ्रिजरेटरको कारोबार गर्ने अपार ईन्टरनेशनल प्रा. लि. मूल्य अभिवृद्धि करमा दर्ता भएको निजी कम्पनी रहेछ। उक्त कम्पनीले पूरानो गाडी, मोटरसाईकल, टि.भि. र रेफ्रिजरेटरहरु उपभोक्तासँग सोझै खरिद गरी केही मर्मत सुधार गरी वा नगरी पुनः उपभोक्तालाई बिक्री गर्ने गरेको रहेछ। यसरी उक्त कम्पनीले धापासीमा वसोवास गर्ने राम बहादुरसँग एउटा टक्सन गाडी रु.२० लाखमा खरिद गरी त्यसमा सामान्य मर्मत सम्भार गरी रु.२५ लाखमा नयाँ वानेश्वर बस्ने हरि बहादुरलाई बिक्री गरेको रहेछ। यस्तो अवस्थामा उक्त कम्पनीले जारी गर्ने मूल्य अभिवृद्धि कर बीजकमा खरिद र बिक्रीको फरक रु.५ लाख भएकोले सोमा मात्र मूल्य अभिवृद्धि कर असूल गर्नुपर्दछ। |

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४४ बमोजिम प्रयोग भईसकेका वस्तुहरुको कारोबार गर्ने कुनै व्यक्तिले कुनै दर्ता नभएको व्यक्तिसँग खरिद गरेका वस्तुहरु र दर्ता भएको व्यक्तिसँग खरिद गरेको भए पनि सो खरिदमा तिरेको कर कट्टी गर्न नपाउने व्यवस्था गरेको छ।भन्नुको अर्थ पुरानो वस्तुहरुको कारोबार गर्ने व्यक्तिले खरिद गरेका वस्तुहरु कर तिरी खरिद गरेको र ती वस्तुहरु कारोबारसँग सम्बन्धित रहेको भए पनि सो खरिदमा तिरेको कर ऐनको दफा १७ को उपदफा (१) बमोजिम कर कट्टी दावी नगरी ऐनको दफा १७ को उपदफा (५) को अधिनमा रही नियमावलीको नियम ३३ र ४४ ले गरेका व्यवस्था बमोजिम कर असुल उपर गर्नुपर्दछ। प्रयोग भैसकेका वस्तुहरुको कर कट्टी सम्वन्धी व्यवस्थाको लागि नियम ४४ मा निम्नानुसार व्यवस्था रहेको छ।

***नियमा ४४ प्रयोग भैसकेका वस्तुहरुको कर कट्टी सम्वन्धी व्यवस्थाः ऐनको दफा १७ को उपदफा (५) को प्रयोजनको लागि प्रयोग भैसकेका वस्तुहरु मध्ये दर्ता नभएको व्यक्तिसँग खरिद गरेका वस्तुहरु र दर्ता भएको व्यक्ति भएपनि ऐनको दफा १७ मा परेका र व्यक्तिगत प्रयोगमा समेत ल्याइएका वस्तुहरुको खरिदमा तिरेको कर कट्टी गर्न पाइने छैन।***

**७.१२ वित्तीय पट्टा अन्तर्गत भएको खरिदमा तिरेको कर कट्टी सम्बन्धी व्यवस्थाः**

सवारी साधन, मिल मेसिनरी, उपकरणहरु जस्ता पुँजीगत वस्तुहरु कुनै बैंक वा वित्तीय संस्था वा उत्पादक वा वितरकसँग ऋण सम्झौता गरी वित्तीय पट्टा अन्तर्गत खरिद गर्ने प्रचलन पनि रहेको छ। वित्तीय पट्टा अन्तर्गत खरिद गरिने सम्पत्ति वापतको मूल्य निश्चित समय सारिणी अनुसार भुक्तानी गर्ने र पूर्व शर्त अनुसारको समयावधिभित्र भुक्तानी गरे पश्चात सो सम्पत्ति खरिदकर्ताको हुन्छ। यस किसिमको खरिदमा बिक्रेताले सामान्यतया खरिदकर्ताको नाममा नै बीजक जारी गर्ने तर वित्तीय पट्टा उपलब्ध गराउने व्यक्तिले पूर्व शर्त अनुसार रकम भुक्तानी नभए सम्म लिनुपर्ने रकमको प्रत्याभुतिको लागि कागजी स्वामित्व आफ्नो नाममा राखेको हुन्छ। ऋण उपलब्ध गराउने व्यक्ति (जस्तै कुनै बैंक वा वित्तीय संस्था) का नाममा बीजक जारी गर्ने हुँदा उक्त वस्तुको स्वामित्व खरिदकर्तामा नभई ऋण प्रदान गर्ने व्यक्तिमा रहेको देखिन्छ। बीजकबाट उक्त अवस्था देखिए पनि वित्तीय पट्टा अन्तर्गत करयोग्य वस्तुको खरिदमा तिरेको कर ऋणदाता कुनै बैंक वा वित्तीय संस्थाले नभई ऋणी (खरिदकर्ता) ले कट्टी गर्न पाउने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा ५क. मा देहायको व्यवस्था रहेको छ।

**दफा १७ को उपदफा (५क) उपदफा (२) को अधिनमा रही वित्तीय पट्टा अन्तर्गत ऋण सम्झौता गरी पैठारी वा खरिद गरिएका पुँजीगत वस्तुहरुमा तिरेको कर सम्बन्धित करदाताले कट्टी गर्न पाउनेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कर कट्टी नपाउने वा आंशिक कर कट्टी पाउने गरी ऐनले व्यवस्था गरेका वस्तुहरुमा तिरेको कर सोही बमोजिम र सो बाहेकका अन्य वस्तुहरु वित्तीय पट्टा अन्तर्गत खरिद गरिएको अवस्थामा खरिदकर्ताले त्यस्तो खरिदमा तिरेको सम्पूर्ण कर कट्टी गर्न पाउँदछ। यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.८**

| |
|---|
| बुटवल डिर्पाटमेण्टल स्टोर प्रा. लि मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाता हो। डिर्पाटमेण्टल स्टोरले कारोबार संचालनको लागि आर्थिक वर्ष २०७३।७४ मा लागि नेपाल बैंक लिमिटेडसँग वित्तीय पट्टा अन्तरगत ऋण संझौता गरी सामान डेलिभरी भ्यान र अर्को एक थान टोयटा कार खरिद गरेको रहेछ। त्यस्तो भ्यान नेपाल बैंकको स्वामित्वमा भएको भए तापनि कर कट्टीको सुविधा पाउँछ। तर यसरी कर कट्टी लिँदा सामान डेलिभरी भ्यान पूर्णरुपमा व्यवसायीक प्रयोजनको लागि प्रयोग हुने भएको कारण शत् प्रतिशत र टोयटा कारको हकमा नियम ४१ को उपनियम (२) बमोजिम व्यक्तिगत प्रयोग पनि हुन सक्ने भएको र के कति व्यवसायिक र के कति व्यक्तिगत प्रयोजनको लागि भन्ने किटान गर्न नसकिने भएको हुँदा ४० प्रतिशतमात्र कर कट्टीको सुविधा पाउँछ। यसका साथै उक्त प्रा.लि. ले करयोग्य र कर छुटको कारोबार पनि गर्ने गरेको अवस्थामा त्यस्तो करयोग्य र करछुटको वार्षिक कारोबारको अनुपातको आधारमा कर कट्टी पाउने ४० प्रतिशत करलाई शत् प्रतिशत मानी करयोग्य र करछुटको कारोबारको अनुपातको आधारमा कर कट्टी पाउँदछ। |

## ७.१३ दाखिला गरेको कर कट्टी गर्न पाउने व्यवस्थाः

दर्तावाला व्यक्तिले कारोबारको सिलसिलामा कुनै निकायमा आफुले दाखिला गरेको कर वस्तु वा सेवाको आपूर्ति गरी संकलन गरेको करमा कट्टी गर्ने सुविधाबाट वंचित हुन नपरोस भनी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (५ख) मा देहाय बमोजिम बिशेष व्यवस्था गरिएको छः

**दफा १७ को उपदफा (५ख) दफा ८ को उपदफा २, दफा १२क. र दफा १५ को उपदफा (३) बमोजिम तिरेको कर सम्बन्धित करदातालाई कट्टी गर्न दिइनेछ।**

मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको कुनै व्यक्तिले ऐनको दफा ८ को उपदफा (२) बमोजिम नेपाल वाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा भुक्तानीका वखत दाखिला गरेको कर, ऐनको दफा १२क. बमोजिम राष्ट्रिय वनको काठ लिलामी, छोडपूर्जी वा चिरान आदेश पाए वापत सम्बन्धित वन कार्यालयमा दाखिला गरेको कर र दफा १५ को उपदफा (३) बमोजिम सोही उपदफामा उल्लेखित मूल्य अभिवृद्धि करमा दर्ता नभएको कुनै निकायमा दाखिला गरेको कर निजले बिक्रीमा संकलन गरेको करबाट कट्टी गर्न सक्दछ।

कर लाग्ने कारोबारको निमित्त खरिद, पैठारी वा उत्पादन भएका वस्तुमा तिरेको कर कट्टी एक पटक मात्र गर्न पाइन्छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९ को उपनियम (२) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ३९ को उपनियम (२) यस नियम बमोजिम कर कट्टी गर्दा एक पटक मात्र गर्न पाइनेछ। यसरी कर कट्टी गर्दा दावी गरिएको मितिभन्दा एक वर्ष अगाडिको बीजक वा आयातसँग सम्बन्धित कागजातहरु हुनु पर्नेछ।***

## ७.१४ दर्ताका बखत मौज्दातमा रहेको करयोग्य वस्तुहरुको कर कट्टीः

मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको व्यक्तिले करयोग्य वस्तु तथा सेवा आपूर्ति गर्दा कर बीजक जारी गर्नुपर्दछ। करयोग्य वस्तु वा सेवाको कारोबार गरेको तर विभिन्न कारणवस मूल्य अभिवृद्धि करमा दर्ता नरहेको कुनै व्यक्ति मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएमा निज व्यक्तिले दर्ता हुँदाका बखत

विभिन्न वस्तु मौज्दातमा रहेको हुन सक्दछ। दर्ता भएको मितिमा मौज्दातमा रहेका यस्ता वस्तु खरिद गर्दा निज करदाताले आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर तिरेको हुन सक्दछ। मूल्य अभिवृद्धि करमा दर्ता भए पश्चात् मौज्दातमा रहेका यस्ता वस्तु बिक्री गर्दा पनि निजले मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्दछ। कुनै करयोग्य वस्तु वा सेवा आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर संकलन गरिन्छ भने उक्त वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउनु पर्ने आधारभूत सिद्धान्त नै हो। यहि सिद्धान्तलाई आत्मसात गर्दै मूल्य अभिवृद्धि करमा दर्ता हुँदाका बखत मौज्दातमा रहेका वस्तुको खरिदमा तिरेको कर कट्टी गर्न पाउने गरी कानूनी प्रबन्ध गरिएको छ। मौज्दातमा रहेका वस्तुमा तिरेको कर कट्टी गर्ने सुविधा नदिँदा दर्ता पश्चात् यस्ता वस्तु बिक्री गर्दा कर असूल गर्नुपर्ने कारणले गर्दा कर माथि कर लाग्ने अवस्था सिर्जना हुने, यस्ता वस्तुमा दोहोरो कर भार पर्न गई उपभोक्तालाई बढी कर भार पर्न जाने र दर्तावाला व्यक्ति बीच समान व्यवहार कायम नहुने अवस्था सिर्जना हुने भएकोले दर्ता हुँदाका बखत मौज्दातमा रहेका वस्तुमा कर कट्टी सुविधा प्रदान गरिएको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (७) मा देहाय बमोजिम व्यवस्था रहेको छः

**दफा १७ को उपदफा (७) दर्ता हुँदाका बखत मौज्दातमा रहेको कर लाग्ने कारोबारमा प्रयोग हुने वस्तुमा तिरेको वा तिर्नु पर्ने कर कट्टी गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४३ ले देहाय बमोजिम व्यवस्था गरेको छः

*नियम ४३.निवेदन दिनुपर्नेः (१) करदाताले करकट्टीको लागि दर्ता भएको पन्ध्र दिनभित्र अनुसूची–१६ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।*

*(२) उपनियम (१) बमोजिम निवेदन दिँदा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः–*

*(क) दर्ता हुँदाका बखत मौज्दात रहेको भए सामानको विवरण,*

*(ख) दर्ता हुनुभन्दा एकवर्ष अघिसम्मका कर बीजक र प्रज्ञापनपत्र भए तत् सम्बन्धी विवरण,*

*(ग) अन्य आवश्यक प्रमाण।*

*(३) उपनियम (१) बमोजिमको दाबी कर अधिकृतद्वारा स्वीकृत भएमा सम्बन्धित करदाताले नियम ३९ को उपनियम (४) बमोजिम कट्टी गर्न पाउनेछ।*

*(४) उपनियम (१) बमोजिमको दाबी गरिएको कर पहिला नै कट्टा गरिएको पाइएमा ऐन र यस नियमावली बमोजिम कर अधिकृतले त्यस्तो करदातालाई कारबाही गर्न सक्नेछ।*

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण ७.९**

एबिसी जनरल स्टोरले हल्का पेय पदार्थ लगायत विभिन्न खाद्यान्य वस्तुको खुद्रा कारोबार गर्दछ। उक्त स्टोरको वार्षिक कारोबार रु.५० लाखभन्दा बढी भएको कारणले २०७५ साल श्रावण ३० गतेदेखि लागु हुने गरी मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको छ। दर्ता भएको मितिमा विभिन्न खाद्यान्न सामग्री बाहेक रु.२ लाख मूल्य बराबरका चिनी, चियापत्ती र हल्का पेय पदार्थ मौज्दातमा रहेका छन्। मौज्दातमा रहेका वस्तु तथा अन्य वस्तुहरु खरिद गर्दा रु.५० हजार मूल्य अभिवृद्धि कर तिरेको प्रमाण (कर बीजकहरु) सुरक्षित रहेका छन्। यस्ता अवस्थामा मौज्दातमा रहेका वस्तुको कर कट्टी दावी गर्न देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्दछः

१) करदाताले मूल्य अभिवृद्धि कर दर्ता भएको मितिले १५ दिनभित्र अर्थात् २०७५ भाद्र १३ गतेभित्र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १६ बमोजिमको ढांचामा मौज्दात घोषणा गर्नुपर्दछ। १५ दिनभित्र यसरी मौज्दात घोषणा नगरेमा उक्त वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी पाईंदैन।

२) मौज्दात घोषणा गर्दाका बखत उक्त वस्तुहरु खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि करको प्रमाण अर्थात् रु.२६ हजार मूल्य अभिवृद्धि कर तिरेको सक्कल कर बीजक पेश गर्नुपर्दछ। करदातासँग रु.५० हजार कर तिरेको कर बीजक भए तापनि केही वस्तु बिक्री भई सकेको हुँदा उक्त वस्तुमा तिरेको कर कट्टी दावी गर्नु हुदैंन। मूल्य अभिवृद्धि करमा दर्ता हुँदाका बखत मौज्दातमा रहेका वस्तुमा तिरेको कर मात्र कट्टी गर्न पाइने भएकोले रु.२६ हजार कर तिरेको कर बीजक मात्र पेश गर्नुपर्दछ।

३) मौज्दात घोषणा भए पश्चात् कर अधिकृतले उक्त वस्तुको भौतिक गणना गर्ने र प्रमाण कागजातको छानबिन गर्ने कार्यमा सहयोग गर्नुपर्दछ।

सम्बन्धित कर अधिकृतले देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्दछः

१) करदाताले दर्ता भएको मितिले १५ दिनभित्र उपर्युक्त प्रक्रिया पूरा गरी मौज्दात घोषणा गरे नगरेको छानविन गर्ने,

२) करदाताको कारोबारस्थलको स्थलगत निरीक्षण गरी घोषित वस्तु र सोको मौज्दात, मौज्दातमा रहेका वस्तु खरिद गर्दा प्राप्त भएका सक्कल कर बीजकको छानविन गरी पुष्टि भएको हदसम्मको मौज्दात र सोमा तिरेको कर बराबरको क्रेडिट एडभाइस जारी गर्ने,

३) जारी भएको क्रेडिट एडभाइसलाई तोकिएको कर विवरणको अन्य थपघट महलको क्रेडिट महलमा उल्लेख गरी क्रेडिट समायोजन गरे नगरेको छानविन गर्ने।

## ७.१५ कर कट्टी दावी र दर्ता निलम्बन हुने व्यवस्थाः

दर्ता भएको कुनै व्यक्तिले लगातार छ महिनासम्म कर विवरण पेश नगरेमा त्यस्तो व्यक्तिको नाम सार्वजनिक गरी सो व्यक्तिको मिलान हुन बाँकी कर तथा कर कट्टी लिन बाँकी कुनै रकम भए सो रकम निलम्बन गर्न सकिने कानूनी व्यवस्था रहेको छ। यसको साथै निजको मूल्य अभिवृद्धि कर दर्ता समेत निलम्बन हुने व्यवस्था रहेको छ। यस सम्बन्धमा ऐनको दफा १७ को उपदफा (८) ले देहायको व्यवस्था गरेको छः

**दफा १७ को उपदफा (८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरी त्यस्तो करदाताको कर कट्टी गर्नुपर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्वन गर्न सकिनेछ।**

ऐनको उक्त व्यवस्था बमोजिम लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको कर वा दर्ता निलम्बन गर्दा देहायको प्रकृया अपनाउनु पर्दछः

(क) त्यस्ता करदाताको नाम विभागको वेबसाइट वा राष्ट्रिय पत्र पत्रिका वा संचार माध्यममा प्रकाशन/ प्रशारण गर्ने,

(ख) सो सूचनामा कर विवरण पेश नगरेको अवधिको विवरण सूचना प्रकाशन भएको मितिले एक महिनाभित्रमा पेश गर्ने अन्यथा कर कट्टी गर्नुपर्ने रकम र दर्ता निलम्बन हुने जानकारी दिने,

(ग) तोकिएको मिति भित्रमा कर बिबरण पेश गरेमा विवरण र कर बुझिलिने र अवस्था अनुसार व्याज, थप दस्तुर र जरिवाना समेत असुल उपर गर्ने,

(घ) तोकिएको मिति भित्रमा कर विवरण पेश नगरेमा करदाताको कर कट्टी गर्न पर्ने (क्रेडिट) रकम वा दर्ता निलम्बन गर्न विभागको करदाता सेवा शाखामा लेखि पठाउने,

(ङ) निलम्बनका लागि लेखि आए बमोजिम करदाता सेवा शाखाले निलम्बन गरी विभागको सूचना प्रविधि शाखा र कार्यालयलाई जानकारी गराउने,

(च) निलम्बन सम्बन्धी निर्णयको सूचना विभागको वेबसाइट वा राष्ट्रिय पत्र पत्रिका वा संचार माध्यममा प्रकाशन प्रशारण गर्ने।

### ७.१६ नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी सम्बन्धी व्यवस्थाः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (४) बमोजिम कर कट्टी दावी गरिएका वस्तुको उपयोगिता समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा उक्त वस्तु प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर संकलन गर्नुपर्ने तर तोकिएको उपयोगिता अवधि समाप्त भए पश्चात् त्यस्तो वस्तु आपूर्ति योग्य नहुने हुँदा त्यस्तो वस्तुमा दावी गरिएको करले स्वत निरन्तरता पाउँछ। उक्त दफामा यस किसिमको व्यवस्था भए तापनि ऐनको दफा १६ख. ले केही विशेष कारण वा अवस्थाले हानी वा नोक्सानी भई त्यस्तो वस्तुको प्रयोग वा आपूर्तिको सम्भावना नभएमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी पहिले लिएको क्रेडिट नियमित गर्न सकिन्छ।

कुनै पनि व्यवसायमा बिक्री वा अन्य प्रयोजनका लागि खरिद वा उत्पादन भएका वस्तुहरु बिक्री विनिमय वा हक हस्तान्तरण हुनुभन्दा अगावै हराउने, बिलाउने, वाष्पिकरण हुने, नष्ट हुने, गुणस्तर एवं उपयोगिता अवधि समाप्त हुने वा अन्य कारणहरुबाट करयोग्य वस्तुहरु नोक्सान हुने गर्दछ। कर कट्टी दावी गरी सकेका तर विभिन्न कारणले कुनै करयोग्य वस्तु नोक्सान भई करयोग्य कारोबारमा प्रयोग नहुने अवस्था सिर्जना भएमा तोकिए बमोजिम कर कट्टी सुविधा पाउन सक्ने कानूनी व्यवस्था रहेको छ। यस सम्बन्धमा ऐनको दफा १६ख. ले देहायको व्यवस्था गरेको छः

**दफा १६ख. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्नेः आगजनी, चोरी, दुर्घटना, टुटफुट वा ध्वंसात्मक गतिविधिको कारणले हानि नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको वस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न सकिनेछ।**

यस सम्बन्धमा नियमावलीको नियम ३९क. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ३९क. नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी गर्नेः (१) देहायका अवस्था परी कुनै वस्तु हानि नोक्सानी भएमा त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि देहाय बमोजिमको अवधिभित्र कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-***

***(क) आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानि नोक्सानी भएमा त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र।***

***(ख) उपयोग गर्ने म्याद सकिएको वस्तुको हकमा साउनदेखि असोजसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको कार्तिक पच्चीस गतेभित्र, कार्तिकदेखि पुससम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको माघ पच्चीस गतेभित्र, माघदेखि चैतसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको वैशाख पच्चीस गतेभित्र र वैशाखदेखि असारसम्ममा उपयोग गर्ने म्याद सकिएको वस्तुको साउन पच्चीस गतेभित्र।***

***(२) उपनियम (१) बमोजिम परेको निवेदन छानविन गर्दा हानि नोक्सानी भएको वा उपभोग गर्ने म्याद सकिएको देखिएमा कर अधिकृतले त्यस्तो हानि नोक्सानी भएको वा उपभोग गर्ने म्याद सकिएको वस्तुमा तिरेको करकट्टी गर्न दिन सक्नेछ।***

***तर बीमा गरिएको वस्तुको हकमा क्षतिपूर्ति प्राप्त गरेको हदसम्म हुने रकम करदाता स्वयंले करकट्टी गर्न सक्नेछ।***

करयोग्य कारोबार गर्ने व्यक्तिले कुनै करयोग्य वस्तु खरिद गर्दा तिरेको कर खरिद गर्दा कै समयमा करकट्टी लिई सकेको हुन्छ। करकट्टी लिए पश्चात त्यस्तो वस्तु उपर्युक्त मध्ये कुनै कारणले नोक्सान भई करयोग्य कारोबारमा प्रयोग हुन नसक्ने भई मौज्दातबाट कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु परेमा सो वस्तुमा कट्टी गरिएको करले मान्यता पाउन त्यस्तो व्यक्तिले उक्त वस्तु नोक्सान भएको प्रमाण सहित ३० दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्दछ। यसरी पर्न आएको निवेदनको सम्बन्धमा छानविन गर्दा हानी नोक्सानी भएको पुष्टि भएमा कर अधिकृतले त्यस्तो पुष्टि भएको नोक्सानी रकमले खामेसम्म कर कट्टीलाई अनुमोदन गर्न सक्दछ। तर बीमा गरिएको वस्तुको हकमा सम्बन्धित बीमा कम्पनीबाट प्राप्त क्षतिपूर्ति रकमको हदसम्मको नोक्सानीमा कर कट्टी गर्न पाउँछ। यसरी कर अधिकृतले छानविन गर्दा कर लाग्ने वस्तुहरु हानी नोक्सानी भएको पुष्टि भएको अवस्थामा करदाताले मूल्य अभिवृद्धि कर कट्टी सुविधा पाउछ।

बाढी (प्राकृतिक प्रकोप) को कारणले मौज्दातमा भएका सामानको क्षति मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ख. मा उल्लिखित दुर्घटनाको कारणले भएको हानी नोक्सानी सरह भएको हुने हुँदा त्यसरी क्षति भएका सामानको कर कट्टी तथा मौज्दात सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. को व्यवस्था बमोजिम गर्नुपर्दछ।

# परिच्छेद ८
# कर विवरण तथा कर दाखिला

मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित कर हो। मूल्य अभिवृद्धि कर प्रयोजनका लागि दर्ता भएको प्रत्येक व्यक्तिले कर लाग्ने वस्तु तथा सेवाको आपूर्ति वा बिक्री गर्दा ऐनको दफा ८ को उपदफा (१) बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नुपर्दछ र निर्धारित करको विवरण तयार गरी विभागले तोकेको प्रक्रिया बमोजिम आफू दर्ता रहेको कार्यालयमा वा कार्यालय नभएका जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला गर्नुपर्दछ। कर विवरण कारोबारको सूचना दिने र कर दायित्व निर्धारण गर्ने कानूनी माध्यम हो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा नेपालमा आपूर्ति भएका, नेपालभित्र आयात भएका र नेपालबाट अन्य मुलुकमा निर्यात भएका सबै वस्तु तथा सेवाको कर लाग्ने मूल्यमा कर लाग्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा ऐनको दफा ८ को उपदफा (१) मा निम्न ब्यवस्था रहेको छः

**दफा ८(१) दर्ता भएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नुपर्नेछ।**

मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले ऐनको अनुसूची १ मा उल्लेख भएका कर छुट हुने वस्तु तथा सेवा बाहेक अन्य वस्तु वा सेवा आपूर्ति गर्दा ऐनले निर्धारण गरेको १३ प्रतिशतको दरले कर संकलन गर्नुपर्दछ। ऐनको अनुसूची २ मा उल्लेख भएका वस्तु वा सेवाको आपूर्ति गर्दा शुन्य दरले कर लाग्ने व्यवस्था रहेको छ।

कर लाग्ने मूल्य करदाता स्वयंले निर्धारण गर्दछन्। ऐनले करदाताले वस्तु वा सेवाको कर लाग्ने मूल्य निर्धारण गर्दा पालना गर्नुपर्ने विषयलाई निर्धारण गरेको छ। ऐनको दफा १२ को उद्देश्य करयोग्य वस्तु वा सेवा प्राप्त गर्दा, आयात गर्दा वा उत्पादन गर्दा व्यहोरेका वा भुक्तानी गरेका मूल्य अभिवृद्धि कर बाहेकका सम्पूर्ण खर्च (जस्तैः ढुवानी सम्बन्धी खर्च, बिक्री वितरण सम्बन्धी खर्च) तथा मुनाफा जोडी हुन आउने रकमलाई कर लाग्ने मूल्य मान्नु पर्दछ।

## ८.१ कर विवरणः

स्वयं कर निर्धारण प्रणालीमा कर विवरण मार्फत करदाताले आफ्नो कर आफै निर्धारण गर्दछन्। मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको व्यक्तिले निजको लागि तोकिएको कर अवधिमा विभिन्न वस्तु वा सेवा आपूर्ति गरी संकलन गरेको कर (Output Tax) बाट खरिदमा तिरेको कर (Input Tax) कट्टी गरी कर दायित्व (Tax Liability) निर्धारण गर्दछन्। करदाताले खरिदमा तिरेको कर भन्दा बिक्रीमा संकलन गरेको कर बढी भएमा बढी भएको हदसम्मको रकम मात्र कर दायित्व हो र सो रकम निज करदाताले राजस्व खातामा दाखिला गर्नुपर्दछ। कुनै व्यक्तिको बिक्रीमा संकलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा करदाताले कर बुझाई रहनु पर्दैन। कुनै कर अवधिको बिक्री कारोबारबाट संकलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा उक्त बढी भएको रकम त्यसपछिको कर अवधिको कारोबारमा मिलान गर्न सक्ने र त्यसरी बढी भएको रकम मिलान नभएसम्म करदाताले कर दाखिला गर्नुपर्दैन।

कर अवधिको विषयमा यसै परिच्छेदको ८.२ मा सविस्तार ब्याख्या गरिएको छ। कर विवरण नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा हुनुपर्दछ। यस्तो विवरण तोकिएको कर अवधिमा करयोग्य खरिद बिक्री वा

कारोबार भए वा नभए जे भएपनि पेश गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा १८ मा देहाय बमोजिमको व्यवस्था रहेको छ।

**दफा १८ कर विवरण पेश गर्नु पर्नेः (१) करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा विद्युतीय माध्यमबाट तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्नेछ। यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि पेश गर्नुपर्नेछ।**

**(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय नभएका जिल्लाका करदाताले आफुले कर विवरण बुझाउनु पर्ने महिनाको पन्ध्र गतेभित्र सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने कर रकम र कर विवरण पेश गर्न सक्नेछ। यसरी प्राप्त हुन आएको कर विवरण तथा कर भुक्तानीको विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयले सात दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनु पर्नेछ।**

**(१ख) दफा १०ख१., उपदफा (१) र उपदफा (१क) बमोजिम विवरण पेश गर्ने र पठाउने कार्यविधि विभागले निर्धारण गरे बमोजिम हुनेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका करदाताले एक महिना भन्दा कम वा बढी अवधिको कर विवरण पेश गर्न सक्नेछ।**

यसै गरी दर्ता भएको व्यक्तिले पेश गर्नुपर्ने कर विवरणका सम्बन्धमा नियमावलीको नियम २६, नियम २७ र नियम २८ मा देहायको ब्यवस्था रहेको छ।

*नियम २६ कर अवधिको कर विवरण पेश गर्नु पर्नेः (१) दर्ता भएको व्यक्तिले विक्रम सम्बत् अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्नेछ।*

*(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दर्ता भएको व्यक्तिले आफ्नो लेखा कम्प्यूटर प्रणालीमा राखेको कारणले उपनियम (१) मा उल्लिखित कर अवधिको सट्टा छुट्टै कर अवधि कायम गरिपाउन कर अधिकृत समक्ष निवेदन दिएमा कर अधिकृतले जाँच बुझ गरी उपयुक्त देखेमा त्यस्तो दर्ता भएको व्यक्तिको हकमा आवश्यकता अनुरुप छुट्टै कर अवधि कायम गरिदिन सक्नेछ।*

*(३) ..................*

*(३क) ..................*

*(३ख) ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्नेछ।*

*(४) यसरी एक महिनाभन्दा घटी वा बढी कर अवधि कायम गरिएको दर्ता भएको व्यक्तिले सो अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र अनुसूची-१० बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नुपर्नेछ।*

*(५) पहिलो पटक कर विवरण पेश गर्दा दर्ता भएको व्यक्तिले कर अवधिको बाँकी अवधिलाई कर अवधि मानी सोही अवधिको कर विवरण पेश गर्नुपर्नेछ।*

कर विवरण आधिकारिक व्यक्तिले मात्र पेश गर्नुपर्दछ। कर विवरणमा घोषणा गरिएको कर रकम चुक्ता गर्ने दायित्व सम्बन्धित करदाताको हो। यसै गरी खरिद बिक्री कारोबार सम्बन्धी बीजक खरिद बिक्री खाता तथा प्रमाण कागजात र खरिद भन्दा बिक्री कारोबार न्युन रहेको अवस्थामा सरकारसँग दावी गरिएको करको विषयमा पनि सो दावीको सत्य तथ्य पुष्टि गर्ने कागजात र प्रमाण सुरक्षित राख्ने जिम्मेवारी पनि करदाताको हो। तर कहिलेकाँहि दर्ता भएको व्यक्तिको मृत्यु हुन गएमा वा निज कर विवरण पेश गर्न शारिरीक वा मानसिक रुपमा असक्षम भएमा निजको हकवाला वा कानूनी प्रतिनिधिले कर विवरण पेश गर्नुपर्दछ। यस्तो परिस्थितिमा कर अधिकृतले हकवाला वा कानूनी प्रतिनिधिमार्फत कर विवरण पेश गर्न आदेश दिन सक्दछ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २७ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम २७ हकवाला वा कानूनी प्रतिनिधिबाट कर विवरण पेश गर्न लगाउन सकिनेः दर्ता भएको व्यक्तिको मृत्यु हुन गएमा वा निज कर विवरण पेश गर्न शारीरिक वा मानसिक रुपमा असक्षम भएमा निजको मृत्यु भएको वा निज शारीरिक वा मानसिक रुपमा असक्षम भएको अघिल्लो दिनसम्मको अवधिसम्म निजले वस्तु वा सेवाको आपूर्ति गरेको अवधि मानी कर अधिकृतले सो अवधिको कर विवरण निजको हकवाला वा कानूनी प्रतिनिधिलाई पेश गर्न लगाउन सक्नेछ।***

प्राकृतिक व्यक्ति (एकलौटी फर्म) एवं कानूनद्वारा स्थापित निकायहरुको तर्फबाट एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्न सक्ने व्यक्ति वा पदाधिकारीको विषयमा पनि कानूनमा व्यवस्था रहेको छ। कुनै करदाता कर विवरण पेश गर्न असक्षम भएमा वा निजको मृत्यु भएमा निजको हकवाला वा संरक्षकले, निकायको तर्फबाट कुनै संचालक, कार्यकारी प्रमुख वा व्यवस्थापनले तोकेको कुनै कर्मचारीले, कुनै निकाय खारेज वा विघटन भएमा लिक्विडेटरले र माथि उल्लेख भएको अवस्था बाहेक अन्य अवस्थामा कर अधिकृतले तोकेको करदातासँग सरोकार राख्ने व्यक्तिले कर विवरण पेश गर्न सक्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २८ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम २८ एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नुपर्नेः देहायको अवस्थामा देहायका व्यक्तिले एक्लै वा संयुक्त रुपमा कर विवरण पेश गर्नुपर्नेछः***

*(क) कुनै करदाता कर विवरण पेश गर्न असक्षम भएमा वा निजको मृत्यु भएमा निजको हकवाला वा संरक्षकले,*

*(ख) करदाता कानूनी व्यक्ति भएमा त्यस्तो करदाताको तर्फबाट कुनै संचालक, कार्यकारी प्रमुख वा व्यवस्थापनले तोकेको कुनै कर्मचारीले,*

*(ग) करदाता कानूनी व्यक्ति भएमा र त्यस्तो कानूनी व्यक्ति खारेज वा विघटन भएमा लिक्विडेटरले,*

*(घ) माथि उल्लेख भएको अवस्था बाहेक अन्य अवस्थामा कर अधिकृतले तोकेको करदातासँग सरोकार राख्ने व्यक्तिले।*

ऐन तथा नियमावली बमोजिम कर लाग्ने कारोबार गर्ने दर्ता भएको व्यक्तिले आफ्नो कारोबारको लेखाजोखा गरी पेश गर्नुपर्ने कर विवरणका सम्बन्धमा गरेका मूल व्यवस्थाहरुका सम्बन्धमा तलका अनुच्छेदहरुमा चर्चा गरिएको छ।

कर विवरणमा उल्लेख भएका सबै महलहरु सही रुपमा भर्नु पर्दछ। ढाँचामा उल्लेख भएको कुनै महल भर्नुपर्ने अवस्था नभएमा ती महलमा अंक लेख्नुपर्ने भए शून्य र अक्षर लेख्नु पर्ने भए क्रस चिन्ह राख्नु पर्दछ। कर विवरणमा करलाग्ने बिक्री, कर छुटको बिक्री र विदेशमा निकासी गरेको रकम र बिक्रीमा संकलन गरेको कर उल्लेख गर्नुपर्दछ। साथै करयोग्य खरिद, कर छुटको खरिद र खरिदमा तिरेको कर, करयोग्य र कर छुटको पैठारी र पैठारीमा तिरेको कर तोकिएको महलहरुमा उल्लेख गर्नुपर्दछ। विगतका कुनै कर अवधिको मिलान गर्न बाँकी कर भए सो करको रकम गत महिनाको मिलान गर्न बाँकी क्रेडिट महलमा उल्लेख गर्नुपर्दछ। यसै गरी कर अधिकृतले जारी गरेको क्रेडिट वा डेबिट एडभाइसलाई कर विवरणको अन्य थपघट महलमा उल्लेख गरी समायोजन गर्नुपर्दछ। उपरोक्त सबै विवरणहरु भरी सकेपश्चात् सो कर अवधिमा आफूले बुझाउनु पर्ने कर वा आफूले बढी दाखिला गरेको कर रकम विवरणको महल ५ मा उल्लेख गर्नुपर्दछ। बुझाउनु पर्ने कर भएमा धनात्मक चिन्ह र दाखिला गरेको कर बढी भए ऋणात्मक चिन्ह अंकित गर्नुपर्दछ। धनात्मक चिन्हले करदाताले तिर्नुपर्ने करलाई जनाउँछ भने ऋणात्मक चिन्हले करदाताले फिर्ता पाउने कर रकमलाई जनाउँछ।

## ८.२ कर अवधिः

कर अवधि भन्नाले कर निर्धारण गर्ने अवधि बुझिन्छ। कर विवरण र कर अवधि बीच अन्तरसम्बन्ध रहेको हुन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३ ले बिक्रम सम्बत् अनुसारको महिनालाई कर अवधिको रुपमा परिभाषित गरेको छ। प्रत्येक कर अवधिका बेग्लाबेग्लै कर विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्दछ। कर अधिकृतले मूल्य अभिवृद्धि कर प्रयोजनका लागि दर्ता गर्दाका बखत करदाताको कर अवधि किटान गर्नुपर्दछ। तर कहिलेकाँहि करदाताको कारोबार अंक र कारोबारको प्रकृतिको आधारमा अन्य समयमा पनि कर अवधिलाई परिवर्तन गर्न सकिन्छ। दर्ता भएका करदाताहरुको कर अवधि परिवर्तन गर्नु पूर्व सम्बन्धित करदातालाई अनिवार्य रुपमा जानकारी दिनुपर्दछ।

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ मा भएको व्यवस्था अनुसार दर्ता भएका करदाताले हरेक महिनाको एक कर अवधि हुने गरी कर विवरण बुझाउनु पर्दछ। तर ईंटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन तथा चलचित्र घरले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि चौमासिक कायम गर्न सक्नेछ। उक्त व्यवस्था बमोजिम श्रावण, भाद्र, आश्विन र कार्तिक महिनालाई पहिलो चौमासिक अवधि मानिएको छ। पहिलो चौमासिक अवधिको कर विवरण मार्ग महिनाको २५ गतेभित्र दाखिल गर्नुपर्दछ। यसै गरी मार्ग, पौष, माघ र फागुन महिनालाई दोश्रो चौमासिक अवधि मानिएको छ। दोश्रो चौमासिक अवधिको कर विवरण चैत्र महिनाको २५ गतेभित्र दाखिल गर्नुपर्दछ। यसै गरी चैत्र, बैशाख, जेठ र आषाढ महिनालाई तेश्रो चौमासिक अवधि मानिएको छ। तेस्रो चौमासिक अवधिको कर विवरण श्रावण महिनाको २५ गतेभित्र दाखिल गर्नुपर्दछ।

दर्ता भएका करदाताहरुको कारोबार रकम वा कारोबारको प्रकृतिमा भएको परिवर्तनको कारणले कुनै करदाताको कर अवधि मासिकबाट चौमासिकमा परिवर्तन गर्दा चौमासिक कर अवधि शुरु हुने पहिलो दिनदेखि लागु हुने गरी कर अवधि कायम गरी कम्प्युटर अभिलेखलाई अद्यावधिक बनाउनु पर्दछ। यसैगरी चौमासिक कर अवधिलाई मासिक कर अवधिमा परिवर्तन गर्नुपूर्व चौमासिक कर विवरण पेश भएको व्यहोरा कम्प्युटर प्रणालीमा सुनिश्चित हुनुपर्दछ।

## ८.३ कर विवरण पेश गर्नुपर्ने समय र स्थानः

प्रत्येक करदाताले आफ्ना लागि निर्धारित कर अवधि अनुसार प्रत्येक कर अवधिका लागि सो कर अवधि समाप्त भएको २५ दिनभित्र ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा कर विवरण पेश गर्नुपर्दछ। यसरी पेश गरिने विवरण आफैं कार्यालयमा उपस्थित भई वा हुलाकबाट रजिष्ट्रि गरी वा बिद्युतीय माध्यमबाट सोझै बिभागमा पेश गर्न सकिने ब्यबस्था समेत बिभागले गरेको छ। उक्त व्यवस्था अनुसार ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा बिद्युतीय माध्यमबाट कर विवरण पेश गर्ने मासिक वा चौमासिक कर अवधि हुनेले क्रमशः महिना वा चार महिना व्यतित भएको २५ दिनभित्र र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यक्तिको हकमा त्यस्तो कर अवधि समाप्त भएको १५ दिनभित्र कर विवरण पेश गरिसक्नु पर्दछ।

## ८.४ करको भुक्तानीः

दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको कर विवरण बमोजिम बुझाउनुपर्ने कर दायित्व सो कर अवधि समाप्त भएको पच्चीस (२५) दिनभित्र कर बुझाउनु पर्दछ। यस सम्बन्धमा ऐनको दफा १९ को उपदफा (१) ले कानूनी व्यवस्था गरेको छ। कर विवरण मार्फत सिर्जना गरिएको कर दायित्व कर अवधि समाप्त भएको २५ दिनभित्र दाखिला नगरेमा उक्त कर दायित्व बक्यौताको रुपमा परिणत हुन्छ। उक्त म्यादभित्र बुझाउनु पर्ने कर बाँकी रहेमा बार्षिक १० प्रतिशतले थप दस्तुर लाग्ने ब्यवस्था ऐनको दफा १९ को उपदफा (२) ले गरेको छ भने म्याद नाघेको मितिदेखि वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने ब्यवस्था ऐनको दफा २६ ले गरेको छ। व्याजको गणना मासिक रुपमा गर्नुपर्दछ। कर अवधि समाप्त भएको २५ दिनभित्र (अर्थात अर्को महिनाको २५ गतेभित्र) कर दाखिला नगरेमा सोको भोलिपल्ट अर्थात २६ गतेदेखि प्रति महिना १.२५ प्रतिशतले ब्याज लाग्दछ।

करको भुक्तानी नगद, चेक वा ड्राफ्ट वा बिद्युतीय माध्यममध्ये जुनसुकै माध्यमबाट पनि गर्न सकिन्छ। वैंकले भुक्तानी गर्ने प्रत्याभुति दिएको गुड फर पेमेण्ट चेक वा म्यानेजर्स चेकका हकमा त्यस्तो चेक कार्यालयमा बुझाएको मिति र बिद्युतीय भुक्तानीका हकमा भुक्तानी आदेश दिएको मितिलाई कर भुक्तानी भएको मिति मानिने ब्यवस्था दफा १९ को उपदफा (७) ले गरेको छ। तर कर भुक्तानी गर्ने उद्देश्यले साधारण चेक वा ड्राफ्ट बुझाएमा सो मितिलाई कर भुक्तानी भएको मिति मान्न सकिँदैन। किनकि उक्त चेक वा ड्राफ्टबाट नेपाल सरकारको राजस्व खातामा कर रकम सोहि समयमा स्थानान्तरण भएको हुँदैन। ऐनको दफा १९ को उपदफा (१) ले तोकेको अवधिभित्र कर भुक्तानी नगरेमा सो पश्चात् थप दस्तुर तथा व्याज रकम आकर्षित हुन्छ। यस सम्बन्धमा ऐनको दफा १९ ले निम्न ब्यवस्था गरेको छः

दफा १९ करको भुक्तानीः (१) करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिन भित्र बुझाउनु पर्नेछ।

(२) करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।

(३) ..................

(४) करदाताले आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा म्यादभित्र करको रकम बुझाउन नसकेको कारण देखाई उपदफा (२) बमोजिम लाग्ने थप दस्तुरहरु मिनाहा पाउन निवेदन गरेमा र कारण मनासिब देखेमा महानिर्देशकले त्यस्तो दस्तुर मिनाहा दिन सक्नेछ।

(५) उपदफा (२) बमोजिमको थप दस्तुरहरु र दफा २६ बमोजिमको ब्याज हिसाब गर्दा बुझाउनु पर्ने कर रकमको दायित्व जुन महिनाको कारोबारबाट सिर्जना भएको हो सोही कर अवधिको कर बुझाउनु पर्ने म्याद गुज्रेको मितिदेखि नै गणना गरिनेछ।

(६) दफा २० बमोजिम करदाताको कर निर्धारण गर्दा सो कर अवधिमा निजसँग असुल गर्नुपर्ने कर भन्दा निजले फिर्ता पाउन सक्ने कर बढी भएको पाईएमा निजको सो कर अवधिमा कर निर्धारण गर्दा थप दस्तुर र व्याज असुल गरिने छैन।

(७) उपदफा (१) मा उल्लिखित म्यादभित्र करको भुक्तानी विद्युतीय माध्यम वा बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) बाट समेत गर्न सकिनेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानी भएकोमा भुक्तानी आदेश भएको मितिमा र बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) मार्फत भुक्तानी भएकोमा कार्यालयले बुझेको मितिमा भुक्तानी भएको मानिनेछ।

(७क) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश लाख रुपैयाँभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युनीय माध्यमबाट भुक्तानी गर्नुपर्नेछ।

(७ख) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि १०ख१. बमोजिम दर्ता भएको व्यक्तिको कर भुक्तानी प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।

(८) व्याज, थप दस्तुर र जरिवाना माथि व्याज असुल गरिने छैन।

ऐनको दफा १९ को उपदफा (१) ले तोकेको अवधिभित्र कर भुक्तानी नगरेमा सो पश्चात् व्याज समेत आकर्षित हुन्छ। यस सम्बन्धमा ऐनको दफा २६ ले निम्न ब्यवस्था गरेको छः

दफा २६ ब्याजः (१) यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ। त्यस्तो ब्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ।

यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ८.१**

मानौं मासिक रुपमा कर विवरण पेश गर्ने गरी नित्य कन्सर्न प्रा.लि. मूल्य अभिवृद्धि करमा दर्ता भएको रहेछ। २०७६ बैशाख महिनाको कर विवरण २०७६ जेष्ठ २५ गते पेश गरेको रहेछ। उक्त कर विवरण बमोजिम दाखिला गर्नुपर्ने कर वापतको रकम रु.१००,००० को गुड फर पेमेण्ट चेक पनि सोही मितिमा कार्यालयमा बुझाएको रहेछ। यस अवस्थामा ऐनको दफा १९ को उपदफा (७) बमोजिम २०७६।०२।२५ लाई कर भुक्तानी भएको मिति मानिन्छ।

करदाताले तोकिएको मिति (अर्थात् २५ गतेभन्दा पहिले) मा कर विवरण र कर रकम साधारण चेक वा ड्राफ्टबाट कर भुक्तानी गरेको छ तर उक्त चेक वा ड्राफ्ट ढिलो कलेक्सन भई २५ गते पश्चात् राजस्व खातामा जम्मा हुन गएमा सोको कारणले सिर्जना हुने थप दस्तुर तथा ब्याजको भार करदाताले नै बहन गर्नुपर्नेछ। यस विषयलाई निम्न उदाहरणले थप प्रष्ट पार्नेछः

**उदाहरण ८.२**

माथिको उदाहरणमा उल्लेख भए बमोजिमको कर विवरण र कर रकम रु.१००,००० एकाउण्टपेयी चेकमार्फत तोकिएको मितिमा सम्बन्धित कार्यालयमा बुझाएको रहेछ। चेक प्राप्त भए पश्चात् कार्यालयले भौचर तयार गरी सोको साथमा चेक कलेक्सनको लागि बैंकमा पठाएको रहेछ। उक्त चेक कलेक्सन २०७६ जेष्ठ ३० गते भएको रहेछ। यस्तो अवस्थामा Revenue Management Information System मा २०७६ जेष्ठ ३० गते उल्लेख गरी राजस्व संकलन भएको देखिने सोही विवरण विभागको Revenue Accounting System मा प्राप्त हुने र सो विवरण सम्बन्धित करदाताको Audit Trail Report मा देखिन्छ। यसरी २०७६ जेष्ठ ३० मा प्राप्त भएको भुक्तानी विवरणको आधारमा सिर्जना हुने थप दस्तुर तथा ब्याजको भार करदाताले बहन गर्नुपर्दछ। करदाताले गुड फर पेमेण्ट चेक नभई साधारण एकाउण्टपेयी चेक मार्फत दाखिला गरेको हुँदा यस्तो चेक पेश गरेको मितिलाई दाखिला भएको मिति मानिदैन। जुन दिन राजस्व रकम राजस्व शीर्षकमा जम्मा हुन्छ सोही दिनलाई प्राप्त मिति मानिन्छ।

### ८.५ काबु बाहिरको परिस्थितिमा थप दस्तुर मिनाहाः

कहिलेकाँहि काबु बाहिरको परिस्थिति सिर्जना भई कुनै करदाता तोकिएको समयमा कर बुझाउन असमर्थ हुन्छन्। काबु बाहिरको परिस्थिति के कस्तो परिवेशमा कसरी सिर्जना भएको हो भन्ने विषयमा करदाताले सोको पुष्टयाई हुने पर्याप्त आधार पेश गर्नुपर्दछ। करदाताले काबु बाहिरको परिस्थिति दर्शाई निवेदन पेश गरेमा र व्यहोरा वस्तुगत र यथार्थ भएको पुष्टि भएमा महानिर्देशकले थपदस्तुर मिनाहा दिन सक्ने व्यवस्था छ। काबु बाहिरको परिस्थिति भन्नाले कस्तो परिस्थिति हो, सो भएको कति दिनभित्र निवेदन गरिसक्नु पर्ने हो र त्यसको सिफारिश कसले गर्ने भन्ने सम्बन्धमा नियमावलीको नियम ३५ ले स्पष्ट गरेको छ। नियमावलीको नियम ३५ ले गरेको व्यवस्था यस्तो छः

***नियम ३५ काबू बाहिरको परिस्थितीः (१) ऐनको दफा १९ को उपदफा (४) को प्रयोजनको लागि देहायको अवस्थालाई काबू बाहिरको परिस्थिति मानिनेछः-***

*(क) कर बुझाउनु पर्ने व्यक्ति बिरामी परी अशक्त भएमा निको भएको मितिले सात दिनसम्म,*

*(ख) कर बुझाउनु पर्ने व्यक्तिले क्रिया बस्नु परेमा क्रिया समाप्त भएको मितिले सात दिनसम्म,*

*(ग) कर बुझाउनु पर्ने स्वास्नी मानिस सुत्केरी भएमा सुत्केरी भएको मितिले पैंतीस दिनसम्म,*

*(घ) कर बुझाउनु पर्ने व्यक्तिको मृत्यु भएमा वा बहुलाएमा वा बेपत्ता भएमा त्यस्तो भएको मितिले पैंतीस दिन भित्र निजको हकवाला वा संरक्षकले निवेदन गरेमा त्यस्तो निवेदन प्राप्त भएको मितिले सात दिनसम्म,*

*(ङ) बाढी, पहिरो, हिउँ वा अन्य त्यस्तै कारणबाट बाटो बन्द भै आन्तरिक राजस्व कार्यालयमा आउन नसकेको अवस्थामा बाटो खुलेको मितिले सात दिनसम्म,*

*च) यातायातको साधन पूर्ण रुपमा बन्द भई आउन नसक्ने अवस्था भएमा त्यस्तो बन्द समाप्त भएको भोलिपल्टसम्म।*

*(छ) आगलागी, भुकम्प जस्ता दैवी विपत्तिका कारण काबू बाहिरको परिस्थिति सृजना भएमा सो विपत्ति परेको मितिले तीस दिनसम्म।*

*(२) उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ) र (छ) मा उल्लेख भए बमोजिम काबू बाहिरको परिस्थिति परी थप म्याद माग्नु परेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिश समेत पेश गर्नुपर्नेछ।*

*(३) उपनियम (१) को खण्ड (च) मा उल्लेख भए बमोजिमको अवस्था परी थप म्याद माग्न आउँदा जुन ठाउँमा यातायातको साधन बन्द भएको हो सो ठाउँसँग सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिश समेत पेश गर्नुपर्नेछ।*

काबु बाहिरको परिस्थितिमा थप दस्तुर मिनाहाको लागि सम्बन्धित करदाताले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची १३ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ। यस्तो निवेदन करदाताले कर तिर्नु पर्ने म्याद भुक्तान भएको मितिले तीस दिनभित्र महानिर्देशक समक्ष दिनु पर्ने व्यवस्था नियम ३६ ले गरेको छ। उक्त म्यादभित्र काबु बाहिरको परिस्थिति सिर्जना भएको व्यहोरा पुष्टि गर्ने प्रमाण कागजात संलग्न राखी अनुसूची १३ बमोजिमको ढाँचामा निवेदन नदिएमा थप दस्तुर मिनाहा नहुने व्यवस्था समेत गरेको छ।

# परिच्छेद ९

# कर निर्धारण

मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारण प्रणालीमा आधारित रहेको छ। प्रत्येक कर अवधिको कर निर्धारण गर्ने पहिलो कर्तव्य सम्बन्धित करदाताको हो। मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको लागि आफैले आफ्नो करको गणना एवं निर्धारण गरी कर विवरण पेश गर्नुपर्दछ। कुनै व्यक्तिले भूलबस वा जानाजान आफ्नो वास्तविक कर दायित्व घट्ने गरी कर विवरण पेश गरेमा सम्बन्धित कर अधिकृतले सो व्यक्तिको कर दायित्वमा संशोधन गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। कुनै करदाताले आफूलाई तोकिएको कर अवधि समाप्त भएको मितिले २५ दिनभित्र कर विवरण पेश गरी आफ्नो कर दायित्वका बारेमा सम्बन्धित कर अधिकृतलाई जानकारी नगराएमा कर अधिकृतले त्यस्तो व्यक्तिको कर दायित्व निर्धारण गर्न सक्ने व्यवस्था पनि ऐनमा रहेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने कर्तब्य भएका व्यक्तिले दर्ता नभई कर लाग्ने कारोबार गरेको अवस्थामा कर अधिकृतले छानविन गरी सोको पुष्टि भएमा दर्ता नभएका त्यस्ता व्यक्तिको पनि कर निर्धारण गरी कर असुल गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। यस परिच्छेदमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने विभिन्न अवस्था, कर निर्धारणका आधार, कर निर्धारण गर्ने कार्यविधि आदि पक्षको ब्याख्या गरिएको छ।

## ९.१ स्वयं कर निर्धारण (Self Assessment)

दर्ता भएका करदाताले प्रत्येक कर अवधिको कर निर्धारण गरी कर विवरण पेश गर्नुपर्दछ। ऐनको दफा १८ बमोजिम प्रत्येक करदाताले आफ्नो कर अवधि समाप्त भएको मितिले २५ दिनभित्र कर विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ। करदाताले प्रत्येक कर अवधिको कारोबार तथा करको गणना गरी पेश गर्ने यस्तो कर विवरणलाई करदाताबाट गरिएको स्वयं कर निर्धारण भनिन्छ। दर्तावाला व्यक्तिले कर विवरणमार्फत प्रत्येक कर अवधिमा आफूले गरेको करयोग्य आपूर्तिमा ऐनको दफा ७ को उपदफा (१) बमोजिम कर लाग्ने मूल्यमा १३ प्रतिशतका दरले कर संकलन गरी सो रकमबाट ऐनको दफा १७ बमोजिम व्यवसायसँग सम्बन्धित करयोग्य वस्तु वा सेवा खरिद गर्दा वा प्राप्त गर्दा तिरेको कर कट्टी गरी बाँकी हुने रकम दाखिला गर्नुपर्दछ।

## ९.२ कर अधिकृतले गर्ने कर निर्धारण (Management Assessment)

मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले प्रत्येक कर अवधिको कर विवरण मार्फत आफ्नो कर दायित्व आफैं निर्धारण गर्दछन्। करदाताले आफ्नो सहि तथ्य र वास्तविक कारोबारमा आधारित भई यथार्थ कर दायित्व निर्धारण गर्नुपर्दछ। तर कुनै करदाताले आफ्नो कर दायित्व कम देखाउने गरी दुराशयपूर्ण कर विवरण पेश गर्ने गर्दछन् भने कतिपय करदाताले कर विवरण नै पेश गर्दैनन्। करदाताले झुठा, अधुरो वा त्रुटिपूर्ण कर विवरण पेश गरेमा वा तोकिएको समयभित्र कर विवरण पेश नगरेमा वा करको रकम कम देखाएमा वा ठीक नदेखाएमा वा दर्ता नभई कारोबार गरेका जस्ता आधार र कारण विद्यमान भएमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० ले देहायका अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्ने कानूनी व्यवस्था गरेको छ।

दफा २०(१) देहायका कुनै अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्नेछः

(क) म्यादभित्र कर विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेमा,

(ग) झुट्टा कर विवरण पेश गरेमा,

(घ) करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,

(ङ.) आपूर्ति मूल्यमा न्युन बीजकीकरण गरेको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा,

(च) न्युन बीजकीकरण गरी समूह कम्पनीमा आपूर्ति भएमा,

(छ) दर्ता हुनु पर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेमा,

(ज) बीजक जारी नगरी बिक्री गरेमा,

(झ) दर्ता नभएको व्यक्तिले कर उठाएमा,

(ञ) दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा,

(ट) दफा १७ को उपदफा (४) को अवस्था विद्यमान भएमा।

कर निर्धारण गर्दा कर अधिकृतले पेश गर्ने कर परीक्षण प्रतिवेदन, कार्यालय प्रमुखले तयार गर्ने निर्णय पर्चा, कर निर्धारण आदेशमा स्पष्ट रुपले ऐनको दफा २० को उपदफा र खण्ड समेत किटान गरी कर दायित्व सिर्जना गर्नुपर्दछ। यसको साथै कर निर्धारण गर्ने आधार र कारणको लिखित जानकारी करदातालाई दिनुपर्दछ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९ ले कर निर्धारण गर्ने कार्यविधि र प्रक्रिया देहाय बमोजिम निर्धारण गरेको छः

*नियम २९ कर अधिकृतले कर निर्धारण गर्न सक्नेः (१) ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित अवस्था परी सोही दफाको उपदफा (२) बमोजिमका आधारहरुका अतिरिक्त बजार मूल्य वा कर निर्धारण गरिनु पर्ने कारोबारसँग सम्बन्धित अन्य कुनै सूचना वा जानकारीका आधारमा समेत कर अधिकृतले कर निर्धारण गरी अनुसूची १२ को ढाँचामा कर निर्धारण आदेश जारी गर्न सक्नेछ।*

*(२) उपनियम (१) बमोजिम कर अधिकृतले जारी गरेको कर निर्धारण आदेश उपर आफ्नो सफाईमा प्रमाण पेश गर्न सम्बन्धित करदातालाई पन्ध्र दिनको म्याद दिनु पर्नेछ।*

*(३) उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित करदाताबाट सफाईमा पेश हुन आएको प्रमाणहरु उपयुक्त देखेमा सोही आधारमा कर अधिकृतले उपनियम (१) बमोजिम कर निर्धारण गरी कर निर्धारण आदेश जारी गर्नुपर्नेछ। यसरी कर निर्धारण आदेश जारी गर्दा सो आदेशमा आदेश जारी भएको मितिसम्म ऐनको दफा १९ को उपदफा (२) बमोजिम लाग्ने थप दस्तुर र दफा २६ वमोजिम लाग्ने व्याजको रकम समेत समावेश गर्नुपर्नेछ।*

*स्पष्टीकरणः व्याजको गणना गर्दा प्रति महिना बाह्र खण्डको एक खण्डको आधारमा गरिने छ।*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० ले उल्लेख गरेका कर निर्धारण गर्ने कारणहरुको सविस्तार ब्याख्या देहाय बमोजिम गरिएको छः

### ९.२.१ विवरण नबुझाउने व्यक्तिको लागि कर निर्धारणः

दर्ता भएको करदाताले कर विवरण पेश गर्नुपर्ने समयमा कर विवरण पेश नगरेको अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। करदाताले आफ्नो कारोबार र कर दायित्वको सूचना कर प्रशासनलाई उपलब्ध नगराए तापनि कर अधिकृतले कर प्रशासन र यसको संयन्त्रमा उपलब्ध रहेका तथ्यांक, सूचना आदिको आधारमा कर निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। करदाताले कर विवरण मार्फत विभिन्न कर अवधिमा घोषणा गरेको कारोबार वा निजले अनुमान गरेको कारोबारको आधारमा कम्प्युटर प्रणालीबाटै स्वचालित तरिकाले कर दायित्व गणना गरिने व्यवस्था रहेको छ, जसलाई कम्प्युटर एसेस्मेण्ट (Computer Assessment) भनिन्छ। कम्प्युटर प्रणालीबाट करको गणना गरी कर निर्धारण आदेश करदातालाई बुझाइन्छ। यस्तो कर निर्धारण आदेश करदाताले सो कर अवधिको कर विवरण कार्यालयमा पेश नगरेसम्म प्रभावकारी हुन्छ। करदाताले सो अवधिको कर विवरण पेश गरेमा साविकको कम्प्युटर प्रणालीबाट सिर्जित कर निर्धारण आदेश स्वतः शुन्य प्रभावी हुन्छ।

### ९.२.२ अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गर्ने व्यक्तिको कर निर्धारणः

कुनै करदाताले भुलवस अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरी घटी कर असूल गरेको वा बढी क्रेडिट दावी गरेको अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। करदाताले मानवीय भुल वा गणितीय त्रुटिको कारणले बिक्री खातामा अभिलेख गरेको भन्दा घटी बिक्री देखाएमा वा नपाउने कर कट्टी दावी गरेमा वा आंशिक रुपमा कर कट्टी गर्न पाउनेमा पुरै कर कट्टी गरेमा वा करयोग्य कारोबारसँग असम्बन्धित कर कट्टी गरेमा वा समानुपातिक कर कट्टी गर्नुपर्ने अवस्था रहेको करदाताले समानुपातिक रुपमा कर कट्टी नगरेमा वा कर कट्टी लिएको वस्तु वा सेवा करयोग्य कारोबारमा प्रयोग हुन छोडेको अवस्थामा उक्त वस्तु वा सेवा बजार मूल्यमा बिक्री भएको मानी सो रकममा कर गणना गरी दाखिला नगरेमा वा धरौटीमा तिरेको कर कट्टी गरेमा वा एक वर्षभन्दा पुरानो बीजकबाट कर कट्टी दावी गरेमा वा यस्तै अन्य कुनै कार्य गरेमा सो व्यक्तिले अधुरो वा त्रुटिपूर्ण कर विवरण पेश गरेको मानिन्छ। यस अवस्थामा कर अधिकृतले त्यस्तो व्यक्तिले अधुरो वा त्रुटीपूर्ण कर विवरण पेश गरेको कारणले घटी निर्धारण भएको कर बराबरको रकम कर निर्धारण गर्नुपर्दछ।

यसरी कर निर्धारण गर्दा घटी बिक्री देखाएको हकमा त्यसरी घटी बिक्री देखाएको रकममा १३ प्रतिशतका दरले हुने रकम कर निर्धारण गर्नुपर्दछ। त्यस्तै नपाउने कर कट्टी दावी गरेमा वा आंशिक रुपमा कर कट्टी गर्न पाउनेमा पुरै कर कट्टी गरेमा वा करयोग्य कारोबारसँग असम्बन्धित कर कट्टी गरेमा त्यसरी नपाउने कर कट्टी गरेको वा बढी कर कट्टी गरेको रकम बराबर कर निर्धारण गर्नुपर्दछ। कुनै करदाताको कर लाग्ने र कर नलाग्ने मिश्रित कारोबार रहेको छ र करकट्टी दावी गरेको वस्तु वा सेवा ती दुबै कारोबारमा प्रयोग भएका छन् भने यस अवस्थामा सो व्यक्तिले ती वस्तु वा सेवा खरिद गर्दा तिरेको करमध्ये ती वस्तु वा सेवा करयोग्य कारोबारमा प्रयोग भएको अनुपातमा कर कट्टी गर्नुपर्दछ जसलाई समानुपातिक कर कट्टी भनिन्छ। यसरी समानुपातिक कर कट्टी गर्नुपर्ने अवस्था रहेको करदाताले समानुपातिक रुपमा कर कट्टी नगरेमा त्यसरी समानुपातिक रुपमा कर कट्टी गर्दा कर कट्टी नपाउने हदसम्मको रकम कर निर्धारण गर्नुपर्दछ। कर कट्टी लिएको वस्तु वा सेवा करयोग्य कारोबारमा प्रयोग हुन छोडेको अवस्थामा सो वस्तु वा सेवा बजार मूल्यमा बिक्री भएको मानी सो बिक्रीमा कर गणना गरी दाखिला नगरेमा सो बिक्री रकमको १३ प्रतिशतले हुने रकम

कर निर्धारण गर्नुपर्दछ। यसैगरी धरौटीमा तिरेको कर कट्टी गरेमा वा एक वर्षभन्दा पुरानो बीजकबाट कर कट्टी दावी गरेमा त्यसरी कर कट्टी गरेको रकम बराबर कर निर्धारण गर्नुपर्दछ।

**९.२.३ झुट्टा कर विवरण पेश गर्ने व्यक्तिको कर निर्धारणः**

कुनै करदाताले जानीजानी झुट्टा कर विवरण पेश गरी घटी कर निर्धारण हुन गएको अवस्थामा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। करदाताले मानवीय भुल वा गणितीय त्रुटिबाट नभई जानीजानी कर कम तिर्ने वा छल्ने नियतले बिक्री कारोबार नदेखाएमा वा कम देखाएमा वा कर कट्टी गर्ने प्रमाण वा आधार बेगर कर कट्टी दावी गरेमा वा झुट्टा बिल बीजक वा कागजातबाट कर कट्टी गरेमा वा नियतवश एउटै बीजकबाट एकभन्दा बढी पटक कर कट्टी गरेमा वा वस्तु वा सेवा आपूर्ति नगरी बीजक मात्र जारी गरेमा वा कर दायित्व कम गर्ने उद्देश्य राखी कुनै योजना वा प्रबन्ध गरेमा त्यस्तो व्यक्तिले झुट्टा कर विवरण पेश गरेको मानिन्छ। यस अवस्थामा कर अधिकृतले त्यस्तो व्यक्तिले झुट्टा कर विवरण पेश गरेको कारणले घटी निर्धारण भएको कर बराबरको रकम कर निर्धारण गर्नुपर्दछ।

यसरी कर निर्धारण गर्दा बिक्री नदेखाएको वा घटी बिक्री देखाएको हकमा त्यसरी बिक्री नदेखाएको वा घटी बिक्री देखाएको रकममा १३ प्रतिशतका दरले हुने रकम कर निर्धारण गर्नुपर्दछ। त्यस्तै कर कट्टी गर्ने प्रमाण वा आधार बेगर कर कट्टी दावी गरेमा वा झुट्टा बिल बीजक वा कागजातबाट कर कट्टी गरेमा वा नियतवश एउटै बीजकबाट एकभन्दा बढी पटक कर कट्टी गरेमा त्यसरी नपाउने कर कट्टी गरेको रकम बराबर कर निर्धारण गर्नुपर्दछ।

**९.२.४ करको रकम कम देखाएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएको अवस्थामा कर निर्धारणः**

कुनै करदाताले कुनै कार्य गरी वा नगरी आफ्नो कर दायित्व कम गरेको पुष्टि हुने कुनै अवस्था वा प्रमाण विद्यमान रहेको अवस्थामा प्राप्त प्रमाणको आधारमा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। यसरी कर निर्धारण गर्दा त्यस्तो करदाताले कम गरेको कर दायित्वको हदसम्मको रकम कर निर्धारण गर्नुपर्दछ।

**९.२.५ आपूर्ति मूल्यमा न्युन बीजकीकरण गरेको अवस्थामा कर निर्धारणः**

कुनै करदाताले प्रामाणिक आधारबेगर कसैलाई प्रचलित बजार मूल्यभन्दा घटी हुने गरी कुनै वस्तु वा सेवा बिक्री गरी न्युन बीजकीकरण गरेमा त्यस्तो व्यक्तिको न्युन बीजकीकरण गरी बिक्री भएको हदसम्ममा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। यस्तो अवस्थामा कर निर्धारण गर्दा त्यसरी न्युन बीजकीकरण भएको रकम हिसाब गरी सो रकमको १३ प्रतिशतले हुने रकम कर निर्धारण गर्नुपर्दछ। यसैगरी कुनै करदाताले जारी गरेको बीजकमा उल्लिखित मूल्यभन्दा बढी मूल्य प्राप्त गरेको अवस्थामा पनि सो करदाताले न्युन बीजकीकरण गरेको मानिन्छ। यस अवस्थामा त्यस्तो बिक्री वापत प्राप्त भएको रकमलाई सो वस्तुको बिक्री मूल्य कायम गरी सो रकमको १३ प्रतिशतले हुने रकम कर निर्धारण गर्नुपर्दछ।

**९.२.६ न्युन बीजकीकरण गरी समूह कम्पनीमा आपूर्ति गरेको अवस्थामा कर निर्धारणः**

कुनै करदाताले प्रामाणिक आधार बेगर प्रचलित बजार मूल्यभन्दा घटी हुने गरी कुनै वस्तु वा सेवा आफ्नो समूहभित्रको कुनै कम्पनीलाई बिक्री गरी न्युन बीजकीकरण गरेमा त्यस्तो व्यक्तिको न्युन बीजकीकरण गरी

बिक्री भएको हदसम्ममा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। यस्तो अवस्थामा कर निर्धारण गर्दा त्यसरी न्युन बीजकीकरण भएको रकम हिसाब गरी सो रकमको १३ प्रतिशतले हुने रकम कर निर्धारण गर्नुपर्दछ।

**९.२.७ दर्ता हुनु पर्ने दायित्व भएको व्यक्तिले दर्ता नगरी कारोबार गरेको अवस्थामा कर निर्धारणः**

ऐनले दर्ता हुनु पर्ने भनी तोकेको व्यक्ति र तोकिएको थ्रेसहोल्डभन्दा बढीको कर लाग्ने कारोबार गर्ने व्यक्तिले अनिवार्यरुपमा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भई कारोबार गर्नुपर्ने ऐनले व्यवस्था गरेको छ। यसरी दर्ता हुनु पर्ने दायित्व भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेको पाइएमा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। यस्तो अवस्थामा कर निर्धारण गर्दा सो व्यक्तिको कुल बिक्रीलाई मूल्य अभिवृद्धि करसहितको बिक्री मान्नुपर्दछ। सो बिक्रीलाई ११३ ले भाग गरी आउने भिन्नलाई १०० ले गुणन गर्दा हुन आउने रकमलाई कर बाहेकको बिक्री मानी सोको १३ प्रतिशतका दरले हुने रकम कर निर्धारण गर्नुपर्दछ। यसका अतिरिक्त त्यस्ता व्यक्तिलाई मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता गर्न आदेश समेत दिनुपर्दछ।

उपर्युक्तानुसार कर निर्धारण भएको व्यक्ति कर निर्धारण भएको कर अवधिमा दर्ता नहुने र निजको कारोबार तथा कर निर्धारणको सूचना कम्प्युटर प्रणालीमा प्रविष्टि गर्न नसकिने हुँदा यस्ता व्यक्तिको कर निर्धारण आदेश जारी गर्दा जुन जुन कर अवधिको कर निर्धारण हुने हो तत् तत् कर अवधिका लागि कर निर्धारण गरी कम्प्युटरमा प्रविष्टि गर्ने प्रयोजनका लागि सो व्यक्ति दर्ता भएको कर अवधिमा कर दायित्व सिर्जना भएको मानी कर निर्धारण आदेश प्रविष्टि गर्नुपर्दछ।

**९.२.८ बीजक जारी नगरी बिक्री गरेको अवस्थामा कर निर्धारणः**

कर बीजक जारी गर्नु नपर्ने गरी ऐनले सुविधा दिएका व्यक्ति वा निकायबाहेक करयोग्य कारोबार गर्ने अन्य कुनै पनि दर्ता भएको व्यक्तिले ऐनको दफा १४ ले गरेको व्यवस्था बमोजिम कर बीजक जारी नगरी बिक्री गरेमा वा गैर कर बीजक जारी गरी बिक्री गरेमा वा कुनै बीजक जारी नगरी बिक्री गरेमा त्यसरी बिक्री गरेको करयोग्य कारोबारमा कर अधिकृतले कर निर्धारण गर्न सक्दछ। यसरी कर निर्धारण गर्दा बीजक जारी नगरी गरेको कुल बिक्रीलाई नै कर आधार वा कर बाहेकको बिक्री मानी सो रकमको १३ प्रतिशतले हुने रकम कर निर्धारण गर्नुपर्दछ।

**९.२.९ दर्ता नभएको व्यक्तिले कर उठाएको अवस्थामा कर निर्धारणः**

ऐनको दफा १५ ले दर्ता नभएको व्यक्तिले कर उठाउनमा बन्देज लगाएको छ। मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले करयोग्य वस्तु तथा सेवाको कारोबार गरे तापनि कर बीजक जारी गरी कर संकलन गर्न सक्दैन। दर्ता नभएको व्यक्तिले जानाजानी वा भूलवश वस्तु तथा सेवाको आपूर्ति गर्दा क्रेताबाट कर संकलन गरेको अवस्थामा कानूनको उल्लंघन गरेको मानिन्छ। कथंकदाचित कुनै व्यक्तिले दर्ता नभई कर उठाएमा सो व्यक्तिको कर निर्धारण हुने व्यवस्था ऐनको दफा २० को उपदफा (१) को खण्ड (झ) ले गरेको छ। उपर्युक्त व्यवस्था अनुसार कुनै करयोग्य कारोबार गर्ने तर दर्ता नभएको व्यक्तिले कर उठाएको अवस्थामा निजले उठाएको कर बराबरको रकम कर निर्धारण गरी असूल उपर गर्नुपर्दछ।

*नियम ३२ दर्ता नभएको व्यक्तिले उठाएको करको निर्धारण र असुलीः (१) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५ को उपदफा (२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई करको निर्धारण गरिनेछ।*

*(२) उपनियम (१) बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले पन्ध्र दिनभित्र बुझाउनु पर्नेछ।*

तर नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा बिक्री मूल्यमा कर असुल उपर गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा १५ को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा १५ दर्ता नभएको व्यक्तिले कर उठाउन नहुनेः (३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्नेछ।**

ऐनको दफा १५ को उपदफा (३) मा उल्लेख भएका निकाय बाहेक अन्य दर्ता नभएका व्यक्तिले कर असुल गरेमा कर अधिकृतले कर निर्धारण गरी त्यस्ता व्यक्तिबाट कर असुल गर्न सक्दछ। दफा १५ को उपदफा (३) बमोजिम तोकिएका निकायहरुले दर्ता नभए तापनि करयोग्य कारोबार गर्दा कर संकलन गर्न सक्ने र उक्त कर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।

### ९.३ मौज्दात सम्पुष्टि गर्न नसक्नेको कर निर्धारणः

कुनै व्यक्तिले करयोग्य कारोबारमा प्रयोग गर्ने प्रयोजनको लागि खरिद गरेका वस्तुहरुमा कर कट्टी गरेको अवस्थामा कर कट्टी गरिएका वस्तुहरुमध्ये मौज्दातमा रहेका वस्तुहरु कर अधिकृतले हेर्न वा गणना गर्न चाहेमा देखाउनु वा गणना गर्न दिनुपर्दछ। कुनै व्यक्तिले उपर्युक्तानुसार गर्न नसकेमा वा मौज्दात हेर्दा वा गणना गर्दा मौज्दातको कुनै अंश करयोग्य कारोबारमा प्रयोग भएको नपाइएमा वा मौज्दात रहनु पर्नेमा मौज्दात रहेको नपाइएमा ती वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानी कर निर्धारण गर्ने व्यवस्था नियमावलीले गरेको छ। यस सम्बन्धमा नियमावलीको नियम ४० मा देहायको व्यवस्था रहेको छः

*नियम ४० कर कट्टी सम्बन्धी अन्य व्यवस्थाः (१) कर कट्टी गरिएको वस्तुहरु स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरु कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनुपर्नेछ। कर अधिकृतले त्यस्ता वस्तुहरु हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनुपर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ।*

*(२) उपनियम (१) बमोजिम बिक्री भएका वस्तुहरुमा लाग्ने कर दाखिला गर्न सम्बन्धित करदातालाई कर अधिकृतले आदेश दिन सक्नेछ। त्यस्तो कर रकम कर अधिकृतले तोकेको महिनाको कर विवरणसँग दाखिला गर्नुपर्नेछ।*

*तर कर अधिकृतको विचारमा त्यस्तो कर तत्काल असुल नगरे असुल हुन नसक्ने अवस्था छ भने तुरुन्त करदाताबाट दाखिला गर्न लगाउन सक्नेछ।*

यस विषयलाई निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ९.१**

मानौं एबिसी कम्पनीले टेलिभिजन सेटको बिक्री वितरण गर्दछ। कम्पनीले आ.व. २०७४।७५ को आय विवरण तथा सो विवरणसाथ पेश गरेका वित्तीय विवरण बमोजिम २०७५ आषाढ मसान्तमा देहाय बमोजिमको रु.५,२५,००० मूल्य बराबरको अन्तिम मौज्दात रहेको देखिन्छ।

| **क्र.सं.** | **बस्तुको विवरण** | **अन्तिम मौज्दात (संख्या)** | **प्रति सेट खरिद मूल्य (रु)** | **कुल खरिद मूल्य (रु)** |
|---|---|---|---|---|
| १ | १४ इन्चको कलर टेलिभिजन | १५ | १०,००० | १५०,००० |
| २ | २० इन्चको कलर टेलिभिजन | २५ | १५,००० | ३७५,००० |

मानौं २०७५ साल श्रावण महिनामा देहाय बमोजिमका टेलिभिजन सेट खरिद गरेको पुष्टि भएको छः

| क्र.सं | बस्तुको विवरण | खरिद (संख्या) | प्रति सेट खरिद मूल्य (रु) | कुल खरिद मूल्य (रु) |
|---|---|---|---|---|
| १ | १४ इन्चको कलर टेलिभिजन | ५० | १०,००० | ५००,००० |
| २ | २० इन्चको कलर टेलिभिजन | ५० | १५,००० | ७५०,००० |

मानौं २०७५ साल श्रावण महिनामा देहाय बमोजिमका टेलिभिजन सेट बिक्री गरेको पुष्टि भएको छः

| क्र.सं. | बस्तुको विवरण | बिक्री (संख्या) | प्रति सेट बिक्री मूल्य (रु) | कुल बिक्री मूल्य (रु) |
|---|---|---|---|---|
| १ | १४ इन्चको कलर टेलिभिजन | ४० | १२,००० | ४८०,००० |
| २ | २० इन्चको कलर टेलिभिजन | ४० | २०,००० | ८००,००० |

कर अधिकृतले २०७५ साल भाद्र १ गते उक्त कम्पनीको कारोबारस्थल निरीक्षण गरी मौज्दात गणना गर्दा देहाय बमोजिमको मौज्दात रहेको व्यहोरा करदाताले तयार गरी दिएको मुचुल्काबाट देखियोः

| | | | | |
|---|---|---|---|---|
| १ | १४ इन्चको कलर टेलिभिजन | २० | १०,००० | २००,००० |
| २ | २० इन्चको कलर टेलिभिजन | ३० | १५,००० | ४५०,००० |

उपर्युक्त अवस्थामा कर निर्धारण के कति र किन हुने हो भन्ने विषयमा देहाय बमोजिमको अध्ययन विश्लेषणले प्रकाश पार्नेछः

न्यून मौज्दात संख्या र सोको विवरण देहाय बमोजिम देखियोः

| क्र.सं. | बस्तुको विवरण | २०७५ आषाढ मसान्तको मौज्दात (संख्या) | २०७५ श्रावणको खरिद (संख्या) | २०७५ श्रावणको बिक्री (संख्या) | २०७५ श्रावण मसान्तमा हुनु पर्ने मौज्दात (संख्या) | २०७५ भाद्र १ गते सम्पुष्टि भएको मौज्दात (संख्या) | न्युन मौज्दात (संख्या) |
|---|---|---|---|---|---|---|---|
| १ | १४ इन्चको कलर टेलिभिजन | १५ | ५० | ४० | २५ | २० | ५ |
| २ | २० इन्चको कलर टेलिभिजन | २५ | ५० | ४० | ३५ | ३० | ५ |

कर निर्धारण गर्ने अधिकार, कर निर्धारण गर्ने आधार र कारण देहाय बमोजिम रहेको छः

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० को उपनियम (१) बमोजिम कर कट्टी गरिएको वस्तुहरु स्टकमा रहेको छ भने त्यस्तो वस्तुहरु कर अधिकृतले हेर्न चाहे वा गणना गर्न चाहेमा करदाताले देखाउनु वा गणना गर्न दिनु पर्नेछ। कर अधिकृतले त्यस्ता वस्तुहरु हेर्दा वा गणना गर्दा त्यस्तो वस्तुहरु कर लाग्ने कारोबारमा प्रयोग भएको नपाएमा वा स्टकमा रहनु पर्नेमा स्टकमा रहेको नपाएमा त्यस्ता वस्तुहरु प्रचलित बजार मूल्यमा बिक्री भएको मानिनेछ। साथै सोहि ऐनको दफा १७ को उपदफा (४) बमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए बमोजिमको उपयोगिताको अवधि समाप्त हुनु भन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिए बमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिने व्यवस्था छ।

कर अधिकृतले मिति २०७५ भाद्र १ गते कम्पनीको मौज्दात गणना गर्दा १५ इन्चको टेलिभिजन ५ थान र २० इन्चको टेलिभिजन ५ थान न्युन रहेको पाइएको छ। कारोबारस्थलमा करदाताले प्रमाणित गरी दिएको तायदाती मुचुल्का र कम्पनीको २०७५ आषाढ मसान्तको अन्तिम मौज्दात, २०७५ श्रावण महिनाको खरिद र बिक्री परिमाणलाई छानविन गर्दा करदाताले करयोग्य कारोबारको लागि खरिद गरेका वस्तु बीजक जारी नगरी बिक्री गरेको पुष्टि भएको हुँदा उक्त कम्पनीले ऐनको दफा १७ को उपदफा (४) र नियमावलीको नियम ४० को उपनियम (१) ले गरेको व्यवस्था उल्लंघन गरेको पुष्टी हुन्छ। उक्त कम्पनीले टेलिभिजन बिक्री गर्दा उपभोक्तालाई जारी गर्ने गरेको कर बीजक र सो बीजकमा उल्लेख भएको बजार मूल्य बमोजिम २०७५ श्रावण महिनाको कर अवधिमा रु.१६०,००० मूल्य बराबरको कारोबार लुकाएको प्रमाणित हुन्छ। त्यसकारण सो लुकाएको कारोबारको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.२०,८०० र निजले ऐनको दफा २९ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसुर गरेको हुँदा कर विगो रु.२०,८०० को शत प्रतिशतले हुने

रु.२०,८०० जरिवाना समेत समावेश गरी कर निर्धारण गर्नुपर्दछ। उक्त अवधिमा उक्त करदाता क्रेडिट अवस्थामा रहेको हुँदा दफा १९ र दफा २६ बमोजिमको ब्याज गणना गर्नुपर्दैन।

**दफा २९ को उपदफा (१ख) कुनै करदाताको मौज्दात परीक्षण गर्दा खरिद खातामा उल्लेख भएकोभन्दा बढी बस्तु मौज्दात फेला परेमा कर अधिकृतले त्यस्तो बस्तुको आम्दानी बाँध्न लगाई त्यसरी बढी फेला परेको बस्तुको बजार मुल्य कायम गरी सो मूल्यको पचास प्रतिशतले हुने रकम जरिवाना गर्न सक्नेछ।**

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले खरिद गरी मौज्दात खाता (Stock Book) मा अभिलेख गरेका वस्तु मौज्दात परीक्षण गर्दा त्यस्तो वस्तु मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने जुन सुकै प्रकारका भए पनि गणना गर्दा मौज्दात खाता (Stock Book) भन्दा बढी फेला परेमा उपर्युक्त व्यवस्था बमोजिम त्यस्तो बस्तुको आम्दानी बाँधन लगाई त्यस्तो बस्तुको बजार मूल्य कायम गरी सो मूल्यको ५० प्रतिशतले हुने जरिवाना रकमको कर निर्धारण गर्नुपर्दछ ।

## ९.४ शंकास्पद अवस्थामा गरिने कर निर्धारणः

शंकास्पद अवस्थामा गरिने कर निर्धारणको सम्बन्धमा ऐनको दफा २२ मा देहायको व्यवस्था रहेको छः

**दफा २२. विशेष अवस्थामा कर निर्धारणः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै करदाताले नेपाल छोडी जाने वा आफ्नो सम्पत्ति अरु कसैलाई हस्तान्तरण गर्ने, हटाउने वा लुकाउने सम्भावना भई कर असूली हुन नसक्ने अवस्था छ भन्ने विश्वास गर्ने आधार भएमा कर अधिकृतले महानिर्देशकको स्वीकृति लिई त्यस्तो करदातासँग लाग्ने वा लागेको कर तुरुन्त निर्धारण गरी कर असुल गर्न वा धरौटी माग गर्न सक्नेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार नियमित प्रक्रियाबाट कर विवरण र कर बुझाउने अवस्था भन्दा बाहेक असामान्य अवस्था वा शंकास्पद अवस्था सिर्जना भएमा सोको कारणले कर चुहावट वा कर छली हुने संभावनालाई रोक्न महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले लाग्ने वा लागेको कर तुरुन्त निर्धारण गरी असुल उपर गर्न वा धरौटी माग गर्न सक्नेछ। करदाता नेपाल छाडी जाने वा आफ्नो सम्पत्ति हस्तान्तरण गर्ने वा हटाउने वा लुकाउने सम्भावना भएको देखिएमा अविलम्ब कर निर्धारणको प्रक्रिया शुरु गरी कर निर्धारण गर्नुपर्दछ। यसरी कर निर्धारण गर्दा वस्तु वा सेवा आपूर्तिमा प्राप्त गरेको वा प्राप्त गर्ने रकममा निर्धारण गर्नुपर्दछ। यसरी निर्धारण गरिएको कर रकम उपयुक्त प्रक्रियाहरु अवलम्बन गरी अविलम्ब असुल उपर गर्नुपर्दछ।

**दफा २२क. कर छल्ने योजना विरुद्धको व्यवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि करको फाइदा लिने बदनियतले देहायको कुनै कार्य गरेमा कर छल्ने योजना गरेको मानी महानिर्देशकले त्यस्तो करदाताको कर निर्धारण गरी कर असुल उपर गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछः**

**(क) यस ऐनमा भएको व्यवस्थाको दुरुपयोग गरी कर छल्ने बद्नियतले कुनै योजना तथा कार्य गरी करको दायित्व कम गरेमा,**

**(ख) कुनै व्यक्ति वा निकायले करको दायित्व कम गर्ने बद्नियतले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा।**

## ९.५ विशेष अवस्थामा गरिने कर निर्धारणः

**(क) विदेशबाट सेवा प्राप्त गर्ने व्यक्तिको कर निर्धारण (Reverse Charge System)**

दर्ता नभएको नेपालबाहिरको सेवा प्रदायकबाट नेपालको कुनै व्यक्तिले कर लाग्ने सेवा प्राप्त गरेमा सो सेवा वापत उक्त व्यक्तिले सो सेवा प्रदायकलाई भुक्तानी गर्दा भुक्तानी गरेको मूल्यमा आफैले प्रचलित दरमा (हाल १३ प्रतिशत) मूल्य अभिवृद्धि कर गणना गरी दाखिला गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनमा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ८ को उपदफा (२) नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका वखत वा सेवा प्राप्त भएको वखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्नेछ।**

यस सम्बन्धमा परिच्छेद २.९ मा सविस्तार ब्याख्या गरिएको छ।

**(ख) भवन वा यस्तै स्थायी संरचना निर्माण गर्ने व्यक्तिको कर निर्धारण**

दर्ता भएको वा नभएको कुनै व्यक्तिले व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन वा अपार्टमेण्ट वा सपिंग कम्प्लेक्स र विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्ने व्यवस्था ऐनले गरेको छ। व्यवसायिक प्रयोजनको लागि निर्माण हुने भवन वा अपार्टमेण्ट वा सपिंग कम्प्लेक्स वा यस्तै अन्य संरचना भन्नाले स्वःआवासीय प्रयोजन बाहेक अन्य कुनै पनि प्रकारले सो भवन वा संरचनाबाट आय आर्जन गर्ने उद्देश्यले निर्माण गरिएको भवन वा यस्तै संरचनालाई सम्झनुपर्दछ। व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने यस्ता संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएमा त्यस्तो निर्माण कार्य दर्ता भएको व्यक्तिबाट गराए सरह मानी सो संरचनाको स्वामित्व रहेको व्यक्तिलाई कर निर्धारण गरी असुल गर्नुपर्दछ। यस दफाको प्रयोजनको लागि कुनै संरचना माथिको स्वामित्व भन्नाले त्यस्तो संरचना व्यवसायिक प्रयोजनका लागि प्रयोग गर्ने अधिकारलाई समेत सम्झनु पर्दछ। यस सम्बन्धमा ऐनको दफा ८ को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ८ को उपदफा (३) व्यावसायिक प्रयोजनको लागि निर्माण गरिने पचास लाख रुपैयाँ भन्दा बढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भए तापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी कर दाखिला गर्नुपर्नेछ। त्यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिबाट कर निर्धारण गरी असुल उपर गरिनेछ।**

**स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "व्यावसायिक प्रयोजन" भन्नाले भवन, अपार्टमेन्ट, सपिङ कम्प्लेक्स वा विभागले तोकेका अन्य यस्तै संरचना निर्माण गरी बिक्री गर्ने एवं त्यस्ता संरचना चालु वा स्थायी सम्पत्तिको रुपमा लेखाङ्कन गरी आय आर्जनमा उपयोग गर्ने कार्य सम्झनु पर्छ।**

ऐनको दफा ८ को उपदफा (३) ले गरेको कानूनी व्यवस्था बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिमार्फत निर्माण कार्य नगराउने वा निर्माण कार्यलाई खण्डिकरण गरी केही वस्तु तथा सेवा दर्ता भएको व्यक्तिबाट खरिद गर्ने र केही वस्तु तथा सेवा आफै खरिद गरी वा सम्पूर्ण वस्तु वा सेवा आफै खरिद गरी कुनै भवन अपार्टमेण्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्ने व्यक्तिलाई

त्यस्तो निर्माण कार्यसँग सम्बन्धित कुल लागत मूल्यलाई कर लाग्ने मूल्य मानी कर असुल गर्नुपर्दछ। यस सम्बन्धमा परिच्छेद ३.१६ मा सविस्तार ब्याख्या गरिएको छ।

**९.६. कर निर्धारण गर्ने आधारः**

कर अधिकृतले कारोबारसँग सम्बन्धित तथ्य र प्रमाणका आधारमा कर निर्धारण गर्नुपर्दछ। कर निर्धारण गर्दा कर अधिकृतले लिनुपर्ने आधारका सम्बन्धमा ऐनको दफा २० को उपदफा (२) ले निम्न व्यवस्था गरेको छः

**दफा २० को उपदफा (२) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा देहायका कुनै वा सबै आधारमा करको निर्धारण गर्न सकिनेछः**

**(क) कारोबारको सबुत,**

**(ख) कारोबारको सम्बन्धमा सम्बन्धित कर अधिकृतले पेश गरेको कर परीक्षण प्रतिवेदन,**

**(ग) समान प्रकृतिको कारोबारमा संलग्न अन्य व्यक्तिले बुझाएको कर।**

**९.७ प्रमाणको भारः**

स्वयं कर निर्धारण प्रणालीमा करदाताले कर विवरणमार्फत आफ्नो कर दायित्व आफैं घोषणा गर्दछन्। करदाताले घोषणा गरेको कारोबार अधुरो, त्रुटिपूर्ण, अपर्याप्त वा न्युन रहेको र यसको कारणले कम कर निर्धारण र दाखिला भएको भन्ने विषयमा पर्याप्त आधार, कारण र प्रमाण जुटाउने अभिभारा कर अधिकृतमा रहने व्यवस्था ऐनले गरेको छ। प्रमाणको भार सम्बन्धमा ऐनको दफा २० को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २०(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपरोक्त बमोजिम करको निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुनेछ।**

कर अधिकृतले कर निर्धारण गर्दा हचुवा तथा अनुमानको आधारमा नगरी तथ्य, सबूद र प्रमाणका आधारमा विधिसम्मत् रुपमा गर्नुपर्दछ। यस व्यवस्था अनुसार कर निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउने दायित्व कर अधिकृतमा रहन्छ।

**९.८ कर निर्धारण गरिसक्नु पर्ने अवधिः**

सामान्यतया कुनै व्यक्तिले घटी कर निर्धारण गरेको अवस्था देखिएमा निजले कर विवरण पेश गरेको मितिले चार वर्षभित्र उक्त व्यक्तिको कर निर्धारण गरी सक्नु पर्ने व्यवस्था ऐनले गरेको छ। सो अवधिभित्र कर निर्धारण नगरेमा करदाताले पेश गरेको विवरण नै अन्तिम हुने व्यवस्था समेत ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २० को उपदफा (४) मा निम्न व्यवस्था छः

**दफा २० को उपदफा (४) उपदफा (१) बमोजिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ। सो अवधिभित्र कर निर्धारण हुन नसकेमा पेश भएको विवरण नै स्वतः मान्य भएको मानिनेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै व्यक्तिले ऐनमा उल्लिखित कुनै प्रावधानहरुको उल्लंघन गरी घटी कर निर्धारण वा दाखिला गरेको अवस्था देखिएमा निजले कर विवरण पेश गरेको मितिले ४ वर्षभित्र कर निर्धारण

गरिसक्नु पर्नेछ। अन्यथा निजले पेश गरेको विवरणले नै मान्यता प्राप्त गर्नेछ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ९.२**

| |
|---|
| मानौं एबीसि कम्पनीले असार २०७४ को कर विवरण २०७४।०९।०८ मा पेश गरेको रहेछ। ऐनको दफा २० को उपदफा (४) अनुसार कर विवरण पेश गरेको मितिले ४ वर्षको अवधि मिति २०७८।०९।०७ गते समाप्त हुन्छ। उक्त मितिभन्दा पछि कर निर्धारण गर्न सकिँदैन। सो भन्दा अगावै कर निर्धारण गरिसक्नु पर्दछ। |

कर निर्धारण गरिसक्नु पर्ने अवधि गणना गर्ने सम्बन्धमा नियमावलीको नियम ३७ मा निम्न व्यवस्था गरिएको छ।

***नियम ३७.कर निर्धारणको अवधीः ऐनको दफा २० को उपदफा (४) बमोजिमको अवधि गणना गर्दा करको सम्बन्धमा कुनै अदालतमा निवेदन परी स्थगन (आदेश जारी भएको अवस्थामा सोको निर्णय नभएसम्मको अवधि कटाई गणना गरिनेछ।***

नियमावलीको उपर्युक्त व्यवस्था अनुसार ऐनको दफा २० को उपदफा (४) अनुसार सामान्य अवस्थामा कर विवरण पेश गरेको मितिले चार वर्षभित्र कर निर्धारण गरिसक्नु पर्ने भए तापनि सोही अवधिको करको सम्बन्धमा कुनै करदाताको कुनै अदालतमा निवेदन परी कर निर्धारणका सम्बन्धमा स्थगन आदेश जारी भएको भएमा सोको निर्णय नभएसम्मको अवधि भने उक्त अवधिमा गणना हुँदैन। यस अवस्थामा अवधिको गणना गर्दा स्थगन आदेश जारी भएको मितिदेखि सो आदेशमा अन्तिम निर्णय भएको जानकारी प्राप्त भएको मितिसम्मको अवधि कटाई कर निर्धारण गर्न सकिने समयावधिको गणना गर्नुपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ९.३**

| |
|---|
| मानौं अनुभव नामक कम्पनीले असार २०७० को कर विवरण २०७०।०४।२० मा पेश गरेको रहेछ। सम्बन्धित कार्यालयले कर परीक्षण गरी मिति २०७३।०९।३० गते रु.२५ लाखको प्रारम्भिक कर निर्धारण आदेश बुझाएको रहेछ। उक्त आदेश बुझेको दिन करदाताले सर्वोच्च अदालतमा रिट निवेदन दिएको र सोही दिन सर्वोच्च अदालतबाट अर्को आदेश नभएसम्मको लागि कुनै काम कारवाही अगाडि नबढाउनू भनी अन्तरिम आदेश जारी गरेको रहेछ। उक्त मुद्दाको सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०७५।०५।३० मा फैसला भयो। उक्त फैसलामा करदाताले लिएको जिकिर कानून सम्मत नभएको निर्णय भएको रहेछ।<br><br>प्रस्तुत विषयमा उक्त कम्पनीले प्रारम्भिक कर निर्धारण आदेशको बिरुद्धमा अदालत गएको र अदालतको आदेशले कार्यालयले गरेको प्रारम्भिक कर निर्धारण कानून सम्मत नै रहेकोले अन्तिम कर निर्धारण गर्नुपर्ने अवस्था रहेको छ। कर निर्धारण गर्नुपर्ने अवधि सामान्यतः मिति २०७४।०४।१९ गते समाप्त हुन्छ। प्रारम्भिक कर निर्धारण गरेको र कर निर्धारण गरिसक्नु पर्ने समय गणना गर्दा ६ महिना १९ दिन बाँकी रहेको छ। |

| |
|---|
| अर्कोतर्फ अदालतमा विचाराधीन रहेको समयको गणना गर्दा (मिति २०७३।०९।३० देखि २०७५।०५।३० सम्म) १ वर्ष ८ महिना हुन्छ। अदालतमा विचाराधीन रहेको अवधि १ वर्ष ८ महिना भए तापनि सो पुरै अवधिलाई हदम्यादको रुपमा बुझ्नु हुँदैन। अदालतमा मुद्दा विचाराधीन नभएको भए कर निर्धारण गर्नुपर्ने अवधि जम्मा ६ महिना १९ दिन मात्र बाँकी रहेको हुँदा प्रस्तुत विषयमा अदालतबाट फैसला कार्यालयमा प्राप्त भएको मितिले ६ महिना १९ दिनभित्र कर निर्धारण गरी सक्नु पर्दछ। |

यसको अर्थ कर विवरण पेश गरेको मितिले ४ वर्षभित्र एक पटकमात्र कर निर्धारण हुने भन्ने चाँही होइन। कर अधिकृतले एक पटक कर निर्धारण गरिसके पछि उक्त करदाताले घटी कर निर्धारण गरेको प्रमाणित गर्ने थप तथ्य प्रमाण फेला परेमा कर विवरण पेश गरेको चार वर्षभित्र जतिसुकै पटक पनि कर निर्धारण गर्न सक्दछ।

कर अधिकृतले गरेको कर निर्धारणका सम्बन्धमा पुनरावेदनको रोहमा राजस्व न्यायाधिकरण वा अन्य अधिकार प्राप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म कर अधिकृतले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्ने छैन। यस सम्बन्धमा ऐनको दफा २० को उपदफा (४ख) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २० को उपदफा (४ख)ः उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व न्यायाधीकरण वा अन्य अधिकार प्राप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म कर अधिकृतले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्ने छैन।**

**तर त्यस्तो निकायले पुनः छानबिन गर्ने आदेश दिएमा कर निर्धारण गर्न बाधा पुगेको मानिने छैन।**

तर कुनै व्यक्तिले झुट्टा लेखा वा कागजात तयार गरी वा जालसाजी गरी घटी कर दाखिला गरेको अवस्था भएमा विभागको आदेशले जुनसुकै बखत घटी भएको कर निर्धारण गरी असुल उपर गर्न सकिने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २० को उपदफा (४क) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २० को उपदफा (४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने जुनसुकै वखत विभागले पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ।**

कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने निजको हकमा ४ वर्षको समय सीमा लागु हुँदैन। करदाताले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार र कारण भएमा सो उल्लेख गरी सम्बन्धित कार्यालयले विभाग समक्ष कर निर्धारण गर्न अनुमति माग गरेमा विभागले जुनसुकै बखत कर निर्धारण नभएको व्यक्तिको कर निर्धारण गर्न वा कर निर्धारण भएको व्यक्तिको पुनः कर निर्धारण गर्न आदेश दिन सक्नेछ।

## ९.९ जाँच तथा परीक्षणको अधिकारः

ऐनले करदातालाई आफ्नो कारोबारको घोषणा गरी आफैंले आफ्नो कर निर्धारण गर्ने अधिकार र दायित्व दिएको छ। ऐनले दिएको यस्तो अधिकार दुरुपयोग गरी वा दायित्वको निर्वाह नगरी कर छल्ने वा कर चुहावट गर्ने प्रबृतिलाई निरुत्साहित गर्न त्यस्ता व्यक्तिको कर निर्धारण गर्न पाउने अधिकार ऐनले कर अधिकृतलाई दिएको छ। यसरी कर निर्धारण गर्दा कर अधिकृतले प्रमाणको भार पुर्याउनु पर्ने अर्थात कर निर्धारण गर्नुपर्ने आधार र कारण प्रमाणित गर्नुपर्ने हुन्छ। यस प्रयोजनको लागि कर अधिकृतले त्यस्तो व्यक्तिको कारोबार र कारोबारसँग सम्बन्धित सबुत प्रमाण तथा कागजातहरुको परीक्षण गर्नु आवश्यक हुन्छ। यही आवश्यकतालाई दृष्टिगत गरी ऐनले कुनै करदाताको कर दायित्वको सम्बन्धमा जाँच तथा परीक्षण गर्ने प्रयोजनको लागि कर अधिकृतलाई बिभिन्न किसिमका अधिकारहरु प्रदान गरेको छ। यस सम्बन्धमा ऐनको दफा २३, २३ग., दफा २३घ. र दफा ३१ ले गरेको व्यवस्था निम्नानुसार रहेका छन्ः

**दफा २३ जाँच तथा परीक्षण सम्वन्धी अधिकारः (१) यस ऐन बमोजिम दर्ता गर्नुपर्ने करदाताले दर्ता नगरी कर लाग्ने कारोबार गरेको छ भन्ने कुरामा विश्वास गर्नुपर्ने मनासिब आधारमा कर अधिकृतले जाँचबुझ गर्न सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने, दर्ता भएको व्यक्तिले दफा १८ बमोजिम पेश गरेको कर विवरण जाँच गर्ने र दफा २० बमोजिम कर निर्धारण गर्ने प्रयोजनको लागि कर अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछः**

**(क) कर दायित्वसँग सम्बन्धित वस्तुहरु, स्थान, कागजात, लेखा तथा अभिलेख जाँच गर्ने,**

**(ख) करदाताको कारोबार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाणहरु हुन सक्ने सम्भावना भएका अन्य स्थलहरुमा खानतलासी लिने,**

**(ग) आफ्नो कर्तब्यपालनको सिलसिलामा कुनै अभिलेख, किताब, खाता, कागजातहरु तयार गर्ने वा तिनीहरुमा विवरण भर्ने व्यक्तिसँग जानकारी माग गर्ने,**

**(घ) करदाताको कारोबार स्थल वा सोसँग सम्बन्धित अन्य स्थलमा रहेको कुनै कागजात, किताब तथा अभिलेखलाई हटाउने, वा कब्जा गर्ने वा अन्यत्र लैजाने,**

**(ङ) करदाताको कारोबार सञ्चालन गर्ने स्थान वा कर कार्यालयमा वा अन्य कुनै उपयुक्त स्थानमा लेखापरीक्षण गर्ने।**

कर अधिकृतले करदाताको कारोबारको सम्बन्धमा बैंक तथा वित्तीय संस्था लगायतका व्यक्तिसँग कुनै करदाताको सूचना तथा जानकारी माग गरेमा त्यस्तो सूचना वा जानकारी उपलब्ध गराउन सम्बन्धित व्यक्ति वा संस्थाको कर्तब्य र सूचना माग गर्न सक्ने अधिकार कर अधिकृतको रहेको छ। यस सम्बन्धमा दफा २३ को उपदफा (३) ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा २३ को उपदफा (३) कर अधिकृतले बैंक तथा वित्तीय संस्था लगायत कुनै व्यक्तिसँग कुनै करदाताको कारोबारको सम्बन्धमा कुनै कुराको जानकारी माग गरेमा त्यस्तो सूचना कर अधिकृतलाई दिनु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ।**

कुनै व्यक्तिले प्रचलित बजार मूल्यभन्दा बिक्री मूल्य न्युन देखाई न्युन बीजकीकरण गरी कुनै वस्तु बिक्री गरेमा मौज्दातमा बाँकी रहेको वस्तु रोक्का राखी न्युन बीजकीकरण गरी बिक्री गरेको मूल्यमा कर अधिकृतले खरिद गर्न वा गराउन सक्दछ। यदि त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मन्जुर नगरेमा त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्युन बीजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी त्यस्तो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्ने व्यवस्था छ। यस सम्बन्धमा ऐनको दफा २३ ग. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २३ग. न्यून बीजकीकरणका वस्तु खरिद गर्नेः (१) कुनै व्यक्तिले प्रचलित बजार मूल्यभन्दा बिक्री मूल्य कम देखाई न्युन बीजकीकरण गरी कुनै वस्तु बिक्री गरेमा प्रचलित कानुनमा जनुसुकै कुरा लेखिएको भए तापनि त्यसरी न्युन बीजकीकरण गरी बिक्री गरेको त्यस्तै प्रकृतिको मौज्दातमा बाँकी रहेको वस्तु कर अधिकृतले रोक्का राखी न्युन बीजकीकरण गरी बिक्री गरेको मूल्यमा कर अधिकृतले खरिद गर्न वा गराउन सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम कर अधिकृतले वस्तु खरिद गर्दा वा गराउँदा त्यस्तो व्यक्तिले वस्तु बिक्री गर्न मञ्जुर नगरेमा कर अधिकृतले त्यस्तो वस्तु आफ्नो कब्जामा लिई न्युन बीजकीकरण गरी बिक्री गरेको मूल्यको आधारमा गणना गरी त्यस्तो व्यक्तिले भुक्तानी लिन आएको बखत भुक्तानी दिनु पर्नेछ।**

**(३) उपदफा (१) र (२) बमोजिम खरिद गरेको वा खरिद गर्न लगाएको वस्तु महानिर्देशकले तोकेको मूल्य तथा प्रक्रिया अनुसार बिक्री गर्न वा गराउन सकिनेछ।**

यस सम्वन्धमा आन्तरिक राजस्व विभागबाट जारी भएको "न्यून वीजकीकरणका वस्तु खरिद बिक्री निर्देशिका, २०७४" मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

गम्भीर प्रकृतिको कर छली गर्ने व्यक्ति वा व्यवसायको सम्वन्धमा कर प्रशासनले छानविन गर्न लागेको वा गरिरहेको भन्ने विषयमा त्यस्ता कर छली गर्ने व्यक्ति विदेश भागी जाने सम्भावना भएको अवस्थामा आकस्मिक रुपमा कारवाही गर्नुपर्दछ। कर छली गरी कारोबार गरेको र तुरुन्तै केही कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसुरको सबुत प्रमाण गायब हुने सम्भावना देखिएमा महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले कारोबारस्थल सिलबन्दी गर्ने, उपकरण वा अभिलेख कब्जामा लिने, बैंक खाता रोक्का राख्ने, छलिएको कर बराबरको रकम पर्चा खडा गरी नगद धरौटी वा जेथाजमानी माग गर्ने र सो बमोजिम धरौटी वा जेथाजमानी दिन नसक्ने भए थुनामा राख्ने जस्ता कार्यवाही गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २३घ. तथा दफा ३१ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २३घ. थुनामा राख्न वा कब्जा गर्न वा धरौटी माग गर्न सक्नेः (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कर छली कारोबार गरेको र तुरुन्त कुनै कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा महानिर्देशकको स्वीकृति लिई कर अधिकृतले देहायका काम गर्न वा गराउन सक्नेछः-**

**(क) कारोबार स्थलमा सिलवन्दी गर्न,**

**(ख) विद्युतीय उपकरण तथा सोको अभिलेख कब्जा गर्न,**

(ग) कसूर गरेको भन्ने कुराको विश्वास लागेको व्यक्तिबाट छलिएको कर बराबरको रकम पर्चा खडा गरी नगद धरौटी वा जेथा जमानी माग गर्न,

(घ) करदाताको नाममा रहेको बैंक खाता तीन महिनासम्मको लागि रोक्का राख्न।

तर कर निर्धारण प्रकृया पूरा नभएको अवस्थामा महानिर्देशकको स्वीकृतिमा थप तीन महिनाको लागि बैंक खाता रोक्का राख्न सकिनेछ।

(ङ) खण्ड (ग) बमोजिम नगद धरौटी नराखेमा वा जेथा जमानी नदिएमा एक पटकमा पन्ध्र दिनमा नबढ्ने गरी बढीमा पैतालीस दिन थुनामा राख्न।

(२) यस ऐन बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सम्बन्धमा कर अधिकृतलाई कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

दफा ३१. अदालतलाई भए सरहको अधिकार हुनेः यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।

कर छली सम्बन्धी छानबिन गर्दा वा कर असुली गर्दा खानतलासी गर्नुपर्ने अवस्था सिर्जना भएमा कानूनले निर्धारण गरेको कार्यविधि एवं कार्य प्रक्रिया अवलम्बन गर्नुपर्दछ। यस सम्बन्धमा नियम ५५ ले देहाय बमोजिमको व्यवस्था गरेको छः

*नियम ५५ खानतलासीको कार्यविधिः (१) ऐनको दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम खानतलासी लिनु पर्दा देहाय बमोजिम गर्नुपर्नेछः*

*(क) जुन विषयको सम्बन्धमा खानतलासी गर्न लागेको हो सो विषयसँग सम्बन्धित कुनै कागजात वा वस्तु कुनै घर वा अरु कुनै ठाउँमा फेला पर्ने सम्भावना छ भनी विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण भएमा र सो वस्तु सो घर वा ठाउँको तुरुन्त तलासी नलिएको खण्डमा प्राप्त नहुने आशंका भएमा वा जाँच गर्न तत्कालै आवश्यक भएमा कर अधिकृतले आफैं वा अन्य कर्मचारी खटाई त्यस्तो घर वा स्थानको तलासी लिन वा लिन लगाउन सक्नेछ।*

*(ख) खण्ड (क) बमोजिम तलासी लिने घर वा स्थलमा बसोबास गरि आएका वा सो घर वा स्थलको धनी वा संरक्षकलाई तलासी लिने व्यक्तिले तलासी लिन खोजेको कारण खोली सो कुराको सूचना दिनुपर्नेछ र सो बमोजिम सूचना पाएपछि त्यस्तो व्यक्तिले तलासी लिन आउने व्यक्तिलाई त्यस्तो घर वा स्थलमा प्रवेश गर्न दिनु पर्नेछ।*

*(ग) खण्ड (ख) बमोजिम तलासी लिने घर वा ठाउँमा बस्ने व्यक्ति वा धनि वा संरक्षकले तलासी लिन आएका व्यक्तिलाई यस्तो घर वा स्थलमा प्रवेश गर्न नदिएमा तलासी लिने व्यक्तिले सो घर वा स्थलमा रहे बसेका स्वास्नी मानिसहरुलाई त्यहाँबाट हट्ने सूचना र मनासिब समय दिई आवश्यकता अनुसार कुनै झ्याल ढोका, छेस्किनी खोली, तोडी भित्र पसी तलासी लिन सक्नेछ।*

*(घ) खण्ड (ग) बमोजिम तलासी लिँदा सम्बन्धित गाउँपालिका, महा/उपमहा/ नगरपालिकाको कम्तिमा एकजना सदस्य वा स्थानीय दुई जना व्यक्ति वा घरधनी वा उसको एकजना प्रतिनिधि वा कुनै एक जना साक्षी राखी तलासी लिनु पर्नेछ।*

*(ङ.) खण्ड (घ) बमोजिम साक्षी बस्ने मानिस फेला नपरेमा वा साक्षी बस्न इन्कार गरेमा सोही व्यहोराको कैफियत जनाइ तलासी लिने व्यक्तिले सहीछाप गरेपछि खण्ड (ग) को प्रक्रिया पूरा भएको मानिनेछ।*

*(च) यस नियम बमोजिम तलासी लिँदा कुनै मानिसको शरीरको तलासी लिनु परेमा सो समेत लिन सकिनेछ र तलासी लिनु पर्ने व्यक्ति स्वास्नी मानिस भएमा निजको तलासी स्वास्नी मानिसबाटै लिनु पर्नेछ।*

*(छ) यस नियम बमोजिम तलासी लिँदा प्राप्त भएका मालवस्तु वा कागजातको विवरण तयार गरी तीन दिनभित्र विभाग समक्ष पेश गर्नुपर्नेछ।*

**९.१० कर निर्धारण प्रक्रियाः**

करदाताले बिक्री कारोबार लुकाएको, न्युन बीजकीकरण गरेको वा करदाताले ऐनको दफा १७ बमोजिम दावी गर्न पाउने करभन्दा बढी कर कट्टी दावी गरी तिर्नु पर्ने कर दायित्व न्युन गरेको वा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले तोकेको व्यवस्थाहरुको उल्लंघन गरेको पाइएमा कर अधिकृतले कर निर्धारण गर्दछ। कुनै कर अवधिमा करदाताले कर विवरणमार्फत घोषणा गरेको कर दायित्वभन्दा बढी कर दायित्व सिर्जना हुने अवस्था रहेमा करदाताले घोषणा गरेको करभन्दा बढी हुने कर रकमलाई मात्र कर निर्धारण आदेशमा समावेश गरिन्छ। करदाताले कर विवरणमा घोषणा गरिसकेको रकम बाहेक थप रकम (Additional Value) मा मात्र कर निर्धारण गरिन्छ। मूल्य अभिवृद्धि कर निर्धारण कुल मूल्य (Gross Value) मा गरिँदैन।

यसै गरी कर निर्धारण गर्दा जुन कर अवधिमा करदाताले घोषणा गरेको कारोबारभन्दा बढी कारोबार भएको पुष्टि भएको वा जुन कर अवधिमा पाउनु पर्ने भन्दा बढी कर कट्टी दावी गरी कर दायित्व कम हुने गरी कर विवरण पेश गरेको भन्ने यकिन गरी सो कर अवधि जनाई कर निर्धारण गरिन्छ।

कर निर्धारण गर्दा थप सिर्जना भएको कर रकमको अतिरिक्त ऐनको दफा १९ बमोजिम थप दस्तुर, दफा २६ बमोजिम ब्याज र दफा २९ बमोजिमको जरिवाना गणना गरी कुल कर दायित्व निर्धारण गर्नुपर्दछ। उपभोक्ताबाट कर संकलन गरी कर छल्ने वा चुहावट गर्ने उद्देश्यले बिक्री, खरिद वा अन्य पक्षमा कुनै प्रबन्ध गरी करदाताले आफ्नो कर दायित्वलाई न्युन गरेको पुष्टि भएमा त्यस्ता करदातालाई करको अतिरिक्त बित्तीय भार थप गर्न थपदस्तुर, ब्याज र जरिवानाको व्यवस्था गरिएको छ। कर निर्धारण गरिएको कर अवधिमा करदाताले तिर्नु पर्ने रकम (Output Tax) भन्दा कर कट्टी पाउनु पर्ने रकम (Input Tax) बढी भएमा त्यस्तो अवस्थालाई क्रेडिटको अवस्था भनिन्छ र यस्तो क्रेडिट अवस्थामा भएको भए सो अवस्थामा ऐनको दफा १९ बमोजिमको थप दस्तुर र दफा २६ बमोजिमको ब्याज आकर्षित हुँदैन। तर दफा २९ बमोजिमको जरिवाना आकर्षित हुन्छ।

कर निर्धारण गर्नु पूर्व करदाताको कारोबारको परीक्षण गरिन्छ। कर परीक्षण कार्य समाप्त भएपछि कर निर्धारण हुनु पर्ने अवस्था देखिएमा कर अधिकृतले कर निर्धारण गर्नुपर्ने आधार र कारणहरु उल्लेख गरी सो कर निर्धारण हुन नपर्ने कुनै सबुत प्रमाण भए १५ दिनभित्र पेश गर्न सम्बन्धित व्यक्तिलाई सुचित गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २० को उपदफा (५) मा देहायको व्यवस्था रहेको छः

**दफा २० को उपदफा (५) यस दफा बमोजिम कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।**

उपर्युक्त बमोजिम कर अधिकृतले जारी गर्ने कर निर्धारणको सुचना सम्बन्धमा नियमावलीको नियम २९मा निम्न व्यवस्था छः

***नियम २९ कर अधिकृतले कर निर्धारण गर्न सक्नेः (१) ऐनको दफा २० को उपदफा (१) मा उल्लिखित अवस्था परी सोही दफाको उपदफा (२) बमोजिमका आधारहरुका अतिरिक्त बजार मूल्य वा कर निर्धारण गरिनुपर्ने कारोबारसँग सम्बन्धित अन्य कुनै सूचना वा जानकारीका आधारमा समेत कर अधिकृतले कर निर्धारण गरी अनुसूची १२ को ढाँचामा कर निर्धारण आदेश जारी गर्न सक्नेछ।***

***(२) उपनियम (१) बमोजिम कर अधिकृतले जारी गरेको कर निर्धारण आदेश उपर आफ्नो सफाईमा प्रमाण पेश गर्न सम्बन्धित करदातालाई पन्ध्र दिनको म्याद दिनु पर्नेछ।***

कुनै व्यक्तिको कर निर्धारण गर्नु पूर्व सम्बन्धित व्यक्तिलाई जानकारी दिई कर निर्धारण हुन नपर्ने कुनै आधार र प्रमाण भए सो आधार र प्रमाण सहित लिखित रुपमा सफाई पेश गर्न म्याद दिनु पर्ने कानूनी व्यवस्था रहेको छ। यस व्यवस्थाले करदातालाई सुनवाइको मौका (Right to Hearing) प्रदान गरी प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) लाई अवलम्बन गरेको छ।

यसरी दिएको म्याद वा समयभित्र करदाताले कर निर्धारण हुन नपर्ने भनी कुनै आधार र प्रमाणसहित लिखित जवाफ पेश गरेमा वा नगरेमा पेश भए सम्मका सबुत प्रमाण र जवाफको छानविन गरी नियमावलीको अनुसूची १२ख को ढाँचामा अन्तिम कर निर्धारण आदेश जारी गर्नुपर्दछ। यस सम्बन्धमा नियमावलीको नियम २९(३) ले देहाय बमोजिमको व्यवस्था गरेको छः

***नियम २९ उपनियम (३): उपनियम (२) बमोजिमको म्यादभित्र सम्बन्धित करदाताबाट सफाईमा पेश हुन आएको प्रमाणहरु उपयुक्त देखेमा सोही आधारमा कर अधिकृतले उपनियम (१) बमोजिम कर निर्धारण गरी कर निर्धारण आदेश जारी गर्नुपर्नेछ। यसरी कर निर्धारण आदेश जारी गर्दा सो आदेशमा आदेश जारी भएको मितिसम्म ऐनको दफा १९ को उपदफा (२) बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याजको रकम समेत समावेश गर्नुपर्नेछ।***

***स्पष्टिकरणः व्याजको गणना गर्दा प्रति महिना बाह्र खण्डको एक खण्डको आधारमा गरिनेछ।***

करदाताले पेश गरेको प्रारम्भिक कर निर्धारण आदेश उपरको जवाफबाट साविकको प्रारम्भिक कर निर्धारण आदेशमा कुनै संशोधन गर्नुपर्ने भएमा संशोधन गरी र संशोधन गर्न नपर्ने भएमा सोही बमोजिम अन्तिम कर निर्धारण गर्नुपर्दछ। करदाताले म्यादभित्र सबुत प्रमाण वा जवाफ पेश नगरेमा साविकको प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको रकम नै अन्तिम कर निर्धारणको रकम कायम हुन जान्छ। तर प्रारम्भिक कर निर्धारण र अन्तिम कर निर्धारण आदेश जारी भएको अवधिमा हुने फरकको कारणले अन्तिम कर निर्धारण आदेश अनुसारको थप दस्तुर र ब्याज भने प्रारम्भिक कर निर्धारण आदेशमा उल्लेख भएको थप दस्तुर र ब्याजभन्दा बढी हुन सक्दछ।

कर अधिकृतले जारी गरेको अन्तिम कर निर्धारण आदेशका सम्बन्धमा करदाताको चित्त नबुझेमा सो कर निर्धारण आदेशका विरुद्धमा महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्ने हुँदा उक्त कानूनी व्यवस्थाको बारेमा समेत करदातालाई जानकारी दिनुपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ९.४**

मानौं श्री राम स्टोरको कर परीक्षण गर्दा देहायका सूचना तथा तथ्यहरु पाइएको रहेछ।
श्रावण १९,२०७६मा श्रीराम स्टोरका मालिकले देहायका सामान आफ्नो घरमा स्वयं प्रयोग गरेको रहेछ।

- चिनी २ हजार, चामल ३ हजार, दाल १ हजार

श्रावण २९, २०७६ मा स्टोरले पैठारी गरेको सामानमध्ये आफ्नी श्रीमतीको पसलमा देहायका सामान स्थानान्तरण गरेको र उक्त सामान श्रीमतीको पसलबाट बिक्री भएछ।

- सर्ट १ लाख, पेन्ट १ लाख

स्वयं प्रयोग गरेको र आफ्नी श्रीमतीको पसलमा स्थानान्तरण गरेको सामानको बिक्री बीजक जारी गरेको नपाइएकोले सोको दफा २० अनुसार कर निर्धारण गर्नुपर्ने देखिन्छ।
उपरोक्त सामानमध्ये चिनी, सर्ट र पेन्ट कर लाग्ने वस्तु देखियो भने चामल, दाल कर छुट हुने वस्तु देखियो। कर लाग्ने वस्तुको हकमा देहाय अनुसार कर निर्धारण गर्नुपर्दछ। कर छुट बिक्रीको हकमा कर लेखा परीक्षणमा उल्लेख गरी करदाताले सो आ.ब.को बुझाउने आय विवरणमा सो बिक्री समावेश गरे नगरेको रुजु गरी नगरेको भएमा करयोग्य आयमा थप गर्नुपर्ने हुन्छ।

**कर अवधि २०७६ श्रावण**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | चिनी बिक्री रु. | २,००० |
| २ | सर्ट बिक्री रु. | १,००,००० |
| ३ | पेन्ट बिक्री रु. | १,००,००० |
| ४ | बिक्री बीजक जारी नगरेको जम्मा करयोग्य वस्तुको बिक्री रु. | २,०२,००० |
| ५ | औसत मूल्य अभिवृद्धि प्रतिशत (अनुमानित) १० % ले | २०,२०० |
| ६ | जम्मा करयोग्य बिक्री | २,२२,२०० |
| ७ | १३ % ले लाग्ने मूल्य अभिवृद्धि कर रु. | २८,८८६ |
| ८ | ऐनको दफा २९(२)(क) अनुसार शत प्रतिशले जरिवाना रु. | २८,८८६ |
| ९ | करदाता उक्त अवधिमा क्रेडिट अवस्थामा रहेकोले दफा १९ अनुसार थप दस्तुर र दफा २६ अनुसार व्याज लाग्ने देखिएन। करदाता डेबिट अवस्थामा भएमा उपरोक्त दफा अनुसार थप दस्तुर र व्याज गणना गर्नुपर्दछ। | ० |
| | जम्मा असूल गर्नुपर्ने कर र जरिवाना रकम रु. | ५७,७७२ |

(अक्षरेपी सन्ताउन्न हजार सात सय बहत्तर मात्र)

अनुसूची १२

(नियम २९ को उपनियम (१) संग सम्बन्धित)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
कार्यालय: आन्तरिक राजस्व कार्यालय, पुतलीसडक

प्रारम्भिक कर निर्धारण आदेश

श्री राम शर्मा                                                  मिति: २०७६।०७।०३

(१) करदाताको नाम:          श्रीराम स्टोर्स

(२) करदाताको ठेगाना:        काठमाण्डौं महानगरपालिका
घर नं. ३२५ नवघुम्ती मार्ग
वडा नं. २२, पुतलीसडक
काठमाण्डौं जिल्ला

(३) करदाताको दर्ता नम्बर:    ३०००६७८९०

(४) कर निर्धारण भएको अवधि: श्रावण २०७६ ।

(५) कर निर्धारण गर्ने ऐनको दफा २० तथा नियमावलीको नियम २९(१) संग सम्बन्धित ।

निम्नानुसारको कर रकम रू.५७,७७२ (अक्षरेपी सन्ताउन्न हजार सात सय बहत्तर मात्र) तिर्नु नपर्ने अथवा परिवर्तन गर्नुपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त गर्नु भएको १५ दिनभित्र कर अधिकृत समक्ष पेश गर्नुहोला। अन्यथा यो आदेश प्राप्त गर्नुभएको १५ दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी बबरमहल, काठमाण्डौंस्थित कार्यालय परिसरभित्र रहेको एभरेष्ट बैंक लि. मा बैंक र नगद दाखिला गर्नुहोला।

कर निर्धारण गर्नु पर्ने कारणहरू

क) बिक्री अनुसार बीजक जारी नगरी झुट्टा कर विवरण पेश गरेको ।

मिति २०७६।०७।२५ सम्मको व्याज र जरिवाना गणना गरिएको छ ।

..................
कर अधिकृत

कर अवधि

| क्र.सं. | मा/चौ | कर अवधि | वर्ष | कर निर्धारण भएको रकम | जरिवाना | थप दस्तुर | व्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | मासिक | श्रावण | २०७६ | २८,८८६ | २८,८८६ | ० | ० | ५७,७७२ |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| जम्मा | | | | २८,८८६ | २८,८८६ | ० | ० | ५७,७७२ |

नोट: कृपया ऋणात्मक अंक भएमा कोष्ठभित्र रकम उल्लेख गर्नुहोला

**कार्यालय प्रयोजनका लागि मात्र**

कम्प्युटर प्रविष्टि

मिति: ....................... अधिकृतको दस्तखत

**९.११ थप दस्तुर र व्याजको गणनाः**

करदाताले कर अवधि समाप्त भएको २५ दिनभित्र कर विवरण र कर दाखिला गर्नुपर्दछ। उक्त अवधिमा कर दाखिला नगरेमा कर अवधि समाप्त भएको २६ औं दिनदेखि तिर्नुपर्ने करमा वार्षिक १० प्रतिशतका दरले दैनिक हिसाब गरी थपदस्तुर लाग्ने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा १९ को उपदफा (२) मा देहायको व्यवस्था रहेको छ।

**दफा १९ को उपदफा (२): करदाताले उपदफा (१) मा उल्लेखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।**

यसै गरी तोकिएको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले मासिक रुपमा गणना गरी ब्याज समेत दाखिला गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २६ मा निम्न व्यवस्था गरिएको छः

**दफा २६ व्याजः (१) यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ। त्यस्तो ब्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ।**

**(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर वार्षिक पन्ध्र प्रतिशत हुनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण ९.५**

मानौं कुनै करदाताले २०७६ जेष्ठ महिनाको कर विवरण अनुसार बुझाउनु पर्ने कर रु.५०,०००। २०७६ भाद्र २५ गते दाखिला गरेमा निजको थप दस्तुर र व्याजको गणना निम्नानुसार हुन्छ ।

थप दस्तुरको गणना

२०७६ असार २५ गतेभित्र दाखिला गर्नुपर्ने कर रु.५०,०००। २०७६ भाद्र २५ दाखिला गरेको कारणले २०७६ असार २६ देखि २०७६ भाद्र २५ गतेसम्म ६२ दिनको वार्षिक १० प्रतिशतका दरले हुने थप दस्तुर रु.८४९

व्याजको गणना

२०७६ असार २६ गते देखि २०७६ श्रावण २५ गतेसम्म १ महिना ढिला दाखिला

२०७६ श्रावण २६ गते देखि २०७६ भाद्र २५ गतेसम्म १ महिना ढिला दाखिला

जम्मा ढिला दाखिला महिना २(भाद्र २६ मा बुझाएको भए थप १महिनासमेत ३ महिनाको व्याज गणना हुने)

तिर्नुपर्ने करको रकम रु. ५०,०००।

वार्षिक १५ प्रतिशतका दरले २ महिनाको ब्याज रु. १,२५०

<u>जम्मा कर दायित्व</u>

| | |
|---|---:|
| कर रु. | ५०,००० |
| थप दस्तुर रु. | ८४९ |
| व्याज रु. | १,२५० |
| **जम्मा दायित्व रु.** | **५२,०९९** |

**९.१२ जरिवानाको व्यवस्थाः**

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले गरेका व्यवस्थाहरुको परिपालना नगर्ने करदातालाई ऐनको दफा २९ बमोजिम जरिवाना लाग्दछ। कुनै निश्चित कर अवधिको लागि कर निर्धारण गर्दा उक्त कर अवधिको लागि थप सिर्जना भएको कर रकमको आधारमा तथा ऐन नियमको पालना नगरेकोले जरिवाना तोकिएको हकमा तोकिएको आधारमा जरिवाना निर्धारण गरिन्छ। कर भन्नाले कर, थप दस्तुर, ब्याज तथा जरिवाना समेतलाई जनाउने हुँदा कर निर्धारण गर्दा के कति थप दस्तुर, ब्याज तथा जरिवाना लाग्ने हो सो समेत स्पष्ट खुलाई कर निर्धारण आदेश जारी गर्नुपर्दछ।

**९.१३ कर निर्धारणको सूचनाको तामेलीः**

कार्यालयले जारी गरेको कर निर्धारण आदेश वा सूचना सम्बन्धित करदाताले प्राप्त गर्नुलाई सूचनाको तामेली भनिन्छ। कार्यालयले कुनै करदाताका सम्बन्धमा थप कर दायित्व सिर्जना हुने गरी जारी गरेको आदेश सो करदाताले प्राप्त गरेको हुनु पर्ने व्यवस्था ऐन तथा नियमावलीले गरेको छ। यस सम्बन्धमा ऐनको दफा ३६ तथा नियमावलीको नियम ३१ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ३६ सूचनाको तामेलीः महानिर्देशक वा कुनै कर अधिकृतले जारी गरेको सूचना, आदेश वा कागजात तोकिए बमोजिमको प्रक्रिया पूरा भएपछि तामेली भएको मानिनेछ।**

यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३को नियम ३१मा देहाय बमोजिमको व्यवस्था रहेको छः

*नियम ३१ कागजातको तामेलीः (१) ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु वा बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई रीतपूर्वक दिएको वा बुझाएको मानिनेछः-*

*(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत*

*(ख) व्यक्तिगत रूपमा जसलाई बुझाउन पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा*

*(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको।*

*२) विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस नियम बमोजिम तामेल गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।*

*३) उपनियम (१) र (२) बमोजिम कागजात तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सक्नेछ। त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ।*

कर निर्धारण आदेशले करदाताको नाममा अतिरिक्त कर दायित्व सिर्जना गरेको हुन्छ। यस्तो कर दायित्व के कति कारणले सिर्जना भएको हो भन्ने विषयमा सम्बन्धित व्यक्तिले जानकारी पाउनु निजको अधिकार हो। ऐनको उपर्युक्त व्यवस्था हेर्दा कुनै व्यक्तिको हकमा गरिएको कर निर्धारणको जानकारी सो व्यक्तिले प्राप्त नगरुञ्जेल सो कर निर्धारणबाट सिर्जना भएको कर दायित्वले वैधानिकता प्राप्त गर्न सक्दैन।

करदाताको नाममा जारी गरिने प्रारम्भिक कर निर्धारण आदेश वा अन्तिम कर निर्धारण आदेश वा विशेष आदेश सकेसम्म सम्बन्धित करदाता वा निजको आधिकारिक प्रतिनिधिलाई प्रत्यक्ष रुपमा बुझाउनु पर्दछ। करदाता वा निजको प्रतिनिधिलाई प्रत्यक्षतः बुझाउन नसकिएमा कार्यालयको अभिलेखमा रहेको त्यस्तो करदाताको टेलिफ्याक्स, टेलेक्स, वा त्यस्तै विद्युतीय उपकरणमार्फत पठाइएको वा त्यस्तो आदेश निज वा निजको कार्यालयमा बुझाएको वा निजको ठेगानामा रजिष्ट्री गरी हुलाकमार्फत पठाएको भएमा सो सूचना करदातालाई रितपूर्वक तामेल भएको अर्थात निज करदाताले बुझिलिएको मानिने व्यवस्था ऐन तथा नियमावलीले गरेको छ। तर उपर्युक्त अनुसार म्याद तामेल गर्दा म्याद तामेल भएको प्रमाणित गर्ने देहायको कागजात फाइल संलग्न गर्नुपर्दछ।

(क) करदाता वा निजको प्रतिनिधिलाई प्रत्यक्ष रुपमा बुझाइएको अवस्थामा सम्बन्धित करदाता वा निजको प्रतिनिधिले बुझी लिएको निस्सा,

(ख) करदाताको कार्यालयमा बुझाइएको अवस्थामा सो करदाताको कर्मचारी वा कार्यालयमा उपस्थित रहेको व्यक्तिले बुझी लिएको निस्सा,

(ग) टेलिफ्याक्स, टेलेक्स, वा त्यस्तै विद्युतीय उपकरणमार्फत पठाइएको सूचनाको हकमा त्यस्तो सूचना करदाताको विद्युतीय माध्यममा प्राप्त भएको निस्सा,

(घ) हुलाक वा कुरियरमार्फत तामेलीको लागि पठाएको भएमा सो सूचना करदाताले हुलाक वा कुरियरबाट बुझी लिएको निस्सा।

उपर्युक्त तरिकाबाट करदातालाई कर निर्धारण आदेशको सूचना तामेल गर्न नसकिएमा कर अधिकृतले सम्बन्धित करदातालाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकामा तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउनु पर्दछ। त्यसरी सूचना गरिएको अवस्थामा सम्बन्धित करदाताले जानकारी पाएको मानिन्छ।

साथै करदाताले विद्युतीय माध्यमबाट कर विवरणहरु दाखिला गर्दछन् र त्यस प्रयोजनको लागि आधिकारिक रुपमा गोप्य शब्द (Password) लिनु पर्ने र करदाताले आफ्नो इमेल ठेगानाबाट कर विवरण दाखिला गर्ने र सम्बन्धित कार्यालयमा पेश गरेको इमेल ठेगाना कर प्रशासनको सुचना प्रणालीमा सुरक्षित रहने हुँदा उक्त इमेल ठेगानामा सूचना तामेली गरेको अवस्थामा सम्बन्धित करदाताले जानकारी पाएको मानिनेछ।

## ९.१४ महानिर्देशकले कर निर्धारण गर्न आदेश दिन सक्नेः

कुनै करदाताको कर निर्धारण गर्दा कर अधिकृतले ऐन तथा नियमावलीले तोकेका प्रक्रियाहरु अवलम्बन तथा ऐन तथा नियमावलीले निजलाई प्रदान गरेका अधिकारहरुको समुचित प्रयोग गरी पुष्ट आधार तथा कारण खुलाई गर्नुपर्दछ। कुनै व्यक्तिको कर निर्धारण गर्ने सिलसिलामा अनियमितरुपमा कर निर्धारण हुन लागेको छ वा कुनै व्यक्तिको कर अधिकृतको लापरवाही वा बदनियतले घटी कर निर्धारण भएको भन्ने जानकारी

महानिर्देशकलाई प्राप्त भएमा त्यस्तो अनियमितता वा त्रुटिलाई संशोधन गर्न महानिर्देशकले आदेश दिन सक्ने व्यवस्था ऐनमा रहेको छ। यस सम्बन्धमा ऐनको दफा ३०क. मा निम्न व्यवस्था गरिएको छः

**दफा ३०क. पुनः कर निर्धारणको लागि आदेश दिन सक्नेः (१) कर निर्धारण भई नसक्दै त्यस्तो कर निर्धारण सम्बन्धी कुनै कारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ।**

**(२) कर अधिकृतले लापरवाही वा बद्नियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ।**

महानिर्देशकले विभागीय प्रमुखको हैसियतले मातहतका कार्यालयका सबै काम कारवाहीको अनुगमन गर्नुपर्दछ। यसै क्रममा महानिर्देशकले कार्यालयले गर्ने कर निर्धारणको समेत अनुगमन गर्न सक्ने व्यवस्था ऐनले गरेको छ। ऐनको यस व्यवस्था अनुसार दुई वटा अवस्थामा महानिर्देशकले कर निर्धारण वा पुनः कर निर्धारण गर्न मातहत कार्यालयलाई आदेश दिन सक्ने व्यवस्था रहेको छ। पहिलो, कुनै करदाताको कर निर्धारण प्रक्रियामा रहेको तर अन्तिम किनारा भई नसकेको अवस्थामा सो कर निर्धारण अनियमित हुन लागेको भन्ने सूचना वा जानकारी कुनै माध्यमबाट महानिर्देशकलाई प्राप्त भएमा महानिर्देशकले सम्बन्धित कर अधिकृत वा अन्य कर अधिकृतलाई कर निर्धारण वा पुनः कर निर्धारण गर्न आदेश दिन सक्दछ। दोस्रो कुनै करदाताको कर निर्धारण गर्दा कुनै कारणले घटी कर निर्धारण भएको सूचना वा जानकारी महानिर्देशकलाई प्राप्त भएमा त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न महानिर्देशकले आदेश दिन सक्ने व्यवस्था समेत ऐनले गरेको छ। तर त्यस्तो आदेश दिँदा शुरु कर निर्धारण भएको मितिबाट ४ वर्षभित्र दिई सक्नु पर्दछ।

### ९.१५ कर निर्धारण आदेश बमोजिमको कर दाखिला गर्नेः

करदाताको कारोबार जाँच एवं छानविन गरे पश्चात् कर निर्धारण गरी कुनै कर दायित्व सिर्जना भएको र उक्त कर निर्धारण आदेशको सूचना करदातालाई तामेली भएको अवस्थामा महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन वा राजस्व न्यायाधिकरणमा पुनरावेदन मुद्दा दर्ता गरेको वा अन्य अदालतमा मुद्दा दायर गरेको अवस्था बाहेक अन्य अवस्थामा उक्त आदेशमा उल्लेख गरिएको समयावधिभित्र करदाताले उक्त कर दायित्व चुक्ता गर्नुपर्दछ। यस सम्बन्धमा मल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३० मा देहाय बमोजिमको व्यवस्था रहेको छः

***नियम ३० कर, जरिवाना, थप दस्तुर र व्याजको रकम बुझाउनु पर्नेः नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको रकम सम्बन्धित करदाताले त्यस्तो आदेशमा उल्लिखित मितिभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ।***

# परिच्छेद १०

# दण्ड सजाय

मूल्य अभिवृद्धि कर ऐनले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने व्यक्ति वा करदाताले पालना गर्नुपर्ने विभिन्न दायित्व निर्धारण गरेको छ। ऐनले कर लाग्ने कारोबार गर्ने व्यक्ति दर्ता हुनु पर्ने, दर्ता भएको व्यक्तिले कर संकलन गरी आवधिक रुपमा कर दाखिला गर्नुपर्ने, बीजक जारी गरी कारोबार गर्नुपर्ने, कारोबारसँग सम्बन्धित खरिदमा तिरेको कर मात्र कट्टी गर्नुपर्ने, कारोबारको अभिलेख अद्यावधिक राख्नु पर्ने, बजार मूल्यमा कारोबार गर्नुपर्ने जस्ता दायित्व निर्धारण गरेको छ। उपर्युक्त अनुसारका दायित्व पूरा नगर्ने वा ऐनका अन्य व्यवस्थाको उल्लङ्घन गर्ने व्यक्तिलाई विभिन्न प्रकारका जरिवाना तथा सजाय हुने व्यवस्था ऐनले गरेको छ। कानूनको परिपालना गर्ने र नगर्ने व्यक्तिबीच विभेद नगरिंदा कानुनको परिपालना गर्ने प्रवृत्तिमा ह्रास आई कर संकलनमा प्रतिकुल असर पर्न सक्ने अवस्थालाई दृष्टिगत गरी तथा कानुनको उल्लङ्घन गर्दा सजायको भागी हुनु पर्ने मान्यतालाई आत्मसात् गरी यस्तो जरिवाना तथा सजायको व्यवस्था गरिएको हो। ऐनका व्यवस्थाको उल्लङ्घन गर्ने व्यक्तिलाई हुने जरिवाना तथा सजायका सम्बन्धमा ऐनको दफा २९ मा विस्तृत व्यवस्था गरिएको छ। ऐनको व्यवस्था अनुसार कसुर मानिने अवस्था र त्यस्तो कसुरमा हुने जरिवाना तथा सजाय सम्बन्धमा यस परिच्छेदमा ब्याख्या गरिएको छ।

## १०.१ दर्ता नभई कारोबार गरेमाः

मूल्य अभिवृद्धि कर ऐनले कर लाग्ने भनी तोकेका वस्तु तथा सेवाको कारोबार गर्ने व्यक्तिले दर्ता भई कारोबार गर्नुपर्दछ। दर्ता हुन नपर्ने भनी ऐन वा नियमावलीबाट तोकिएका व्यक्तिबाहेक कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने व्यक्तिले दर्ता नगरी कारोबार गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिने व्यवस्था रहेको छ। दर्ता सम्बन्धमा ऐनमा देहायबमोजिमको व्यवस्था रहेको छः

**दफा ५ख.: दर्ता गर्ने आदेश दिन सक्नेः दर्ता हुनु पर्ने व्यक्तिले दर्ता नगरी कुनै कारोबार गरिरहेको छ भन्ने कुरा कर अधिकृतलाई मनासिब लागेमा त्यस्तो व्यक्तिलाई दर्ता गर्न आदेश दिन सक्नेछ।**

**तर दफा ९ बमोजिम तोकिएको रकमसम्मको मात्र कारोबार गरेको हुँदा दर्ता हुनु नपर्ने भन्ने जिकीर लिने व्यक्तिले दर्ता गर्ने आदेश प्राप्त भएको मितिले तीस दिनभित्र सो कुराको प्रमाण पेश गर्नुपर्नेछ।**

**दफा १० दर्ताः (१) कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।**

**(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।**

**दफा १०क. अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) अस्थायी रूपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा अन्य यस्तै कारोबारको हकमा कारोबार सुरु हुनुभन्दा अगावै आयोजक तथा त्यस्तो आयोजनामा कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएका व्यवसायी तोकिए बमोजिम मूल्य अभिवृद्धि करमा अस्थायी रूपमा दर्ता हुनु पर्नेछ।**

**दफा १०ख. संयुक्त उपक्रमको दर्ता सम्बन्धी विशेष व्यवस्थाः (१) कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) खडा गरेमा त्यस्ता व्यक्तिहरू दर्ता रहेका कार्यालयमध्ये कुनै एक कार्यालयको कर अधिकृतसमक्ष त्यस्तो संयुक्त उपक्रम अस्थायी रूपमा दर्ताको लागि निवेदन दिनु पर्नेछ।**

उपर्युक्त कानूनी व्यवस्थाको परिपालना नगर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) ले देहाय बमोजिमको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (क)ः दफा ५ख. बमोजिम दर्ता गर्न कर अधिकृतले दिएको आदेश वा दफा १० को उपदफा (१) वा (२) उल्लङ्घन गरेमा वा दफा १०क. को उपदफा (१), दफा १०ख. को उपदफा (१) र दफा १०ख१. को उपदफा (१) बमोजिम दर्ता नभएमा प्रत्येक पटक बीस हजार रुपैयाँ**

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण १०.१**

| |
|---|
| मानौं जनकपुरको बाह्रविघा मैदानमा बडा दशैंको अवसरमा स्थानीय मेला आयोजकले व्यापार मेला सञ्चालन गरेको रहेछ। आफ्नो कार्य क्षेत्रभित्र बजार अनुगमनको क्रममा आन्तरिक राजस्व कार्यालय जनकपुरबाट खटिई गएको कर अधिकृतका टोलीले जाँचबुझ गर्दा त्यहाँ रहेका विभिन्न स्टलहरुले वस्तु बिक्री गर्ने र आफूले प्रदान गर्ने सेवाको प्रचारको कार्य गर्ने रहेछन्। ती स्टलहरुमा साविक मै मूल्य अभिवृद्धि करमा दर्ता भई विभिन्न स्थानमा कारोबार गर्दै आएका व्यापारिक फर्महरुले स्टक ट्रान्सफर गरी मालसामान त्यहाँ ल्याएर संक्षिप्त कर बिजक जारी गरी वस्तु बिक्री गरेका र सेवा प्रदायकहरुले सेवाको प्रचार गर्ने गरेको पाइएको। मेला स्थल प्रवेश गर्दा प्रति व्यक्ति रु.५०।- प्रवेश शुल्क तिर्नु पर्ने र मेला स्थलमा राखिएको चिल्ड्रेन पार्कमा रहेका विभिन्न मनोरञ्जनका साधनमा वेग्लै शुल्क समेत तिर्नु पर्ने रहेछ। तर मेला आयोजक र चिल्ड्रेन पार्क सञ्चालक मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०क. बमोजिम अस्थायी रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भने भएको रहेनछ। यसमा कर अधिकृतले मेला आयोजक र चिल्ड्रेन पार्क सञ्चालक प्रत्येकलाई मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम वेग्ला वेग्लै विशेष आदेश जारी गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रत्येकलाई बीस हजार रुपैयाँ जरिवाना गरी मूल्य अभिवृद्धि करमा अस्थायी दर्ता गर्नुपर्दछ। साथै मेला समाप्त भएको सात दिनभित्र कारोबारको विवरण पेश गरी लाग्ने कर दाखिला गर्ने जानकारी गराउनु पर्दछ। यसरी पेश भएको विवरण परीक्षण र कर भुक्तानी यकिन गरेर तुरुन्त दर्ता खारेजी गरी दिनुपर्दछ। |

**उदाहरण १०.१क**

| |
|---|
| मानौं होटेल डिलक्स प्रा.लि. मूल्य अभिवृद्धि करमा दर्ता रहेनछ। उक्त प्रा.लि.ले आर्थिक वर्ष २०७७।७८ को आय विवरण २०७८ श्रावण १० गते पेश गरेको रहेछ। आन्तरिक राजस्व कार्यालयबाट २०७८ भाद्र ५ गते सो आय विवरणको द्रुत कर परीक्षण गर्दा होटेलको बिक्री रु.२८ लाख रहेको देखियो। उक्त होटेल २०७८ श्रावण १५ गते मूल्य अभिवृद्धि करमा दर्ता भएको रहेछ। |

आर्थिक वर्ष २०७७।७८ मा वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा कारोबार सीमा (थ्रेसहोल्ड) वार्षिक रु.२० लाख तोकिएको हुँदा सो होटेलले आफ्नो कारोबार रु.२० लाख नाघेको ३० दिनभित्र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्नेमा दर्ता नभई कारोबार गरेको पुष्टि भयो। यस्तो अवस्थामा ऐनको दफा १० को उपदफा (१) तथा नियमावलीको नियम ६ र ७ आकर्षित हुने हुँदा उक्त होटेलको कारोबार रु.२० लाख पुगेको मिति यकिन गरी सो मिति पश्चात् भएको बिक्री रु.८ लाखलाई कर सहितको मूल्य मानी सो मूल्यमा कर भिन्नले मूल्य अभिवृद्धि कर गणना गरी कर निर्धारण गर्नुपर्दछ। कर अवधि गणना गर्दा सो होटेलको कारोबार रु.२० लाख पुगेको मिति यकिन गरी दफा १९ बमोजिम थप दस्तुर, दफा २६ बमोजिम ब्याज तथा दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम रु.२०,००० जरिवाना र दफा २९ को उपदफा (१घ) बमोजिम कर बिगोको पचास प्रतिशत जरिवाना सहित कर निर्धारण गर्नुपर्दछ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा आर्थिक ऐन, २०७७ ले दर्ता नभई कारोबार गरेको अवस्थामा लाग्ने जरिवाना सम्बन्धी व्यवस्थामा संशोधन गरेको छ। यस सम्बन्धी थप ब्याख्या बुँदा नं. १०.१७क. मा गरिएको छ।

### १०.२ दर्ता सम्बन्धी सूचनामा परिवर्तनको जानकारी नदिएमा, कारोबारस्थल र शाखामा दर्ता प्रमाणपत्र नराखेमा र दर्ता प्रमाणपत्रको प्रयोग गर्नुपर्ने भनी तोकिएको कार्यमा प्रयोग नगरेमाः

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले दर्ता गर्दा पेश गरेको आवेदनमा उल्लेख भएका निज तथा निजको कारोबारसँग सम्बन्धित सूचना तथा विवरणहरुमा कुनै परिवर्तन भएको खण्डमा सोको जानकारी सम्बन्धित कार्यालयलाई दिई अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यसै गरी दर्ता प्रमाणपत्रलाई सबैले देख्ने गरी कारोबारको मुख्य स्थलमा र शाखा कार्यालय भएमा ती शाखाहरुमा कर अधिकृतद्वारा प्रमाणित गरेको दर्ताको प्रमाणपत्र सबैले देखिने ठाउँमा राख्नु पर्ने व्यवस्था समेत रहेको छ। त्यस्तै दर्ता भएको व्यक्तिले आफ्नो दर्ता नम्बरको प्रयोग मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार सम्बन्धी सबै कारोबार लगायत आयकर सम्बन्धी कागजात बैंक तथा बित्तीय संस्थामा ऋणको लागि दिइने निवेदन समेतका कागजातमा प्रयोग गर्नुपर्ने व्यवस्था ऐन तथा नियमले गरेको छ। उपर्युक्त व्यवस्थाको परिपालना नगर्ने व्यक्तिलाई हुने जरिवानाका सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ख) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ उपदफा (१) को खण्ड (ख)ः दफा १० को उपदफा (५) वा (६) उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ**

### १०.३ करपाटी नराखेमाः

व्यवसायिक कारोबार गर्ने व्यक्तिले तोकिए बमोजिमको ढाँचा, रंग र आकारमा करपाटी राख्नु पर्ने व्यवस्था नियमावलीको नियम १४क. मा छ। उपर्युक्त बमोजिम करपाटी नराख्ने व्यक्तिलाई हुने जरिवानाका सम्बन्धमा ऐनको २९ को उपदफा (१) को खण्ड (ख१) ले देहायको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (ख१)ः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम करपाटी नराखेमा वा तोकिएको ठाउँमा करपाटी नराखेमा पटकै पिच्छे दुई हजार रुपैयाँ**

**१०.४ कर बीजक जारी नगरेमा र वस्तु ढुवानी गर्दा कर बीजक साथमा नराखेमाः**

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा अनिवार्य रुपमा कर बीजक जारी गर्नुपर्दछ। वस्तु वा सेवा खरिद गर्ने व्यक्तिले पनि कर बीजक माग गर्नुपर्दछ। यसैगरी कर लाग्ने वस्तु ओसार पसार वा ढुवानी गर्दा कर बीजक साथमा राख्नु पर्ने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा १४ मा देहायको व्यवस्था रहेको छः

**दफा १४ को उपदफा (१)ः प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनु पर्नेछ।**

**दफा १४ को उपदफा (४)ः दश हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्रबाहिर ढुवानी गर्नेले कर बीजक साथमा राख्नु पर्नेछ।**

उपर्युक्त कर्तब्य पालना नगरेमा हुने जरिवाना सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ग) ले देहायको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (ग)ः दफा १४ को उपदफा (१) उल्लङ्घन गरी बीजक नदिएमा पटकै पिच्छे दश हजार रुपैयाँ र बीजक नलिएमा पटकै पिच्छे एक हजार रुपैयाँ।**

**१०.५ दर्ता नभएको व्यक्तिले कर असुल गरेमाः**

सामान्यतया मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिले कर संकलन गर्न हुँदैन। यस सम्बन्धमा ऐनको दफा १५ मा निम्न व्यवस्था रहेको छः

**दफा १५ दर्ता नभएको व्यक्तिले कर उठाउन नहुनेः (१) दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन हुँदैन।**

**(२) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ।**

**(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्नेछ।**

ऐनको उपर्युक्त व्यवस्थाको परिपालना नगरी दफा १५ को उपदफा (३) मा उल्लिखित कुनै निकाय वा संघ संस्थाबाहेक दर्ता नभएको कुनै व्यक्तिले कर असुल उपर गरेमा हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (घ) ले देहायको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (घ)ः दफा १५ उल्लङ्घन गरेमा उठाएको करको शतप्रतिशत**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै दर्ता नभएको व्यक्तिले करयोग्य वस्तु वा सेवाको आपूर्ति गर्दा कर असुल उपर गरेमा निजले असुल उपर गरेको कर बराबरको रकम जरिवाना गर्नुपर्दछ।

**१०.६ दर्ता भएको व्यक्तिले राख्नु पर्ने लेखा अद्यवाधिक नराखेमाः**

दर्ता भएको करदाताले राख्नु पर्ने कारोबारको अभिलेखका सम्बन्धमा ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्था गरिएको छ। यस सम्बन्धमा ऐनको दफा १६ र नियमावलीको नियम २३ मा उल्लेख गरिएको छ। ऐन तथा नियमावलीको उपर्युक्त प्रावधान अनुसार लेखा अद्यावधिक नराख्ने एवं कर अधिकृतलाई निरीक्षण गर्न नदिएको अवस्थालाई कसुरको रुपमा लिएको छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ङ) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (ङ): दफा १६ को उपदफा (१) बमोजिम कारोबारको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे बीस हजार रुपैंयाँ।**

**१०.७ राख्नु पर्ने अभिलेख नराखेमा वा अभिलेखमा समावेश हुनु पर्ने सूचना समावेश नभएमाः**

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले दर्तावाला व्यक्तिले राख्नु पर्ने खाता, अभिलेख तथा अन्य सूचनाहरुको सम्बन्धमा दफा १६ तथा नियमावलीको नियम २३ मा व्यवस्था गरेको छ। ऐन तथा नियमावलीको उपर्युक्त प्रावधान अनुसार अभिलेख नराखेमा, अभिलेखमा समावेश हुनु पर्ने सूचना समावेश नगरेमा त्यस्तो कार्यलाई ऐनले कसुरको रुपमा लिएको छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (च): दफा १६ को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैंयाँसम्म।**

**१०.८ खरिद/बिक्री खाता तथा लेखा तोकिएको अवधिसम्म सुरक्षित नराखेमाः**

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता भएको वा नभएको व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि आफैंले प्रमाणित गरेको खरिद तथा बिक्री खाता लेखा राख्ने प्रयोजनको लागि राख्नु पर्दछ। साथै मूल्य अभिवृद्धि कर प्रयोजनका लागि राखिएको लेखा ६ वर्षसम्म सुरक्षित राख्नु पर्ने व्यवस्था रहेको छ। तोकिए बमोजिम खरिद तथा बिक्री खाता नराख्ने वा ६ वर्षसम्म लेखा सुरक्षित रुपमा नराख्ने कार्यलाई ऐनले कसुरको रुपमा लिएको छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (छ): दफा १६ को उपदफा (३) वा (४) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ।**

**१०.९ दर्ता नभएको व्यक्तिले खरिद बिक्री खाता नराखेमाः**

मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने तर ऐन तथा नियमावलीको प्रावधान बमोजिम दर्ता हुनु पर्ने कर्तव्य नभएको कारणले दर्ता नभएको व्यक्तिले पनि खरिद तथा बिक्री खाता आफैंले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था ऐनको दफा १६ को उपदफा (३क) ले गरेको छ। त्यस्ता खरिद तथा बिक्री खाता प्रमाणित गरी प्रयोग नगर्ने कार्यलाई ऐनले कसुरको रुपमा लिएको छ। त्यस्तो

कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ१) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (छ१): दफा १६ को उपदफा (३क) उल्लङ्घन गरेमा प्रत्येक पटक एक हजार रुपैंयाँ**

(उपरोक्त व्यवस्था भएकोमा आर्थिक ऐन, २०७८ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी दफा १६ को उपदफा (३क) र दफा २९ को उपदफा (१) को खण्ड (छ१) हटाइएको)

### १०.१० दर्ता भएको व्यक्तिले तोकिएको म्यादभित्र कर विवरण पेश नगरेमाः

दर्ता भएको व्यक्तिले प्रत्येक कर अवधिको लागि सो कर अवधि समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा वा कर अवधि समाप्त भएको मितिले १५ दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनिवार्य रुपमा कर विवरण पेश गर्नुपर्दछ। यसरी पेश गर्नुपर्ने कर विवरण तोकिएको म्याद भित्र पेश नगर्ने कार्यलाई ऐनले कसुरको रुपमा लिएको छ।त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाका सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ज) ले देहायको व्यवस्था गरेको छ।

**दफा २९ को उपदफा (१) को खण्ड (ज): दफा १८ को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि एकहजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम।**

उपर्युक्त व्यवस्था अनुसार कुनै व्यक्तिले आफूले पेश गर्नुपर्ने विवरण तोकिएको मितिमा तोकिएको निकायमा पेश नगरेमा सो विवरण बमोजिम निजलाई लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति कर अवधि अर्थात प्रति कर विवरण एक हजार रुपैयाँ मध्ये जुन बढी हुन्छ सो रकम जरिवाना गर्नुपर्दछ।यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण १०.२**

मानौं रामहरि ट्रेडर्स मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाता रहेछ। सो फर्मले मिति २०७५ श्रावण महिनामा गरेको कारोबारको आधारमा मूल्य अभिवृद्धि कर रु. एक करोड तीस लाख रुपैया दाखिला गर्नुपर्ने रहेछ।उक्त करदाताले २०७५ को भाद्र २५ गते भित्र कर विवरण बुझाउनु पर्नेमा असोजको १० गते मात्र कर विवरण बुझाएको रहेछ। यस्तो अवस्थामा उक्त करदाताले तोकिएको अवधि भन्दा १५ दिन ढिला गरी कर विवरण बुझाएको हुँदा प्रति कर अवधि रु.१,०००।०० वा बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर रु. एक करोड तीस लाखको प्रतिदिन ०.०५ प्रतिशतका दरले दैनिक हुने रु.६,५००।०० का दरले १५ दिनको हुने रु.९७,५००।०० मध्ये जुन बढी हुन्छ सो जरिवाना तिर्नुपर्ने हुँदा रु.९७,५००।०० जरिवाना स्वरुप तिर्नुपर्दछ।

### १०.११ जाँच तथा परीक्षण कार्यमा असहयोग वा बाधा विरोध गरेमाः

दर्ता भएको व्यक्तिले पेश गरेको कर विवरण र दाखिला गरेको कर ठिक भए नभएको तथा कुनै व्यक्तिले दर्ता नभई कर लाग्ने कारोबार गरे नगरेको सम्बन्धमा जाँच तथा परीक्षण गर्ने अधिकार ऐनको दफा २३ ले कर

अधिकृतलाई प्रदान गरेको छ। कानून प्रदत्त उक्त अधिकार बमोजिम कर अधिकृतले कुनै व्यक्तिको लेखा वा कारोबारको जाँच तथा परीक्षण गर्ने कार्यमा कुनै व्यक्तिले बाधा विरोध गरेमा वा असहयोग गरेमा त्यस्तो कार्यलाई ऐनले कसुरको रुपमा लिएको छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (झ) ले देहायको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (झ): दफा २३ बमोजिमको कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ**

**१०.१२ दर्ता भएको व्यक्तिले न्युन बीजकीकरण गरेमाः**

दर्ता भएको व्यक्तिले कर लाग्ने वस्तु तथा सेवा आपूर्ति गर्दा बजार मूल्यमा बीजक जारी गर्नुपर्दछ। कुनै व्यक्तिले मनासिब कारण बेगर बजार मूल्यभन्दा घटी मूल्यमा वा आफूले प्राप्त गरेको मूल्यभन्दा घटी मूल्यमा वस्तु वा सेवाको बीजक जारी गरेमा त्यस कार्यलाई न्यून बिजकीकरण भनिन्छ। करयोग्य वस्तु तथा सेवाको आपूर्ति गर्दा बजार मूल्यमा बीजक जारी गर्नुपर्ने भन्ने सम्बन्धमा ऐनको दफा १३ तथा दफा २३ग. एवं नियमावलीको नियम २२ ले स्पष्ट व्यवस्था गरेको छ। उपर्युक्त व्यवस्था विपरीत कुनै व्यक्तिले मनासिव कारणबिना प्रचलित बजार मूल्यभन्दा घटी मूल्यमा बीजक जारी गरेमा वा मूल्य वापत प्राप्त गरेको रकमभन्दा घटी मूल्यमा बीजक जारी गरेमा सो व्यक्तिले न्यून बिजकीकरण गरेको मानिने र त्यस्तो कार्य यस ऐन बमोजिम कसुर हुने व्यवस्था रहेको छ। उक्त कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ञ) ले देहायको व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (ञ): न्युन बिजकीकरण गरी बीजक काटेको पाइएमा प्रत्येक बीजकको लागि दुई हजार रुपैयाँ वा उपदफा (२) बमोजिम लाग्ने जरिवाना मध्ये जुन बढी हुन्छ सो रकम,**

**तर न्युन बीजकीकरण भएको वस्तु कार्यालयले आवश्यक सम्झेमा तोकिए बमोजिम खरिद गर्न गराउन सक्नेछ।**

**१०.१३ ऐन तथा नियमावलीमा भएका अन्य व्यवस्था उल्लङ्घन गरेमाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा उल्लेख भएका व्यवस्थाहरुमध्ये यस परिच्छेदको अनुच्छेद १०.१ देखि १०.१२ सम्म र अनुच्छेद १०.१४ देखि १०.१७ सम्ममा उल्लिखित व्यवस्थाहरु बाहेक अन्य व्यवस्थाहरु उल्लङ्घन भएमा सो कार्यसमेत यस ऐन बमोजिम कसुर हुने व्यवस्था रहेको छ। त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (ट) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (ट): यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैंयाँ।**

तर कुनै कर दायित्व सिर्जना हुने अर्थात ऐनको दफा २० बमोजिम कर निर्धारण हुने समेतको कसुर गरेको व्यक्तिको हकमा यस खण्ड बमोजिमको जरिवाना नगरी ऐनको दफा २९ को विभिन्न उपदफाहरुमा उल्लिखित जरिवानाहरु मध्ये कसुरको प्रकृति तथा मात्रा बमोजिम उपयुक्त हुने जरिवाना गर्नुपर्दछ।

**१०.१४ कम्प्युटरमा रहेको तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेमाः**

दर्ता भएको व्यक्तिले सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्प्युटरको माध्यमबाट स्वचालित रुपमा बीजक जारी गर्न पाउने व्यवस्था ऐनले गरेको छ।यसरी बिद्युतीय बीजक जारी गर्न कुनै व्यक्तिले प्रयोग गर्ने सफ्टवेयर कम्प्युटरमा रहेको जारी गरिएका बिक्री बीजक सम्बन्धी सूचना तथा तथ्याङ्क मेट्न वा संशोधन गर्न नसकिने किसिमको हुनुपर्दछ। तर कुनै व्यक्तिले त्यस्तो सूचना वा तथ्याङ्क मेट्न सकिने किसिमको सफ्टवेयर प्रयोग गरेमा त्यस कार्यलाई यस ऐनले कसुर मानेको छ।त्यस्तो कसुर गर्ने व्यक्तिलाई हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) को खण्ड (छ२) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (छ२): विद्युतीय बीजक जारी गर्न स्वीकृति लिएका वा स्वीकृती नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेको पाइएमा पाँच लाख रुपैयाँ**

सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा संचालन गर्ने व्यक्तिले विभागले विद्युतीय बीजक सम्बन्धमा जारी गरेको कार्यविधिको पालना गर्नुपर्नेछ।सो कार्यविधिको पालना नगरेमा हुने जरिवानाको सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१) खण्ड (छ३) मा देहायको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (१) को खण्ड (छ३): विद्युतीय बीजक जारी गर्न सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले दफा १४क. बमोजिम जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ**

**१०.१५ स्पष्ट जरिवाना तोकिएको बाहेक अन्य कसुर गरेमाः**

ऐनको दफा २९ को उपदफा (१) को खण्ड (क) देखि खण्ड (ट) सम्म, दफा २९ को उपदफा (१ख) तथा दफा २९ को उपदफा (२) ले तोकेको जरिवाना हुने कसुर बाहेक करको दायित्व घटाउने गरी कसैले कुनै कसुर गरेमा हुने जरिवाना सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१क) मा निम्न व्यवस्था गरिएको छ।

**दफा २९ को उपदफा (१क): यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले विभागले तोकेको आधारमा कर विगोको पच्चीस प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ।**

ऐनको उपर्युक्त व्यवस्था बमोजिम विभागले देहाय अनुसारको कसुरमा देहाय बमोजिमको जरिवाना गर्ने गरी तोकेको छः

| क्र.सं. | कसुरको प्रकृति | जरिवाना | उल्लङ्घन भएको दफा र नियम |
|---|---|---|---|
| (१) | **नपाउने कर कट्टी दावी गरेको अवस्थाः** | | |
| क | आंशिक कर कट्टी दावी गर्नुपर्नेमा पूरै दावी गरेको | बढी दावी गरेको कर कट्टीको १५ प्रतिशत | दफा १७ को उपदफा (२),<br>नियम ४१ को उपनियम (२) |
| ख | समानुपातिक कर कट्टी नगरेको वा सही नभएको | बढी दावी गरेको कर कट्टीको २० प्रतिशत | दफा १७ को उपदफा (३),<br>नियम ४० को उपनियम (३), नियम ४० को उपनियम (४) |

| | | | |
|---|---|---|---|
| ग | कर कट्टी गर्न नपाईने वस्तु तथा सेवाहरुको कर कट्टी दावी गरेको | दावी गरेको कर कट्टीको २० प्रतिशत | नियम ३९ को उपनियम (१), नियम ३९ को उपनियम (२), नियम ४१ को उपनियम (१) |
| घ | कारोबारसँग असम्बन्धित वस्तु तथा सेवाहरुको कर कट्टी दावी गरेको | दावी गरेको कर कट्टीको २० प्रतिशत | नियम ३९ को उपनियम (१) को खण्ड (क) |
| ङ | धरौटीमा रहेको रकमको कर कट्टी दावी गरेका | दावी गरेको कर कट्टीको २ प्रतिशत | दफा १२ को उपदफा (८) |
| च | बैंक ग्यारेण्टीमा आयात गरिएको रकमको कर कट्टी दावी गरेको | दावी गरेको कर कट्टीको २० प्रतिशत | नियम ३९ को उपनियम (१) को खण्ड (ग) |
| छ | अन्य फर्म वा व्यक्तिले खरिदमा तिरेको कर कट्टी दावी गरेको | दावी गरेको कर कट्टीको २५ प्रतिशत | नियम ३९ को उपनियम (१) को खण्ड (ख) र (ग) |
| ज | खर्च रकमहरु (जस्तैः भन्सार, अग्रिम आयकर, सेवा शुल्क आदि) | दावी गरेको कर कट्टीको २० प्रतिशत | दफा १७ को उपदफा (१) |
| झ | भवितव्य परेको प्रमाण पेश भएको अवस्थामा बाहेक सक्कल प्रज्ञापनपत्र वा कर बीजक पेश नगरी प्रतिलिपी पेश गरेको अवस्थामा | १ प्रतिशत जरिवाना गरी खातामा प्रविष्टि र मूल्य अभिवृद्धि भएमा प्रमाणित प्रतिलिपिको आधारमा कर कट्टी दिने | नियम ३९ को उपनियम (१) को खण्ड (ख) र (ग) |
| ञ | संक्षिप्त कर बीजकबाट कर कट्टी दावी गरेको | दावी गरेको रकमको ५ प्रतिशत जरिवाना गर्ने | नियम १८ को उपनियम (३) |
| **(२)** | **बिक्री कम देखाई कर घटाएको अवस्थाः** | | |
| क | गणितीय त्रुटी जस्तै जोड जम्मामा फरक परेको कारणबाट थप बिक्री कायम भएको अवस्था | थप करमा २० प्रतिशत जरिवाना गर्ने | ऐनको दफा २४ को उपदफा (१) र (२) |
| ख | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले त्यस्तो सेवाको मूल्य भुक्तानीका बखत कर निर्धारण र दाखिला नगरेमा | लाग्ने करको २५ प्रतिशत | दफा ८ को उपदफा (२) |
| ग | कुनै व्यक्तिले व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने | लाग्ने करको २५ प्रतिशत | दफा ८ को उपदफा (३) |

| | | | |
|---|---|---|---|
| | पचास लाख रुपैयाँ भन्दा बढीको भवन वा यस्तै संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराई कर दाखिला नगरेमा | | |
| **(३)** | **अन्य अवस्थाः**<br>उपर्युक्त कसुर र ऐनको दफा २९(१), दफा २९(१ख) र दफा २९(२) बमोजिम जरिवाना गर्नुपर्ने कसूर बाहेक अन्य कसूर गरी कसैले कर दायित्व घटाएको पाइएमा | थप करमा २५ प्रतिशत | |

## १०.१६ खरिद खातामा उल्लेख भएको भन्दा बढी बस्तु मौज्दात फेला परेमा हुने जरिवानाः

कुनै व्यक्तिको मौज्दात परीक्षण गर्दा निजले खरिद खातामा देखाएको खरिद अनुसार हुने मौज्दात भन्दा बढी मौज्दात फेला परेमा हुने जरिवानाका सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१ख) ले देहायको व्यबस्था गरेको छः

**दफा २९ को उपदफा (१ख)ः कुनै करदाताको मौज्दात परीक्षण गर्दा खरिद खातामा उल्लेख भएको भन्दा बढी बस्तु मौज्दात फेला परेमा कर अधिकृतले त्यस्तो बस्तुको आम्दानी बाँध्न लगाई त्यसरी बढी फेला परेको बस्तुको बजार मूल्य कायम गरी त्यस्तो मूल्यको पचास प्रतिशतले हुने रकम जरिवाना गर्न सक्नेछ।**

ऐनको उपरोक्त ब्यबस्था अनुसार जरिवाना गर्दा देहाय बमोजिम गर्नु पर्दछः

(क) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसुची १ मा परेका वस्तु वा सेवाको कारोबार गरेको कारणले मूल्य अभिवृद्धि करमा दर्ता नभएका वा मूल्य अभिवृद्धि कर दर्ताको थ्रेसहोल्ड भन्दा घटीको कारोबार भई मूल्य अभिवृद्धि करमा दर्ता नभएका (स्थायी लेखा नम्बर मात्र लिएका) करदाताको हकमा ऐनको उपरोक्त व्यवस्था लागु नहुने।

(ख) मूल्य अभिवृद्धि करमा दर्ता भएका मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने वा दुवै वस्तु वा सेवाको कारोबार गर्ने करदाताको हकमा मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने दुवै प्रकारका वस्तुको हकमा ऐनको उपरोक्त व्यवस्था लागु हुने।

## १०.१७ कारोबार नै नगरी बीजक मात्र जारी गरेमा हुने जरिवानाः

दर्ता भएको कुनै व्यक्तिले वस्तु वा सेवाको आपुर्ति वा हस्तान्तरण गर्दा बीजक जारी गर्नुपर्दछ। तर कसैले वस्तु वा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गरेमा कर छल्ने कसुर गरेको मानिने छ। यसरी कारोबार नै नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई कर छल्ने कसुर गरेको आधारमा गरिने जरिवाना सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१ग) मा निम्न व्यवस्था गरेको छः

**दफा २९ को उपदफा (१ग): वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई जारी बीजक मूल्यको पचास प्रतिशत जरिवाना वा ६ महिनासम्म कैद वा दुवै गर्न सक्नेछ।**

**१०.१७क. दर्ता हुनुपर्ने दायित्व भएका कुनै व्यक्तिले दर्ता नगरी कारोबार गरेमा हुने जरिवानाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता हुनपर्ने दायित्व भएको कुनै व्यक्तिले दर्ता नगरी कारोबार गरेमा हुने जरिवाना सम्बन्धमा ऐनको दफा २९ को उपदफा (१घ) ले देहायको व्यवस्था गरेको छ।

**दफा २९ को उपदफा (१घ): दर्ता हुनुपर्ने दायित्व भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको पचास प्रतिशतले हुन आउने रकम जरिवाना गर्न सक्नेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

उदाहरण १०.२क.

आन्तरिक राजस्व कार्यालयबाट बजार अनुगमनको क्रममा रंगरोगनको कारोबार गर्ने शिवपुरी सदाबहार ट्रेडर्सको कारोबारस्थल निरीक्षण गर्दा उक्त ट्रेडर्सले स्थायी लेखा नम्बर लिएको तर मूल्य अभिवृद्धि करमा भने दर्ता भएको देखिएन। पसलको आकार, सजावट र मालवस्तुको परिमाण हेर्दा अनुगमनमा खटिएका कर अधिकृतको टोलीलाई मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने अवस्थाको कारोबार भएको अनुमान भयो। कारोबारस्थलमा भेटिएका खरिद तथा बिक्री बीजकहरु र मौज्दात किताब परीक्षण गर्दा विगत बाह्र महिनामा साठी लाख बराबरको कर लाग्ने बस्तुको बिक्री गरेको देखियो। कर लाग्ने सीमा नाघेको ३० दिनभित्र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्नेमा दर्ता नभई कारोबार गरेको पुष्टि भयो। यसरी सो फर्मले गरेको मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने कारोबारको सीमा भन्दा बढी बिक्री रकम रू.१० लाखलाई मूल्य अभिवृद्धि कर सहितको मूल्य मानी सो मूल्यमा १३ प्रतिशतका दरले हुने मूल्य अभिवृद्धि कर गणना गरी कर निर्धारण गर्नुपर्दछ। यसरी कर निर्धारण गर्दा दफा १९ बमोजिम थप दस्तुर, दफा २६ बमोजिम व्याज तथा दफा २९ को उपदफा (१) को खण्ड (क) बमोजिम रु.२०,००० जरिवाना र दफा २९ को उपदफा (१घ) बमोजिम कर बिगोको पचास प्रतिशत जरिवाना सहित कर निर्धारण गर्नुपर्दछ।

**१०.१८ बदनियतपूर्ण ढंगले कर छल्ने कुनै कसुर गरेमाः**

यस परिच्छेदको अनुच्छेद १०.१५ सम्ममा उल्लेख गरिएका अवस्था तथा कसुर बाहेक कर छल्ने मनसाय वा नियत राखी कुनै व्यक्तिले नक्कली श्रेस्ता खडा गरी वा वास्तविक कारोबार भन्दा घटी मूल्यमा बीजक जारी गर्ने जस्ता जालसाजीजन्य कार्य गरी कर छलेमा वा कर दायित्व कम गरेमा त्यस्तो कार्यलाई बदनियतपूर्ण ढंगले कर छल्ने कसुर गरेको मानिने व्यवस्था ऐनले गरेको छ। यस्ता गम्भीर प्रकृतिका कसुर गरी कर छल्ने व्यक्तिलाई अधिकतम् जरिवाना तथा कैद समेत हुने व्यवस्था ऐनले गरेको छ।यस्ता गम्भीर प्रकृतिका कसुर गर्ने व्यक्तिलाई हुने जरिवाना तथा सजायका सम्बन्धमा ऐनको दफा २९ को उपदफा (२) ले देहाय बमोजिमको व्यवस्था गरेको छ।

**दफा २९ को उपदफा (२) कुनै व्यक्तिले देहाय बमोजिमका कुनै कसुर गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको शतप्रतिशत रकम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछः**

**(क) झुठ्ठा लेखा वा बीजक वा अन्य कागजात तयार गरेमा,**

**(ख) जालसाजी गरी कर छलेमा,**

**(ग) दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा,**

**(घ) न्यून बीजकीकरण गरी बिक्री गरेमा,**

**(ङ) दफा ३० को उल्लङ्घन गरी कारोबार गरेमा।**

कुनै व्यक्तिले झुठा लेखा वा बीजक वा अन्य कागजात तयार गरी, जालसाजी गरी, दर्ता नभएको व्यक्तिले कर उठाई, न्युन बीजकीकरण गरी वा निलम्बन भएको अवधिमा कारोबार गरेमा वा ऐनका प्रावधानहरुको उल्लङ्घन गरी कर दायित्व कम गरेमा वा कर छल्ने कार्य गरेमा त्यस्तो व्यक्तिलाई निजको त्यस्तो कार्यले कम भएको कर दायित्व वा छलिएको कर बराबरको रकम जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजाय गर्न सकिने व्यवस्था ऐनले गरेको छ।

## १०.१९ मतियारलाई सजाय हुनेः

यस ऐनमा उल्लिखित कुनै कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाहीवस त्यस्तो कसुर गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई समेत सजाय हुने व्यवस्था ऐनले गरेको छ। सो सम्बन्धमा ऐनको दफा २९ को उपदफा (३) मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २९ को उपदफा (३)ः यस ऐनमा उल्लिखित कुनै कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्तो व्यक्तिले घटी तिरेको करको पचास प्रतिशत रकम जरिवाना लाग्नेछ।**

यस ऐन बमोजिम कर दाखिला नगर्ने, झुठा वा भ्रमपूर्ण विवरण दिने, जालसाजी गर्ने, कर प्रशासनमा वाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्ने, अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कुनै कसुर गर्ने वा कुनै कसुर गर्न मतियारी गर्ने तथा ऐनको पालना नगर्ने जस्ता कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने, सहायता दिने, दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्तो मतियारीको कारणबाट घट्न गएको करको पचास प्रतिशत जरिवाना हुने व्यवस्था रहेको छ।

## १०.२० कसुर स्वीकार गर्ने व्यक्तिलाई लाग्ने जरिवानाः

कुनै व्यक्तिले नियमावलीको नियम २९ को उपनियम (३) बमोजिम अन्तिम कर निर्धारण नहुँदै आफूले ऐनको दफा २९ को उपदफा (२) को कुनै एक वा एकभन्दा बढी कसुर गरेको भनी लिखितरुपमा स्वीकार गरेमा विभागले सो व्यक्तिलाई त्यस्तो कसुर गरे वापत लाग्ने जरिवानामा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न आदेश दिन सक्ने व्यवस्था ऐनको दफा २९क. ले गरेको छ। सो दफामा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २९क. विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले दफा २९ को उपदफा (२) मा उल्लिखित एक वा एकभन्दा बढी कसुर**

**गरेको कुरा कारवाहीको प्रक्रिया शुरु हुनु अगावै लिखित रुपमा स्वीकार गरेमा त्यस्तो कसुर गरे वापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ।**

**(२) विभागले उपदफा (१) बमोजिमको आदेश दिँदा त्यस्तो आदेशमा त्यस्तो कसुरको विवरण, बुझाउनु पर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनु पर्ने मिति खुलाउनु पर्नेछ।**

**उदाहरण १०.३**

| |
|---|
| विवेक इण्डष्ट्रिज लिमिटेड मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाता रहेछ। सो फर्मले २०७५ वैशाख, जेष्ठ तथा आषाढमा नक्कली भन्सार प्रज्ञापन वनाई भवन निर्माणको लागि भनी निर्माण सामाग्री आयात गरेको देखाई रु.१०लाख मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रहेछ। कम्पनीको लेखा परीक्षण गर्ने क्रममा लेखा परीक्षकलाई यस सम्वन्धमा जानकारी प्राप्त भएछ र लेखा परीक्षकले यसको जानकारी कम्पनीको अध्यक्षलाई दिएका रहेछन्। कम्पनीको अध्यक्षले यो जानकारी प्राप्त भएपछि आफ्नो कम्पनीले मूल्य अभिवृद्धि कर छली गरेकोले यस वापत कर प्रशासनबाट कुनै पनि समयमा छानविन हुन सक्ने र सो कार्य वापत हदै सम्म कारवाही हुन सक्ने भयले कम्पनीको अध्यक्षले कम्पनीले गरेको कसुरको लिखित सूचना २०७५ आश्विन १५ गते कर प्रशासनलाई दिएछन्। कर प्रशासनले विवेक इण्डष्ट्रिज लिमिटेडका अध्यक्षले आफ्नो कम्पनीले गरेको कसुर स्वीकार गरी दिएको लिखित निवेदनको आधारमा कर प्रशासनले ऐनको दफा २९क.को व्यवस्था अनुसार छली गरेको कर रकम रु.१० लाख तथा जरिवाना वापत रु.१० लाख तथा कर चुहावट गरेको कर रकममा ऐनको दफा १९ अनुसार लाग्ने थप दस्तुर तथा ऐनको दफा २६ अनुसार लाग्ने व्याज गणना गरी २०७५ कार्तिक १५ गतेभित्र दाखिला गर्न सुचना दिएछ। कर प्रशासनले दिएको आदेश अनुसारको कम्पनीले कर, जरिवाना, थप शुल्क तथा व्याज दाखिला गरेकोले विवेक इण्डष्ट्रिज लिमिटेडलाई उल्लिखित यस कसुर वापत अन्य जरिवाना तथा सजाय गर्नुपर्दैन। |

**(३) विभागले यस दफा बमोजिम दिएको आदेश अन्तिम हुनेछ।**

दफा २९क. को आधारमा विभागले दिएको आदेशमा कसुरको विवरण, बुझाउनु पर्ने जरिवानाको रकम र जरिवाना बुझाउनु पर्ने मिति खुलाउनु पर्ने व्यवस्था समेत गरेको छ।ऐनको यस दफा बमोजिम विभागले दिएको आदेश अनुसार जरिवाना दाखिला गर्ने व्यक्तिका हकमा विभागले त्यसरी दिएको आदेश अन्तिम हुने अर्थात् सो आदेश उपर सो व्यक्तिले यस ऐनको दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन दिन पाउँदैन।

# परिच्छेद ११

# प्रशासकीय पुनरावलोकन र पुनरावेदन

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले न्यायिक उपचारलाई श्रृंखलाको रुपमा अंगाल्नु पर्ने व्यवस्था गरेको छ। यस अनुसार मर्का परेको ठान्ने करदाताले पहिले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनुपर्दछ। निश्चित समयमा विभागबाट उपचार नपाए वा त्यहाँबाट भएको निर्णयमा चित्त नबुझेमा करदाताले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्दछ। प्रशासकीय पुनरावलोकन सम्बन्धी प्रक्रिया यसै ऐन बमोजिम र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्ने र त्यसमा सुनुवाई गर्ने प्रक्रिया र शर्तहरु राजस्व न्यायाधिकरण ऐन, २०३१ र राजस्व न्यायाधिकरण नियमावली, २०३० द्वारा व्यवस्थित गरिएका छन्। ऐनको दफा ३१क. र दफा ३२ मा पुनरावलोकन र पुनरावेदन सम्बन्धमा कर अधिकृत वा आन्तरिक राजस्व कार्यालय वा ठूला करदाता कार्यालय वा आन्तरिक राजस्व विभाग वा कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी नेपाल सरकारले तोकेको अन्य कुनै अधिकृतद्वारा भएका कर निर्धारणको निर्णयबाट चित्त नबुझाउने करदातालाई उपचार खोज्ने, प्राप्त गर्ने प्रक्रिया र शर्तहरु निर्धारण गरिएका छन्। आन्तरिक राजस्व विभागको महानिर्देशक समक्ष पुनरावलोकन गर्ने र राजस्व न्यायाधिकरण समक्ष पुनरावेदन जान सक्ने प्रावधानका सम्बन्धमा विस्तृत ब्याख्या यस परिच्छेदमा गरिएको छ।

## ११.१ प्रशासकीय पुनरावलोकनको औचित्यः

कर अधिकृत वा विभागद्वारा भएका कर निर्धारणका निर्णयहरुलाई प्रशासनिक तवरबाट छानविन गर्ने एवं कानून सम्मत भए नभएको हेरिने प्रक्रियालाई प्रशासकीय पुनरावलोकन भनिन्छ। यसरी छानविनका आधारमा त्यस्ता निर्णयहरु कानून सम्मत भएको नदेखिएको हदसम्म त्यस्ता निर्णयहरु बदर गरिन्छ। तल्लो अधिकारीले प्रक्रियाहरु बारे ज्ञानको अभावमा, प्राविधिक÷गणितीय त्रुटीहरु गरेकोमा, लापरवाही वा दक्षताको अभावमा गरेको त्रुटीहरु माथिल्लो अधिकारी (महानिर्देशक) ले सच्याई समग्र आन्तरिक राजस्व विभाग एक एकिकृत निकायको तर्फबाट करदातालाई सकभर समूचित न्याय प्रदान गर्ने हेतुले तत्काल पुनरावलोकनको सुविधा प्रदान गर्न यो व्यवस्था गरिएको हो। यसबाट एकातिर कर अधिकृतबाट गरिएको गल्ति आन्तरिक रुपमा सच्याउने अवस्था रहन्छ भने अर्कोतिर करदाताले छिटो छरितो रुपमा न्याय पाउने संभावना रहन्छ।

## ११.२ प्रशासकीय पुनरावलोकनको प्रक्रियागत व्यवस्थाः

प्रशासकीय पुनरावलोकनको लागि करदाताले निवेदन पेश गर्दा अपनाउनु पर्ने प्रक्रियागत व्यवस्था, आन्तरिक राजस्व विभागले उक्त निवदेन उपर गर्नुपर्ने कारवाही र निर्णय गर्नुपर्ने अवधि आदिका व्यवस्थामा निम्न व्यवस्था रहेको छः

### ११.२.१ प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदनः

प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदनका सम्बन्धमा ऐनको दफा ३१क. को उपदफा (१), उपदफा (२), उपदफा (६), उपदफा (७) तथा उपदफा (८) मा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ३१क. प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेः (१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ।**

**(६) उपदफा (१) बमोजिम निवेदन दिने करदाताले निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकमको एक चौथाई रकम दाखिला गर्नुपर्नेछ।**

**(७) उपदफा (६) बमोजिम दाखिला गर्नुपर्ने रकम निवेदन दिनु भन्दा अगाडी नै बढी दाखिला गरेको रहेछ भने त्यस्तो रकमले खामेसम्मको रकम कटाई बाँकी रकम मात्र दाखिला गर्नुपर्नेछ।**

**(८) यस दफा बमोजिम दाखिला गरेको रकम मुद्दाको अन्तिम किनारा नलागेसम्म फिर्ता हुने छैन।**

प्रशासकीय पुनरावलोकनका लागि विभाग समक्ष निवेदन दिनुपर्दछ। त्यस्तो निवेदन दायर गर्न निम्न कार्यविधि पूरा गर्नुपर्दछः

१) कर अधिकृतले गरेको कर निर्धारणको निर्णयमा चित्त नबुझे सो विरुद्ध मात्र निवेदन दिनुपर्दछ।

२) निवेदन दिँदा त्यस्तो निर्णयको सूचना पाएको ३० दिन भित्र दिनुपर्दछ। कुनै कारणले निवेदन दिने उक्त म्याद गुज्रन गएमा सो म्याद गुज्रेका मितिले सात दिन भित्रै म्याद थप माग्न निवेदन दिन सकिन्छ।

३) म्याद थपको लागि परेको निवेदनमा विभागले छानविन गर्नुपर्दछ। त्यसरी छानविन गर्दा म्याद गुज्रेको मनासिव कारण देखिएमा म्याद गुज्रेको मितिबाट तीस दिन विभागले म्याद थप गरी दिन सक्तछ।

४) म्याद थपको लागि परेको निवेदनमा म्याद थप गर्नै पर्दछ भन्ने अनिवार्यता हुँदैन। कारण मनासिब नलागेमा विभागले म्याद थप नगर्न सक्तछ। तर त्यसरी म्याद थप नभएमा सोको लिखित जानकारी निवेदकलाई दिनुपर्दछ।

५) प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदनपत्रको ढाँचा र त्यसमा खुलाउनुपर्ने विषय बारे मूल्य अभिवृद्धि कर ऐन नियममा कुनै उल्लेख भएको पाइँदैन। यसो हुँदा सामान्य चलन चल्तिको पुनरावेदनको ढाँचामा निवेदन लेख्न सकिन्छ। निवेदनमा निवेदकलाई कर अधिकृतको निर्णयले मूल्य अभिवृद्धि कर ऐन तथा मूल्य अभिवृद्धि कर नियमावलीको कुन कुन व्यवस्था के कसरी उल्लंघन भएर निवेदकलाई के कति र के कस्तो मर्का परेको हो सो विषय खुलाउनका साथै पुनरावलोकन हुन पर्ने आधार र कारण स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ। सामान्यतः यस्तो निवेदनमा के कति कर, ब्याज, शुल्क लाग्नु पर्ने थियो वा लाग्नु पर्ने थिएन वा कति बढी लगाइयो भन्ने कुरा खोल्नु पर्दछ।

६) मूल्य अभिवृद्धि कर ऐन अन्तर्गतका सबै कुराहरु कर लाग्ने कारोबार र कर लाग्ने वस्तु वा सेवासँग सम्बन्धित हुन्छन्। तसर्थ करयोग्य कारोबार गर्ने व्यक्ति खास गरी कर तिर्ने वा कर असुल गर्ने दायित्व भएको व्यक्ति विरुद्ध नै ऐनका व्यवस्था अन्तर्गत रही कर निर्धारणको निर्णय हुने कुरा

स्वाभाविक हुन्छ। तसर्थ त्यस्तो निर्णय वा आदेशबाट मर्कामा परेको व्यक्तिले आफैं वा अधिकृत प्रतिनिधि÷वारेश मार्फत प्रशासकीय पुनरावलोकनको निवेदन दिने हक राख्दछ।

७) प्रशासकीय पुनरावलोकन वारिस (प्रतिनिधि) बाट दिन सकिन्छ। यसका लागि विधिसम्मत ढंगबाट सो प्रयोजनका लागि वारेस÷प्रतिनिधि मनोनित गरेको देखिने कागज संलग्न भएको हुन अनिवार्य हुन्छ।

८) प्रशासकीय पुनरावलोकन गर्दा अविवादित कर पुरै र निवेदकले विवाद उठाएको कर रकमको एक चौथाई बुझाएको निस्सा निवेदन साथ संलग्न हुनु अनिवार्य हुन्छ। अन्यथा करदाताको निवेदन प्रशासकीय पुनरावलोकनको लागि ग्राह्य हुन सक्तैन।

९) निवेदन साथ आफ्नो दावी, जिकिर पुष्टि गर्ने प्रमाणहरु संलग्न राख्नु पर्दछ।

यसैगरी प्रशासकीय पुनरावलोकनका लागि विभाग समक्ष निवेदन दिनु अघि कर विवरण पेश गर्नुपर्ने व्यवस्था मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३४ ले गरेको छ। नियमावलीको व्यवस्था देहाय बमोजिम रहेको छः

***नियम ३४. पुनरावेदन दिनु अघि कर विवरण पेश गर्नुपर्नेः नियम २९ बमोजिम गरिएको कर निर्धारण उपर करदाताले पुनरावेदन दिनु अघि आफ्नो सो अवधिको कर विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नुपर्नेछ।***

### ११.२.२ प्रशासकीय पुनरावलोकन गर्ने विभागको अधिकारक्षेत्रः

प्रशासकीय पुनरावलोकन गर्ने विभागको अधिकारक्षेत्रका सम्बन्धमा ऐनको दफा ३१क. को उपदफा (३) मा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ३१क. को उपदफा (३) करदाताको उपदफा (१) बमोजिम परेको निवेदन उपर छानविन गर्दा निवेदकको जिकीर सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले त्यस्तो कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ।**

आफू समक्ष परेको पनुरावलोकन गरी पाउँ भन्ने निवेदन रीतपूर्वक, कानूनको प्रक्रिया र शर्त पुगेको रहेछ भने महानिर्देशकले निवेदन उपर सुनवाइ गरी निर्णय दिनुपर्दछ। उपरोक्त कानूनी व्यवस्थालाई विश्लेषण गर्दा निवेदकले दिएको उजुरी मनासिब देखिएमा निज विरुद्ध भएका निर्णयलाई पूर्ण वा आंशिक रुपमा बदर गर्न महानिर्देशकले सक्दछ। त्यसै गरी जिकिर मनासिब नदेखिएमा निवेदकको माग नपुग्ने निर्णय गर्न सक्दछ। त्यसको जानकारी लिखित रुपमा निवेदकलाई दिनुपर्दछ।

### ११.२.३ प्रशासकीय पुनरावलोकनको निर्णयः

प्रशासकीय पुनरावलोकनको निवेदन माथिको निर्णयको समयावधि सम्बन्धमा ऐनको दफा ३१क. को उपदफा (४) तथा उपदफा (५) मा देहाय बमोजिमको कानूनी व्यवस्था रहेको छः

**दफा ३१क. को उपदफा (४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय दिनु पर्नेछ।**

**दफा ३१क. को उपदफा (५) उपदफा (४) बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले दफा ३२ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।**

दफा ३१क. को व्यवस्था अनुसार महानिर्देशकले प्रशासकीय पुनरावलोकनको निवेदन उपर निवेदन परेको मितिले साठी दिन भित्र छानविन गरी निर्णय गरी सक्नु पर्दछ। सो म्याद भित्र महानिर्देशकले निर्णय नदिएको स्थितिमा निवेदकले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्तछ। यस्तो अवस्थामा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न महानिर्देशकको निर्णय कुरिरहनु पर्दैन।

## ११.३ राजस्व न्यायाधिकरणः

मूल्य अभिवृद्धि करसम्बन्धी विवाद समाधानको पहिलो तह आन्तरिक राजस्व विभाग हो भने दोस्रो तह राजस्व न्यायाधिकरण हो। राजस्व सम्बन्धी विवाद निरुपण गर्न राजस्व न्यायाधिकरणको गठन भएको छ। राजस्व प्रशासनबाट जारी गरिएका कर निर्धारण आदेश वा भएका अन्य निर्णयबाट करदाताले अन्याय भएको भन्ने जिकिरसहित तोकिएको प्रक्रिया पूरा गरी पुनरावेदन गरेमा राजस्व न्यायाधिकरणले छिटो छरितो न्याय सम्पादन गरी विवादहरुको समाधान गर्दछ।

कर निर्धारण सम्बन्धी अधिकांश र सामान्य विवादहरु प्रशासकीय पुनरावलोकनमार्फत विभागबाटै निरुपण गरिन्छ। प्रशासकीय पुनरावलोकनसम्बन्धी व्यवस्थाले करदातालाई छिटो र छरितो निर्णय दिई विवाद समाधान गर्ने उद्देश्य राखेको हुन्छ। तर प्रशासकीय पुनरावलोकनबाट विवादित विषयहरुको निरुपण नभएको अवस्थामा करदाताले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिई इन्साफ माग गर्न सक्ने व्यवस्था रहेको छ। महानिर्देशकले प्रशासकीय पुनरावलोकनको निवेदनउपर गरेको निर्णय र महानिर्देशकले ऐनको दफा ३० बमोजिम करदाताको कारोबार निलम्बन गरेको विषयमा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सकिन्छ।

### ११.३.१ राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने

ऐनको दफा ३२ मा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छः

**दफा ३२ राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेः (१) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम विभागले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदन पत्रको प्रतिलिपि संलग्न गरी विभाग समक्ष लिखित जानकारी गराउनु पर्नेछ।**

ऐनको दफा ३२ अनुसार देहायका निर्णय विरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्दछः

(क) प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदनमा विभागले दफा ३१क. बमोजिम गरेको निर्णय,

(ख) प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदनमा विभागले दफा ३१क. बमोजिम निवेदन दिएको ६० दिन भित्र निर्णय नदिएमा कर अधिकृतले गरेको कर निर्धारणको निर्णय,

(ग) दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको निर्णय।

पुनरावेदन गर्ने कुरा कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ। पुनरावेदनद्वारा तल्लो अधिकारी वा निकायद्वारा भए गरेको निर्णय न्याय एवं कानून सम्मत भएको छ छैन जाँचिन्छ र न्याय एवं कानून प्रतिकूल देखिएको स्थितिमा त्यस्तो निर्णय बदर हुन्छ।

मूल्य अभिवृद्धि करको सन्दर्भमा हेर्दा शुरुदेखि नै पुनरावेदन गर्न पाइने गरी कानून बनेको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले सबै कर निर्धारणका निर्णय, आदेश विरुद्ध पुनरावलोकन गर्न पहिलो आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष जानुपर्ने र तहाँबाट भएको निर्णयमा चित्त नबुझेको स्थितिमा मात्र राजस्व न्यायाधिकरणमा जान सकिने गरी पुनरावेदनको अधिकारलाई व्यवस्थित गरेको छ।

पुनरावेदन गर्ने प्रक्रिया तथा पुनरावेदनमा निर्णय दिने अधिकार सम्बन्धी कुराहरु राजस्व न्यायाधिकरण ऐन, २०३१ र राजस्व न्यायाधिकरण नियमावली, २०३० द्वारा व्यवस्थित गरिएका छन्।

### ११.३.२ पुनरावेदनको ढाँचा तथा पुनरावेदनमा खुलाउनु पर्ने कुराः

पुनरावेदन गर्नका लागि राजस्व न्यायाधिकरण नियमावली, २०३० को अनुसूची २ मा ढाँचा तोकिएको छ। सो ढाँचामा पुनरावेदन तयार गर्नुपर्दछ। पुनरावेदनमा सो नियमावलीको नियम ९ द्वारा उल्लेख गरिएका कुराहरु खुलाउनु पर्दछ।

### ११.३.३ राजस्व न्यायाधिकरणको अधिकार क्षेत्रः

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ अनुसार पुनरावेदन सुन्ने सम्बन्धमा राजस्व न्यायाधिकरणका अधिकार निम्न हुन्छन्:

(क) मुद्दाको अन्तिम निर्णय गर्ने,

(ख) मुद्दामा ठहराउनुपर्ने कुरा खुलाई मुनासिब समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्न शुरु किनारा गर्ने अड्डा वा अधिकारी छेउ फिर्ता पठाउने,

(ग) शुरु किनारा गर्ने अड्डा वा अधिकारीले गरेको फैसला वा आदेशलाई सदर, उल्टी वा केही उल्टी गर्ने र सो तल्लो अड्डा वा अधिकारीले गर्न पाउने कारवाई वा निर्णय गर्ने,

(घ) आफैंले बढि प्रमाण बुझ्ने र तल्लो अड्डा वा अधिकारीबाट पनि बुझ्न लगाउने, र

(ङ) पक्ष र साक्षी झिकाउने, वयान लिने, प्रमाण बुझ्ने, कागज पत्र दाखिला गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने।

(च) न्यायाधिकरणले आफ्नो अवहेलनामा कारबाई चलाई दुई महिना कैद वा रु.५००।– जरिवाना वा दुवै सजाय गर्न सक्दछ। तर न्यायाधिकरणलाई सन्तोष हुने गरी क्षमायाचना गर्नेलाई क्षमा गर्न वा सजाय माफ वा घटाउन सक्ने अधिकार समेत प्राप्त छ।

### ११.३.४ राजस्व न्यायाधिकरणले गरेको निर्णयको अवस्थाः

सामान्यतः राजस्व न्यायाधिकरणले गरेका निर्णयहरु अन्तिम हुन्छन्। तर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ ले निम्न प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटि भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखि सर्वोच्च अदालतले आफु समक्ष पुनरावेदन गर्न अनुमति दिएमा न्यायाधिकरणको निर्णय वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछः

(क) अधिकारक्षेत्रको प्रश्न,

(ख) बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न, वा

(ग) बाध्यात्मक रुपमा पालन गर्नुपर्ने कार्यविधि सम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न,

(घ) गम्भीर कानूनी त्रुटि सम्बन्धी प्रश्न।

**११.३.५ पुनरावेदन गर्ने म्याद र म्याद थप सम्बन्धी व्यवस्थाः**

न्यायाधिकरणमा पुनरावेदन लाग्ने निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने कुराको म्याद सुचना तामेल भएकोमा सो मितिले ३५ दिन भित्र पुनरावेदन दिनुपर्दछ। प्रशासकीय पुनरावलोकनको निर्णयमा चित्त नबुझेमा वा समयभित्र प्रशासकीय पुनरावलोकनको निर्णय नभएको अवस्थामा मात्र राजस्व न्यायधिकरणमा पुनरावेदन गर्न सकिन्छ। अतः यस सम्वन्धमा तोकिएको समयभित्र प्रशासकीय पुनरावलोकनको निर्णय नभएमा वा प्रशासकीय पुनरावलोकनको निर्णय भएको ३५ दिनभित्र मात्र न्यायाधिकरणमा पुनरावेदन गर्न सकिनेछ। पुनरावेदन दिने म्याद नाघेपछि पुनरावेदन दर्ता हुन वा दर्ता भएको रहेछ भने पनि कायम रहन सक्दैन, खारेज हुन्छ। तर आफ्नो काबु बाहिरको परिस्थिति परी पुनरावेदन गर्ने म्याद गुज्रेको भए त्यस्तोमा गुज्रेको म्याद थमाई पुनरावेदन गर्न सकिन्छ। त्यस्तो परिस्थितिमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २२३ को आधारमा अवस्था र कारण देखाई राजस्व न्यायाधिकरण समक्ष पुनरावेदन गर्ने म्याद थामी पाउन निवेदन गर्नुपर्दछ। राजस्व न्यायाधिकरणले निवेदनमा उल्लेख भएको अवस्था र कारण मनासिब देखेमा पुनरावेदनको म्याद गुज्रेको मितिले १५ दिनको म्याद थप गरी पुनरावेदन दर्ता गर्न सक्नेछ।

**११.३.६ पुनरावेदन दस्तुर तथा दाखिला गर्नुपर्ने धरौटीः**

पुनरावेदन गर्दा रु.१००।– दस्तुर बुझाउनु पर्दछ।

राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा कानून बमोजिम बुझाउनुपर्ने रकम धरौटी राख्नु पर्दछ। धरौटी नराखी पुनरावेदन गर्न सकिँदैन। यस अनुसार धरौटी राख्नु पर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ अनुसार कर निर्धारण भएकोमा निर्धारित कर रकमको पचास प्रतिशत र जरिवाना भएकोमा जरिवाना भएको पुरै रकम धरौटी राख्नु पर्दछ। यस प्रयोजनको लागि निर्धारित कर रकम भन्नाले कार्यालयबाट कर निर्धारण भएको रकममध्ये विवादित (पुनरावेदन गर्न चाहेको) रकम मात्र बुझ्नु पर्दछ।

धरौटीको सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३३ मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ३३. धरौटी राख्नु पर्नेः (१) यस ऐन बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम वापत बैंक जमानत दिनु पर्नेछ।**

**(२) उपदफा (१) बमोजिमको धरौटी वा बैंक जमानतको रकम गणना गर्दा विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्नुपर्नेछ।**

**(३) उपदफा (१) बमोजिम सम्बन्धित कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैङ्क भौचर वा त्यस्तो रकम बराबरको बैङ्क जमानतपत्र पुनरावेदनपत्र साथ पेश गर्नुपर्नेछ।**

ऐनको उपरोक्त व्यवस्था अनुसार आन्तरिक राजस्व विभागबाट प्रशासकीय पुनरावलोकनको निर्णय भईसकेपछि कायम हुने जम्मा कर निर्धारण रकममध्ये पुनरावेदन जाने रकमको पचास प्रतिशतले हुने रकम धरौटी दाखिला गर्नुपर्दछ। विभागबाट कार्यालयको कर निर्धारण आंशिक बदर भएको अवस्थामा बांकी पच्चीस प्रतिशत पूरै दाखिला गर्नु नपर्ने पनि हुन्छ। करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गर्दा दाखिला गरेको पच्चीस प्रतिशत रकमलाई समेत यसमा गणना गर्न मिल्ने हुँदा बांकी पच्चीस प्रतिशत रकमको बैंक जमानत वा धरौटी दाखिला गर्नुपर्दछ।

### ११.३.७ पुनरावेदन गरेको सूचना विभागमा दर्ता गराउनु पर्नेः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ को उपदफा (२) अनुसार पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको १५ दिन भित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्दछ।

### ११.३.८ पुनरावेदन सम्बन्धी कारवाई तथा निर्णयः

पुनरावेदन दर्ता भइ मुद्दा चलिसकेपछि सो सम्बन्धी निर्णय गर्ने प्रक्रियाहरु सामान्य अदालतमा भए सरह हुन्छ। यस अर्थमा न्यायाधिकरणमा दुई पक्ष पुनरावेदक र प्रत्यर्थी विभाग दुवै पक्षबाट प्रस्तुत भएका कागज प्रमाण र पक्ष स्वयं वा उनीहरुका कानून व्यवसायीको खुला इजलासमा छलफल गराई सवुद प्रमाणको न्यायिक मूल्याङ्कन गरी निर्णय हुन्छ। तर प्रशासकीय पुनरावलोकनको सन्दर्भमा भने यस्तो सुनवाई हुने गर्ने व्यवस्था र प्रचलन देखिँदैन। तथापि प्रशासकीय पुनरावलोकनको सन्दर्भमा पनि कानून व्यवसायी वा विज्ञ/दक्षहरुको सहयोग लिई मर्का पर्ने व्यक्ति (Aggrieved Party) ले विभागमा जिरह गर्न सक्दछ। विभागले यसका लागि समुचित प्रबन्ध मिलाउनु पर्दछ।

### ११.३.९ पुनरावेदन निर्णयबाट ठहरेको कर कायम हुनेः

राजस्व न्यायाधिकरणमा पुनरावेदन परी निर्णय भएकोमा सो निर्णय कायम हुन्छ। राजस्व न्यायाधिकरणले कर तथा जरिवाना फरक तोकेको रहेछ भने शुरु कर अधिकृतले गरेको वा प्रशासकीय पुनरावलोकन निर्णयबाट ठहरेको कर वा जरिवाना रकम फरक परेको हदसम्म वदर भएर राजस्व न्यायाधिकरणले निर्धारण गरेको अंक कायम हुन्छ। सो अनुसारको रकमको असुली प्रक्रिया शुरु गरिन्छ। राजस्व न्यायाधिकरणले पुनः छानवीन गरी कर निर्धारण गर्न आदेश दिएको छ भने सोही अनुसार पुनः छानवीन गरी पुनः कर निर्धारण गर्नुपर्दछ।

### ११.३.१० पुनरावेदनको अवधिमा नियमित कार्य रोक्न नहुनेः

करदाताले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनुपूर्व करदाताले सो अवधिसम्मको कर विवरण पेश गर्नुपर्दछ। कर निर्धारण गरेको कारणले कर प्रशासन तथा करदाताबीच कुनै विवाद सर्जना भए सो विवादलाई न्यायिक निरुपण गरिनु पर्दछ। करदाताले आफ्नो कारोबार संचालन गरिरहेको हुँदा बीजक जारी गर्ने, खाता तथा अन्य अभिलेख अद्यावधिक गर्ने, आवधिकरुपमा कर विवरण पेश गर्नेलगायतका नियमित कार्यलाई निरन्तरता दिनुपर्दछ।

## ११.४ आदेश वा निर्देशन दिने व्यवस्थाः

कर अधिकृतले कर निर्धारण गर्ने सिलसिलामा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको अक्षर तथा भावना विपरीत हुने गरी कर निर्धारण गरेको वा गर्न लागेको भन्ने विषयमा महानिर्देशकलाई पूर्व जानकारी भएमा

मातहतका कर अधिकृतलाई आवश्यक आदेश दिन सक्ने व्यवस्था रहेको छ। यसरी पुनः कर निर्धारण गर्न आदेश सम्बन्धित कर अधिकृत वा अन्य कर अधिकृतलाई दिन सक्ने व्यवस्था रहेको छ। कर निर्धारण गर्ने सिलसिलामा कर अधिकृतले गर्नुपर्ने कुरा नगरेको र नगर्नुपर्ने कुरा गरेको वा विभागले जारी गरेको आचार संहिताको परिपालना नगरेको अवस्थामा उक्त कर्मचारीलाई कानून बमोजिम कार्यवाही गरी कर निर्धारण गर्ने जिम्मेवारी अन्य कर अधिकृतलाई सुम्पिन सक्दछ। यस सम्बन्धमा ऐनको दफा ३०क. ले गरेको छ।

**३०क. पुनः कर निर्धारणको लागि आदेश दिन सक्नेः (१) कर निर्धारण भई नसक्दै त्यस्तो कर निर्धारणसम्बन्धी कुनै कारवाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृत वा अन्य कुनै कर अधिकृतलाई आदेश दिन सक्नेछ।**

**२) कर अधिकृतले लापरवाही वा बदनियतसाथ कर निर्धारण गरी करको दायित्व घट्न गएको देखिएमा महानिर्देशकले त्यस्तो कर निर्धारण आदेशमा संशोधन गर्न शुरु कर निर्धारण भएको मितिबाट चार वर्षभित्र आदेश दिन सक्नेछ।**

## ११.५ पुनरावेदन व्यवस्थापन तथा फैसला कार्यान्वयन सम्बन्धी व्यवस्था

राजस्व न्यायाधिकरणबाट फैसला प्राप्त भएपछि सजकता अपनाई देहाय बमोजिम अभिलेख व्यवस्थापन तथा फैसला कार्यान्वयन गर्नुपर्दछः

**१. पुनरावेदनको लगत किताब राखेः** कार्यालयबाट भएको कर निर्धारणको आदेश उपर प्रशासकीय पुनरावलोकन वा राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदन परेको जानकारी प्राप्त हुना साथ लगत किताबमा रेकर्ड जनाई राख्ने। साथै फैसला सहितको सक्कल मिसिल प्राप्त हुनासाथ रेकर्ड राख्ने र फैसलाको कार्यान्वयन गरी लगत कट्टा गर्नुपर्दछ।

**२. लगत किताबमा पुनरावेदनको अनुमतिमा गए नगएको जनाउनेः** फैसलाको जानकारी प्राप्त भएपछि पुनरावेदनमा जाने वा नजाने सम्बन्धमा निर्णय गरी लगत किताबमा सो व्यहोरा समेत जनाई राख्ने। साथै पुनरावेदनको अनुमति माग गर्ने म्याद जनाउने स्लिप टांस गरी विवरण भर्ने र अभिलेख अद्यावधिक बनाउने। सफल भएकोमा कार्यालय प्रमुखले सफल रेकर्ड जनाई आवश्यक कार्यवाही गर्ने।

**३. पुनरावेदनको अनुमति सम्बन्धमाः** कार्यालय प्रमुखले सम्बन्धित शाखा वा कर अधिकृतबाट फैसलाको अध्ययन गराई अनुमतिमा जाने वा नजाने आधार र कारणसहित राय लिई सो राय समेतको आधारमा निर्णय गर्नुपर्दछ। कार्यालय प्रमुखले कानूनी प्रक्रिया पूरा गरी अनुमतिमा जानु पर्ने देखिएका मुद्दामा अनुमतिको लागि कार्यालयबाटै सम्मानित सर्वोच्च अदालतमा दर्ता गराउने व्यवस्था गर्नुपर्दछ। अनुमतिमा नजाने निर्णय भएमा निकासाको लागि विभागको कानून शाखामा फाइल पठाउनु पर्दछ। साथै कुनै विषयमा अनुमतिमा जाने वा नजाने भन्ने द्विविधा परेमा आधार र कारण खुलाई विभागमा निर्देशन माग गरी पठाउनु पर्दछ।

**४. अनुमतिमा जाने निर्णय भएमा निम्नानुसार गर्नेः**

क) रितपूर्वकको अनुमतिको निवेदन थान ३ तयार गर्ने। अदालतमा पठाउने प्रति नेपाली कागजमा शिरमा ५ इन्च र वांया किनारामा २ इन्च तथा बन्दमा २ इन्च छोडी टाइप गर्नुपर्ने। महान्यायाधिवक्ता कार्यालय र आफ्नो कार्यालयको लागि सेतो कागजमा उतार गरे पनि हुने।

ख) म्याद गुज्रिन गई म्याद थप गर्नुपर्ने छ भने सोको निवेदन समेत तयार गरी पुनरावेदनको अनुमतिको निवेदन साथै पठाउने। राजस्व न्यायाधिकरणबाट फैसलाको जानकारी सहितको मिसिल प्राप्त हुन आएपछि म्याद (३० + ३५ = ६५ दिन) भित्रै अनुमतिको निवदेन गर्ने नगर्ने सम्बन्धमा कारण र आधार सहित निर्णय गर्ने।

ग) निवेदन तयार गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ मा उल्लिखित निम्न व्यवस्था मध्ये कुन अवस्था देखाउन खोजिएको हो सो तर्फ ध्यान केन्द्रीत हुनु पर्ने।

(अ) अधिकार क्षेत्रको प्रश्न

(आ) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्नु नहुने प्रमाण बुझेको प्रश्न

(इ) बाध्यात्मक रुपमा पालन गर्नुपर्ने कार्यविधि सम्बन्धी कानूनको उल्लंघन गरेको प्रश्न

(ई) गम्भीर कानूनी त्रुटीको प्रश्न

**५. मासिक विवरण पठाउनु पर्नेः** पुनरावेदनको अनुमतिमा जाने नजाने सम्बन्धमा भएका निर्णयहरुको आधारमा पुनरावेदनमा गएको र पुनरावेदन नगरिएको मुद्दाको संख्या, पुनः कर निर्धारण गरिएको भए सोको संख्या समेत देखिने गरी पुनरावेदनको मासिक विवरण विभागमा पठाउनु पर्ने।

**६. पुनरावेदनको अनुमति माग सम्बन्धी मिसिलः** पुनरावेदनको अनुमति माग गर्दा सम्बन्धित कर अवधिको कर निर्धारण सम्बन्धी फाइलको सम्पूर्ण कागजातहरुको प्रमाणित नक्कल महान्याधिवक्ताको कार्यालयमा र सर्वोच्च अदालतले माग गरेको सक्कल फाइल समेत समयमै पठाउने र सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा दिने।

**७. अनुगमनः** पुनरावेदनको अनुमतिमा जाने नजाने सम्बन्धमा कार्यालयबाट भएका फाइलहरुमा विभागबाट समय समयमा अनुगमन गरिने।

# परिच्छेद १२

# कर भुक्तानी तथा असूली

मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारणमा आधारित कर हो। त्यसैले मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले आफूले वस्तु तथा सेवाको आपूर्तिमा संकलन गरेको करमा वस्तु तथा सेवा प्राप्त गर्दा तिरेको कर आफैंले समायोजन गरी खरिदमा तिरेको भन्दा बिक्रीमा संकलन गरेको रकम बढी भएमा बढी भएको हदसम्मको कर रकम दाखिला गर्नुपर्दछ। कर तिर्नुपर्ने दायित्व भएका यस्ता व्यक्तिले आफूले तिर्नुपर्ने प्रत्येक कर अवधिको कर रकम कर अवधि समाप्त भएको मितिले पच्चीस दिन भित्रमा बुझाउनु पर्दछ। यसैगरी, ऐनको दफा २० बमोजिम कर निर्धारण गरी नियमावलीको नियम २९ बमोजिम जारी गरिएको अन्तिम कर निर्धारण आदेशमा उल्लेख भएको रकम सोही आदेशमा उल्लेख भएको मिति भित्रमा दाखिला गर्नुपर्दछ।

करदाताले आफैले कर निर्धारण गरी दाखिला गर्नुपर्ने कर रकम तोकिएको समयभित्र दाखिला नगरी वा कम कर दाखिला गरी वा कर निर्धारण आदेश बमोजिमको रकम आदेशमा उल्लिखित मिति भित्र सम्बन्धित कार्यालयमा दाखिला नगरेमा त्यस्तो कर रकमलाई कर बक्यौता भनिन्छ।मूल्य अभिवृद्धि कर दाखिला र कर बक्यौता राख्ने व्यक्तिबाट कर असुल गर्ने प्रक्रिया एवं अधिकार सम्बन्धमा ऐनको दफा १९, २१, २३क., २३घ., २६ र ३१ तथा नियमावलीको परिच्छेद १० मा विभिन्न व्यवस्था रहेका छन्। यी कानूनी व्यवस्था अनुसार विभागले कर संकलन गर्ने प्रक्रिया अवलम्बन गरी कर संकलन गर्नुपर्दछ। ऐन नियमका यिनै व्यवस्थाहरुको ब्याख्या यस परिच्छेदमा गरिएको छ।

## १२.१ कर दाखिला गर्ने समय र करको भुक्तानीः

करदाताले कर विवरणमार्फत तिर्नुपर्ने भनी घोषणा गरेको मूल्य अभिवृद्धि कर निजको कर अवधि समाप्त भएको २५ दिनभित्र बुझाउनु पर्दछ। करदाताहरुको कर अवधि फरक फरक हुन सक्छन्। कारोबारको प्रकृति र करदाताको प्रकार अनुसार कर अवधि मासिक, द्वैमासिक र चौमासिक कायम गरिएको छ। करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चिस दिनभित्र बुझाउनु पर्दछ। यस सम्बन्धमा ऐनको दफा १९ मा निम्न व्यवस्था रहेको छ।

**दफा (१९) करको भुक्तानीः (१) करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्नेछ।**

करदाताले स्वयं कर घोषणा गर्नुका अतिरिक्त कहिलेकाँहि कर प्रशासनले समेत कर दाखिला गर्न आदेश दिन सक्दछ।करदाताले स्वयं कर निर्धारण गरी दाखिला गरेको कर रकम वास्तविक रुपमा दाखिला गर्नुपर्ने कर रकम भन्दा कम हुने गरी दाखिला गरेमा कर अधिकृतले ऐनको दफा २० तथा नियमावलीको नियम २९ अनुसार कर निर्धारण गर्न सक्दछ।यसरी निर्धारण गरिएको रकम कर निर्धारण आदेश प्राप्त गरेको मितिले कर निर्धारण आदेशमा तोकिएको मितिभित्र दाखिला गर्नुपर्दछ।यस सम्बन्धमा नियमावलीको नियम ३० मा निम्न व्यवस्था रहेको छ।

*नियम ३० कर, जरिवाना, थप दस्तुर र व्याजको रकम बुझाउनुपर्नेः नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको रकम सम्बन्धित करदाताले त्यस्तो आदेशमा उल्लिखित मितिभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्नेछ।*

दर्ता नभएको व्यक्तिले कर उठाउन पाउँदैन। तर कुनै करदाताले जानाजानी वा नजानीकन कर असूल गरेमा कर अधिकृतले त्यस्तो करदातालाई उठाएको कर रकम दाखिला गर्न कर निर्धारण आदेश जारी गर्दछ। त्यस्तो आदेश जारी भएमा सो आदेश जारी भएको मितिले सातदिन भित्र कर दाखिला गर्नुपर्दछ। यस सम्बन्धमा नियमावलीको नियम ३२ मा निम्न व्यवस्था रहेको छ।

*नियम ३२ दर्ता नभएको व्यक्तिले उठाएको करको निर्धारण र असुलीः (१) दर्ता नभएको कुनै व्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५ को उपदफा (२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई करको निर्धारण गरिनेछ।*

*(२) उपनियम (१) बमोजिम कर निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको व्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले पन्ध्र दिनभित्र बुझाउनु पर्नेछ।*

कुनै करदाताले तिर्नुपर्ने कर रकम नगद वा गुड फर पेमेन्ट चेक वा विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिन्छ। करदाताले गुड फर पेमेन्ट चेकमार्फत भुक्तानी गरेमा सो चेक कार्यालयले बुझेको मिति नै दाखिला भएको मिति मानिन्छ। त्यस्तै विद्युतीय माध्यमबाट भुक्तानी भएकोमा भुक्तानी आदेश भएको मितिमा भुक्तानी भएको मानिनेछ।यस सम्बन्धमा दफा १९ को उपदफा (७) मा निम्न व्यवस्था रहेको छ।

**दफा १९(७): उपदफा (१) मा उल्लिखित म्यादभित्र करको भुक्तानी विद्युतीय माध्यम वा बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) बाट समेत गर्न सकिनेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानी भएकोमा भुक्तानी आदेश भएको मितिमा र बैंकले प्रत्याभूति दिएको चेक (गुड फर पेमेन्ट चेक) मार्फत भुक्तानी भएकोमा कार्यालयले बुझेको मितिमा भुक्तानी भएको मानिनेछ।**

कुनै करदाताले भुक्तानी गर्नुपर्ने कर मध्ये दश लाख रुपैया भन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट भुक्तानी गर्नुपर्दछ। यस सम्वन्धमा ऐनको दफा १९ को उपदफा (७क) मा निम्न व्यवस्था रहेको छ।

**दफा १९ (७क) : उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश लाख रुपैयाभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट भुक्तानी गर्नुपर्नेछ।**

### १२.२ तोकिएको म्यादभित्र कर दाखिला नगरेमा थप दस्तुर र व्याज लाग्नेः

म्यादभित्र बुझाउनु पर्ने कर रकम नबुझएमा वा कम बुझाएमा बुझाउन बाँकी रहेको कर रकममा ऐनको दफा १९ को उपदफा (२) अनुसार वार्षिक १० प्रतिशतका दरले थप दस्तुर र दफा २६ अनुसार वार्षिक १५ प्रतिशतका दरले व्याज गणना गरी असूल गर्नुपर्दछ। ऐनले तोकेको म्यादभित्र बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा थप दस्तुर र व्याज लाग्दछ। थप दस्तुर र व्याजको गणना गर्दा म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा थप दस्तुरको

हकमा वार्षिक १० प्रतिशतका दरले दैनिक र व्याजको हकमा वार्षिक १५ प्रतिशतका दरले मासिक रुपमा गणना गरी असुल गर्नुपर्दछ। थप दस्तुरका सम्बन्धमा ऐनको दफा १९ को उपदफा (२) मा निम्न व्यवस्था रहेको छ।

**दफा १९ को उपदफा (२)ः करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।**

व्याजका सम्बन्धमा ऐनको दफा २६ मा निम्न व्यवस्था रहेको छः

**दफा २६ ब्याजः (१) यस ऐन बमोजिम बुझाउनु पर्ने कुनै रकम म्यादभित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मितिदेखि बुझाउन बाँकी रकममा ब्याज लाग्नेछ। त्यस्तो ब्याज दफा ३१क. बमोजिम प्रशासकीय पुनरावलोकन र दफा ३२ बमोजिम पुनरावेदनको लागि निवेदन दिएको अवस्थामा पनि गणना गरिनेछ।**

**(२) उपदफा (१) को प्रयोजनको लागि ब्याजको दर बार्षिक पन्ध्र प्रतिशत हुनेछ।**

ऐन बमोजिम लाग्ने थप दस्तुर, व्याज र जरिवाना रकमलाई समेत ऐनको दफा २७ ले कर सरह हुने भनी उल्लेख गरेकोले कर बक्यौतामा बुझाउन बाँकी मूल्य अभिवृद्धि कर लगायत दफा १९ अनुसार लाग्ने थप दस्तुर, दफा २६ अनुसार लाग्ने व्याज र दफा २९ अनुसार निर्धारण गरिएको जरिवाना रकम समेत समावेश हुन्छन्। सो सम्बन्धी ऐनका व्यवस्थाहरु देहाय अनुसार रहेका छन्।

**दफा १९ को उपदफा (२)ः करदाताले उपदफा (१) मा उल्लिखित म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा बाँकी रहेको कर रकममा बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ।**

**(५) उपदफा (२) बमोजिमको थप दस्तुरहरु र दफा २६ बमोजिमको व्याज हिसाब गर्दा बुझाउनु पर्ने कर रकमको दायित्व जुन महिनाको कारोबारबाट सिर्जना भएको हो सोही कर अवधीको कर बुझाउनु पर्ने म्याद गुज्रेको मितिदेखि नै गणना गरिनेछ।**

**(८) ब्याज, थप दस्तुर र जरिवाना माथि ब्याज असुल गरिने छैन।**

### १२.३ कर असूल गर्ने प्रक्रियाः

ऐन बमोजिम तोकिएको समयमा कुनै करदाताले कर नबुझाएमा सो कर असूल गर्ने सम्बन्धमा ऐनको दफा २१ मा निश्चित प्रक्रिया तोकिएको छ। महानिर्देशकको पूर्व स्वीकृति लिएर उक्त प्रक्रिया अनुसार कर असूल गर्नुपर्ने व्यवस्था रहेको छ। यी प्रक्रियाहरु अवलम्बन गर्नु पूर्व करदातालाई रकम दाखिला गर्न सूचना जारी गर्नुपर्दछ। सूचना जारी गर्दा समेत कर तिर्न अटेर गरी कर नतिरेमा देहायका कुनै वा सबै तरिका अपनाई कर असूल गर्न सकिने व्यवस्था रहेको छ। यी प्रक्रियाहरु कर बक्यौता राख्ने करदाताबाट कर दाखिला गराउने माध्यम हुन्। कर प्रशासनले करदाता स्वयंलाई कर दाखिला गराउन सूचित गरी उत्प्रेरित गराउनु पर्दछ। सूचित गराउँदा वा अनुरोध गर्दा पनि कुनै करदाताले बक्यौता रकम तिर्न बुझाउन अटेर गरी वा आलटाल गरी कर प्रशासनलाई सहयोग नगरेको खण्डमा देहायका कुनै वा सबै प्रक्रिया अपनाई कर असूल गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २१ को उपदफा (१) मा निम्न व्यवस्था रहेको छ।

**दफा २१ करको असुलीः (१) यस ऐन बमोजिमको म्यादभित्र बुझाउर्ने पर्ने कर कुनै करदाताले नबुझाएमा सम्बन्धित कर अधिकृतले देहायका कुनै वा सबै तरिका अपनाई कर असुल गर्न सक्नेछः**

**(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर।**

**(ख) करदाताको चल तथा अचल सम्पत्ति कब्जा गरेर।**

**(ग) करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरी सिलबन्दी बोलपत्र वा सार्वजनिक बढाबढद्वारा लिलाम बिक्री गरेर।**

**(घ) बैंक तथा अन्य वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।**

**(ङ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था वा स्थानीय तहहरूबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर।**

**(च) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम दावी गरेर।**

**(छ) करदाताको आयात निर्यात र अन्य कारोबार रोक्का गरेर।**

**(ज) नेपाल बाहिर जान रोक लगाएर।**

**(झ) म्यादभित्र बुझाउनु पर्ने कर नबुझाउने करदाताको नाम प्रकाशन वा प्रसारण वा विभागको वेभसाइटमा सार्वजनिक गरेर।**

**(२) उपदफा (१) बमोजिम कर अधिकृतले गरेको कारवाहीको जानकारी चौबिस घण्टाभित्र महानिर्देशकलाई दिनु पर्नेछ।**

**(३) कर असुली वा फिर्ता गर्दा एक रुपैयाँभन्दा घटी भएको रकमलाई हिसाबमा गणना गरिने छैन।**

### १२.३.१ करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेरः

यदि कुनै करदाताले कायम भएको बक्यौता रकम समयमा दाखिला नगरेको तर उक्त करदातालाई कुनै रकम फिर्ता गर्नुपर्ने रहेको छ भने त्यस्तो बक्यौता कर रकम करदातालाई फिर्ता गर्नुपर्ने रकमबाट कट्टा गरेर असूल गर्न सकिन्छ। यसरी करदातालाई फिर्ता गर्नुपर्ने रकमबाट कट्टा गरी बक्यौता कर रकम असूल गरिएको जानकारी सम्बन्धित करदातालाई दिनुपर्दछ।

### १२.३.२ करदाताको चल तथा अचल सम्पत्ति कब्जा गरेरः

करदाताले तिर्नुपर्ने कर दाखिला गर्नको लागि सूचना दिँदा समेत अटेर गरी बक्यौता कर नतिरेमा करदाताको नाममा रहेका चल तथा अचल सम्पत्ति रोक्का गरेर बक्यौता रकम असूल गर्न सक्ने व्यवस्था ऐनमा रहेको छ। चल सम्पत्ति अन्तर्गत नगद, बैंकको खातामा जम्मा रहेको (Bank Deposit), बिक्रीयोग्य सामान (Trading Goods), शेयर आदि पर्दछन् भने अचल सम्पत्ति अन्तर्गत करदाताको नाममा रहेको जग्गा वा घरजग्गा आदि पर्दछन्। बक्यौता कर असूली प्रयोजनका लागि करदाताको चल तथा अचल सम्पत्ति रोक्का राख्नुपूर्व सम्बन्धित करदातालाई बक्यौता रकम दाखिला गर्नको लागि सूचना दिनुपर्दछ। सूचना दिईसके पछि करदाताको चल वा अचल सम्पत्ति कर दाखिला नगरेसम्म बिक्री वितरण वा हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित कार्यालय वा निकायमा लेखी पठाउनु पर्दछ। यदि करदाताको कुनै सम्पत्ति कुनै व्यक्ति विशेषको संरक्षण वा नियन्त्रणमा छ भन्ने कर अधिकृतले थाहा पाएमा त्यस्तो सम्पत्ति रोक्का गर्न

सम्बन्धित व्यक्तिलाई समेत कर अधिकृतले आदेश दिनसक्ने व्यवस्था छ। सम्पत्ति रोक्का राख्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५२ ले निम्न व्यवस्था गरेको छ।

*नियम ५२ सम्पत्ति रोक्का सम्बन्धी व्यवस्थाः (१) ऐन र यस नियमावली बमोजिम बुझाउनु पर्ने कर, दस्तूर र ब्याज करदाताले नियम ३० बमोजिमको म्यादभित्र नबुझाएमा कर अधिकृतले ऐनको दफा २१ बमोजिम बक्यौता कर, दस्तुर, जरिवाना वा ब्याज असूल गर्नको लागि सम्पत्ति रोक्का राख्न सक्नेछ।*

*(२) उपनियम (१) को प्रयोजनको निमित्त करदाताको सम्पत्ति रोक्का गर्दा देहाय बमोजिम गर्नुपर्नेछ।*

*(क) सूचना दिईसकेपछि चल वा अचल सम्पत्ति कर दाखिल नगरेसम्म बिक्री वितरण वा हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित कार्यालयमा रोक्का गर्न लेखी पठाउने।*

*(ख) करदाताको कुनै सम्पत्ति कुनै व्यक्ति विशेषको संरक्षणमा वा साथमा छ भन्ने कर अधिकृतले थाहा पाएमा त्यस्तो सम्पत्ति रोक्का गर्न सम्बन्धित व्यक्तिलाई कर अधिकृतले यस नियमको अधीनमा रही आदेश दिने।*

यसरी समयमा कर दाखिला नगर्ने करदाताको नियम ५२ मा उल्लेखित प्रक्रिया पुरा गरी सम्पत्ति रोक्का राख्न सकिने छ।

**१२.३.३ करदाताको सम्पूर्ण वा केही सम्पत्ति एकै पटक वा पटक पटक गरी सिलबन्दी बोलपत्र वा सार्वजनिक बढाबढद्वारा लिलाम बिक्री गरेरः**

उपरोक्त अनुसार सम्पत्ति रोक्का गरेको अवस्थामा समेत कुनै करदाताले बक्यौता कर रकम तिर्न अटेर गरेमा रोक्का गरेको निजको सम्पत्तिमध्ये केही वा सबै, एकैपटक वा पटक पटक गरी लिलाम बिक्री गरेर बक्यौता रकम असूल गर्न सकिन्छ। यस्तो लिलाम बिक्री सिलबन्दी बोलपत्र वा सार्वजनिक बढाबढ गरी गर्न सकिन्छ। रोक्का सम्पत्तिको प्रकृति, बक्यौता रकमको राशी, करदाताको सहयोग र अन्य अवस्थाका आधारमा कुन प्रक्रिया पुरा गरेर बक्यौता कर रकम सहज रुपमा असूल हुन सक्दछ सो प्रक्रिया अवलम्बन गर्नुपर्दछ। करदाताको सम्पत्ति रोक्का गर्दा समेत उपरोक्तानुसार नियम ५२ मा उल्लेखित प्रक्रिया पुरा गर्नुपर्दछ। नियम ५२ अनुसार सम्पत्ति रोक्का गर्दा समेत बक्यौता असूल हुन नसकेको खण्डमा मात्र नियम ५३ अनुसार लिलाम बिक्री सम्बन्धी कारवाही अगाडि बढाउनु पर्दछ। लिलाम बिक्री सम्बन्धमा नियम ५३ मा उल्लेखित प्रक्रिया पुरा गर्नुपर्दछ। लिलाम बिक्री सम्बन्धमा नियम ५३ मा निम्न व्यवस्था गरिएको छ।

*नियम ५३ लिलाम बिक्री सम्बन्धी व्यवस्थाः (१) नियम ५२ बमोजिमको कारवाही गर्दा पनि कर असुल नभएमा कर अधिकृतले देहाय बमोजिमको प्रक्रिया पुऱ्याई करदाताको सम्पत्ति पूर्ण वा आंशिक रूपमा लिलाम बिक्री गरी कर असुल गर्न सक्नेछः–*

*(क) लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति यकीन गरी सो सम्पत्ति र लिलाम बिक्री गर्नुपर्ने कारण तथा लिलाम बिक्री हुने स्थान र मिति समेत उल्लेख भएको सूचना लिलाम हुने मितिभन्दा कम्तिमा पन्ध्र दिन अगावै सार्वजनिक रूपमा प्रकाशित गर्ने।*

*(ख) लिलाम गर्दा लिलाम गर्ने वस्तु रहेको स्थानको गाउँपालिका वा महा/ उपमहा/ नगरपालिकाको एक जना प्रतिनिधि वा नजीकको सरकारी कार्यालयको एक जना प्रतिनिधि र सम्भव भएसम्म करदाता वा निजको प्रतिनिधि समेतलाई साक्षी राख्ने।*

*(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट सर्वप्रथम लिलाम सम्बन्धी सम्पूर्ण खर्च असुल गरी बाँकी रहन आएको रकमबाट करदाताले तिर्नु पर्ने कर, दस्तुर, जरिवाना र ब्याजको रकम असुल उपर गरी बढी भएजति रकम करदातालाई फिर्ता गर्नुपर्नेछ।*

*(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि करदाताको सम्पत्ति लिलाम हुनु अगावै करदाताले लिलाम सम्बन्धी सम्पूर्ण खर्च, तिर्न बुझाउन पर्ने कर, दस्तुर, जरिवाना र ब्याज समेतको सम्पूर्ण रकम दाखिल गर्न ल्याएमा असुल उपर गरी लिलाम बिक्री बन्द गर्नुपर्नेछ।*

*(४) नियम ५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि करदाताले तिर्नुपर्ने कर असुल गर्न बाँकी छँदै कुनै बैंक वा वित्तीय संस्थामा निजको नाममा रकम जम्मा भएको जानकारी कर अधिकृतलाई प्राप्त भई त्यस्तो रकम असुल भएमा सो बाँकी कारवाही बन्द गर्नुपर्नेछ।*

*(५) आंशिक असुली हुने भएमा क्रमशः लिलाम सम्बन्धी खर्च, ब्याज, दस्तुर, जरिवाना र करको रकम असुल गरिनेछ।*

लिलाम बिक्री गर्नुपर्ने सम्पत्तिको मूल्यांकन गरी लिलाम हुने मितिभन्दा कम्तिमा १५ दिन अगाडि लिलाम बिक्री गर्नुपर्ने कारण तथा लिलाम बिक्री हुने स्थान र मिति खोली सार्वजनिक रुपमा सूचना प्रकाशित गर्नुपर्दछ। सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु अघि करदातालाई बक्यौता दाखिला गर्न बक्यौता रकम खुलाई लिखित रुपमा सूचित गर्नुपर्दछ।

सार्वजनिक सूचना गरिसकेपछि सो अनुसार लिलाम बिक्री गर्दा वस्तु रहेको स्थानको गाउँपालिका वा महा/उप-महा/नगरपालिकाको एक जना प्रतिनिधि वा नजिकको सरकारी कार्यालयको एक जना प्रतिनिधि र सम्भव भएसम्म करदाता वा निजको प्रतिनिधि समेतलाई साक्षी रोहवर राख्नु पर्नेछ। स्थानीय तहका प्रतिनिधि उपलब्ध हुन नसकेमा वा असमर्थता जनाएमा नजिकको अन्य सरकारी कार्यालयको प्रतिनिधिको रोहवरमा लिलाम प्रक्रिया अगाडि बढाउन सकिनेछ।

लिलाम बिक्री गर्ने प्रक्रियामा खर्च भएको सम्पूर्ण रकम समेत करदाताबाट असूल गर्नुपर्ने भएकोले लिलाम बिक्रीबाट प्राप्त रकममध्ये सर्वप्रथम लिलाम बिक्री प्रक्रियामा खर्च भएको रकम कट्टा गरी बाँकि रकमबाट कर बक्यौता असूल गर्नुपर्दछ। लिलाम बढाबढबाट प्राप्त रकमबाट उपरोक्तानुसार लिलाम प्रक्रियामा भएको खर्च र कर बक्यौता असूल भए पश्चात बाँकी रकम सम्बन्धित करदातालाई फिर्ता भुक्तानी गरी दिनुपर्दछ।

तर लिलाम बिक्रीको प्रक्रिया प्रारम्भ गर्नु पूर्व करदाताले स्वयंले लिलाम बिक्री प्रक्रियामा लागेको सम्पूर्ण खर्च लगायत बक्यौता सबै रकम बुझाउन मञ्जुर भै रकम दाखिला गर्न ल्याएमा करदाताको माग अनुसार लिलाम बिक्री प्रक्रिया बन्द गरी निजको सम्पत्ति करदाता स्वयंलाई फिर्ता दिनुपर्दछ।

सम्पत्ति रोक्का रहेको सम्बन्धमा कुनै अदालतमा निवेदन वा पुनरावेदन परी रोक्का रहने अवधि लामो हुन गई रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने वा नष्ट हुने देखिएमा कर अधिकृतले त्यस्तो माल वा वस्तु तुरुन्त

लिलाम बिक्री गरी आएको रकमलाई आम्दानी बाँध्नु पर्नेछ र रोक्का रहेको रकम पछि अदालतको निर्णयबाट करदाताले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएको रकममात्र निजलाई फिर्ता दिनुपर्दछ। करदाताले निजको माल वा वस्तु नै पाउँ भनी पछि दाबी गर्न पाउँदैन। सो सम्बन्धमा नियम ५४ मा निम्न व्यवस्था गरिएको छ।

***नियम ५४ तुरुन्त लिलाम गर्नेः नियम ५२ बमोजिम सम्पत्ति रोक्का सम्बन्धमा कुनै अदालतमा निवेदन वा पुनरावेदन परी रोक्का अवधि लामो हुन गई रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने वा नष्ट हुने देखिएमा कर अधिकृतले त्यस्तो माल वा वस्तु तुरुन्त लिलाम बिक्री गरी आएको रकमको आम्दानी बाँध्नु पर्नेछ र रोक्का रहेको रकम पछि अदालतको निर्णयबाट करदाताले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएका रकम मात्र निजलाई फिर्ता दिइनेछ। करदाताले माल वा वस्तु नै पाउँ भनी दाबी गर्न सक्ने छैन।***

**१२.३.४ बैंक तथा अन्य वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएरः**

बक्यौता रकम राख्ने करदाताको बैंक तथा अन्य वित्तीय संस्थामा रकम जम्मा रहेको सूचना पाइएमा सो रकमबाट समेत बक्यौता कर असूल गर्न सकिन्छ। यस सम्बन्धमा कर बक्यौता राख्ने करदाताको रकम भएको बैंक तथा वित्तीय संस्थालाई बक्यौता रकम दाखिला गर्नका लागि सूचना जारी गरी माग गर्न सकिनेछ। यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १२.१**

| |
|---|
| रामानन्द शर्मा आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरमा दर्ता रहेछ। निजले सो कार्यालयमा रु.५ लाख मूल्य अभिवृद्धि कर बुझाउन बाँकि रहेछ। बैंकसँग पत्राचार गर्दा एभरेष्ट बैंक लि., बानेश्वरमा निजको नाममा मुद्दती खातामा रु.१२ लाख रहेको देखिन आयो। पत्राचार गर्दा पनि निजले बक्यौता रकम तिर्न आनाकानी गरेको पाइएकोले निजको नाममा रहेको एभरेष्ट बैंकको मुद्दती खाताबाट रु.५ लाख कट्टा गरी पठाइ दिन एभरेष्ट बैंक लि. लाई पत्र लेखी सो रकम माग गरी बक्यौता रकम असूली गर्न सकिनेछ। |

**१२.३.५ नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था वा स्थानीय निकायहरूबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएरः**

कर बक्यौता राख्ने करदाताको नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था वा स्थानीय निकायहरूमा पाउने रकम रहेछ भने निज करदाताले पाउने रकमबाट त्यस्तो बक्यौता रकम कट्टा गर्न लगाएर कार्यालयमा दाखिला गर्न आदेश दिई बक्यौता रकम असूल गर्न सकिनेछ।

**१२.३.६ कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम दावी गरेरः**

कारोबारको सिलसिलामा एउटै करदाताको कुनै व्यक्ति वा निकायबाट लिनुपर्ने रकम हुन सक्छ भने कतै दिनुपर्ने रकम हुन सक्छ। बक्यौता राख्ने करदातालाई कुनै अन्य व्यक्ति वा निकायले निजलाई भुक्तानी दिन बाँकी रकम देखाएको छ भने ती व्यक्ति वा निकायबाट उक्त रकम माग गरी बक्यौता कर रकम असूल गर्न सकिनेछ। यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १२.२**

| |
|---|
| सौर्य गार्मेन्ट्सले आन्तरिक राजस्व कार्यालय, ललितपुरमा मूल्य अभिवृद्धि कर वापत रु.१३ लाख तिर्न बाँकी रहेछ। निजलाई कार्यालयबाट सो रकम बुझाउन पटक पटक पत्राचार भएको रहेछ। तर करदाताले सो रकम बुझाउन आलटाल गरेको देखियो। अनुसन्धानका क्रममा निजलाई व्यवसायको सिलसिलामा हरेराम चौधरीले रु.२२ लाख तिर्न बाँकी देखिन आयो। यस अवस्थामा आन्तरिक राजस्व कार्यालय, ललितपुरले हरेराम चौधरीलाई पत्राचार गरी निजले सौर्य गार्मेन्टसलाई तिर्नुपर्ने रकम मध्ये रु.१३ लाख दाखिला गराउन लगाउनु पर्दछ। |

### १२.३.७ करदाताको आयात निर्यात र अन्य कारोबार रोक्का गरेरः

कर बक्यौता राख्ने करदातालाई कर बक्यौता दाखिलाका लागि सूचना गर्दा समेत कर बक्यौता दाखिला नगरेमा त्यस्ता करदाताले गर्ने आयात निर्यात र अन्य कारोबार रोक्का गर्न सकिन्छ। उपर्युक्तानुसारको कारवाहीबाट करदाताले गर्ने नियमित कारोबार रोक्का भएमा मनोबैज्ञानिक दबाब पर्न गई करदाता स्वयंले बक्यौता कर फरफारक गर्न सक्दछन्। यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १२.३**

| |
|---|
| निर्माण सामग्री आपूर्ति गर्ने श्याम इन्टरप्राइजेज आन्तरिक राजस्व कार्यालय, भरतपुरमा दर्ता रहेको रहेछ। निजले कार्यालयलाई रु.एक करोड तिर्न बाँकी रहेछ। निजलाई रकम दाखिला गर्न पटक पटक पत्राचार गर्दा पनि निजबाट रकम दाखिला भएको रहेनछ। निजको नियमित कारोबार भैरहेको रहेछ। कार्यालयले बुझ्दा निजले कारोबारको सिलसिलामा बुटवल स्थित निर्माण कम्पनिलाई रु. दस करोडको सामान आपूर्ति गर्ने सम्झौता गरेको रहेछ। निजको नियमित कारोबार रोक्का गर्दा निजले आपूर्ति गर्नको लागि खरिद गरी राखिएको सामान आपूर्ति हुन नसक्दा थप आर्थिक दायित्व बढन जाने र सम्झौता अनुसारको कारोबार समेत हुन नसक्ने हुनाले निजलाई बक्यौता कर रकम रु. एक करोड दाखिला गर्न दबाब पर्न जान्छ। बक्यौता रकम असूल गर्न सो प्रभावकारी उपाय हुने सम्झी निजको कारोबार ७ दिनको लागि रोक्का हुने पत्राचार गरेको रहेछ। सात दिनसम्म बिक्री कारोबार बन्द हुँदा निजको भावी कारोबारमा प्रतिकूल असर हुने आंकलन गरी निजले बक्यौता रकम एक करोड दाखिला गरेछ। सो बक्यौता रकम दाखिला गरेपछि कार्यालयले कारोबार रोक्काको फुकुवा गरेको अवस्था रहेछ। |

### १२.३.८ संयुक्त उपक्रमका साझेदारहरुबाट असुल उपर गरेरः

दर्ता भएको कुनै संयुक्त उपक्रमको तिर्न बाँकी कर तिर्ने दायित्व मूलतः सम्बन्धित संयुक्त उपक्रमकै रहे पनि ऐनले संयुक्त उपक्रमका साझेदारहरु आफू संलग्न भएको संयुक्त उपक्रमको कर दायित्व बहन गर्न र भुक्तान गर्न जिम्मेवार रहने व्यवस्था गरेको छ। यस सम्बन्धमा ऐनको दफा १०ख. को उपदफा (४) मा निम्न व्यवस्था रहेको छः

**दफा १०ख. को उपदफा (४): संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा संलग्न व्यक्ति आफू संलग्न रहेको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) को कर दायित्व भुक्तान गर्ने प्रयोजनका लागि संयुक्त वा छुट्टाछुट्टै रुपमा जिम्मेवार हुनेछन्।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार दर्ता भएको कुनै संयुक्त उपक्रमले आफ्नो कर दायित्व भुक्तान नगरेमा सो संयुक्त उपक्रममा संलग्न व्यक्तिहरुबाट त्यस्तो बक्यौता रकम असुल उपर गरिनेछ। आफ्नो कार्यालयसंग सम्बन्धित संयुक्त उपक्रमका करदाताले दर्ताका बखत कार्यालयमा पेश गरेका अभिलेख अनुसार त्यसका साझेदार दर्ता रहेको आन्तरिक राजस्व कार्यालय पहिचान गरी करचुक्ता लगायतका सेवा बन्द गर्ने, त्यस्ता संयुक्त उपक्रमले संझौता गरेको सरकारी कार्यालय यकिन गरी भुक्तानी रोक्का राख्ने र नियमनकारी निकायसंग पत्राचार गरी नवीकरण रोक्का राख्ने लगायतका कर बक्यौता असूल गर्ने सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ को पूर्ण कार्यान्वयन गरी बक्यौता असूलीमा क्रियाशीलता अपनाउनु पर्दछ।

### १२.३.९ आंशिक बक्यौता असुली हुँदा हिसाब मिलान गरिने क्रमः

मूल्य अभिवृद्धि कर ऐनको दफा २७ ले यस ऐन बमोजिम लाग्ने दस्तुर, ब्याज र जरिवाना यस ऐन बमोजिम लाग्ने कर सरह मानिने व्यवस्था गरेको छ। यसै गरी कर बक्यौताले करदाताले पेश गरेको कर विवरण बमोजिम तिर्नु पर्ने भनी स्वयं घोषणा गरेको कर, कर अधिकृतले दफा २० बमोजिम कर निर्धारण गरी थप माग गरेको कर, दफा १९ बमोजिमको थप दस्तुर, दफा २६ बमोजिमको ब्याज र दफा २९ बमोजिमको जरिवानालाई समेटको छ।

तिर्नु पर्ने कर कानून बमोजिमको म्यादभित्र दाखिला नगरी तिर्न बाँकी रहेको कर बक्यौता एकमुष्ट रुपमा असुली नहुन पनि सक्दछ।करदाताले तिर्नु पर्ने बक्यौता करको रकम किस्ताबन्दी वा आंशिक रुपमा दाखिला गरेको अवस्थामा उक्त दाखिला भएको रकमबाट सबभन्दा पहिले ब्याज, त्यसपछि थप दस्तुर, त्यसपछि जरिवाना र अन्त्यमा बाँकि कर रकममा कट्टी गर्नुपर्दछ।

# परिच्छेद १३
# कर फिर्ता

मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो करयोग्य वस्तु तथा सेवाको आपूर्तिको लागि आवश्यक वस्तु वा सेवा स्थानीय बजारमा खरिद वा अन्य मुलुकबाट पैठारी गरेका हुन्छन्। दर्तावाला करदाताले करयोग्य वस्तु आयात गर्दाको अवस्थामा सम्बन्धित भन्सार विन्दुमा र करयोग्य वस्तु तथा सेवा स्थानीय बजारमा खरिद गर्दाको अवस्थामा दर्तावाला बिक्रेतालाई कर तिरेको हुन्छ। यसरी स्थानीय खरिद वा पैठारीमा तिरेको कर दर्तावाला व्यक्तिले आफूले बिक्रीमा संकलन गरेको करबाट कट्टी गरी बाँकी रहन आउने रकम मात्र सरकारलाई बुझाउनु पर्ने व्यवस्था ऐनले गरेको छ। यसरी खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको करमा कट्टी गर्दा लगातार चार महिनासम्म पनि कट्टी हुन नसकेमा त्यसरी कट्टी हुन नसकेको कर रकम फिर्ता हुने व्यवस्था ऐनले गरेको छ। यसैगरी कसैले भुलवश कर दाखिला गरेको अवस्थामा त्यसरी दाखिला गरेको कर फिर्ता हुने व्यवस्था पनि ऐनले गरेको छ। निकासी कारोबार गर्ने व्यक्तिको कर फिर्ता तथा केही वस्तुको पैठारी वा आन्तरिक खरिदमा तिरेको वा बिक्रीमा संकलन गरेको कर फिर्ता एवं विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता सम्बन्धमा पनि ऐनले विषेश व्यवस्था गरेको छ। त्यस्तै कुटनैतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय वा आयोजनाले खरिद गर्दा तिरेको कर फिर्ता हुने व्यवस्था पनि ऐनले गरेको छ। निर्देशिकाको यस परिच्छेदमा कर फिर्ता सम्बन्धी उपर्युक्त विभिन्न व्यवस्थाहरुको वारेमा विस्तृत रुपमा विवेचना गरिएको छ।

## १३.१ मिलान हुन नसकेको कर वा निकासी गर्ने व्यक्तिको कर फिर्ताः

मूल्य अभिवृद्धि कर ऐनको दफा १७ को उपदफा (१) ले दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर आफूले उठाएको करको रकमबाट कट्टी गर्न पाउने व्यवस्था छ। ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको कुनै व्यक्तिले आफ्नो करयोग्य कारोबार संचालन गर्ने सन्दर्भमा खरिद वा प्राप्त गरेको करयोग्य वस्तु वा सेवामा तिरेको कर आफुले बिक्रीमा उठाएको करमा घटाई वा मिलान गरी बाँकी रहन आएको रकम मात्र दाखिला गरे पुग्छ। अर्थात कुनै व्यक्तिले कुनै कर अवधिमा दाखिला गर्नुपर्ने कर भन्नाले सो कर अवधिमा सो व्यक्तिले बिक्रीमा उठाएको करमा सो कर अवधिमा निजले खरिदमा तिरेको कर र विगत कर अवधिको मिलान हुन बाँकी कुनै कर भए सो कर रकम घटाई हुन आउने रकमलाई बुझ्नु पर्दछ। तर कुनै दर्तावाल व्यक्तिले कुनै कर अवधिमा बिक्रीमा उठाएको कर खरिदमा तिरेको कर भन्दा सधै बढी हुन्छ भन्ने छैन। यसरी बिक्रीमा उठाएको कर भन्दा खरिदमा तिरेको कर बढी भएमा त्यसरी बढी भएको रकम सो कर अवधिभन्दा अगाडिको तिर्न बाँकी करमा मिलान गर्न पाउँछ। त्यसरी मिलान गर्दा पनि कुनै कर रकम बाँकी नै रहेमा सो व्यक्तिले पछिल्लो कर अवधिमा बुझाउनु पर्ने करमा मिलान गर्न सक्दछ। यसरी कुनै कर अवधिमा मिलान हुन नसकेको कर पछिल्ला कर अवधिहरुको तिर्नुपर्ने करमा मिलान गर्दा लगातार चार महिनासम्म पनि सो कर मिलान हुन नसकेमा त्यसरी मिलान हुन नसकेको रकम एकमुष्ट फिर्ता पाउन सक्ने व्यवस्था ऐनले गरेको छ।

यसैगरी कुनै कर अवधिको कुल बिक्री मध्ये ४० प्रतिशत वा सोभन्दा बढी निकासी बिक्री गर्ने दर्ता भएको व्यक्तिले कुनै कर अवधिमा खरिदमा तिरेको कर निजले बिक्रीमा संकलन गरेको कर भन्दा बढी भएमा सोही कर अवधिमा फिर्ता माग गरेमा पाउन सक्ने व्यवस्था समेत ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २४ मा देहायको व्यवस्था रहेको छ।

**दफा २४ कट्टी गर्न पाउने रकम बढी भएमाः (१) दर्ता भएको व्यक्तिले कुनै महिनामा दफा १७ बमोजिम कट्टी गर्न पाउने करको रकम सो महिनामा उठाएको करको रकम भन्दा बढी भएमा त्यस्तो बढी रकम यस ऐन बमोजिम सो महिनासम्म बुझाउनु पर्ने कुनै रकम भए त्यसमा मिलान गर्न सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम मिलान गरी बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले अर्को महिनामा बुझाउनु पर्ने करको रकममा मिलान गर्न सक्नेछ।**

**(३) यस दफा बमोजिम लगातार ४ महिनासम्म मिलान गरेर बाँकी रहेको रकम दर्ता भएको व्यक्तिले एकमुष्ट फिर्ता पाउन तोकिए बमोजिम कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।**

**(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिनाभरिको कुल बिक्रीमध्ये चालिस प्रतिशतभन्दा बढी निकासी गरी बिक्री गर्ने दर्ता भएको व्यक्तिले दफा १७ बमोजिम कर कट्टी गर्न पाउने करको रकम यस अघि यस दफामा तोकिएको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनु पर्ने कुनै रकम बाँकी भए त्यसमा मिलान गरी बाँकी रहेको रकम एकमुष्ट फिर्ता पाउन निवेदन दिन सक्नेछ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार दर्ता भएको कुनै व्यक्तिले करयोग्य कारोबारको सिलसिलामा गरेको खरिदमा तिरेको कर निजले बिक्रीमा संकलन गरेको करमा कट्टी गर्दा वा विगतको तिर्न बाँकी करमा मिलान गर्दा वा पछिल्ला कर अवधिको तिर्नुपर्ने करमा मिलान गर्दा लगातार चार महिनासम्म पनि मिलान हुन नसकेमा त्यसरी मिलान हुन नसकेको रकम एकमुष्ट फिर्ता पाउन सो व्यक्तिले कर अधिकृत समक्ष निवेदन दिनुपर्दछ। करदाताले नियमावलीको अनुसूची १० बमोजिमको कर विवरण मार्फत कर फिर्ता दावी गर्नुपर्दछ। यसरी प्राप्त कर विवरण र कर फिर्ता सम्बन्धी कागजातहरु छानविन गरी फिर्ता दावी गरिएको कर फिर्ता हुने देखिएमा कर अधिकृतले अविलम्ब फिर्ता गर्नुउपर्दछ। यस सम्बन्धमा निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.१**

| |
|---|
| राधेश्याम इन्टरप्राइजेजको २०७४ श्रावण महिनामा खरिदमा तिरेको कर रु.१० लाख रहेछ। निजले सो महिनामा बिक्रीमा संकलन गरेको कर रु.१ लाख रहेछ भने निजको विगतमा तिर्न बाँकी कुनै कर रहेनछ। यस अवस्थामा निजको यस महिनामा खरिदमा तिरेको कर बिक्रीमा संकलन गरेको कर भन्दा रु.९ लाख बढी रहेको छ। उक्त बढी भएको कर रकम निजले सो अवधि भन्दा पछिका कर अवधिको तिर्नुपर्ने करमा मिलान गर्न पाउने व्यवस्था बमोजिम मिलान गर्दा २०७४ माघ महिनासम्ममा पनि मिलान हुन नसकेको कर रु.२ लाख रहेछ। यस्तो अवस्थामा निजले २०७४ माघ महिनामा त्यसरी मिलान हुन बाँकी कर फिर्ता दावी गर्न सक्दछ र सो दावी प्रमाणित भएमा सो कर रकम फिर्ता दिनुपर्दछ। |

यसै गरी ऐनले कुनै अवधिको कुल बिक्री मध्ये ४० प्रतिशत वा सोभन्दा बढी विदेशमा निकासी गर्ने व्यक्तिले कुनै महिनामा खरिदमा तिरेको कर सो व्यक्तिले सो कर अवधिमा बिक्रीमा संकलन गरेको कर भन्दा बढी भएमा त्यसरी बढी भएको कर रकम सोही कर अवधिमा फिर्ता दावी गर्न सक्दछ र उक्त दावी प्रमाणित भएमा त्यस्तो कर फिर्ता गर्नुपर्दछ। निकासी बिक्रीमा शून्य दरले कर लाग्ने अर्थात बिक्रीमा कर संकलन गर्नु नपर्ने तर त्यस्तो बिक्री प्रयोजनका लागि खरिद गरिएको वस्तु वा सेवामा तिरेको कर पुर्ण रुपले कट्टी पाउने ऐनको व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर गन्तब्य सिद्धान्त (Destination Principle) मा आधारित रहेको छ। निकासी भएको वस्तु तथा सेवा नेपालमा उपभोग नहुने भएको तथा निकासीलाई प्रवर्द्धन गर्ने उद्देश्यले कर फिर्ता सम्बन्धी यो व्यवस्था गरिएको हो। यस सम्बन्धमा ऐनको दफा २४ को उपदफा (५) र (६) मा देहायको व्यवस्था रहेको छ।

**दफा २४ को उपदफा (५) उपदफा (३) वा (४) बमोजिम कुनै निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले फिर्ता दिनेछ र निवेदन परेको मितिले उपदफा (३) बमोजिम भए साठी दिनभित्र र उपदफा (४) बमोजिम भए तीस दिनभित्र फिर्ता नगरिएमा त्यस्तो रकममा नेपाल सरकारले तोकिए बमोजिम ब्याज समेत दिनु पर्नेछ।**

**(६) दर्ता भएको व्यक्तिले उपदफा (३) र (४) बमोजिम मिलान गरेर बाँकी रहेको रकम फिर्ता पाउने दावी गरिसके पछि त्यस्तो रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न पाउने छैन।**

**निकासी सम्बन्धी कागजात सम्बन्धी व्यवस्थाः**

वस्तु निकासीको हकमा नियमित निकासीकर्ताको हैसियतले कर फिर्ता माग गर्ने करदाताले निकासीसँग सम्बन्धित कागजात अन्तर्गत कर बीजक, उत्पत्तिको प्रमाण पत्र, निकासी प्रज्ञापन पत्र, एयर वे बील, बिल अफ इण्ट्री, भुक्तानीका प्रमाणहरु पेश गर्नुपर्ने हुन्छ। सेवाको हकमा सफ्टवेयर निर्माण गरी अनलाइनमार्फत विदेश निकासी गर्ने करदाताहरुले उत्पत्तिको प्रमाण पत्र, निकासी प्रज्ञापन पत्र, एयर वे बिल, बिल अफ इन्ट्री जस्ता निकासी प्रमाणित गर्ने आधारभूत कागजात पेश गर्न गर्न सक्ने देखिँदैन। विदेशबाट प्राप्त भुक्तानी विवरणमा सफ्टवेयर निकासी वापत भुक्तानी प्राप्त भएको व्यहोरा समेत उल्लेख नभएको अवस्थामा केवल विदेशी मुद्रा प्राप्त भएकै आधारमा मात्र निकासी प्रमाणित गर्न सकिने अवस्था देखिँदैन। अतः सफ्टवेयर निर्माण गरी अनलाइनमार्फत विदेश निकासी गर्ने करदाताहरुको हकमा नेपाल बाहिर इन्टरनेटको माध्यमबाट अनलाइन प्रदान गरिने सेवा वा सफ्टवेयर जस्ता अर्मुत सम्पत्ति निकासी वा नेपाल बाहिर निकासी गरिने जुनसुकै प्रकारको सेवाको हकमा भन्सार ऐन, २०६४ को दफा २५ को उपदफा (२) बमोजिम निकासी सम्बन्धी सम्झौता, बीजक र सम्बन्धित पैठारीकर्ताबाट भुक्तानी प्राप्त भएको प्रमाण समेतको आधारमा नेपाल राष्ट्र बैंकले प्रमाणित गरेपछि मात्र त्यस्तो सफ्टवेयर निकासी भएको मान्नुपर्ने हुन्छ।

## १३.२ कुटनीतिक वा कर छुटको सुविधा प्राप्त व्यक्ति वा निकायले तिरेको कर फिर्ताः

ऐनले भियना कन्भेन्सनको मर्म तथा अन्तर्राष्ट्रिय प्रचलन बमोजिम नेपाल स्थित विदेशी कुटनीतिक नियोग वा नियोगमा कार्यरत कुटनीतिक सुविधा प्राप्त व्यक्तिले आफ्नो उपभोगको लागि खरिद गरेको हदसम्मको वस्तु वा सेवामा तिरेको कर तथा संयुक्त राष्ट्र संघ, यसका सदस्य संस्था एवं विशिष्टीकृत एजेन्सीले आफ्नो उद्देश्य अनुरुप कार्य सञ्चालन गर्ने सिलसिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर फिर्ता हुने व्यवस्था गरेको छ। त्यस्तै नेपाल सरकार अर्थ मन्त्रालयबाट कर छुटको सुविधा प्रदान गरेको वा कर छुटको सहमति प्राप्त भएको अन्तर्राष्ट्रिय संस्था वा दुई वा वहुपक्षीय सम्झौता बमोजिम नेपालभित्र संचालित आयोजनाले तिरेको करको रकम फिर्ता हुने व्यवस्था समेत ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २५ को उपदफा (१) मा देहायको व्यवस्था रहेको छ।

**दफा २५. कर फिर्ता हुन सक्नेः (१) देहाय बमोजिमको करको रकम तत् सम्बन्धी कारोबार भएको मितिले तीन वर्षभित्र फिर्ता पाउन दरखास्त परेमा फिर्ता दिइनेछः**

**(क) नेपाल सरकार, परराष्ट्र मन्त्रालयले कुटनीतिक मान्यता प्रदान गरेको नेपालको कुटनीतिज्ञलाई विदेशी राष्ट्रले पारस्पारिकताको आधारमा वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय नियोग वा संस्थामा कार्यरत कुटनीतिक सुविधा प्राप्त व्यक्तिलाई कर छुटको सुविधा प्रदान गरेको रहेछ भने नेपालस्थित त्यस्तो राष्ट्र, क्षेत्रीय, अन्तर्राष्ट्रिय नियोग वा संस्थाको कुटनीतिज्ञले आफूले उपभोग गरेको हदसम्म नेपालभित्र तिरेको करको रकम,**

**(क१) नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा प्राप्त नियोगले नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम।**

**(क२) संयुक्त राष्ट्र संघ, यसका सदस्य संस्था एवं विशिष्टीकृत एजेन्सीले आफ्नो उद्देश्य अनुरुप कार्य सञ्चालन गर्ने सिलसिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम।**

**(ख) नेपाल सरकार, अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको अन्तर्राष्ट्रिय संस्था वा त्यस्तो संस्थाले तिरेको करको रकम,**

**(ग) नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमती प्राप्त दुई वा बहुपक्षीय सम्झौता बमोजिम नेपाल.........भित्र आयोजना संचालन गर्ने सिलसिलामा तिरेको करको रकम,**

ऐनको उपर्युक्त व्यवस्था अनुसार नेपाल स्थित कुनै विदेशी राष्ट्रको नियोग तथा ती नियोगमा कार्यरत कुटनीतिक सुविधा प्राप्त कुटनीतिज्ञले उपभोग गरेको हदसम्मको वस्तु वा सेवामा नेपालमा तिरेको कर फिर्ता दावी गरेमा फिर्ता दिनुपर्दछ। कुनै विदेशी राष्ट्रको नियोग वा कुटनीतिज्ञलाई यसरी कर फिर्ता गर्दा सो राष्ट्रले सो राष्ट्रमा अवस्थित नेपाली कुटनीतिक नियोग वा कुटनीतिज्ञलाई कर फिर्ताको सुविधा प्रदान गरेको अवस्थामा मात्र कर फिर्ता हुने व्यवस्था ऐनले गरेको छ। यसरी कर फिर्ता दावी गरिएको खरिद नेपाल सरकार, परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएको हुनु अनिवार्य छ।

**१३.२क. ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ताः**

सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा भुक्तानी गर्नुपर्ने देखिएको रकम पुरै भुक्तानी नगरी तोकिए बमोजिमको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताको नाममा सम्बन्धित राजस्व शीर्षकमा कर दाखिला गरी बाँकी रकम मात्र सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने व्यवस्था ऐनले गरेको छ। यसरी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताको नाममा सम्बन्धित राजस्व शीर्षकमा दाखिला भएको कर रकम लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिल भएको त्यस्तो रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता लिन चाहेमा कर अधिकृत समक्ष निवेदन दिनु पर्ने व्यवस्था ऐनले गरेको छ। फिर्ताको निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम कर अधिकृतले निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्नेछ। यस्तो रकम फिर्ता पाउन दाबी गरिसकेपछि त्यस्तो रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न नपाउने ब्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा **२५ग१.** मा देहायको व्यवस्था रहेको छ।

**२५ग१. ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ता हुनेः (१) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजको नामबाट दाखिल भएको कर बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउनेछ।**

**(२) उपदफा (१) बमोजिम लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिल भएको त्यस्तो रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता लिन चाहेमा कर अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।**

**(३) उपदफा (२) बमोजिम कसैको निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम कर अधिकृतले निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।**

**(४) सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले उपदफा (२) बमोजिम मिलान गरेर बाँकी रहेको रकम फिर्ता पाउन दाबी गरिसकेपछि त्यस्तो रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न पाउने छैन।**

### १३.२ख. औषधि उद्योगले खरिदमा तिरेको कर फिर्ता हुनेः

औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर चौमासिक रुपमा फिर्ता पाउन कर अधिकृत समक्ष निवेदन दिनु पर्ने व्यवस्था ऐनले गरेको छ। यसरी फिर्ताको लागि निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्नेछ। यस सम्बन्धमा ऐनको दफा **२५ग२.** मा देहायको व्यवस्था रहेको छ।

**दफा २५ग२. औषधि उद्योगले खरिदमा तिरेको कर फिर्ता हुनेः (१) औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर चौमासिक रुपमा फिर्ता पाउन कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम निवेदन परेमा फिर्ता दिनुपर्ने ठहरिएको रकम कर अधिकृतले निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।**

यस्तै नेपाल सरकार अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको कुटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकाय बाहेक अन्य अन्तर्राष्ट्रिय संस्थाले नेपाल भित्र गरेको खरिदमा तिरेको कर फिर्ता हुने व्यवस्था ऐनले गरेको छ। तर त्यस्तो खरिद सो संस्थाको कार्यसँग सम्बन्धित रहेको हुनुपर्दछ र सो संस्थालाई नेपाल सरकार अर्थ मन्त्रालयले कर छुटको सुविधा प्रदान गरेको प्रमाणित भएको हुनुका साथै त्यस्तो संस्थाले सम्बन्धित करदाता सेवा कार्यालय वा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर प्राप्त गरेको हुनुपर्दछ। नेपाल सरकार अर्थ मन्त्रालय बाहेक नेपाल सरकारका अन्य कुनै मन्त्रालय वा निकायबाट प्रदान गरीएको कर छुटको प्रत्याभूतिले ऐनको यो सुविधा प्राप्त हुँदैन।

यसैगरी दुई वा वहुपक्षीय सम्झौता बमोजिम नेपालमा संचालित कुनै आयोजनाले नेपाल सरकार अर्थ मन्त्रालयबाट कर छुटको सहमति प्राप्त गरेको भएमा सो आयोजना संचालन गर्ने व्यक्तिले सो आयोजना संचालन गर्ने प्रयोजनका लागि नेपाल भित्र खरिद गर्ने करयोग्य वस्तु वा सेवामा तिरेको कर फिर्ता हुने व्यवस्था समेत ऐनले गरेको छ।

यस व्यवस्था बमोजिम कर फिर्ता पाउन खरिद भएको मितिले तीन वर्षभित्र निवेदन दिइसक्नु पर्ने व्यवस्था समेत ऐनले गरेको छ। तर कुटनीतिक निकाय वा कुटनीतिज्ञले कर फिर्ता दावी गर्दा एक पटकमा दश हजार रुपैयाँ भन्दा कमको खरिदमा तिरेको कर फिर्ता दावी गर्न पाउने छैन। यस सम्बन्धमा ऐनको दफा २५ को उपदफा (१क) मा देहायको व्यवस्था रहेको छ।

**दफा २५ को उपदफा (१क): उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुटनीतिक निकाय वा कुटनीतिज्ञले करलाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको कर एक पटकमा दश हजार रुपैंयाँ भन्दा कमको खरिदमा फिर्ता गरिने छैन।**

### १३.३ विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यक्तिलाई नगद प्रोत्साहन स्वरुप कर फिर्ताः

कुनै उपभोक्ताले मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिसँग वस्तु वा सेवा खरिद गरी सोको भुक्तानी विद्युतीय माध्यमबाट गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप सो खरिद वापत भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको बैंक खातामा नै फिर्ता गरिने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २५ को उपदफा (१ख) मा देहायको व्यवस्था रहेको छ।

**दफा २५ को उपदफा (१ख): कुनै उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम विभागले तोकेको प्रक्रिया बमोजिम निजको बैङ्क खातामा फिर्ता गरिनेछ।**

### १३.४ भुलवश तिरेको कर फिर्ताः

कुनै व्यक्तिले कर नलाग्ने वस्तु वा सेवामा कर तिरेमा त्यसरी तिरेको करलाई भुलवश तिरेको कर मानी त्यस्तो कर फिर्ता हुने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २५ को उपदफा (१) को खण्ड (घ) मा देहायको व्यवस्था रहेको छ।

**दफा २५ को उपदफा (१) को खण्ड (घ): भुलबाट असुल गरीएको करको रकम।**

भुलबाट कुनै व्यक्तिले कर दाखिला गरेमा त्यसरी दाखिला गरेको मितिले तीन वर्ष भित्र त्यस्तो कर फिर्ता पाउन दरखास्त दिनुपर्दछ। त्यसरी कुनै दरखास्त पर्न आएमा आन्तरिक राजस्व विभाग वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयले प्रमाणको छानवीन गरी दावी प्रमाणित भएमा त्यस्तो कर फिर्ता गर्नुपर्दछ। तर भुलबाट तिरिएको कर फिर्ता गर्दा करको वास्तविक भार वहन गर्ने व्यक्तिलाई मात्र फिर्ता गर्नुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २५ को उपदफा (२) मा देहायको व्यवस्था रहेको छ।

**दफा २५ को उपदफा (२): उपदफा (१) को खण्ड (घ) बमोजिम करको रकम फिर्ता गर्दा करको वास्तविक भार वहन गर्ने व्यक्तिलाई मात्र फिर्ता गरिनेछ।**

### १३.५ विदेशी पर्यटकले तिरेको कर फिर्ताः

नेपाल घुम्न आउने विदेशी पर्यटकहरुले नेपाल वसाईको क्रममा नेपाल बाहिर निकासी गर्ने गरी विभिन्न करयोग्य वस्तु खरिद गरेको हुन सक्दछ। यसरी पर्यटकले खरिद गरेको तर नेपालमा प्रयोग नगरी निकासी गर्ने वस्तु वा सेवामा तिरेको कर पनि निकासी कारोबार गर्ने व्यक्तिले तिरेको कर सरह फिर्ता गर्ने प्रयोजनका लागि ऐनमा छुट्टै व्यवस्था गरीएको छ। ऐनको यस प्रयोजनको लागि खरिद गर्ने पसलहरु तोकिएको छ। यस सम्बन्धमा ऐनको दफा २५क. ले देहायको व्यवस्था गरेको छ।

**दफा २५क. विदेशी पर्यटकले खरिदमा तिरेको कर फिर्ता हुनेः नेपाल भ्रमण गरी हवाईमार्गबाट फर्कने विदेशी पर्यटकले पच्चीस हजार रुपैंयाँभन्दा बढीको करलाग्ने वस्तु खरिद गरी आफूसँग लगेमा विभागले तोकेको प्रक्रिया अनुसार त्यस्तो वस्तुमा तिरेको कर फिर्ता दिईनेछ। त्यस्तो फिर्ता हुने रकमको तीन प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरिने छ।**

ऐनको यस व्यवस्था अनुसार फिर्ता हुने रकम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै फिर्ता हुने व्यवस्था मिलाइएको छ। यस प्रावधान अनुसार हुने कर फिर्ता करयोग्य वस्तु वा सेवा साथमा लिई जाने विदेशी पर्यटकले हवाई मार्गबाट नेपाल छाड्ने समयमा फिर्ता हुनेछ।

**१३.६ पुनः निर्यात भएका वस्तुमा तिरेको कर फिर्ताः**

कुनै करदाताले आँफैले पैठारी गरेका वा अन्य कसैले पैठारी गरेका करयोग्य वस्तु नेपाल बाहिर निकासी गरेमा ती वस्तुको पैठारी वा स्थानीय खरिदमा तिरेको कर निकासीकर्ताले फिर्ता पाउने व्यवस्था ऐनले गरेको छ। त्यस्तो कर फिर्ता प्राप्त गर्न निकासी भएको वस्तुको मूल्य वापतको रकम परिवत्र्य विदेशी मुद्रामा अग्रिम रुपमा प्राप्त गरेको हुनुपर्दछ। यस सम्बन्धमा ऐनको दफा २५ग. ले देहायको व्यवस्था गरेको छः

**दफा २५ग. पुनः निर्यातमा कर फिर्ता हुनेः कुनै वस्तु पुनः निर्यात भई परिवर्त्य मुद्रामा अग्रिम रुपमा भुक्तानी प्राप्त भएमा सम्बन्धित व्यक्तिले खरिदमा तिरेको मूल्य अभिवृद्धि कर बापतको रकम निजलाई फिर्ता दिइनेछ।**

**१३.७ पुनः निर्यातमा भन्सार विन्दुबाटै कर फिर्ताः**

यस सम्बन्धमा ऐनको दफा २५ख. ले देहायको व्यवस्था गरेको छः

**दफा २५ख. पुनः निर्यातमा भन्सार विन्दुबाटै कर फिर्ता हुनेः कुनै बस्तु पुनः निर्यात भएमा सम्बन्धित व्यक्तिले भन्सारमा दाखिला गरेको मूल्य अभिवृद्धि कर बापतको धरौटी रकममध्ये सो वस्तु पुनः निर्यात भएको प्रमाणको आधारमा हुने रकम सम्बन्धित भन्सार कार्यालयबाट निजलाई फिर्ता दिइनेछ।**

**१३.८ रिफण्ड सपः**

कूटनीतिक नियोग तथा कूटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचीकृत भएका फर्म वा कम्पनी (रिफण्ड सप) बाट खरिद गरेको वस्तु वा सेवामा तिरेको कर तीन दिनभित्र फिर्ता गरिने व्यवस्था गरीएको छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४५ को उपनियम (२क) मा देहाय बमोजिम उल्लेख भएको छः

***नियम ४५ को उपनियम (२क): ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) र (क१) बमोजिमका कूटनीतिक नियोग तथा कूटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचीकृत भएका फर्म तथा कम्पनी (रिफण्ड सप) बाट खरिद गरीएको वस्तु तथा सेवामा तिरेको कर विभागले तोकेको प्रक्रिया बमोजिम तीन दिनभित्र फिर्ता गरिनेछ।***

**१३.९. कर फिर्ता नहुनेः**

मूल्य अभिवृद्धि कर ऐन बमोजिम फिर्ता पाउनु पर्ने कुनै रकम फिर्ता पाउन कर फिर्ता पाउने अवस्था सिर्जना भएको कर अवधि समाप्त भएको मितिले तीन वर्षभित्र फिर्ताको लागि निवेदन नदिएमा त्यस्तो कर फिर्ता नहुने व्यवस्था ऐनले गरेको छ। यस सम्बन्धमा ऐनको दफा २५घ. मा देहायको व्यवस्था रहेको छः

**२५घ. कर फिर्ता नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम फिर्ता लिनु पर्ने रकम कर अवधि समाप्त भएको मितिले तीन वर्षभित्र फिर्ताको लागि निवेदन नदिएमा फिर्ता हुने छैन।**

**१३.१० कर फिर्ता सम्बन्धी व्यवस्थाः**

करदाताले मुल्य अभिवृद्धि कर ऐन बमोजिम कर फिर्ता पाउन निवेदन दिएको अवस्थामा कर फिर्ता गरिने समय अवधिको सम्बन्धमा नियमावलीको नियम ४५ मा निम्न व्यवस्था गरेको छः

*नियम ४५. कर फिर्ता सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा २४ को उपदफा (३) र (४), दफा २५, दफा २५ग१ वा दफा २५ग२ को प्रयोजनको लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरीएका प्रमाणहरु तुरुन्त छानबिन गरी दर्ता भएको मितिले दफा २४ को उपदफा (३) वा दफा २५ग१ को हकमा साठी दिन भित्र र दफा २४ को उपदफा (४), दफा २५ वा दफा २५ग२ को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्नेछ।*

(२) ऐनको दफा २४ को उपदफा (३), दफा २५, दफा २५ग१ वा दफा २५ग२ बमोजिम प्राप्त हुन आएको प्रमाणहरु पुनः छानबिन गर्नुपर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ। फिर्ता दिँदा बीस हजार रुपैया भन्दा बढी भएमा निजको बैङ्क खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नुपर्नेछ।

(२क) ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क) र (क१) बमोजिमका कुटनीतिक नियोग तथा कुटनीतिज्ञले कर फिर्ता प्रयोजनका लागि विभागमा सूचीकृत भएका फर्म तथा कम्पनी (रिफण्ड सप) बाट खरिद गरिएको वस्तु तथा सेवामा तिरेको कर विभागले तोकेको प्रक्रिया बमोजिम तीन दिनभित्र फिर्ता गरिनेछ।

(३) ऐनको दफा २५ को उपदफा (१) को प्रयोजनको लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा सोही उपदफाको खण्ड (क) र (क१) को प्रयोजनको लागि अनुसूची-१७, खण्ड (क२) को प्रयोजनको लागि अनूसूची १७क, खण्ड (ख) र (ग) को प्रयोजनका लागि अनुसूची-१८ र ऐनको दफा २५ग२ को प्रयोजनको लागि अनुसूची १८क को ढाँचामा विभागमा निवेदन दिन सक्नेछ।

## परिच्छेद १३क.

# गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर

सूचना प्रविधिको तिव्र विकास सँगै अर्थतन्त्रमा विद्युतीय सेवाको कारोबार दिन प्रति दिन बढ्दो छ। विद्युतीय कारोबारमा परम्परागत कारोबारमा जस्तो भौतिक रुपमा उपस्थिति हुनु नपर्ने हुँदा कुनै पनि विद्युतीय सेवा प्रदायक कम्पनीले एकै ठाउँमा रहेर विश्वभर आफ्नो सेवा प्रदान गर्न सक्दछ। सेवा प्राप्त गर्ने उपभोक्ताले समेत जुनसुकै स्थानमा रहेर सेवाको उपभोग गर्न सक्दछन्। एउटै प्रकृतिको सेवामा बासिन्दा व्यक्तिले कर असुल गर्नुपर्ने तर गैरबासिन्दा कम्पनीले असुल गर्नुपर्ने कानुनी व्यवस्था नभएकोले कर व्यवहारमा एकरूपता कायम गर्नका लागि आर्थिक ऐन, २०७९ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था गरेको हो।

**विद्युतीय सेवाको परिभाषा**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ट२) ले विद्युतीय सेवालाई देहाय बमोजिम परिभाषित गरेको छ।

**दफा २ को खण्ड (ट२): "विद्युतीय सेवा" भन्नाले उपभोक्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपमा इन्टरनेट मार्फत प्रदान हुने देहाय बमोजिमका सेवालाई सम्झनु पर्छः-**

**(क) विज्ञापन सेवा,**

**(ख) चलचित्र, टेलिभिजन, सङ्गीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा,**

**(ग) तथ्याङ्क संग्रह सम्बन्धी सेवा,**

**(घ) क्लाउड सेवा,**

**(ङ) गेमिङ्ग सेवा,**

**(च) मोबाइल एप्लिकेशन सम्बन्धी सेवा,**

**(छ) इन्टरनेट बजार स्थान सम्बन्धी (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने सेवा,**

**(ज) सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण,**

**(झ) तथ्याङ्क, तस्वीर लगायतका डाउनलोड सेवा,**

**(ञ) परामर्श, सीप विकास तथा तालिम सेवा,**

**(ट) खण्ड (क) देखि (ञ) को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा।"**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ट२) ले परिभाषित गरे अनुसार देहायका शर्तहरु पुरा गरेको खण्डमा मात्र विद्युतीय सेवा हुन्छ।

- सेवा प्राप्त गर्ने उपभोक्ता हुनुपर्दछ।
- सूचना प्रविधिको प्रयोग भई इन्टरनेट मार्फत सेवा प्रदान भएको हुनुपर्दछ।
- न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रुपमा सेवा प्रदान भएको हुनुपर्दछ।
- प्रदान गरिएको सेवा माथि परिभाषामा उल्लेखित खण्ड (क) देखि (ट) सम्मको सेवा हुनुपर्दछ।

विद्युतीय सेवा मानिने प्रमुख आधार भनेको न्युनतम मानवीय हस्तक्षेप हो। विद्युतीय माध्यमबाट सेवा उपलब्ध गराउँदैमा

विद्युतीय सेवा हुदैन। यसको लागि स्वचालित प्रणालीबाट न्यूनतम मानवीय हस्तक्षेपमा सेवा प्रवाह समेत भएको हुनुपर्दछ। यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.१**

मानौ अमेरिकाको क्यालिफोर्निया कम्पनीले कुनै अनलाईन तालिम सञ्चालन गरेको छ। उक्त अनलाइन तालिममा नेपालका व्यक्तिहरु निश्चित शुल्क समेत भुक्तानी गरी उक्त तालिममा भाग लिइरहेका छन्। उक्त तालिमको कक्षा रेकर्ड गरेर कुनै प्लेटफर्ममा राखिएको छ र प्रशिक्षार्थीले आफ्नो सुविधा अनुसार आफूले चाहेको समय र गतिमा कक्षा लिन सक्छन् भने यस्तो अवस्थामा यो तालिम विद्युतीय सेवा हुन्छ। तर, उक्त तालिम लिनको लागि प्रशिक्षक तथा प्रशिक्षार्थी एकै समयमा प्रत्यक्ष रुपमा )Live) सहभागी हुनुपर्छ; आफ्नो समय र गति अनुसार कक्षा लिन सकिदैन भने यस अवस्थामा यसरी लिइएको तालिम विद्युतीय सेवामा पर्दैन। पहिलो अवस्थामा सबै शर्तहरु पुरा भएकोले विद्युतीय सेवामा पर्छ तर दोस्रो अवस्थामा सूचना प्रविधिको प्रयोग भएको, इन्टरनेट मार्फत प्रवाह भएको र ऐनको परिभाषामा उल्लेखित सेवा भएतापनि प्रत्यक्ष रुपमा व्यक्तिहरु संलग्न हुनुपर्ने हुँदा न्युनतम मानवीय हस्तक्षेपको शर्त पुरा नभएकोले विद्युतीय सेवामा पर्दैन।

**उपभोक्ताले खरिद गरेको मानिने**

यस खण्डले परिभाषित गरे बमोजिम खरिद गरिएको सेवा पुनः बिक्री नगर्ने, व्यवसायमा उपयोग गरी खर्च कट्टीको रुपमा नलिने र व्यवसायको सम्पत्तिको रुपमा लेखांकन नगर्ने गरी सेवाको उपभोग गर्ने व्यक्तिलाई उपभोक्ता सम्झनुपर्दछ। यसरी उपभोक्तालाई आपूर्ति गरेको सेवालाई मात्र विद्युतीय सेवा मान्नुपर्दछ।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.२**

काठमाडौंमा सामान्य बसोबास भएका रामप्रसादले नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता भएको अमेरिकाको क्यालिफोर्निया कम्पनीबाट प्रदान हुने भिडियो स्ट्रिमिङ्ग सेवाको लागि एक हजार अमेरिकी डलर भुक्तानी गरी बार्षिक सदस्यता लिएका रहेछन्। उनले उक्त सेवाको प्रयोग आफ्नो व्यक्तिगत प्रयोजनका लागि गरेका रहेछन्। उक्त सेवाको प्रयोग व्यवसायिक रुपमा नगरेको हुँदा रामप्रसादलाई उपभोक्ता मान्नुपर्दछ। यस्तो अवस्थामा क्यालिफोर्निया कम्पनीले रामप्रसादबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। तर पेसाले डाक्टर रहेका उनै रामप्रसादले आफ्नो घरमा क्लिनिक चलाउँछन्। सदस्यता लिएको उक्त भिडियो सेवा रामप्रसादले आफ्नो क्लिनिकमा आउने सेवाग्राहीले पालो कुर्न राखिएको टेलिभिजनमा ग्राहकलाई देखाउन प्रयोग गरेका छन् र यो खर्च उनले आफ्नो क्लिनिकको व्यवसायिक आयमा खर्चकट्टी लिन्छन्। यस्तो अवस्थामा सदस्यता लिएको भिडियो स्ट्रिमिङ्ग सेवाको खरिद उपभोक्ताले गरेको खरिद मानिदैन। यस्तो सेवाको बिक्रीमा क्यालिफोर्निया कम्पनीले राम प्रसादबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन। रामप्रसाद स्वयंले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम रिभर्स मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्दछ।

**उपभोक्ताको पहिचान**

सेवाको आपूर्तिकर्ताले सबै खरिदकर्तालाई प्राथमिक रुपमा )Prima facie) उपभोक्ता नै मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। तर, कुनै पनि संचारबाट सेवाको खरिदकर्ताले व्यवसायिक खरिद भएको जानकारी गराएमा तथा एकपटक व्यावसायिक खरिद भनी जानकारी गराई आपूर्तिकर्ताको अभिलेखमा व्यवसायिक खरिदकर्ताको रुपमा रहेको व्यक्तिले

पुनः सेवा खरिद गरेमा व्यवसायिक खरिद मानी आपूर्तिकर्ताले उक्त सेवाको आपूर्तिमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन। यस्तो सेवाको आपूर्तिमा मूल्य अभिवृद्धि कर दाखिला गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम सेवाको खरिदकर्तानै जिम्मेवार हुनेछ। कुनै पनि व्यक्तिले उपभोक्ताको रुपमा खरिद गरेको सेवालाई व्यवसायिक खर्चकट्टी दावी लिन पाउनेछैन।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.३**

मानौ काठमाडौंमा सामान्य बसोबास भएको रामप्रसादले नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता भएको अमेरिकाको क्यालिफोर्निया कम्पनीबाट प्रदान हुने भिडियो स्ट्रिमिङ्ग सेवाको लागि एक हजार अमेरिकी डलर भुक्तानी गरी बार्षिक सदस्यता लिनको लागि आवेदन दिँदा क्यालिफोर्निया कम्पनीले रामप्रसादलाई उपभोक्ता मानी मुल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। तर यदि रामप्रसादले इमेल अथवा अन्य कुनै संचारको माध्यमबाट आफ्नो खरिद व्यवसायिक रहेको भनी क्यालिफोर्निया कम्पनीलाई सूचित गराएको खण्डमा भने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन। एकपटक व्यावसायिक खरिद भनी जानकारी गराएको खरिदकर्ताले पुनः जानकारी गराइरहनु पर्दैन। एकपटक खरिद गरिसकेको व्यक्तिले पुनः सेवा खरिद गरेमा आपूर्तिकर्ताले आफ्नो अभिलेखमा रहेको विवरणको आधारमा उक्त खरिदलाई व्यवसायिक खरिद मानी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन।

**आपूर्तिको स्थान नेपाल मानिने**

मूल्य अभिवृद्धि कर गन्तव्य सिद्धान्त (Destination principle) मा आधारित रहेको छ। तसर्थ गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि कर असुल गर्नको लागि उक्त सेवाको आपूर्ति नेपालमा भएको हुनुपर्दछ। विद्युतीय सेवा उपलब्ध गराउन आपूर्तिकर्ताको भौतिक उपस्थिति नचाहिने तथा उपभोक्ताले समेत जुनसुकै स्थानबाट सेवा लिनसक्ने हुनाले सेवाको आपुर्तिको स्थान छुट्याउन कठिन हुन्छ। यसको लागि विश्वव्यापी रुपमा मान्य तथा प्रचलनमा रहेका केही आधारहरु लिनुपर्ने हुन्छ। यसको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १६क. मा विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल हुने सम्बन्धमा देहायको आधार सहितको व्यवस्था गरेको छ।

***नियम १६क. विद्युतीय सेवाको आपूर्तिको स्थानः यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामध्ये कुनै एक अवस्था पूरा भएमा गैरबासिन्दा व्यक्तिले उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको आपूर्तिको स्थान नेपाल मानिनेछः-***

*(क) नेपालभित्र सेवा प्राप्त गरेमा,*

*(ख) नेपालको ठेगानामा बीजक जारी गरेमा,*

*(ग) नेपालको बैंकमा भएको बैंक खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट रकम भुक्तानी भएमा,*

*(घ) नेपालको बैंक तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेविट कार्ड, क्रेडिट कार्ड वा अन्य यस्तै कार्ड मार्फत भुक्तानी भएमा,*

*(ङ) नेपालभित्र भएको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) प्रयोग गरी सेवा प्राप्त गरेमा,*

*(च) नेपालको कोड भएको सिम कार्ड वा नेपालको ल्याण्डलाईन टेलिफोन प्रयोग गरी सेवा प्राप्त गरेमा।*

विद्युतीय सेवाको आपूर्तिको स्थान सम्बन्धी उल्लेखित व्यवस्थाले नेपालभित्र सेवा प्राप्त गरेको मानिने अवस्थाको लागि उपभोक्ताको सामान्य बसोबासको स्थान, सेवाको प्रतिफल भुक्तानी र सेवाको उपभोग गर्दा उपकरणको लोकेशन र सेवा प्रयोगकर्ताले प्रयोग गरेको नेटवर्कलाई मुख्य रुपमा आधार लिइएको छ। यसरी लिएको आधार मध्ये कुनै एक आधार पुरा भएको अवस्थामा नेपालमा सेवा उपभोग गरेको मानिन्छ र त्यस्तो सेवामा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.४**

हरिप्रसाद पोखरा निवासी हुन्। उनले नेपालमा दर्ता भएको जापानको गैरबासिन्दा कम्पनी हिरोसिमा इन्कर्पोरेशनबाट स्वचालित रुपमा प्रदान हुने तालिममा निश्चित शुल्क तिरी Enroll भएका रहेछन्। यदि उक्त सेवा प्राप्त गरेको ठेगाना पोखरा भएमा आपूर्तिको स्थान नेपाल मानिन्छ। त्यस्तै बीजक जारी गर्दा आपूर्तिकर्ताले जारी गरेको बीजकमा ठेगाना पोखरा उल्लेख भएमा समेत आपूर्तिको स्थान नेपाल मानिन्छ। यदि हरिप्रसादले सेवाको भुक्तानी गर्दा नेपालको बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खाताबाट रकम ट्रान्सफर गरेको भएमा समेत उक्त सेवा नेपालमा उपभोग गरेको मानिन्छ। त्यस्तै उक्त रकमको भुक्तानी नेपालका बैंक तथा वित्तीय संस्थाले जारी गरेको कार्ड तथा डिजिटल वालेटबाट गरेको भएमा समेत सेवाको उपभोग नेपालमा भएको मानिन्छ। त्यस्तै रामप्रसादले उक्त तालिम लिँदा प्रयोग गरेको उपकरणको इन्टरनेट पहिचान ठेगाना (इन्टरनेट प्रोटोकल एड्रेस) नेपालको भएमा उक्त सेवाको आपूर्तिको स्थान नेपाल हुन्छ। त्यस्तै उनले नेपालको कोड भएको सिमकार्डको प्रयोग गरी मोबाइल सेवा प्रदायकले प्रदान गरेको इन्टरनेटको प्रयोग गरेको भएमा अथवा नेपालका अप्टिकल फाइबर, तारबाट प्रदान गरेको इन्टरनेटको प्रयोग गरी सेवा लिएको भएमा नेपालमा उपभोग गरेको सेवा मानिन्छ। उल्लेख भएका मध्ये कुनै एक अवस्था पुरा गरी हरिप्रसादले तालिम लिएको भएमा उक्त सेवाको उपभोग नेपालमा भएको मानिने हुँदा हिरोसिमा इन्कर्पोरेशनले हरिप्रसादबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

**अनलाईन बजार स्थानबाट बस्तु तथा सेवाको आपूर्ति**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ट२) को उपखण्ड "छ" मा इन्टरनेट बजार स्थान सम्बन्धी (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने सेवालाई विद्युतीय सेवाको रुपमा राखिएको छ। इन्टरनेट बजार स्थान (अनलाईन मार्केटप्लेस) स्वयंले बस्तुको मौज्दात नराखी तथा सेवा उत्पादन नगरी समेत बस्तु तथा सेवा कारोबार आफ्नो प्लेटफर्मबाट गर्ने गर्दछन्। यस्तो अवस्थामा प्लेटफर्मको आय निश्चित कमिसन मात्र हुनसक्दछ। तर बस्तु तथा सेवाको उपभोक्ताले रकमको भुक्तानी भने उक्त प्लेटफर्मबाट एकमुस्ट रुपमा नै गरिरहेका हुन्छन्। यस्तो अवस्थामा बस्तुको हकमा पैठारीका बखत भन्सारविन्दुमा नै मूल्य अभिवृद्धि कर असुल गरिने भएकोले प्लेटफर्मको सेवाशुल्कमा मात्र मूल्य अभिवृद्धि कर असुल गर्नु पर्दछ भने सेवाको हकमा भने सेवाको मूल्यमा प्लेटफर्मको सेवाशुल्क समेत जोडी उपभोक्ताबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.५**

मानौ बेलायतको म्यानचेस्टर कम्पनी अनलाईन बजार स्थान प्रदान गर्ने कम्पनी हो। यो कम्पनी नेपालमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय माध्यमबाट नेपालका उपभोक्तालाई समेत सेवा प्रदान गरेको छ। मूल्य अभिवृद्धि करमा गैरबासिन्दा व्यक्ति समेत दर्ता हुनुपर्ने प्रावधान अनुसार उक्त कम्पनी नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता

भएको छ। उक्त बजार स्थानबाट नेपाली उपभोक्ताले अमेरिकाको फिलाडेल्फिया कम्पनीले बिक्री गर्ने सफ्टवेयर (सेवा) मूल्य अभिवृद्धि कर बाहेक १००० अमेरिकी डलरमा खरिद गरेका छन्। जसमा ९०० डलर अमेरिकी कम्पनीको सफ्टवेयर बापतको मूल्य र १०० डलर म्यानचेस्टर कम्पनीको कमिसनको रुपमा रहेको छ। यस्तो अवस्थामा नेपालमा दर्ता भएको म्यानचेस्टर कम्पनीले आफ्नो कमिसनमा सफ्टवेयरको मूल्य समेत जोडी १००० डलरको मूल्य अभिवृद्धि कर नेपालका उपभोक्ताबाट असुल गर्नुपर्दछ।

अनलाइन बजार स्थानले सामान बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्थालाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.६**

भारतको गुजरात इन्कर्पोरेशन अनलाईन बजार स्थान प्रदान गर्ने कम्पनी हो। यो कम्पनी नेपालमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय माध्यमबाट नेपालका उपभोक्तालाई समेत सेवा प्रदान गर्ने गरेको छ। मूल्य अभिवृद्धि करमा गैरबासिन्दा व्यक्ति समेत दर्ता हुनुपर्ने प्रावधान अनुसार उक्त कम्पनी नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता भएको छ। उक्त बजार स्थानबाट नेपाली उपभोक्ताले फिनल्याण्डको कम्पनीले बिक्री गर्ने ल्यापटप मूल्य अभिवृद्धि कर बाहेक २००० अमेरिकी डलरमा खरिद गरेका छन्। जसमा १९०० अमेरिकी डलर ल्यापटपको मूल्य र १०० अमेरिकी डलर बजार स्थानको कमिसनको रुपमा रहेको छ। यस्तो अवस्थामा नेपालमा दर्ता भएको गुजरात इन्कर्पोरेशनले आफ्नो कमिसन अमेरिकी डलर १०० को मूल्य अभिवृद्धि कर मात्र नेपालका उपभोक्ताबाट असुल गर्नुपर्दछ।

गैरबासिन्दा अनलाईन बजार स्थानबाट नेपालको आपूर्तिकर्ताले नेपाल कै उपभोक्तालाई सेवाको आपुर्ति गरेको अवस्थामा गैरबासिन्दा अनलाईन बजार स्थानले आफ्नो कमिसन रकमको मात्र मूल्य अभिवृद्धि कर नेपालका उपभोक्ताबाट असुल गर्नुपर्दछ। यसलाई देहायको उदाहरणबाट थप स्पष्ट पार्न सकिन्छः

**उदाहरण १३.क.७**

भारतको गंगा इन्कर्पोरेशन अनलाईन बजार स्थान प्रदान गर्ने कम्पनी हो। यो कम्पनी नेपालमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय माध्यमबाट नेपालका उपभोक्तालाई समेत सेवा प्रदान गरेको छ। मूल्य अभिवृद्धि करमा गैरबासिन्दा व्यक्ति समेत दर्ता हुनुपर्ने प्रावधान अनुसार उक्त कम्पनी नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता भएको छ। उक्त बजार स्थानबाट नेपालका उपभोक्ताले नेपालमा दर्ता भई कारोबार गरिरहेको न्यूरोडको पाथिभरा इन्टरप्राइजेजबाट मूल्य अभिवृद्धि कर बाहेक ५००० अमेरिकी डलरमा कुनै सफ्टवेयर (सेवा) खरिद गरेका छन्। जसमा ४९०० डलर सफ्टवेयरको मूल्य र १०० डलर बजार स्थानको कमिसनको रुपमा रहेको छ। पाथिभरा इन्टरप्राइजेज नेपालमा दर्ता भएको सेवा प्रदायक भएकोले उक्त कम्पनीले उपभोक्तालाई सफ्टवेयर बिक्री गर्दा ४९०० अमेरिकी डलरको बीजक जारी गरी मूल्य अभिवृद्धि कर असुल गर्ने हुँदा गंगा इन्कर्पोरेशनले आफ्नो कमिसन १०० डलरको मूल्य अभिवृद्धि कर मात्र नेपालका उपभोक्ताबाट असुल गर्नुपर्दछ।

**गैरबासिन्दा व्यक्तिको परिभाषा**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २ को खण्ड (ड१) ले गैरबासिन्दा व्यक्तिलाई देहाय बमोजिम परिभाषित गरेको छ।

**दफा २ को खण्ड (ड१): "गैरबासिन्दा व्यक्ति" भन्नाले नेपालमा कारोबारको स्थायी ठेगाना नभएको, व्यवसायिक प्रतिनिधि वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपाल बाहिरको व्यक्ति सम्झनु पर्छ।**

यस खण्डले परिभाषित गरे अनुसार गैरबासिन्दा हुनको लागि नेपालमा आपूर्तिकर्ताको कुनै पनि रुपमा भौतिक उपस्थित नभएको हुनुपर्दछ। व्यवसायिक कारोबार गर्ने कारोबार स्थल तथा कार्यालय नेपालमा नभएको, व्यावसायिक कारोबार गर्न कुनै प्रतिनिधि वा एजेन्ट नेपालमा नभएको तथा कानुनले मान्यता दिने अन्य कुनै प्रतिनिधि नेपालमा नभएको करदातालाई गैरबासिन्दा करदाताको रुपमा लिनुपर्दछ।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.८**

अमेरिकाको फ्लोरिडा कम्पनीले नेपालका उपभोक्तालाई क्लाउड सेवा उपलब्ध गराएको छ। उक्त कम्पनीले क्लाउड सेवा बिक्रीको लागि कुनै भौतिक रुपमा कार्यालय खोलेको छैन, आफ्नो सेवा बिक्रीको लागि कुनै आधिकारीक प्रतिनिधी तथा बिक्री प्रवन्धक राखेको छैन तथा कम्पनीको काम गर्नको लागि कानुनी रुपमा मान्य प्रतिनिधि समेत रहेको छैन भने उक्त कम्पनी नेपालको लागि गैरबासिन्दा व्यक्ति हुन्छ। नेपालमा गरेको कारोबार मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने न्यूनतम कारोबार सिमा नाघेको अवस्थामा उक्त कम्पनीले नेपालमा गैरबासिन्दा व्यक्तिको रुपमा दर्ता भई कारोबार गर्नुपर्दछ। तर उक्त कम्पनीको नेपालमा बिक्री प्रवन्धक रहेको भएमा अथवा कार्यालय खोली कारोबार गरेमा वा कुनै मान्य कानुनी प्रतिनिधि भएमा भने बासिन्दा कम्पनीको रुपमा दर्ता भई कारोबार गर्नुपर्दछ।

**दर्ता सम्बन्धी व्यवस्था**

विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख१ ले देहाय बमोजिमको व्यवस्था गरेको छ।

**दफा १०ख१. विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा बीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।**

**(२) विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।**

**(३) उपदफा (१) बमोजिम दर्ता भएका विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ।**

नेपालमा विद्युतीय सेवा प्रदान गर्ने कुनै गैरबासिन्दा व्यक्तिको नेपालमा आपूर्ति गरेको सेवाको कारोबार रकम बीस लाख रूपैयाँ नाघेमा सो गैरबासिन्दा व्यक्ति नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ। कारोबारको गणना गर्दा पछिल्लो बाह्र महिनाको कारोबारलाई आधार लिनुपर्दछ। आर्थिक ऐन, २०७९ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ लाई संशोधन गरी मिति २०७९।०२।१५ देखि यो व्यवस्था लागु गरेकोले सोही मितिदेखिको कारोबारलाई मात्र कारोबारको गणनामा समावेश गर्नुपर्दछ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ को उपनियम (२) ले व्यवस्था गरे बमोजिम कारोबार बीस लाख रूपैयाँ नाघेको मितिले ३० दिनभित्र मूल्य अभिवृद्धि करमा दर्ता गर्नुपर्दछ। तसर्थ गैरबासिन्दा व्यक्तिले मिति २०७९।०२।१५ गतेदेखिको कारोबारको गणना गरी २० लाख रूपैयाँ कारोबार नाघेको मितिले बढीमा ३० दिनभित्र मूल्य अभिवृद्धि करमा दर्ता भई सक्नुपर्दछ। यसरी दर्ता नभएमा ऐनमा व्यवस्था भए बमोजिम कारवाही हुन्छ।

यस विषयलाई निम्न उदाहरणले प्रष्ट पार्नेछः

**उदाहरण १३.क.९**

मानौ फ्रान्सको इफेल इन्क वेभ सर्भिस उपलब्ध गराउने कम्पनी हो। उक्त कम्पनीले नेपालका उपभोक्तालाई समेत सेवाको आपूर्ति गर्ने गरेको छ। उक्त कम्पनीले विगत देखि नै नेपालमा उक्त सेवाको आपूर्ति गरेको थियो। तथापि नेपालमा मूल्य अभिवृद्धि करमा दर्ता हुने प्रयोजनको लागि कारोबारको गणना गर्दा इफेल इन्कले २०७९।०२।१५ देखि नेपालमा उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबारको मात्र गणना गर्नुपर्दछ। यदि उक्त कम्पनीको कारोबार साउन १ गते बीस लाख रूपैयाँ नाघेको भएमा दर्ता हुनको लागि साउन ३० गतेसम्मको म्याद पाउँछ। साउन १ देखि ३० दिनले हुने साउन ३० अथवा दर्ता हुने समय जुन अगाडी हुन्छ सो समयसम्मको कारोबारमा भने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दैन।

गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ भनी ऐनले गरेको व्यवस्था बमोजिम विभागले गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि जारी गरी दर्ता सम्बन्धी प्रक्रिया र आवश्यक कागजात समेत तोकेको छ। उक्त कार्यविधिमा गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर लगाउने आधार र दर, कर प्रशासन गर्ने निकाय, बीजक तथा कारोबारको लेखाङ्कन, विवरण र कर दाखिला, कारोबारको परीक्षण तथा कर निर्धारण, पुनरावेदन र दर्ता खारेजी सम्बन्धमा विभिन्न व्यवस्थाहरु गरिनुका साथै दर्ता तथा खारेजी सम्बन्धी निवेदनहरु र कर विवरणको सरलीकृत ढाँचा समेत तोकिएको छ।

# परिच्छेद १४

# विविध

मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले मूल्य अभिवृद्धि कर सम्बन्धी सम्पूर्ण ब्यबस्था यसै ऐनको माध्यमबाट मात्र हुने मनसाय राखेको छ। मूल्य अभिवृद्धि कर सम्बन्धी ऐन नियममा भएका विविध व्यवस्थाहरुलाई उपरोक्तानुसार परिच्छेद १ देखि १४ सम्मका विभिन्न परिच्छेदहरुमा समावेश गरिएको छ। उपरोक्त परिच्छेदहरुमा समावेश नभएका विशेष व्यवस्थाहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ। कर प्रशासन गर्न आवश्यक पर्ने प्रशासनिक व्यवस्थापन, विशेषज्ञको सेवा लिने, विभागको अधिकारलाई व्यवस्थित गर्ने लगायतका पक्षहरु यस परिच्छेदमा समावेश गरिएको छ। निर्देशिकाको यस परिच्छेदको उद्देश्य ऐन कार्यान्वयनमा सघाउ पुऱ्याउने यस्ता विविध पक्षलाई ब्याख्या गर्नु रहेको छ।

## १४.१ स्थानीय प्रशासन तथा प्रहरीले सहयोग गर्नुपर्नेः

कर बक्यौता असूली लगायत ऐन कार्यान्वयनको क्रममा स्थानीय प्रशासन तथा प्रहरीको सहयोग आवश्यक भएमा कर अधिकृतले माग गरी सहयोग लिनसक्ने कानूनी व्यवस्था समेत ऐनको दफा २३क. मा उल्लेख गरिएको छ र यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुने उल्लेख गरिएको छ।

**दफा २३क. स्थानीय प्रशासन तथा प्रहरीले सहयोग गर्नुपर्नेः यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा कर अधिकृतले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।**

## १४.२ अदालतलाई भए सरहको अधिकार हुनेः

ऐनको दफा ३१ मा कर अधिकृतलाई अदालतलाई भए सरहको अधिकार हुने सम्बन्धमा निम्नानुसारको ब्यबस्था रहेको छः

**दफा ३१. अदालतलाई भए सरहको अधिकार हुनेः यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।**

कर निर्धारण गर्ने क्रममा आवश्यक कागजातका अलावा पनि अन्य प्रमाण जुटाउने प्रयोजनको लागि विभाग अर्थात कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउन, वयान लिन वा प्रमाण बुझ्न वा लिखित जवाफ पेश गर्न लगाउनको लागि प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार रहने व्यवस्था छ।

## १४.३ पूर्वादेशः

कर सम्बन्धी कानूनका कतिपय विषयमा करदातालाई विभागको धारणा थाहा नहुन सक्छ र सो बारे द्विविधा हुन सक्छ। यसले करदातालाई भविष्यमा गर्नसक्ने कारोबारका विषयमा आंकलन गर्न समस्या हुनसक्छ। यदि यस्तो भएमा सो बारे जानकारी पाउने वा पूर्वादेश पाउन सक्ने व्यवस्था ऐनको दफा ३२क. मा गरिएको छ। कुनै करदाताले आफ्नो सन्दर्भमा ऐनको कुनै व्यवस्था लागु हुने अवस्थाबारे कुनै द्विविधा भए विभाग समक्ष लिखित रुपमा निवेदन गरेमा सो विषयमा करदातालाई विभागको धारणा लिखित सूचना दिनुपर्ने व्यवस्था छ।

**दफा ३२क. पूर्वादिशः (१) कुनै व्यक्तिले यो ऐन लागु हुने अवस्था बारे कुनै द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित रुपमा निवेदन दिएमा विभागले त्यस्तो व्यक्तिलाई लिखित रुपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादिशद्वारा जारी गर्न सक्नेछ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेका कुनै द्विविधा सम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादिश जारी गर्न सक्ने छैन।**

विभागबाट जारी पूर्वादिश सबै करदातालाई लागु हुने नभई त्यस्तो आदेश माग गर्ने करदाताको हकमा मात्र लागु हुनेछ। कुनै करदाताले आफूले गरिसकेको कामको लागि पूर्वादिश माग गर्न मिल्दैन। कुनै करदाताले भविष्यमा गर्ने कुनै व्यवसायिक कार्यका सन्दर्भमा मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीमा स्पष्ट व्यवस्था नभएको वा ऐन वा नियममा भएका एकभन्दा बढी व्यवस्थाहरुको कारणले निर्णय गर्न द्विविधा भएको अवस्था देखाई कानूनी स्पष्टताको लागि विभाग समक्ष पूर्वादिशको लागि निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। यसरी कानूनको ब्याख्या र परिपालना गर्न कुनै व्यक्तिलाई द्विविधा भएमा सो निराकरण गरी दिन विभाग समक्ष लिखित आग्रह गरेमा विभागले लिखित रुपमा जानकारी गराएको आदेशलाई पूर्वादिश भनिन्छ। ऐनको दफा ३२क. मा विभागले पूर्वादिश जारी गर्न सक्ने व्यवस्था गरको छ।

### १४.३.१ पूर्वादिश प्राप्त गर्न चाहने व्यक्तिको दायित्वः

क. पूर्वादिश माग गर्ने व्यक्तिले आफूलाई मूल्य अभिवृद्धि कर ऐनमा स्पष्ट नभएको विषय वा कुनै द्विविधा भए सो निराकरणका लागि विभागसमक्ष लिखित रुपमा निवेदन दिनुपर्दछ।

ख. निवेदनमा आफूलाई परेको द्विविधाको विषयमा पूर्ण र यथार्थ विवरण विभाग समक्ष प्रस्तुत गर्नुपर्दछ।

ग. विभागले कुनै अपुग विवरण माग गरेमा समयमै माग भएको विवरण विभागमा पेश गर्नुपर्दछ।

घ. आफूले गरेको कुनै कामबाट कर दायित्व सिर्जना भैसकेको वा कर दायित्वबाट हटि सकेको अवस्थामा पूर्वादिश माग गर्नु हुँदैन।

ङ. आफूले गरिसकेको कुनै कार्य वा अदालतमा विचाराधीन रहेको वा अदालतवाट निर्णय भई सकेको विषयमा पूर्वादिश माग गर्नु हुँदैन।

### १४.३.२ पूर्वादिश सम्बन्धमा विभागको दायित्वः

क. पूर्वादिश माग गरिएको विषय अदालतमा विचाराधीन रहेको वा अदालतवाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले पूर्वादिश जारी गर्नु हुँदैन।

ख. पूर्वादिश जारी गर्नु अघि विभागले निवेदकलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत कुनै विवरण पेश गर्ने मौका दिनुपर्दछ।

ग. निवेदन प्राप्त भएपछि विभागले सो विषयमा कुनै निर्णय गरेमा सोको जानकारी सम्बन्धित व्यक्तिलाई लिखित रुपमा दिनुपर्दछ।

घ. कुनै व्यक्तिले गरेको कुनै कामबाट कर दायित्व सिर्जना भइसकेको वा कर दायित्व हटिसकेको अवस्थामा त्यस्तो विषयमा पूर्वादिश जारी गर्नु हुँदैन।

### १४.३.३ पूर्वादिशको कानूनी हैसियतः

क. कुनै व्यक्तिलाई कुनै विषयमा पूर्वादिश जारी गरिएको भए सो पूर्वादिश वहाल रहेसम्म सो व्यक्तिको हकमा सो आदेश कार्यान्वयन गर्न विभाग वाध्य हुन्छ। तर जुन व्यक्तिलाई पूर्वादिश जारी गरिएको हो सो व्यक्तिबाहेक अन्य व्यक्तिको लागि सो पूर्वादिश बाध्यकारी हुँदैन।

ख. ऐनको कार्यान्वयनको सिलसिलामा जारी गरिएका सार्वजानिक परिपत्र र कुनै व्यक्तिलाई जारी गरिएको पूर्वादिश एक आपसमा बाझिएमा पूर्वादिश जारी गरिएको व्यक्तिको हकमा पूर्वादिशमा उल्लिखित कुरा नै लागु हुन्छ।

ग. पूर्वादिश जुन व्यक्तिलाई जुन सन्दर्भमा जारी गरिएको हो सोही व्यक्ति र सोही सन्दर्भमा मात्र लागु हुन्छ। व्यक्ति वा सन्दर्भ फरक भएको अवस्थामा पूर्वादिशद्वारा गरिएको व्यवस्था लागु हुँदैन।

घ. ऐन वा नियमावलीको जुन दफा वा नियमको सन्दर्भमा पूर्वादिश जारी भएको हो, सो दफा वा नियम संशोधन वा खारेज भएमा साविकमा जारी गरिएको पूर्वादिश स्वतः खारेज भएको मानिन्छ।

### १४.४ सार्वजनिक परिपत्रः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन र कर्मचारी तथा यस ऐनबाट प्रभावित हुने व्यक्तिलाई मार्ग निर्देशन दिन विभागले लिखित सार्वजनिक परिपत्रहरु जारी गर्न सक्ने व्यवस्था रहेको छ। परिपत्रले ऐनमा भएका व्यवस्थाको सरल एवं सक्षम ब्याख्या गर्दछ। परिपत्र सर्वसाधारणको जानकारीको लागि विभागले आफ्नो वेबसाइटमा वा राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशन गर्न सक्नेछ। कुनै परिपत्र रद्द नगरिएसम्म सो परिपत्र विभाग, मातहतका कार्यालयहरु र प्रभावित सबै व्यक्तिहरुको लागि बाध्यकारी हुन्छ। यस सम्बन्धमा ऐनको दफा ३२ख. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा ३२ख. सार्वजनिक परिपत्रः (१) यस ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउन र विभाग वा अन्तर्गतका कार्यालयका अधिकृत लगायत यस ऐनबाट प्रभावित हुने व्यक्तिलाई मार्ग निर्देशन दिन विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा ब्याख्या सहित लिखित सार्वजनिक परिपत्रहरु जारी गर्न सक्नेछ।**

**(२) उपदफा (१) बमोजिम जारी गरिएका परिपत्रहरु सर्वसाधारणको जानकारीको लागि विभागको आफ्नो वेबसाइटमा वा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्न सक्नेछ।**

**(३) उपदफा (१) बमोजिम जारी गरिएको कुनै परिपत्र रद्द नगरिएसम्म सो परिपत्र बमोजिम कारबाही गर्न विभाग बाध्य हुनेछ।**

### १४.५ अधिकार प्रत्यायोजनः

महानिर्देशक र कर अधिकृतलाई प्राप्त अधिकारमध्ये मातहत कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्ने सम्बन्धमा दफा ३४ मा देहाय अनुसार व्यवस्था गरिएको छ। जस अनुसार महानिर्देशकले गर्ने भनी स्पष्ट किटान भएको अधिकार, कर निर्धारण गर्ने र सजाय गर्ने अधिकार बाहेक यो ऐन बमोजिम प्राप्त अधिकारहरुमध्ये कुनै वा सबै अधिकार आफू मातहतका कर्मचारीहरुलाई सुम्पन सक्ने व्यवस्था छ।

**दफा ३४.अधिकार प्रत्यायोजनः (१) कर निर्धारण गर्ने र सजाय गर्ने अधिकार बाहेक कर अधिकृतले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये कुनै वा सबै अधिकार आफू मातहतका कर्मचारीहरुलाई सुम्पन सक्नेछ।**

**(२) यस ऐनमा महानिर्देशकले गर्ने भनी किटान भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन।**

**१४.६ सम्बन्धित अधिकृत जिम्मेवार हुनेः**

कुनै निकायले यस ऐन बमोजिम पालना गर्नुपर्ने कुनै कुरा पालना नगरेमा सो समयमा त्यस्तो निकायको व्यवस्थापक वा सो हैसियतमा काम गर्ने अधिकृत वा अन्य कर्मचारी सो काम प्रति जिम्मेवार हुनेछ। कुनै निकायले कर बुझाई सक्नु पर्ने मितिसम्म कर नबुझाएमा त्यस्तो निकायका तत्काल वहाल रहेका वा छ महिना अघिसम्म वहाल रहेका प्रत्येक अधिकृत संयुक्त वा छुट्टाछुट्टै रुपमा सो कर बुझाउन जिम्मेवार रहेको मानिनेछ। यस सम्बन्धमा ऐनको दफा २९ख. मा देहाय बमोजिमको व्यवस्था रहेको छः

**दफा २९ख. सम्बन्धित अधिकृत जिम्मेवार हुनेः (१) कुनै निकायले यस ऐन बमोजिम पालन गर्नुपर्ने कुनै कुरा पालन नगरेमा सो समयमा त्यस्तो निकायको अधिकृतको रुपमा कार्य गर्ने प्रत्येक कर्मचारी सो काम प्रति जिम्मेवार हुनेछ।**

**(२) कुनै निकायले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाएमा त्यस्तो निकायको तत्काल वहाल रहेको वा छ महिना अघिसम्म वहाल रहेको प्रत्येक अधिकृत संयुक्त वा छुट्टाछुट्टै रुपमा त्यस्तो कर बुझाउन जिम्मेवार रहेको मानिनेछ।**

**(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफाहरु देहायका अवस्थामा लागु हुने छैनन्ः–**

**(क) सो व्यक्तिको जानकारी वा मन्जुरी विना सो निकायले त्यस्तो कसूर गरेको अवस्थामा, र**

**(ख) त्यस्तो कसूर हुन नदिन सो व्यक्तिले सामान्य मानवीय विवेक प्रयोग गर्ने व्यक्तिले अपनाउने सम्मको होसियारी, परिश्रम र सीप अपनाएको वा प्रयोग गरेको भएमा।**

**(४) कुनै व्यक्तिले उपदफा (२) बमोजिम कर दाखिला गरेमा सो व्यक्तिले देहाय बमोजिम गर्न सक्नेछः–**

**(क) निजले त्यसरी दाखिला गरेको रकम सो निकायबाट असूल उपर गर्न,**

**(ख) खण्ड (क) को प्रयोजनको लागि त्यसरी दाखिला गरेको रकमभन्दा बढी नहुने गरी निजको कब्जामा रहेको वा रहन आउने सो निकायको सम्पत्ति आफ्नो अधीनमा राख्न।**

**(५) उपदफा (४) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिले कुनै सम्पत्ति आफ्नो अधीनमा लिएमा त्यस्तो व्यक्ति उपर त्यस्तो निकाय वा अन्य कुनै व्यक्तिले कुनै दाबी गर्न पाउने छैन।**

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सम्बन्धित अधिकृत" भन्नाले त्यस्तो निकायको व्यवस्थापक वा सो हैसियतमा कार्य गर्ने व्यक्ति सम्झनु पर्दछ।**

**१४.७ विशेषज्ञको सेवा लिन सक्नेः**

विभागले ऐनको प्रभावकारी कार्यान्वयनको लागि विशेषज्ञको सेवा लिन सक्ने सम्बन्धमा ऐनको दफा ३४क. मा निम्नानुसारको ब्यबस्था रहेको छः

**दफा ३४क. विशेषज्ञको सेवा लिन सक्नेः नेपाल सरकार वा विभागले कर परीक्षण, अनुसन्धान वा व्यवस्थापन सम्बन्धी कार्यको लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र त्यस्तो विशेषज्ञको सम्बन्धमा दफा ३७ मा उल्लिखित सरकारी गोप्यता सम्बन्धी व्यवस्था लागु हुनेछ।**

मूल्य अभिवृद्धि कर ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक परेमा करका लेखा सम्बन्धी विज्ञको सेवा लिन सकिने व्यवस्था रहेको छ। यस क्रममा व्यवसायिक विशेषज्ञता हासिल गरेका बिज्ञहरु जस्तैः मूल्याङ्कनकर्ता (Valuator) , इन्जिनीयर, कानून व्यवसायी, चार्टर्ड एकाउण्टेण्ट्स वा कुनै विषयरक्षेत्र बिशेषको

ज्ञाता बिज्ञहरुको सेवा आबश्यक परेको अवस्थामा नेपाल सरकारले यस्ता विशेषज्ञहरुको सेवा लिन सक्ने प्रावधान रहेको छ। यस्ता विशेषज्ञहरु नियुक्त गरी सेवा लिएको अवस्थामा ती व्यक्तिलाई समेत ऐनको दफा ३७ मा उल्लेखित सरकारी गोप्यता भने लागु हुनेछ।

## १४.८ कर अधिकृतको परिचय पत्रः

ऐनको दफा ३५ मा कर अधिकृतको परिचय पत्रका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ३५. कर अधिकृतको परिचयपत्रः प्रत्येक कर अधिकृतले तोकिए बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।**

विभागको कुनै कर अधिकृतले नियम ६० ले तोके बमोजिमको अनुसूची २१ को ढाँचाको परिचय पत्र साथमा राख्नुपर्दछ। कर्तब्य पालनाको सिलसिलामा परिचय पत्र देखाउनुपर्ने दायित्व सम्बन्धित कर अधिकृत र अन्य कर्मचारीको हुनेछ। नियम ६० मा परिचय पत्रका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**परिचय पत्रको ढाँचाः कर अधिकृतको परिचयपत्रको ढाँचा अनुसूची-२१ बमोजिम हुनेछ।**

## १४.९ गोपनीयता कायम राखेः

कर प्रशासनको सिलसिलामा करसँग सम्बन्धित विभिन्न सूचना तथा कागजात प्राप्त हुन सक्छन। कतिपय सूचना तथा कागजात करदाताको व्यक्तिगत कारोबारसँग सम्बन्धित हुने भएकाले संवेदनशील समेत हुन सक्छ। यस्ता सूचना तथा कागजात निश्चित अवस्थामा बाहेक अन्य कुनै अवस्थामा प्रकट वा प्रकाशन गर्न नपाउने गरी करदाताको व्यक्तिगत सूचना सम्बन्धी गोप्यताको प्रत्याभूति गरेको छ। यस सम्बन्धमा ऐनको दफा ३७ मा निम्न व्यवस्था गरिएको छ।

**दफा ३७. गोपनीयताः कुनै व्यक्तिबाट प्राप्त हुन आएको करसँग सम्बन्धित कागजात वा अन्य सूचनाहरु देहायका अवस्थामा बाहेक अन्य कुनै अवस्थामा प्रकट गर्न वा प्रकाशन गर्न सकिने छैन।**

**(क) नेपाल सरकारको राजस्व संरक्षण गर्ने सिलसिलामा रास्व संकलन गर्ने अधिकारीलाई जानकारी दिन,**

**(ख) करदाताको दायित्व प्रमाणित गर्ने सिलसिलामा राजस्वसँग सम्बन्धित कानून बमोजिम अदालतमा प्रमाणको रुपमा पेश गर्न,**

**(ग) राजस्व न्यायाधिकरण वा कुनै अदालतको कारवाहीको सिलसिलामा रहेको सार्वजनिक अभिलेखको अङ्गका रुपमा राख्न।**

## १४.१० विभागीय कारवाही गरिनेः

विभागको अधिकृतलाई विभागीय कारवाही गरिने सम्बन्धमा ऐनको दफा ३८ मा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ३८. कर अधिकृतलाई सजाय हुनेः करको दायित्व वढ्ने वा घट्ने गरी कुनै कर निर्धारण बदनियत साथ वा लापरवाहीबाट भएको भन्ने महानिर्देशकले ठहर गरेमा त्यसरी कर निर्धारण गर्ने कर अधिकृतलाई महानिर्देशकले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाही चलाउने छ।**

**तर यसरी कारवाही चलाउँदा कर अधिकृतलाई आफ्नो सफाई पेश गर्ने उचित अवसर दिनु पर्नेछ।**

**१४.११ असल नियतले गरेको काम कारवाही प्रति जवाफदेही नहुनेः**

असल नियतले गरेको काम कारवाही प्रति जवाफदेही नहुने सम्बन्धमा ऐनको दफा ३९ मा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ३९. असल नियतले गरेको काम कारवाहीप्रति जवाफदेही नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरालेखिएको भए तापनि कुनै कर अधिकृतले आफ्नो कर्तव्य पालन गर्दा असल नियत लिई गरेको काम कारवाही प्रति निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन।**

कर निर्धारण गर्ने क्रममा वा कर्तब्य पालना गर्ने सिलसिलामा असल नियत लिई गरेको कार्य प्रति निज व्यक्तिगत रुपमा जवाफदेही नहुने व्यवस्था छ। यस ऐनको अन्य दफा, जस्तैः दफा ३८ मा जेसुकै कुरा लेखिएको भएतापनि यदि निजले असल नियत लिई कार्य सम्पादन गरेको छ भने निज व्यक्तिगत रुपमा जवाफदेही हुनु पर्दैन।

**१४.१२ पुरस्कारको व्यवस्थाः**

कुनै करदाताले तिर्ने करको दायित्व सम्पूर्ण वा केहि अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई निजले दिएको सूचना वा प्रमाणका आधारमा कर अधिकृतद्वारा कर निर्धारण गरी असुल उपर भएको कर रकमको २० प्रतिशत रकम महानिर्देशकले निर्णय गरी पुरस्कार स्वरुप प्रदान गर्न सकिने व्यवस्था छ। यदि पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा पुरस्कार वापतको उक्त २० प्रतिशत रकम समानुपातिक रुपमा वितरण गरिने व्यवस्था रहेको छ। यस सम्बन्धमा ऐनको दफा ४० मा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ४०. पुरस्कार तथा सुराकी खर्चः (१) कुनै करदाताले आफ्नो करको दायित्वको सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असूल उपर गरिएको करको रकममध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार स्वरुप दिन सकिनेछ।**

**(२) पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रुपमा दिइनेछ।**

**(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा निर्धारित कार्यविधि बमोजिम तत्काल दश हजार रुपैंयासम्म सुराकी खर्च दिन सकिनेछ।**

**(४) उपदफा (१) र (३) बमोजिमको सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राखिनेछ।**

यस सम्बन्धमा निम्न उदाहरणले अझ प्रष्ट पार्नेछः

**उदाहरण १४.१**

| |
|---|
| हार्डवेयर सम्बन्धी कारोबार गर्ने राम एण्ड कम्पनीले २०७४ को श्रावण महिनाको विवरण आन्तरिक राजस्व कार्यालय, लाहानमा बुझाएका रहेछन्। उक्त कम्पनीले पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा हार्डवेयर बिक्री वापत रु.७,००,००० उल्लेख गरी सो को १३ प्रतिशतले हुने रु.९१,००० कर उल्लेख गरेका रहेछन्। निजले एक ठेक्का कम्पनीलाई ६,००,००० बराबरको हार्डवेयर गैर कर बीजकबाट आपूर्ति गरी रु.७८,००० कर असूल गरेको रहेछ। उक्त कारोबारमा निज कम्पनीले कर विवरणमा समावेश नगरी उक्त गैर कर बीजकको नक्कल प्रति संलग्न राखी कर छलेको लिखित जानकारी हरिदासले विभागका महानिर्देशकलाई गराएका रहेछन्। सोही अनुसार कार्यालयबाट छानवीन गर्दा निजले उल्लेख गरे अनुसार रु.६,००,००० बिक्री लुकाएको प्रमाणित हुन आयो। सो अनुसार कार्यालयबाट निजलाई प्रमाणका आधारमा १३ प्रतिशतका दरले हुन आउने कर रकम रु.७८,००० र ऐनको दफा २९ को उपदफा (२) को खण्ड (ख) अनुसार शत प्रतिशत जरिवाना रु.७८,०००, दफा १९ बमोजिमको थप दस्तुर रु.७,८०० र दफा २६ अनुसार ब्याज रु.१०,२०० गरी जम्मा रु.१ लाख ७४ हजार कर निर्धारण गरी असुल उपर भएको रहेछ। यस अबस्थामा हरिदासलाई असुल भएको कर रकम रु. १ लाख ७४ हजारको २० प्रतिशतका दरले हुने रकम रु.३४,८०० पुरस्कार बापत प्रदान गर्न महानिर्देशकले निर्णय गरी दिन सक्नेछ। |

## १४.१३ नियम बनाउने अधिकारः

ऐनको दफा ४१ मा नियम बनाउने अधिकारका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ४१. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।**

नेपाल सरकारले ऐन कार्यान्वयन गर्ने क्रममा आवश्यक नियमावली बनाई जारी गर्न सक्ने व्यवस्था छ। सोही अनुसार मूल्य अभिवृद्धि कर नियमावली, २०५३ वनाई मिति २०५३।१२।११ मा जारी गरेको छ।

## १४.१४ निर्देशिका बनाई जारी गर्न सक्नेः

नियमावलीको नियम ६१ मा निर्देशिका बनाई जारी गर्न सक्ने अधिकारका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**नियम ६१. निर्देशिका बनाउनेः ऐन तथा सो नियमावली कार्यान्वयन गर्न नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ।**

ऐनको दफा ४१ अनुसार जारी गरिएको मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अधिनमा रही ऐन तथा नियमावलीसँग नबाझिने गरी विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्दछ। यहि व्यवस्था अनुसार विभागले समय समयमा निर्देशिका बनाई जारी गरी आएको छ। विभागले जारी गरेको निर्देशिकाको कुनै परिच्छेद, भाग, खण्ड वा उल्लिखित कुनै प्रावधान ऐन तथा नियमावलीसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ। यस निर्देशिकासँग बाझिएका कुनै विभागीय सार्वजनिक परिपत्र भएमा सो समेत निस्कृय हुनेछ। यस निर्देशिकामा गरिएका ब्याख्या र उदाहरणहरुले सार्वजनिक परिपत्रको जस्तो मान्यता पाउने छ। यसको पालना गर्नु सबै करदाताको कर्तव्य र कार्यान्वयन गर्ने दायित्व विभागको हुनेछ।

**१४.१५ निशुल्क सहयोग र सूचनाः**

कर प्रयोजनका लागि अपनाउनु पर्ने प्रक्रियाहरुको जानकारी र करदाता शिक्षा सम्बन्धी प्रकाशनहरु विभागले करदातालाई निशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था नियमावलीको नियम ५८ मा देहाय अनुसार गरेको छ।

**नियम ५८. निशुल्क सहयोग र सूचनाः नेपाल सरकारले देहायका सहयोग तथा सूचना निशुल्क प्रदान गर्नेछः**

**(क) कर प्रयोजनको निमित्त अपनाउनु पर्ने प्रक्रियाहरुको जानकारी,**

**(ख) करदाता शिक्षा सम्बन्धी प्रकाशनहरु।**

**१४.१६ बहस पैरवी सम्बन्धी व्यवस्थाः**

कर अधिकृतले गरेको मूल्य अभिवृद्धि कर सम्बन्धी कुनै मुद्दाको बहस पैरवी सरकारी वकिलबाट हुने व्यवस्था नियमावलीको नियम ५९ ले देहाय अनुसार गरेको छ।

***नियम ५९. मूल्य अभिवृद्धि कर सम्बन्धी बहस पैरवीः कर सम्बन्धी कुनै मुद्दाको बहस पैरवी गर्नुपर्ने भए सरकारी वकिलबाट हुनेछ।***

**१४.१७ अनुसूचीमा थपघट तथा हेरफेरः**

ऐनको दफा ४२ मा अनुसूचीमा थपघट तथा हेरफेर गर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**दफा ४२. अनुसूचीमा थपघट तथा हेरफेरः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्दछ। तर राजपत्रमा सूचना प्रकाशित नगरी अन्य अनुसूचीहरुमा समेत हेरफेर वा थपघट भने गर्न सकिँदैन। त्यसै गरी नियमावलीको नियम ६२ मा देहायको व्यवस्था गरेको छ।

**नियम ६२. अनुसूचीमा थपघट तथा हेरफेरः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरुमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।**

ऐनमा जस्तै नियमावलीमा उल्लेखित अनुसूचीहरुमा समेत राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने व्यवस्था छ।

**१४.१८ खारेजी र बचाउः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तर्जुमा भै लागु भए पछि साविकमा चलन चल्तीमा रहेका ऐनहरु मध्ये ऐनको दफा ४४ अनुसार देहायका ऐनहरु खारेज गरिएका छन्ः

**(क) बिक्री कर ऐन, २०२३**
**(ख) होटल कर ऐन, २०१८**
**(ग) ठेक्का कर ऐन, २०२३**
**(घ) मनोरञ्जन कर ऐन, २०१७**

**(२) उपदफा (१) बमोजिम खारेज भएका ऐनहरु अन्तर्गत भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।**

मूल्य अभिवृद्धि कर नियमावलीको नियम ६३ अनुसार देहायका नियमहरु खारेज गरिएका छन्ः

*(क) मनोरञ्जन कर नियमहरु, २०१८*

*(ख) बिक्री कर नियमहरु, २०२४*

*(ग) ठेक्का कर नियमावली, २०२४*

*(२) उपनियम (१) मा उल्लेखित नियमहरु बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिने छन्।*